# १. अन्तर्राष्ट्रिय र राष्ट्रिय समष्टिगत आर्थिक गतिविधि

## अन्तर्राष्ट्रिय आर्थिक गतिविधि

१.१ विश्वको आर्थिक वृद्धिदर सन् २००५ मा ४.९ प्रतिशत रहेकोमा सन् २००६ मा ५.४ प्रतिशत पुगेको छ । विश्व अर्थव्यवस्थामा सन् २००६ को पूर्वार्द्धमा पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि र संयुक्त राज्य अमेरिकाको आवास (housing market) क्षेत्रमा शिथिलता देखिएको भएता पनि सन् २००६ को अगष्त महिनादेखि पेट्रोलियम पदार्थको मूल्यमा आएको गिरावट, विकसित मुलुकहरूको आन्तरिक मागमा आएको सुदृढता, जापानको आर्थिक क्रियाकलापमा भएको क्रमिक सुधार, हालका वर्षहरूमा तीव्र आर्थिक वृद्धिदर हासिल गरिरहेका मुलुकहरू मध्ये खासगरी चीन र भारतको उच्च आर्थिक वृद्धि, अनुकूल वित्तीय वजार स्थिति तथा उपयुक्त आर्थिक एवं वित्तीय नीतिहरूका कारण सन् २००६ मा विश्वको आर्थिक वृद्धिदर सुदृढ रहेको हो । अन्तर्राष्ट्रिय मुद्रा कोष (आई.एम.एफ.) को प्रक्षेपणअनुसार विश्व अर्थतन्त्र सन् २००७ र सन् २००८ दुवै वर्षहरूमा सन् २००६ को तुलनामा ०.५ प्रतिशतविन्दुले घट्न गई ४.९ प्रतिशतको समान दरले बढ्ने देखिएको छ ।

१.२ सन् २००६ मा विश्व अर्थतन्त्रको विस्तारमा विकसित मुलुकहरूले हासिल गरेको सन्तोषजनक वृद्धिदर (३.१ प्रतिशत) का साथै मुख्यतया नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरूले हासिल गरेको उच्च आर्थिक वृद्धिदर (७.९ प्रतिशत) को महत्वपूर्ण योगदान रहेको छ । उक्त आर्थिक वृद्धिदरमध्ये विकासोन्मुख एशिया (चीन, भारत र आसियान-४ राष्ट्रहरू समावेश) को ९.४ प्रतिशत तथा नवोदित एशिया (विकासोन्मुख एशिया र नव-औद्योगिक एशियाली अर्थतन्त्रहरू) को ८.९ प्रतिशत रहेको छ । यसमध्ये आसियान-४ को आर्थिक वृद्धिदर ५.४ प्रतिशत र दक्षिण एशियाको आर्थिक वृद्धिदर ८.७ प्रतिशत रहेको छ । उच्च आर्थिक वृद्धिदर भएका नवोदित एशियाली मुलुकहरू मध्ये चीनको आर्थिक वृद्धिदर १०.७ प्रतिशत, भारतको ९.२ प्रतिशत र सिंगापुरको ७.९ प्रतिशत रहेको छ ।

१.३ सन् २००७ र सन् २००८ मा विकसित अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर सन् २००६ को तुलनामा केही न्यून हुन गई क्रमशः २.५ प्रतिशत र २.७ प्रतिशत रहने अनुमान भएता पनि विकासोन्मुख राष्ट्रहरू र तेल-निर्यातक मध्यपूर्वी राष्ट्रहरूको आर्थिक वृद्धिदर सन्तोषजनक रहने आधारमा सन् २००७ र सन् २००८ दुबै वर्षहरुमा विश्वको उत्पादन ४.९ प्रतिशतको समान दरले बढ्ने प्रक्षेपण आई.एम.एफ.ले गरेको छ । आई.एम.एफ.का अनुसार सन् २००७ मा विकासोन्मुख एशियाको आर्थिक वृद्धिदर ८.८ प्रतिशत रहने प्रक्षेपण छ । साथै, अफ्रिकी मुलुकहरू ६.२ प्रतिशतले बढ्ने प्रक्षेपण रहेको छ । सन् २००७ मा छिमेकी मुलुकहरू भारत र चीनले क्रमशः ८.४ प्रतिशत र १०.० प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने प्रक्षेपण रहेको छ ।

१.४ सन् २००५ मा ७.४ प्रतिशतले वृद्धि भएको विश्वको वस्तु तथा सेवा व्यापारको आयतन सन् २००६ मा ९.२ प्रतिशतको उच्चदरले वृद्धि भएको छ । विकसित अर्थतन्त्रहरूको आयात र निर्यातको वृद्धिदर सन् २००५ मा क्रमशः ६.१ प्रतिशत र ५.६ प्रतिशत रहेकोमा सन् २००६ मा क्रमशः ७.४ प्रतिशत र ८.४ प्रतिशत रहेको छ। नवोदित तथा विकासोन्मुख

तालिका १ (क) : विश्वको आर्थिक वृद्धिदर

(वार्षिक प्रतिशत परिवर्तन)

| विवरण | २००४ | २००५ | २००६ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००७ | २००८ |
| विश्वको उत्पादन | ५.३ | ४.९ | ५.४ | ४.९ | ४.९ |
| विकसित अर्थतन्त्रहरू | ३.३ | २.५ | ३.१ | २.५ | २.७ |
| प्रमुख विकसित अर्थतन्त्रहरू[१] | ३.१ | २.३ | २.८ | २.२ | २.५ |
| अन्य विकसित अर्थतन्त्रहरू | ४.६* | ३.९ | ४.३ | ३.८ | ३.८ |
| नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरू | ७.७ | ७.५ | ७.९ | ७.५ | ७.१ |
| विकासोन्मुख एशिया | ८.७ | ९.२ | ९.४ | ८.८ | ८.४ |
| नवोदित युरोपेली मुलुकहरू | ६.६* | ५.५ | ६.० | ५.५ | ५.३ |
| अफ्रिकी मुलुकहरू | ५.८ | ५.६ | ५.५ | ६.२ | ५.८ |
| मध्यपूर्वका मुलुकहरू | ५.६ | ५.४ | ५.७ | ५.५ | ५.५ |
| पेट्रोलियम पदार्थ निर्यातक मुलुकहरू[२] | ५.८* | ५.७ | ५.५ | ५.३ | ५.२ |
| नवोदित एशिया[३] | ८.५ | ८.७ | ८.९ | ८.४ | ८.० |
| नव औद्योगिक एशियाली अर्थतन्त्रहरू[४] | ५.८ | ४.७ | ५.३ | ४.६ | ४.६ |
| आसियान-४[५] | ५.८* | ५.२ | ५.४ | ५.५ | ५.८ |
| चीन | १०.१ | १०.४ | १०.७ | १०.० | ९.५ |
| दक्षिण एशिया[६] | ७.८* | ८.७ | ८.७ | ८.१ | ७.५ |
| अफ्गानिस्तान | ८.० | १४.० | ८.० | १२.२ | १०.८ |
| बंगलादेश | ६.१ | ६.३ | ६.७ | ६.६ | ६.५ |
| भुटान | ६.८ | ६.५ | १३.७ | १५.२ | ८.६ |
| भारत | ७.८ | ९.२ | ९.२ | ८.४ | ७.८ |
| माल्दिभ्स | ९.५ | -४.५ | १६.१ | ४.० | ३.० |
| नेपाल | ३.८ | २.७ | १.९ | ३.५ | ४.५ |
| पाकिस्तान | ७.४ | ८.० | ६.२ | ६.५ | ६.५ |
| श्रीलंका | ५.४ | ६.० | ७.५ | ७.० | ७.० |

[१] *संयुक्त राज्य अमेरिका, जापान, जर्मनी, फ्रान्स, संयुक्त अधिराज्य, इटली र क्यानडा ।*

[२] *बहराइन, इरान, इराक, कुवेत, लिविया, ओमान, कतार, साउदी अरेबिया, सिरिया, संयुक्त अरब एमिरेट्स र यमन ।*

[३] *विकासोन्मुख एशिया, नव-औद्योगिक एशियाली मुलुकहरू र मङ्गोलिया ।*

[४] *कोरिया, ताइवान, हङकङ र सिङ्गापुर ।*

[५] *इण्डोनेशिया, मलेशिया, फिलिपिन्स र थाइल्याण्ड ।*

[६] *बंगलादेश, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलंका ।*

*स्रोत: वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, वासिङ्गटन डी.सी., अप्रिल २००७, पृष्ठ २, ४९, ६१, ६९, ७५, २११, २१२, २१७, २१८ र २२०*

**वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, वासिङ्गटन डी.सी., सेप्टेम्बर २००६, पृष्ठ २, ५०, ५९ र ७१*

मुलुकहरूको आयात र निर्यातको वृद्धिदर सन् २००५ मा क्रमशः १२.१ प्रतिशत र ११.२ प्रतिशत रहेकोमा सन् २००६ मा क्रमशः १५.० प्रतिशत र १०.६ प्रतिशत रहेको छ । सन् २००६ मा विश्वको आर्थिक वृद्धिदर सन् २००५ को तुलनामा ०.५ प्रतिशतविन्दुले बढेको तथा विकसित र नवोदित तथा विकासोन्मुख मुलुकहरूको आयात र निर्यातमा विस्तार आएको कारण विश्व व्यापारको आयतनमा वृद्धि भएको हो । विश्व व्यापारको आयतन सन् २००७ मा ७.० प्रतिशत र सन् २००८ मा ७.४ प्रतिशतले वृद्धि हुने आई.एम.एफ.को

प्रक्षेपण रहेको छ । सन् २००७ मा विकसित र नवोदित तथा विकासोन्मुख मुलुकहरूको आयात क्रमशः ४.७ प्रतिशत र १२.५ प्रतिशतले बढ्ने आई.एम.एफ.को प्रक्षेपण रहेको छ । त्यसैगरी, सन् २००७ मा विकसित मुलुकहरूको निर्यात ५.५ प्रतिशत एवं नवोदित तथा विकासोन्मुख मुलुकहरूको निर्यात १०.४ प्रतिशतले बढ्ने प्रक्षेपण रहेको छ ।

**तालिका १ (ख) : विश्व व्यापार**
(वार्षिक प्रतिशत परिवर्तन)

| विवरण | २००४ | २००५ | २००६ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००७ | २००८ |
| **विश्वको व्यापार आयतन (वस्तु र सेवा)** | १०.६ | ७.४ | ९.२ | ७.० | ७.४ |
| **आयात** | | | | | |
| **विकसित अर्थतन्त्रहरू** | ९.१ | ६.१ | ७.४ | ४.७ | ५.७ |
| **नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरू** | १६.४ | १२.१ | १५.० | १२.५ | १२.२ |
| **निर्यात** | | | | | |
| **विकसित अर्थतन्त्रहरू** | ८.८ | ५.६ | ८.४ | ५.५ | ५.८ |
| **नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरू** | १४.६ | ११.२ | १०.६ | १०.४ | ९.९ |

*स्रोतः वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, वासिङ्टन डी.सी., अप्रिल २००७, पृ. २ र वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, वासिङ्टन डी.सी., सेप्टेम्बर २००६, पृष्ठ २*

१.५ पेट्रोलियम पदार्थको बढ्दो माग, पेट्रोलियम निर्यात गर्ने केही मुलुकहरूमा देखा परेको अस्थिरता र क्याट्रिना नामक आँधीले सिर्जना गरेको आपूर्ति व्यवधान आदिका कारण सन् २००५ मा पेट्रोलियम पदार्थको मूल्य ४१.३ प्रतिशतले बढेकोमा सन् २००६ को अगष्त महिनादेखि स्थितिमा क्रमिक सुधार आई सन् २००६ मा पेट्रोलियम पदार्थको मूल्य २०.५ प्रतिशतले वृद्धि भएको छ । सन् २००६ मा पेट्रोलियम पदार्थको मूल्य वृद्धिदरमा कमी आएता पनि गैर-इन्धन वस्तुहरूको मूल्य सन् २००५ मा १०.३ प्रतिशतले वृद्धि भएको तुलनामा सन् २००६ मा २८.४ प्रतिशतले बढेको छ । स्थितिमा क्रमिक सुधार आउने अपेक्षाको आधारमा सन् २००७ मा पेट्रोलियम पदार्थको मूल्यमा ५.५ प्रतिशतले ह्रास आउने र सन् २००८ मा ६.६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण आई.एम.एफ.ले गरेको छ । यसैगरी, गैर-इन्धन वस्तुहरूको मूल्य सन् २००७ मा ४.२ प्रतिशतले वृद्धि हुने र सन् २००८ मा ८.८ प्रतिशतले ह्रास हुने आई.एम.एफ.को प्रक्षेपण रहेको छ । पेट्रोलियम पदार्थको बढ्दो मूल्य वृद्धिका कारण मुद्रास्फीतिमा उच्च दवाव पर्ने आंकलन गरिएको भएता पनि सन् २००६ को अगष्तदेखि पेट्रोलियम पदार्थको मूल्यमा ह्रास आएकोले सन् २००७ मा मुद्रास्फीतिमा त्यति चाप नपर्ने आई.एम.एफ.को अनुमान छ ।

१.६ विकसित मुलुकहरूमा सन् २००५ मा वार्षिक औसत उपभोक्ता मूल्य वृद्धिदर २.३ प्रतिशत रहेकोमा सन् २००६ मा पनि सोही मूल्य वृद्धिदर रहेको छ । सन् २००७ मा विकसित मुलुकहरूको मूल्य वृद्धिदर १.८ प्रतिशत रहने आई.एम.एफ.को प्रक्षेपण छ । नवोदित तथा विकासोन्मुख मुलुकहरूको उपभोक्ता मूल्य सन् २००५ मा ५.४ प्रतिशतले बढेकोमा सन् २००६ मा ५.३ प्रतिशतले बढेको छ । सन् २००७ मा नवोदित तथा विकासोन्मुख मुलुकहरूको उपभोक्ता मूल्य ५.४ प्रतिशतले बढ्ने अनुमान छ । सन् २००६ मा अफ्रिकी मुलुकहरूमा ९.५ प्रतिशत, पेट्रोलियम पदार्थ-निर्यातक मुलुकहरूमा ८.९ प्रतिशत, मध्यपूर्वका मुलुकहरूमा ७.९ प्रतिशत र आसियन-४ मुलुकहरूमा ८.२ प्रतिशतले उच्च दरमा उपभोक्ता मूल्य वृद्धि भएकोमा नव-औद्योगिक एशियाली अर्थतन्त्रहरुमा १.६ प्रतिशतको न्यून दरले उपभोक्ता मूल्य वृद्धि भएको छ । दक्षिण एशियाली मुलुकहरूमा सन् २००५ मा ५.० प्रतिशतले र सन् २००६ मा ६.४ प्रतिशतले उपभोक्ता मूल्य वृद्धि भएकोमा सन् २००७

मा पनि ६.४ प्रतिशतको मूल्य वृद्धि हुने आई.एम.एफ.को प्रक्षेपण रहेको छ । यसैगरी, सन् २००६ मा छिमेकी मुलुकहरू भारत र चीनको उपभोक्ता मूल्य वृद्धिदर क्रमशः ६.१ प्रतिशत र १.५ प्रतिशत रहेकोमा सन् २००७ मा क्रमशः ६.२ प्रतिशत र २.२ प्रतिशत रहने प्रक्षेपण छ । सन् २००६ को अगष्तदेखि अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा ह्रास आएकोले मुद्रास्फीतिमा त्यति चाप नपर्ने अनुमान गरिएको हो ।

**तालिका १ (ग) : विश्वको मूल्य स्थिति**
(वार्षिक प्रतिशत परिवर्तन)

| विवरण | २००४ | २००५ | २००६ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००७ | २००८ |
| पेट्रोलियम पदार्थ (Oil)[1] | ३०.७* | ४१.३ | २०.५ | -५.५ | ६.६ |
| गैर-इन्धन (Non-fuel) वस्तुहरू | १८.५* | १०.३ | २८.४ | ४.२ | -८.८ |
| उपभोक्ता मूल्य | | | | | |
| विकसित अर्थतन्त्रहरू | २.० | २.३ | २.३ | १.८ | २.१ |
| नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरू | ५.६ | ५.४ | ५.३ | ५.४ | ४.९ |
| विकासोन्मुख एशिया | ४.१ | ३.६ | ४.० | ३.९ | ३.४ |
| नवोदित युरोपेली मुलुकहरू | ६.३* | ४.९ | ५.१ | ४.८ | ३.७ |
| अफ्रिकी मुलुकहरू | ७.९ | ८.४ | ९.५ | १०.७ | १०.४ |
| मध्यपूर्वका मुलुकहरू | ७.२ | ७.१ | ७.९ | १०.६ | ८.७ |
| पेट्रोलियम पदार्थ निर्यातक मुलुकहरू[2] | ७.३* | ६.८ | ८.९ | १०.४ | ८.५ |
| नवोदित एशिया[2] | ३.९ | ३.५ | ३.७ | ३.७ | ३.२ |
| नव औद्योगिक एशियाली अर्थतन्त्र[2] | २.४ | २.३ | १.६ | २.१ | २.१ |
| आसियन - ४[2] | ४.६* | ७.३ | ८.२ | ४.३ | ४.० |
| चीन | ३.९ | १.८ | १.५ | २.२ | २.३ |
| दक्षिण एशिया[2] | ४.२* | ५.० | ६.४ | ६.४ | ४.६ |
| अफगानिस्तान | २४.१ | १३.२ | १२.३ | ५.५ | ५.९ |
| बंगलादेश | ६.१ | ७.० | ६.३ | ६.४ | ५.४ |
| भुटान | ४.६ | ५.३ | ५.२ | ५.५ | ५.३ |
| भारत | ३.८ | ४.२ | ६.१ | ६.२ | ४.३ |
| माल्दिभ्स | ६.३ | ३.३ | ३.५ | ७.० | ६.० |
| नेपाल | ४.० | ४.५ | ८.० | ७.० | ६.१ |
| पाकिस्तान | ४.६ | ९.३ | ७.९ | ६.५ | ६.० |
| श्रीलंका | ७.९ | १०.६ | ९.५ | १४.० | ६.५ |

*[1] संयुक्त अधिराज्यको ब्रेन्ट, दुवई र पश्चिम टेक्सासको इन्टरमिडियट कच्चा तेलको **Spot** मूल्यको साधारण औसत । सन् २००६ मा पेट्रोलियम पदार्थको औसत मूल्य प्रति ब्यारल यू.एस.डलर ६४.२७ रहेको तथा सन् २००७ र सन् २००८ मा यू.एस. डलर क्रमशः ६०.७५ र ६४.७५ हुन अनुमान रहेको ।*

*[2] अर्थतन्त्रहरूको वर्गीकरण तालिका १(क) मा उल्लेख गरेबमोजिम ।*

*स्रोत : वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, वासिङ्गटन डी.सी., अप्रिल २००७, पृ. २, ६१, ६९, ७७, २२५, २२६ र २२८*

** वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, वासिङ्गटन डी.सी., सेप्टेम्बर २००६, पृष्ठ २, ५०, ५९ र ७१*

## राष्ट्रिय आर्थिक गतिविधि

१.७ केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय लेखा तथ्याङ्क (national accounts statistics) सम्बन्धी विवरण तथा सम्बन्धित समष्टिगत आर्थिक परिसूचकहरूको अनुमान एवं प्रकाशन गर्ने गर्दछ । अर्थतन्त्रको संरचना परिवर्तन भइरहने र नयाँ नयाँ आर्थिक क्रियाकलापहरू

देखिइरहने भएकोले कुनै निश्चित समयावधिमा बृहत् अध्ययन सर्वेक्षणहरूको आधारमा आधार वर्ष (benchmark year) परिवर्तन गरी राष्ट्रिय लेखा तथ्याङ्कको नयाँ श्रृंखला तयार गर्ने प्रचलनअनुसार आर्थिक वर्ष २०५७/५८ (सन् २०००/०१) लाई आधार वर्ष कायम गरी आर्थिक वर्ष २०६३/६४ देखि नयाँ श्रृंखला तयार गरिएको छ । राष्ट्रिय लेखाका यी आंकडाहरू अन्तर्राष्ट्रिय लेखा प्रणाली (System of National Accounts, 1993) को अवधारणाअनुरूप विधिगत सुधार (methodological update) समेत गरी आर्थिक वर्ष २०५७/५८ देखि नै राष्ट्रिय लेखा तथ्याङ्क तथा सम्बन्धित समष्टिगत आर्थिक परिसूचकहरु परिमार्जन गरी प्रस्तुत गरिएका छन् । विगत वर्षहरूमा समग्र आर्थिक क्रियाकलापहरूलाई नौ प्रमुख क्षेत्रमा विभाजन गरी कुल गार्हस्थ्य उत्पादन लगायत अन्य आर्थिक परिसूचकहरू तयार गर्ने गरेकोमा नयाँ व्यवस्था अनुसार १५ क्षेत्रमा विभाजन गरी तथ्याङ्क तथा परिसूचकहरू तयार गरिएको छ । आर्थिक वर्ष २०६३/६४ का लागि तयार गरिएका प्रारम्भिक अनुमानहरू आर्थिक वर्षको ६ देखि ९ महिनासम्मका तथ्याङ्कमा आधारित छन् ।

**मञ्जुषा १ (क) : राष्ट्रिय लेखा तथ्याङ्कको नयाँ श्रृङ्खला**

मुलुकको उत्पादन, आय, उपभोग, बचत, लगानी (पुँजी निर्माण) जस्ता समष्टिगत परिसूचकहरू उपलव्ध गराउन राष्ट्रिय लेखा तथ्याङ्क सालबसालीरूपमा अनुमान गरी केन्द्रीय तथ्याङ्क बिभागले प्रकाशन गरी आएको छ । हरेक वर्ष चालू आर्थिक वर्षको प्रारम्भिक अनुमान, अघिल्लो वर्षको संशोधित अनुमान र दुई वर्ष अघिको अन्तिम अनुमान तयार गरिन्छ । राष्ट्रिय लेखाका आँकडाहरू आर्थिक विश्लेषणका लागि आवश्यक परिसूचकको रूपमा प्रयोग हुदै आएका छन् । यस्ता परिसूचकको माध्यमबाट देशको अर्थतन्त्रको बृहत् खाका खिच्न सकिने हुँदा आर्थिक गतिविधिको चित्रण र विश्लेषण गर्न मद्दत पुग्दछ । यी आँकडाहरूवाट अर्थतन्त्रको स्वरूप (composition), वनावट (structure), गति (movement) तथा आयतन (volume) को वारेमा जानकारी पाउन सकिन्छ । आर्थिक क्रियाकलापहरूको विगतको स्थितिको विश्लेषणवाट भविष्यमा हुन सक्ने सम्भावनाहरूको वारेमा मूल्याँकन गरी उपयुक्त नीति तथा कार्यक्रमहरू वनाउन पनि राष्ट्रिय लेखाका आँकडाहरूको प्रयोग गरिन्छ ।

योजना तथा नीतिहरूको विश्वसनीयता राष्ट्रिय लेखा तथ्याङ्कको गुणस्तरमा निर्भर गर्दछ । राष्ट्रिय लेखाको भरपर्दो आँकडाहरूको अभावमा योजना तर्जुमा, मूल्याँकन तथा अनुगमनका काम कठिन हुन जान्छन् । नेपालको राष्ट्रिय लेखाको तथ्याङ्कको वारेमा वेलावखतमा विभिन्न टिकाटिप्पणीहरू हुँदै आएका छन् । विगतमा खासगरी निम्न विषयहरूमा प्रश्नहरू उठ्ने गरेका छन् :

१. नेपालको राष्ट्रिय लेखाका तथ्याङ्क अन्तर्राष्ट्रिय मापदण्ड र विधिअनुसार तयार हुन नसकेको,
२. पछिल्ला समयहरूमा अर्थतन्त्रमा आएका आर्थिक गतिविधिहरू राष्ट्रिय लेखा प्रणालीमा समावेश हुन नसकेको,
३. राष्ट्रिय लेखा तयार गर्नका लागि आवश्यक पर्ने विविध क्षेत्रका तथ्याङ्कहरू नियमित र उपयुक्त समयमा उपलव्ध हुन नसकेको,
४. आर्थिक उत्पादनका क्षेत्रमा आएको प्रविधिको परिवर्तन (technological change) अनुसार कतिपय लागत तथा उत्पादन (input and output) बीचको सम्वन्धमा भएको परिवर्तनलाई राष्ट्रिय लेखा प्रणालीमा समाहित गर्न नसकिएको,
५. कतिपय क्षेत्रहरूवाट प्राप्त तथ्याङ्कको गुणस्तर राम्रो नभएको कारणले यी तथ्याङ्कहरू प्रयोग गरी तयार गरिएको राष्ट्रिय लेखाका आँकडा भरपर्दो हुन नसकेको,
६. आर्थिक विश्लेषण तथा नीति अनुगमनको लागि आवश्यक पर्ने परिसूचकहरू पर्याप्त मात्रामा उपलव्ध हुन नसकेको तथा राष्ट्रिय लेखा अनुमानका आँकडाहरू सीमित भएको, आदि ।

अर्थतन्त्रको संरचनामा परिवर्तन भइरहने र नयाँ नयाँ आर्थिक क्रियाकलापहरू देखिइरहने

सन्दर्भमा कुनै निश्चित समयावधिमा बृहत् अध्ययन सर्वेक्षणहरूको आधारमा आधारवर्ष (benchmark year) परिवर्तन गरी अनुमानका नयाँ श्रृङ्खला तयार गरिन्छ । त्यही प्रचलनअनुसार आर्थिक वर्ष २०५७/५८ (सन् २०००/०१) लाई नयाँ आधार वर्ष कायम गरी राष्ट्रिय लेखा तथ्याङ्कको नयाँ श्रृँखला तयार गरिएको छ । नेपालका प्रमुख गणनाहरू जस्तै जनगणना, कृषि गणना तथा औद्योगिक गणनाहरू आर्थिक वर्ष २०५७/५८ को नजिक रहेको र अन्तर्राष्ट्रियरूपमा तथ्याङ्कको तुलना गर्नका लागि समेत यो आधार वर्ष उपयोगी हुने देखिएकोले यस पटकको नयाँ श्रृँखलाको आधार वर्ष आर्थिक वर्ष २०५७/५८ कायम गरिएको हो । नेपालको राष्ट्रिय लेखा तथ्याङ्कको इतिहासमा यस अघि आर्थिक वर्षहरू २०२१/२२, २०३१/३२, २०४१/४२ र २०५१/५२ लाई आधार वर्ष मानी राष्ट्रिय लेखाका श्रृंखलाहरू तयार गरिएका थिए ।

राष्ट्रिय लेखा तथ्याङ्क विधिमा परिमार्जन गर्नु पर्ने, नयाँ अवधारणा र परिभाषा अंगाल्नु पर्ने साथै नयाँ वर्गीकरणहरू प्रयोगमा ल्याउनु पर्ने भएकोले पनि नयाँ श्रृंखलाको आवश्यकता भएको हो । हालसम्म नेपालले अनुसरण गरी आएको राष्ट्रिय लेखा प्रणाली सन् १९६८ को प्रणालीमा आधारित थियो जसको सट्टा विश्वका प्रायः सबै मुलुकहरूले १० वर्ष पहिले नै System of National Accounts (SNA), 1993 लाई कार्यान्वयनमा ल्याएका थिए । यस अर्थमा नेपालले पनि SNA, 1993 मा प्रवेश गर्नु पर्ने आवश्यकता थियो । मूलतः नेपालको सन्दर्भमा SNA 1993 मा प्रवेश गर्नु भनेको उत्पादन, उपभोग, लगानी आदि समष्टिगत आर्थिक चर (variable) हरूको अवधारणा र परिभाषामा केही अघि बढ्नु हो । यस अघि समग्र आर्थिक क्रियाकलापहरूलाई नौ प्रमुख क्षेत्रहरूमा विभाजन गरिएको थियो भने अब पन्ध्र क्षेत्रहरूमा विभाजन गरी तदनुरूपका उत्पादन, मध्यवर्ती उपभोग र मूल्य अभिवृद्धिका अनुमानहरू तयार गरिएका छन् । यद्यपि International Standards Industrial Classification (ISIC), Revision 3 ले समग्र अर्थतन्त्रलाई १७ वटा क्रियाकलापमा विभाजन गरे पनि नेपालको सन्दर्भमा निजी घरमा काम गर्ने कामदारका क्रियाकलापहरू तथा वैदेशिक नियोग एवं अन्तराष्ट्रिय संघ-संस्थाहरूको क्रियाकलापको कुल गार्हस्थ उत्पादन (gross domestic product : GDP अर्थात् जी.डी.पी.) मा अत्यन्तै न्यून योगदान देखिएकाले यी सम्बन्धी तथ्याङ्कलाई अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरूसंग सम्वन्धित क्रियाकलापमा समावेश गरिएका छन् ।

यस अघिका श्रँखलामा समावेश नभएका क्रियाकलापहरू जस्तो यातायात अन्तर्गतका माइक्रोबस, केवलकार आदि, सञ्चारतर्फ पि.सि.ओ. (public call operator : P.C.O.), मोबाइल टेलिफोन, इन्टरनेट, केवुल टेलिभिजन, भाडा लगाउने (renting), रोजगार संस्थाहरू, सहकारी, परामर्श सेवा, कम्प्युटर तथा फोटोग्राफी, निजी हुलाक सेवा, शिक्षातर्फ निजी क्षेत्रतर्फका क्रियाकलाप, सामुदायिक बनका उत्पादन आदि नयाँ श्रृंखलामा समावेश गरिएका छन् । राष्ट्रिय लेखा तथ्याङ्क सुदृढ गर्न ३० वटा नयाँ सर्वेक्षण तथा अध्ययन सञ्चालन गरिएका थिए ।

अहिलेसम्म परम्परागतरूपमा तयार गरिआएको राष्ट्रिय लेखा तथ्याङ्कमा सर्वेक्षणहरूको लगत (frame) र अनुमान विधिमा पनि परिवर्तन भएका छन् । जस्तै, प्राविधिक परिवर्तनका कारण हाल कतिपय सेवा क्षेत्रमा उत्पादन लागतका अनुपातहरूमा परिवर्तन भएका छन् जुन परिमार्जन गरिएका छन् । राष्ट्रिय लेखाका तथ्याङ्क प्रयोगकर्ताहरूलाई परम्परागतरूपमा तयार गरिंदै आएका कुल गार्हस्थ्य उत्पादन (GDP), कुल राष्ट्रिय आय (gross national income : GNI), उपभोग (consumption) का अलावा वचत (saving) र खर्चयोग्य आय (disposable income) का भरपर्दा अनुमानहरू तथा अर्थतन्त्रका संस्थागत क्षेत्रहरू जस्तै सरकार, प्रतिष्ठान, घरपरिवार र नाफा नगर्ने संस्थाहरूको आधारमा पनि मूल्य अभिवृद्धि (GDP), उपभोग, पुँजी निर्माण (capital formation), बचत आदि अनुसारको तथ्याङ्कको आवश्यकता देखिएकोले तदनुरूपका अनुमानहरू समेत तयार गरिएका छन् । अन्तर्राष्ट्रिय निर्देशिका (SNA, 1993) अनुसार राष्ट्रिय लेखा प्रणाली तयार गरी नेपालको राष्ट्रिय लेखाका आँकडाहरूलाई अन्तर्राष्ट्रिय मान्यता तथा मापदण्डअनुसार बनाउन तथा अन्तर्राष्ट्रियरूपमा तुलनायोग्य बनाउनसमेत यस किसिमको सुदृढीकरणबाट आवश्यक योगदान मिल्ने छ ।

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

१.८ केन्द्रीय तथ्याङ्क विभागबाट आर्थिक वर्षको प्रथम ६ महिनादेखि ९ महिनासम्मको तथ्याङ्कमा आधारित भई तयार पारिएको राष्ट्रिय लेखा तथ्याङ्कका आधारमा आर्थिक वर्ष २०६३/६४ मा गत आर्थिक वर्षको तुलनामा न्यून आर्थिक वृद्धिदर हासिल भएको देखिएको छ, यद्यपि यो वर्ष प्रचलित मूल्यमा हासिल भएको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (११.३ प्रतिशत) विगत पाँच वर्षदेखि कै उच्च रहेको छ । प्रचलित मूल्यमा रहेका राष्ट्रिय लेखाका तथ्याङ्कहरूलाई आधार वर्षको मूल्य अर्थात यथार्थ मूल्यमा रूपान्तरण गर्न कुल गार्हस्थ्य उत्पादनको मूल्य सूचकाङ्क (implicit GDP price deflator) प्रयोग गर्ने गरिन्छ । अर्थात्, यस्तो मूल्य सूचकाङ्कले प्रचलित (nominal) मूल्य र यथार्थ (constant) मूल्यबीच समायोजनको काम गर्ने गर्दछ ।

**तालिका : १ (घ) : कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (औद्योगिक वर्गीकरणअनुसार)**

(स्थिर मूल्यमा)

प्रतिशतमा

| औद्योगिक वर्गीकरण | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३* | २०६३/६४** |
| कृषि तथा वन | ३.०१ | ३.३२ | ४.७२ | ३.४५ | ०.९९ | ०.६२ |
| मत्स्यपालन | ८.७१ | ४.०० | १२.२३ | ७.१३ | ९.९१ | ३.०० |
| खानी तथा उत्खनन् | ८.७९ | ३.२० | -०.४३ | ६.८० | ७.५८ | ६.०० |
| उद्योग | -५.३२ | ०.०४ | २.१५ | २.६२ | २.०० | २.१६ |
| विद्युत, ग्याँस तथा पानी | ११.३७ | १९.०४ | ४.०७ | ३.९७ | ३.६४ | ३.२२ |
| निर्माण | ६.४१ | २.१० | -०.३५ | २.९० | ७.३० | १.५० |
| थोक तथा खुद्रा व्यापार | -११.५७ | २.२६ | १०.८१ | -६.२४ | ३.६६ | -२.६० |
| होटल तथा रेष्टुराँ | -१८.२३ | २.०१ | १२.७४ | -५.४१ | ६.०० | २.८१ |
| यातायात, सञ्चार तथा गोदाम | ८.३७ | ५.२० | ७.४९ | १.९८ | ४.३५ | ८.११ |
| वित्तीय मध्यस्थता | ३.८२ | १.६६ | ६.१९ | २४.३० | १६.५३ | ८.५६ |
| रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू | -४.८९ | -३.९७ | -२.०९ | १०.०३ | १.०७ | ८.६५ |
| सार्वजनिक प्रशासन र रक्षा | ३६.८५ | ११.५२ | -०.६४ | ६.६४ | ६.८९ | ३.६० |
| शिक्षा | २१.०५ | १३.७१ | ५.१२ | ९.८२ | २.६८ | ५.५९ |
| स्वास्थ्य र सामाजिक कार्य | ७.३८ | १५.२६ | ६.११ | ११.३३ | ७.०४ | ५.१५ |
| अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू | -८.६२ | ४.४० | १३.४३ | -३.३८ | ७.४७ | ४.९९ |
| कुल मूल्य अभिवृद्धि (अप्रत्यक्षरूपमा मापन गरिने (वित्तीय मध्यस्थता सेवाहहित) | ०.४६ | ३.४५ | ५.१३ | २.९७ | ३.२९ | २.५० |
| अप्रत्यक्षरूपमा मापन गरिने वित्तीय मध्यस्थता सेवा | १०.६७ | -६.६२ | ३०.१३ | ६.२३ | ७.२८ | ८.०४ |
| कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | ०.१६ | ३.७७ | ४.४१ | २.८५ | ३.१४ | २.२९ |
| वस्तु तथा सेवामा खुद कर | -०.४७ | ६.५५ | ८.६० | ६.८८ | -१.७८ | ५.४९ |
| कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | ०.१२ | ३.९५ | ४.६८ | ३.१२ | २.८० | २.५० |

* संशोधित, ** प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

नयाँ राष्ट्रिय लेखा तथ्याङ्कमा आर्थिक वर्ष २०५७/५८ लाई आधार वर्ष मानिएको र सोहीअनुसार आर्थिक वर्ष २०६३/६४ मा समग्र मूल्य सूचकाङ्कको वृद्धिदर ८.३ प्रतिशत

रहेको अनुमान गरिएको छ । गत आर्थिक वर्ष २०६२/६३ मा यो सूचकाङ्क ६.४ प्रतिशतले बढेको थियो । नेपाल राष्ट्र बैंकबाट अनुमान गरिएअनुसार आर्थिक वर्षको प्रथम ९ महिनाको औसत उपभोक्ता मूल्य वृद्धिदर गत वर्ष ७.७ प्रतिशत रहेकोमा यस वर्ष केही घटी ७.० प्रतिशत रहेको छ । थोक मूल्य वृद्धिदर गत वर्षको यसै अवधिको ९.० प्रतिशतको तुलनामा यस वर्ष केही बढी ९.८ प्रतिशत रहेको छ । त्यस्तै, चालू आर्थिक वर्षमा उपभोक्ता मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धिदर ६.६ प्रतिशत र थोक मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धिदर ९.० प्रतिशत रहने देखिएको छ । गत वर्ष भने उपभोक्ता मूल्य सूचकाङ्कको वृद्धिदर ८.० प्रतिशत र थोक मूल्य सूचकाङ्कको वृद्धिदर ८.९ प्रतिशत रहेको थियो ।

१.९ आर्थिक वर्ष २०६३/६४ मा प्रतिकूल मौसमका कारण विशेष गरी धानको उत्पादनमा उच्च दरले गिरावट आएको हुँदा कुल गार्हस्थ्य उत्पादनमा प्रमुख अंश रहेको कृषि क्षेत्रको वृद्धिदर गत वर्षको तुलनामा न्यून रहने अनुमान गरिएको छ । तराईमा उत्पन्न असहज परिस्थिति, औद्योगिक प्रतिष्ठानहरुमा देखिएको श्रमिक र व्यवस्थापनबीचको तनाव, विद्युत आपूर्तिमा कमी, पेट्रोलियम पदार्थको आपूर्तिमा अवरोध र वन्द, हडताल आदि जस्ता समस्याहरूका कारण गैर-कृषि क्षेत्रको उत्पादनमा पनि कमी आउने अनुमान गरिएको छ ।

## प्रचलित मूल्यमा कुल गार्हस्थ्य उत्पादन

१.१० आर्थिक वर्ष २०६२/६३ मा प्रचलित उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादन ९.६८ प्रतिशतले वृद्धि भई रु. ६ खर्व ४६ अर्व ४७ करोड १० लाख रहेको तुलनामा आर्थिक वर्ष २०६३/६४ मा ११.२९ प्रतिशतले वृद्धि भई रु. ७ खर्व १९ अर्व ४७ करोड ७० लाख पुग्ने अनुमान छ । यसैगरी, आर्थिक वर्ष २०६२/६३ मा प्रचलित आधारभूत मूल्यमा कुल गार्हस्थ्य उत्पादन १०.०६ प्रतिशतले वृद्धि भई रु. ६ खर्व ३ अर्व ६७ करोड ३० लाख रहेकोमा यस वर्ष ११.०८ प्रतिशतले वृद्धि भई रु. ६ खर्व ७० अर्व ५८ करोड ९० लाख पुग्ने अनुमान छ ।




## यथार्थ कुल गार्हस्थ्य उत्पादन

१.११ आर्थिक वर्ष २०६३/६४ मा आधार वर्ष २०५७/५८ को मूल्यमा देशको यथार्थ कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर उत्पादकको मूल्यमा २.५० प्रतिशत भएको प्रारम्भिक अनुमान छ । आर्थिक वर्ष २०६२/६३ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर २.८० प्रतिशत रहेको थियो । आधारभूत मूल्यमा गत वर्ष ३.१४ प्रतिशतले वृद्धि भएको कुल गार्हस्थ्य उत्पादन यस वर्ष २.२९ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान छ । स्थिर मूल्यमा यस वर्ष कृषि उत्पादन ०.६५ प्रतिशत र गैर-कृषि उत्पादन ३.६० प्रतिशतले बढ्ने अनुमान छ । आर्थिक वर्ष २०६३/६४ मा मुख्यगरी धान रोपाई गर्ने समयमा पर्याप्त वर्षा नभई प्रमुख वाली धानको उत्पादन उच्चदरले घटेकोले गत वर्षको तुलनामा आर्थिक वृद्धिदर न्यून रहन गएको हो ।

१.१२ स्थिर मूल्यको कुल गार्हस्थ्य उत्पादनको अंशको रूपमा आर्थिक वर्ष २०६२/६३ मा कृषि क्षेत्र तथा गैर-कृषि क्षेत्रको योगदान क्रमशः ३६.८ प्रतिशत र ६३.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष

२०६३/६४ मा कृषि क्षेत्रको योगदान ०.७ प्रतिशतविन्दुले घट्न गई ३६.१ प्रतिशत तथा गैर-कृषि क्षेत्रको योगदान सोही प्रतिशतविन्दुले वृद्धि भई ६३.९ प्रतिशत रहने अनुमान छ ।

१.१३ स्थिर मूल्यमा कृषि तथा वन क्षेत्रको उत्पादन आर्थिक वर्ष २०६२/६३ मा ०.९९ प्रतिशतले बढेकोमा यस वर्ष ०.६२ प्रतिशतले मात्र बढ्ने अनुमान छ । कृषि उत्पादनको सूचकाङ्कका आधारमा यस वर्ष खाद्यान्न वालीको उत्पादन गत वर्षको तुलनामा घट्न गएकोले कृषि तथा वन क्षेत्रको उत्पादनमा सीमान्त वृद्धि देखिएको हो । यसैगरी, मत्स्यपालन क्षेत्रको वृद्धिदर आर्थिक वर्ष २०६२/६३ मा ९.९१ प्रतिशत रहेकोमा यस वर्ष ३.०० प्रतिशत रहने अनुमान छ ।

१.१४ आर्थिक वर्ष २०६२/६३ मा खानी तथा उत्खनन् क्षेत्र ७.५८ प्रतिशतले वृद्धि भएको संशोधित अनुमान छ । आर्थिक वर्ष २०६३/६४ मा खानी तथा उत्खनन् क्षेत्रको वृद्धिदर ६.०० प्रतिशत रहने प्रारम्भिक अनुमान छ । खानीजन्य उत्पादनमा कमी आएता पनि उत्खनन् उप-क्षेत्रतर्फको उत्पादनमा वृद्धि भएको हुनाले आर्थिक वर्ष २०६३/६४ मा खानी तथा उत्खननतर्फ उक्त वृद्धिदर हासिल हुने अनुमान गरिएको हो । यसैगरी, आर्थिक वर्ष २०६२/६३ मा उद्योग क्षेत्रको वृद्धिदर २.०० प्रतिशत रहेकोमा यस वर्ष २.१६ प्रतिशतको वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ । चालू आर्थिक वर्षको प्रथम ६ महिनाको उत्पादन र गतवर्षको सोही अवधिको उत्पादन सूचकाङ्कको आधारमा खाद्यान्न प्रशोधन, दुग्धजन्य उत्पादन, टेक्सटाइल उत्पादन तथा कागज उत्पादनमा सकारात्मक वृद्धि देखिएता पनि तयारी पोशाक तथा ऊनी गलैचाको उत्पादनमा गिरावट आएको कारण उद्योग क्षेत्रको समग्र वृद्धिदर कम रहने प्रारम्भिक अनुमान छ ।

१.१५ विद्युत, ग्याँस तथा पानी क्षेत्रको उत्पादन आर्थिक वर्ष २०६२/६३ मा ३.६४ प्रतिशतले बढेकोमा चालू आर्थिक वर्षमा ३.२२ प्रतिशतले वृद्धि हुने अनुमान छ । त्यसैगरी, निर्माण क्षेत्रको उत्पादन गत वर्ष ७.३० प्रतिशतको उच्च दरले वृद्धि भएकोमा यस वर्ष १.५० प्रतिशतको सामान्य वृद्धि हुने अनुमान रहेको छ । यस वर्ष निर्माणजन्य वस्तुहरूको आयातमा वृद्धि भएता पनि ती वस्तुहरूको आन्तरिक उत्पादन न्यून भएको कारण यस क्षेत्रको वृद्धिदर कम हुने प्रारम्भिक अनुमान रहेको हो ।

१.१६ थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फ आर्थिक वर्ष २०६३/६४ मा २.६० प्रतिशतको ऋणात्मक वृद्धि रहने अनुमान छ । गत वर्ष यस क्षेत्रको वृद्धिदर ३.६६ प्रतिशत रहेको थियो । कृषि तथा औद्योगिक क्षेत्रमा भएको न्यून वृद्धिदर तथा विविध कारणहरूले व्यापारिक मध्यस्थीकरणमा देखिएको असहजताको कारण समेत आन्तरिक व्यापारजन्य गतिविधिमा प्रतिकूलता आई थोक तथा खुद्रा व्यापारको कुल उत्पादनमा कमी भएकोले आर्थिक वर्ष २०६३/६४ मा यस क्षेत्रको वृद्धिदर ऋणात्मक हुने प्रारम्भिक अनुमान रहेको हो । यसैगरी, होटल तथा रेष्टुरेन्ट तर्फको वृद्धिदर गत वर्ष ६.०० प्रतिशत रहेकोमा यस वर्ष २.८१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

१.१७ यातायात, सञ्चार तथा गोदाम क्षेत्रको उत्पादन गत वर्ष ४.३५ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ८.११ प्रतिशतको उच्च दरले बढ्ने अनुमान छ । खासगरी सञ्चार उपक्षेत्रमा भएको उल्लेखनीय वृद्धिको कारण यस क्षेत्रको उत्पादन उच्च रहने अनुमान रहेको हो । यसैगरी, आर्थिक वर्ष २०६२/६३ मा वित्तीय मध्यस्थताको क्षेत्रमा १६.५३ प्रतिशतको उच्च वृद्धि भएको तुलनमा यस वर्ष वृद्धिदरमा कमी आई ८.५६ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । वित्तीय वचत परिचालन तथा कर्जा प्रवाहमा वृद्धि भएको कारण यस क्षेत्रको उत्पादनमा उक्त वृद्धि हुने प्रारम्भिक अनुमान रहेको हो ।

## चार्ट १(क) : प्रमुख आर्थिक परिसूचकहरू






















# बैंक सेवा शुल्क घटाउनु पूर्व साधनको लागतको स्थिर मूल्यमा   * अनुमानित

घ सरकारी खर्च शीर्षकमा गरिएको परिवर्तनले आर्थिक वर्ष २०५५/५६ भन्दा पूर्वको तथ्याङ्क नयाँ ढाचामा रूपान्तरण गर्न नसकिएको ।

## तालिका १ (ङ) : आर्थिक गतिविधिका प्रमुख परिसूचकहरू[a]

| आर्थिक गतिविधिको **विवरण** | इकाई | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ b |
| यथार्थ कुल गार्हस्थ्य उत्पादन (उत्पादक मूल्यमा) | वार्षिक % परिवर्तन | ०.१ | ३.९ | ४.७ | ३.१ | २.८ | २.५ |
| यथार्थ कुल गार्हस्थ्य उत्पादन (साधनको लागत मूल्यमा) | ” | ०.२ | ३.८ | ४.४ | २.९ | ३.१ | २.३ |
| **कुल गार्हस्थ्य उत्पादन** [१] | ” | ०.५ | ३.४ | ५.१ | ३.० | ३.३ | २.५ |
| - कृषि | ” | ३.१ | ३.३ | ४.८ | ३.५ | १.१ | ०.६ |
| - गैर-कृषि | ” | -१.१ | ३.५ | ५.३ | २.८ | ४.६ | ३.६ |
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित उत्पादक मूल्यमा) | ” | ४.१ | ७.१ | ९.० | ९.८ | ९.७ | ११.३ |
| **कुल गार्हस्थ्य उत्पादन** [२] | ” | ४.४ | ६.६ | ९.४ | ९.४ | १०.० | ११.० |
| - कृषि | ” | ६.७ | ४.० | ७.७ | ७.१ | ५.८ | ८.४ |
| - गैर-कृषि | ” | ३.० | ८.२ | १०.३ | १०.६ | १२.२ | १२.३ |
| कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) | ” | ३.५ | ७.१ | ८.८ | १०.५ | १०.२ | ११.१ |
| समग्र कृषि उत्पादन सूचकाङ्क | ” | २.४ | ३.७ | ३.२ | २.८ | १.१ | ०.४ |
| - खाद्यान्न तथा अन्य बालीहरू | ” | २.३ | २.० | ३.४ | १.५ | ०.० | -३.३ |
| - पशुजन्य उत्पादन | ” | २.५ | ३.२ | ३.४ | २.१ | ३.० | २.६ |
| - तरकारी, वागवानी र नर्सरी | ” | ५.१ | ३.६ | ५.० | ९.३ | ५.७ | ६.७ |
| - वनजन्य उत्पादन | ” | १.९ | १.९ | १.० | ०.२ | -२.५ | १.७ |
| प्रमुख औद्योगिक वस्तु उत्पादन सूचकाङ्क | ” | -६.६ | २.४ | २.१ | २.६ | १.९ | २.१ |
| **कुल गार्हस्थ्य उत्पादन मूल्य सूचकाङ्क** [३] | ” | ३.९ | ३.१ | ४.० | ६.३ | ६.४ | ८.३ |
| - कृषि | ” | ३.५ | ०.७ | २.८ | ३.५ | ४.७ | ७.७ |
| - गैर-कृषि | ” | ४.१ | ४.५ | ४.८ | ७.८ | ७.३ | ८.५ |
| राष्ट्रिय शहरी उपभोक्ता मूल्य सूचकाङ्क, वार्षिक औसत परिवर्तन (२०५२/५३=१००) | ” | २.९ | ४.८ | ४.० | ४.५ | ८.० | ६.६ |
| कुल राष्ट्रिय बचत/कुल राष्ट्रिय उत्पादन अनुपात | % | २४.२ | २३.८ | २७.३ | २८.३ | २८.० | २८.४ |
| **कुल गार्हस्थ्य उत्पादन (प्रचलित उत्पादक मूल्य) संगको अनुपात** | | | | | | | |
| - कुल गार्हस्थ्य बचत | % | ९.५ | ८.६ | ११.८ | ११.६ | ७.९ | ९.४ |
| - कुल लगानी | % | २०.२ | २१.४ | २४.५ | २६.५ | २६.० | २५.३ |
| - गार्हस्थ्य बचत र लगानी बीचको अन्तर | % | -१०.७ | -१२.८ | -१२.८ | -१४.९ | -१८.१ | -१६.० |
| - कुल उपभोग | % | ९०.५ | ९१.४ | ८८.३ | ८८.४ | ९२.१ | ९०.६ |
| - कुल सरकारी खर्च [४] | % | १७.४ | १७.१ | १६.७ | १७.४ | १७.३ | १८.८ |
| - चालू खर्च [४] | % | १०.६ | १०.६ | १०.३ | १०.५ | १०.७ | ११.२ |
| - पुंजीगत खर्च [४] | % | ५.४ | ४.५ | ४.३ | ४.६ | ४.५ | ५.१ |
| - साँवा भुक्तानी खर्च [४] | % | १.४ | १.९ | २.० | २.३ | २.२ | २.६ |
| - ऋण सेवा (साँवा र व्याजा भुक्तानी) | % | २.७ | ३.३ | ३.२ | ३.४ | ३.२ | ३.४ |
| - कुल राजस्व | % | ११.० | ११.४ | ११.६ | ११.९ | ११.२ | १२.० |

| आर्थिक गतिविधिको **विवरण** | इकाई | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ b |
| - कर राजस्व | % | ८.६ | ८.७ | ९.० | ९.२ | ८.९ | ९.७ |
| - गैर-कर राजस्व | % | २.४ | २.८ | २.६ | २.७ | २.३ | २.३ |
| - बजेट घाटा | % | ५.० | ३.३ | २.९ | ३.१ | ४.० | ४.६ |
| - प्राप्त वैदेशिक ऋण | % | १.७ | ०.९ | १.४ | १.६ | १.५ | १.४ |
| - प्राप्त वैदेशिक ऋण र अनुदान | % | ३.१ | ३.२ | ३.५ | ४.० | ३.६ | ३.७ |
| - कुल तिर्न बाँकी आन्तरिक ऋण | % | १५.१ | १६.४ | १५.२ | १४.१ | १३.९ | १३.६ |
| - कुल तिर्न बाँकी वैदेशिक ऋण | % | ४७.९ | ४५.४ | ४३.४ | ३७.३ | ३६.२ | ३२.६ |
| - कुल तिर्न बाँकी ऋण | % | ६३.० | ६१.८ | ५८.५ | ५१.३ | ५०.१ | ४६.२ |
| - कुल (वस्तु) निर्यात | % | १०.२ | १०.१ | १०.० | १०.० | ९.३ | ८.४ |
| - कुल (वस्तु) आयात | % | २३.४ | २५.३ | २५.४ | २५.४ | २६.९ | २५.८ |
| - व्यापार घाटा | % | -१३.२ | -१५.१ | -१५.३ | -१५.४ | -१७.६ | -१७.५ |
| - चालू खाता | % | ४.० | २.४ | २.७ | २.० | २.२ | १.१ |
| कुल तिर्न बाँकी वैदेशिक ऋण/कुल सरकारी राजस्व | % | ४३६.४ | ३९७.४ | ३७३.५ | ३१३.२ | ३२३.७ | २७१.९ |
| कुल तिर्न बाँकी वैदेशिक ऋण/कुल निर्यात | % | ४६८.९ | ४४७.५ | ४३१.८ | ३७४.१ | ३८८.४ | ३८९.८ |
| कुल सरकारी राजस्व | % परिवर्तन | ३.२ | ११.५ | १०.९ | १२.५ | ३.१ | १९.५ |
| चालू खर्च [४] | % परिवर्तन | ६.६ | ६.६ | ६.६ | ११.० | १२.० | १९.९ |
| पुँजीगत खर्च [४] | % परिवर्तन | -१२.५ | -९.८ | ३.३ | १८.४ | ५.३ | २२.९ |
| साँवा भुक्तानी खर्च [४] | % परिवर्तन | १३.१ | ४८.६ | १२.९ | २५.४ | ५.४ | ३२.१ |
| कुल सरकारी खर्च [४] | % परिवर्तन | ०.३ | ४.९ | ६.५ | १४.७ | ९.३ | २२.२ |
| ऋण सेवा (साँवा र व्याज भुक्तानी) | % परिवर्तन | १७.५ | ३२.६ | ७.१ | १३.९ | ३.४ | २०.९ |
| ऋण सेवा (सांवा र व्याज भुक्तानी)/चालू खर्च | % | २५.० | ३१.१ | ३१.२ | ३२.० | ३०.५ | ३०.७ |
| संकुचित मुद्रा प्रदाय (एम$_१$) | % परिवर्तन | ९.३ | ८.६ | १२.२ | ६.६ | १४.० | १३.१ |
| विस्तृत मुद्रा प्रदाय (एम$_२$) | % परिवर्तन | ४.४ | ९.८ | १२.८ | ८.३ | १५.६ | १६.० |
| बैंकिग क्षेत्रबाट प्रवाहित कुल कर्जामा निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश | % | ६४.३ | ६६.१ | ६८.७ | ६९.१ | ६९.८ | ७५.३ |
| कुल निर्यात | % परिवर्तन | -१५.६ | ६.४ | ८.० | ८.९ | २.६ | ०.० |
| कुल आयात | % परिवर्तन | -७.२ | १५.८ | ९.६ | ९.७ | १६.३ | ७.० |
| निर्यात/आयात अनुपात | % | ४३.७ | ४०.२ | ३९.६ | ३९.३ | ३४.७ | ३२.४ |
| चालू खाता [५] | रु. करोडमा | १८१६ | ११६२ | १४५९.८ | ११५४.५ | १४२२.५ | ८२४.४ |
| शोधनान्तर स्थिति [५] | रु. करोडमा | -३३४.३ | ४३६.४ | १६००.५ | ५७४.२ | २५६९.९ | ९००.० |
| विदेशी विनिमय संचिति | रु. करोडमा | १०५९० | १०८२३ | १३०२०.५ | १२९८९.६ | १६५१२.७ | १७१३७.४ |
| विदेशी विनिमय दर [६] | अ.ड. १= रु. | ७८.३ | ७५.० | ७४.४ | ७०.६ | ७४.४ | ७०.९ |
| कुल जनसंख्या | करोडमा | २.३७ | २.४२ | २.४७ | २.५३ | २.५९ | २.६४ |

a प्रस्तुत तालिकामा समाविष्ट केही तथ्याङ्कहरूलाई विभिन्न सम्बद्ध स्रोतहरूबाट प्राप्त विवरणको आधारमा अद्यावधिक गरिएकोले विगतका आर्थिक सर्वेक्षणहरूमा प्रस्तुत तथ्याङ्कसंग केही फरक परेको हुनसक्छ । आर्थिक वर्ष २०५७/५८ देखि SNA, 1993 अनुसार कुल गार्हस्थ्य उत्पादनको नयाँ सिरिज अनुमान गर्न सुरुवात गरिएको हुँदा आर्थिक वर्ष २०५८/५९ देखि नयाँ सिरिजअनुसारको वृद्धिदर राखिएको छ ।

b वार्षिक प्रारम्भिक अनुमान (प्रथम ८ महिनामा आधारित) ।

१) वैंक सेवा शुल्क घटाउनुपूर्व साधनको लागतको स्थिर मूल्यमा । २) वैंक सेवा शुल्क घटाउनुपूर्व साधनको लागतको प्रचलित मूल्यमा । ३) आधार वर्ष परिवर्तन भएको । ४) सरकारी खर्च शीर्षकमा गरिएको परिवर्तनले आर्थिक वर्ष २०५५/५६ भन्दा पूर्वको तथ्याङ्क नयाँ ढाचामा रूपान्तरण गर्न नसकिएको । ५) आर्थिक वर्ष २०५७/५८ देखि शोधनान्तरको नयाँ ढाँचामा estimated विप्रेषण आय समावेश गरिएको । ६) आषाढ मसान्तमा खरीद र विक्रीदरको औसत, चालु वर्षको फाल्गुण मसान्तको खरीद र विक्रीदरको औसत ।

१.१८ घरजग्गा तथा भाडा (रियलस्टेट) र व्यावसायिक सेवा क्षेत्रको उत्पादन आर्थिक वर्ष २०६२/६३ मा १.०७ प्रतिशतको न्यूनदरले बढेकोमा यस वर्ष ८.६५ प्रतिशतको उच्च दरले बढ्ने अनुमान छ । व्यावसायिक सेवाहरूको कारोवारमा आएको सकारात्मक परिवर्तन तथा रियलस्टेटको कारोवारमा वृद्धि भएको कारण यस्तो उल्लेखनीय वृद्धिदर हासिल हुने अनुमान गरिएको हो । यसैगरी, सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रतर्फ गत वर्ष ६.८९ प्रतिशतको वृद्धिदर रहेकोमा यस वर्ष ३.६० प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ । केन्द्रीय सरकारको सार्वजनिक प्रशासन तथा रक्षामा गरिएको खर्चको आधारमा तयार गरिएको अनुमानअनुसार यस क्षेत्रमा उक्त वृद्धिदर हासिल हुने पुर्वानुमान छ ।

१.१९ शिक्षा क्षेत्रमा आर्थिक वर्ष २०६३/६४ मा ५.५९ प्रतिशतको वृद्धि हुने अनुमान छ । गत वर्ष यस क्षेत्रको उत्पादनमा २.६८ प्रतिशतले वृद्धि भएको थियो । सरकारी तथा गैरसरकारी क्षेत्रहरूबाट सञ्चालित शैक्षिक गतिविधिहरूमा भएको परिवर्तनको आधारमा यस क्षेत्रको वृद्धिदर ५.५९ प्रतिशत हुने अनुमान गरिएको हो । यसैगरी, स्वास्थ्य क्षेत्रतर्फ आर्थिक वर्ष २०६२/६३ मा ७.०४ प्रतिशतको वृद्धि हासिल भएकोमा यस वर्ष ५.१५ प्रतिशतले वृद्धि हुने अनुमान छ । निजी स्वास्थ्य सेवाको कारोवार बढेकोले उक्त वृद्धिदर हासिल हुने अपेक्षा गरिएको हो । अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा क्षेत्र यस वर्ष ४.९९ प्रतिशतले बढ्ने अनुमान छ । गत वर्ष यस क्षेत्रको उत्पादन ७.४७ प्रतिशतले बढेको थियो । सरकारी क्षेत्रबाट पूरा गरिने सामुदायिक सेवा लगायत विविध किसिमका सामाजिक तथा व्यावसायिक सेवाहरू यस अन्तर्गत समावेश गरिएको छ ।

१.२० कुल गार्हस्थ्य उत्पादनलाई तीनवटा प्रमुख समूह प्राथमिक क्षेत्र (कृषि तथा वन, मत्स्यपालन र खानी तथा उत्खनन्), द्वितीय क्षेत्र (औद्योगिक उत्पादन, विद्युत ग्याँस तथा पानी र निर्माण) र तृतीय क्षेत्र (बाँकी सेवागत क्षेत्रहरू) मा विभाजन गरी हेर्दा आर्थिक वर्ष २०६२/६३ मा प्राथमिक क्षेत्र (primary sector) को उत्पादन वृद्धिदर १.१९ प्रतिशत, द्वितीय क्षेत्र (secondary sector) को ४.१८ प्रतिशत र तृतीय क्षेत्र (tertiary sector) को ४.७२ प्रतिशत रहेकोमा चालू आर्थिक वर्षमा ती क्षेत्रहरूको उत्पादन वृद्धिदर क्रमशः ०.७२ प्रतिशत, २.०६ प्रतिशत र ४.०९ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा यी तीन क्षेत्रहरूको अंश गत वर्ष क्रमशः ३७.२ प्रतिशत, १६.४ प्रतिशत र ४६.४ प्रतिशत रहेकोमा यस वर्ष क्रमशः ३६.६ प्रतिशत, १६.३ प्रतिशत र ४७.१ प्रतिशत रही गत वर्षको तुलनामा सेवा क्षेत्रको अंश ०.७ प्रतिशतविन्दुले बढ्न जाने अनुमान छ ।

१.२१ केन्द्रीय तथ्याङ्क विभागका अनुसार प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) आर्थिक वर्ष २०६२/६३ मा ७.२८ प्रतिशतले वृद्धि भई रु. २४ हजार ९ सय ९६ रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा ८.८५ प्रतिशतले बढ्न गई रु. २७ हजार २ सय ९ पुग्ने अनुमान छ । प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा) आर्थिक वर्ष २०६२/६३ मा ०.७६ प्रतिशतले बढेकोमा यस वर्ष ०.५३ प्रतिशतले मात्र बढ्ने अनुमान छ । यस वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) अमेरिकी डलरमा ३ सय ८३ रहने अनुमान छ । गत वर्ष प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ३ सय ५० अमेरिकी डलर रहेको थियो ।

१.२२ यथार्थ मूल्यको कुल गार्हस्थ्य उत्पादनमा प्रमुख उत्पादन क्षेत्रहरुको अंश हेर्दा आर्थिक वर्ष २०६३/६४ मा कृषि क्षेत्रको ३६.१ प्रतिशत, थोक तथा खुद्रा व्यापारको १३.१ प्रतिशत,

यातायात, सञ्चार तथा गोदामको ८.७ प्रतिशत, घरजग्गा, भाडा तथा व्यावसायिक सेवाहरूको ७.५ प्रतिशत, उद्योगको ७.८ प्रतिशत, निर्माणको ६.१ प्रतिशत र शिक्षाको ५.९ प्रतिशत योगदान छ।

## उपभोग वचत तथा पुँजी निर्माण

१.२३ स्थिर मूल्यमा आर्थिक वर्ष २०६३/६४ मा कुल उपभोग गत वर्षको तुलनामा २.०० प्रतिशतले वृद्धि भई रु. ४ खर्व ८२ अर्व ३५ करोड पुग्ने अनुमान छ। गत वर्ष कुल उपभोग ५.८ प्रतिशतले वृद्धि भई रु. ४ खर्व ७२ अर्व ९७ करोड रहेको थियो । गत वर्ष कुल गार्हस्थ्य उत्पादनसँग कुल उपभोगको अनुपात ९२.८ प्रतिशत रहेकोमा यस वर्ष सो अनुपात ९२.३ प्रतिशत रहने अनुमान छ । कुल उपभोगमध्ये सरकारी र निजी क्षेत्र तर्फको उपभोगको अंश आर्थिक वर्ष २०६२/६३ मा क्रमशः १०.० प्रतिशत र ८८.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा सरकारी र निजी क्षेत्र तर्फको अंश क्रमशः ९.९ प्रतिशत र ८८.२ प्रतिशत रहने अनुमान छ । कुल उपभोगमध्ये निजी क्षेत्रको उपभोग आर्थिक वर्ष २०६२/६३ मा ६.४ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६३/६४ मा १.९ प्रतिशतले बढ्ने अनुमान छ । कुल उपभोगमध्ये सरकारी क्षेत्रको उपभोग गत वर्ष ०.८० प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६३/६४ मा ०.४६ प्रतिशतले बढ्ने अनुमान छ।




१.२४ गत वर्ष प्रचलित मूल्यमा कुल राष्ट्रिय खर्चयोग्य आयको वृद्धिदर १२.९ प्रतिशत रही रु. ७ खर्व ७७ अर्व ५७ करोड पुगेको तुलनामा यो वर्ष यस्तो वृद्धिदर १०.३ प्रतिशत रही रु. ८ खर्व ५७ अर्व ६२ करोड पुग्ने अनुमान छ।

१.२५ स्थिर मूल्यमा आर्थिक वर्ष २०६२/६३ मा कुल गार्हस्थ्य वचत २४.७ प्रतिशतको उच्चदरले घट्न गई रु. ३६ अर्व ९४ करोड रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा ९.१ प्रतिशतले वृद्धि भई रु. ४० अर्व ३२ करोड पुग्ने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य वचतको अनुपात आर्थिक वर्ष २०६२/६३ मा ७.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा ७.७ प्रतिशत रहने अनुमान छ।

१.२६ स्थिर मूल्यमा आर्थिक वर्ष २०६३/६४ मा कुल पुँजी निर्माण ६.१ प्रतिशतले घट्न गई रु. १ खर्व ६ अर्व ५२ करोड पुग्ने अनुमान छ। गत वर्ष कुल पुँजी निर्माण ०.८ प्रतिशतले घटी रु. १ खर्व १३ अर्व ४९ करोड रहेको थियो। उत्पादकको मूल्यको कुल गार्हस्थ्य उत्पादनसँग कुल पुँजी निर्माणको अनुपात गत आर्थिक वर्षमा २२.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा २०.४ प्रतिशत रहने अनुमान छ।

१.२७ राष्ट्रिय लेखाको तथ्याङ्कअनुसार स्थिर मूल्यमा आर्थिक वर्ष २०६२/६३ मा वस्तु तथा सेवाको आयात ६.४५ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६३/६४ मा ८.६४ प्रतिशतले घट्ने अनुमान रहेको छ। यसैगरी, गत वर्ष वस्तु तथा सेवाको निर्यात २.४० प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०६३/६४ मा ३.८२ प्रतिशतले घट्ने अनुमान रहेको छ। त्यस्तै, आर्थिक वर्ष २०६२/६३ मा वस्तु तथा सेवा निर्यातको खुद ऋणात्मक सन्तुलन १७.२ प्रतिशतले बढी रु. ७६ अर्व ५५ करोड रहेकोमा यस वर्ष १३.५ प्रतिशतले घटी रु. ६६ अर्व २० करोडले ऋणात्मक रहेको छ । आर्थिक वर्ष २०६२/६३ मा उत्पादकको मूल्यको कुल गार्हस्थ्य

उत्पादनसँग वस्तु तथा सेवा निर्यातको अनुपात १५.१८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा १४.२४ प्रतिशत रहने अनुमान छ । त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनसँग आयातको अनुपात आर्थिक वर्ष २०६२/६३ मा ३०.१९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा २६.९१ प्रतिशत रहने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनसँग वस्तु तथा सेवाको खुद निर्यातको अनुपात गत वर्ष -१५.० प्रतिशत रहेकोमा चालू वर्ष -१२.७ प्रतिशत रहेको छ । सोहीअनुसार आयात/निर्यात अनुपात भने आर्थिक वर्ष २०६२/६३ मा ५०.२८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा वृद्धि भई ५२.९३ प्रतिशत पुग्ने अनुमान छ ।

चुनौतीहरू

१.२८ अन्तर्राष्ट्रिय मुद्रा कोष (आई.एम.एफ) ले जनाएअनुसार विश्वको आर्थिक वृद्धिका लागि प्रमुख चुनौतीहरूमा संयुक्त राज्य अमेरिकाको आवास (housing) क्षेत्रमा आएको शिथिलता, वित्तीय बजारमा आउन सक्ने अस्थिरता, पेट्रोलियम पदार्थको मूल्यमा हुनसक्ने वृद्धिका कारण मुद्रास्फीतिमा पर्न सक्ने चाप र विश्व अर्थतन्त्रमा बढ्दो समष्टिगत आर्थिक असन्तुलन (imbalance) हरु प्रमुख रहेका छन् ।

१.२९ मुलुकको समग्र आर्थिक विकासको लागि कृषि क्षेत्रको उत्पादकत्व वृद्धि हुनु जरूरी छ । नेपालको कृषि प्रणाली बर्तमान अबस्थासम्म पनि परम्परागत तथा मनसुनमा आधारित रहेको छ । परम्परागत एवं निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकीकरण गरी व्यावसायिक कृषि प्रणालीमा रूपान्तरण गर्दा औद्योगिक विकासको आधारलाई समेत सहयोग पुग्न जान्छ । देशको प्रमुख चुनौतीको रूपमा रहेको गरिबीको समस्यालाई न्यूनीकरण गर्न यी दुवै क्षेत्रको विकास बान्छनीय छ । कृषियोग्य जमिनलाई वास्तविक किसानको पहूँचसम्म पुऱ्याउन भूमिको सन्तुलित वितरण, भूमिको उत्पादनशील उपयोग, स्थानीयस्तरको माग तथा आवश्यकताअनुरूपको लघु सिँचाइ आयोजनाहरूको सञ्चालन, कृषि कर्जाको सहज, सरल र सर्बसुलभ आपूर्ति तथा गुणस्तरीय कृषि सामग्रीको नियमित आपूर्ति कृषिको आधुनिकीकरणका लागि पूर्वशर्तहरू हुन । कृषिको लागि आवश्यक पूर्वाधार निर्माण तथा विकासमा निजी क्षेत्रको लगानीलाई आकर्षित गर्न सकिएमा व्यावसायिक कृषि प्रणालीको विकासमा योगदान पुग्न जाने देखिन्छ । साथै, निरन्तर कृषि अनुसन्धानको माध्यमबाट स्थान र मौसमअनुरूप बिशेष कृषि वालीको विकासमा जोड दिनु आवश्यक छ । सिँचाइ सुबिधाको अभावले कृषिमा आधुनिकीकरण गर्न वाधा पुगेको सन्दर्भमा साना सिँचाइ आयोजनाहरूलाई प्रोत्साहनको आवश्यकता छ । यही पृष्ठभूमिमा कृषि उत्पादनलाई बढाउनको लागि आवश्यक कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने चुनौती रहेको छ ।

१.३० देशमा विगतमा उत्पन्न असहज परिस्थिति, पटक पटक भइरहने बन्द, हड्ताल, चन्दा आतंक, लोडसेडिङ्ग, ट्रक व्यवसायीको कार्टेलिङ्ग, कच्चा पदार्थको नियमित आपूर्तिमा देखिएको समस्या, व्यबसायी र श्रमिकहरूबीच सिर्जना भइरहने असमझदारी, औद्योगिक सुरक्षाको अभाव आदिका कारण औद्योगिक तथा व्यावसायिक वातावरण सहज हुन नसक्दा औद्योगिक क्षेत्रको उत्पादनमा नकारात्मक असर परेको छ । परिणामस्वरूप, औद्योगिक क्षेत्रमा निजी क्षेत्रको लगानी प्रोत्साहित हुने वातावरणको अभाव भएको तथा विद्यमान लगानीकर्ताहरू समेत निराश र हतोत्साही बन्दै गइरहेको देखिएको छ । यसबाट पुँजी पलायनको खतरासमेत बढ्ने स्थिति रहन्छ । अतः औद्योगिक क्षेत्रमा देखा परेको यस बिषम परिस्थितिलाई राजनीतिक, प्रशासनिक, नीतिगत एवं प्रक्रियागत सुधारको माध्यमबाट सम्बोधन गरी औद्योगिक क्षेत्रमा देखिएका समस्याहरू हल गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

१.३१ नेपाल विश्वका विभिन्न पर्यटकीय गन्तव्य स्थलहरू मध्ये एक प्रमुख गन्तव्य स्थलको रूपमा रहेको छ। नेपालमा पर्यटन उद्योगको विकासका पर्याप्त सम्भावनाहरू रहेका छन्। देशमा पर्यटन उद्योगको विकासको माध्यमबाट विदेशी मुद्रा आर्जन बढ्ने, रोजगारीका अवसरहरू सिर्जना हुने, घरेलु तथा हस्तकलाका उद्योगहरूको विस्तार र प्रवर्द्धनमा मद्दत पुग्ने, स्थानीय तहमा उत्पादन तथा आयस्तर बढ्ने, देशको प्रचार प्रसार हुने, चेतना स्तरमा विस्तार हुने, नेपाली कला तथा संस्कृतिको प्रवर्द्धन हुने, सरकारी राजस्वमा वृद्धि हुने, जनताको जीवनस्तरमा सुधार हुने र क्षेत्रीय असन्तुलन घटाउन मद्दत पुग्ने जस्ता महत्वपूर्ण फाइदाहरू प्राप्त गर्न सकिने देखिन्छ। अर्थतन्त्रका विविध पक्षमा यसरी योगदान पुऱ्याउने सम्भावनायुक्त पर्यटन क्षेत्रको विकास तथा विस्तारको लागि आवश्यक कदम चाल्नु पर्ने चुनौती विद्यमान छ।

१.३२ लामो समयदेखि कायम रहेको आन्तरिक द्वन्द्वको अन्त्य भई मुलुक स्थायी शान्तितर्फ अग्रसर रहेको परिप्रेक्ष्यमा बिगतमा शान्ति सुरक्षाको अभावको कारण कार्यान्वयन गर्न नसकिएका विभिन्न विकास आयोजनाहरूको कार्यान्वयन अगाडि बढाउने तथा विगतमा ध्वस्त भएका आयोजनाहरुको पुनर्निर्माण गर्ने कार्य महत्वपूर्ण बनेको छ । साथै, सडक, पुल, खानेपानी, विद्युत, सिँचाइ सम्बन्धी आयोजनाहरुको प्रभावकारी कार्यान्वयनमा बिशेष जोड दिने र द्वन्द्वका कारण बिगतमा अबरूद्ध बन्न पुगेको विकासको क्रमलाई तीब्रताकासाथ सहज बनाउनुपर्ने कार्य पनि अपरिहार्य बन्न पुगेको छ।

१.३३ गरिबी निवारण राष्ट्रिय प्राथमिकता एवं चुनौतीको विषय रहेको छ । देशका विभिन्न ठाउँहरुमा स्थानीय श्रोत साधनबाट सञ्चालन भइरहेका तर बदलिंदो अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक वातावरणमा आफ्नो स्थितिलाई सुदृढ बनाउन नसकेका कतिपय घरेलु तथा हस्तकलाजन्य उद्योगहरूको कमजोर अवस्था एकातर्फ रहेको छ भने अर्कोतर्फ ग्रामीण कृषिको अबस्था पनि दयनीय छ। स्थानीयस्तरमा नै सिर्जना गर्न सकिने स्वरोजगारीका अवसरहरू यसबाट न्यून हुन पुगी गरिबी निवारणको राष्ट्रिय उद्देश्य प्राप्त गर्न समेत ठूलो चुनौती बन्न पुगेको छ । अतः यस्तो परिस्थितिलाई दृष्टिगत गरी स्थानीयस्तरका घरेलु उद्योग तथा कृषि व्यवसायलाई सशक्तीकरण गरी ग्रामीण क्षेत्रमा स्वरोजगारका अवसरहरूको सिर्जना गर्नको लागि गरिबी निवारणको आधार ग्रामीण स्वरोजगार, ग्रामीणस्तरको उत्थानका लागि आधुनिक कृषि प्रणाली जस्ता उपयुक्त कार्यक्रमहरूको तर्जुमा एवं सञ्चालन गरी गरिबी निवारणतर्फ सशक्त पहल गर्नु आजको चुनौती रहेको छ।

# २. सार्वजनिक वित्त

## वित्तीय स्वरूप तथा बजेट

२.१ सरकारी खर्चको प्रमुख स्रोत राजस्व परिचालन हो । वित्तीय सन्तुलनको लागि खर्च र राजस्व बीचको अन्तर न्यून हुनु पर्दछ । नेपालमा सरकारी खर्च वृद्धिको अनुपातमा राजस्व वृद्धि हुन नसकेकोले खर्च र राजस्व बीचको अन्तर बढी देखिन्छ । कुल गार्हस्थ्य उत्पादनसँग सरकारी खर्चको अनुपात आर्थिक वर्ष २०६१/६२ मा १७.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा १७.२ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६२/६३ मा कुल गार्हस्थ्य उत्पादनसँग राजस्व परिचालनको अनुपात ११.२ प्रतिशत रहेको छ जुन आर्थिक वर्ष २०६१/६२ को ११.९ प्रतिशतको तुलनामा ०.७ प्रतिशतविन्दुले कम छ । यसरी, कुल गार्हस्थ्य उत्पादनसँग कुल खर्च र राजस्व परिचालनको अनुपात आर्थिक वर्ष २०६१/६२ को तुलनामा आर्थिक वर्ष २०६२/६३ मा कमी आएता पनि आर्थिक वर्ष २०६२/६३ मा कुल खर्चको तुलनामा राजस्वको अनुपात बढी घट्न गएकोले कुल खर्च र राजस्व परिचालनबीचको अन्तर आर्थिक वर्ष २०६१/६२ को ५.५ प्रतिशतबाट आर्थिक वर्ष २०६२/६३ मा ०.५ प्रतिशतविन्दुले वृद्धि भई ६.० प्रतिशत पुगेको छ ।

**तालिका २ (क) : कुल गार्हस्थ्य उत्पादनसँग सरकारी खर्च र राजस्वको अनुपात**
(कुल गार्हस्थ्य उत्पादन प्रचलित उत्पादक मूल्यमा)

(प्रतिशत)

| आर्थिक वर्ष | सरकारी खर्च | | | | राजस्व परिचालन | खर्च र राजस्व बीचको अन्तर |
|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूंजीगत खर्च | सांवा भुक्तानी खर्च | कुल | | |
| २०५७/५८ | १०.४ | ६.४ | १.३ | १८.१ | ११.१ | ७.० |
| २०५८/५९ | १०.६ | ५.४ | १.४ | १७.४ | १०.९ | ६.५ |
| २०५९/६० | १०.६ | ४.५ | १.९ | १७.० | ११.४ | ५.६ |
| २०६०/६१ | १०.३ | ४.३ | २.० | १७.६ | ११.६ | ६.० |
| २०६१/६२ | १०.५ | ४.६ | २.५ | १७.४ | ११.९ | ५.५ |
| २०६२/६३ | १०.६ | ४.६ | २.२ | १७.२ | ११.२ | ६.० |

*स्रोत: महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग*

२.२ पुँजीगत तथा साँवा भुक्तानी खर्च व्यहोर्ने स्रोतहरू मध्ये राजस्व वचत दिगो स्रोत मानिन्छ । आर्थिक वर्ष २०६२/६३ मा कुल खर्चको अनुपातमा कुल राजस्वको वृद्धि कम भएकोले पुँजीगत तथा साँवा भुक्तानी खर्च/राजस्व वचत अनुपात आर्थिक वर्ष २०६१/६२ को २०.६ प्रतिशतबाट आर्थिक वर्ष २०६२/६३ मा ८.६ प्रतिशतविन्दुले कमी आई १२.० प्रतिशत रहेको छ । पुँजीगत तथा साँवा भुक्तानी खर्च व्यहोर्ने प्रमुख स्रोतको रुपमा रहेको वैदेशिक अनुदानको अंश आर्थिक वर्ष २०६१/६२ को तुलनामा ३.७ प्रतिशतविन्दुले कमी आई आर्थिक वर्ष २०६२/६३ मा ३१.५ प्रतिशत रहेको छ । साथै, आर्थिक वर्ष २०६२/६३ मा न्यून वित्त परिचालनको यस्तो अनुपात आर्थिक वर्ष २०६१/६२ को तुलनामा १२.३ प्रतिशतविन्दुले वृद्धि भई ५६.५ प्रतिशत पुगेको छ ।

२.३ आर्थिक वर्ष २०६२/६३ मा पुँजीगत तथा साँवा भुक्तानी खर्च व्यहोर्ने स्रोतहरू मध्ये राजस्व वचतको अंश १२.० प्रतिशत, वैदेशिक अनुदानको अंश ३१.५ प्रतिशत र न्यून वित्त परिचालनको अंश ५६.५ प्रतिशत रहेको छ। राजस्व वचत र वैदेशिक अनुदानको अंश आर्थिक वर्ष २०६१/६२ को तुलनामा आर्थिक वर्ष २०६२/६३ मा क्रमशः ८.६ प्रतिशत र ३.७ प्रतिशतविन्दुले कमी आई सोहीअनुसार न्यून वित्त परिचालनको अंश १२.३ प्रतिशतविन्दुले वृद्धि भई ५६.५ प्रतिशत पुगेको छ।




**तालिका २ (ख) : पुँजीगत तथा साँवा भुक्तानी खर्च र सोको पूर्ति गर्ने स्रोतहरू**

| शीर्षक | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ |
|---|---|---|---|---|---|---|
| कुल पुँजीगत तथा साँवा भुक्तानी खर्च (रु. करोडमा) | ३३९९.७८ | ३१२०.८३ | ३१९१.५६ | ३३८९.०५ | ४०८७.४० | ४३८७.१४ |
| क . पुँजीगत खर्च | २८३०.७२ | २४७७.३४ | २२३५.६१ | २३०९.५६ | २७३४.०७ | २९६०.६६ |
| ख . साँवा भुक्तानी खर्च | ५६९.०६ | ६४३.४९ | ९५५.९५ | १०७९.४९ | १३५३.३३ | १४२६.४८ |
| खर्च व्यहोर्ने स्रोतहरू (प्रतिशतमा) | | | | | | |
| क . राजस्व बचत | ९.० | ५.१ | १३.० | २०.० | २०.६ | १२.० |
| ख . वैदेशिक अनुदान | १९.९ | २१.४ | ३५.५ | ३३.३ | ३५.२ | ३१.५ |
| ग . न्यून वित्त परिचालन | ७१.१ | ७३.५ | ५१.५ | ४६.७ | ४४.२ | ५६.५ |
| अ. वैदेशिक ऋण | (३५.४) | (२४.७) | (१४.३) | (२२.५) | (२२.७) | (१८.८) |
| आ. आन्तरिक ऋण | (२०.६) | (२५.६) | (२७.८) | (१६.५) | (२१.९) | (२६.९) |
| इ. मौज्दात परिवर्तन | (१५.१) | (२३.२) | (९.४) | (७.७) | (-०.४) | (१०.८) |

*स्रोत: महालेखा नियन्त्रक कार्यालय*

## सरकारी वित्त

२.४ कुल सरकारी खर्चको बढ्दो प्रवृत्ति आर्थिक वर्ष २०६२/६३ मा पनि कायमै रहेको देखिन्छ। आर्थिक वर्ष २०६१/६२ मा अघिल्लो आर्थिक वर्षको तुलनामा कुल सरकारी खर्च १४.७ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६२/६३ मा ८.१२ प्रतिशतले वृद्धि भएको छ। सरकारी खर्चको वर्गीकरणअनुसार चालू खर्च आर्थिक वर्ष २०६१/६२ मा ११.० प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६२/६३ मा ८.६४ प्रतिशतले वृद्धि भएको छ। पुँजीगत खर्च आर्थिक वर्ष २०६१/६२ मा १८.४ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६२/६३ मा ८.२८ प्रतिशतले वृद्धि भएको छ। साँवा भुक्तानी खर्च आर्थिक वर्ष २०६१/६२ मा २५.४ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६२/६३ मा सो खर्च ५.४ प्रतिशतले वृद्धि भएको छ।

चार्ट २ (क) : सरकारी खर्च र राजस्वको वृद्धिदर




| | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ |
|---|---|---|---|---|---|---|---|
| खर्च | ११.२३ | २०.४६ | ०.३० | ४.९१ | ६.४७ | १४.६७ | ८.१२ |
| राजस्व | १५.१५ | १३.९९ | ३.१७ | ११.४७ | १०.८५ | १२.५० | ३.०८ |

२.५ आर्थिक वर्ष २०६१/६२ मा भएको कुल सरकारी खर्च रु. १०२ अर्व ५६ करोड ४ लाखमध्ये राजस्व परिचालनबाट ६८.४ प्रतिशत, वैदेशिक अनुदानवाट १४.० प्रतिशत, वैदेशिक ऋणवाट ९.० प्रतिशत र आन्तरिक ऋणवाट ८.७ प्रतिशत ब्यहोरिएको थियो । आर्थिक वर्ष २०६२/६३ मा कुल सरकारी खर्च रु. ११० अर्व ८८ करोड ९२ लाख भएको देखिन्छ । उक्त खर्च परिपूर्ति गर्ने स्रोतहरूमा राजस्व परिचालनवाट ६५.२ प्रतिशत, वैदेशिक अनुदानवाट १२.५ प्रतिशत, वैदेशिक ऋणवाट ७.४ प्रतिशत, आन्तरिक ऋणबाट १०.७ प्रतिशत र मौज्दात परिवर्तनवाट ४.३ प्रतिशत रहेको देखिन्छ । आर्थिक वर्ष २०६१/६२ को तुलनामा आर्थिक वर्ष २०६२/६३ मा सरकारी खर्च ब्यहोर्ने स्रोतहरू मध्ये आन्तरिक ऋण ३२.४ प्रतिशतले वृद्धि भएको कारण मौज्दात परिवर्तन तर्फ रु. ४ अर्व ७३ करोड ११ लाखले न्यून भएको देखिन्छ ।




## चालू खर्च

२.६ आर्थिक वर्ष २०६२/६३ मा आर्थिक वर्ष २०६१/६२ को तुलनामा कुल चालू खर्च ८.६४ प्रतिशतले वृद्धि भई रु. ६७ अर्व १ करोड ७८ लाख पुगेको छ। आर्थिक वर्ष २०६१/६२ मा कुल चालू खर्च रु. ६१ अर्व ६८ करोड ६४ लाख रहेको थियो। कुल चालू खर्चमध्ये आर्थिक वर्ष २०६२/६३ मा संवैधानिक अंगहरूको खर्चको अंश १.५० प्रतिशत, साधारण प्रशासनको अंश १३.८३ प्रतिशत, राजस्व तथा आर्थिक प्रशासनको अंश ०.९१ प्रतिशत, आर्थिक प्रशासन र योजनाको अंश ०.४९ प्रतिशत, न्याय प्रशासनको अंश ०.८४ प्रतिशत तथा वैदेशिक सेवाको अंश १.२३ प्रतिशत रहेको छ भने रक्षा तर्फको खर्चको अंश १४.४८ प्रतिशत, सामाजिक सेवाको अंश ३७.८७ प्रतिशत, आर्थिक सेवाहरूको अंश ११.२३ प्रतिशत, साँवा व्याज भुक्तानीको अंश ९.१९ प्रतिशत र विविध खर्चको अंश ८.४१ प्रतिशत रहेको छ।

२.७ आर्थिक वर्ष २०६२/६३ मा कुल चालू खर्चमध्ये सबैभन्दा बढी खर्च (रु. २५ अर्व ३८ करोड २६ लाख) शिक्षा, स्वास्थ्य, खानेपानी, स्थानीय विकास र अन्य सामाजिक सेवामा भएको छ। यसैगरी, अन्य प्रमुख चालू खर्चहरूमध्ये साधारण प्रशासनमा रु. ९ अर्व २६ करोड ९५ लाख खर्च भएको छ भने रक्षातर्फ रु. ९ अर्व ७० करोड ६० लाख र आर्थिक सेवाहरूमा रु. ७

अर्ब ५२ करोड ९७ लाख खर्च भएको छ । सो आर्थिक वर्षमा साँवाको ब्याज भुक्तानीतर्फ रु. ६ अर्ब १५ करोड ८७ लाख खर्च भएको छ ।

२.८ आर्थिक वर्ष २०६१/६२ को चालू खर्चमध्ये केही प्रमुख खर्चहरूको विश्लेषण गर्दा आर्थिक वर्ष २०६२/६३ मा सामाजिक सेवातर्फ ९.३७ प्रतिशतले खर्च वृद्धि भएको देखिन्छ भने रक्षातर्फ १३.१२ प्रतिशतले, साधारण प्रशासनतर्फ १२.६८ प्रतिशतले, न्याय प्रशासनतर्फ ११.६१ प्रतिशतले, वैदेशिक सेवातर्फ ४.० प्रतिशतले, आर्थिक सेवातर्फ ५.०५ प्रतिशतले, राजस्व तथा आर्थिक प्रशासनतर्फ १२.७६ प्रतिशतले, आर्थिक प्रशासन र योजनातर्फ ०.६४ प्रतिशतले, संवैधानिक अंगतर्फ २३.१ प्रतिशतले र विविध खर्चतर्फ ६.३५ प्रतिशतले वृद्धि भएको देखिन्छ । अर्कोतर्फ, अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६२/६३ मा व्याज भुक्तानीतर्फको खर्च भने ०.९५ प्रतिशतले घटेको देखिएको छ ।

## पुँजीगत खर्च

२.९ आर्थिक वर्ष २०६२/६३ मा अघिल्लो आर्थिक वर्षको तुलनामा पुँजीगत खर्च ८.२८ प्रतिशतले वृद्धि भई कुल रु. २९ अर्ब ६० करोड ६८ लाख खर्च भएको छ । आर्थिक वर्ष २०६१/६२ मा कुल पुँजीगत खर्च रु. २७ अर्ब ३४ करोड ७ लाख थियो । आर्थिक वर्ष २०६२/६३ मा कुल पुँजीगत खर्च अन्तर्गतका प्रमुख खर्चहरू मध्ये आर्थिक सेवामा रु. १४ अर्ब ७९ करोड ७२ लाख, सामाजिक सेवामा रु. १० अर्ब १५ करोड १७ लाख र रक्षातर्फ रु. १ अर्ब ६० करोड ६२ लाख खर्च भएको छ । यस्तै, साधारण प्रशासनतर्फ रु. १ अर्ब १८ करोड १७ लाख, न्याय प्रशासनतर्फ रु. १७ करोड १५ लाख र विविधतर्फ रु. ८८ लाख खर्च भएको छ । कुल पुँजीगत खर्चको अंशमा आर्थिक सेवा ५०.०० प्रतिशत, सामाजिक सेवा ३४.३० प्रतिशत, रक्षा ५.४२ प्रतिशत, साधारण प्रशासन ४.०० प्रतिशत, न्याय प्रशासन ०.५८ प्रतिशत र विविध ०.०३ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६१/६२ मा भएको पुँजीगत खर्चसँग तुलना गर्दा आर्थिक वर्ष २०६२/६३ मा सामाजिक सेवातर्फ २७.८४ प्रतिशतले वृद्धि, आर्थिक सेवातर्फ ३.८८ प्रतिशतले घटी, रक्षातर्फ ३३.४२ प्रतिशतले घटी र साधारण प्रशासनतर्फ ३३.७३ प्रतिशतले वृद्धि भएको देखिन्छ । त्यस्तै, राजस्व तथा आर्थिक प्रशासनतर्फको खर्च ४५६.३८ प्रतिशतले तथा न्याय प्रशासनतर्फको खर्च २१.३७ प्रतिशतले बढेको छ भने आर्थिक प्रशासन र योजनातर्फको खर्च १६.११ प्रतिशतले घटेको छ ।

## साँवा भुक्तानी खर्च

२.१० साँवा भुक्तानी खर्च समग्रमा बढ्दो प्रवृत्तिमा नै रहेको देखिन्छ । आर्थिक वर्ष २०६२/६३ मा साँवा भुक्तानी खर्च रु. १४ अर्ब २६ करोड ४८ लाख पुगेको छ । साँवा भुक्तानी खर्च आर्थिक वर्ष २०६०/६१ मा रु. १० अर्ब ७९ करोड ४९ लाख र आर्थिक वर्ष २०६१/६२ मा रु. १३ अर्ब ५३ करोड ३३ लाख थियो । अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६२/६३ मा साँवा भुक्तानी खर्च ५.४ प्रतिशतले वृद्धि भएको छ ।

२.११ आर्थिक वर्ष २०६२/६३ मा कुल साँवा भुक्तानी खर्चमध्ये आन्तरिक ऋणको साँवा भुक्तानी खर्चको अंश ५१.०१ प्रतिशत र बाह्य ऋणको साँवा भुक्तानी खर्चको अंश ४८.९८ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६२/६३ मा आन्तरिक ऋणको साँवा भुक्तानी खर्च ४.० प्रतिशतले घटेको छ भने बाह्य ऋणको साँवा भुक्तानी खर्च १७.३७ प्रतिशतले बढेको छ ।

## आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनासम्मको खर्चको स्थिति

२.१२ कुल निकासा र चालू कोषको आधारमा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा कुल खर्च १.५३ प्रतिशतले वृद्धि भई रु. ६९ अर्व ६३ करोड ७ लाख पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा रु. ६८ अर्व ५७ करोड ९१ लाख खर्च भएको थियो । कुल खर्चमध्ये आर्थिक वर्ष २०६३/६४ को समीक्षा अवधिमा चालू खर्चतर्फ रु. ४८ अर्व ६० करोड ९४ लाख, पुँजीगत खर्चतर्फ रु. १५ अर्व २० करोड १० लाख र साँवा भुक्तानीतर्फ रु. ५ अर्व ८२ करोड १३ लाख खर्च भएको देखिन्छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा चालू खर्चतर्फ रु. ४८ अर्व ४ करोड ११ लाख, पुँजीगत खर्चतर्फ रु. १३ अर्व ४४ करोड ७७ लाख र साँवा भुक्तानीतर्फ रु. ७ अर्व ९ करोड ३ लाख खर्च भएको थियो । यसरी, आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा चालू खर्च १.१८ प्रतिशतले र पुँजीगत खर्च १३.०४ प्रतिशतले वृद्धि भएको छ भने साँवा भुक्तानी खर्चमा १७.९० प्रतिशतले कमी आएको छ ।

## वित्तीय स्रोत

२.१३ राजस्व परिचालन, वैदेशिक अनुदान तथा ऋण, आन्तरिक ऋणको साथै नगद मौज्दात परिवर्तनलाई सरकारी खर्च जुटाउने वित्तीय संयन्त्रको रूपमा उपयोग गरिंदै आएको छ ।

## राजस्व

२.१४ सरकारी खर्च जुटाउने प्रमुख स्रोत राजस्व आर्थिक वर्ष २०६२/६३ मा आर्थिक वर्ष २०६१/६२ को तुलनामा ३.०८ प्रतिशतले वृद्धि भई रु ७२ अर्व २८ करोड २१ लाख पुगेको छ । आर्थिक वर्ष २०६१/६२ मा अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलन १२.५० प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०६१/६२ मा कुल सरकारी खर्चको ६८.३७ प्रतिशत राजस्व परिचालनवाट ब्यहोरिएको थियो भने आर्थिक वर्ष २०६२/६३ मा सो खर्चको ६५.१८ प्रतिशत राजस्व परिचालनवाट ब्यहोरिएको देखिन्छ । आर्थिक वर्ष २०६०/६१ मा राजस्व परिचालनबाट कुल सरकारी खर्चको ६९.६९ प्रतिशत खर्च ब्यहोरिएको थियो ।

२.१५ कुल राजस्वमध्ये आर्थिक वर्ष २०६२/६३ मा कर राजस्वको अंश ७९.४५ प्रतिशत रहेको छ भने गैर-कर राजस्वको अंश २०.५५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६१/६२ मा कुल राजस्वमा कर राजस्व र गैर-कर राजस्वको अंश क्रमश ७७.१६ प्रतिशत र २२.८४ प्रतिशत रहेको थियो ।

२.१६ आर्थिक वर्ष २०६२/६३ मा अघिल्लो आर्थिक वर्षको तुलनामा कर राजस्व ६.१७ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६१/६२ मा अघिल्लो आर्थिक वर्षको तुलनामा कर राजस्व १२.३१ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०६२/६३ मा कुल कर राजस्वमध्ये भंसार महसुलको अंश २६.७२ प्रतिशत रहेको छ भने वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने करको अंश ४८.९६ प्रतिशत रहेको छ । मालपोत तथा रजिष्ट्रेशनको अंश ३.८० प्रतिशत र आय, नाफा र सम्पत्ति करको अंश २०.५२ प्रतिशत रहेको देखिन्छ ।

२.१७ कर राजस्वतर्फ आर्थिक वर्ष २०६२/६३ मा आर्थिक वर्ष २०६१/६२ को तुलनामा भन्सार महसुल २.२८ प्रतिशतले घटेको छ भने वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर ११.०० प्रतिशतले वृद्धि भएको छ । आय, नाफा र सम्पत्ति कर ४.५६ प्रतिशतले र

मालपोत तथा रजिष्ट्रेशन दस्तुर २१.२२ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६२/६३ मा भंसार महसुल अन्तर्गत पैठारी महसुल ४.५० प्रतिशतले र निकासी महसुल १०.३६ प्रतिशतले घटी भएको देखिन्छ भने भारतीय अन्तःशुल्क फिर्ता ५.७६ प्रतिशतले वृद्धि भएको देखिन्छ। वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर अन्तर्गत अन्तःशुल्क ०.९५ प्रतिशतले र मूल्य अभिवृद्धि कर १४.४३ प्रतिशतले वृद्धि भएको देखिन्छ।

२.१८ गैर-कर राजस्व आर्थिक वर्ष २०६२/६३ मा आर्थिक वर्ष २०६१/६२ को तुलनामा ७.२८ प्रतिशतले घटी भई रु. १४ अर्व ८५ करोड १६ लाख पुगेको छ। कुल गैर-कर राजस्वमध्ये आर्थिक वर्ष २०६२/६३ मा दस्तुर, दण्ड, जरिवाना र जफतको अंश १२.९८ प्रतिशत, सरकारी सेवा तथा वस्तुको विक्रीवाट प्राप्त आयको अंश २६.४८ प्रतिशत, लाभांशको अंश २२.८६ प्रतिशत, रोयल्टी तथा सरकारी सम्पत्ति बिक्रीको अंश ८.०६ प्रतिशत, साँवा र ब्याजको अंश २१.८९ प्रतिशत र विविध गैर-कर राजस्वको अंश ७.७३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६२/६३ मा गैर-कर राजस्व अन्तर्गत फर्म रजिष्ट्रेशन दस्तुर २२.९१ प्रतिशतले तथा प्रशासनिक दस्तुर, दण्ड, जरिवाना र जफत २३.११ प्रतिशतले वृद्धि भएको छ। सेवामूलक संस्थातर्फको लाभांश ३७.२५ प्रतिशतले घटी भएको छ भने अन्य सरकारी क्षेत्रको आयमा ८.५६ प्रतिशतले वृद्धि भएको देखिन्छ। अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६२/६३ मा गैर-कर राजस्व अन्तर्गत कम्पनी र संस्थानहरूबाट प्राप्त हुने साँवा २१.९७ प्रतिशतले र ब्याज १९.२६ प्रतिशतले वृद्धि भएको देखिन्छ।

## आर्थिक वर्ष २०६३/६४ को बैशाख महिनासम्मको राजस्वको स्थिति

२.१९ आर्थिक वर्ष २०६३/६४ को बैशाख महिनासम्ममा कुल राजस्व रु. ६३ अर्व ७१ करोड ४२ लाख सङ्कलन भएको देखिन्छ। आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा कुल राजस्व ५२ अर्व २ करोड ३८ लाख सङ्कलन भएको थियो। यसरी, आर्थिक वर्ष २०६३/६४ को बैशाख महिनासम्मको राजस्व असुली आर्थिक वर्ष २०६२/६३ को सोही अवधिको तुलनामा २२.४७ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६३/६४ को यसै अवधिमा कुल राजस्वमध्ये रु. ५३ अर्व ६७ करोड ५२ लाख कर राजस्व र रु. १० अर्व ३ करोड ९० लाख गैर-कर राजस्व सङ्कलन भएको छ। अघिल्लो आर्थिक वर्षको समीक्षा अवधिको तुलनामा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा कर राजस्व २८.०९ प्रतिशतले वृद्धि भएको छ भने गैर-कर राजस्व ०.७९ प्रतिशतले कम सङ्कलन भएको देखिन्छ।

२.२० भंसारतर्फ आर्थिक वर्ष २०६३/६४ को वैशाख महिनासम्मको अवधिमा रु. १३ अर्व २९ करोड ४१ लाख असुली भई गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.१५ प्रतिशतले वृद्धि भएको देखिन्छ। यस अवधिमा वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर रु. २० अर्व ५५ करोड ४८ लाख असुली भई अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३०.३५ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा भंसारतर्फको पैठारी महसुल १४.१८ प्रतिशतले, निकासी महसुल १३.५० प्रतिशतले र भारतीय अन्तःशुल्क फिर्ता २२.२६ प्रतिशतले वृद्धि भएको देखिन्छ। यसरी नै रजिष्ट्रेशन दस्तुर ०.३१ प्रतिशतले, आयकर ४५.०६ प्रतिशतले, घरजग्गा वहाल कर १७.४९ प्रतिशतले र सवारी साधन कर ६.३२ प्रतिशतले बढी असुली भएको देखिन्छ।

## वैदेशिक सहायता

२.२१ आर्थिक वर्ष २०६१/६२ मा आर्थिक वर्ष २०६०/६१ को तुलनामा स्वीकृत वैदेशिक सहायतामा वृद्धि भएको देखिन्छ। तर आर्थिक वर्ष २०६२/६३ मा आर्थिक वर्ष २०६१/६२

को तुलनामा स्वीकृत वैदेशिक सहायतामा ४५.१५ प्रतिशतले घटी भएको देखिन्छ। आर्थिक वर्ष २०६१/६२ मा रु. ३८ अर्व १५ करोड २३ लाख रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा कुल स्वीकृत वैदेशिक सहायता ४५.१६ प्रतिशतले घटी भई रु. २० अर्व ९२ करोड ४२ लाख पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को कुल स्वीकृत वैदेशिक सहायतामध्ये द्विपक्षीय सहायता अन्तर्गत रु. १४ अर्व ७५ करोड ५४ लाख र बहुपक्षीय सहायता अन्तर्गत रु. ६ अर्व १६ करोड ८८ लाख रहेको छ । स्वीकृत वैदेशिक सहायतालाई ऋण र अनुदान सहायतामा वर्गीकरण गरी विश्लेषण गर्दा आर्थिक वर्ष २०६२/६३ मा वैदेशिक अनुदान सहायतातर्फ रु. १८ अर्व २६ करोड ४३ लाख र वैदेशिक ऋण सहायतातर्फ रु. २ अर्व ६५ करोड ९९ लाख रहेको देखिन्छ । आर्थिक वर्ष २०६२/६३ मा अघिल्लो आर्थिक वर्षको तुलनामा स्वीकृत वैदेशिक सहायतामध्ये वैदेशिक अनुदान सहायतातर्फ २८.०७ प्रतिशतले र वैदेशिक ऋण सहायतातर्फ ७९.१६ प्रतिशतले गरी दुवै घट्न गएको छ ।

२.२२ स्वीकृत वैदेशिक सहायता रकमलाई क्षेत्रअनुसार वर्गीकरण गरी विश्लेषण गर्दा आर्थिक वर्ष २०६२/६३ मा कुल स्वीकृत वैदेशिक सहायतामध्ये कृषि, सिँचाइ र वन क्षेत्रको अंश १५.२७ प्रतिशत, विद्युतको अंश ५.८८ प्रतिशत, ग्रामीण विकास क्षेत्रको अंश १८.८२ प्रतिशत, पिउने पानी तथा ढल निकास क्षेत्रको अंश ३.३० प्रतिशत, शिक्षा क्षेत्रको अंश १.७८ प्रतिशत, स्वास्थ्य क्षेत्रको अंश ५.८३ प्रतिशत र अन्य क्षेत्रको अंश ४९.१२ प्रतिशत रहेको देखिन्छ ।

## अनुदान तथा ऋण

२.२३ आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा कुल स्वीकृत वैदेशिक सहायता रु. २५ अर्व ७३ करोड ७५ लाख रहन गई अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ६१.२० प्रतिशतले बढेको छ । कुल स्वीकृत वैदेशिक सहायतामध्ये समीक्षा अवधिमा वैदेशिक अनुदान सहायतातर्फ रु. १९ अर्व ५७ करोड ४८ लाख (७६.०५ प्रतिशत) र वैदेशिक ऋण सहायतातर्फ रु. ६ अर्व १६ करोड २७ लाख (२३.९५ प्रतिशत) रहेको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनाको अवधिमा कुल स्वीकृत वैदेशिक सहायता रु. १५ अर्व ९६ करोड ६२ लाखमध्ये अनुदान सहायतातर्फ रु. १४ अर्व ४ करोड ८ लाख र ऋण सहायतातर्फ रु. १ अर्व ९२ करोड ५४ लाख रहेको थियो । यसरी कुल स्वीकृत वैदेशिक सहायतामध्ये अनुदान सहायताको अंश ८७.९४ प्रतिशत र ऋण सहायताको अंश १२.०६ प्रतिशत रहेको थियो ।

## प्रतिबद्धता तथा उपयोग

२.२४ आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा कुल स्वीकृत वैदेशिक सहायतामध्ये द्विपक्षीय सहायताको अंश ४०.१९ प्रतिशत र बहुपक्षीय सहायताको अंश ५९.८१ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६२/६३ को सोही समीक्षा अवधिमा स्वीकृत द्विपक्षीय सहायता र बहुपक्षीय सहायताको अंश क्रमशः ६५.९६ प्रतिशत र ३४.०४ प्रतिशत रहेको थियो । स्वीकृत वैदेशिक सहायता रकमको क्षेत्रअनुसार विश्लेषण गर्दा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा स्वास्थ्य क्षेत्रमा रु. २ अर्व ५४ करोड ७८ लाख (९.८९ प्रतिशत), शिक्षा क्षेत्रमा रु. २ अर्व ३१ करोड ९४ लाख (९.०१ प्रतिशत), ग्रामीण विकास क्षेत्रमा रु. १ अर्व ७६ करोड ८४ लाख (६.८७ प्रतिशत), विद्युत् क्षेत्रमा रु. २३ करोड १० लाख (०.८९ प्रतिशत), कृषि, सिँचाइ र वन क्षेत्रमा रु. १ अर्व ४५ करोड ८ लाख (५.७५ प्रतिशत), यातायात तथा सञ्चार क्षेत्रमा रु. ५ अर्व २० करोड ९६ लाख (२०.२४ प्रतिशत) र अन्य

क्षेत्रहरूमा रु. १२ अर्व २१ करोड ५ लाख (४७.४४ प्रतिशत) को प्रतिबद्धता व्यक्त भएको छ ।

**चार्ट २ (ख) : स्वीकृत वैदेशिक सहायता र उपयोग**




२.२५ वैदेशिक सहायताको उपयोग आर्थिक वर्ष २०६१/६२ को तुलनामा आर्थिक वर्ष २०६२/६३ मा ६.८३ प्रतिशतले घटी भई रु. २२ अर्व ४ करोड १८ लाख पुगेको छ । यस आर्थिक वर्षमा कुल वैदेशिक सहायताको उपयोगमध्ये रु. १३ अर्व ८२ करोड ७५ लाख (६२.७३ प्रतिशत) वैदेशिक अनुदानबाट र रु. ८ अर्व २१ करोड ४३ लाख (३७.२६ प्रतिशत) वैदेशिक ऋणबाट भएको छ । आर्थिक वर्ष २०६१/६२ मा भएको कुल वैदेशिक सहायताको उपयोग रु. २३ अर्व ६५ करोड ७३ लाखमध्ये रु. १४ अर्व ३९ करोड १२ लाख (६०.८३ प्रतिशत) वैदेशिक अनुदानबाट र रु. ९ अर्व २६ करोड ६१ लाख (३९.१७ प्रतिशत) वैदेशिक ऋणबाट भएको थियो । आर्थिक वर्ष २०६२/६३ मा कुल वैदेशिक सहायताको उपयोगमध्ये वहुपक्षीय सहायता अन्तर्गत रु. १४ अर्व ३८ करोड ३३ लाख (६५.२५ प्रतिशत) उपयोग भएको छ भने द्विपक्षीय सहायता अन्तर्गत रु. ७ अर्व ६५ करोड ८५ लाख (३४.७५ प्रतिशत) उपयोग भएको छ । अघिल्लो आर्थिक वर्षमा कुल वैदेशिक सहायताको उपयोगमध्ये वहुपक्षीय सहायता अन्तर्गत रु.१४ अर्व ४२ करोड ६५ लाख (६१.० प्रतिशत) र द्विपक्षीय सहायता अन्तर्गत रु. ९ अर्व २३ करोड ८ लाख (३९.० प्रतिशत) उपयोग भएको थियो ।

२.२६ वैदेशिक सहायता उपयोगको क्षेत्रअनुसार विश्लेषण गर्दा आर्थिक वर्ष २०६२/६३ मा सामाजिक सेवातर्फ रु. ११ अर्व १६ करोड २२ लाख (५०.६४ प्रतिशत), यातायात, विद्युत् तथा सञ्चार क्षेत्रतर्फ रु. ७ अर्व ८ करोड २५ लाख (३२.१३ प्रतिशत), कृषि, सिँचाइ र वनतर्फ रु. २ अर्व ३९ करोड ६२ लाख (१०.८७ प्रतिशत), उद्योग तथा वाणिज्य क्षेत्रतर्फ रु. १० करोड ५३ लाख (०.४८ प्रतिशत) र अन्य क्षेत्रतर्फ रु. १ अर्व २९ करोड ५७ लाख (५.८८ प्रतिशत) उपयोग भएको देखिन्छ । आर्थिक वर्ष २०६१/६२ मा भएको वैदेशिक सहायताको उपयोगसँग तुलना गर्दा आर्थिक वर्ष २०६२/६३ मा सामाजिक सेवातर्फ ३.८७ प्रतिशतले वैदेशिक सहायताको उपयोगमा वृद्धि भएको देखिन्छ भने यातायात, विद्युत् तथा सञ्चार क्षेत्रतर्फ २८.१७ प्रतिशतले र कृषि, सिँचाइ तथा वन क्षेत्रमा ७.६९ प्रतिशतले उपयोगमा वृद्धि भएको देखिन्छ । उद्योग तथा वाणिज्य क्षेत्रमा १५.०१ प्रतिशतले वैदेशिक सहायताको उपयोगमा कमी आएको देखिन्छ ।

**कुल वैदेशिक ऋण**

२.२७ आन्तरिक राजस्व परिचालनबाट मात्र कुल सरकारी खर्च व्यहोरिने स्थिति नरहेको कारण नेपालको अर्थतन्त्रमा वैदेशिक ऋणले उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ । आर्थिक

वर्ष २०६१/६२ मा खुद तिर्न बाँकी वैदेशिक ऋण रु. २ खर्ब १९ अर्व ६४ करोड १९ लाख रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा ६.५ प्रतिशतले वृद्धि भई खुद तिर्न बाँकी वैदेशिक ऋण रु. २ खर्ब ३३ अर्व ९६ करोड ८६ लाख रहेको छ।

२.२८ खुद तिर्न बाँकी वैदेशिक ऋणमा थप प्राप्त भएको ऋण र साँवा तथा ब्याज भुक्तानी समायोजन गर्दा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनाको अन्त्यमा खुद तिर्न बाँकी वैदेशिक ऋण रु. २ खर्ब १९ अर्व २३ करोड ५१ लाख रहेकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा खुद तिर्न बाँकी वैदेशिक ऋण ६.९ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ३४ अर्व ८० करोड ५६ लाख पुगेको छ।

२.२९ खुद तिर्न बाँकी वैदेशिक ऋण र कुल गार्हस्थ्य उत्पादन (उत्पादकको प्रचलित मूल्यमा) को अनुपात आर्थिक वर्ष २०६०/६१ मा ४३.४ प्रतिशत र आर्थिक वर्ष २०६१/६२ मा ३७.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा सो अनुपात क्रमशः घट्दै गई ३६.२ प्रतिशत पुगेको छ।

<u>कुल आन्तरिक ऋण</u>

२.३० २०६२ को आषाढ मसान्तसम्म कायम भएको कुल आन्तरिक ऋण रु. ८७ अर्व ५६ करोड ४२ लाख २०६३ आषाढ मसान्तमा ८.१६ प्रतिशतले वृद्धि भई रु. ९४ अर्व ७१ करोड ६ लाख पुगेको छ। यसरी, २०६३ आषाढ मसान्तसम्म कायम भएको कुल आन्तरिक ऋणमध्ये नेपाल राष्ट्र बैंकको अंश रु. १५ अर्व ८० करोड ५ लाख (१६.६९ प्रतिशत), वाणिज्य बैंकहरूको अंश रु. ५८ अर्व ८६ करोड १४ लाख (६२.१५ प्रतिशत) र अन्य संस्थानहरू तथा निजीक्षेत्रको अंश रु. २० अर्व ४ करोड ४२ लाख (२१.१६ प्रतिशत) रहेको छ। आन्तरिक ऋणको स्रोतहरूको विश्लेषण गर्दा २०६३ आषाढ मसान्तसम्म ट्रेजरी विलको अंश ६६.४९ प्रतिशत, विकास ऋणपत्रहरूको अंश १८.९६ प्रतिशत, राष्ट्रिय वचतपत्रको अंश ४.०९ प्रतिशत, नागरिक वचतपत्रको अंश १.७७ प्रतिशत र विशेष ऋणपत्रको अंश ८.६८ प्रतिशत रहेको छ।







२.३१ आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा आर्थिक वर्ष २०६२/६३ को तुलनामा कुल आन्तरिक ऋण १०.१६ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा कुल आन्तरिक ऋण रु. ९२ अर्व ९४ करोड ६४ लाख रहेकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा उक्त ऋण बढेर रु. १ खर्व २ अर्व ३८ करोड ९८ लाख पुगेको छ। आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनासम्म कायम भएको कुल आन्तरिक ऋणमध्ये नेपाल राष्ट्र बैंकको अंश २३.३६ प्रतिशत, वाणिज्य बैंकहरूको अंश ५५.२२ प्रतिशत र अन्य संस्थाहरू एवं निजीक्षेत्रको अंश २१.४१ प्रतिशत रहेको छ। आर्थिक

वर्ष २०६३/६४ को प्रथम आठ महिनासम्ममा कायम भएको कुल आन्तरिक ऋणको स्रोतहरूको विश्लेषण गर्दा ट्रेजरी विल रु. ६९ अर्व ७० करोड १३ लाख (६८.०७ प्रतिशत), विकास ऋणपत्र रु. १९ अर्व १७ करोड ७० लाख (१८.७३ प्रतिशत), राष्ट्रिय वचतपत्र रु. ३ अर्व ८७ करोड ६८ लाख (३.७९ प्रतिशत), नागरिक वचतपत्र रु. १ अर्व ५६ करोड १२ लाख (१.५६ प्रतिशत) र विशेष ऋणपत्र रु. ८ अर्व ३ करोड ३४ लाख (७.८५ प्रतिशत) पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा आन्तरिक ऋणका स्रोतहरुको परिवर्तन संरचना हेर्दा विकास ऋणपत्र ७.५८ प्रतिशतले, राष्ट्रिय वचतपत्र २५.२९ प्रतिशतले, नागरिक वचतपत्र ४.६३ प्रतिशतले र विशेष ऋणपत्र १.८९ प्रतिशतले घट्न गएका छन् भने ट्रेजरी विल २१.९८ प्रतिशतले बढ्न गएको छ ।







## न्यून वित्त

२.३२ खर्चको वृद्धिको अनुपातमा राजस्व वृद्धि हुन नसक्नुको कारण न्यून वित्तको स्थिति कायमै रहेको देखिन्छ । विगतका केही आर्थिक वर्षहरूको न्यून वित्तको स्वरूप तथा न्यून वित्त/कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात निम्नानुसार रहेको देखिन्छ :

**तालिका २ (ग) : न्यून वित्त**

रु. करोडमा

| आर्थिक वर्ष | न्यून वित्त | न्यून वित्त/कुल गार्हस्थ्य उत्पादन अनुपात (प्रतिशतमा) |
|---|---|---|
| २०५७/५८ | २४१८.८१ | ५.५ |
| २०५८/५९ | २२९४.०६ | ५.० |
| २०५९/६० | १६४३.७२ | ३.३ |
| २०६०/६१ | १५८२.८२ | २.९ |
| २०६१/६२ | १८०४.६५ | ३.१ |
| २०६२/६३ | २४७७.९६ | ३.८ |

*स्रोत : महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग*

२.३३ आर्थिक वर्ष २०६१/६२ मा न्यून वित्त रु. १८ अर्व ४ करोड ६५ लाख रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा ३७.३१ प्रतिशतले वृद्धि भई न्यून वित्त रु. २४ अर्व ७७ करोड ९६ लाख पुगेको छ । आर्थिक वर्ष २०५७/५८ देखि क्रमिकरूपमा घट्दै गएको न्यून वित्तको प्रवृत्ति आर्थिक वर्ष २०६१/६२ देखि पुनः वृद्धि भएको छ । आर्थिक वर्ष २०६१/६२ मा न्यून वित्त/

कुल गार्हस्थ्य उत्पादनको अनुपात ३.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा ०.७ प्रतिशत विन्दुले वृद्धि भई ३.८ प्रतिशत पुगेको छ।

## न्यून वित्त पूर्तिको स्रोत

२.३४ सरकारी खर्च र आयमा सन्तुलन हुन नसकी भएको न्यून वित्तको परिपूर्ति वैदेशिक ऋण, आन्तरिक ऋण र मौज्दात परिवर्तनबाट हुँदै आएको छ। आर्थिक वर्ष २०६२/६३ का न्यून वित्त रु. २४ अर्ब ७७ करोड ९६ लाखमध्ये वैदेशिक ऋणबाट ८ अर्ब २१ करोड ४३ लाख (३३.१५ प्रतिशत), आन्तरिक ऋणबाट ११ अर्ब ८३ करोड ४२ लाख (४७.७५ प्रतिशत) र नपुग रु. ४ अर्ब ७३ करोड ११ लाख (१९.०९ प्रतिशत) मौज्दात परिवर्तनबाट व्यहोरिएको छ। आर्थिक वर्ष २०६१/६२ मा भएको कुल न्यून वित्त रु. १८ अर्ब ४ करोड ६५ लाखमध्ये रु. ९ अर्ब २६ करोड ६१ लाख वैदेशिक ऋणबाट र रु. ८ अर्ब ९३ करोड ८१ लाख आन्तरिक ऋणबाट व्यहोरी रु. १५ करोड ७७ लाख मौज्दात परिवर्तनमा वचत भएको थियो।

**चार्ट २(ग) : सरकारी न्यून वित्त तथा वैदेशिक ऋण र आन्तरिक ऋण**




## चुनौतीहरू

२.३५ वित्तीय सन्तुलनको लागि खर्च र राजस्व परिचालनको अन्तर न्यून हुनु पर्दछ। तर सरकारी खर्च वृद्धिको तुलनामा राजस्व वृद्धि हुन नसकेकोले खर्च र राजस्वको अन्तर कम हुन सकेको छैन। यस परिप्रेक्ष्यमा राजस्व परिचालनमा जोड दिन, चालू खर्च व्यवस्थापनमा सुधार गर्न तथा पुँजीगत खर्च विस्तारमा तदारुकता ल्याउन आवश्यक देखिन्छ।

२.३६ भन्सार र अन्तःशुल्कका दरहरूमा समायोजन, कर तिर्ने प्रवृत्तिमा केही सुधार, गैर-कर राजस्व परिचालनमा भएको वृद्धि आदिको कारण विगतको तुलनामा चालू आर्थिक वर्षमा राजस्व परिचालन सन्तोषप्रद रहेको छ। यो स्थितिलाई कायम राख्नका लागि राजस्वको प्रमुख संयन्त्रको रूपमा रहेको कर राजस्व बढाउन कर चुहावटका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी सोको नियन्त्रण गर्नुपर्ने मुख्य चुनौती रहेको छ।

२.३७ कर प्रशासनलाई पूर्णतयाः स्वचालित बनाउने, भन्सार मूल्याङ्कन प्रणालीलाई अझ बढी वस्तुपरक बनाउन प्रशासनिक सुधार गर्ने, आयकरलाई सरल बनाउने र छुट सीमा घटाउनेतर्फ जोड दिइनु जरूरी छ।

२.३८ राजस्व परिचालनमा कर राजस्वको भूमिका उल्लेख्य रहेकोले कर राजस्व बढाउन सम्भाव्य कर, करको दायरा विस्तार, करको दर परिवर्तन जस्ता विषयहरुको पुनरावलोकन, परिमार्जन

तथा उपयोगका साथै कर शिक्षा एवं कर चेतनासम्बन्धी कार्यक्रमहरूको माध्यमबाट करदाताहरूमा जागरूकता ल्याई कर राजस्व संकलन बढाउनुपर्ने देखिन्छ ।

२.३९ योजनाहरूमा विदेशी सहायताको अंश बढी रहनुले राजस्वमाथिको विदेशी ऋणको बोझ बढ्दै गएको छ । यसर्थ, उक्त विदेशी ऋण दायित्वलाई अर्थतन्त्रको लागि स्वस्थस्तरमा कायम राख्न राष्ट्रिय बचत दरमा वृद्धि गर्ने, अनुत्पादक चालू खर्चमा नियन्त्रण गर्ने, राजस्व वृद्धिगर्ने र विकास खर्चको उत्पादनशील प्रयोग बढाउनेतर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

२.४० विदेशी सहायतातर्फ अनुदानलाई बढी परिचालन गरी प्राथमिकता प्राप्त आयोजनाहरूमा खर्च गर्न सके यसले विकास निर्माण कार्यहरूको सञ्चालनमा थप योगदान पुग्न जाने हुँदा विदेशी सहायता रकमको समुचित एवं प्रभावकारी उपयोग गर्नु वाञ्छनीय देखिन्छ ।

२.४१ नेपालको तुलनात्मक लाभ भएका कृषि उत्पादन सम्बन्धमा चिया, अलैची, कफी जस्ता वस्तुहरूमा विस्तार ल्याउन र तेलहन, दलहन, फलफूल विकास आदिमा विशिष्टीकृत कार्यक्रम ल्याउनुका साथै औद्योगिक उत्पादनमूलक, पर्यटन, सूचना तथा सञ्चार प्रविधि जस्ता सेवामूलक उद्योगहरूको विकास र विस्तार गरी राष्ट्रिय आय अभिवृद्धि गर्नु जरुरी देखिन्छ ।

२.४२ नेपाल विश्व व्यापार संगठनको सदस्य भइसकेको परिप्रेक्ष्यमा भन्सार महसुल वृद्धिबाट बढी राजस्व परिचालन हुनसक्ने सम्भावना कम भएको कारण प्रत्यक्ष करमा आयकर र अप्रत्यक्ष करमा मूल्य अभिवृद्धि करतर्फ अझ बढी जोड दिनु आवश्यक देखिन्छ ।

२.४३ विश्व व्यापार संगठनको सदस्यको रूपमा नेपालले सदस्य राष्ट्रहरूबीच विश्व व्यापार संगठनबाट हासिल हुन सक्ने अन्तर्राष्ट्रिय व्यापारमा पहुँच, व्यापार सुविधा र सहुलियतसमेतको अध्ययन विश्लेषण गरी अन्तर्राष्ट्रिय व्यापार जगतमा व्यावसायिक कार्यकुशलताको आधारमा व्यापार विस्तार एवं विविधीकरण गर्नेतर्फ विशेष पहल गर्नुपर्ने देखिन्छ ।

# ३. मूल्य तथा आपूर्ति स्थिति

## समग्र उपभोक्ता मूल्य स्थिति

३.१ मौद्रिक नीतिअनुसार आर्थिक वर्ष २०६३/६४ मा औसत उपभोक्ता मुद्रास्फीति ६.० प्रतिशत रहने अनुमान गरिएकोमा मौद्रिक नीतिको मध्यावधि समीक्षा गर्दा ६.६ प्रतिशत हुने संशोधित प्रक्षेपण गरिएको छ । आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा वार्षिक विन्दुगत आधारमा समग्र उपभोक्ता मुद्रास्फीति ६.२ प्रतिशत रहेको छ, जुन गत वर्षको सोही अवधिमा ७.७ प्रतिशत रहेको थियो । मौसम अनुकूल रहन नसकेको फलस्वरूप खाद्यजन्य वस्तुहरूको मूल्य अपेक्षा गरिए भन्दा उच्च दरले वृद्धि हुन पुग्यो । चालू आर्थिक वर्षको माघ/फाल्गुण महिनामा पटक पटकको तराई बन्दले आपूर्ति व्यवस्था प्रभावित हुन गई तरकारी तथा फलफूल लगायतका खाद्य पदार्थहरूको मूल्यमा चाप पर्न गयो । मौसमी प्रतिकूलताका कारण कृषिजन्य वस्तुहरूको उत्पादनमा आएको कमीका कारण उक्त वस्तुहरूको मूल्यमा उल्लेख्य वृद्धि हुन गयो । भारतबाट आयात हुने वस्तुहरूमध्ये मरमसला, दाल आदिमा भएको मूल्य वृद्धिको प्रभावसमेतका कारणहरूले समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कमा चाप पर्न गएको छ । २०६२ फाल्गुण महिनामा पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको असर घटेको कारण समीक्षा अवधिमा गैर-खाद्य बस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्कमा तुलनात्मकरूपमा कम चाप पर्न गएको छ । उपरोक्त कारणहरूले गर्दा समग्रमा समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा मुद्रास्फीति ६.२ प्रतिशत रहन गएको हो । २०६२ फाल्गुणमा भएको पेट्रोलियम पदार्थको मूल्य वृद्धिको प्रभाव २०६३ फाल्गुणपछि हट्ने र खाद्यजन्य वस्तुहरूको मूल्य विद्यमान स्तरमा रहने अनुमानका आधारमा आर्थिक वर्ष २०६३/६४ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.६ प्रतिशत रहने संशोधित अनुमान छ ।

**मञ्जुषा ३(क) :**
**नेपालको मुद्रास्फीतिलाई प्रभाव पार्ने तत्वहरू एक अध्ययन**

नेपालको मुद्रास्फीतिलाई प्रभाव पार्ने तत्वहरूको विषयमा आर्थिक वर्ष २०६३।६४ मा नेपाल राष्ट्र बैंकले एक अध्ययन सम्पन्न गरेको छ। नेपाल राष्ट्र बैंक ऐन, २०५८ र बैंकको रणनीतिक कार्ययोजना (२०६२/६३–२०६६/६७) अनुसार मूल्य स्थिरता कायम गर्ने बैंकको मुख्य उद्देश्य पूर्तिमा सहायक हुने गरी अल्पकालिन तथा दीर्घकालीन मूल्य स्थिति प्रक्षेपण गर्ने औजारको रूपमा उक्त अध्ययन सम्पादन गरिएको हो। अध्ययनले मुद्रास्फीतिका विभिन्न Theoretical र Empirical Study हरु को विश्लेषण गर्दै नेपालको लागि उपयुक्त सैद्धान्तिक Model को रूपमा मिश्रित (hybrid) Model को पहिचान गरेको छ, जसअनुसार नेपालको लागि सामान्य Model निम्नानुसार छ :

$$\dot{p} = f(\dot{m}, \dot{v}, \dot{y}, r, \dot{w}, \dot{e}xr) \text{......... .......... ..........} (i)$$

उक्त Model मा $\dot{m}$ ले मुद्रा प्रदाय, $\dot{v}$ ले मुद्रा प्रदायको velocity, $\dot{y}$ ले वास्तविक कुल गार्हस्थ उत्पादन, $\acute{r}$ ले व्याजदर, $\dot{e}xt$ ले बाह्य तत्वलाई जनाउँछ। ती चरहरू माथिको थोप्लो (dot) ले logarithmic वृद्धिदरलाई जनाउँदछ। संकुचित तथा विस्तृत मुद्रा प्रदाय एवं तिनीहरूको velocity र वाणिज्य बैंकको मुद्दती व्याजदर तथा नेपाल राष्ट्र बैंकको पुनरकर्जा दरसमेतलाई Model मा समावेश गरी ६ वटा समीकरणहरु विकास गरिएको छ। उपर्युक्त सबै चरहरूको समीकरणको आधारमा अल्पकालिन मुद्रास्फीतिको समीकरण निम्नानुसार विकसित भएको छः

$$\Delta l_n P_N = -0.03 + 0.18 * \Delta l_n M_1 + 1.13 * \Delta l_n P_{IN} \text{ ………………} (ii)$$

*t-value* (-1.5) (1.92) (5.73)

$R^2 = 0.61$ Durbin Watson = 2.63

Cointegration test तथा Error Correction Model (ECM) प्रयोग गरी नेपालको मुद्रास्फीतिको दीर्घकालीन Model समेत उक्त अध्ययनमा विकसित गरिएको छ, जसअनुसार दीर्घकालीन Cointegration Equation देहायअनुरूप रहेको छ:

$$l_nP_N = -0.49 + 1.09^* l_nP_{IN} \ldots\ldots(iii)$$

*र नेपालको लागि Error Correction Model (ECM) को Equation निम्नानुसार रहेको छ:*

$$l_nPN = -0.05 + 0.2^*\Delta l_nM_1 + 1.37^* \Delta l_nP_{IN} - 0.31\ EC(-1) \ldots\ldots(iv)$$

*t-value* (2.295) (6.7) (-2.52)

*स्रोत : नेपाल राष्ट्र बैंक*

३.२ वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको समग्र उपभोक्ता मूल्य सूचकाङ्क (आधार वर्ष २०५२/५३) २०६२ फाल्गुणमा ७.७ प्रतिशतको उच्च दरले वृद्धि भएकोमा समीक्षा अवधिमा ६.२ प्रतिशतले वृद्धि भएको छ । भौगोलिक क्षेत्रको आधारमा विश्लेषण गर्दा काठमाडौ उपत्यका, पहाड र तराईमा गत वर्षको फाल्गुणमा क्रमशः ५.५ प्रतिशत, ७.६ प्रतिशत र ९.० प्रतिशतका दरले वृद्धि भएको मूल्य २०६३ फाल्गुणमा काठमाडौ उपत्यका, पहाड र तराईमा क्रमशः ६.४ प्रतिशत, ५.२ प्रतिशत र ६.५ प्रतिशतका दरले वृद्धि भएको छ ।

**तालिका ३ (क) : शहरी क्षेत्रको विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क**

आधार वर्ष २०५२/५३ =१००

(प्रतिशत परिवर्तन)*

| क्षेत्र | भार प्रतिशत | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४** |
| **काठमाडौ उपत्यका** | ३०.८ | २.३ | ६.१ | ५.५ | ६.४ |
| **पहाड** | १८.८ | -१.० | ६.६ | ७.६ | ५.२ |
| **तराई** | ५०.४ | -१.१ | ५.२ | ९.० | ६.५ |
| **नेपाल** | १००.०० | -०.१ | ५.७ | ७.७ | ६.२ |

* फाल्गुण - फाल्गुणको विन्दुगत परिवर्तन, ** अपरिष्कृत,

स्रोत : नेपाल राष्ट्र बैंक

३.३ शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा ७.६ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ७.२ प्रतिशतले वृद्धि भएको छ । भौगोलिक क्षेत्रअनुसार विश्लेषण गर्दा गत वर्ष काठमाडौ, पहाड र तराईमा क्रमशः ६.१ प्रतिशत, ८.३ प्रतिशत र ८.३ प्रतिशतले मूल्य वृद्धि भएकोमा समीक्षा अवधिमा काठमाडौ, पहाड र तराईमा क्रमशः ६.६ प्रतिशत, ७.० प्रतिशत र ७.६ प्रतिशतले वृद्धि भएको छ ।



**तालिका ३ (ख) : शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क**

आधार वर्ष २०५२/५३ =१००

(प्रतिशत परिवर्तन)*

| क्षेत्र | भार प्रतिशत | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४** |
| काठमाडौ | ३०.८ | ६.५ | ४.८ | ६.१ | ६.६ |
| पहाड | १८.८ | ४.४ | ३.१ | ८.३ | ७.० |
| तराई | ५०.४ | ४.६ | ३.२ | ८.३ | ७.६ |
| नेपाल | १००.०० | ५.१ | ३.७ | ७.६ | ७.२ |

** प्रथम आठ महिनाको औसत मूल्य वृद्धिदर । ** अपरिष्कृत ।*

*स्रोत : नेपाल राष्ट्र बैंक ।*

## खाद्य तथा पेय पदार्थ समूह

३.४ समूहगत आधारमा विश्लेषण गर्दा मूल्य सूचकाङ्कमा ५३.२ प्रतिशत भार ओगट्ने खाद्य तथा पेय पदार्थ समूहको मूल्य आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा ९.२ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस समूहको मूल्य ६.२ प्रतिशतले वृद्धि भएको थियो । गत वर्षको तुलनामा समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धिदर उच्च हुनुमा मुख्यगरी मरमसला (२६.८ प्रतिशत), तरकारी तथा फलफूल (१८.४ प्रतिशत), दलहन (१७.९ प्रतिशत), माछा मासु एवं फुल (१२.० प्रतिशत), तेल तथा घ्यू (१०.९ प्रतिशत) तथा अन्न र अन्नबाट बनेका परिकार (७.८ प्रतिशत) को मूल्यमा उच्च दरले वृद्धि हुनु नै प्रमुख कारणको रूपमा रहेको छ । गत वर्षको प्रथम आठ महिनामा यस वर्षको वृद्धिदरको तुलनामा दलहन (१२.४ प्रतिशत), तरकारी तथा फलफूल (१.५ प्रतिशत) र मरमसला (२.४ प्रतिशत) मा यस वर्षको कम दरले वृद्धि थियो भने मूल्यमा ह्रास आएका वस्तुहरुमा तेल तथा घ्यू (३.० प्रतिशत) र माछा, मासु एवं फुल (१.२ प्रतिशत) रहेका थिए । चिनी तथा चिनीजन्य पदार्थ उपसमूहको मूल्य २०६२ फाल्गुणमा ५.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १२.२ प्रतिशतले ह्रास आएको छ । पेय पदार्थ र रेष्टुरेण्टको खाना उपसमूहको मूल्य समीक्षा अवधिमा क्रमशः ३.१ प्रतिशत र २.९ प्रतिशतको न्यून दरले वृद्धि भएको छ । यी उपसमूहहरूको मूल्य गत वर्षको सोही अवधिमा क्रमशः १०.४ प्रतिशत र ३.३ प्रतिशतले बढेको थियो ।



## तालिका ३ (ग) : शहरी क्षेत्रको विन्दुगत राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क

(आधार वर्ष २०५२/५३ = १००)

(प्रतिशत परिवर्तन)*

| उपभोग्य वस्तुहरू | भार प्रतिशतमा | आर्थिक वर्ष # | | | |
|---|---|---|---|---|---|
| | | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४** |
| **कुल (क+ख)** | १००.० | ४.४ | ५.७ | ७.७ | ६.२ |
| **क. खाद्य तथा पेय पदार्थ** | ५३.२ | ३.१ | ४.७ | ६.२ | ९.२ |
| अन्न तथा त्यसबाट बनेका परिकार | १८.० | -०.८ | ५.८ | १३.२ | ७.८ |
| चामल | (१४.१६) | ०.८ | ५.५ | १४.८ | ३.४ |
| दलहन | २.७ | ३.७ | ३.६ | १२.४ | १७.९ |
| तरकारी तथा फलफूल | ७.९ | १.२ | ४.० | १.५ | १८.४ |
| मरमसला | १.९ | ७.९ | -४.९ | २.४ | २६.८ |
| मासु, माछा तथा फुल | ५.२ | ५.६ | ९.१ | -१.२ | १२.० |
| दुध तथा दुग्ध पदार्थ | ४.० | १.६ | ०.० | ५.१ | ६.९ |
| तेल तथा घ्यू | ३.१ | १९.७ | -७.५ | -३.० | १०.९ |
| चिनी तथा चिनीजन्य पदार्थ | १.२ | ६.५ | २५.५ | ५.३ | -१२.२ |
| पेय पदार्थ | २.३ | -०.७ | ३.२ | १०.४ | ३.१ |
| रेष्टुरेण्टको खाना | ६.९ | ६.१ | ७.४ | ३.३ | २.९ |
| **ख. गैर-खाद्य वस्तु तथा सेवा** | ४६.८ | ५.७ | ६.८ | ९.१ | ३.२ |
| लत्ता कपडा तथा तयारी लुगा | ८.९ | १.५ | २.५ | २.९ | २.४ |
| कपडा | (२.२८) | १.९ | २.७ | २.२ | १.२ |
| तयारी लुगा | (५.७५) | ०.४ | २.१ | ३.० | २.५ |
| जुत्ता | २.२ | -०.१ | १.३ | २.८ | ६.१ |
| घरायसी सामान | १४.९ | ८.८ | १२.३ | १४.१ | ३.१ |
| हाउस फर्निसिङ्ग एण्ड हाउसहोल्ड गड्स | (३.५) | १.८ | ४.८ | ३.७ | ५.९ |
| घरभाडा | (४.२) | ३.९ | ४.५ | ४.५ | ४.१ |
| सरसफाई | (१.३) | २.० | १.८ | २.५ | ९.५ |
| इन्धन, बत्ती तथा पानी | (५.९) | १५.६ | २०.४ | २२.८ | १.४ |
| यातायात तथा सञ्चार | ४.० | ११.१ | १४.१ | २१.२ | ०.५ |
| औषधि तथा व्यक्तिगत हेरचाह | ८.० | ४.१ | १.१ | ३.० | २.४ |
| शिक्षा, शैक्षिक सामग्री तथा मनोरञ्जन | ७.१ | ४.७ | ४.६ | ४.८ | ६.१ |
| सुर्ती तथा सुर्तीजन्य पदार्थ | १.७ | १.५ | २.५ | ३.८ | ६.४ |

** फाल्गुण-फाल्गुणको विन्दुगत मूल्य, # प्रथम आठ महिना, ** अपरिष्कृत*

*स्रोत : नेपाल राष्ट्र बैंक*

## गैर-खाद्य तथा सेवा समूह

३.५ उपभोक्ता मूल्य सूचकाङ्कमा ४६.८ प्रतिशत भार रहेको गैर-खाद्य तथा सेवा समूहको मूल्य २०६२ फाल्गुण महिनामा विन्दुगत आधारमा ९.१ प्रतिशतले वृद्धि भएकोमा २०६३ फाल्गुणमा ३.२ प्रतिशतको न्यून दरले वृद्धि भएको छ। समीक्षा अवधिमा यस समूहको मूल्य वृद्धिदर कम हुनुमा पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिका कारण गत वर्ष यातायात तथा सञ्चार समूहमा २१.२ प्रतिशत, इन्धन, विजुली एवं पानी समूहमा २२.८ प्रतिशत तथा

घरायसी सरसामान एवं सेवा समूहमा १४.१ प्रतिशतको उच्च वृद्धि भएकोमा समीक्षा अवधिमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि नभएको र गत वर्षको उक्त वस्तुहरूको मूल्यवृद्धिको आधार प्रभाव (base effect) हटिसकेको कारणबाट उक्त समूहहरूको वृद्धिदर न्यूनरूपमा रहन गई क्रमशः ०.५ प्रतिशत, १.४ प्रतिशत र ३.१ प्रतिशत रहनु प्रमुख कारण रहेको छ । सुर्ती तथा सुर्तीजन्य पदार्थको मूल्य गत वर्ष ३.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ६.४ प्रतिशतले बढेको छ । यसैगरी, शिक्षा, शैक्षिक सामग्री तथा मनोरञ्जन उपसमूहको मूल्यमा पनि ६.१ प्रतिशतले वृद्धि भएको छ, जुन गत वर्ष ४.८ प्रतिशतले वृद्धि भएको थियो । घरभाडा उपसमूहको मूल्य गत वर्ष ४.५ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ४.१ प्रतिशतले वृद्धि भएको छ । हाउस फर्निसिङ्ग एण्ड हाउसिङ्ग गुड्स उपसमूहको मूल्य गत वर्ष ३.७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ५.९ प्रतिशतले वृद्धि भएको छ ।

**क्षेत्रगत उपभोक्ता मूल्य स्थिति**

३.६ क्षेत्रगत आधारमा मूल्य स्थितिको विश्लेषण गर्दा २०६२ फाल्गुणमा काठमाडौ उपत्यकाको मूल्य सूचकाङ्क ५.५ प्रतिशतले बढेकोमा २०६३ फाल्गुणमा ६.४ प्रतिशतले बढेको छ । समूहगतरूपमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क २०६२ फाल्गुणमा २.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ८.७ प्रतिशतको उच्चदरले वृद्धि भएको छ । यसरी, यस समूहको मूल्य उच्च दरले वृद्धि हुनुमा मुख्यतया मरमसला (१९.८ प्रतिशत), तरकारी तथा फलफूल (१८.८ प्रतिशत), दाल (१८.४ प्रतिशत), माछा, मासु तथा फूल (१५.० प्रतिशत) र तेल तथा घ्यू (१२.३ प्रतिशत) को मूल्य उच्च दरले वृद्धि हुनु प्रमुख कारणको रूपमा रहेको छ । यसैगरी, गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क २०६२ फाल्गुणमा ८.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.३ प्रतिशतले वृद्धि भएको छ । यस समूह अन्तर्गतका वस्तुहरूको मूल्यमा न्यून दरले वृद्धि हुनुमा गत वर्ष पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिका कारण इन्धन, वत्ती, पानी उपसमूहमा २३.७ प्रतिशत र यातायात तथा सञ्चार उपसमूहमा २२.१ प्रतिशतको उच्च दरले मूल्य वृद्धि भएकोमा समीक्षा अवधिमा पेट्रोलियम पदार्थको मूल्य वृद्धिको आधार प्रभाव हटेका कारण उपरोक्त उप-समूहहरूको मूल्य वृद्धिदर न्यून रहन गएको हो ।

३.७ यसैगरी, २०६२ फाल्गुणमा तराईमा मूल्य सूचकाङ्क वृद्धि ९.० प्रतिशत भएकोमा २०६३ सालको सोही महिनामा ६.५ प्रतिशतले वृद्धि भएको छ । खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क विन्दुगत आधारमा २०६२ फाल्गुणमा ९.० प्रतिशतले बढेकोमा २०६३ फाल्गुणमा ९.९ प्रतिशतले बढेको छ । यस आर्थिक वर्षमा मरमसला, तरकारी तथा फलफूल, दाल आदि वस्तुहरूमा उच्च दरले मूल्य वृद्धि भएको र चिनी तथा चिनीजन्य पदार्थ बाहेक अन्य वस्तुहरूमा पनि मूल्य वृद्धि भएको कारण यस वर्ष पनि मूल्य बढ्न गएको हो । त्यसैगरी, गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य विन्दुगत आधारमा २०६२ फाल्गुणमा ८.९ प्रतिशतले वृद्धि भएकोमा यस वर्षको सोही अवधिमा इन्धन, वत्ती तथा पानी, यातायात तथा सञ्चार र घरायासी सामान जस्ता वस्तुहरूमा न्यून मूल्य वृद्धिको कारण २.९ प्रतिशतका दरले मात्र सूचकाङ्क वृद्धि भएको छ ।

३.८ पहाडतर्फ २०६२ फाल्गुणमा ७.६ प्रतिशतले वृद्धि भएको मूल्य सूचकाङ्क २०६३ फाल्गुणमा ५.२ प्रतिशतले वृद्धि भएको छ । यसरी, गत वर्षको तुलनामा यस वर्ष कम दरले मूल्य वृद्धि हुनुमा गैर-खाद्य वस्तु तथा सेवा समूहमा गत वर्षको तुलनामा समीक्षा अवधिमा न्यून दरले मूल्य सूचकाङ्क बढ्नु प्रमुख कारण रहेको छ । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ८.० प्रतिशतले वढेको छ । गत वर्ष सोही अवधिमा खाद्य तथा पेय

पदार्थ समूहको मूल्य सूचकाङ्क ५.३ प्रतिशतले वढेको थियो । यसैगरी, गैर-खाद्य वस्तु तथा सेवा समूहको सूचकाङ्क गत वर्ष फाल्गुणमा ९.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २.५ प्रतिशतको न्यून दरले बढेको छ । पहाडमा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत दाल, तरकारी तथा फलफूल, मर-मसला, मासु, माछा तथा फुल, दुध तथा दुग्ध पदार्थ र तेल तथा घ्यूको मूल्यमा अत्यधिक चाप परेको छ भने गैर-खाद्य वस्तु तथा सेवा समूह अन्तर्गत घरायासी सामान, इन्धन, वत्ती तथा पानी, यातायात तथा सञ्चार र लत्ता कपडामा गत वर्षको तुलनामा समीक्षा अवधिमा मूल्य सूचकाङ्कमा सामान्य वृद्धि भएको छ ।

३.९ क्षेत्रगत आधारमा मूल्य स्थितिको तुलनात्मक विश्लेषण गर्दा २०६२ फाल्गुणको तुलनामा २०६३ फाल्गुणमा तराईमा सबभन्दा बढी दरले मूल्य वृद्धि भएको छ भने पहाडमा सबभन्दा कम दरले मूल्य बढेको छ । २०६२ फाल्गुणमा तराईमा ९.० प्रतिशतले मूल्य वृद्धि भएकोमा २०६३ फाल्गुणमा ६.५ प्रतिशतले मूल्य वृद्धि भएको छ । पहाडी क्षेत्रमा गत वर्षको फाल्गुण महिनामा ७.६ प्रतिशतले बढेको मूल्य यस वर्षको फाल्गुणमा ५.२ प्रतिशतले बढेको छ । काठमाडौं उपत्यकामा भने गत वर्षको फाल्गुणमा ५.५ प्रतिशतले मूल्य वृद्धि भएकोमा समीक्षा अवधिमा ६.४ प्रतिशतले वृद्धि भएको छ । समूहगतरूपमा हेर्दा खाद्य तथा पेय पदार्थको मूल्य काठमाडौं उपत्यकामा ८.७ प्रतिशत, तराईमा ९.९ प्रतिशत र पहाडमा ८.० प्रतिशतले वृद्धि भएको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धिदर तराईमा २.९ प्रतिशत, पहाडमा २.५ प्रतिशत र काठमाडौंमा ४.३ प्रतिशत रहेको छ । यसरी, काठमाडौं उपत्यका, तराई र पहाडमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य उच्च दरले वृद्धि हुनुमा मुख्यगरी तरकारी तथा फलफूल, मरमसला, दाल, मासु, माछा तथा फुल र घ्यूमा मूल्य बढ्नु नै प्रमुख कारण रहेको छ ।

**अन्तर्निहित मुद्रास्फीति (Core Inflation)**

३.१० २०६३ फाल्गुणमा अन्तर्निहित मुद्रास्फीति (Core Inflation) विन्दुगत आधारमा ६.८ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ३.७ प्रतिशत रहेको थियो । समूहगत आधारमा विश्लेषण गर्दा २०६२ फाल्गुणमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य ३.८ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ९.६ प्रतिशतले बढेको छ । २०६२ फाल्गुणमा ३.६ प्रतिशतले बढेको गैर-खाद्य तथा सेवा समूहको मूल्य भने समीक्षा अवधिमा ४.३ प्रतिशतले मात्र बढ्न गएको छ ।

**थोक मूल्य सूचकाङ्क**

३.११ वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क (२०५६/५७ = १००) २०६३ फाल्गुणमा १२.२ प्रतिशतको उच्च दरले वृद्धि भएको छ । गत वर्ष यसै अवधिको ६.२ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा थोक मुद्रास्फीति उच्चदरले वृद्धि हुनुमा कृषिजन्य वस्तुतर्फ दाल (२४.० प्रतिशत), तरकारी तथा फलफुल (४१.० प्रतिशत), मरमसला (२७.७ प्रतिशत), खाद्यान्न (१५.८ प्रतिशत), पशुजन्य वस्तु (१३.३ प्रतिशत) तथा आन्तरिक उत्पादनतर्फ निर्माण सामग्री (१६.६ प्रतिशत) आदिमा भएको उच्च दरको मूल्य वृद्धि नै प्रमुख कारकको रूपमा रहेको छ ।

३.१२ राष्ट्रिय थोक मूल्य सूचकाङ्क अन्तर्गत कृषि वस्तु समूहको मूल्य सूचकाङ्क आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा ४.७ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा १९.९ प्रतिशतको उच्च दरले बढेको छ । समीक्षा अवधिमा कृषि वस्तु समूह अन्तर्गतको फलफूल तथा तरकारी ४१.० प्रतिशत, मरमसला २७.७ प्रतिशत, दलहन २४.० प्रतिशत, खाद्यन्न वस्तुहरू १५.८ प्रतिशत र पशुजन्य उत्पादन १३.३ प्रतिशतको उच्च दरले

वृद्धि भएको कारण गत वर्षको तुलनामा यस वर्ष यस समूहको मूल्य वृद्धि अत्यधिक रहेको छ । नगदे वालीको मूल्य भने गत वर्षको प्रथम आठ महिनामा १५.८ प्रतिशतले बढेकोमा यस वर्ष ६.९ प्रतिशतले मात्र बढेको छ ।

३.१३ २०६२ फाल्गुणको तुलनामा २०६३ फाल्गुणमा खाद्यजन्य उत्पादन (८.१ प्रतिशत), पेय तथा सुर्तीजन्य वस्तुहरू (५.४ प्रतिशत) र निर्माण सामग्री (१६.६ प्रतिशत) को उच्च दरले मूल्य वृद्धि भएकोले उक्त सूचकाङ्क अन्तर्गत स्वदेशमा उत्पादित वस्तु समूहको मूल्य वृद्धि ८.७ प्रतिशत रहन गएको छ । यस समूहको मूल्यमा गत वर्षको सोही अवधिमा ३.५ प्रतिशतले वृद्धि भएको थियो ।

**तालिका ३ (घ) : राष्ट्रिय थोक मूल्य सूचकाङ्क**

(आधार वर्ष २०५६/५७ = १००)

**(प्रतिशत परिवर्तन)***

| समूह | भार प्रतिशतमा | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४** |
| **कुल** | १००.० | ३.६ | ८.५ | ६.२ | १२.२ |
| **कृषि वस्तु** | ४९.६ | -१.२ | ७.६ | ४.७ | १९.९ |
| **स्वदेशमा उत्पादित औद्योगिक वस्तु** | २०.४ | ७.८ | ४.३ | ३.५ | ८.७ |
| **आयातीत वस्तु** | ३०.० | ८.६ | १२.४ | १०.१ | ३.७ |

** फाल्गुण-फाल्गुणको विन्दुगत मूल्य परिवर्तन, ** अपरिष्कृत*

*स्रोत : नेपाल राष्ट्र बैंक*

३.१४ राष्ट्रिय थोक मूल्य सूचकाङ्क अन्तर्गत आयातीत वस्तु समूहको मूल्य २०६२ फाल्गुणमा १०.१ प्रतिशतले बढेको तुलनामा २०६३ फाल्गुणमा ३.७ प्रतिशतले मात्र बढेको छ । समीक्षा अवधिमा इलेक्ट्रिक तथा इलेक्ट्रोनिक वस्तु उपसमूह (०.६ प्रतिशत), कपडाजन्य वस्तु उपसमूह (१.३ प्रतिशत), पेट्रोलियम पदार्थ र कोइला उपसमूह (२.८ प्रतिशत), रासायनिक मल तथा रासायनिक वस्तु उपसमूह (५.१ प्रतिशत), यातायातका साधन तथा मेसिनरी उपसमूह (२.६ प्रतिशत), औषधि (१.० प्रतिशत) तथा अन्य वस्तु उपसमूह (७.५ प्रतिशत) को मूल्य सामान्य दरले वृद्धि भएकोले आयातीत वस्तु समूहको मूल्य सूचकाङ्क ३.७ प्रतिशतले वृद्धि हुन गएको हो ।

## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३.१५ वार्षिक बिन्दुगत आधारमा २०६३ फाल्गुण महिनामा राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क (२०६१/६२=१००) १०.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यसै अवधिमा उक्त सूचकाङ्क ४.३ प्रतिशतले वृद्धि भएको थियो । राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क अन्तर्गत तलव सूचकाङ्कको वृद्धिदर ६.२ प्रतिशत रहेको छ भने ज्यालादर सूचकाङ्क ११.४ प्रतिशतले बढेको छ । गत वर्ष तलब सूचकाङ्क तथा ज्यालादर सूचकाङ्क क्रमशः ०.४ प्रतिशत र ५.७ प्रतिशतले बढेको थियो । २०६३ श्रावणमा भएको सरकारी कर्मचारीहरूको १० प्रतिशतको भत्ता वृद्धिको प्रभावस्वरूप निजामती तथा सार्वजनिक संस्थानका कर्मचारी, सेना, प्रहरी, शिक्षक लगायतको तलवमा बढोत्तरी भएकोले निजामती सेवा सूचकाङ्कमा वृद्धि भएको हो । विभिन्न औद्योगिक एवं निर्माण प्रतिष्ठानहरूले मजदुरहरूको ज्यालादरमा वृद्धि गरेका कारणबाट औद्योगिक मजदुरहरूको ज्यालादर सूचकाङ्कमा १३.३ प्रतिशतको उल्लेख्य वृद्धि भएको हो । यसैगरी, नेपाली युवाहरूको शहरोन्मुख प्रवृत्ति तथा वैदेशिक रोजगारीतर्फ भइरहेको आकर्षण जस्ता कारणहरूले गर्दा ग्रामीण क्षेत्रमा मजदुरहरूको आपूर्तिमा कमी आउन गई समीक्षा अवधिमा कृषि मजदुरहरूको ज्यालादर सूचकाङ्क १०.९ प्रतिशतले तथा

निर्माण मजदुरहरूको ज्यालादर सूचकाङ्क ७.५ प्रतिशतले वृद्धि हुन गएको छ । उपरोक्त कारणहरूले गर्दा समग्रमा राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा चाप पर्न गएको हो ।

**तालिका ३ (ङ) : राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क**

(आधार वर्ष २०६१/६२ = १००)

**(प्रतिशत परिवर्तन)***

| समूह/उपसमूह | भार प्रतिशतमा | आर्थिक वर्ष# | | |
|---|---|---|---|---|
| | | २०६१/६२ | २०६२/६३ | २०६३/६४** |
| **कुल सूचकाङ्क** | **१००.०** | **९.८** | **४.३** | **१०.१** |
| **१. तलव सूचकाङ्क** | **२७.०** | **८.६** | **०.४** | **६.२** |
| **१.१ निजामती सेवा** | २.८ | २०.० | ०.० | १०.० |
| **१.२ सार्वजनिक संस्थानहरू** | १.१ | ११.४ | ४.४ | ६.७ |
| **१.३ बैंक तथा वित्तीय संस्थानहरू** | ०.६ | ०.२ | १०.० | ३.० |
| **१.४ सेना तथा प्रहरीवल** | ४.० | १९.७ | ०.० | ११.४ |
| **१.५ शिक्षा** | १०.६ | ९.३ | ०.० | ७.० |
| **१.६ निजी प्रतिष्ठानहरू** | ७.९ | ०.० | ०.० | १.३ |
| **२. ज्यालादर सूचकाङ्क** | **७३.०** | **१०.०३** | **५.७** | **११.४** |
| **२.१ कृषि मजदुर** | ३९.५ | १०.५ | ७.३ | १०.९ |
| **२.२ औद्योगिक मजदुर** | २५.२ | १०.५ | ५.१ | १३.३ |
| **२.३ ज्यामी (निर्माण मजदुर)** | ८.३ | ८.७ | ०.३ | ७.५ |

** फाल्गुण-फाल्गुणको विन्दुगत परिवर्तन, ** अपरिष्कृत, # प्रथम आठ महिना*

*स्रोत : नेपाल राष्ट्र बैंक*

**केही प्रमुख वस्तुहरूको सरदर खुद्रा मूल्य**

३.१६ दैनिक उपभोग्य प्रमुख १० कृषिजन्य वस्तुहरूको सरदर खुद्रा बजार मूल्यतर्फ आर्थिक वर्ष २०६२ फाल्गुणको तुलनामा आर्थिक वर्ष २०६३ फाल्गुणमा अदुवा बाहेक सबै वस्तुहरूको मूल्यमा वृद्धि हुन गएको छ । खाद्य वस्तुहरूको मूल्य वृद्धितर्फ गहुँको पीठोमा २०.९५ प्रतिशत, मासको दालमा २९.१६ प्रतिशत, आलुमा २१.७२ प्रतिशत, सुकेको प्याजमा ६२.८० प्रतिशत, रहरको दालमा १७.३७ प्रतिशत र तोरीको तेलमा १४.०५ प्रतिशतले बढेको छ भने मासुको मूल्य स्थिर रहेको छ । तुलनात्मकरुपमा सामान्य मूल्य वृद्धि भएका वस्तुहरूमा चामल मोटो ९.८७ प्रतिशतले र घ्यू खारेको ४.७६ प्रतिशतले रहेकाछन् भने अदुवाको मूल्यमा ३७.२३ प्रतिशतले कमी आएको छ ।

३.१७ भौगोलिक क्षेत्रअनुसार खुद्रा मूल्यको विश्लेषण गर्दा २०६२ फाल्गुणको तुलनामा २०६३ फाल्गुणमा प्रमुख १० वस्तुहरू मध्ये सुकेको प्याजमा ११९.२९ प्रतिशत र मासको दालमा ४५.५७ प्रतिशत गरी भारी दरले मूल्य वृद्धि भएको छ भने गहुँको पीठोमा २१.८८ प्रतिशतले, तोरीको तेलमा १७.५४ प्रतिशतले, रहरको दालमा १४.६४ प्रतिशतले र खसीको मासुमा १०.२३ प्रतिशतले मूल्य वृद्धि भएको छ । तर अदुवाको मूल्यमा २६.३५ प्रतिशतले कमी आएको छ भने मूल्यमा सामान्य वृद्धि भएको वस्तुहरुमा चामल मोटो २.६३ प्रतिशत, आलु ८.३२ प्रतिशत र घ्यू खारेको ७.४२ प्रतिशत रहेकाछन् । सोही अवधिमा पहाडमा मूल्य वृद्धि भएका वस्तुहरुमा सुकेको प्याज ३८.८५ प्रतिशत, आलु ३०.८६ प्रतिशत, रहरको दाल २०.०५ प्रतिशत, गहुँको पीठो २०.३२ प्रतिशत, मासको दाल १५.४३ प्रतिशत, चामल मोटो १५.०२ प्रतिशत, तोरीको तेल १०.९७ प्रतिशत र घ्यू खारेको १.८९ प्रतिशत रहेका छन् भने मूल्य घटेका वस्तुहरुमा अदुवा ४२.४३ प्रतिशत र खसीको मासु ८.११ प्रतिशत रहेका छन् ।

३.१८ प्रमुख १० कृषिजन्य वस्तुहरूको मासिक राष्ट्रिय सरदर खुद्रा मूल्यतर्फ आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा मासको दाल ३८.४९ प्रतिशत, गहुँको पीठो २०.६७ प्रतिशत, आलु १८.२१ प्रतिशत, रहरको दाल ११.६३ प्रतिशत, चामल मोटो ७.०९ प्रतिशत, खसीको मासु ५.२० प्रतिशत, घ्यू खारेको ४.९९ प्रतिशत र तोरीको तेल ३.१० प्रतिशतमा सरदर खुद्रा मूल्य वृद्धि भएको छ भने अदुवा र सुकेको प्याजको मूल्यमा क्रमशः २७.४५ प्रतिशत र ०.४५ प्रतिशतले कमी आएको छ ।

## आपूर्ति स्थिति

३.१९ आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा पेट्रोलियम पदार्थहरू मध्ये डिजेलको आपूर्ति ४.७१ प्रतिशतले वृद्धि भई १ लाख ८१ हजार ४ सय ९४ किलो लिटर पुग्न गएको छ भने मट्टितेलको आपूर्तिमा १७.३७ प्रतिशतले ह्रास आई १ लाख २१ हजार १ सय ९१ किलो लिटर रहेको छ । गत वर्षको सोही अवधिमा डिजेल र मट्टितेलको आपूर्ति क्रमशः १ लाख ७३ हजार ३ सय ३३ किलो लिटर र १ लाख ४६ हजार ६ सय ६७ किलो लिटर रहेको थियो । यसैगरी, पेट्रोलको आपूर्ति गत वर्षको तुलनामा १६.१५ प्रतिशतले वृद्धि भई ६२ हजार १ सय ८० किलो लिटर पुगेको छ । गत वर्षको सोही अवधिमा पेट्रोलको आपूर्ति ५३ हजार ५ सय ३३ किलो लिटर रहेको थियो । एल.पि. ग्याँसको आपूर्ति गत वर्ष ८१ हजार २५ मेट्रिक टन रहेकोमा चालू वर्षको सोही अवधिमा २७.१४ प्रतिशतले ह्रास आई ५९ हजार ३२ मेट्रिक टन पुगेको छ । त्यसैगरी, फर्नेस आयलको आपूर्ति गत वर्ष ४ हजार १ सय किलो लिटर रहेकोमा समीक्षा अवधिमा ३५.७१ प्रतिशतले ह्रास आई २ हजार ६ सय ३६ किलो लिटर रहेको छ । लाइट डिजेल आयल (LDO) को आपूर्ति गत वर्ष ४ सय किलो लिटर रहेकोमा समीक्षा अवधिमा ७५.० प्रतिशतको उच्च दरले ह्रास आई १ सय किलो लिटर मात्र आपूर्ति गरिएको छ । समीक्षा अवधिमा हवाई इन्धनको आपूर्तिमा १०.१६ प्रतिशतले ह्रास आई ४१ हजार ३ सय २६ किलो लिटर रहेको छ । गत वर्षको सोही अवधिको हवाई इन्धनको आपूर्ति ४६ हजार किलो लिटर रहेको थियो ।

३.२० नेपाल सरकारले आर्थिक वर्ष २०६३/६४ देखि पेट्रोलियम पदार्थको मूल्य निर्धारण गर्दा नेपाल आयल निगमको डिपो वा भन्सार विन्दु रहेको ठाउँअनुसार थोक विक्री मूल्य ( मू.अ.करसमेत) निर्धारण गर्ने गरेको छ । पेट्रोलियम पदार्थ विराटनगर, वीरगञ्ज, अमलेखगञ्ज, काठमाडौ, पोखरा, भैरहवा, नेपालगञ्ज, सुर्खेत, धनगढी, दिपायल, महेन्द्रनगर र जनकपुरबाट थोक विक्री वितरण गर्ने व्यवस्था गरिएको छ । यस व्यवस्थाबाट ठाउँअनुसार पेट्रोलियम पदार्थको थोक मूल्य तथा खुद्रा मूल्यमा फरक पर्न सक्दछ । उदाहरणको लागि वीरगञ्ज डिपोबाट उपलब्ध हुने पेट्रोलको थोक मूल्य रु ६२ हजार ९ सय ९१ पैसा ९६ प्रति किलो लिटर रहेको छ भने दिपायल डिपोको थोक मूल्य रु. ६६ हजार १ सय ३८ पैसा रहेको छ । काठमाडौ उपत्यकाको पेट्रोलको सरदर खुद्रा मूल्य ६७ रुपैया २५ पैसा, डिजेलको ५३ रुपैया १५ पैसा, मट्टितेलका ४७ रुपैया ६५ पैसा र एल.पि. ग्याँस प्रति सिलिण्डर ९ सय रुपैया रहेको छ ।

३.२१ दुर्गम पहाडी जिल्लाहरूका जनतालाई सरल सुलभ तरिकाले खाद्यान्न उपलब्ध गराउन खाद्यान्न ढुवानीमा नेपाल सरकारबाट अनुदान दिने नीतिअनुरूप नेपालका ३० दुर्गम जिल्लाहरूमा हवाई मार्गको साथै स्थलमार्गबाट समेत खाद्यान्न ढुवानी गर्ने कार्य गरिएको छ । आर्थिक वर्ष २०६२/६३ मा ३० दुर्गम पहाडी जिल्ला/क्षेत्रहरूमा ६ हजार ५ सय ९५ मेट्रिक टन खाद्यान्न ढुवानी गरी आपूर्ति गर्ने वार्षिक लक्ष्य रहेकोमा ७ हजार ६ सय २६

मेट्रिक टन खाद्यान्न ढुवानी गरी आपूर्ति गरिएको थियो । आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा ३० दुर्गम जिल्ला/क्षेत्रहरूमा ४ हजार २ सय ६६ मेट्रिक टन खाद्यान्न ढुवानी गरी आपूर्ति गर्ने लक्ष्य लिएकोमा ५ हजार १ सय ९१ मेट्रिक टन आपूर्ति गरिएको छ । आर्थिक वर्ष २०६३/६४ भरिमा ७ हजार १ सय १० मेट्रिक टन खाद्यन्न आपूर्ति गर्ने वार्षिक लक्ष्य पूरा हुने अनुमान गरिएको छ ।

चुनौतीहरू

३.२२ देशको आर्थिक विकासमा कृषि क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । कृषि क्षेत्र अझै पनि मुख्यरूपमा मनसुनी वर्षामा निर्भर रहने अवस्था छ । यस कारणले मौसम प्रतिकूल रहँदा कृषि उत्पादनमा ह्रास आउने भई कृषि वस्तुहरूको उच्चदरले मूल्य वृद्धि हुने अवस्था सिर्जना हुने गरेको छ । यस परिप्रेक्ष्यमा कृषि क्षेत्रको विकासका लागि परम्परागत वालीहरूको सट्टा व्यावसायिक वालीहरू तर्फ उन्मुख गराउने, कृषि क्षेत्रको व्यावसायीकरण गर्न प्रयत्नरत रहने, उत्पादन वृद्धिका लागि आधुनिक प्रविधि लगायतका आधुनिकीकरणका उपायहरू अवलम्बन गर्ने र बजार विस्तार गरी कृषि क्षेत्रको उत्पादकत्व बढाउने कार्य अपरिहार्य बनेको छ ।

३.२३ विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्य वृद्धिमा भएको परिवर्तनअनुसार नियमितरूपमा मूल्यमा समायोजन नगर्नाले नेपाल आयल निगमको घाटा दिनानुदिन बढ्दै गई निगमले तिर्नुपर्ने रकम उल्लेख्य हुन पुगेको छ । भारतीय आयल निगमलाई तिर्नुपर्ने रकम तिर्न नसकेको कारण पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था नियमित हुन नसकी बारम्बार समस्या सिर्जना हुने गरेको छ । पेट्रोलियम पदार्थ जस्तो अत्यावश्यक वस्तुको आपूर्ति अनियमित हुँदा सर्वसाधारणलाई मर्का पर्ने त छँदैछ, देशको समग्र अर्थतन्त्रमा समेत दीर्घकालीन असर पर्ने भएकोले यसको नियमित आपूर्ति गर्न उपयुक्त विकल्प एवं व्यवस्थाहरू खोज्नु पर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

३.२४ नेपालको मुद्रास्फीति मापन गर्ने राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क अन्तर्गत खाद्य तथा पेयपदार्थ समूहको सूचकाङ्कमा विगत दुई वर्षदेखि निरन्तर वृद्धिको अवस्था देखिएको छ । खुला सीमानाका कारण नेपालका उत्पादनहरू (आलु, प्याज आदि) भण्डारणका लागि सीमावर्ती भारतीय बजारमा लैजाने गरिएकोले त्यसबाट उपभोक्ता मूल्यमा दोहोरो चाप देखापरेको छ । यस समस्याको निरूपण गर्न सरकारी वा निजी क्षेत्रको संलग्नतामा उपयुक्त स्थलहरु (Buffer Zone) मा ती वस्तुहरूका अतिरिक्त अन्य अत्यावश्यक वस्तुहरूको भण्डारण व्यवस्था मिलाई नियमित आपूर्ति हुने व्यवस्था मिलाउने कार्य अपरिहार्य बन्न पुगेको छ ।

# ४. मौद्रिक तथा बैंकिङ्ग स्थिति

## आर्थिक वर्ष २०६३/६४ को मौद्रिक नीति

४.१ आर्थिक वर्ष २०६३/६४ को मौद्रिक नीति नेपाल राष्ट्र बैंकले २०६३ साल श्रावण ७ गते सार्वजनिक गरेको थियो। शान्ति स्थापनातर्फ उन्मुख राजनीतिक परिवर्तन, पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण उच्च मुद्रास्फीति र निजी क्षेत्रको बढ्दो विप्रेषण आप्रवाहले सिर्जित अनुकूल शोधनान्तर स्थितिलाई ध्यानमा राखेर आर्थिक वृद्धि तथा मुद्रास्फीतिबीच सन्तुलन कायम गर्ने उद्देश्यले उक्त मौद्रिक नीति तर्जुमा भएको थियो। लक्षित आर्थिक वृद्धि हासिल गर्न अर्थतन्त्रमा पर्याप्त मात्रामा तरलता रहेको सन्दर्भमा मूल्य स्थिरतालाई केन्द्र विन्दु मानेर आर्थिक वर्ष २०६३/६४ को मौद्रिक नीतिको अडान तय गरिएको थियो । मौसमी अनुकूलता र आर्थिक वर्षको सुरुमा नयाँ राजनीतिक परिवेशमा शान्ति स्थापनाका लागि गरिएका प्रयासहरूले गर्दा आर्थिक क्रियाकलापमा सकारात्मक असर पर्ने अनुमानका आधारमा आर्थिक वृद्धिदर ५.० प्रतिशत रहने अनुमान गरिएको थियो। बाह्य क्षेत्रको अवस्था तथा उच्च विप्रेषण र वैदेशिक सहयोग आप्रवाहको स्थितिलाई विश्लेषण गरी शोधनान्तर बचत रू १६ अर्ब र मौसम अनुकूल रही खाद्यबालीहरूको मूल्यमा चापको स्थिति नरहने अनुमानको आधारमा मुद्रास्फीतिदर ६ प्रतिशत कायम रहने गरी मौद्रिक योगाङ्कहरूको प्रक्षेपण उक्त मौद्रिक नीतिमा गरिएको थियो। लक्षित आर्थिक वृद्धि र लक्षित मुद्रास्फीतिले माग गर्ने मुद्राको अतिरिक्त निजी क्षेत्रको बढ्दो विप्रेषण आप्रवाहले माग गर्ने स्वदेशी मुद्रालाई पनि ध्यानमा राखी विस्तृत मुद्रा प्रदायको वृद्धि १६.१ प्रतिशत हुने अनुमान गरिएको थियो।

४.२ आर्थिक वर्ष २०६३/६४ को मौद्रिक नीतिलाई मूल्याङ्कन गर्दा आर्थिक वर्ष २०६३/६४ को लागि पूर्वानुमान गरे भन्दा आर्थिक वृद्धिदर कम रहने देखिएको छ। केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०६३/६४ को लागि आर्थिक वृद्धिदर आधारभूत मूल्यमा २.२९ प्रतिशत र उत्पादक मूल्यमा २.५ प्रतिशत रहने अनुमान गरेको छ। मौसमको प्रतिकूलताले गर्दा धान बालीको उत्पादनमा ह्रास, राजनीतिक संक्रमणकालीन अवस्था कायमै रहेकोले औद्योगिक श्रम सम्बन्ध संतोषजनक नरहेको र तराई क्षेत्र अशान्त रहेबाट आर्थिक वर्ष २०६३/६४ मा पूर्वानुमान गरेभन्दा कम आर्थिक वृद्धिदर हुने देखिएको छ। यसैगरी, खाद्यजन्य वस्तुहरू मध्ये दाल, फलफूल, तरकारी र मरमसलाहरूको मूल्यमा भएको अनपेक्षित वृद्धिले समग्र मूल्यस्थितिमा चाप परेकोले आर्थिक वर्ष २०६३/६४ मा मुद्रास्फीति ६.६ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। त्यस्तै, आर्थिक वर्ष २०६३/६४ को वार्षिक मौद्रिक नीतिमा शोधनान्तर बचत रू. १६ अर्व रहने प्रक्षेपण गरिएकोमा विप्रेषण आप्रवाहको वृद्धि गत वर्षको तुलनामा न्यून रहनुको अतिरिक्त निर्यात व्यापार पनि निराशाजनक रहेकोले यसलाई संशोधन गरी रू. ९ अर्व रहने अनुमान गरिएको छ। शोधनान्तर बचत केही न्यून रहने प्रक्षेपण गरिएको भएता पनि आन्तरिक कर्जामा विस्तार आउने अनुमानको आधारमा विस्तृत मुद्रा प्रदाय १६.० प्रतिशतले बढ्ने संशोधित अनुमान छ।

४.३ आर्थिक वर्ष २०६३/६४ को मौद्रिक नीतिमा पनि वाणिज्य बैंकहरूको अधिक तरलतालाई सञ्चालन लक्ष्यको रूपमा कायमै राखिएको छ। मौद्रिक नीति सञ्चालनमा वाणिज्य बैंकहरूलाई समकक्षीको रूपमा लिइने व्यवस्थालाई निरन्तरता दिइएको छ। अर्थतन्त्रमा विद्यमान अधिक तरलताको मापनलाई वैज्ञानिक एवं विश्वसनीय बनाउन नेपाल राष्ट्र

बैंकको साप्ताहिक वासलातमा आधारित तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको प्रयोगलाई पनि निरन्तरता दिइएको छ। सो संरचनाले इङ्गित गरेको अधिक तरलताको परिमाणलाई आधार मानेर खुला बजार कारोवार सञ्चालन गरी मौद्रिक व्यवस्थापनको कार्यलाई लचिलो, सहज र व्यवस्थित बनाइएको छ।

## मौद्रिक उपकरणहरूको कार्यान्वयन स्थिति

४.४ आर्थिक वर्ष २०६३/६४ को मौद्रिक नीतिअनुसार बैंकदर ६.२५ प्रतिशत यथावत कायम राखिएको छ। स्वदेशी मुद्रामा उपलब्ध गराइने निर्यात कर्जाको पुनरकर्जादर ३.५ प्रतिशत र रूग्ण उद्योग पुनरकर्जा दर १.५ प्रतिशतमा नै यथावत राखिएको छ। यसका अतिरिक्त साना तथा घरेलु उद्योगहरूलाई राहत पुऱ्याउने उद्देश्यले यी उद्योगहरूमा जाने कर्जाको लागि ३.५ प्रतिशतमा पुनरकर्जा दिने व्यवस्था गरिएको छ। अनिवार्य नगद अनुपातलाई पनि ५.० प्रतिशतमा यथावत राखिएको छ।

**तालिका ४ (क) : बैंकदर, पुनरकर्जा दर र अनिवार्य नगद अनुपात**

प्रतिशतमा

| उपकरणहरू | २०६१/६२ | २०६२/६३ | २०६३/६४ |
|---|---|---|---|
| **बैंकदर** | ५.५ | ६.२५ | ६.२५ |
| **पुनरकर्जादरहरू** | | | |
| **निर्यात कर्जा* (स्वदेशी मुद्रामा)** | ३.० | ३.५ | ३.५ |
| **रूग्ण उद्योग** | १.५ | १.५ | १.५ |
| **साना तथा घरेलु उद्योग** | | | ३.५ |
| **अनिवार्य नगद अनुपात** | ६.० | ५.० | ५.० |

* ग्रामीण विकास बैंक र कृषि कर्जासमेतलाई सो दरमा पुनरकर्जा उपलब्ध गराइने गरेको। साना तथा घरेलु उद्योगलाई आर्थिक वर्ष २०६३/६४ बाट पुनरकर्जा सुविधा दिन थालिएको।
स्रोत: नेपाल राष्ट्र बैंक

**मञ्जूषा: ४ (क)**
**नेपालमा खुलाबजार सञ्चालन**

आर्थिक वर्ष २०६१/६२ देखि नेपाल राष्ट्र बैंकले खुला बजार कारोवारमा बोलकबोलको प्रणाली अपनाउँदै आएको छ। मौद्रिक उपायको रूपमा नेपाल सरकारको ट्रेजरी बिल्समा हुँदै आएको खुलाबजार कारोवारअन्तर्गत नेपाल राष्ट्र बैंकले आफ्नो स्वामित्वमा रहेको ट्रेजरी बिल्स बिक्री गर्दछ र वाणिज्य बैंकहरूसँग रहेको ट्रेजरी बिल्स आवश्यकताअनुसार खरीद गर्दछ। वास्तवमा, नेपालमा अहिले खुलाबजार कारोवारको लागि चार किसिमका उपकरणहरू प्रयोगमा छन् : बिक्री बोलकबोल, खरीद बोलकबोल, रिपो बोलकबोल र रिभर्स रिपो बोलकबोल। पहिला दुईवटा मध्यमकालीन अवधिको तरलता व्यवस्थापन गर्न र पछिल्ला दुईवटा अल्पकालीन तरलता व्यवस्थापन गर्न प्रयोग गरिन्छ। अर्थतन्त्रमा अधिक तरलताको स्थिति रह्यो र तरलता प्रशोचन गर्नुपर्ने आवश्यकता देखियो भने बिक्री बोलकबोल र रिभर्स रिपो बोलकबोल गरिन्छ। यसको विपरीत अर्थतन्त्रमा तरलताको अभाव देखियो भने खरीद बोलकबोल र रिपो बोलकबोल गरिन्छ। बिक्री बोलकबोलमा नेपाल राष्ट्र बैंकले आफूसँग भएको ट्रेजरी विल्स वाणिज्य बैंकहरूलाई विक्री गर्दछ भने खरीद बोलकबोलमा वाणिज्य बैंकहरूबाट खरीद गर्दछ। बिक्री तथा खरीद बोलकबोल गर्दा ट्रेजरी बिल्सको स्वामित्वमा परिवर्तन आउँछ। तर रिपो र रिभर्स रिपो गर्दा स्वामित्वमा परिवर्तन आउँदैन। रिपो बोलकबोलअन्तर्गत नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई ट्रेजरी विल्सको धितोमा तरलता प्रवाह गर्दछ भने रिभर्स

रिपोअन्तर्गत नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट ट्रेजरी बिल्सको धितोमा तरलता प्रशोचन गर्दछ । रिपो र रिभर्स रिपो बोलकबोल अधिकतम २८ दिनको मात्र हुन्छ भने खरीद तथा बिक्री बोलकबोल अधिकतम १ वर्षसम्मको हुन सक्दछ । चारै किसिमका खुला बजार कारोवारहरुमा नेपाल राष्ट्र बैंकले परिमाण तोक्दछ भने वाणिज्य बैंकहरूले प्रतिस्पर्धात्मकरूपमा बोलकबोल गर्दछन् । यसले गर्दा वजारमा अल्पकालीन व्याजदर निर्धारण हुन पुग्दछ । खुलाबजार कारोवारको लागि नेपाल राष्ट्र बैंकले परिमाण तोक्नको लागि तरलता अनुगमन तथा प्रक्षेपण संरचना (Liquidity Monitoring and Forecasting Framework-LMFF) लाई कार्यान्वयनमा ल्याएको छ ।

*स्रोतः नेपाल राष्ट्र बैंक*

४.५ नेपाल राष्ट्र बैंकले खुला बजार कारोवारलाई मौद्रिक व्यवस्थापनको महत्वपूर्ण उपकरणको रूपमा प्रयोग गर्दै आएको छ । आर्थिक वर्ष २०६१/६२ देखि सुरू गरिएको खरीद तथा बिक्री बोलकबोल र रिपो तथा रिभर्स रिपो बोलकबोलहरूलाई आर्थिक वर्ष २०६३/६४ को मौद्रिक नीतिले पनि निरन्तरता दिएको छ । समीक्षा अवधिमा रिपो तथा रिभर्स रिपो बोलकबोल कारोवारलाई कानुनी आधार प्रदान गर्न नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरूबीचमा मास्टर रिपर्चेज सम्झौता (Master Repurchase Agreement) सम्पन्न भएको छ । यस वर्ष आर्थिक गतिविधिमा सुधार आउन नसकेको तथा अर्थतन्त्रमा अपेक्षित मात्रामा लगानी हुन नसकेको कारण वाणिज्य बैंकहरूसँग अधिक तरलताको स्थिति विद्यमान छ । बिक्री बोलकबोल र रिर्भस रिपो बोलकबोलमार्फत वाणिज्य बैंकहरूसँग रहेको अधिक तरलताको व्यवस्थापन हुँदै आएको छ । आर्थिक वर्ष २०६३/६४ को पहिलो नौ महिनासम्ममा वाणिज्य बैंकहरूसँग रहेको अधिक तरलता व्यवस्थापन गर्ने क्रममा बिक्री बोलकबोल रू ८ अर्व ९० करोड र रिभर्स रिपो बोलकबोल रू १४ अर्व ६ करोड गरी कुल रू २२ अर्व ९६ करोड बराबरको तरलता प्रशोचन गरिएको छ । आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा बिक्री बोलकबोलमार्फत रू ५ अर्व ९७ करोड र रिभर्स रिपो बोलकबोलमार्फत रू ६ अर्व ५० करोड गरी कुल रू १२ अर्व ४७ करोड वरावरको तरलता प्रशोचन भएको थियो । त्यस्तै, आर्थिक वर्ष २०६२/६३ मा खरीद बोलकबोल र रिपो बोलकबोलमार्फत क्रमशः रू ८३ करोड र ४५ करोड गरी कुल रू १ अर्व २८ करोड बराबरको तरलता प्रवाह गरिएको थियो भने आर्थिक वर्ष २०६३/६४ को पहिलो नौ महिनाको अवधिसम्म खरीद तथा रिपो बोलकबोल गरिएको छैन । आयात व्यापारमा शिथिलता तथा विप्रेषण आप्रवाहको परिमाण उच्च कायम रहेको र नेपाली मुद्रालाई उल्लेख्य अधिमूल्यन हुन नदिन नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजारमा अमेरिकी डलरको खरीद हस्तक्षेप बढाएकोले मुद्रा बजारमा तरलता बढ्न गएको हो । यसलाई व्यवस्थापन गर्न खुला बजार कारोवारमार्फत गत वर्षको तुलनामा चालू आर्थिक वर्षको समीक्षा अवधिमा बढी रकमको तरलता प्रशोचन भएको हो । गत वर्षको प्रथम नौ महिनासम्ममा विदेशी विनिमय बजारमा गरिएको अमेरिकी डलरको खरीद तथा बिक्री हस्तक्षेपमार्फत खुद रू ३४ अर्व ६२ करोड बराबरको तरलता प्रवाह भएकोमा यस वर्षको सोही अवधिमा खुद रू ४७ अर्व ९६ करोड बराबरको तरलता प्रवाह भएको छ ।

तालिका ४ (ख) : खुला बजार कारोवार स्थिति

रू. करोडमा

| | विवरण | २०६२/६३ | | २०६३/६४ |
|---|---|---|---|---|
| | | प्रथम नौ महिना | वार्षिक | प्रथम नौ महिनासम्म |
| क | **तरलता प्रशोचन** | १२४७ | २००१ | २२९६ |
| | बिक्री बोलकबोल | ५९७ | १३५१ | ८९० |
| | रिभर्स रिपो बोलकबोल | ६५० | ६५० | १४०६ |
| ख | **तरलता प्रवाह** | १२८ | १२८ | – |
| | खरीद बोलकबोल | ८३ | ८३ | – |
| | रिपो बोलकबोल | ४५ | ४५ | – |
| ग | **खुद तरलता प्रशोचन (क- ख)** | १११९ | १८७३ | २२९६ |

स्रोत : नेपाल राष्ट्र बैंक

४.६ वाणिज्य बैंकहरूको आपतकालीन भुक्तानी व्यवस्था सहज तुल्याउन तथा सो कार्यमा मद्दत पुऱ्याउन आर्थिक वर्ष २०६१/६२ देखि सुरूवात गरिएको स्थायी तरलता सुविधा (standing liquidity facility) लाई आर्थिक वर्ष २०६३/६४ मा पनि कायम राखिएको छ। भुक्तानी प्रणालीको लागि आवश्यक भौतिक पूर्वाधारको विकास भईनसकेको परिप्रेक्ष्यलाई दृष्टिगत गरी यस सुविधाको अधिकतम अवधि ३ दिनबाट बढाई ५ दिन पुऱ्याइएको छ। आर्थिक वर्ष २०६२/६३ को नौ महिनासम्ममा वाणिज्य बैंकहरूले उक्त सुविधाअन्तर्गत कुल रू ३ अर्व २३ करोड र आर्थिक वर्षभरीमा रू. ९ अर्व ८८ करोड बराबरको ऋण उपयोग गरेकोमा आर्थिक वर्ष २०६३/६४ को पहिलो नौ महिनासम्ममा उक्त सुविधाअन्तर्गत कुल रू १६ अर्व १२ करोड ऋण उपयोग भएको छ। समीक्षा अवधिमा केही वाणिज्य बैंकहरूमा तरलताको समस्या आएकोले यस सुविधाको उपयोग बढेको हो।

४.७ आर्थिक वर्ष २०६३/६४ को मौद्रिक नीतिअनुसार रूग्ण उद्योग पुनरकर्जा कार्यक्रमलाई यथावतै राखी यसको लागि रू २ अर्व व्यवस्था भएको छ। यी उद्योगहरूको लागि प्रदान गरिने पुनरकर्जा दर १.५ प्रतिशत तोकिएको छ भने बैंक तथा वित्तीय संस्थाहरूले बढीमा ४.५ प्रतिशतसम्म ब्याजदर लगाउन पाउने व्यवस्था गरिएको छ। तर, उद्योगी र मजदुरबीचको असमझदारी, राजनीतिक गतिरोध, बन्द, हड्तालजस्ता कारणहरूले गर्दा औद्योगिक वातावरणमा शिथिलता आएकोले आर्थिक वर्ष २०६३/६४ को पहिलो नौ महिनाको अवधिमा उक्त सुविधाअन्तर्गत कुल रू १५ करोड ४९ लाख मात्र उपयोग भएको छ। अघिल्लो आर्थिक वर्ष २०६२/६३ भरिमा यस्तो पुनरकर्जा रू ४६ करोड ९ लाख प्रदान गरिएको थियो।

४.८ वाणिज्य बैंकहरूबाट विपन्न वर्गमा प्रभावकारी र वास्तविकरूपमा कर्जा प्रवाह होस् भन्ने उद्देश्यले विपन्नवर्ग कर्जा कार्यान्वयन प्रक्रियामा सुधार ल्याउन समीक्षा अवधिमा विभिन्न नीतिगत व्यवस्था गरिएको छ। समीक्षा अवधिमा विपन्न वर्ग कर्जामा गणना गरिने प्रावधानहरू र कर्जा नोक्सानी व्यवस्था सम्बन्धमा केही समसामयिक व्यवस्था गरिएको छ। गरिबीको रेखामुनि रहेका जनताको आय र रोजगार बढाउन वाणिज्य बैंकहरूले विपन्न वर्गमा कर्जा प्रवाह गर्दा कुनै इजाजतप्राप्त वित्तीय संस्था वा नेपाल राष्ट्र बैंकबाट इजाजत पाएका सहकारी संस्थालाई सम्बन्धित बैंक आफै संलग्न भई तयार गरेको परियोजना अन्तर्गत आफ्नो सुपरिवेक्षणमा थोक मात्रामा उपलब्ध गराइएको ऋणलाई विपन्न वर्ग कर्जामा गणना गरिने व्यवस्था गरिएको छ। नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त सहकारी

संस्थाहरूलाई विपन्न वर्गमा लगानी गर्ने गरी थोक कर्जा उपलब्ध गराउन सक्ने र यसरी उपलब्ध गराइएको कर्जा विपन्न वर्गमा लगानी भए/नभएको सम्बन्धित बैंकबाट नै अनुगमन गरी ६/६ महिनामा सोको विवरण राष्ट्र बैंकमा पठाउनुपर्ने व्यवस्था गरिएको छ। साथै, उक्त प्रयोजनका लागि उपलब्ध गराइएको थोक कर्जा दुरूपयोग भएको पाइएमा दुरूपयोग भएको कर्जा बराबरको रकम विपन्न वर्गमा गणना नगरिने व्यवस्थासमेत कायम गरिएको छ।

४.९ वाणिज्य बैंकहरूबाट विपन्न वर्ग कर्जा अन्तर्गत लघु वित्तसम्बन्धी कारोवार गर्ने विकास बैंकहरूले आर्थिक वर्ष २०६३/६४ भन्दा अगाडि तथा चालू आर्थिक वर्ष २०६३/६४ मा प्राप्त गरेको कर्जा रकमसमेत गरी कायम हुन आउने रकममध्ये पहिलो वर्ष अर्थात् आर्थिक वर्ष २०६३/६४ मा न्यूनतम १० प्रतिशत, दोस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०६४/६५ मा न्यूनतम ४० प्रतिशत, तेस्रो वर्ष अर्थात् आर्थिक वर्ष २०६५/६६ मा न्यूनतम ६० प्रतिशत, चौथो वर्ष अर्थात् आर्थिक वर्ष २०६६/६७ मा न्यूनतम ७० प्रतिशत र पाँचौं वर्ष अर्थात् आर्थिक वर्ष २०६७/६८ देखि शतप्रतिशत विपन्न वर्गमा अनिवार्यरूपमा कर्जा प्रवाह गर्नु पर्ने र सोअनुरूप लगानी नगर्ने लघु वित्तसम्बन्धी कारोवार गर्ने विकास बैंकहरूलाई वाणिज्य बैंकहरूबाट प्रवाह हुने कर्जा विपन्न वर्ग कर्जामा गणना नहुने व्यवस्था कायम गरिएको छ।

४.१० नेपाल सरकारको बजेटमा उल्लेख भएको रू १७ अर्व ९० करोडमध्ये समीक्षा अवधिमा कुल रू १० अर्व ३ करोड बराबरको आन्तरिक ऋण परिचालन भएको छ। उक्त आन्तरिक ऋण परिचालनको लागि रू ६ अर्व ३९ करोड बराबरको नयाँ ट्रेजरी बिल्स, रू ३ अर्व ३० करोड बराबरको विकास ऋणपत्र र रू ३४ करोड बराबरको नागरिक बचतपत्र जारी भएको छ। १२-वर्षे अवधि तथा ६.५० प्रतिशत ब्याजदर तोकिएको विकास ऋणपत्रहरू बोलकबोलको आधारमा निष्काशन गर्दा प्रिमियममा बिक्री भएको छ। विकास ऋणपत्रहरू नेपाल स्टक एक्स्चेन्जमा सूचीकरण गरी मिति २०६३ मङ्सिर १९ देखि दोस्रो बजार कारोवारसमेत सुरू गरिएको छ।

४.११ अल्पकालीन तरलता व्यवस्थापनको लागि वाणिज्य बैंकहरूले एकआपसमा गर्ने अन्तरबैंक कारोवार समीक्षा अवधिमा गत वर्ष भन्दा केही कमी आएको छ। गत वर्षको पहिलो नौ महिनामा रू. १४४ अर्व ६७ करोड अन्तरबैंक कारोवार भएकोमा चालू आर्थिक वर्ष (२०६३/६४) को नौ महिनामा उक्त कारोवारमा १८.१ प्रतिशतले कमी आई रू. ११८ अर्व ५१ करोड बराबरको अन्तरबैंक कारोवार भएको छ।

४.१२ समीक्षा अवधिमा अल्पकालीन ब्याजदरहरू स्थिर रहेका छन्। उदाहरणको लागि समीक्षा अवधिमा ९१-दिने ट्रेजरी बिल्सको भारित औसत ब्याजदर १.८५ प्रतिशत देखि २.९९ प्रतिशतको बीचमा रहेको छ। त्यस्तै, भारित औसत अन्तरबैंक कारोवारदर न्यूनतम १.२० प्रतिशतदेखि अधिकतम ३.०३ प्रतिशतसम्म रहेको छ। खुलाबजार कारोबारमार्फत तरलता व्यवस्थापन हुन गएकोले अल्पकालीन ब्याजदरमा स्थिरता आएको हो।

**<u>मौद्रिक योगाङ्कहरूको स्थिति</u>**

४.१३ आर्थिक वर्ष २०६३/६४ को पहिलो आठ महिनामा विस्तृत मुद्रा प्रदाय ११.४ प्रतिशतले विस्तार भएको छ। गत वर्षको सोही अवधिमा विस्तृत मुद्रा प्रदाय ८.४ प्रतिशतले वृद्धि भएको थियो। मौद्रिक क्षेत्रको खुद आन्तरिक सम्पत्तिको वृद्धि उच्च रहेकाले मौद्रिक विस्तार भएको हो। समीक्षा अवधिमा खुद आन्तरिक सम्पत्ति गत वर्षको तुलनामा १३.२ प्रतिशतले वृद्धि भएको छ। विस्तृत मुद्राका अंशहरू मध्ये संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष ६.३

प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६३/६४ को पहिलो आठ महिनामा ५.८ प्रतिशतले विस्तार भएको छ। विस्तृत मुद्रा प्रदायको अर्को अंश आवधिक निक्षेप अघिल्लो वर्ष ९.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १४.१ प्रतिशतले बढेको छ। विप्रेषण आप्रवाह, सेवा क्षेत्रको विस्तार तथा वाणिज्य बैंकहरूको आवधिक निक्षेप परिचालनसम्बन्धी आकर्षक योजनाहरूले गर्दा आवधिक निक्षेप बढ्न गएको हो।

### तालिका ४ (ग) : मौद्रिक सर्वेक्षण

(प्रतिशत परिवर्तन)

रु. करोडमा

| सि. नं. | शीर्षक | प्रथम आठ महिना | | | |
|---|---|---|---|---|---|
| | | २०६२/६३* | | २०६३/६४** | |
| | | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | खुद वैदेशिक सम्पत्ति | १३६५.४५+ | १२.७ | १२१९.३१++ | ८.७ |
| २ | खुद आन्तरिक सम्पत्ति | ११७३.२०+ | ६.१ | २७३८.९६++ | १३.२ |
| | २.१ कुल आन्तरिक कर्जा | १६३२.३२ | ५.८ | ११९२.५३ | ३.७ |
| | कुल आन्तरिक कर्जा# | १६३२.३२ | ५.८ | २७९४.९१ | ८.७ |
| | क) सरकारलाई गएको खुद कर्जा | -१९२.१३ | -३.० | -८२०.३५ | -११.६ |
| | ख) गैर वित्तीय सरकारी संस्थानलाई कर्जा | -३३.१३ | -५.० | ९.७३ | २.१ |
| | ग) सरकार तथा गैर सरकारी वित्तीय संस्थालाई गएको कर्जा | -१५.१७ | -१.२ | ९९७.३४ | २७८.४ |
| | घ) निजी क्षेत्रलाई गएको कर्जा | १८७२.७५ | ९.५ | १००५.८२ | ४.१ |
| | निजी क्षेत्रलाई गएको कर्जा# | १८७२.७५ | ९.५ | २६०८.२० | १०.७ |
| | २.२ खुद अमौद्रिक दायित्व | ४५९.११+ | ५.२ | -१५४६.४३++ | -१३.४ |
| | खुद अमौद्रिक दायित्व# | ४५९.११ | ५.२ | ५५.९५++ | ०.५ |
| ३ | विस्तृत मुद्रा प्रदाय, एम$_२$ | २५३८.६५ | ८.४ | ३९५८.२७ | ११.४ |
| | ३.१ मुद्रा प्रदाय, एम$_१$ | ६३५.२४ | ६.३ | ६५८.९३ | ५.८ |
| | ३.२ मुद्दती | १९०३.४१ | ९.५ | ३२९९.३३ | १४.१ |

* अपरिष्कृत, ** अनुमानित,

\# नेपाल बैंक लि. र राष्ट्रिय वाणिज्य बैंकले अपलेखन गरेको कर्जा रु. १६.२ करोड समायोजित

\+ विदेशी विनिमय मूल्याङ्कन नाफा रु. ४४.९१ करोड समायोजित

++ विदेशी विनिमय मूल्याङ्कन नोक्सान रु. ५२७.८५ करोड समायोजित

स्रोत : नेपाल राष्ट्र बैंक

४.१४ मुद्रा प्रदायमा विस्तारकारी प्रभाव पार्ने कारकहरू मध्ये खुद वैदेशिक सम्पत्ति (विनिमय मूल्याङ्कन नाफा-नोक्सान समायोजित) गत वर्षको प्रथम आठ महिनामा १२.७ प्रतिशत (रु. १३ अर्व ६५ करोड) ले बढेकोमा समीक्षा अवधिमा ८.७ प्रतिशत (रु. १२ अर्व १९ करोड) ले मात्र बढेको छ। समीक्षा अवधिमा निर्यात घटेको तथा विप्रेषण आप्रवाहको वृद्धिदर गत वर्षको तुलनामा न्यून रहेको कारणले गर्दा खुद वैदेशिक सम्पत्तिको वृद्धि गत वर्ष भन्दा कम रहेको हो।

४.१५ मुद्राप्रदायमा विस्तारकारी प्रभाव पार्ने अर्को कारक तत्वमध्ये कुल आन्तरिक कर्जा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा ५.८ प्रतिशतले विस्तार भएकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा (नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले खराव कर्जा तथा बक्यौता ब्याजको केही अंश गरी कुल रू १६ अर्व २ करोड अपलेखन गरेको र सो अपलेखित कर्जालाई समायोजन गर्दा) ८.७ प्रतिशतले बढेको छ। नेपाल बैंक लि. र राष्ट्रिय

वाणिज्य बैंकको उक्त अपलेखन कर्जालाई समायोजन नगर्ने हो भने कुल आन्तरिक कर्जा समीक्षा अवधिमा ३.७ प्रतिशतले मात्र बढेको छ । वाणिज्य बैंकहरूले वित्त कम्पनी तथा विकास बैंकहरूमा अल्पकालीन लगानी बढाएकाले मौद्रिक क्षेत्रको गैर-सरकारी वित्तीय संस्थामाथिको कर्जा विस्तार हुन गई आन्तरिक कर्जामा विस्तार आएको हो ।




४.१६ आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा नेपाल सरकारमाथिको खुद दावी (आई.एम.एफ. प्रोमिसरी नोट र सरकारले जारी गरेको सिक्का समावेश नगर्दा) ११.६ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष यसै अवधिमा यस्तो दावी ३.० प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा राजस्व सङ्कलनको तुलनामा सरकारको पुँजीगत खर्चको विस्तार कम भई बचत कायम हुन गएकोले सरकारमाथिको मौद्रिक क्षेत्रको दावी घटेको हो ।




* प्रथम आठ महिना

४.१७ आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी २.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यसै अवधिमा यस्तो दावी ५.० प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा  नेपाल आयल निगम, नेपाल खाद्य संस्थान, नेशनल ट्रेडिङ्ग लिमिटेड, गोरखापत्र संस्थान र जनकपुर चुरोट कारखाना लिमिटेडले बैकिङ्ग क्षेत्रबाट थप कर्जा उपयोग गरेकोले उक्त दावी केही बढेको हो ।

४.१८ आन्तरिक कर्जाको मुख्य अंश निजी क्षेत्रतर्फको कर्जा आर्थिक वर्ष २०६२/६३ को पहिलो आठ महिनामा ९.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा (नेपाल बैंक लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंकले समीक्षा अवधिमा गरेको रू. १६ अर्व २ करोड वरावरको बक्यौता कर्जा अपलेखनलाई समावेश गर्दा) १०.७ प्रतिशतले बढेको छ । उक्त वक्यौता कर्जालाई समावेश नगर्ने हो भने निजी क्षेत्रतर्फको कर्जा समीक्षा अवधिमा ४.१ प्रतिशतले मात्र बढेको देखिन्छ । निर्यातमा ह्रास, आयातको वृद्धिदरमा कमी र औद्योगिक क्षेत्रमा शिथिलता जस्ता कारणले निजी क्षेत्रतर्फको बैङ्क कर्जा वृद्धि अपेक्षितरूपमा रहन नसकेता पनि ब्याज दर न्यून रहेको र निजीक्षेत्रका बैंकहरूले लगानीका नयाँ क्षेत्र पहिचान गरी कर्जा व्यवसायमा विविधीकरण ल्याएको कारण उपरोक्त कर्जा विस्तार भएको हो ।

४.१९ आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा मुद्रा प्रदायमा संकुचनकारी भूमिका खेल्ने खुद गैर-मौद्रिक दायित्व ५.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ०.५ प्रतिशतले मात्र बढेको छ । नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले खराब कर्जा र ब्याजको केही अंश अपलेखन गरेकोले कर्जा नोक्सानी व्यवस्था र ब्याज मुल्तबी हिसाब घट्न गई गैरमौद्रिक दायित्व वृद्धि समीक्षा अवधिमा कम रहेको हो ।

## वाणिज्य बैंकहरूको निक्षेप, तरलता र कर्जा स्थिति

४.२० वाणिज्य बैंकहरूको साधनको प्रमुख स्रोतको रूपमा रहेको निक्षेप परिचालन आर्थिक वर्ष २०६३/६४ को पहिलो आठ महिनामा वृद्धि भएको छ । गत वर्षको प्रथम आठ महिनामा कुल निक्षेप ७.६ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६३/६४ को पहिलो आठ महिनामा १२.३ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा विप्रेषण आप्रवाहको सन्तोषजनक वृद्धिका साथै वाणिज्य बैंकहरूले आवधिक निक्षेप परिचालनका लागि सञ्चालन गरेको आकर्षक कार्यक्रमहरूले गर्दा कुल निक्षेपको वृद्धिदर बढ्न गएको हो । आर्थिक वर्ष २०६२/६३ को पहिलो आठ महिनामा चल्ती निक्षेप वृद्धि ३.१ प्रतिशतले ऋणात्मक रहेकोमा समीक्षा अवधिमा ५.४ प्रतिशतले धनात्मक भएको छ । बचत निक्षेप गत वर्ष ७.९ प्रतिशतले विस्तार भएकोमा समीक्षा अवधिमा ९.० प्रतिशतले बढेको छ । समीक्षा अवधिमा मुद्दती निक्षेप २०.२ प्रतिशतको उच्च दरले विस्तार भएको छ । गत वर्ष सोही अवधिमा मुद्दती निक्षेप ११.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा मार्जिन निक्षेपमा ४.८ प्रतिशतले ह्रास आएको छ । गत वर्ष उक्त निक्षेपको वृद्धिदर १.३ प्रतिशत रहेको थियो । आयातमा आएको शिथिलताले गर्दा मार्जिन निक्षेपको वृद्धिदर घट्न गएको हो । वाणिज्य बैंकहरूको कुल निक्षेप र कर्जा तथा लगानीको अनुपात गत वर्षको पहिलो आठ महिनामा ८६.० प्रतिशत रहेकोमा समीक्षा अवधिमा ८२.१ प्रतिशत रहेको छ ।



## तालिका ४ (घ) : वाणिज्य बैंकहरूको निक्षेप, तरलता र कर्जा स्थिति

(प्रतिशत परिवर्तन)

रु. करोडमा

| क.स. | शीर्षक | प्रथम आठ महिना | | | |
|---|---|---|---|---|---|
| | | २०६२/६३* | | २०६३/६४** | |
| | | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **१** | **कुल निक्षेप** | **१९१४.५८** | **७.६०** | **३५७९.८२** | **१२.३०** |
| | १.१ चल्ती | -१०५.८६ | -३.१० | १९४.५८ | ५.४० |
| | १.२ बचत | १०२६.४२ | ७.९० | १३७१.९२ | ९.०० |
| | १.३ मुद्धती | ९९१.२३ | ११.८० | २०२५.२६ | २०.२० |
| | १.४ मार्जिन | २.८० | १.३० | -११.९५ | -४.८० |
| **२** | **तरल मौज्दात** | **८५.४३** | **१.७०** | **३९३.३९** | **६.४०** |
| **३** | **कर्जा तथा सापटी** | **२१०३.४७** | **८.१०** | **१६५२.२८** | **५.४०** |
| | कर्जा तथा सापटी# | २१०३.४७ | ८.१० | ३२५४.६६ | १०.६० |
| | ६.१ सरकारलाई गएको खुद कर्जा | १३६.०१ | २.८० | -२२८.४१ | -३.९० |
| | ६.२ गैर-वित्तीय सरकारी संस्थानलाई कर्जा | -३३.१३ | -५.१० | ९.७३ | २.१० |
| | ६.३ सरकारी तथा गैर-सरकारी वित्तीय संस्थालाई गएको कर्जा | -३.१० | -०.३० | १०२६.५७ | ४०३.६० |
| | ६.४ निजी क्षेत्रलाई गएको कर्जा | १९६१.५३ | १०.१० | ८६८.६८ | ३.६० |
| | निजी क्षेत्रलाई गएको कर्जा# | १९६१.५३ | १०.१० | २४७१.०६ | १०.३० |
| | ६.५ वैदेशिक विल खरिद | ४२.१६ | ४०.०० | -२४.२९ | -१९.२० |

* अपरिष्कृत, ** अनुमानित

# नेपाल बैंक लि. र राष्ट्रिय वाणिज्य बैंकले अपलेखन गरेको कर्जा रु. १६.२ करोड समायोजित

स्रोत: नेपाल राष्ट्र बैंक

४.२१ वाणिज्य बैंकहरूको तरल सम्पत्तिको वृद्धिदर गत आर्थिक वर्षको आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा वृद्धि भएको छ। गत वर्ष सो सम्पत्ति १.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ६.४ प्रतिशतले बढ्केको छ। वाणिज्य बैंकहरूको तरल सम्पत्तिका अंशहरू मध्ये विदेशी मौज्दात गत वर्ष २१.५ प्रतिशतले बढेकोमा नेपाली मुद्राको तुलनामा अमेरिकी डलर अवमूल्यन भएकोले चालू वर्ष ६.७ प्रतिशतले मात्र बढेको छ।




* प्रथम आठ महिना

\+ कर्जा तथा लगानीमा सरकारमाथिको दावी समावेश नभएको

४.२२ गत आर्थिक वर्षको पहिलो आठ महिनामा वाणिज्य बैंकहरूको कर्जा तथा लगानी (साँवा र व्याज) ८.१ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा ५.४ प्रतिशतले मात्र बढेको छ। राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लि. ले अपलेखन गरेको कर्जालाई समायोजन गर्दा समीक्षा अवधिमा कुल कर्जा तथा लगानी १०.६ प्रतिशतले बढेको छ । वाणिज्य बैंकहरूको कर्जा तथा लगानीका विभिन्न क्षेत्रहरू मध्ये वित्तीय तथा गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी गत वर्षको प्रथम आठ महिनामा ५.१ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा २.१ प्रतिशतले बढेको छ। नेपाल आयल निगम, नेशनल ट्रेडिङ्ग लिमिटेड, जनक शिक्षा सामग्री केन्द्र र जनकपुर चुरोट कारखाना लिमिटेडले बैकिङ्ग क्षेत्रबाट थप कर्जा उपयोग गरेकोले गैर-वित्तीय सरकारी संस्थानमाथिको दाबी केही बढेको हो। त्यस्तैगरी, अघिल्लो वर्ष ०.३ प्रतिशतले मात्र घटेको वित्तीय संस्थाहरूमाथिको दाबी चालू आर्थिक वर्षको पहिलो आठ महिनामा उल्लेख्यरूपमा बढेको छ। वाणिज्य बैंकहरूले विकास बैंक तथा वित्त कम्पनीहरूमा अल्पकालीन लगानी गरेकोले गैरसरकारी वित्तीय संस्थाहरूमाथिको दाबी बढेको हो। आर्थिक वर्ष २०६३/६४ को पहिलो आठ महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा निजी क्षेत्रतर्फको कर्जा वृद्धि सीमान्त दरले बढ्न गएको छ। गत वर्ष उक्त कर्जा १०.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १०.३ प्रतिशतले बढ्को छ। राजनीतिक परिवर्तनको बावजूद अपेक्षाकृत शान्तिको वातावरण स्थापित हुन नसकेको, उद्योगी मजदुर बीच असमझदारी बढेको र तराई आन्दोलन जस्ता कारणहरूले गर्दा लगानी वातावरण अनिश्चित तथा अन्यौल रहेकोले उक्त कर्जाको वृद्धिमा सीमान्त रूपले मात्र सुधार भएको हो। खासगरी निजी क्षेत्रका बैंकहरूले नयाँ लगानीका क्षेत्रहरू पहिल्याई कर्जा व्यवसायमा विविधीकरण गरेकाले निजी क्षेत्रतर्फ जाने कर्जा केही बढेको हो। क्षेत्रगतरूपमा वाणिज्य बैंकहरूको कर्जा (साँवा मात्र) वितरणलाई विश्लेषण गर्दा कुल कर्जा वितरणमा उत्पादन क्षेत्रमा २८.०८ प्रतिशत, थोक विक्रेता र खुद्रा विक्रेताको क्षेत्रमा २०.१५ प्रतिशत, निर्माणतर्फ ८.०९ प्रतिशत, सेवा उद्योगमा ७.५४ प्रतिशत र कृषि क्षेत्रमा ६.८८ प्रतिशत रहेको छ।







* प्रथम आठ महिना

४.२३ कृषि विकास बैंक लिमिटेडले आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा रू. ८ अर्व ५० करोड ३२ लाख कर्जा वितरण गरेकोमा समीक्षा अवधिमा कर्जा वितरण ४.९ प्रतिशतले वृद्धि भई रु. ८ अर्व ९० करोड २५ लाख पुगेको छ । साँवा असुलीतर्फ गत वर्षको प्रथम आठ महिनामा रू. ७ अर्व १९ करोड २ लाख असुली भएकोमा समीक्षा अवधिमा कुल असुली ९.६ प्रतिशतले वृद्धि भई रु. ७ अर्व ८८ करोड ६७ लाख रहेको छ । समीक्षा अवधिमा कृषि विकास बैंकको उठाउन बाँकी कर्जा रू. २३ अर्व २० करोड २८ लाख रहेको छ ।

## वाणिज्य बैंकहरूको शाखा विस्तार

४.२४ २०६२ चैत्रमा वाणिज्य बैंकहरूको कुल शाखा संख्या ४ सय ३५ रहेकोमा २०६३ चैत्रमा ५ सय ४६ पुगेको छ । २०६३ वैशाखमा कृषि विकास बैंक पनि "क" वर्गको वित्तीय संस्था (वाणिज्य बैंक) मा परिणत हुन गएकोले यस बैंकका सम्पूर्ण शाखाहरू समावेश गर्दा शाखा संख्या उच्च रहेको हो ।

**तालिका ४ (ङ) : वाणिज्य बैंकहरू र तिनीहरूको शाखा संख्या**

| क.स. | वाणिज्य बैंकहरू | २०६२ चैत्र | २०६३ चैत्र |
|---|---|---|---|
| १ | नेपाल बैंक लिमिटेड | १०२ | ९६ |
| २ | राष्ट्रिय वाणिज्य बैंक | ११४ | ११४ |
| ३ | नविल बैंक | १६ | १७ |
| ४ | नेपाल इन्भेष्टमेन्ट बैंक | १३ | १४ |
| ५ | स्टाण्डर्ड चार्टर बैंक | ९ | १० |
| ६ | हिमालयन बैंक | १६ | १५ |
| ७ | नेपाल एसबीआइ बैंक | १३ | १६ |
| ८ | नेपाल बंगलादेश बैंक | १७ | १७ |
| ९ | एभरेष्ट बैंक | १९ | २० |
| १० | बैंक अफ काठमाडौं | १० | १३ |
| ११ | नेपाल क्रेडिट एण्ड कमर्श बैंक | १७ | १७ |
| १२ | नेपाल इण्डष्ट्रियल एण्ड कमर्शियल बैंक | १० | १० |
| १३ | लुम्विनी बैंक | ६ | ५ |
| १४ | माछापुच्छ्रे बैंक | १२ | १२ |
| १५ | कुमारी बैंक | ५ | ८ |
| १६ | लक्ष्मी बैंक | ५ | ९ |
| १७ | सिद्धार्थ बैंक | ४ | ५ |
| १८ | कृषि विकास बैंक | ४७ | १४७ |
| १९ | ग्लोवल बैंक | | १ |
| | कुल जम्मा | ४३५ | ५४६ |

स्रोत : नेपाल राष्ट्र बैंक

## बैंकिङ्ग वित्तीय संस्थाहरूको साधनको श्रोत र उपयोगको स्थिति

४.२५ देशको बैंकिङ्ग प्रणालीमा वाणिज्य बैंकका अतिरिक्त विकास बैंक, वित्त कम्पनी र लघुवित्तसम्बन्धी कारोवार गर्ने वित्तीय संस्थाहरूको भूमिका पनि विस्तार हुँदै गएको छ । २०६४ वैशाख मसान्तसम्म विकास बैंकहरू ("ख" वर्गका वित्तीय संस्था), वित्त कम्पनीहरू ("ग" वर्गका वित्तीय संस्था) र लघु वित्तसम्बन्धी कारोवार गर्ने ग्रामीण विकास बैंक लगायत निजी क्षेत्रका लघुवित्त विकास बैंकहरू ("घ" वर्गका वित्तीय संस्था) को संख्या क्रमशः ३७,

७३ र ११ पुगेको छ। यी बाहेक नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त १७ वटा वित्तीय सहकारी संस्थाहरू तथा ४७ वटा वित्तीय गैर-सरकारी संस्थाहरू सञ्चालनमा रहेका छन्। बचत तथा कर्जा लगानीका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिएका संस्थाहरू बाहेक सहकारी विभागबाट स्वीकृति प्राप्त गरी सहकारी ऐन अन्तर्गत सञ्चालनमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरूको संख्या २०६३ आषाढ मसान्तमा २ हजार ९ सय १२ पुगेको छ।

४.२६ २०६३ पौष मसान्तमा ३५ वटा विकास बैंकहरूको कुल सम्पत्ति/दायित्व रू.१७ अर्व रहेको छ। २०६३ आषाढ मसान्तको तुलनामा यो रकम ७१.७ प्रतिशतले न्यून छ। यसको मुख्य कारणमा विकास बैंकहरूको सम्पत्ति/दायित्वमा सबैभन्दा ठूलो हिस्सा ओगटेको कृषि विकास बैंक, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अन्तर्गत वाणिज्य बैंकमा परिणत हुनु हो। २०६३ पौष मसान्तमा विकास बैंकहरूको कुल निक्षेप रू.११ अर्व ७१ करोड र कुल कर्जा तथा सापटी रू.११ अर्व २९ करोड रहेको छ।

४.२७ वित्त कम्पनीहरूको कुल साधन आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनामा ११.३ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा १५.८ प्रतिशतले वृद्धि भई २०६३ पौष मसान्तमा रू.४५ अर्व पुगेको छ। यी कम्पनीहरूको कुल साधनमा दायित्वतर्फ सबैभन्दा ठूलो हिस्सा (७०.२ प्रतिशत) ओगटेको निक्षेपको वृद्धिदर आर्थिक वर्ष २०६२/६३ को प्रथम ६ महिनामा ८.९ प्रतिशत रहेकोमा २०६३/६४ को सोही अवधिमा १५.७ प्रतिशत रही कुल निक्षेप रू. ३१ अर्व ६० करोड पुगेको छ। आर्थिक वर्ष २०६३/६४ को प्रथम ६ महिनामा यी कम्पनीहरूको पुँजीकोष ५.२ प्रतिशतले वृद्धि भई रू. ५ अर्व १४ करोड पुगेको छ। सम्पत्तितर्फ ठूलो अंश (६९.२ प्रतिशत) ओगटेको कुल कर्जा तथा सापटी आर्थिक वर्ष २०६३/६४ को प्रथम छ महिनामा १५.० प्रतिशतले वृद्धि भई रू. ३१ अर्व १५ करोड पुगेको छ।

४.२८ नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त ११ वटा लघुवित्त संस्थाहरू मध्ये ग्रामीण लघुवित्त विकास केन्द्र र साना किसान विकास बैंक लि. थोक लघु कर्जा वितरक हुन् भने अन्य ९ वटा संस्थाहरू प्रत्यक्षतः लघुकर्जा कारोवारमा संलग्न छन्। लघु वित्त कारोबार गर्ने यी संस्थाहरूको कुल साधन आर्थिक वर्ष २०६३/६४ को प्रथम छ महिनामा १५.० प्रतिशतले वृद्धि भई रू. ९ अर्व ४२ करोड पुगेको छ। आर्थिक वर्ष २०६३/६४ को प्रथम छ महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा यस्ता विकास बैंकहरूको कुल निक्षेप ६.७ प्रतिशतले वृद्धि भई रू.९९ करोड ४० लाख, ऋण तथा सापटी १५.६ प्रतिशतले वृद्धि भई रू. ६ अर्व १५ करोड र पुँजीकोष ११.४ प्रतिशतले वृद्धि भई रू. १ अर्व ६ करोड पुगेको छ। साधनको उपयोगतर्फ तरल सम्पत्ति २०.४ प्रतिशतले वृद्धि भई रू. १ अर्व ५९ करोड, लगानी १४.१ प्रतिशतले बढेर रू. १ अर्व ९१ करोड र कर्जा तथा सापटी १५.२ प्रतिशतले वृद्धि भई रू. ४ अर्व ९५ करोड पुगेको छ।

४.२९ लघुवित्त कारोवार गर्ने विकास बैंक, सहकारी संस्था, गैरसरकारी संस्था आदिलाई थोक कर्जा उपलव्ध गराउने उद्देश्यले २०५५ सालमा स्थापना भएको ग्रामीण लघुवित्त विकास केन्द्रले चालू आर्थिक वर्षको प्रथम आठ महिनामा रू.२ अर्व १९ करोड ऋण स्वीकृत गरेको छ। सोही अवधिको ऋण लगानी र ऋण असुली क्रमशः रू १ अर्व ६५ करोड र रू.७२ करोड ६० लाख रहेका छन् भने लगानीमा रहेको ऋण रू ९२ करोड ४३ लाख पुगेको छ।

४.३० साना किसान सहकारी संस्थाहरूलाई थोक कर्जा उपलव्ध गराउने उद्देश्यले नेपाल सरकार, कृषि विकास बैंक, नेपाल बैंक लि., नेविल बैंक लि. र साना किसान सहकारी संस्थाहरूको

शेयर लगानीमा २०५८ सालमा स्थापित साना किसान विकास बैंक लि. ले साना किसान सहकारी संस्थाहरूलाई थोक कर्जा प्रदान गर्दै आएको छ। यस्ता सहकारी संस्थाहरूको संख्या २०६३ वैशाख मसान्तमा १ सय ३३ रहेकोमा २०६४ वैशाख मसान्तमा १ सय ९३ पुगेको छ। २०६४ वैशाख मसान्तसम्ममा यस बैंकले रू.५३ करोड ४८ लाख ९५ हजार ऋण लगानी गरेको छ। सोही अवधिसम्म बैंकले सांवा रू.४९ करोड ९३ लाख र व्याज रू.७ करोड ४४ लाख गरी जम्मा रू.५७ करोड ३७ लाख असुली गरेको छ। २०६४ वैशाख मसान्तसम्म बैंकको लगानीमा रहेको रकम रू.१ अर्व २५ करोड २३ लाख छ।

४.३१ नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त 'घ' वर्गका लघुवित्त संस्थाहरू मध्ये नेपाल सरकार र नेपाल राष्ट्र बैंकको शेयर स्वामित्वमा देशका ५ वटै विकास क्षेत्रहरूमा स्थापित ५ वटा ग्रामीण विकास बैंकहरूले ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गका महिलाहरूलाई समूहीकृत गरी विविध किसिमका आयमूलक काममा संलग्न गराउनका लागि वित्तीय साधनको परिपूर्ति गरिरहेका छन्। यी बैंकहरूले २०६३ साल पौष मसान्तसम्ममा मुलुकका ४७ जिल्लाका १ हजार ४४ गाउँ विकास समितिहरूमा ५ हजार २ सय ७ केन्द्रमार्फत ३६ हजार ८ सय ७५ समूह गठन गरी जम्मा १ लाख ८० हजार ८ सय ३४ महिला सदस्यहरू मध्ये १ लाख ६१ हजार ३ सय ८५ जनालाई विना धितो लघु कर्जा प्रवाह गरी उनीहरूलाई स्थानीय सीप, साधन र स्रोतको परिचालन गरेर आर्थिक क्रियाकलाप सञ्चालन गरी आय आर्जन गर्ने कार्यमा सहयोग पुऱ्याएका छन्। यी ग्रामीण विकास बैंकहरूले स्थापनाकालदेखि हालसम्ममा जम्मा रू.१५ अर्व २८ करोड कर्जा प्रवाह गरेका छन्। यसमध्ये रू. १३ अर्व ५१ करोड असुल गरी जम्मा रू. १ अर्व ७६ करोड उठाउन बाँकी रहेको छ। २०६३ पौष मसान्तसम्ममा बैंकका सहभागी सदस्यहरूबाट समूहकोष बचततर्फ रू. ३९ करोड ३१ लाख र व्यक्तिगत बचततर्फ रू. ७ करोड ७४ लाख गरी जम्मा रू. ४७ करोड ६ लाख बचत निक्षेप जम्मा भएको छ। यी विकास बैंकहरूका विभिन्न कार्यालयहरूमा २०६३ पौष मसान्तमा १ हजार २ कर्मचारीहरू कार्यरत रहेका छन्।

४.३२ २०४९ मा स्थापना भएको पूर्वाञ्चल ग्रामीण विकास बैंकले २०६३ पौष मसान्तसम्म पूर्वाञ्चल विकास क्षेत्रका ९ जिल्लाका ५२ हजार ४ सय ७७ ऋणीहरूलाई रू. ६ अर्व ११ करोड ९८ लाख ८० हजार कर्जा वितरण गरेको छ। यसरी वितरण गरिएको कर्जामध्ये २०६३ पौष मसान्तसम्ममा रू. ५ अर्व ४५ करोड ९७ लाख ४६ हजार असुली भई रू. ६६ करोड १ लाख ३४ हजार उठाउन बाँकी छ।

४.३३ २०५३ मा स्थापना भएको मध्यमाञ्चल ग्रामीण विकास बैंकले २०६३ पौष मसान्तसम्म मध्यमाञ्चल विकास क्षेत्रका १४ जिल्लाका ४२ हजार ६ सय ७४ ऋणीहरूलाई रू. २ अर्व ८७ करोड ५५ लाख १९ हजार कर्जा वितरण गरेको छ। यसरी वितरण गरिएको कर्जामध्ये २०६३ पौष मसान्तसम्म रू. २ अर्व ५४ करोड ७ लाख १८ हजार असुली भई रू. ३३ करोड ४८ लाख १ हजार उठाउन बाँकी छ।

४.३४ २०५१ मा स्थापना भएको पश्चिमाञ्चल ग्रामीण विकास बैंकले २०६३ पौष मसान्तसम्म पश्चिमाञ्चल विकास क्षेत्रका १२ जिल्लाका ३९ हजार ६ सय ८० ऋणीहरूलाई रू. ३ अर्व ८९ करोड ३४ लाख २० हजार कर्जा वितरण गरेको छ। यसरी वितरण गरिएको कर्जामध्ये २०६३ पौष मसान्तसम्म रू. ३ अर्व ४३ करोड ७७ लाख ९५ हजार असुली भई रू. ४५ करोड ५६ लाख २५ हजार उठाउन बाँकी छ।

४.३५ २०५१ मा स्थापना भएको मध्य-पश्चिमाञ्चल ग्रामीण विकास बैंकले २०६३ पौष मसान्तसम्म मध्यपश्चिमाञ्चल विकास क्षेत्रका ५ जिल्लाका १३ हजार ९१ ऋणीहरूलाई

रू. १ अर्व ३३ करोड ६७ लाख ७२ हजार कर्जा वितरण गरेको छ। यसरी वितरण गरिएको कर्जामध्ये २०६३ पौष मसान्तसम्म रू. १ अर्व १४ करोड ९७ लाख ७१ हजार असुली भई रू. १८ करोड ७० लाख १ हजार उठाउन बाँकी छ।

४.३६ २०४९ मा स्थापना भएको सुदूरपश्चिमाञ्चल ग्रामीण विकास बैंकले २०६३ पौष मसान्तसम्म सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका ७ जिल्लाका १३ हजार ४ सय ६३ ऋणीहरूलाई रू. १ अर्व ५ करोड ८८ लाख ५० हजार कर्जा वितरण गरेको छ। यसरी वितरण गरिएको कर्जामध्ये २०६३ पौष मसान्तसम्म रू. ९२ करोड ९१ लाख ३९ हजार असुली भई रू. १२ करोड ९७ लाख ११ हजार उठाउन बाँकी छ।

४.३७ ग्रामीण विकास बैंकहरूबाहेक ग्रामीण बैंक अनुशरणकर्ताको रूपमा कार्यरत अन्य ४ बैंकहरू (निर्धन उत्थान बैंक लि., छिमेक विकास बैंक लि., स्वावलम्बन विकास बैंक लि. र डिप्रोक्स विकास बैंक लि.) छन्। यी बैंकहरूले २०६३ पौष मसान्तसम्म नेपालका विभिन्न जिल्लाहरूमा ७ हजार ५ सय ९७ केन्द्रहरू मार्फत ३९ हजार २ सय ५६ समूहका १ लाख ५६ हजार ९ सय ५८ ऋणी सदस्यहरूलाई बैंक सञ्चालन भएदेखि २०६३ पौष मसान्तसम्म रू. ८ अर्व ५२ करोड २३ लाख ४ हजार कर्जा वितरण गरेका छन् र सो अवधिसम्म रू. ७ अर्व १६ करोड ६० लाख २५ हजार असुली भई रू. १ अर्व ३५ करोड ६२ लाख ७९ हजार उठाउन बाँकी रहेको छ।

४.३८ संस्थागत ऋण प्रणालीसँग पहुँच नभएका ग्रामीण क्षेत्रमा बसोवास गर्ने विपन्न वर्गको उत्थानका लागि आय एवं स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न ग्रामीण क्षेत्रमा काम गर्ने गैरसरकारी/सहकारी संस्थाहरूको संस्थागत विकासमा सहयोग पुऱ्याई ती संस्थाहरूमार्फत थोक कर्जा उपलब्ध गराई उनीहरूको आर्थिक स्तरमा सुधार ल्याउनका लागि थोक कर्जा प्रदान गर्ने नेपालकै पहिलो संस्थाको रूपमा २०४७ सालमा स्थापना भएको ग्रामीण स्वावलम्बन कोषले स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग हुने गरी लक्षित वर्गको आर्थिक एवं सामाजिक विकास गर्न थोक कर्जा उपलब्ध गराउँदै आएको छ। कोषबाट विपन्न वर्गको उत्थानका लागि पहिलो पटक प्रतिव्यक्ति रू.४० हजार, दोश्रो पटक रू.४५ हजार र तेस्रो पटक रू. ५० हजारसम्म लघु कर्जा उपलब्ध गराउन सकिने व्यवस्था छ।

४.३९ नेपाल सरकारले उक्त कोषमा जम्मा रू.४ करोडको वीज पुँजी प्रदान गरेका छ भने नेपाल राष्ट्र बैंकको जम्मा रू. २९ करोड ३४ लाख पुँजी रहेको छ। साथै, नेपाल सरकारले गत वर्षको बजेट वक्तव्यमार्फत रू. १० करोड उक्त कोषमा थप पुँजी उपलब्ध गराएको छ। कोषले आफूसँग आवद्ध संस्थाहरूलाई सोही पुँजीबाट सम्बन्धित संस्थाहरूको प्राथमिक पुँजी (शेयर पुँजी, साधारण जगेडा र नाफा रकम) को आधारमा पहिलो कर्जामा २० गुणासम्म, दोश्रो र तेस्रो कर्जामा १५ गुणासम्म हुने रकम पहिलो पटक रू. १५ लाख, दोस्रो पटक रू.२० लाख र तेश्रो तथा अन्तिम पटक रू.२५ लाखसम्मको कर्जा किस्ताबन्दीमा थोक कर्जाको रूपमा उपलब्ध गराउँदै आएको छ। कोषबाट २०६३ साल फाल्गुण मसान्तसम्ममा ५२ वटा गैरसरकारी संस्था र २ सय ९ वटा सहकारी संस्थाहरूलाई रू. ११ करोड ३५ लाख कर्जा प्रवाह भएको छ। उक्त कर्जामध्ये रू. ७ करोड ३७ लाख असुली भई रू. ३ करोड ९८ लाख कर्जा लगानीमा रहिरहेको छ। २०६३ फाल्गुण मसान्तसम्ममा कर्जा असुली दर ९०.७ प्रतिशत रहेको छ। कोषबाट उपलब्ध गराइएको कर्जाबाट गैर-सरकारी संस्थाहरूले २६ जिल्लामा र सहकारी संस्थाहरूले ४४ जिल्लामा गरी कुल ४८ वटा जिल्लामा सेवा पुऱ्याएका छन्। यसरी कोषबाट २०६३ फाल्गुण मसान्तसम्ममा ४८ जिल्लाको ११ हजार २ सय ५३ घर परिवार प्रत्यक्ष रूपले लाभान्वित भएका छन्।

४.४० नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरेका सहकारी संस्थाहरूको कुल वित्तीय साधन २०६३/६४ को प्रथम छ महिनामा १०.८ प्रतिशतले वृद्धि भई रू. ३ अर्ब १९ करोड पुगेको छ। यस अवधिमा यी संस्थाहरूको वित्तीय साधनको श्रोत तथा उपयोगतर्फ मुख्य अंश ओगट्ने बचत (निक्षेप) र कर्जा तथा सापटी दुवैमा उल्लेख्य वृद्धि भई २०६३ पौष मसान्तमा क्रमशः रू.२ अर्ब २८ करोड र रू.१ अर्ब ८८ करोड पुगेको छ।

४.४१ नेपाल सरकार, हुलाक सेवा विभागद्वारा सञ्चालित हुलाक बचत बैंकले आफ्ना निक्षेप सङ्कलन गर्ने १ सय १७ कार्यालयहरू मार्फत २०६४ वैशाख मसान्तसम्म रू. ६२ करोड ३७ लाख ८० हजार बचत सङ्कलन गरेको छ। सो अवधिसम्म यस बैंकमा रहेका बचत खाताको संख्या २९ हजार ५ सय ३० छ। यसैगरी, सोही मितिसम्म यस बैंकले आफ्ना ५२ वटा लगानी गर्ने कार्यालयहरू मार्फत रू.४७ करोड ६७ लाख १५ हजार ऋण लगानी गरेको छ। २०६३ आषाढ मसान्तसम्मा यस बैंकको बचत सङ्कलन र ऋण लगानी क्रमशः रू. ३९ करोड ५२ लाख र रू.२७ करोड ८३ लाख रहेको थियो।

## गैर-बैंक वित्तीय संस्थाहरू

४.४२ गैर-बैंक वित्तीय संस्थाहरूमा कर्मचारी संचय कोष, नागरिक लगानी कोष, बीमा कम्पनीहरू र धितोपत्र बजार पर्दछन्। आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा कर्मचारी सञ्चय कोषको कुल कर्जा वितरण रु. ३ अर्ब १२ करोड ७३ लाख रहेको छ। गत वर्ष सोही अवधिमा कर्मचारी सञ्चय कोषको कर्जा वितरण रु. २ अर्ब ९५ करोड ७४ लाख रहेको थियो। समीक्षा अवधिमा कोषको साँवा असुली रु. २ अर्ब १६ करोड ४७ लाख रहेको छ। यसरी आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनासम्ममा कोषका असुल हुन बाँकी कर्जा रू. २७ अर्ब ७६ करोड ८९ लाख रहेको छ।

चार्ट ४ (ङ) : कर्मचारी संचयकोषको कर्जा विवरण




४.४३ विगत केही वर्षदेखि नागरिक लगानी कोषको निक्षेप सङ्कलन र लगानीमा उल्लेख्य वृद्धि भएकोले कुल वित्तीय सम्पत्तिमा कोषको योगदान बढ्दै गएको छ। आर्थिक वर्ष २०६२।६३ मा कोषको कुल सम्पत्ति/दायित्व २४.३ प्रतिशतले वृद्धि भएको थियो भने चालू आर्थिक वर्षमा १६.२ प्रतिशतले वृद्धि भई रू. ८ अर्ब ४२ करोड पुग्ने अनुमान छ। वित्तीय स्रोतमा महत्वपूर्ण योगदान रहेको कोष (निक्षेप) सङ्कलन गत आर्थिक वर्षमा २७.५ प्रतिशतले वृद्धि भएकोमा चालू आर्थिक वर्षमा १४.८ प्रतिशतले वृद्धि भई रू. ७ अर्ब ७१ करोड पुग्ने अनुमान छ। सम्पत्तितर्फ सवैभन्दा ठूलो हिस्सा ओगट्ने लगानी गत आर्थिक वर्षमा ४२ प्रतिशतले वृद्धि भएकोमा यस आर्थिक वर्षमा ७.३ प्रतिशतले वृद्धि भई रू. ५ अर्ब ५१ करोड

पुग्ने अनुमान छ। कोषको कर्जा तथा सापटी गत आर्थिक वर्षमा २७.६ प्रतिशतले ह्रास भएकोमा चालू आर्थिक वर्षमा ३४.९ प्रतिशतले वृद्धि भई रू. ९९ करोड पुग्ने अनुमान छ। तरल सम्पत्ति गत आर्थिक वर्षमा २४.९ प्रतिशतले वृद्धि भएकोमा चालू आर्थिक वर्षमा ५३.९ प्रतिशतले वृद्धि भई रू. १ अर्व ३३ करोड पुग्ने अनुमान छ।

४.४४ २०६४ वैशाख मसान्तसम्म २१ वटा बीमा कम्पनीहरू सञ्चालनमा छन्। यी कम्पनीमध्ये जीवन बीमा कारोवार गर्ने ४, निर्जीवन बीमा कारोवार गर्ने १६ र जीवन तथा निर्जीवन दुवै प्रकारका कारोवार गर्नेको संख्या १ छ। स्वामित्व संरचनाका हिसावले ३ वटा बीमा कम्पनीहरू विदेशी पुँजी लगानीमा र ४ वटा बीमा कम्पनीहरू संयुक्त पुँजी लगानीमा सञ्चालित छन्। यसैगरी, १३ वटा बीमा कम्पनीहरू निजी क्षेत्रबाट स्थापित छन् भने १ कम्पनी सरकारी स्वामित्वमा रहेको छ। चालू आर्थिक वर्षमा जीवन तथा निर्जीवन दुवै गरी बीमा कम्पनीहरूले सङ्कलन गरेको प्रिमियम १२.७ प्रतिशतले वृद्धि भएको छ। बीमा कम्पनीहरूले प्रिमियमको रूपमा सङ्कलन गरेको सो रकम सरकारी ऋणपत्र, मुद्दती निक्षेप र अन्य सम्पत्तिमा लगानी गरेको पाइन्छ। जीवन बीमातर्फको लगानी गत आर्थिक वर्षमा २.६ प्रतिशतले वृद्धि भएकोमा चालू आर्थिक वर्षमा १५ प्रतिशतले वृद्धि भई रू. १४ अर्व १६ करोड पुग्ने अनुमान छ। निर्जीवन बीमातर्फको लगानी गत आर्थिक वर्षमा ९ प्रतिशतले वृद्धि भएकोमा यस आर्थिक वर्षमा २४.५ प्रतिशतले वृद्धि भई रू. ४ अर्व ७ करोड पुग्ने अनुमान छ। बीमा कम्पनीहरूको कुल लगानी गत आर्थिक वर्षमा ३.९ प्रतिशतले वृद्धि भएकोमा चालू आर्थिक वर्षमा १७ प्रतिशतले वृद्धि भई रू. १८ अर्व २३ करोड पुग्ने अनुमान छ।

४.४५ दुर्गम क्षेत्र तथा गरिब जनताको घरदैलोमा वैकिङ्ग सेवा पुर्‍याउनको लागि प्राथमिकता प्राप्त क्षेत्रमा वाणिज्य बैंकहरूलाई लगानी गर्न प्रोत्साहित गर्ने उद्देश्यले २०३१ सालमा स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण निगमले प्राथमिकता प्राप्त क्षेत्र लगायत पशुधन सुरक्षण, तरकारी बाली सुरक्षण, वैदेशिक रोजगार कर्जा सुरक्षण र साना तथा मझौला उद्यम कर्जा सुरक्षण जस्ता कार्यहरू गर्दै आएको छ। यस निगमले २०६३ पौष मसान्तसम्म रू.७९ करोड ३५ लाखको कर्जा सुरक्षण गरेको छ। यस्तो सुरक्षण २०६२ पौष मसान्तसम्ममा रू.१ अर्व २३ करोड ४२ लाख रहेको थियो। प्राथमिकताप्राप्त क्षेत्र कर्जालाई क्रमशः Phase-out गर्दै आर्थिक वर्ष २०६४/६५ देखि सो कर्जा अनिवार्य नहुने व्यवस्था लागू भएका कारण प्राथमिकता प्राप्त क्षेत्र कर्जा सुरक्षणको रकम घट्दै गएको हो।

## वित्तीय क्षेत्र सुधार कार्यक्रम

४.४६ वित्तीय क्षेत्रको स्वस्थता र सुदृढता अभिवृद्धि गर्ने उद्देश्यले सरकारी स्वामित्व रहेको दुई ठूला वाणिज्य बैंकहरूको वित्तीय स्थितिमा अपेक्षित सुधार ल्याउन र बढ्दो वित्तीय संस्थाहरूसँगै वित्तीय स्थिरता कायम राख्न सरकारी स्वामित्व रहेका यी बैंकहरूमा व्यवथापकीय सुधारका साथै केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकको क्षमता अभिवृद्धि हुनुपर्ने तथ्यसमेत मनन गरी नेपालमा वित्तीय क्षेत्र सुधार कार्यक्रमको प्रारम्भ गरिएको छ। नेपाल सरकारले २०५७ मङ्सिरमा वित्तीय क्षेत्र सुधारसम्बन्धी रणनीति पत्र जारी गरी सुधार कार्यक्रमलाई अगाडि बढाएको थियो। मुलुकको वित्तीय क्षेत्रलाई स्वस्थ, प्रतिस्पर्धी, कुशल तथा व्यावसायिक बनाई आर्थिक विकासको लागि यस क्षेत्रको भूमिका सुदृढ गराउने उद्देश्य वित्तीय क्षेत्र सुधार कार्यक्रमको रहेको छ। विश्व बैंक र बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग (Department for International Development, DFID) ऋण तथा अनुदान र नेपाल सरकारको सहयोगमा सञ्चालन भइरहेको वित्तीय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत मुख्यतया तीनवटा

कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन् जस अन्तर्गत (क) नेपाल राष्ट्र बैंकको सुदृढीकरण (ख) नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचना र (ग) समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि रहेका छन् ।

**मञ्जुषाः ४ (ख)**

**नेपाल राष्ट्र बैंकको पुनर्संरचना**

नेपाल राष्ट्र बैंकलाई एउटा सक्षम केन्द्रीय बैंकको रूपमा स्थापित गर्न र वित्तीय क्षेत्रको विकास तथा बदलिंदो परिस्थितिसँग सामञ्जस्य कायम गर्न सञ्चालन गरिएको नेपाल राष्ट्र बैंकको पुनर्संरचनासम्बन्धी कार्यलाई आर्थिक वर्ष २०६३/६४ मा पनि निरन्तरता प्रदान गरिएको छ । नेपाल राष्ट्र बैंकको पुनर्संरचना कार्यक्रमले जोड दिएका मुख्य विषयहरूमा मानव संशाधनको विकास गर्ने, नेपाल राष्ट्र बैंकको नियमन व्यवस्था र निरीक्षण तथा सुपरिवेक्षण प्रणालीलाई अझ बढी सशक्त एवं प्रभावकारी बनाउने, बैंकको कार्यको आधारमा सांगठनिक पुनर्संरचना गर्ने, बैंकलाई कम्प्यूटराइज्ड गर्ने, बैंकको लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको बनाउने तथा बैंकका कार्यहरू सरल, सहज बनाउँदै केन्द्रीय बैंकलाई चुस्त बनाउने आदि कार्यहरू सञ्चालनमा रहेका छन् । वित्तीय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत नेपाल राष्ट्र बैंकको पुनर्संरचनातर्फको प्रथम चरणका कार्यक्रमहरू सम्पन्न भई हाल दोश्रो चरणका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

नेपाल राष्ट्र बैंकको पुनर्संरचनातर्फ बैंकको कामकारवाहीलाई चुस्त र छरितो बनाउन, कर्मचारीको उत्पादकत्व बढाउन तथा कम कर्मचारीबाटै गुणस्तरीय सेवा प्रदान गर्न तीन चरणमा स्वेच्छिक अवकाश योजना सम्पन्न गरिएको छ । त्यस्तै, नियमित अनिवार्य अवकास योजनासमेत कार्यान्वयनमा ल्याइएको छ । नयाँ कर्मचारी विनियमावली २०६२ लागू गरिसकिएको र त्यसमा समयानुकूल संशोधनहरूसमेत क्रमिकरूपमा गरिँदै लगिएको छ । यसले गर्दा नेपाल राष्ट्र बैंकमा उपयुक्तस्तरमा जनशक्ति कायम रहन गएको छ । यस सन्दर्भमा आइ.ओ.एस.पार्टनर (IOS Partners) ले सिफारिश गरेका नीतिहरू कार्यान्वयनमा ल्याउन एकजना विदेशी मानव संशाधन सल्लाहकार कार्यरत रहेका छन् जसबाट मानव संशाधन विकासका लागि योजना, तालिम, जनशक्तिको स्तर पहिचान र विकास जस्ता कार्यहरू भइरहेका छन् ।

वित्तीय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत नेपाल राष्ट्र बैंकको पुनर्संरचनातर्फको दोस्रो चरणका कार्यक्रमहरू सञ्चालनमा ल्याउन बैंकभित्रै कार्यरत सात जना चार्टर्ड एकाउन्टेण्टको एउटा कार्यदल गठन गरिएको छ । साथै, निरीक्षण तथा सुपरिवेक्षकीय क्षमतामा सुदृढता ल्याउने सम्बन्धमा आइ.ओ.एस.पार्टनरले सिफारिश गरेका नीतिहरू कार्यान्वयनमा ल्याउन सातजना विदेशी बैंक तथा गैर-बैंक वित्तीय संस्था परीक्षकहरू नियुक्त गरिएकोमा निजहरूद्वारा सम्झौताबमोजिम कार्य नभएकोले सम्झौता भंग भएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा व्यवस्था भएअनुसार यस बैंकको स्वामित्वमा रहेको विभिन्न वित्तीय संस्थाहरूको शेयर विनिवेश (divest) कार्य अगाडि बढाउने क्रममा नेपाल राष्ट्र बैंकको नाममा रहेको पूर्वाञ्चल ग्रामीण विकास बैंकको शेयर ३४.९५ प्रतिशत निजी क्षेत्रलाई तथा नागरिक लगानी कोषमा रहेको १ लाख ६० हजार थान शेयरमध्ये एक सय थान शेयर आफ्नो स्वामित्वमा राखी बाँकी राष्ट्रिय बीमा संस्थानलाई बिक्री गरेको छ । राष्ट्रिय बीमा संस्थानको निर्जीवन बीमातर्फको २९.२५ प्रतिशत शेयर बिक्रीका लागि दरखास्त आह्वान गरिएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (पहिलो संशोधन) मिति २०६३ कात्तिक २३ मा नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको छ । उक्त ऐनमा दफा ८६ क. देखि दफा ८६ ढ. सम्मका प्रावधानहरू थप भएका छन् । बैंक तथा वित्तीय संस्थालाई समस्याग्रस्त घोषित गर्न सकिने अवस्था, त्यसपछिको परिणाम, वित्तीय अवस्था हेरी व्यवस्थापन नेपाल राष्ट्र बैंकले आफ्नो नियन्त्रणमा लिनसक्ने व्यवस्था, पुँजी घटबढ गर्न चाल्नुपर्ने कदम आदि प्रावधानहरू थपिएका छन् । यसबाट कमजोर व्यवस्थापन र नाजुक वित्तीय स्थिति भई समस्याग्रस्त भएका बैंक तथा

वित्तीय संस्थालाई समयमै आवश्यक सुधार गर्न सरल तथा सहज हुने वातावरण सिर्जना भएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा उल्लेखित बैंकको कर्तव्य तथा उत्तरदायित्वलाई जिम्मेवारीपूर्ण ढङ्गबाट निर्वाह गरी ऐनमा परिलक्षित उद्देश्य हासिल गर्न "नेपाल राष्ट्र बैंकको रणनीतिक योजना (सन् २००६-२०१०)" तयार गरी चालू आर्थिक वर्षदेखि लागू गरिएको छ। रणनीतिक योजनामा नेपाल राष्ट्र बैंकको भिजन, मिसन, उद्देश्यहरू, रणनीतिहरू, कार्यहरु तथा कार्य सम्पादन मूल्याङ्कन सूचकहरू राखिएका छन्।

*स्रोत: नेपाल राष्ट्र बैंक*

**मञ्जुषा: ४ (ग)**

**नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचनागत सुधार**

वित्तीय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत नेपाल बैंक लिमिटेडको व्यवस्थापन सुधार गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक र आई.सि.सि. कन्सल्टिङ्ग, बैंक अफ स्कटल्याण्ड (आयरल्याण्ड) बीच सन् २००२ जुन १७ मा २ वर्षको लागि सम्झौता भई उक्त व्यवस्थापन समूहले नेपाल बैंक लिमिटेडमा कार्य गरिरहेकोमा सो करार अवधि सन् २००४ जुलाई २१ देखि समाप्त भएकोमा उक्त बैंकको व्यवस्थापन समूहको करार अवधि सन् २००४ जुलाई २२ देखि लागू हुनेगरी पहिलोपटक १ वर्षको लागि र दोस्रो पटक सन् २००५ जुलाई २२ देखि लागू हुने गरी २ वर्षको लागि थप गरिएको छ। त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन समूहका परामर्शदाताहरूसँग शुरूमा मिति जनवरी १६, २००३ देखि दुई वर्षका लागि, त्यसपछि पहिलो पटक १६ जनवरी २००५ देखि लागू हुने गरी १ वर्षका लागि थप गरिएकोमा दोश्रो पटक १६ जनवरी २००६ देखि लागू हुने गरी २ वर्षका लागि करार अवधि थप गरिएको छ।

पुनर्संरचनाको क्रममा रहेका यी दुवै बैंकहरूको भाखा नाघेको कर्जाको असुलीतर्फको प्रगति त्यति सन्तोषजनक छैन। तर आर्थिक वर्ष २०६०।६१ देखि खुद मुनाफा आर्जन गरेको, ऋणात्मक पुँजीकोषलाई घटाउँदै लगेको; अन्तर्राष्ट्रिय स्तरका विभिन्न निर्देशिका, नीति, नियमहरू तयार गरी लागू गरिएको र बैंकभित्र अन्तर्राष्ट्रियरूपमा स्वीकार्य व्यवस्था तथा शैलीहरू तर्जुमा गरी कार्यान्वयन भइरहेको तथ्यलाई दृष्टिगत गर्दा हालसम्मको प्रगतिलाई सन्तोषजनकरूपमै लिन सकिन्छ ।

नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचना गर्ने कार्यको शुरूवात भएपछि २०६० आषाढ मसान्तसम्ममा नेपाल बैंक लिमिटेडको कुल पुँजीकोष रू.९ अर्व ८० करोडले ऋणात्मक रहेकोमा २०६३ आषाढ मसान्तसम्ममा सो बैंकको पुँजीकोष रू.५ अर्व ८५ करोडले मात्र ऋणात्मक रहन गएको छ। २०६० आषाढ मसान्तसम्ममा राष्ट्रिय वाणिज्य बैंकको कुल पुँजीकोष रू.२२ अर्व ३९ करोडले ऋणात्मक रहेकोमा २०६३ आषाढसम्ममा ऋणात्मक स्थितिमा कमी आई उक्त पुँजीकोष रू.१८ अर्व ३७ करोडले ऋणात्मक रहन गएको छ।

निष्क्रिय कर्जाको मात्रा आशा गरेअनुरूप नघटेता पनि यसमा सुधारको संकेत भने देखिन थालेको छ। नेपाल बैंक लिमिटेडको कुल कर्जामा भाखा नाघेको कर्जा (non performing assets: NPA) को अंश २०६० आषाढ मसान्तमा ६०.४७ प्रतिशत रहेकोमा २०६१, २०६२ र २०६३ आषाढसम्ममा क्रमश: ५३.७ प्रतिशत, ४९.६ प्रतिशत र १८.२ प्रतिशतमा रह्यो। २०६३ चैत्र मसान्तमा भने NPA को अंश १४.८ प्रतिशतमा झरेको छ। यसैगरी, राष्ट्रिय वाणिज्य बैंकको NPA को अंश २०६० आषाढ मसान्तमा ६०.२ प्रतिशत रहेकोमा २०६१, २०६२ र २०६३ मा NPA को अंश क्रमश: ५७.६ प्रतिशत, ५०.७ प्रतिशत र ३५.० प्रतिशतमा रह्यो भने २०६३ चैत्र महिनामा ३१.८ प्रतिशतमा झरेको छ। २०६३ आषाढ महिनामा नेपाल बैंक लिमिटेडले रू. ३ अर्व ६३ करोड साँवा र रू. ७ अर्व ४२ करोड ब्याज गरी कुल दावी रू.११ अर्व ५ करोड अपलेखन गऱ्यो भने २०६३ आश्विन महिनामा रू. ८२ करोड साँवा र रू. २ अर्व ५ करोड ब्याज गरी थप रू.२ अर्व

८७ करोड दावी अपलेखन गऱ्यो । त्यस्तै, राष्ट्रिय वाणिज्य बैंकले पनि २०६३ मङ्सिर महिनामा रू ४ अर्व ५ करोड साँवा र रू ९ अर्व १० करोड ब्याज गरी कुल रू.१३ अर्व १५ करोड अपलेखन गऱ्यो । यसले गर्दा पनि निष्क्रिय कर्जामा कमी आएको देखिन्छ ।

नगद असुलीतर्फको प्रगतिलाई हेर्दा नेपाल बैंक लिमिटेडको व्यवस्थापन समूहले साढे चार वर्षको अवधिमा भाखा नाघेको कर्जामध्ये करीव रू.७ अर्व ८५ करोड बराबरको नगद रकम असुल उपर गर्न सकेको देखिन्छ । त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन समूहले चार वर्षको अवधिमा भाखा नाघेको कर्जामध्ये करीब रू. १० अर्व ८ करोड बराबरको नगद रकम असुल उपर गर्न सकेको देखिन्छ । आर्थिक वर्ष २०६२/६३ मा दुवै बैंकले कर्जा अपलेखन विनीयमावली तयार गरी लागू गरिसकेका छन् । तर अपलेखन गरिएको कर्जाको असुली दुवै बैंकसमक्ष चुनौतीको रूपमा रहेको छ ।

नेपाल बैंक लिमिटेडमा व्यवस्थापन समूह आएपछि आर्थिक वर्ष २०५६/५७ देखि आर्थिक वर्ष २०६२/६३ सम्मको लेखापरीक्षण गर्ने कार्य सम्पन्न भइसकेको छ । त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकमा नयाँ व्यवस्थापनको नियुक्तिपछि आर्थिक वर्ष २०५८/५९ देखि आर्थिक वर्ष २०६२/६३ सम्मको लेखापरीक्षण गर्ने कार्य सम्पन्न भइसकेको छ । साथै, हाल त्रैमासिकरूपमा वित्तीय विवरणहरू नियमितरूपमा प्रकाशन हुन थालेका छन् ।

जनशक्तिको योजनावद्ध विकास गरी जनशक्तिलाई उपयुक्तस्तरमा ल्याउन दुवै बैंकले जनशक्ति व्यवस्थापन योजना तथा क्षमता अभिवृद्धि योजना बनाई लागू गरिसकेका छन । कर्मचारीहरूको तालिमको आवश्यकता पहिचान गर्ने कार्य सम्पन्न भएको छ । त्यसैगरी, दुवै बैंकले पुँजी योजना र Successor Plan नेपाल राष्ट्र बैंकसमक्ष पेश गरिसकेका छन् । कर्मचारीको संख्यालाई उपयुक्तस्तरमा राख्न स्वैच्छिक अवकास योजना लागू गरी नेपाल बैंक लिमिटेडमा २०५८ आषाढ मसान्तमा कर्मचारी संख्या ६ हजार ३० रहेकोमा उक्त संख्या २०६३ आषाढ मसान्तमा २ हजार ९ सय ६० मा झरेको छ भने बैंकमा दक्ष जनशक्ति भित्र्याउने क्रममा केही नयाँ कर्मचारीहरूको नियुक्ति तथा पदस्थापन गरी २०६३ पौष महिनामा कार्यरत कर्मचारी संख्या २ हजार ९ सय ५५ पुगेको छ । त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकमा २०५८ आषाढ मसान्तमा कर्मचारी संख्या ५ हजार ७ सय ४३ रहेकोमा उक्त संख्या २०६३ आषाढ मसान्तमा ३ हजार ३ सय १ र २०६३ पौषमा ३ हजार २ सय १४ मा सीमित रहेको छ ।

यी बैंकहरूले सञ्चालन प्रणाली र आन्तरिक व्यवस्थापनमा पनि सुधार ल्याएका छन् । यसका लागि विभिन्न योजना, नीति, मार्गदर्शन बनाई लागू गरिसकेका छन् । खासगरी कर्जा नीति तथा निर्देशिका, सम्पत्ति तथा दायित्व व्यवस्थापन निर्देशिका र सम्पत्ति दायित्व व्यवस्थापन समिति गठन भएको छ । साथै, नयाँ लेखा निर्देशिका, आन्तरिक लेखापरीक्षण निर्देशिका, लेखा शीर्षक वर्गीकरण निर्देशिका, Portfolio Status and Plan, Budget Plan, Strategic Plan आदि तर्जुमा गरी लागू भएका छन् । राष्ट्रिय वाणिज्य बैंकले हालै कार्य सम्पादनको आधारमा पुरस्कृत गर्ने प्रणाली लागू गरेको छ ।

यी बैंकहरूमा सूचना प्रविधिसम्बन्धी योजना तर्जुमा भई सोहीअनुरूप शाखाहरूमा कम्प्युटराइजेशनको कार्य शुरू गरिएको छ । २०६३ पौष मसान्तमा राष्ट्रिय वाणिज्य बैंकका ३५ शाखाहरूमा र नेपाल बैंक लिमिटेडका ४४ शाखाहरूमा कम्प्युटराइजेशनसम्बन्धी कार्य सम्पन्न भएको छ । त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकले १६ शाखाहरू मध्ये कुनै पनि शाखाबाट बैंकिङ्ग कारोवार गर्न सकिने प्रणाली हालै कार्यान्वयनमा ल्याएको छ भने नेपाल बैंक लिमिटेडले २१ शाखाहरूमा यस्तो प्रणाली कार्यान्वयनमा ल्याएको छ ।

*स्रोतः नेपाल राष्ट्र बैंक*

४.४७ नेपाल राष्ट्र बैंक र दुई ठूला वाणिज्य बैंकहरूबाहेक समग्र वित्तीय क्षेत्रको सक्षमता अभिवृद्धि गर्नु पनि वित्तीय क्षेत्र सुधार कार्यक्रमको उद्देश्य रहेको छ । यसअन्तर्गत खास गरी वित्तीय कानूनहरूको तर्जुमा र परिमार्जनका साथै वित्तीय क्षेत्रलाई सहयोग पुऱ्याउन सहयोगी

संस्थाहरूको स्थापनाजस्ता कार्यक्रम रहेका छन्। खासगरी, कर्जा सूचना केन्द्रलाई सुदृढीकरण गर्ने, सम्पत्ति व्यवस्थापन निगमको स्थापना गर्ने, बैंक तथा वित्तीय संस्थाहरूको जनशक्तिलाई तालिम प्रदान गर्ने र आवश्यक नियम कानूनको तर्जुमा गरी वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि गर्ने जस्ता महत्वपूर्ण कार्यहरू रहेका छन्।

**मञ्जुषा: ४ (घ)**

**समग्र वित्तीय क्षेत्रको सक्षमता अभिवृद्धि कार्यक्रम**

बैंकिङ्ग क्षेत्रमा प्रवेश भएका नयाँ प्रविधिको विकाससँगै स्वच्छ र प्रतिस्पर्धात्मक किसिमले यस क्षेत्रको विकासमा टेवा पुऱ्याउन नेपाल राष्ट्र बैंकको नियमन क्षमतामा अभिवृद्धि गर्ने सन्दर्भमा विगत तीन वर्षसम्म विदेशी परामर्शदाताको सहयोगसमेत लिई अन्तर्राष्ट्रिय स्तरको नियमन जारी गरिएको छ। बैंक तथा वित्तीय संस्थाहरूले कायम राख्नु पर्ने न्यूनतम पुँजी कोष, कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था, प्रति ग्राहक कर्जा सीमासम्बन्धी व्यवस्था, बैंक तथा वित्तीय संस्थाहरूले पालना गर्नुपर्ने लेखा नीति तथा वित्तीय विवरणको ढाँचासम्बन्धी व्यवस्था, जोखिम न्यूनीकरणसम्बन्धी व्यवस्था, संस्थागत सुशासनसम्बन्धी व्यवस्था, शाखाहरूसम्बन्धी व्यवस्था, सहवित्तीयकरण कर्जा, वित्तीय स्रोतको सङ्कलन, अनिवार्य नगद मौज्दात लगायतका विषयहरूलाई समावेश गरिएका छन्। यसका अतिरिक्त बैंकको निरीक्षण तथा सुपरिवेक्षण क्षमतामा अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय स्तरको स्थलगत तथा गैर-स्थलगत निरीक्षण तथा सुपरिवेक्षण निर्देशिका समेत तयार गरी लागू गरिसकिएको छ।

साहुको ऋण तिर्न नसकी दामासाहीमा परेका वा पर्न लागेका वा आर्थिक कठिनाई भोगिरहेका कम्पनीको प्रशासन, दामासाहीसम्बन्धी कार्यविधि तथा त्यस्ता कम्पनीको पुनर्संरचनाका लागि आवश्यक छुट्टै कानूनको अभावलाई पूर्ति गर्ने उद्देश्यले दामासाहीसम्बन्धी ऐन, २०६३ जारी भई लागू भएको छ। साथै, ऐनमा उल्लेखित प्रावधानहरूलाई मूर्तरूप दिन यससम्बन्धी नियमावलीको मस्यौदा तयार गरी नेपाल सरकारसमक्ष पेश गरिसकिएको छ ।

२०६० सालदेखि नै अध्यादेशको रूपमा रहिरहेको बैंक तथा वित्तीय संस्थासम्बन्धी विभिन्न ऐनहरूलाई खारेज गरी एउटै बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ मिति २०६३।७।१९ देखि लागू भएको छ।

साख मूल्याङ्कन संस्था ऐन, सम्पत्ति व्यवस्थापन निगम ऐन, ट्रष्टी ऐन, मुद्रा निर्मलीकरण ऐनजस्ता ऐनका मस्यौदा तयार भएको छ। गाभ्ने तथा गाभिने ऐन निर्माण नभएसम्म यससम्बन्धी कार्य सञ्चालन हुन सकोस् भन्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनमा केही प्रावधानहरू राखिएका छन्। तर, वित्तीय क्षेत्र सुधार कार्यक्रमले यससम्बन्धी छुट्टै ऐन तर्जुमा गर्ने लक्ष्य लिएको छ। नेपालमा घरजग्गाबाहेक अन्य चल सम्पत्तिहरू पनि दर्ता गर्ने र धितो राख्न सकिने व्यवस्थालाई व्यवस्थित गर्न सुरक्षित कारोवार ऐन कार्यान्वयनमा आइसकेको छ। त्यसका साथै दामासाही ऐन पनि कार्यान्वयनमा आइसकेको छ। नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा व्यवस्था भएबमोजिम कर्जा सूचना केन्द्रको विनियमावली तयार भई कार्यान्वयनसमेत भइसकेको छ। यसप्रकार केही ऐनहरू आइसकेका छन् भने केही ऐनहरूका मस्यौदा तयार भइसकेका तथा केही तयार हुने क्रममा रहेका छन्। यसले गर्दा वित्तीय क्षेत्रसँग सम्बन्धित कानूनी संरचना बलियो र परिष्कृत हुँदै गएको छ।

*स्रोत: नेपाल राष्ट्र बैंक*

## बैंक तथा वित्तीय संस्था नियमनसम्बन्धी व्यवस्था

४.४८ वित्तीय क्षेत्रको विस्तार र यसको स्थिरताका लागि विविध नीतिगत व्यवस्थाहरू भएका छन्। वित्तीय उदारीकरणको नीति अवलम्बनसँगै नेपालमा वित्तीय संस्थाहरूको उल्लेखनीय विस्तार भएको छ। धेरैजसो, वित्तीय संस्थाहरू शहरी क्षेत्रतर्फ केन्द्रित रहेका छन् । वित्तीय

संस्थाहरूको संख्याको विस्तारसँगै वित्तीय क्षेत्रको स्थिरता पनि महत्वपूर्ण हुन्छ । धेरै संख्याका कमजोर वित्तीय संस्थाहरूभन्दा सक्षम संस्थाहरू थोरै हुनु वेश हुन्छ । यही तथ्यलाई दृष्टिगत गरी वित्तीय नीतिका उपकरणका रूपमा रहेका नियमन र निरीक्षण प्रक्रियाहरूलाई समय-समयमा परिमार्जन गरी कार्यान्वयनमा ल्याइएका छन् । समीक्षा अवधिमा नियमन प्रक्रियालाई समसामयिक बनाउन विभिन्न वित्तीय संस्थाहरूलाई निर्देशन जारी गरिएको छ भने स्थलगत र गैर-स्थलगत निरीक्षण र सुपरिवेक्षण प्रक्रियालाई पनि सशक्त पारिएको छ ।

**तालिका ४ (च) : नेपालमा सञ्चालित वित्तीय संस्थाहरूको क्षेत्रगत विवरण (२०६३ वैशाख मसान्त)**

| वित्तीय संस्था | काठमाडौ उपत्यका | काठमाडौ उपत्यका बाहिर | कुल |
|---|---|---|---|
| **वाणिज्य बैंक (केन्द्रीय कार्यालय)** | १३ | ६ | १९ |
| **विकास बैंक (लघु वित्त विकास बैंक समेत)** | ९ | ३८ | ४७ |
| **वित्त कम्पनी** | ४९ | २४ | ७३ |
| **सहकारी संस्था** | ५ | १२ | १७ |
| **गैरसहकारी संस्था** | १४ | ३३ | ४७ |

स्रोत : नेपाल राष्ट्र बैंक

४.४९ वित्तीय क्षेत्रको स्थायित्वलाई सुदृढ गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था स्थापनासम्बन्धी नीतिमा समसामयिक परिवर्तन गरेको छ । परिवर्तित व्यवस्थाहरूबाट नयाँ बैंकहरू खोल्न, बैंक तथा वित्तीय संस्थाहरूलाई आफ्नो कारोवारबाट उत्पन्न हुनसक्ने जोखिम व्यहोर्ने क्षमता अभिवृद्धि गर्न र एक आपसमा गाभ्ने र गाभिने प्रवृत्तिलाई अभिप्रेरित गर्न वित्तीय संस्थाहरूको चुक्तापुँजीमा वृद्धि गरिएको छ । नयाँ इजाजत नीतिअनुसार वाणिज्य बैंक (क बर्गको वित्तीय संस्था) खोल्न चुक्ता पुँजी रू. २ अर्व लाग्ने भएको छ । क्षेत्रीय वाणिज्य बैंकको अवधारणा हटाइएको छ । विकास बैंक तथा वित्त कम्पनीहरू खोल्नको लागि पनि चुक्ता पुँजी बढाइएको छ । तर, लघुवित्त कारोवार गर्ने वित्तीय संस्थाहरू खोल्नको लागि चाहिने चुक्ता पुँजी भने यथावत राखिएको छ । परिवर्तित इजाजत नीतिले लघुवित्त वित्तीय सेवाको विस्तार होस् भन्ने उद्देश्य राखेको छ । नयाँ स्थापनाको लागि निवेदन दिएकाहरूले २०६७ आषाढसम्ममा चुक्ता पुँजीको व्यवस्था गर्नुपर्ने प्रावधान राखिएको छ भने सञ्चालनमा आइसकेका वित्तीय संस्थाहरूले २०७० आषाढसम्ममा चुक्ता पुँजीको व्यवस्था गरे पुग्ने व्यवस्था गरिएको छ । वित्तीय संस्थामा लगानी गर्ने व्यक्तिहरूले कर तिरेको हुनु पर्ने, कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको हुन नहुने आदि जस्ता व्यवस्था पनि गरिएका छन् । तालिका ४(छ) मा इजाजत नीतिमा गरिएका परिवर्तनलाई समेटिएको छ ।

४.५० जोखिम न्यून गरी वित्तीय स्थिरता कायम राख्न बैंक तथा वित्तीय संस्थाहरूसँग पर्याप्त पुँजी कोष हुनु जरूरी हुन्छ । पर्याप्त पुँजीकोष नभए वित्तीय संकट आउन सक्ने कुरा सन् १९९७–९८ तिर दक्षिण-पूर्वी एसियाली मुलुकहरूमा आएको वित्तीय सङ्कटले पुष्टि गरिसकेको छ । तसर्थ, वित्तीय स्थायित्वको लागि वासल दुई (BASEL II) अनुसार पुँजी संरचना कायम गर्नु आवश्यक छ । बैंक तथा वित्तीय संस्थाहरूले कायम गर्नुपर्ने पुँजी पर्याप्तता (capital adequacy) सम्बन्धमा पुँजी पर्याप्तताको प्रतिशतलाई वासल दुई लागू नभएसम्मको लागि आर्थिक वर्ष २०६२।६३ देखि गणना हुने गरी ११ प्रतिशत कायम गरिएको छ ।

४.५१ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरूले आर्थिक वर्ष २०६२।६३ को वित्तीय विवरण तयार गर्दा उक्त बैंकबाट तोकिएको न्यूनतम चुक्तापुँजी पुऱ्याउन पुँजी समायोजन कोष खडा गरी उक्त कोषमा आफ्नो मुनाफाबाट चुक्तापुँजीको न्यूनतम १० प्रतिशत जम्मा

गर्नुपर्ने व्यवस्था र मुनाफा नभएका वित्तीय संस्थाहरूले हरेक वर्ष चुक्ता पुँजीको न्यूनतम १० प्रतिशत रकम अन्य स्रोतबाट थप्नुपर्ने व्यवस्था छ ।

**तालिका ४ (छ) : बैंक तथा वित्तीय संस्था स्थापनासम्बन्धी नीतिमा गरिएको परिवर्तन तुलनात्मक स्थिति**

| सि.नं | विवरण | पहिलेको व्यवस्था २०६३ चैत १३ पूर्व | हालको व्यवस्था |
|---|---|---|---|
| १. | चुक्ता पुँजी | | |
| | वाणिज्य बैंक | रू. १०० करोड | रू. २०० करोड |
| | क्षेत्रीय वाणिज्य बैंक अवधारणा | | हटाइएको |
| | विकास बैंक (राष्ट्रिय स्तर) | रू. ३२ करोड | रू. ६४ करोड |
| | विकास बैंक (१ देखि ३ जिल्ला) | रू. ५ करोड | रू. १० करोड |
| | विकास बैंक (४ देखि १० जिल्ला) | रू. १० करोड | रू. २० करोड |
| | विकास बैंक (लिजिङ्ग कारोवार गर्ने) | रू. १५ करोड | रू. ३० करोड |
| | वित्त कम्पनी (राष्ट्रिय स्तर) | रू. १० करोड (१५ करोड लिजिङ्ग) | रू. २० करोड |
| | वित्त कम्पनी (१ जिल्ला) | रू. ५ करोड | व्यवस्था हटाइएको |
| | वित्त कम्पनी (१ देखि ३ जिल्ला) | | रू. १० करोड |
| | लघु वित्त कारोवार गर्ने विकास बैंक | | परिवर्तन नगरिएको |
| | राष्ट्रिय स्तर | रू. १० करोड | |
| | क्षेत्रीयस्तर | रू. ६ करोड | |
| | १ देखि ३ जिल्ला | रू. १ करोड | |
| | ४ देखि १० जिल्ला | रू. २ करोड | |
| २. | पुँजीको व्यवस्था सम्बन्धमा | | |
| | स्थापनाको लागि निवेदन दिएकाहरूले | | २०६७ आषाढसम्म व्यवस्था गर्नु पर्ने । |
| | सञ्चालनमा रहेका संस्थाले | | २०७० आषाढसम्म व्यवस्था गर्नु पर्ने । |
| ३. | संस्थापकले ऋण वा सापटी | विवरण खुलाई उपयोग गर्न पाउने । | उपयोग गर्न नपाइने । |
| ४. | विदेशी लगानी ५० प्रतिशत भन्दा बढी भएका बैंक | सर्वसाधारणको लागि २० प्रतिशत शेयर | सर्वसाधारणको लागि १५ प्रतिशत शेयर |
| ५. | पुँजी गणना | | ८० प्रतिशत चुक्ता र २० प्रतिशत प्राथमिक पुँजीमा गणना हुने अन्य पुँजी । |
| ६. | संस्थापकको लगानी रकम | | करकार्यालयबाट जानकारी लिने । |
| ७. | व्यक्तिगत वा संस्थागत जोखिम | | बैकिङ्ग क्षेत्रमा सार्ने मनसाय राख्न नपाइने । |
| ८. | संस्थापकहरूको वित्तीय अनुशासन | | सार्वजनिक सूचनामार्फत लिने । |
| ९. | कालोसूची/डिफल्टर सम्बन्धमा | | कर्जा सूचना केन्द्र र बैंक तथा वित्तीय संस्थाबाट जानकारी लिने । |
| १०. | संस्थापकहरूबाट Cross-holding | | लगानी गर्न नपाउने । |
| ११. | एकाघर परिवारबाट सञ्चालक सम्बन्धमा | | एउटा संस्थामा एक भन्दा बढी हुन नपाउने । |
| १२. | संस्थापकहरूको ऋण र कर कार्यालय सम्बन्धमा | | ऋण सापटी लिई संस्थापक शेयरमा लगानी गर्न नपाउने र आफूले कारोवार गर्ने कर कार्यालयको नाम पनि उल्लेख गर्नु पर्ने । |
| १४. | प्रस्तावित संस्थापक सम्बन्धमा नयाँ व्यवस्था | | धितोपत्र बजारको बजार निर्माता वा दलाल नरहेको हुनु पर्ने । |

स्रोत : नेपाल राष्ट्र बैंक

४.५२ विगतको व्यवस्थाअनुसार लघुवित्त विकास बैंक (वित्तीय संस्था "घ" वर्ग) लाई ४ देखि १० जिल्लासम्म कार्यसञ्चालनको लागि न्यूनतम चुक्ता पुँजी रू. २ करोड आवश्यक पर्ने भएकोमा लघुवित्तसम्बन्धी कारोवारलाई पहाडी क्षेत्रमा समेत विस्तार गर्ने उद्देश्यले सोही चुक्ता पुँजीमा भएका लघुवित्तसम्बन्धी कारोवार गर्ने विकास बैंक (वित्तीय संस्था "घ" वर्ग) ले नियमित १० जिल्लाका अतिरिक्त थप ५ पहाडी जिल्लासमेत गरी जम्मा १५ जिल्लामा कार्य सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ।

४.५३ वित्तीय स्थिरताको लागि निष्क्रिय कर्जाको मात्रा कुल कर्जाको ५ प्रतिशतभन्दा कम हुनुपर्दछ। तर नेपालको बैंकिङ्ग क्षेत्रमा निष्क्रिय कर्जाको मात्रा उच्च रहेको छ। खासगरी केही ऋणीहरूले ऋण भुक्तानी गर्न आलटाल गरेकाले नै निष्क्रिय कर्जाको मात्रा बढेको हो। उच्च निष्क्रिय कर्जाबाट खासगरी सरकारी स्वामित्वमा रहेका बैंकहरू बढी प्रभावित छन्। निष्क्रिय कर्जामा कमी ल्याउन अपनाइएका विविध प्रयासहरू मध्ये कालो सूचीसम्बन्धी व्यवस्था एक महत्वपूर्ण उपायको रूपमा रहेको छ।

४.५४ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाका शेयरधनीहरू मध्ये कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सूचीकृत शेयरधनीहरूले प्राप्त गर्न सक्ने हकप्रद शेयर, अग्राधिकार शेयर, ऋणपत्र तथा लाभांश सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरिएको छ :

(क) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त कुनै बैंक तथा वित्तीय संस्थाका संस्थापक शेयरधनीहरू मध्ये कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचीकृत भइरहेका शेयरधनीले आफू संस्थापक रहेको बैंक/वित्तीय संस्थाको हकप्रद शेयर, अग्राधिकार शेयर तथा ऋणपत्र खरीद गर्न नपाउने व्यवस्था गरिएको छ।

(ख) कुनै बैंक तथा वित्तीय संस्थाले आफ्नो सिफारिशमा कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचीकृत भइरहेका ऋणीले अन्य बैंक तथा वित्तीय संस्थाको संस्थापक लगायतका अन्य शेयरधनीका हैसियतले पाउने लाभांश रकम रोक्का राखी कर्जा चुक्ता गर्ने प्रयोजनका लागि कर्जाको विस्तृत विवरणसहित सम्बन्धित बैंक तथा वित्तीय संस्थासंग रकम भुक्तानी माग गरेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थापक लगायतका अन्य शेयरधनीलाई भुक्तानी दिनु पर्ने त्यस्तो लाभांश रोक्का राखी माग गर्ने बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराउनु पर्ने छ। यस्तो व्यवस्था आफ्नै बैंक तथा वित्तीय संस्थाको कर्जा चुक्ता गर्ने प्रयोजनका लागि समेत लागू हुने व्यवस्था गरिएको छ।

४.५५ बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा लिई ऋण नतिर्ने ऋणीहरू मध्ये आर्थिक वर्ष २०६३/६४ को बजेट वक्तव्यमार्फत ऋणको पुनर्तालिकीकरण गर्न तोकिएको २०६३ भाद्र मसान्तभित्र पुनर्तालिकीकरण गरेका, पुनर्तालिकीकरणको लागि कारवाही भइरहेका ऋणी र बैंकको संयुक्त प्रयासमा शुरू भएको तर सम्पन्न भइनसकेकाबाहेक सम्बन्धित बैंकले ऋण चुक्ता गर्ने गराउने सम्बन्धमा ऋणीलाई पटक-पटक अवसर दिंदा पनि बेवास्ता गरी बसेका र सम्बन्धित बैंकले कारवाही अगाडि बढाउन उपयुक्त ठहऱ्याएका ऋणीहरूलाई कारवाही अगाडि बढाउनेबारे नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०६३ मङ्सिर २९ गतेको निर्णयअनुसार मञ्जुषा ४(ङ) वमोजिमका कारवाही गर्न नेपाल राष्ट्र बैंकमार्फत सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिईसकिएको छ।

**मञ्जुषाः ४ (ङ) : ऋण नतिर्ने ऋणीहरू सम्बन्धी कारवाही**

क) साँवा ऋण पाँच करोड रूपैयाँ भन्दा बढी लिएकाहरू मध्येबाट सबैभन्दा बढी ऋण लिने ऋणीहरूलाई प्राथमिकताको आधारमा सम्बन्धित बैंकले क्रमशः कारवाही अगाडि बढाउने। सम्बन्धित बैंकले प्रचलित व्यवस्थाअनुसार गर्न सकिने कारवाही आफै गरी सोको जानकारी नेपाल राष्ट्र बैंकलाई गराउने, अन्यथा गर्नु पर्ने कारवाहीका लागि सिफारिशसाथ नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने,

ख) यसअनुसार कारवाहीमा परेका ऋणीले ऋण भुक्तानी वा पुनर्संरचना/पुनर्तालिकीकरण गरेमा सम्बन्धित बैंकले सम्बन्धित ऋणीलाई साविकमा गरेका कारवाही फिर्ता गर्न तुरून्त पहल गर्ने,

ग) बैंक तथा वित्तीय संस्थाहरूबाट त्यस्ता ऋणीहरूको नाममा जारी गरिएको डेबिट कार्ड, क्रेडिट कार्ड जस्ता सुविधाहरू तत्काल रोक्का राख्ने व्यवस्था गर्ने,

घ) सम्बन्धित बैंकले ऋणको प्रकृति, उपभोगको अवस्था, उठ्तीको सम्भावना, ऋणीले ऋण भुक्तानी गर्न देखाएको व्यवहार तथा नियत आदि पक्षहरूलाई मध्यनजरमा राखी बुँदा (क) को परिधिभित्र रही नियतवस ऋण नतिर्ने कालोसूचीमा परेका ऋणीहरू र त्यस्ता ऋणीहरूलाई जमानत दिने व्यक्ति, फर्म वा कम्पनी वा संस्थालाई देहायमध्येको एक वा सोभन्दा बढी कारवाही गर्न नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने।

अ) नियतवश ऋण नतिर्ने ऋणीहरूको राहदानी जफत गर्ने र नयाँ जारी गर्न रोक लगाउने प्रयोजनका लागि यससम्बन्धी सूचना परराष्ट्र मन्त्रालय, गृह मन्त्रालयलाई आवश्यक कारवाहीको लागि जानकारी गराउने र सार्वजनिकरूपमा समेत सूचना प्रकाशित गर्ने।

आ) नियतवस ऋण नतिर्ने ऋणीहरूलाई सरकारी वा संगठित सार्वजनिक निकायमा विज्ञ/परामर्शदातालगायत सार्वजनिक जिम्मेवारीका ओहदा तथा राजनीतिक नियुक्तिका पदहरूमा नियुक्त नगर्ने र नियुक्त भई कार्यरत रहेका छन् भने पदबाट तत्काल अवकाश दिने।

इ) मान, पदवी, सम्मान वा राज्यबाट दिइने कुनै पनि किसिमको सुविधा वा सहुलियत प्रदान नगर्ने।

ई) कम्पनी ऐनअन्तर्गत दर्ता भएका वा हुने कुनै पनि कम्पनीको संचालक हुन रोक लगाउने।

उ) नयाँ उद्योग, फर्म वा कम्पनी दर्ता गर्न, सरकारी ठेक्कापट्टामा भाग लिन वा बैंकले स्वीकृति दिएको अवस्थामा ऋणतिर्ने प्रयोजनका लागि बाहेक त्यस्ता ऋणीको स्वामित्वमा रहेको कुनै पनि चल/अचल सम्पत्ति रोक्का राख्ने र यसको लागि सम्बन्धित निकाय (मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) लाई निर्देशन जारी गर्ने व्यवस्था गर्ने।

ऊ) सरकारी सुरक्षणपत्रहरूमा भएको लगानी जफत गरी लिलाम गर्ने र त्यसरी प्राप्त हुनआउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने।

*स्रोतः नेपाल राष्ट्र बैंक*

४.५६ यसका अतिरिक्त नेपाल सरकार (मन्त्रिस्तरीय) को २०६३ माघ २९ गते को निर्णयानुसार रू. ५ करोडभन्दा बढी साँवा रकम ऋण लिएका ८० जना ऋणी तथा ऋणसंग सम्बन्धित व्यक्तिहरूलाई देहायबमोजिमको कारवाही गरिएको छ :

(क) निजहरूको नाममा जारी भएको राहदानी जफत गर्ने र नयाँ जारी गर्न रोक लगाउने,

(ख) निजहरूलाई कम्पनी ऐनअन्तर्गत दर्ता भएका वा हुने कुनै पनि कम्पनीको सञ्चालक हुन रोक लगाउने,

(ग) निजहरूको स्वामित्वमा रहेको कुनै पनि चल/अचल सम्पत्ति रोक्का राख्ने,

(घ) निजहरूबाट सरकारी सुरक्षणपत्रहरूमा भएको लगानी जफत गरी लिलाम गर्ने र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने,

(ङ) नेपाल सरकारको निर्देशानुसार कारवाहीमा परेका ऋणीले ऋण भुक्तानी वा पुनर्संरचना र पुनर्तालिकीकरण गरेमा सम्बन्धित बैंकले सम्बन्धित ऋणीलाई साविकमा गरेको कारवाही फिर्ता गर्न तुरून्त पहल गर्नुपर्ने व्यवस्थासमेत गरिएको छ ।

४.५७ नेपाल सरकार (मं.प.) को निर्णयानुसार कारवाहीमा परेका ऋणी र ऋणीसँग सम्बन्धित व्यक्तिहरूको स्वामित्वमा रहेको कुनै पनि चल सम्पत्ति रोक्का राख्न आवश्यक व्यवस्थाका लागि सवै इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूबाट देहायअनुसार गर्न निर्देशन दिइएको छ :

(क) ऋणी र ऋणीसंग सम्बन्धित व्यक्तिहरूलाई सबै किसिमका निक्षेप (स्वदेशी तथा विदेशी) को भुक्तानीमा रोक लगाउने ।

(ख) ऋणी र ऋणीसँग सम्बन्धित व्यक्तिहरूलाई प्रदान गरिएको लकर सुविधाअनुसार लकरमा राखिएका सबै सम्पत्ति रोक्का राख्ने ।

४.५८ बैंक तथा ऋणीबीचको कारोवारमा कुनै पनि पक्षलाई मर्का पर्न गएमा त्यस्तो मर्काको सुनुवाइको लागि मिति २०६२ बैशाख ११ मा नेपाल राष्ट्र बैंकका वरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा एक गुनासो सुनुवाई एकाइ (Grievance Hearing Cell-GHC) को गठन गरिएको थियो । सो एकाइको कार्यलाई अझ बढी प्रभावकारी ढङ्गले सम्पन्न गर्नको लागि नेपाल सरकार (म.प.) को मिति २०६३ मङ्सिर २९ को निर्णयानुसार डेपुटी गभर्नरको संयोजकत्वमा अर्थ मन्त्रालयको प्रतिनिधि र बैकर्स संघको अध्यक्ष सदस्यको रूपमा रहने तथा उद्योग वाणिज्य महासंघको प्रतिनिधि पर्यवेक्षकको रूपमा रहने गरी मिति २०६३ पौष ९ मा गुनासो व्यवस्थापन समितिको पुनर्गठन गरिएको छ। उपर्युक्तबमोजिम गुनासो सुनुवाई एकाइ तथा गुनासो व्यवस्थापन समितिको गठन भएपश्चात् २०६३ चैत्र मसान्तसम्ममा जम्मा ३१६ उजुरी परेकामा जम्मा २२५ उजुरी उपर सुनुवाइ भइसकेको छ भने बाँकी ९१ उजुरीको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थासँग आवश्यक पत्राचार भइरहेको छ। नेपाल राष्ट्र बैंकमा गठन गरिएको सो समितिका क्रियाकलापबाट बैंक र ऋणीबीचमा उत्पन्न समस्यालाई समाधान गर्न सघाउ पुगेको छ। साथै, सो समितिको क्रियाकलापबाट बैंकिङ्ग एवं वित्तीय क्षेत्रमा देखिएको ऋण असुली र पुनर्संरचनासम्बन्धी समस्यालाई न्यूनीकरण गर्नमा समेत सघाउ पुग्न गएको छ।

४.५९ वित्तीय सेवाको विस्तारको लागि विद्यमान वित्तीय संस्थाहरूको शाखा विस्तार हुनु आवश्यक छ। तर अनियन्त्रितरूपले शाखा विस्तार हुन गएमा वित्तीय विकृति निम्त्याई वित्तीय अस्थिरता सिर्जना हुन सक्ने भएकोले वित्त कम्पनीहरूको शाखा विस्तार नीतिमा समसामयिक परिवर्तन गरिएको छ। २०६२ श्रावणदेखि लागू गरिएको शाखा विस्तारसम्बन्धी एकीकृत निर्देशनमा परिवर्तन गरी २०६३ आश्विन २६ देखि लागू हुने गरी नयाँ निर्देशन जारी गरिएको छ। उक्त निर्देशनअनुसार २०६२ आषाढमा कायम रहेको चुक्ता पुँजीमा काठमाडौं उपत्यकाभित्र शाखा कार्यालय खोल्न चाहने संस्थाले न्यूनतम रू २ करोड र काठमाडौं उपत्यकाबाहिर शाखा कार्यालय खोल्न चाहने संस्थाले न्यूनतम रू ५० लाख

प्रतिशाखा पुँजी थप गर्नुपर्ने व्यवस्था गरिएको छ। शाखा विस्तार प्रयोजनको लागि पुँजी समायोजन कोषमा थप गर्नुपर्ने रकम समावेश नगरिने, न्यूनतम चुक्तापुँजी रू ५ करोड पुगेपछि मात्र थप गरिएको रकम शाखा प्रयोजनको लागि गणना हुने, सूचना प्रविधिसम्बन्धी विवरण उल्लेख हुनुपर्ने र निष्क्रिय कर्जा अनुपात ५ प्रतिशतभन्दा कम हुनुपर्ने गरी तोकिएको छ।

४.६० बैंक तथा वित्तीय संस्थाहरूबीच पहिले प्रवाहित कर्जा खरीद बिक्री गर्न सकिने व्यवस्था गरिएको छ। कुनै बैंक वा वित्तीय संस्थाले प्रदान गरेको कर्जा अर्को बैंक वा वित्तीय संस्थाले खरीद तथा पुनरखरीद गर्दा मञ्जूषा ४(च) मा उल्लेखित प्रक्रियाहरू पूरा गरी कारोवार गर्नु पर्ने व्यवस्था कायम गरिएको छ। यसले गर्दा एकातर्फ वित्तीय कारोवारमा सघनता बढ्ने र अर्कोतर्फ कर्जा खरीद बिक्री स्वस्थ किसिमबाट हुने अपेक्षा गर्न सकिन्छ।

**मञ्जुषाः ४ (च) : कर्जा खरिद तथा पुनरखरिद**

क) कर्जा खरीद गर्दा त्यस्तो कर्जा ग्राहकबाट असुलउपर गर्नसक्ने अधिकार खरीद गर्नेले लिनुपर्ने र यसका लागि सम्बन्धित ग्राहकको सहमतिसमेत लिनुपर्ने,

ख) खरीद गरी लिनेले सो खरीद गरेको कर्जालाई आफ्नो हिसाबमा सम्बन्धित शीर्षकको कर्जा सापट उप-शीर्षकमा लेखाङ्कन गर्नुपर्ने,

ग) कर्जाको शर्त र अवस्थाको विस्तृत विवरण लिएर मात्र कर्जा खरीद गर्नुपर्ने,

घ) कर्जा खरीद गरी लिने बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ऋणीले कर्जा लिएको मिति, कर्जाको किसिम, भुक्तानी अवस्था, विगतको कर्जा कारोवारको अवस्था, जमानतकर्ताको हैसियत, कर्जा वर्गीकरणको स्थिति आदि विवरणहरू लिखितरूपमा लिनुपर्ने,

ङ) कर्जा खरीद गर्ने बैंक तथा वित्तीय संस्थाले विद्यमान कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्थाबमोजिमको कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने,

च) कर्जा खरीद गरी लिँदा यस्तो कर्जा सुरक्षित रहेको तथा संस्थालाई फाइदाजनक भए/नभएको यकिन हुने आधार खुल्ने कागजातहरू सम्बन्धित कर्जा फाइलमा अद्यावधिक गरी राख्नुपर्ने,

छ) कर्जा नीतिमा कर्जा खरीदसम्बन्धी व्यवस्था रहेका बैंक तथा वित्तीय संस्थाहरूले मात्र कर्जा खरिद/बिक्री गर्न सक्ने। यस्तो कारोवारको अर्द्धवार्षिक विवरण अर्द्धवार्षिक अवधि समाप्त भएको मितिले १५ दिनभित्र नेपाल राष्ट्र बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनुपर्ने,

ज) यसरी कर्जा खरिद-बिक्री गर्दा कथंकदाचित खरिदकर्ता संस्थाले कर्जा उठाउन नसकेमा बिक्रीकर्ता संस्थाले सो कर्जा पुनः आफैले सकार्ने शर्त रहेको अवस्थामा बिक्रीकर्ता संस्थाले त्यस्तो कर्जा पुनः खरीद नगरून्जेल सम्भावित दायित्वको रूपमा आफ्नो वासलातमा देखाउनुपर्ने र यस्तो सम्भावित दायित्वलाई पुँजीकोष गणना गर्ने प्रयोजनको लागि ५० प्रतिशत मात्र जोखिम भार प्रदान गर्नुपर्ने।

*स्रोतः नेपाल राष्ट्र बैंक*

४.६१ वित्तीय क्षेत्रको विकाससँगै नगदको सट्टा वित्तीय उपकरणको प्रयोग बढ्दै जान्छ र बढ्नु पर्ने पनि हुन्छ। यसले गर्दा नगद कारोवारमा, जुन प्रायः जोखिमयुक्त हुने गर्दछ, कमी आउँछ। तर नेपालमा बैंकिङ्ग क्षेत्रको उल्लेख्य विकास भए पनि चेक कारोवार बढ्न नसकी नगद कारोवारको हिस्सा ठूलो रहने गरेको छ। खासगरी चेकप्रति विश्वसनियताको अभावले गर्दा यसो हुन गएको हो। त्यसैले, समीक्षा अवधिमा आ-आफ्नो खातामा पर्याप्त मौज्दात नभएको अवस्थामा पनि र मौज्दात पर्याप्त भए पनि विभिन्न आधारमा भुक्तानी नहुने अवस्थाको चेक

जारी गर्ने प्रवृत्तिलाई कडाईका साथ नियन्त्रण गर्ने उद्देश्यले मञ्जूषा ४(छ) बमोजिम प्रत्रियागत व्यवस्था जारी गरिएको छ ।

**मञ्जुषाः ४ (छ)**

**भुक्तानी हुन नसक्ने चेक जारी गर्न रोक्ने सम्बन्धी व्यवस्था**

क) एकपटक भुक्तानी नभइकन फिर्ता भएको चेकको हकमा भुक्तानी पाउनुपर्नेले चेक जारी गर्नेलाई भुक्तानीको लागि बढीमा सात दिनको समय दिई सम्बन्धित बैंक वा वित्तीय संस्थामा पुनः चेक पेश गर्नसक्ने,

ख) सो म्यादपश्चात् पनि रकम भुक्तानी नभएको खण्डमा रकम भुक्तानी पाउनुपर्नेले चेकको रकम भुक्तानी गर्नुपर्ने बैंक वा वित्तीय संस्थामा लिखित जानकारी दिनसक्ने,

ग) कजा खण्ड (ख) बमोजिम लिखित जानकारी प्राप्त भएपछि सम्बन्धित बैंक वा वित्तीय संस्थाले चेक जारीकर्तालाई बढीमा सात दिनभित्र भुक्तानी गर्न सूचना दिनुपर्नेछ र सो मितिभित्र पनि रकम भुक्तानी हुन नसकेमा त्यस्तो चेक खिच्नेलाई सम्बन्धित बैंक वा वित्तीय संस्थाले अनिवार्यरूपमा कालोसूचीमा सूचीकृत गर्नुपर्ने,

घ) कुनै व्यक्ति, फर्म, कम्पनी वा सङ्गठित संस्थाले बैंक तथा वित्तीय संस्थालाई त्यस्तो भुक्तानी नहुने चेक दिएमा समेत यस खण्डबमोजिम कालोसूचीमा राख्नुपर्ने,

ङ) यस खण्डबमोजिम कालोसूचीमा रहेका व्यक्ति, फर्म, कम्पनी वा सङ्गठित संस्थाले त्यस्तो सूचीबाट फुकुवा नभएसम्म आफ्नो खातामा रकम जम्मा गर्नेबाहेक अन्य कुनै पनि किसिमको बैंकिङ्ग कारोवार गर्न नपाउने ।

*स्रोतः नेपाल राष्ट्र बैंक*

४.६२ बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अन्तर्गत संस्थापना भई सञ्चालनमा आएका बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो स्वप्रयोजनको लागि स्थिर सम्पत्ति (घर जग्गा) को खरीद/लगानीको सम्बन्धमा देहायबमोजिमको प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्था गरिएको छ :

(क) बैंक/वित्तीय संस्था संस्थापना हुँदा खर्च भएको पूर्व सञ्चालन खर्च (Pre-operating expenses) सम्पूर्णरूपमा अपलेखन भइसकेको हुनुपर्ने,

(ख) सम्बन्धित बैंक तथा वित्तीय संस्थाको प्रबन्धपत्र/नियमावलीमा उल्लेख भएबमोजिमको शेयर सर्वसाधारणमा जारी गरिसकेपछिको साधारण सभा सम्पन्न भएको हुनुपर्ने,

(ग) बैंक/वित्तीय संस्थाले सम्पत्ति खरीद गर्दाका बखत संस्था सञ्चालन मुनाफामा रहेको हुनुपर्ने,

(घ) संस्थाको पुँजीकोष यस बैंकले जारी गरेको निर्देशनबमोजिम हुनुपर्ने । साथै, उल्लेखित अवस्था पूरा नगरी स्थिर सम्पत्ति खरीद/लगानी गरेमा सो बराबरको रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्ने व्यवस्था छ ।

४.६३ केही समययता खासगरी वित्तीय संस्थाहरूको प्राथमिक शेयर निष्काशनमा शेयरको लागि अत्यधिक आवेदन पर्ने गरेको छ । एकातर्फ वैकल्पिक लगानीको अभावमा अर्थतन्त्रमा उच्च तरलता रहको छ भने अर्कोतर्फ बैंक तथा वित्तीय संस्थाहरूबाट शेयर खरीदको लागि सरल मार्जिन ऋण प्राप्त हुने गरेकोले पनि प्राथमिक निष्काशनमा चाप पर्ने गरेको हो । यसले गर्दा प्राथमिक शेयर निष्काशन व्यवस्थापन गर्न कठीन, जटील र महङ्गो हुँदै गएको छ । यसै तथ्यलाई आंकलन गरी जुनसुकै पब्लिक लिमिटेड कम्पनीबाट प्राथमिक शेयर निष्काशन (initial public offering) गरी सर्वसाधारणमा बिक्रीको लागि आह्वान गरेको अवस्थामा नेपाल

राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूले सर्वसाधारणमा प्राथमिक शेयर निष्काशनको लागि बिक्री खुल्ला गरेको पहिलो सात कार्यदिनसम्म त्यस्तो शेयर खरीद गर्नका लागि कुनै किसिमको कर्जा सुविधा प्रदान गर्न नपाइने गरिएको छ । तर, पहिलो सात कार्यदिनसम्ममा माग गरेबमोजिमको शेयर पूरै खरीद नभएमा आठौं कार्य दिनदेखि देहायबमोजिमका शर्तहरूको अधीनमा रही त्यस्तो कर्जा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ :

(क) प्राथमिक शेयर निष्काशनको कार्य गर्न नियुक्त निष्काशन प्रबन्धक नेपाल राष्ट्र बैंकको इजाजतपत्रप्राप्त संस्था भएमा सो संस्थाले कुनै पनि व्यक्ति/फर्म/कम्पनीलाई प्राथमिक शेयर निष्काशनका लागि कर्जा प्रदान गर्न नपाउने,

(ख) बैंक तथा वित्तीय संस्थाले प्राथमिक शेयर निष्काशनमा लगानी गर्ने लगानीकर्ताहरूलाई प्रदान गर्ने कर्जाको कम्तिमा ५० प्रतिशत नगद मार्जिन राखेर मात्र कर्जा प्रदान गर्नुपर्ने,

(ग) यसरी प्रदान गरिएको कर्जाको भुक्तानी अवधि बढीमा धितोपत्र ऐन, नियमावली र धितोपत्रसँग सम्बन्धित नियमहरूमा शेयर बाँडफाँडको लागि तोकेको अवधिसम्म हुने र यस्तो कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरण गर्न नपाइने,

(घ) यस्तो कर्जा प्रवाह गर्दा अन्य कर्जा प्रदान गर्दा अवलम्बन गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा गरेको हुनुपर्ने,

(ङ) यसरी प्रवाह भएको कर्जा असल कर्जामा रहेको अवस्थाबाहेक अन्य अवस्थामा कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपरेमा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने ।

४.६४ नेपाल सरकारको ऋणपत्रको साँवा तथा ब्याज भुक्तानी कार्यलाई विस्तारित, सहज र सुविधायुक्त बनाउन बजार निर्माताहरू बाहेकका नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गको इजाजत प्राप्त संस्थाले पनि ऋणपत्रको साँवा तथा ब्याज भुक्तानी गरी सोको शोधभर्नाको लागि नेपाल राष्ट्र बैंकमा माग गर्नसक्ने व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०६२।६३ को मौद्रिक नीतिमा व्यवस्था भएअनुसार बजार निर्माता र वाणिज्य बैंकहरूका लागि ऋणपत्रको साँवा भुक्तानी कार्यलाई आकर्षक बनाउन साँवा भुक्तानी रकमको शोधभर्ना प्राप्त नहुँदासम्मको अवधिको लागि उक्त रकमलाई अनिवार्य नगद अनुपातमा गणना गरिने व्यवस्थालाई अन्य संस्थाहरूको हकमा पनि लागू गरिने भएको छ। साथै, सार्वजनिक बिदा पर्न गई सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई साँवा रकम भुक्तानी गर्न नसकिएको अवस्थामा सो बिदाको अवधिको लागि उक्त साँवा रकमलाई नेपाल राष्ट्र बैंकमा राख्नुपर्ने अनिवार्य नगद अनुपातमा गणना हुने व्यवस्था गरिएको छ। यसबाहेक, ब्याज भुक्तानी बापत हाल प्रदान गरिँदै आएको कमिशन उपरोक्त अन्य संस्थाहरूलाई पनि नियमानुसार प्रदान गरिने व्यवस्था गरिएको छ ।

४.६५ संयुक्त लगानीमा सञ्चालनमा आएका बैंक तथा वित्तीय संस्थाहरूको संयुक्त लगानीकर्ता बैंक तथा वित्तीय संस्थाहरूको ग्यारेण्टी तथा काउण्टर ग्यारेण्टीमा कर्जा तथा सुविधा प्रदान गर्न कुनै बाधा नपर्ने तर यसरी प्रदान गरिएको कर्जामा प्रति ग्राहक कर्जा सीमाको व्यवस्था भने लागू हुने व्यवस्था कायम गरी ग्यारेण्टीसम्बन्धी व्यवस्थामा सरलीकरण गरिएको छ। साथै, आफ्नो ग्राहक पहिचान मार्गदर्शनअनुसार रू. १० लाखभन्दा बढी रकम खातामा जम्मा गर्दा स्रोत खुलाउनुपर्ने प्रावधान रहेकोमा उक्त प्रक्रिया केही झण्झटिलो हुने गरेको परिप्रेक्ष्यमा ग्राहकले स्व:घोषणा गरेमा पनि मान्य हुने व्यवस्था गरिएको छ ।

४.६६ बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ११ मा उल्लेखित व्यवस्थाअनुरूप बैंक वा वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखासम्बन्धी कार्यमा प्रत्यक्षरूपले संलग्न व्यक्ति र तिनीहरूका परिवारका अन्य सदस्यले समेत तोकिएको अवधिसम्म शेयर खरीद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न समेत नमिल्ने व्यवस्था गरिएको छ। साथै, यस अघि धितो बन्धक राख्ने कार्य भएको अवस्थामा सो कर्जा नवीकरण गर्न नमिल्ने व्यवस्थासमेत कायम गरिएको छ।

४.६७ अधिविकर्षको कारोवार गर्ने सुविधा नपाएका इजाजतपत्रप्राप्त संस्थाहरूले प्रदान गरेको आवधिक कर्जाको किस्ताको हकमा किस्ता रकमले १ वर्षभन्दा बढी अवधिले भाखा नाघेमा सम्पूर्ण कर्जा रकमलाई नै खराब कर्जामा वर्गीकरण गर्नु पर्नेछ। कुनै किस्ता रकमले १ वर्षभन्दा कम अवधिले मात्र भाखा नाघेको अवस्थामा किस्ता रकमलाई मात्र खराब वर्गको कर्जामा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ। तर, इजाजतपत्रप्राप्त संस्थाले सम्पूर्ण कर्जा रकमलाई नै खराब कर्जामा वर्गीकरण गर्न चाहेमा यो व्यवस्थाले वाधा पुगेको नमानिने व्यवस्था गरिएको छ।

४.६८ बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गरेको कर्जा सापटीमा प्राप्त हुने ब्याजलाई आर्थिक वर्ष २०६२।६३ देखि नगद प्राप्तिको आधारमा मात्र आम्दानी जनाउने व्यवस्था गरिएकोमा आर्थिक वर्ष २०६२।६३ को लागि मात्र २०६३ आषाढ मसान्तसम्म पाकेको ब्याज २०६३ श्रावण महिनाभरमा प्राप्त भएमा deferred cash basis मा सो रकमलाई समेत आर्थिक वर्ष २०६२।६३ मा ब्याज आम्दानी जनाउन पाउने व्यवस्था कायम गरिएको छ।

४.६९ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूले अन्य प्रचलित कानूनबमोजिम निक्षेप परिचालन तथा कर्जाको कारोवार गरिरहेका वित्तीय संस्थाहरूमा निक्षेप राख्न तथा कर्जाको कारोवार गर्न नपाइने व्यवस्था गरिएको छ। साथै, विगत समयमा गरेको निक्षेप तथा कर्जाको कारोवार २०६५ आषाढ मसान्तभित्र वा भुक्तानी अवधि समाप्त भएपछि जुन अगाडि हुन्छ सो अवधिभित्र निर्देशन वमोजिम नियमित गर्नु पर्नेछ। तर, लघुवित्तको थोक कारोवार गर्ने गरी स्थापना भएका वित्तीय संस्थाहरूको हकमा उपरोक्त व्यवस्था लागू नहुने व्यवस्था गरिएको छ।

४.७० राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरेका वा इजाजतपत्रको लागि नयाँ निवेदन दिने बैंक तथा वित्तीय संस्थाको संस्थापक वा संस्थापक समूहको शेयरमा प्रचलित कानूनबमोजिम स्थापित सहकारी संस्थाहरूले संस्थागतरूपमा शेयर लगानी गर्न नपाउने र विगतमा लगानी गरिरहेका सहकारी संस्थाहरूको शेयर प्रचलित कानूनी प्रक्रिया पूरा गरेर २०६५ साल आषाढ मसान्तभित्र बिक्री गरिसक्नुपर्ने व्यवस्था गरिएको छ।

४.७१ बैंक तथा वित्तीय संस्थाहरूद्वारा कर्जा प्रदान भई २०६२ चैत्र मसान्तसम्म असल वर्गमा रहेका ट्रस्ट रिसिट कर्जा र निर्यात कर्जाजस्ता व्यापारिक कर्जा, चालू पुँजी प्रकृतिका कर्जाहरू (short term loan, demand loan, working capital loan) र व्यापारिक प्रयोजनका लागि सवारी साधन कर्जा जस्ता मासिक किस्ताबन्दीमा आधारित उपभोक्ता कर्जाहरूलाई इजाजतपत्रप्राप्त संस्थाहरूले चाहेमा असल कर्जामा वर्गीकरण गरी २०६३ साल आषाढ मसान्तसम्म भुक्तानी म्याद बढाउन तथा पुँजीगत खर्चतर्फ प्रवाहित अल्पकालीन र दीर्घकालीन कर्जाको किस्तालाई बढीमा २०६३ आषाढ मसान्तसम्मको लागि पुनर्संरचना वा पुनर्तालिकीकरण गर्दा पाकेको ब्याजको २५ प्रतिशत रकम असुल हुनुपर्ने व्यवस्थालाई यो एकपटकको लागि छुट प्रदान गरी त्यस्तो कर्जा असल कर्जामा वर्गीकरण गर्न पाउने तथा

यस्ता कर्जाहरूको लागि १ प्रतिशतमात्र कर्जा नोक्सानी व्यवस्था गर्न सकिने व्यवस्था गरिएको छ ।

**बैंक तथा वित्तीय संस्था निरीक्षण तथा सुपरिवेक्षण**

४.७२ वित्तीय स्थिरता कायम राख्न समसामयिक नियमन व्यवस्थाको अतिरिक्त निरीक्षण र सुपरिवेक्षण प्रणालीलाई पनि प्रभावकारी पार्दै लगिएको छ । यसअनुसार बैंकको सुपरिवेक्षण पक्षमा जोड दिँदै समस्याग्रस्त बैंकहरूको लागि छुट्टै अनुगमन समिति बनाई सुक्ष्मरूपमा सुपरिवेक्षण तथा अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । हरेक वर्ष वाणिज्य बैंकहरूको स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार गर्ने नीतिअनुरूप आर्थिक वर्ष २०६३ फाल्गुण मसान्तसम्ममा १५ वाणिज्य बैंकहरूको निरीक्षण कार्य सम्पन्न भएको छ भने सात वाणिज्य बैंकहरूको आवश्यकतानुसार १४ विशेष निरीक्षणसमेत गरिएको छ । सुपरिवेक्षणको क्रममा देखिएका कमी कमजोरी हटाई आवश्यक सुधार गराउने तथा निरीक्षण प्रतिवेदनमार्फत सुधारको लागि नियमितरूपमा सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिने व्यवस्था गरिएको छ । बैंकहरूलाई वित्तीय विवरण प्रकाशित गर्न स्वीकृति दिनुभन्दा पहिले प्रारम्भिक क्लियरेन्स दिने कार्य थालिएको छ । प्रचलित निर्देशनबमोजिम अनिवार्य नगद मौज्दात कायम नगर्ने तथा विपन्न वर्गमा कर्जा प्रवाह नगर्ने बैंकहरूलाई हर्जाना लगाउने व्यवस्था गरिएको छ ।

४.७३ नेपालमा बासल दुई कार्यान्वयन गर्ने क्रममा एकोर्ड कार्यान्वयन समूहले परिमाणात्मक (Quantitative) प्रभाव अध्ययन सम्पन्न गरी पुँजी पर्याप्तता संरचना मस्यौदा तयार गरिसकेको र सम्बन्धित सबैको जानकारी तथा सुझावको लागि नेपाल राष्ट्र बैंकको वेवसाइटमा राखिएको छ । बैंक तथा सम्बन्धित अन्य पक्षबाट सुझावहरू आइसकेकोले प्राप्त सुझावलाई समेत समावेश गरी मस्यौदा परिमार्जन गर्ने क्रममा रहेको छ । पूर्व योजनानुसार प्रस्तावित पुँजी पर्याप्तता संरचना आर्थिक वर्ष २०६४/६५ देखि समानान्तररूपमा लागू गरिने कार्यक्रम रहेको छ ।

४.७४ उक्त प्रस्तावित पुँजी पर्याप्तता संरचनामा क्रेडिट जोखिमको लागि सिम्लिफाइड स्टाण्डर्ड अप्रोच (simplified standard approach) र सञ्चालन जोखिमको लागि बेसिक इन्डिकेटर अप्रोच (basic indicator approach) अवलम्बन गरिएको छ । बजार जोखिमको लागि नेटवर्थ पोजिसन अप्रोच (networth position approach) का साथै ट्रेडिङ्ग लगानीको २ प्रतिशत सञ्चित जगेडा कोषको रूपमा राख्नुपर्ने व्यवस्था गरिएको छ । नेपालको सन्दर्भमा बासल दुई लागू हुनसक्ने गरी उपर्युक्त अप्रोचहरूको छनौट गरी प्रस्ताव गरिएको छ ।

**चुनौतीहरू**

४.७५ देशको समष्टिगत आर्थिक स्थायित्व कायम गर्न, मुद्रास्फीति वाञ्छित स्तरसम्म राख्न र देशको समग्र आर्थिक विकासको दर उच्च र दिगो बनाउनका लागि सार्वजनिक वित्त नीति र मौद्रिक नीतिबीच तारतम्य कायम गरी अनुकूल मौद्रिक तथा वित्त नीति तर्जुमा एवं कार्यान्वयन गर्ने कार्यलाई उच्च प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ ।

४.७६ देशको आर्थिक विकासको लागि वित्तीय क्षेत्रको सुदृढीकरण र स्थायित्व कायम रहनु जरूरी हुन्छ । सरकारी स्वामित्व रहेका वित्तीय संस्थाहरू जस्तै राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक लिमिटेड र नेपाल औद्योगिक विकास निगमसँग रहेको निष्क्रिय कर्जा घटाउन र गैर-बैंकिङ्ग सम्पत्तिको व्यवस्थापन गर्न सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापनाका लागि विगतदेखि प्रयास भएको भएता पनि हालसम्म सोको व्यवस्था हुन

नसकेकोले सरकारी स्वामित्व रहेका बैंक तथा वित्तीय संस्थाहरूको खराव कर्जा घटाउने कार्य चुनौतीपूर्ण रहेको छ । खराव कर्जाको अनुपातलाई उल्लेख्यरूपमा नघटाउँदासम्म देशको समग्र वित्तीय प्रणाली सक्षम र सुदृढ हुन नसक्ने र यसको कारण देशको आर्थिक विकासको गतिलाई द्रुततर बनाउन वित्तीय क्षेत्रले खेल्ने भूमिका अपेक्षित बन्न नसक्ने सन्दर्भमा खराव कर्जा (NPA) घटाउने कार्यलाई विशेष जोड दिनु पर्ने आवश्यकता छ ।

४.७७ अझै पनि औपचारिक वित्तीय प्रणाली (formal financial system) को पहुँच र विस्तार खासगरी ग्रामीण क्षेत्रमा सुदृढ हुन सकेको छैन । वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरू प्रायः शहरमुखी वित्तीय कारोवारमा संलग्न छन् । वित्तीय सेवाको गहिराई र विस्तार गरी ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलापको अभिवृद्धिमा सहयोग पुऱ्याउन सकिएमा विद्यमान गरिबीको स्तरलाई धेरै हदसम्म घटाउन सकिने भएकोले ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको सशक्त उपस्थित गराई ग्रामीण क्षेत्रमा वित्तीय सेवाको सर्वसुलभता र व्यापकता सुनिश्चित गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

४.७८ संस्था दर्ता ऐन, २०३४ र सहकारी ऐन, २०४८ अन्तर्गत दर्ता भई वित्तीय मध्यस्थताको कार्यगर्ने संस्थासम्बन्धी ऐन, २०५५ अन्तर्गत स्थापित भई सहकारी विभागबाट स्वीकृति प्राप्त बचत तथा ऋणसम्बन्धी कारोवार गर्दै आएका वित्तीय सहकारी संस्थाहरूको संख्या २०६३ आषाढ मसान्तमा २,९१२ पुगेको छ भने सोही अवधिसम्मको यी संस्थाहरूको बचत क्रमशः रू. ८ अर्व र लगानी रू. १४ अर्व रहेको छ । तुलनात्मकरूपमा हेर्दा वित्तीय कारोबारमा यी संस्थाहरूको स्रोत परिचालनको अंश नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "ख" वर्गका विकास बैंकसरह रहेको देखिन्छ । यसर्थ यी संस्थाहरूको प्रभावकारी नियमन, निरीक्षण र सुपरिवेक्षण गरी वित्तीय स्थायित्वलाई सुदृढ तुल्याउन आवश्यक भइसकेको छ । यद्यपि, यसै उद्देश्यका साथ एउटा second tier institution (STI) स्थापना गर्नुपर्ने आवश्यकतालाई महसुस गरिसकेको भएता पनि यससम्बन्धी कार्य अगाडि बढ्नसकेको छैन । यस पृष्ठभूमिमा STI गठनको कामलाई अगाडि बढाएर बचत एवम् ऋणसम्बन्धी कारोवार गर्ने सहकारी संस्थाहरू तथा गैरसरकारी संस्थाहरूलाई समेत नियमनको दायरा भित्र ल्याउनु पर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

४.७९ वर्तमान प्रतिस्पर्धात्मक वातावरणमा बैंक तथा वित्तीय संस्थाहरूको सुदृढता र स्थायित्व सुनिश्चित हुनु जरुरी छ । नेपालमा विगत दुई दशकमा बैंक तथा वित्तीय संस्थाहरूको संख्यात्मक वृद्धि भएको छ तर गुणात्मकरूपमा अझै सुधार गर्नु पर्ने देखिन्छ । बैंक तथा वित्तीय संस्थाको स्थायित्वका लागि आवश्यक रहने कानुनी संरचना बलियो र परिष्कृत बनाउँदै लैजानु पर्ने र संस्थागत सुशासन, उत्तरदायित्व र वित्तीय अनुशासन कायम गर्न नीति निर्देशनको तर्जुमा तथा सोको प्रभावकारी कार्यान्वयन गर्ने कार्य अपरिहार्य बनेको छ ।

# ५. पुँजी तथा मुद्रा बजार

## प्राथमिक बजार

५.१ आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनामा धितोपत्रको प्राथमिक बजारमार्फत १४ वटा संगठित संस्थाहरूले साधारण सेयर तथा हकप्रद सेयर निष्काशन गरी जम्मा रू ७० करोड २९ लाख मूल्य बरावरको पुँजी परिचालन गरेका छन् । उक्त रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५१.५० प्रतिशतले कमी रहेको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनाको अवधिमा १८ वटा संगठित संस्थाहरूले धितोपत्रको प्राथमिक वजारमार्फत रु.१ अर्व ४४ करोड ९४ लाख मूल्य बरावरको धितोपत्र निष्काशन गरी पुँजी परिचालन गरेका थिए ।

**तालिका ५ (क) : प्राथमिक बजार प्रवृत्ति**

(रु. करोडमा)

| विवरण | | आर्थिक वर्ष | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रथम नौ महिना | |
| | | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६२/६३ | २०६३/६४ |
| १ | पुँजी परिचालन | ४९.३४ | १५७.९९ | ६९.६६ | १०९.०४ | १६७.२३ | २४४.३३ | १४४.९४ | ७०.२९ |
| क) | साधारण सेयर | २७.८७ | ३१.९५ | ३९.४३ | ६५.७५ | ३७.७५ | ५७.९८ | ४९.०९ | १७.७९ |
| ख) | हकप्रद सेयर | १३.१८ | ६२.१९ | १६.२२ | ७.०० | ९४.९३ | १०१.३५ | ७५.८५ | ५२.५० |
| ग) | अग्राधिकार सेयर | - | १४.०० | - | – | – | – | – | – |
| घ) | डिवेञ्चर | - | ३६.०० | - | ३०.०० | ३०.०० | ८५.०० | २०.०० | - |
| ङ) | म्युच्युअल फण्ड | - | – | १०.०० | - | – | – | – | – |
| च) | नागरिक एकांक योजना | ८.२९ | १३.८५ | ४.०१ | ६.२९ | ४.५५ | १४.२९ | १४ | ३.७४ |
| २ | पुँजी परिचालनकर्ता संगठित संस्थाहरूको संख्या | ९ | १२ | १८ | १४ | १४ | ३४ | १८ | १४ |




+ प्रथम नौ महिना, श्रोतः नेपाल धितोपत्र बोर्ड

## दोश्रो बजार

५.२ आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा नेपाल धितोपत्र विनिमय बजार लि. मा सूचीकृत कम्पनीहरूको संख्या १ सय ३५ रहेकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनाको अवधिमा थप ८ वटा कम्पनीहरू सूचीकरण तथा १२ वटा कम्पनीहरूको सूचीकरण खारेजी भई कुल सूचीकृत कम्पनीहरूको संख्या १३१ कायम भएको छ । यस्तै, समीक्षा अवधिमा थप ३ वटा कम्पनीहरूको संस्थागत ऋणपत्रहरू समेत सूचीकरण भएका छन् । साथै आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनाको अन्तमा बजार पुँजीकरण मूल्य रु.७९ अर्व ४७ करोड १३ लाख कायम रहेकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनाको अन्तमा उक्त बजार पुँजीकरण मूल्यमा ६७.८५ प्रतिशतले वृद्धि भई रु.१ खर्व ३३ अर्व ३९ करोड ८८ लाख पुगेको छ ।




+ प्रथम नौ महिना

५.३ आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनामा भएको धितोपत्र कारोवार रकममा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिको तुलनामा १६१.४९ प्रतिशतले वृद्धि भई रु.५ अर्व ५३ करोड ४२ लाख मूल्यको १ करोड १० लाख ८० हजार कित्ता सेयर कारोवार भएको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा रु.२ अर्व ११ करोड ६४ लाख मूल्यको ६५ लाख ९३ हजार ८ सय ३० कित्ता धितोपत्र कारोवार भएको थियो ।




+प्रथम नौ महिना ।

५.४ आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनामा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिको तुलनामा कारोवार संख्यामा २६.८३ प्रतिशतले वृद्धि आई कुल ९१ हजार ३६ वटा कारोवार

भएको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनाको अवधिमा कुल ७१ हजार ७ सय ७७ वटा कारोवार भएको थियो ।

**तालिका ५ (ख) : दोश्रो बजार प्रवृत्ति**

(रु. करोडमा)

| विवरण | आर्थिक वर्ष | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | प्रथम नौ महिना | |
| | | | | | | | २०६२/६३ | २०६३/६४ |
| धितोपत्र कारोवार रकम | २३४.४२ | १५४.०६ | ५७.५८ | २१४.४३ | ४५०.७७ | ३४५.१४ | २११.६४ | ५५३.४२ |
| कारोवार सेयर संख्या (हजारमा) | ४९८९ | ६००५ | २४२८ | ६४६८ | १८४३४ | १२२२१.९३ | ६५९३.८३ | ११०८० |
| कारोवार संख्या | ४६०९५ | ४२०२८ | ६९१६३ | ८५५३३ | १०६२४६ | ९७३७४ | ७१७७७ | ९१०३६ |
| बजार पुँजीकरण मूल्य | ४६३४.९४ | ३४७०.३८ | ३५२४.०४ | ४१४२.४८ | ६१३६.५९ | ९६८१.३७ | ७९४७.१३ | १३३३९.८८ |
| बजार पुँजीकरण मूल्यमा कारोवारको प्रतिशत | ५.०६ | ४.४४ | १.६३ | ५.१८ | ७.३४ | ३.५६ | २.६६ | ४.१५ |
| कुल गार्हस्थ्य उत्पादनमा बजार पुँजीकरण मूल्यको प्रतिशत | १०.५० | ७.५५ | ७.१६ | ७.७२ | १०.४१ | १४.९८ # | - | - |
| सूचीकृत धितोपत्रको चूक्ता मूल्य | ८१६.५२ | ९६८.५० | १२५६.०० | १३४०.४९ | १६७७.१९ | २०००.८६ | १८६४.३ | २३९६.३० |
| सूचीकृत संगठित संस्थाहरूको संख्या | ११५ | ९६* | १०८ | ११४ | १२५ | १३५ | १२८ | १३१ |
| कारोवार भएको कम्पनीको संख्या | ६७ | ६९ | ८१ | ९२ | १०२ | ११० | ८३ | १११ |
| नेप्से परिसूचक (विन्दुमा) | ३४८.४० | २२७.५० | २०४.८६ | २२२.०४ | २८६.६७ | ३८६.८६ | ३३४.७७ | ४९४.५९ |

* २५ वटा कम्पनीहरूको सूचीकरण खारेजी, # कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) को संशोधित अनुमानको आधारमा

श्रोत: नेपाल धितोपत्र बोर्ड तथा नेपाल धितोपत्र विनिमय बजार लि.

५.५ आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनामा सूचीकृत धितोपत्रको चुक्ता मूल्य आर्थिक वर्ष २०६२/६३ को सोही अवधिको तुलनामा २८.५४ प्रतिशतले वृद्धि भई रु.२३ अर्व ९६ करोड ३० लाख पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा सूचीकृत धितोपत्रको चुक्ता मूल्य रु.१८ अर्व ६४ करोड ३० लाख रहेको थियो ।

५.६ आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनाको अन्त्यमा नेप्से परिसूचक आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनाको अन्तको तुलनामा १५९.८२ विन्दुले वृद्धि भई ४९४.५९ विन्दु कायम भएको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनाको अन्त्यमा नेप्से परिसूचक ३३४.७७ विन्दु रहेको थियो ।




## नेपाल धितोपत्र बोर्ड

५.७ धितोपत्र सम्वन्धी अध्यादेश, २०६२ लाई प्रतिस्थापन गर्न धितोपत्र सम्वन्धी ऐन, २०६३ मिति २०६३/९/३० मा लागू भएको छ । पुँजी वजारको विकास र लगानीकर्ताको हितका लागि महत्वपूर्ण काम कारवाहीको नियमन र अनुगमन गर्न नेपाल धितोपत्र बोर्डको क्षेत्राधिकार हुने व्यवस्थाहरू ऐनमा समावेश गरिएकाले बोर्डको प्रभावकारिता बढ्न जाने देखिएको छ ।

५.८ धितोपत्रसम्बन्धी ऐन, २०६३ लाई कार्यान्वयनमा ल्याउनका लागि आवश्यक नेपाल धितोपत्र बोर्ड सम्वन्धी नियमावली, धितोपत्र वजार सञ्चालन सम्वन्धी नियमावली तथा धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी ) नियमावली को मस्यौदा कार्य भइरहेको छ । साथै धितोपत्र दर्ता तथा निष्काशन नियमावली, मर्चेन्ट बैकिङ्ग नियमावली तथा सामूहिक लगानी योजना सम्वन्धी नियमावली समेत मस्यौदाको क्रममा रहेका छन् ।

५.९ आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनाको अवधिमा सरकारी ऋणपत्रहरूलाई धितोपत्र विनिमय बजारमा सूचीकरण गरी कारोवार गराउन भएको व्यवस्थाअनुसार ३ वटा बजार निर्माता तथा ७ वटा दलाल व्यवसायीहरूले नेपाल धितोपत्र बोर्डबाट सरकारी ऋणपत्र कारोवार अनुमति पत्र प्राप्त गरेका छन् । समीक्षा अवधिको मिति २०६३/०८/२९ मा सरकारी ऋणपत्रको नेपाल धितोपत्र विनिमय बजारमार्फत दोश्रो वजार कारोवार प्रारम्भ भएको छ ।

५.१० नेपाल सरकारबाट सञ्चालित तथा नेपाल धितोपत्र बोर्डको संयोजनमा कार्यान्वयन भइरहेको संस्थागत तथा वित्तीय सु-शासन परियोजना अन्तर्गत यस आर्थिक वर्षको प्रथम नौ महिनामा नेपाल धितोपत्र विनिमय बजारमा धितोपत्र कारोवार प्रणालीलाई यान्त्रीकरण गर्ने कार्य तथा कम्पनी रजिष्ट्रार कार्यालयमा व्यवस्थापन सूचना प्रणाली स्थापना गर्ने सम्वन्धी कार्य अन्तिम चरणमा पुगिसकेको छ ।

## नेपाल धितोपत्र विनिमय बजार लिमिटेड

५.११ आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनाको अवधिमा नेपाल धितोपत्र विनिमय बजार लि. ले धितोपत्र कारोवारबाट रु १७ करोड ५० लाख पुँजीगत लाभकर उठाई सरकारी राजस्व संकलन गरेको छ । आर्थिक वर्ष २०६२/६३ मा नेपाल धितोपत्र विनिमय बजार लि. ले धितोपत्र कारोवारबाट रु २ करोड २५ लाख ८० हजार ७३ पुँजीगत लाभकर संकलन गरेको थियो ।

५.१२ धितोपत्र सूचीकरण विनियमावली, २०५३ मा भएको व्यवस्थाअनुसार आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनामा कुल १३१ वटा सूचीकृत कम्पनीहरू मध्ये ६६ वटा कम्पनीहरू "क" वर्गमा वर्गीकरण भएका छन् । समीक्षा अवधिमा "क" वर्गमा वर्गीकरण हुने कम्पनीहरूको संख्या आर्थिक वर्ष २०६२/६३ मा "क" वर्गमा वर्गीकरण हुने कम्पनीहरूको संख्या भन्दा १७.८५ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६२/६३ मा कुल १२८ वटा सूचीकृत कम्पनीहरू मध्ये ५६ वटा कम्पनीहरू "क" वर्गमा वर्गीकरण भएका थिए ।

५.१३ समीक्षा अवधिमा नेपाल धितोपत्र विनिमय वजार लि. ले लगानीकर्ताहरूलाई यथासक्य यथार्थ सूचना प्रवाह गराउने उद्देश्यले मिति २०६३/०९/१७ देखि "क" वर्गमा वर्गीकरण भएका कम्पनीहरूको छुट्टै NEPSE Sensitive Index गणना एवं प्रकाशनसमेत सुरु गरेको छ । साथै नेपाल धितोपत्र विनिमय वजार लि. ले धितोपत्रको दोश्रो वजार सम्वन्धी सूचना प्रवाह प्रकियालाई स्तरीय वनाउदै लैजाने क्रममा वार्षिक कारोवार प्रतिवेदन विश्लेषणसहित प्रकाशन गर्ने, web page मा थप नयां विवरणहरू समावेश गर्ने तथा साधारण सभामा वार्षिक प्रतिवेदन प्रकाशन गर्ने कार्य प्रारम्भ गरेको छ ।

५.१४ आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनामा नेपाल धितोपत्र विनिमय वजार लि. ले धितोपत्र कारोवार मूल्यमा स्थिरता प्रदान गर्न मिति २०६३/०४/०१ देखि सूचीकृत वाणिज्य वैंक समूहको सेयर कारोवारमा (matching transaction) गर्न नपाइने तथा कारोवारमा circuit breaker को रूपमा Trading Halt प्रणालीको सुरुवात गर्नुका साथै खाली हस्तान्तरण (blank transfer) अभ्यासलाई व्यवस्थित गर्नकालागि आवश्यक कार्य गरेको छ ।

## धितोपत्र व्यवसायीहरू

५.१५ आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनाको अन्तमा धितोपत्र बजारमा २४ वटा धितोपत्र दलाल, ९ वटा धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक तथा २ वटा धितोपत्र व्यापारीहरू कायम रहेका छन् । आर्थिक वर्ष २०६२/६३ अन्त्यमा समेत सोही संख्यामा धितोपत्र व्यवसायीहरू रहेका थिए ।

## सामूहिक कोष तथा एकांक योजना

५.१६ नागरिक लगानी कोषले सञ्चालन गरेको नागरिक एकांक योजनाका साथै यसले सञ्चालन गरेको अन्य कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष, उपदान कोष योजना, लगानीकर्ता हिसाब योजना, बीमा कोष योजना, अंशदानमूखि पेन्सन (defined contribution) योजना जस्ता योजनाहरू अन्तर्गत आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनामा थप रु. १ अर्व ३६ करोड ९७ लाख पुँजी परिचालन भई जम्मा संकलित कोष रकम रु ७ अर्व ७२ करोड ९५ लाख पुगेको छ । यस अवधिमा संकलित कुल कोष रकममध्ये कर्मचारी बचत वृद्धि अवकाश कोषमा ५५.८८ प्रतिशत, नागरिक एकांक योजनामा ८.९३ प्रतिशत, लगानीकर्ता हिसाब योजनामा ८.१२ प्रतिशत र उपदान कोष योजनामा २०.६६ प्रतिशत, बीमा कोष योजनामा ६.३४ प्रतिशत तथा अंशदानमुखी पेन्सन योजनामा ०.०६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६३/६४ को प्रथम नौ महिनामा थप रु.१ अर्व २८ करोड ४८ लाख लगानी भई जम्मा लगानी रकम रु.७ अर्व ३० करोड ६६ लाख पुगेको छ जसमध्ये सरकारी ऋणपत्र र निश्चित व्याज प्राप्तहुने साधनहरूमा ८०.७४ प्रतिशत, समयकालिन कर्जामा ५.०७ प्रतिशत, संगठित संस्थाको सेयर, प्रिफिरेन्स सेयर तथा डिवेञ्चरमा ७.०६ प्रतिशत र सहभागी सापटी तथा घर कर्जामा ७.१४ प्रतिशत लगानी भएको छ ।

५.१७ एन.आई.डि.सी. क्यापिटल मार्केट्स लि. को व्यवस्थापन तथा नेपाल औद्योगिक विकास निगम ट्रष्टि भई सञ्चालनमा ल्याइएको रु.१० करोड बराबरको एन.सि.एम.म्युचुअल फण्ड मिति २०६० भाद्र देखि नेपाल धितोपत्र विनिमय बजार लि.मा सूचीकृत भई फण्ड अन्तर्गत जारी गरिएका युनिटहरूको खरिद-विक्री कार्य भइरहेको छ । २०६३ चैत्र मसान्तमा फण्डको कुल मूल्य रु.२६ करोड ११ लाख ७७ हजार तथा फण्डको प्रति युनिट खुद मूल्य (net assets value) रु.२६.१२ रहेको छ ।

## चुनौतीहरू

५.१८ संस्थागत ऋणपत्र, सामूहिक लगानी कोष तथा डिपोजिटरी सेवामा सहभागी हुने हितग्राहीको हित शुरक्षाका लागि ट्रष्टीको अपरिहार्यता रहेको परिपृष्ठमा ट्रष्टीको नियमन सम्वन्धमा कुनै व्यवस्था नहुंदा धितोपत्र वजार विकासमा समेत प्रतिकूल असर परिरहेकोले ट्रष्टीसम्बन्धी छुट्टै ऐन तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको छ । साथै लगानीकर्तालाई ऋणपत्र तथा अन्य धितोपत्र औजारका साथै संस्थागत सु-शासन अभ्यास जस्ता विषयमा व्यावसायिक रेटिङ्ग सेवा प्रदान गर्नकालागि Credit Rating Agency को आवश्यकता खड्किएको छ ।

५.१९ संस्थागत लगानीकर्ताहरूः नागरिक लगानी कोष, कर्मचारी संचय कोष, पेन्सन योजना तथा बीमा कम्पनीहरूलाई उपयुक्त हुने लगानी साधनहरूको अभाव भइरहेको वर्तमान अवस्थामा संस्थागत क्षेत्रवाट डिवेञ्चर जारी गरी ऋण पुँजी उठाउने तथा सामूहिक योजना र एकांक योजनाको जारी एवं व्यवस्थापन कार्यलाई प्रोत्साहित गरी धितोपत्र वजारमार्फत संस्थागत लगानीकर्ताहरूलाई उपयुक्त लगानीको साधन उपलब्ध गराउन वाञ्छनीय देखिन्छ । साथै, यस्ता संस्थाहरूमा रहेको पुँजी परिचालन कार्यलाई थप व्यावसायिक तथा पारदर्शी वनाउन यस्ता संस्थाहरूको नियमनसम्बन्धी स्पष्ट व्यवस्थासमेत गरिनुपर्ने आवश्यकता रहेको छ ।

५.२० धितोपत्र सम्वन्धी ऐन, २०६३ ले नेपाल धितोपत्र बोर्डलाई धितोपत्र बजार नियमनका लागि थप अधिकार तथा जिम्मेवारी सुम्पिएको छ । यो जिम्मेवारीलाई प्रभावकारी तथा दक्षतापूर्वक निर्वाह गर्नको लागि बोर्डको विविध पक्षहरूमा सुधार गर्नु आवश्यक देखिएको छ ।

५.२१ धितोपत्र बजार तथा व्यावसायीहरूको व्यावसायिकता, संस्थागत क्षमता र सेवाको पंहुच प्रायशः राजधानीमा मात्र सीमित रहेको अवस्थामा हाल प्रचलनमा रहेको धितोपत्र कारोवारको खुला बोलकबोल प्रथालाई विद्युतीय कारोवार प्रणालीले प्रतिस्थापन गरी पारदर्शी तथा दक्ष बनाई धितोपत्र बजार सेवालाई व्यवसायिक र देशव्यापीरूपमा समेत विस्तार गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।

५.२२ हाल धितोपत्रको पुँजीगत लाभमा श्रोतमा नै कर लाग्ने व्यवस्था रहेको तर पुँजीगत घाटा अपलेखन (write-off) गर्ने व्यवस्था नरहेको, ऋणपत्रहरूमा अग्रिम व्याज कर व्यक्तिगत र संस्थागत लगानीमा फरक फरक रहेको र लाभांशमा समेत श्रोतमा नै कर लाग्ने व्यवस्था स-साना लगानीकर्ताको हित अनुकुल हुन सकिरहेको छैन । साथै, सामूहिक लगानी योजना तथा नागरिक एकांक योजनाबाट प्राप्त प्रतिफलमा कर लगाइने व्यवस्थाले स-साना बचतलाई प्रोत्साहित गरी लगानीको अप्रत्यक्ष साधन (indirect investment vehicle) को विकास तथा प्रवर्द्धन गर्न कठिनाई भइरहेकोले सामूहिक लगानी योजना तथा नागरिक एकांक योजनाबाट प्राप्त प्रतिफलमा कर लगाइने व्यवस्थाको समेत मूल्याङ्कन गर्नुपर्ने आवश्यकता रहेको छ ।

५.२३ देशका कतिपय उद्योग व्यवसायहरू निजीरूपमा सञ्चालित भईरहेको तथा पब्लिक कम्पनीमा संस्थागत संस्कृति (corporate culture) राम्ररी विकास हुन नसकेको सन्दर्भमा

विश्वसनीय एवं भरपर्दो निजीक्षेत्रको विकास गर्न असल संस्थागत सु-शासनका सिद्धान्त तथा मर्यादाहरूको विकास गरी प्रभावकारीरूपमा लागू गर्नुपर्ने आवश्यकता रहेको छ । यसका लागि उपयुक्त आचार संहिताहरू (codes) को विकास गरी लागू गर्ने तथा उक्त आचार संहिताहरूको प्रभावकारीरूपमा कार्यान्वयन गराउन आवश्यक छ ।

५.२४ धितोपत्रको कारोवारकालागि धितोपत्र सूचीकरणको अनिवार्यता रहेको र सूचीकरणका आधारहरू पूरा गर्न नसक्ने संगठित संस्थाहरूको धितोपत्रको कारोवारको व्यवस्था नहुँदा लगानीकर्ताहरूलाई मर्का परिरहेकोले यस्ता धितोपत्रहरूको समेत कारोवार हुन सक्ने वैकल्पिक कारोवार OTC (over-the-counter) बजारको व्यवस्था हुनु आवश्यक देखिन्छ ।

५.२५ नेपाल धितोपत्र विनीमय वजार लि. हाल सरकारी स्वामित्व तथा व्यवस्थापनमा सञ्चालन भइरहेकोले स्वायत्त नियमन निकायवाट हुने नियमन कार्य प्रभावकारी हुन कठिनाई देखिएकाले नेपाल धितोपत्र विनिमय वजार लि. को स्वामित्व तथा व्यवस्थापन संरचनाको पुनरावलोकन गरी यसलाई आधुनिक संस्थागत स्वरूप प्रदान गरी अन्तर्राष्ट्रिय अभ्यासअनुरूप सञ्चालन गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।

५.२६ धितोपत्रको नामसारी तथा हक हस्तान्तरण प्रकियालाई छिटो छरितो तथा कारोवारमा संलग्न लगानीकर्ताहरूको सहज पहिचान गराई धितोपत्रको दोश्रो वजार सेवाको पारदर्शिता एवं गतिशीलताबढाउनधितोपत्रको केन्द्रीय निक्षेप प्रणाली स्थापना गर्ने कार्यलाई अगाडि वढाउनु पर्ने चुनौती रहेको छ ।

५.२७ धितोपत्रको सार्वजनिक निष्काशन कार्यलाई पारदर्शी एवं गतिशील वनाई पुँजी परिचालनको महत्वपूर्ण माध्यमको रूपमा विकास गर्न सघाउ पुऱ्याउने व्यवस्थाहरू जस्तै प्राथमिकता प्राप्त वाँडफाँट (preferential allotment), संस्थापक वा निजी तवरवाट विक्री (offer for sale) भएका धितोपत्रहरू सार्वजनिक कारोवार हुने व्यवस्था, हक हस्तान्तरण (rights nomination) आदि कार्यान्वयनमा ल्याउने कार्यलाई प्राथमिकताकासाथ अगाडि बढाउनुपर्ने देखिन्छ ।

# ६. अन्तर्राष्ट्रिय व्यापार तथा शोधनान्तर स्थिति

६.१ आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनाको तथ्याङ्कको आधारमा निर्यात तथा आयात दुवैमा ह्रास आएको छ । यस अवधिमा कुल वैदेशिक व्यापार २.६ प्रतिशतले घट्न गई रु. १५४ अर्ब ६८ करोड रहेको छ । गत वर्षको यसै अवधिमा कुल वैदेशिक व्यापार २२.५ प्रतिशतले वृद्धि भई रु. १५८ अर्ब ८१ करोड रहेको थियो । समीक्षा अवधिमा कुल निर्यात ६.६ प्रतिशतले र कुल आयात १.१ प्रतिशतले घटेकोले कुल वैदेशिक व्यापारमा ह्रास आएको हो । कुल वैदेशिक व्यापारमा निर्यातको अंश २५.९ प्रतिशत र आयातको अंश ७४.१ प्रतिशत रहेको तथा आयातको तुलनामा निर्यातमा उच्च दरले ह्रास आएकोले व्यापार घाटाको रकम बढ्न गएको हो । समीक्षा अवधिमा कुल व्यापारमा भारततर्फको अंश ६४.६ प्रतिशत र अन्य मुलुकतर्फ ३५.४ प्रतिशत रहेकोले वैदेशिक व्यापार भारत केन्द्रीत भएको देखिन्छ । छिमेकी मुलुक भारत र चीनका साथै विश्वका अन्य कतिपय देशमा उच्च आर्थिक वृद्धिदरको स्थिति रहँदा पनि नेपालको वैदेशिक व्यापारमा वृद्धि हुन नसक्नुले विश्वको उच्च आर्थिक वृद्धिदरबाट नेपाल लाभान्वित हुन नसकेको अवस्था देखिन्छ ।




६.२ आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा वैदेशिक व्यापारमा शिथिलता देखिएको भएता पनि खुद ट्रान्सफर आयमा आएको वृद्धिको कारणले समीक्षा अवधिमा चालू खातामा वचत भएको छ । यसको फलस्वरूप आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा रु. १२ अर्ब १९ करोड शोधनान्तर वचत भएको छ । विदेशी विनिमय संचितिको विद्यमान अवस्थालाई विश्लेषण गर्दा विद्यमान संचितिको स्तरले यस अवधिको आयातलाई आधार मान्दा १२.४ महिनाको वस्तु आयात र १०.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त देखिएकोले समीक्षा अवधिमा विदेशी विनिमय संचितिको स्तर उत्साहजनक रहेको छ ।

**मन्जुषा : ६ (क)**

**अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि भएका प्रयासहरू**

(क) नेपाली बजारमा गुणस्तरीय सुनको आपूर्ति सहज होस भन्ने हेतुले विधिवत दर्ता भएको फर्म/कम्पनीका अतिरिक्त "क" वर्गका (बैंक) संस्थाहरूले पनि सुन आयात गर्न सक्ने व्यवस्था गरिएको र आयात प्रक्रियालाई सरलीकृत गरिएको,

(ख) भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी आयात गर्न सकिने ९१ वटा harmonic code भएका वस्तुहरूको सूचीलाई २०६४ वैशाख महिनासम्ममा बढाई १ सय २१ पुऱ्याइएको,

(ग) उत्पादनमूलक उद्योग तथा बढीमा ५ मेघावाट क्षमतासम्मका ऊर्जामूलक उद्योगहरूलाई मात्र परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाट generator set आयात गर्न दिने व्यवस्था रहेकोमा नेपालको लोडसेडिङ्ग समेतलाई मध्यनजर गरी स्कूल, कलेज, युनिभर्सिटी, हस्पिटल, नर्सिङ्ग होम लगायतका संगठित निकाय (व्यक्ति विशेष बाहेक) हरूलाई पनि आफ्नो प्रयोजन (व्यापारिक प्रयोजनको लागि बाहेक) का लागि मात्र परिवर्त्य विदेशी मुद्रा भुक्तानी

हुने गरी भारतबाट generator set आयात गर्न दिने व्यवस्था गरिएको ।

(घ) ACU सदस्य राष्ट्रहरुबीच हुने आयात/निर्यातको payment system लाई अझ छिटो एवं सरलीकरण गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकमा Swift को branch terminal राख्ने प्राविधिक कार्य सम्पन्न गरिएको ।

(ङ) हाल भारतबाहेक अन्य मुलुकहरूबाट deferred payment वा suppliers credit अन्तर्गत भुक्तानी अवधि १ वर्षसम्मको usance प्रतीतपत्र वाणिज्य बैंकहरू आफैले खोल्न सक्ने व्यवस्था रहेको तर सोभन्दा बढी अवधिको usance प्रतितपत्र खोल्नुपरेमा भने नेपाल राष्ट्र बैंकको अनुमति लिनुपर्ने व्यवस्था रहिआएकोमा अबआइन्दा यस्तो १ वर्षभन्दा बढी अवधिको usance प्रतीतपत्रसमेत सम्बन्धित वाणिज्य बैंकले सिधै खोल्नसक्ने व्यवस्था गरिएको ।

(च) परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने गरी आयात प्रतीतपत्रमा उल्लेखित रकमभन्दा बढी रकमको कागजपत्र प्राप्त भएको अवस्थामा प्रतीतपत्रमा उल्लेखित रकमको २.० प्रतिशत वा अमेरिकी डलर १ हजारमध्ये जुन बढी हुन्छ, सो रकमसम्मका कागजपत्र सम्बन्धित वाणिज्य बैंक आफैले स्वीकार गर्न सक्ने तर सो भन्दा बढीको हकमा भने नेपाल राष्ट्र बैंकको स्वीकृति लिनुपर्ने व्यवस्थालाई खारेज गरी जतिसुकै रकमको त्यस्तो कागजपत्रमा सम्बन्धित वाणिज्य बैंकले नै स्वीकार गर्न सक्ने व्यवस्था गरिएको ।

स्रोतः नेपाल राष्ट्र बैंक

## निर्यात

६.३ आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा १३.३ प्रतिशतले बढेको कुल निर्यात चालू आर्थिक वर्षको सोही अवधिमा ६.६ प्रतिशतले ह्रास आई रु. ३९ अर्ब ९९ करोड पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा कुल निर्यात रु. ४२ अर्ब ८० करोड रहेको थियो । आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा कुल निर्यातमा भारत र अन्य मुलुकतर्फको अंश क्रमशः ६९.४ प्रतिशत र ३०.६ प्रतिशत रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ६९.३ प्रतिशत र ३०.७ प्रतिशत रहेको थियो । औद्योगिक क्षेत्रमा देखिएको समस्या, विद्युत कटौती एवं तराई बन्द आदिका कारणले गर्दा निर्यातमा प्रतिकूल असर परेको हो । समूहगत संरचनाको आधारमा अध्ययन गर्दा समीक्षा अवधिमा कुल निर्यातमा प्राथमिक वस्तुको (खाद्य वस्तु तथा जीवजन्तु, सुर्ती तथा पेय पदार्थ, अप्रशोधित पदार्थ र अखाद्य वस्तुहरू, खनिज इन्धन र चिल्लो पदार्थहरू, जीवजन्तु तथा वनस्पतिको तेल तथा बोसो) अंश २३.१ प्रतिशत रहेको छ भने तयारी वस्तु (रसायन तथा औषधि, वर्गीकृत तयारी वस्तुहरू, यातायात तथा यान्त्रिक उपकरण, विविध तयारी वस्तुहरू र वर्गीकृत नभएका वस्तुहरू) को अंश ७६.९ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश क्रमशः २२.४ प्रतिशत र ७७.६ प्रतिशत रहेको थियो ।




६.४ आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा २०.५ प्रतिशतले वृद्धि भएको भारततर्फको निर्यात आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा ६.४ प्रतिशतले ह्रास आई रु. २७ अर्ब ७६ करोड रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा भारततर्फको निर्यात रु. २९ अर्ब ६६ करोड रहेको थियो । समीक्षा अवधिमा भारततर्फ निर्यात हुने प्रमुख वस्तुहरू मध्ये अदुवा, अलैची, सावुन, वनस्पति घ्यू, धागो, एम.एस. पाइप, कर्कटपाताको निर्यातमा वृद्धि

भएता पनि पोलिस्टर धागो ४३.० प्रतिशत, गाइवस्तुका दाना ८६.० प्रतिशत, प्लास्टिकका भाँडाकुडा ५६.७ प्रतिशत, जी.आई. पाइप ७४.० प्रतिशत र तयारी पोशाक ३१.६ प्रतिशतको दरले निर्यातमा उल्लेख्य कमी आएको कारण भारततर्फको निर्यात प्रभावित भएको हो । समूहगत संरचनाको आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश क्रमशः २९.० प्रतिशत र ७१.० प्रतिशत रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिमा २९.४ प्रतिशत र ७०.६ प्रतिशत रहेको थियो ।




* प्रथम आठ महिना

६.५ आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा अन्य मुलुकतर्फको निर्यातमा ०.१ प्रतिशतले ह्रास आई रु. १३ अर्ब १४ करोड रहेकोमा समीक्षा अवधिमा थप ७.० प्रतिशतले कमी आई रु. १२ अर्ब २२ करोड रहन गएको छ । यस अवधिमा अन्य मुलुकतर्फ निर्यात हुने वस्तुहरू मध्ये दाल, अलैची, जडीबुटी, नेपाली कागज र कागजबाट बनेका सामानहरूको निर्यातमा वृद्धि भएको भएता पनि विशेषगरी छाला (१३.१ प्रतिशत), ऊनी गलैचा (७.५ प्रतिशत), तयारी पोशाक (१३.२ प्रतिशत), हस्तकलाका सामान (४९.६ प्रतिशत), र पश्मिना (३५.८ प्रतिशत) को निर्यातमा कमी आएकोले अन्य मुलुकतर्फको निर्यात घटेको हो । समूहगत संरचनाको आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश क्रमशः ९.७ प्रतिशत र ९०.३ प्रतिशत रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिमा ६.५ प्रतिशत र ९३.५ प्रतिशत रहेको थियो ।

**मन्जुषा : ६ (ख)**

**अन्तर्राष्ट्रिय व्यापार क्षेत्रमा भएका गतिविधिहरू**

- निकासी प्रवर्द्धनका लागि खोलिएका तीन संस्थाहरू (व्यापार प्रवर्द्धन केन्द्र, निर्यात प्रवर्द्धन समिति र गलैंचा तथा ऊन विकास समिति) २०६३ कार्तिकमा सरकारले एकीकरण गरी व्यापार तथा निकासी प्रवर्द्धन समिति गठन गरेको छ । समितिको कार्य सञ्चालनका लागि व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र स्थापना गरिएको छ ।
- नेपालको प्रमुख निर्यातजन्य वस्तुको रूपमा रहेको तयारी पोशाकले युरोपियन युनियनको बजार प्रवेशमा पाउँदै आएको सहुलियतपूर्ण सुविधा थप दुई वर्षको लागि बढाइएको छ । युरोपियन युनियनले नेपाली उत्पादनलाई सन् १९९७ देखि उत्पत्तिको नियमबाट उन्मुक्तिको सुविधा दिँदै आएको छ। डिसेम्बर ३१, २००६ मा समाप्त हुने यो सुविधाको म्याद दुई वर्षको

लागि अर्थात डिसेम्बर ३१, २००८ सम्म थप भएको छ । उत्पत्तिको नियममा प्राप्त सुविधाका कारण नेपालले युरोपियन युनियनका सदस्य मुलुकमा निर्यात हुने तयारी पोशाकमा स्वदेशी कपडा प्रयोग गर्नैपर्ने बाध्यता छैन र पैठारी गरिएका कपडाबाट निर्मित तयारी पोशाक पनि निकासी गर्न पाइन्छ। अन्य मुलुक अझ विशेषगरी संयुक्त राज्य अमेरिकातर्फ तयारी पोशाकको निर्यातमा व्यापक ह्रास आइरहेको अवस्थामा यो सुविधा जारी राख्न युरोपियन युनियनलाई नेपाल सरकारले आग्रह गरेको थियो । तयारी पोशाकको कुल निर्यातमा युरोपेली बजारको हिस्सा थोरै भए पनि क्रमिकरूपमा विस्तार हुँदै गएको छ। सन् २००५ देखि अन्तर्राष्ट्रिय कपडा व्यापारमा कोटा प्रणालीको अन्त्य भएपछि नेपाली तयारी पोशाकको निर्यात क्रमिक रूपले घटिरहेको छ । यस परिप्रेक्ष्यमा नेपाललाई युरोपियन युनियनद्वारा प्रदान गरिएको उक्त सुविधाले केही राहत दिने विश्वास गर्न सकिन्छ ।

- नेपाल-भारत वाणिज्य सन्धि फाल्गुण २२, २०६३ देखि अर्को पाँच वर्षका लागि स्वतः नवीकरण भएको छ। साविकबमोजिम सो सन्धिका सबै प्रावधान प्रभावकारी रहने र सन्धिअनुसार नेपालले प्राप्त गरिरहेका सुविधा कायमै रहनेछ ।

- दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को चौधौं शिखर सम्मेलन ३० बुँदे घोषणापत्र जारी गर्दै चैत्र २१, २०६३ मा नयाँ दिल्लीमा सम्पन्न भएको छ । सम्मेलनले साफ्टा (SAFTA) को पूर्ण कार्यान्वयनको साथै सेवा क्षेत्रको व्यापारलाई पनि समावेश गरिनुपर्नेमा जोड दिएको छ । साथै सम्मेलनले दक्षिण एसियाली भन्सार युनियन र दक्षिण एसियाली आर्थिक युनियनको मार्ग चित्र बनाउन पनि जोड दिएको छ। सार्कको चौधौं शिखर सम्मेलनमा भारतले सार्क क्षेत्रमा चार अतिकम विकसित मुलुकलाई आफ्नो बजार प्रवेशका लागि सन् २००७ को अन्त्यसम्म भन्सार दर शून्यमा झार्ने घोषणा गरेको छ। यसैगरी, ती मुलुकहरूबाट भारत प्रवेश हुने संवेदनशील वस्तुहरूको सूची पनि कम गरिने घोषणा गरेको छ। तर यसले गर्दा बिना भन्सार महसुल सुविधामा भारत निर्यात हुँदै आएका नेपाली उत्पादनले त्यहाँको ठूलो बजार हिस्सा कायम राख्न थप कठिनाई सिर्जना हुने देखिएको छ। सन् २००८ देखि बंगलादेश, भुटान र मालदिभ्सका उत्पादनमा समेत भन्सार महसुल नलाग्ने भएकोले ती मुलुकका उत्पादनसंग कडा प्रतिस्पर्धा गर्नुपर्ने स्थितिको सिर्जना हुनेछ। भारतीय बजारमा निर्यात हुँदै आएका अधिकांश वस्तुको उत्पादन लागतमा कटौती तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न नेपालले सकेको छैन । यसबाट वनस्पति घ्यू, जुटका सामान, पोलिस्टर धागो र तयारी पोशाकको निकासी बढी प्रभावित हुने देखिन्छ। बंगलादेशले तयारी पोशाकमा विशेषज्ञता हासिल गरेकोले यस क्षेत्रमा मुख्यतः बंगलादेशी उत्पादनले कडा चुनौती दिने देखिन्छ ।

स्रोतः नेपाल राष्ट्र बैंक

## आयात

६.६ आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा कुल आयात २६.३ प्रतिशतको उल्लेख्य दरले वृद्धि भई रु. ११६ अर्ब १ करोड रहन गएकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा १.१ प्रतिशतको सीमान्त दरले ह्रास भई रु. ११४ अर्ब ६९ करोड पुग्न गएको छ । समीक्षा अवधिमा कुल आयातमा भारतबाट भएको आयातको अंश ६२.९ प्रतिशत रहेको छ भने अन्य मुलुकबाट भएको आयातको अंश ३७.१ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा कुल आयातमा भारतबाट भएको आयातको अंश ६०.८



प्रतिशत र अन्य मुलुकबाट भएको आयातको अंश ३९.२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा भारतबाट आयात हुने वस्तुहरूमा सीमान्त वृद्धि भएको भएता पनि अन्य मुलुकहरूबाट आयात हुने वस्तुहरू उल्लेख्य रूपले घटेको कारण कुल आयातमा केही ह्रास आएको हो । समूहगत संरचनाको आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश क्रमशः ३८.७ प्रतिशत र ६१.३ प्रतिशत रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिमा ४१.१ प्रतिशत र ५८.९ प्रतिशत रहेको थियो ।

**तालिका ६ (क) : अन्तर्राष्ट्रिय व्यापार स्थिति**

(प्रथम आठ महिना)

| विवरण | प्रतिशत परिवर्तन | | |
|---|---|---|---|
| | २०६१/६२* | २०६२/६३* | २०६३/६४** |
| निर्यात एफ. ओ. वि. | ४.६ | १३.३ | -६.६ |
| - भारत | १९.५ | २०.५ | -६.४ |
| - अन्य मुलुकहरू | -१५.३ | -०.१ | -७.० |
| आयात सि. आइ. एफ. | ६.२ | २६.३ | -१.१ |
| - भारत# | १०.९ | ३१.७ | २.३ |
| - अन्य मुलुकहरू | ०.३ | १८.७ | -६.४ |
| व्यापार सन्तुलन | ७.४ | ३५.३ | २.० |
| - भारत | ४.५ | ४१.२ | ८.६ |
| - अन्य मुलुकहरू | १०.९ | २८.५ | -६.२ |
| कुल व्यापार | ५.७ | २२.५ | -२.६ |
| - भारत | १३.५ | २८.२ | -०.३ |
| - अन्य मुलुकहरू | -४.२ | १३.९ | -६.६ |
| कुल व्यापारमा अंश (प्रतिशत) | | | |
| - भारत | ६०.३ | ६३.१ | ६४.६ |
| - अन्य मुलुकहरू | ३९.७ | ३६.९ | ३५.४ |
| कुल निर्यातमा अंश (प्रतिशत) | | | |
| - भारत | ६५.२ | ६९.३ | ६९.४ |
| - अन्य मुलुकहरू | ३४.८ | ३०.७ | ३०.६ |
| कुल आयातमा अंश (प्रतिशत) | | | |
| - भारत | ५८.३ | ६०.८ | ६२.९ |
| - अन्य मुलुकहरू | ४१.७ | ३९.२ | ३७.१ |
| कुल व्यापार सन्तुलनमा अंश (प्रतिशत) | | | |
| - भारत | ५३.५ | ५५.८ | ५९.४ |
| - अन्य मुलुकहरू | ४६.५ | ४४.२ | ४०.६ |

* संशोधित ** अपरिष्कृत

# आर्थिक वर्ष २०५६/५७ देखि पेट्रोलियम आयातलाई अन्य मुलुकतर्फ नराखी भारततर्फ समावेश गरिएको ।

**स्रोत** : नेपाल राष्ट्र बैंक

६.७ गत आर्थिक वर्षको प्रथम आठ महिनामा भारतबाट भएको आयात ३१.७ प्रतिशतले वृद्धि भई रु. ७० अर्ब ५१ करोड पुग्न गएकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा २.३ प्रतिशतको सीमान्तदरले बढ्न गई रु. ७२ अर्ब १२ करोड पुगेको छ । भारतबाट आयात हुने प्रमुख वस्तु पेट्रोलियम पदार्थको आयात आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ

महिनामा ४१.८ प्रतिशतको उच्चदरले वृद्धि भएकोमा समीक्षा अवधिमा १.९ प्रतिशतले घटेको देखिन्छ । समीक्षा अवधिमा विशेष गरी भारतबाट आयात हुने प्रमुख वस्तुहरूमा रासायनिक मल ३९.० प्रतिशतले, कस्मेटिक्स ३८.० प्रतिशतले, प्लास्टिकका भाँडाकुडा ६८.९ प्रतिशतले, स्टील सिट १००.० प्रतिशतले, तारका समानहरू ४६.२ प्रतिशतले, तरकारी २९.२ प्रतिशतले, चिनी ९७.१प्रतिशतले, चामल ५१.४ प्रतिशतले, तयारी पोशाक ३१.२ प्रतिशतले, कच्चा धागो ५१.५ प्रतिशतले, कोइला ३६.० प्रतिशतले र फलफूल ३३.९ प्रतिशतले घटेको देखिन्छ । आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा भारतबाट मुख्यतया सवारी साधन तथा पार्टपूर्जा ५२.५ प्रतिशत, विद्युतिय सामग्री ६०.५ प्रतिशत, हट रोल्ड शीट र क्वाइल ५७.७ प्रतिशतले, कृषि सामग्री तथा पार्टपूर्जा ७५.९ प्रतिशतले आयात बढेको देखिन्छ । समूहगत संरचनाको आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश क्रमशः ४४.२ प्रतिशत र ५५.८ प्रतिशत रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिमा ४८.६ प्रतिशत र ५१.४ प्रतिशत रहेको थियो ।

६.८ आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा अन्य मुलुकबाट भएको आयात १८.७ प्रतिशतले बढी रु. ४५ अर्व ४० करोड पुग्न गएकोमा समीक्षा अवधिमा ६.४ प्रतिशतले घट्न गई रु. ४२ अर्व ५७ करोड पुग्न गएको छ । आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा अन्य मुलुकबाट विशेषगरी पाम तेल ८८.९ प्रतिशतले, तयारी पोशाक ७८.० प्रतिशतले, प्लाष्टिकका दाना ३५.३ प्रतिशतले, अन्य मेसिनरी तथा पूर्जा ४५.६ प्रतिशतले र विद्युतीय सामग्री ३७.९ प्रतिशतले आयातमा कमी आएको कारण अन्य मुलुकतर्फको आयातमा ह्रास आएको हो । समूहगत संरचनाको आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश क्रमशः २९.४ प्रतिशत र ७०.६ प्रतिशत रहेको छ जुन अघिल्लो वर्षको यसै अवधिमा २९.५ प्रतिशत र ७०.५ प्रतिशत रहेको थियो ।

## व्यापार सन्तुलन

६.९ आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा कुल निर्यात १३.३ प्रतिशतले र कुल आयात २६.३ प्रतिशतले वृद्धि भएको थियो । निर्यातको तुलनामा आयातको वृद्धिदर निकै उच्च रहन गएकोले कुल व्यापार घाटा ३५.३ प्रतिशतको उच्चदरले बढ्न गई रु. ७३ अर्व २२ करोड रहेको थियो । आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा यस्तो घाटा २.० प्रतिशतले बढी रु. ७४ अर्व ७१ करोड रहन गएको छ । आर्थिक वर्ष २०६३/६४ को समीक्षा अवधिमा भारतसँगको व्यापार घाटा ८.६ प्रतिशतले बढ्न गई रु. ४४ अर्व ३६ करोड पुगेको छ भने अन्य मुलुकसँगको व्यापार घाटा ६.२ प्रतिशतले घट्न गई रु. ३० अर्व ३४ करोडमा सीमित भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा भारत तथा अन्य मुलुकसँगको व्यापार घाटा क्रमशः रु. ४० अर्व ८५ करोड र रु. ३२ अर्व ३६ करोड रहेको थियो । समीक्षा अवधिमा कुल व्यापार घाटामा भारतसँगको व्यापार घाटाको अंश ५९.४ प्रतिशत रहेको छ भने अन्य मुलुकसँगको व्यापार घाटाको अंश ४०.६ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा भारतसँगको व्यापार घाटाको अंश ५५.८ प्रतिशत र अन्य मुलुकसँगको व्यापार घाटाको अंश ४४.२ प्रतिशत रहन गएको थियो ।



## शोधनान्तर स्थिति

६.१० आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा खुद ट्रान्सफर आयमा आएको वृद्धिका कारण चालू खातामा वचत सृजना भएको छ भने समग्र शोधनान्तर स्थिति पनि अनुकूल रहेको छ। गत आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनाको तुलनामा यस वर्षको सोही अवधिमा चालू खाता बचतमा ८८.० प्रतिशतले वद्धि भई रु. १० अर्व ४५ करोड रहन गएको छ।

६.११ भन्सार प्रवेश नगरी हुने व्यापारसमेतलाई समायोजन गर्दा चालू वर्षको प्रथम आठ महिनामा कुल निर्यातमा ४.८ प्रतिशतले ह्रास भई रु. ४१ अर्व ५३ करोडमा सीमित भएको छ भने कुल आयात २.० प्रतिशतले घटी रु. १११ अर्व ९७ करोडमा सीमित भएको छ। फलस्वरूप, कुल व्यापार घाटा ०.३ प्रतिशतले घटी रु. ७० अर्व ४३ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा ३९.२ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा पर्यटन क्षेत्रतर्फको आय १.६ प्रतिशतले घटेको छ भने अन्य सेवा आय १.३ प्रतिशतले ह्रास भएको छ। तथापि अन्यत्र नपरेको सरकारी आय ६४.६ प्रतिशतको उल्लेख्य दरले बढेको कारण कुल सेवा आय अघिल्लो वर्षको सोही अवधिको तुलनामा १८.२ प्रतिशतले वृद्धि भई रु. २१ अर्व ५२ करोड पुगेको छ। सेवा भुक्तानीतर्फ नेपालीहरू विदेश जाने क्रम कायमै रहेकोले भ्रमण खर्च ३३.७ प्रतिशतले बढेको छ। त्यसैगरी, यस अवधिमा यातायात खर्च र अन्य भुक्तानी पनि वृद्धि भएको कारण कुल सेवा भुक्तानी गत वर्षको तुलनामा १६.८ प्रतिशतले वृद्धि भई रु. २५ अर्व १२ करोड पुगेको छ। फलस्वरूप, यस वर्षको प्रथम आठ महिनामा खुद सेवा आय रु. ३ अर्व ६० करोडले ऋणात्मक रहन गएको छ। ट्रान्सफरतर्फ निजी क्षेत्रको विप्रेषण आय समीक्षा अवधिमा ५.१ प्रतिशतले बढी रु. ६४ अर्व ३५ करोड पुगेको छ। त्यसैगरी, अनुदान र पेन्सन क्रमशः ९.० प्रतिशत र ७.० प्रतिशतले बढेको छ। फलस्वरूप, यस अवधिमा खुद ट्रान्सफर आय अघिल्लो वर्षको तुलनामा ६.९ प्रतिशतले वृद्धि भई रु. ८३ अर्व ९ करोड पुगेको छ।

६.१२ यस वर्षको समीक्षा अवधिमा पुँजी खाता (capital account) तर्फ रु. २ अर्व ४१ करोड बराबरको पुँजीगत ट्रान्सफर प्राप्त भएको छ। वित्तीय खाता (financial account) तर्फ अन्य लगानीः सम्पत्ति (other investment: assets) अघिल्लो वर्षको प्रथम आठ महिनामा रु. १० अर्व ७७ करोड थप भएकोमा समीक्षा अवधिमा रु. ८ अर्व ८९ करोड थप भएको छ। अन्य लगानीः दायित्व (other investment: liabilities) तर्फ समीक्षा अवधिमा रु. ५ अर्व १६ करोड बराबरको सरकारी ऋण आप्रवाह भएको छ भने रु. ४ अर्व ३२ करोड बराबरको साँवा भुक्तानी भएको छ। यसरी यस अवधिमा खुद सरकारी ऋण आप्रवाह रु. ८४ करोड रहेको छ। चालू आर्थिक वर्षको प्रथम आठ महिनामा खुद विविध पूंजी आप्रवाह रु. ५ अर्व ५ करोड रहेको छ। यस प्रकार चालू आर्थिक वर्षको प्रथम आठ महिनामा रु. १२ अर्व १९ करोडको शोधनान्तर वचत भएको छ।

## विदेशी विनिमय संचिति

६.१३ २०६३ आषाढ मसान्तको तुलनामा २०६३ फाल्गुण मसान्तमा बैंकिङ्ग क्षेत्रको कुल विदेशी विनिमय संचिति ७.२ प्रतिशतले वृद्धि भई रु. १ खर्व ७७ अर्व ८ करोड पुगेको छ। आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा यस्तो संचिति ११.३ प्रतिशतले वृद्धि भएको थियो। विद्यमान सञ्चितिमध्ये नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरूको अंश क्रमशः ८०.२ प्रतिशत र १९.८ प्रतिशत रहेको छ। कुल विदेशी विनिमय संचिति अमेरिकी डलरमा भने २०६२ असारदेखि २०६२ फाल्गुण मसान्तसम्ममा ९.६ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष

२०६३/६४ को सोही अवधिमा १२.७ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २ अर्ब ५१ करोड पुगेको छ । कुल संचितिमा परिवर्त्य संचितिको अंश २०६२ फाल्गुण मसान्तमा ९४.० प्रतिशत रहेकोमा २०६३ फाल्गुण मसान्तमा ९५.४ प्रतिशत रहेको छ भने अपरिवर्त्य संचितिको अंश ६.० प्रतिशतबाट घटेर ४.६ प्रतिशत रहन गएको छ । आर्थिक वर्ष २०६३/६४ को पहिलो आठ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमानस्तरले १२.४ महिनाको वस्तु आयात र १०.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।

**तालिका ६ (ख) : कुल विदेशी विनिमय संचिति**

रु. करोडमा

| विवरण | २०६१ आषाढ | २०६१ फाल्गुण | २०६२ आषाढ | २०६२ फाल्गुण | २०६३ आषाढ | २०६३ फाल्गुण | प्रतिशत परिवर्तन (आषाढ - फाल्गुण) | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०६२ | २०६३ |
| **नेपाल राष्ट्र बैंक** | १०७९२ | १०५९१ | १०४४३ | ११३४२ | १३२०६ | १४२०६ | ८.६ | ७.६ |
| **वाणिज्य बैंक** | २२२९ | २५८७ | २५४७ | ३११० | ३३०७ | ३५०२ | २२.१ | ५.९ |
| **कुल विदेशी विनिमय संचिति** | १३०२१ | १३१७८ | १२९९० | १४४५२ | १६५१३ | १७७०८ | ११.३ | ७.२ |

स्रोत : नेपाल राष्ट्र बैंक

६.१४ आर्थिक वर्ष २०६२/६३ को आषाढदेखि फाल्गुणसम्मको अवधिमा बैंकिङ्ग क्षेत्रको वैदेशिक सम्पत्ति ११.२ प्रतिशतले बढेकोमा चालू आर्थिक वर्षको सोही अवधिमा यस्तो सम्पत्ति ६.९ प्रतिशतले बढी रु. १७७ अर्ब ७३ करोड पुगेको छ । २०६३ आषाढमा कुल वैदेशिक सम्पत्ति १ खर्ब ६६ अर्ब २० करोड रहेको थियो ।




६.१५ आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनाको परिवर्त्य विदेशी विनिमयको आय-व्यय विश्लेषण गर्दा कुल आय रु. ८८ अर्ब ७३ करोड रहेको र कुल व्यय रु. ७८ अर्ब २७ करोड भई कुल वचत रु. १० अर्ब ४६ करोड भएको छ । गत वर्षको समीक्षा अवधिमा कुल वचत रु. ६ अर्ब ९३ करोड रहेको थियो ।

## विदेशी विनिमय दर, कच्चा पेट्रोलियम पदार्थ र सुनको मूल्य

६.१६ चालू आर्थिक वर्षको प्रथम आठ महिनामा नेपाली रूपैयाँ प्रमुख अन्तर्राष्ट्रिय मुद्राहरूसँग अधिमूल्यन भएको छ । २०६३ आषाढको तुलनामा २०६३ फाल्गुणमा नेपाली रूपैयाँ अमेरिकी

डलरसँग ५.११ प्रतिशतले अधिमूल्यन भएको छ। गत वर्षको सोही अवधिमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग १.४७ प्रतिशतले अवमूल्यन भएको थियो । २०६३ आषाढ मसान्तको तुलनामा फाल्गुण मसान्तमा नेपाली रूपैयाँ स्टर्लिङ्ग पाउण्डसँग ०.१९ प्रतिशत, यूरोसँग १.०७ प्रतिशत, स्वीस फ्रयांङ्कसँग ४.३४ प्रतिशत र जापानी येनसँग ६.३२ प्रतिशतले अधिमूल्यन भएको छ।

६.१७ अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (crude oil brent) को मूल्य २०६२ फाल्गुण मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ६३.०८ रहेकोमा २०६३ फाल्गुण मसान्तमा ३.३ प्रतिशतले घटी प्रति ब्यारल अमेरिकी डलर ६१.०२ रहेको छ। सुनको मूल्य भने २०६२ फाल्गुण मसान्तको तुलनामा २०६३ फाल्गुण मसान्तमा १५.६ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ५५६.५ बाट अमेरिकी डलर ६४३.२५ पुगेको छ।

## चुनौतीहरू

६.१८ विश्व आर्थिक व्यवस्था हालका वर्षहरूमा अझै बढी उदारीकृत, विस्तृत एवं एकीकृत हुँदै गएको छ। यसबाट एकातिर अन्तर्राष्ट्रिय आर्थिक क्षेत्रमा राष्ट्रहरूका बीच आ-आफ्नो वस्तु एवं सेवाको बजार प्राप्त गर्न प्रतिस्पर्धा बढ्न गएको छ भने अर्कोतिर यसबाट संसारको कुनै एक कुनामा घट्ने आर्थिक घटनाको संक्रामक असर विश्वको अर्को कुनामा तत्कालै पर्न सक्ने सम्भावना बढेर गएको छ। विश्वमा बढ्दो पुँजी एवं प्रविधिको प्रवाहले वैदेशिक पुँजीको संरचनामा परिवर्तन ल्याउनाका साथै यसले अर्थतन्त्रको बाह्य अस्थिरताको सम्भावनालाई समेत बढाउन सक्ने देखिन्छ । यसबीच अन्तर्राष्ट्रिय सहयोगको विगतको अवधारणामा परिवर्तन आई “सहयोग होइन व्यापार” भन्ने मान्यताले स्थान ग्रहण गर्दैछ। विश्वको यस परिवर्तित अवस्थामा क्रमशः एकीकृत हुँदै विस्तृत बजार एवं सम्भावनाको अधिकाधिक लाभ उठाई व्यापार प्रवर्द्धन गर्ने र बाह्य स्थायित्वका लागि शोधनान्तर स्थिति सुदृढ गर्दै जानु पर्ने प्रमुख चुनौतीको रूपमा देखिएको छ।

६.१९ विश्व व्यापार सङ्गठनको सदस्यतापछि नेपालले उठाउन सक्ने लाभ एवं आई पर्ने चुनौतीको सामना गर्न आधुनिक व्यवस्थापन, नवीन सीपको प्रयोग, उन्नत प्रविधिको उपयोग, प्राविधिक दक्षता अभिवृद्धि, उद्यमशीलताको विकास एवं प्रवर्द्धन गरी मुलुकको अर्थतन्त्रमा विदेशी एवं गैर-आवासीय नेपालीको लगानीलाई आकर्षित गर्न आवश्यक भएको छ। यसै परिप्रेक्ष्यमा चीन, भारत, श्रीलंका र पाकिस्तानमा गैरआवासीय नागरिकहरूबाट भएको लगानीले आर्थिक वृद्धिदरमा उल्लेखनीय भूमिका खेलेको पृष्ठभूमिमा नेपालमा पनि विदेशी एवं गैर-आवासीयहरूको लगानी भित्र्याउन सरकारले आर्थिक विकासका विभिन्न क्षेत्रहरूमा नीतिगत व्यवस्था गरी वैदेशिक लगानीलाई आकर्षण गर्ने कार्य चुनौतीपूर्ण बन्न गएको छ।

६.२० नेपालको निर्यात व्यापारको परिधि देशगत र वस्तुगत आधारमा साँघुरो देखिन्छ। देशगत आधारमा भारत, संयुक्त राज्य अमेरिका र जर्मनी नै मुख्य बजारका रूपमा रहेका छन्। वस्तुगतरूपमा तेस्रो मुलुकतर्फको export basket मा तयारी पोशाक, ऊनी गलैंचा, पश्मिनाबाहेक अन्य वस्तुको स्थान नगण्य रहेको छ। जडीबुटी, गहना, किमती पत्थर जस्ता low volume, high value का वस्तुहरूको निर्यात अवस्था दिनानुदिन खस्कदै गएको छ। कृषि क्षेत्रको निकासी पनि घट्दो छ। उपभोक्ता मागमा आउने परिवर्तनलाई आङ्कलन गरी सोअनुरूपको वस्तु/सेवा प्रवाह गर्न सक्ने knowledge and research-based व्यापार प्रणालीको विकास हुन सकेको छैन। यसका निम्ति सूचना प्रविधिको उपयोग तथा अन्तर्राष्ट्रिय व्यापारसँग सम्बद्ध सरकारी तथा निजी क्षेत्रका निकायहरूमा दक्ष जनशक्तिको विकासतर्फ ध्यान जानुपर्ने देखिन्छ।

६.२१ प्रतिस्पर्धाको लागि गुणस्तरको नियन्त्रण अनिवार्य आवश्यकता हो। नेपालमा धेरै कम उद्योगले मात्र ISO – 9000 Certification प्राप्त गर्न सकेकोले युरोपेली समुदाय, संयुक्त राज्य अमेरिका, जापान जस्ता विकसित देशका बजारमा नेपाली सामानहरूको ISO-9000 Certification नभएको कारणले ती वस्तुहरूको पहुँच पुऱ्याउन अवरोध खडा हुनसक्छ । तसर्थ, अन्तर्राष्ट्रिय बजारमा निर्यात गरिने वस्तुको गुणस्तर निर्धारण र यस कार्यलाई सघाउ पुऱ्याउने कार्यक्रम तर्जुमा गर्नु आवश्यक देखिन्छ।

६.२२ निर्यात प्रशोधन केन्द्र (Export Processing Zone- EPZ) को स्थापना र सञ्चालन हुन सके गैर-परम्परागत वस्तुहरू (non-traditional goods) को निर्यात अभिवृद्धि गर्न, उच्च प्रविध्यूक्त उत्पादन एवं व्यापार बढाउन र रोजगारीका अवसर सिर्जना गर्न सहयोग पुग्ने हुन्छ। तसर्थ, मुलुकका विभिन्न क्षेत्रमा यस प्रकारका EPZ को स्थापना गर्न सके निर्यातजन्य वस्तु उत्पादन एवं निर्यातमा सघाउ पुग्ने हुँदा आवश्यक नियम-कानूनको तर्जुमा गरी लागू गर्नुपर्ने कार्य चुनोतीपूर्ण छ।

६.२३ सन् २००५ देखि कोटा प्रणाली पूर्णतः अन्त्य भएकोले नेपालको तयारी पोशाक उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी सोको निर्यातलाई दिगो बनाउन स्तरीय नेपाली कपडा उद्योगहरूको विस्तार गर्ने, उपभोक्ताहरूको चाहनाअनुरूप उत्पादनमा परिमार्जन र सुधार गर्ने एवं लागत घटाउने कार्यतर्फ प्राथमिकता दिनुपर्ने देखिन्छ। नेपालले विश्व बजारमा प्रतिस्पर्धा गर्न प्रविधिमा सुधारका साथै सीप विकास गर्ने, नयाँ आकर्षक तथा गुणस्तरयुक्त सामानहरूको निर्माण गर्न सक्ने क्षमता अभिवृद्धि गर्ने, तयारी पोशाक प्रशोधन केन्द्रको स्थापना गर्ने र आवश्यक तालिम प्रदान गर्ने कार्यलाई प्राथमिकतासाथ कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ।

६.२४ नेपालको अर्थ व्यवस्थामा विप्रेषणले "सेफ्टी भल्भ" को रूपमा काम गरिरहेको छ। देशको विदेशी मुद्रा आम्दानीको प्रमुख स्रोत बन्न पुगेको विप्रेषणको सही आङ्कलन गर्न तथा यसको बढीभन्दा बढी अंश संस्थागत माध्यमबाट मुलुकमा भित्र्याउन अत्यन्त जरूरी छ। नेपाली कामदारहरूलाई बैंकिङ्ग माध्यमबाट विप्रेषण रकम पठाउने प्रक्रियाबारे व्यापकरूपमा जानकारी गराउन श्रम विभाग, वाणिज्य बैंक, रोजगार व्यवसायी निकायहरू, सम्बन्धित गैर-सरकारी संस्था आदिको समन्वयमा आवश्यक तालिमहरू प्रदान गर्ने र यसवारे स्वदेशमा तथा विदेशस्थित नेपाली कुटनैतिक नियोगहरूले आवश्यक पहल गर्नुपर्ने देखिन्छ । साथै, विदेशस्थित नेपाली कुटनैतिक नियोगहरूले वैदेशिक रोजगारीका सम्भाव्य अवसरहरू, आवश्यक सीप र तिनको उपयोगका निम्ति चाल्नुपर्ने कदमहरूको पहिचान गरी त्यस्ता अवसरहरूको उपयोग गर्न सक्ने वातावरण सिर्जना गर्न नियमितरूपमा सम्बन्धित निकायहरूसँग पहल गर्नु आवश्यक छ।

६.२५ बंगलादेशले नेपाललाई व्यापारिक प्रयोजनको लागि बंग्लावन्ध मार्ग प्रयोग गर्न अनुमति दिएको तथा भारतले फूलबारी-बंग्लावन्ध मार्ग हुँदै मोंगला बन्दरगाहसम्म पुग्ने पारवहन सुविधा उपलब्ध गराए पनि पूर्वाधारको कमीले गर्दा यो बन्दरगाहको उपयोग अत्यन्त न्यूनरूपमा भएकोले यसमा सुधार गरी यस क्षेत्रबाट हुने आयात निर्यात व्यवस्थालाई प्रभावकारी बनाउन जरुरी छ।

६.२६ नेपाल विभिन्न किसिमका उन्नत एवं दुर्लभ जातका जडीबुटीका लागि विश्वकै महत्वपूर्ण थलो मानिन्छ। तर आवश्यक अध्ययन अनुसन्धानको अभावमा अधिकांश जडीबुटीको अझै पहिचान हुनसकिरहेको छैन भने पहिचान भइसकेको पनि समुचित उपयोग हुन सकेको छैन। अझ नेपालको परम्परागत जैविक उत्पादनको पेटेन्ट अधिकार अरुले नै लिन सक्ने सम्भावना रहेकोले भविष्यमा आफ्नै जैविक विविधताको उत्पादन तथा उपयोगमा समेत

कठिनाइ उत्पन्न हुने सम्भावना रहेको छ । त्यसैले, समयमै आवश्यक अध्ययन र अनुसन्धान गरी जैविक विविधताको संरक्षणतर्फ ध्यान दिनु जरुरी छ । त्यसैगरी, तुलनात्मक लाभको आधारमा अग्र स्थानमा रहेको जडीबुटीको निर्यातलाई विस्तार गर्न आधुनिक जडीबुटी प्रशोधन केन्द्रको स्थापना गर्न पहल हुनु आवश्यक देखिन्छ ।

६.२७ सेवा व्यापारतर्फको आयमा प्रमुख योगदान गर्ने पर्यटन उद्योगको क्रियाकलापमा हालको परिस्थितिमा तीव्रता नआएकोले यसको सुधारको लागि थप कदमहरू चाल्नु जरुरी भएको छ । काठमाडौं उपत्यकालगायत देशका बिभिन्न क्षेत्रमा आन्तरिक तथा वाह्य पर्यटनका अनेकौ सम्भावनाहरू रहेको भए पनि बिद्यमान पर्यटकीय स्थलहरूको पर्याप्त प्रचार प्रसार तथा प्रबर्द्धन, नयाँ पर्यटकीय स्थलहरूको पहिचान तथा नयाँ पर्यटन मार्गको खोजी एवं प्रयोग हुन नसक्दा पर्यटन क्षेत्रबाट अपेक्षित प्रतिफल प्राप्त गर्न सकिएको छैन । अतः थप सम्भावित पर्यटकीय स्थलको पहिचान गर्ने, विद्यमान पर्यटकीय स्थलको मर्मत सम्भार, संरक्षण तथा सरसफाईमा बिशेष जोड दिने, थप पर्यटन मार्गहरूको विकास गर्ने तथा पर्यटकहरूलाई दिइने सेवा तथा सुबिधाको गुणस्तर एवं शान्ति सुरक्षाको अबस्थामा सुधार गर्नुपर्ने कार्य अपरिहार्य बन्ने पुगेको छ ।

# ७. गरिबी निवारण र रोजगारी

## गरिबी निवारण

७.१ गरिबीका विभिन्न आयामहरूको विश्लेषण गर्दा आयस्तर, मानव विकास सूचकाङ्क तथा सामाजिक समावेशीकरणका पक्षहरूलाई आधार लिइएको पाइन्छ । उपलब्ध आम्दानीको क्रयशक्तिबाट जीवनमा न्यूनतमरूपमा आवश्यक पर्ने वस्तु तथा सेवाहरूको उपभोग गर्न भ्याउने वा नभ्याउने पारविन्दुमार्फत् गरिबीको रेखा निर्दिष्ट गरिन्छ । आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्न आवश्यक पर्ने समग्र वस्तु तथा सेवाहरूलाई एकत्र गरी तिनीहरूको मूल्य निकाली गरिबीको रेखाभन्दा कम वा बढी के छ तुलना गरी आम्दानीले भ्याउने नभएमा गरिब भनी पहिचान गरिन्छ ।

७.२ आम्दानी तथा उपभोगको दृष्टिले परिभाषित गरिएको गरिबीको अर्थ संकीर्ण भएको कारणले सामाजिक पक्षहरू जस्तै स्वास्थ्य, पोषण, औसत आयु, विद्यालय पहुँच आदि पक्षहरू समेतलाई समेटेर गरिबीको विश्लेषण गर्ने गरिएको छ । त्यसैगरी, आर्थिक र सामाजिक आयामहरूका अलावा सामाजिक तथा राजनीतिक समावेशीकरणलाई समेत गरिबीको विश्लेषणमा थपिएको छ । प्रतिष्ठापूर्वक बाँच्न पाउने अवस्था, सामाजिक विभेदीकरण र वञ्चितीकरणको विद्यमानता, सदैव सीमान्तरूपमा वाँच्नु पर्ने वाध्यता आदि सबैले नागरिक हक अधिकारको अभावको संज्ञा दिने हुँदा यस प्रकारको गरिबी स्वभावतः कहालीलाग्दो हुन्छ ।

७.३ गरिबी निवारणको प्रसंगमा गरिबीको स्थिति (incidence), गरिबीको विषमता (poverty gap) र गरिबीको गहनता (squared poverty gap) सवैको विश्लेषण अत्यावश्यक हुन्छ । गरिबीको स्थिति (incidence) ले कुल जनसंख्यामा गरिबीको रेखामुनि रहेको जनसंख्या कति छ भनेर जनाउँदछ भने गरिबीको विषमता (poverty gap) ले गरिव मानिएकाहरू मध्ये कति प्रतिशत गरिवहरू गरिबी रेखा भन्दा कतिले टाढा छन् भन्ने जनाउँदछ । साथै, गरिबीको गहनताको सूचकले गरिवहरू मध्ये पनि कति गहिरो असमानता छ भन्ने देखाउँदछ ।

७.४ नेपालमा नेपाल जीवनस्तर मापन सर्वेक्षण सन् २००३/०४ का अनुसार औसत रु. ७ हजार ६ सय ९६ लाई राष्ट्रिय गरिबीको रेखा मान्दा कुल जनसंख्याको करिव ३०.८५ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको देखाएको छ । यसैगरी, उक्त सर्वेक्षणका आधारमा दैनिक एक अमेरिकी डलरलाई आधार मान्दा खरिद क्षमता समदर (purchasing power parity: PPP) अनुसार कुल जनसंख्याको करिव २४.१ प्रतिशत सो आम्दानी दर भन्दा तल रहेको देखिएको छ ।

७.५ दशौं योजनाले मुलुकमा रहेको निरपेक्ष गरिबीलाई घटाई एक सीपयुक्त, समुन्नत एवं आधुनिक राष्ट्र निर्माण गर्ने विकासको दीर्घकालीन लक्ष्यअनुरूप गरिबी घटाउने सिंगो उद्देश्य लिएको छ । मूल उद्देश्यमा केन्द्रित रहेर विगतका योजनाहरूभन्दा पृथकरूपमा बढी सहभागितामूलक प्रक्रिया अपनाई तर्जुमा भएको यस योजनामा रणनीति तथा नीतिहरूको प्राथमिकीकरण गरिएको तथा गरिबी घटाउने उद्देश्य हासिल गर्न चार रणनीतिक स्तम्भहरू लिएको छः: १) उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि, २) सामाजिक क्षेत्र र ग्रामीण पूर्वाधार विकास ३) लक्षित कार्यक्रम र ४) सुशासन ।

७.६ नेपालमा गरिबीको स्थिति (incidence) मापनको लागि आर्थिक वर्ष २०५२/५३ र आर्थिक वर्ष २०६०/६१ मा नेपाल जीवनस्तर मापन सर्वेक्षणहरू सम्पन्न गरिएको थियो । यी सर्वेक्षणहरूको आधारमा नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्यामा कमी आएको

देखिन्छ । खासगरी विप्रेषण आयको वृद्धि, कृषि क्षेत्रको ज्यालादरमा वृद्धि तथा मुद्रास्फीतिमा पनि उल्लेख्य वृद्धि नभएको कारण गरिबीको विषमतामा कमी आएको हो । आर्थिक वर्ष २०५२/५३ मा गरिबीको रेखामुनि रहेको जनसंख्या करिव ४१.७६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा करिब ११.० प्रतिशतविन्दुले कमी आई ३०.८५ प्रतिशतमा झरेको छ । सोही अवधिमा शहरी क्षेत्रमा १२.० प्रतिशतविन्दु र ग्रामीण क्षेत्रमा ८.७ प्रतिशतविन्दुले कमी आई गरिबीको रेखामुनि रहेको जनसख्या क्रमशः ९.५५ प्रतिशत र ३४.६२ प्रतिशतमा झरेको छ । यस अतिरिक्त नेपालमा गरिबीको विषमता (poverty gap) ७.५५ र गरिबीको गहनता (squared poverty gap) २.७ रहेको अनुमान गरिएको छ ।




**तालिका ७ (क) : गरिबी मापन (२०५२/५३ र २०६०/६१)**

(प्रतिशत)

| क्षेत्र | गरिबीको रेखामुनिको जनसंख्या | | गरिबीको विषमता | | गरिबीको गहनता | |
|---|---|---|---|---|---|---|
| | २०५२/५३ | २०६०/६१ | २०५२/५३ | २०६०/६१ | २०५२/५३ | २०६०/६१ |
| **शहरी** | २१.५५ | ९.५५ | ६.५४ | २.१८ | २.६५ | ०.७१ |
| **ग्रामीण** | ४३.२७ | ३४.६२ | १२.१४ | ८.५० | ४.८३ | ३.०५ |
| **नेपाल** | **४१.७६** | **३०.८५** | **११.७५** | **७.५५** | **४.६७** | **२.७०** |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग*

## गरिबी निवारणसम्बन्धी लक्षित कार्यक्रम

७.७ आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणबाट विकासको मूलप्रवाहमा समाहित हुन नसकेका वा नगरिएका विभिन्न सामाजिक वर्ग, समुदाय तथा क्षेत्रहरूमा लक्षित गरी तिनीहरूलाई गरिबी एवं पछौटेपनबाट मुक्त गर्ने अभिप्रायले सामाजिक समावेशीकरण एवं लक्षित कार्यक्रम एक प्रमुख रणनीतिका रूपमा दशौं योजनामा रहेको छ । यस्ता लक्षित कार्यक्रमहरूले महिला, दलित, जनजाति, मधेशी एवं पिछडिएको वर्ग, विकट क्षेत्रमा वसोवास गरेका जनसमूह, अति गरिव तथा साना किसान परिवारहरूलाई समेटेका छन् । विगत पाँच वर्षमा कार्यान्वयन भइरहेका वार्षिक औसत करिव ४ सय ५० कार्यक्रम/आयोजनाहरू मध्ये यस लक्षित कार्यक्रम अन्तर्गत वार्षिक औसत करिव ३५ वटा कार्यक्रम/आयोजनाहरू कार्यान्वयन भइरहेका छन् ।

७.८ दशौं योजनाको प्रथम चार वर्षको प्रवृत्तिलाई विश्लेषण गर्दा खर्च केही मात्रामा बढ्दै गएको देखिएता पनि विनियोजन गरिएको रकमको वार्षिक औसतमा करिव ७६.० प्रतिशत मात्र खर्च भएको पाइन्छ । आर्थिक वर्ष २०५९/६० मा विनियोजित रकमको करिव ८२ प्रतिशत लक्षित कार्यक्मको लागि खर्च भएको थियो । त्यसैगरी, आर्थिक वर्ष २०६०/६१ मा भने खर्च प्रतिशतमा एक्कासी गिरावट आई वजेटको करिव ६६.० प्रतिशत मात्र खर्च भएको थियो । आर्थिक वर्ष २०६१/६२ मा केही सुधार भई करिब ७९.० प्रतिशत वजेट खर्च भएको देखिन्छ । आर्थिक वर्ष २०६२/६३ मा कुल विनियोजित वजेट रु. ३ अर्ब ४० करोड १७ लाख ७८ हजार रहेकोमा विनियोजित वजेटको करिब ७७ प्रतिशत रकम मात्र खर्च भएको छ ।

यसरी आर्थिक वर्ष २०६२/६३ मा आर्थिक वर्ष २०६१/६२ को खर्च प्रगति (७९ प्रतिशत) भन्दा झण्डै २.० प्रतिशतविन्दुले कम खर्च भएको छ।

**तालिका ७ (ख) : लक्षित कार्यक्रमहरूको गत चार वर्षको वजेट तथा खर्चको स्थिति**

रकम रु. करोड

| क.सं | विवरण | आर्थिक वर्ष २०५९/६० | आर्थिक वर्ष २०६०/६१ | आर्थिक वर्ष २०६१/६२ | आर्थिक वर्ष २०६२/६३ | आर्थिक वर्ष २०६३/६४ |
|---|---|---|---|---|---|---|
| १. | विनियोजित बजेट | २१४ | २९८ | २७६ | ३४० | ४५० |
| २. | वास्तविक खर्च (संशोधित अनुमान) | १७६ | १९६ | २१८ | २६३ | |
| ३. | खर्च प्रतिशत | ८२.३ | ६५.९ | ७८.९ | ७७.४ | |

स्रोत : राष्ट्रिय योजना आयोग

७.९ चालू आर्थिक वर्षमा कुल ३५ वटा कार्यक्रम/आयोजनाहरू सञ्चालनमा रहेका छन्। साथै, ती कार्यक्रम/आयोजनाहरूमा रु. ४ अरब ५० करोड २१ लाख २७ हजार वजेट विनियोजन भई कार्यान्वनमा रहेका छन्।

## गरिबी अनुगमनसम्बन्धी कार्य

७.१० आयोजना तथा कार्यक्रम तहको वित्तीय तथा भौतिक प्रगतिको समीक्षामा सीमित रहेको विगतको अनुगमन तथा मूल्यांकन व्यवस्थालाई दशौं योजना अवधिमा उल्लेख्य सुधार गरिएको छ। यसअनुरूप केन्द्रस्तरमा गरिबी अनुगमन तथा विश्लेषण व्यवस्थाको विकास गरी यसलाई संस्थागत गर्ने कार्य भइरहेको छ। विगतमा आवधिक योजनाको मध्यावधि प्रगति मात्र प्रकाशन गर्ने गरिएकोमा दशौं योजनामा गरिबी न्यूनीकरण रणनीति पत्रको निश्चित परिसूचकहरू अन्तर्गत रही वार्षिक प्रगति प्रकाशन गर्ने गरिएको छ।

७.११ यसै क्रममा गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (poverty monitoring and analysis system-PMAS) लाई संस्थागत गर्ने कार्य भईरहेको छ। यस प्रणालीको कार्यान्वयन पश्चात् वित्तीय तथा भौतिक प्रगतिमा मात्रै केन्द्रित हुने गरेको पुरानो अनुगमन तथा मूल्यांकन प्रणालीमा सुधार आई विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाहरूको प्रतिफल तथा असरको पनि बार्षिकरूपमा अनुगमन गर्ने व्यवस्थालाई संस्थागत गर्ने प्रयास भएको छ। साथै, यसले घरपरिवार सर्वेक्षणहरूलाई व्यवस्थित (streamlining) समेत गरेको छ। यस्तो अनुगमन गर्नका लागि यस प्रणालीमा intermediate तथा अन्तिम परिसूचकहरूको विकास भएको छ। यो प्रणाली लागू भैसकेपछि निर्दिष्ट परिसूचकहरूका आधारमा हालसम्म गरिबी निवारण रणनीति पत्रका रूपमा समेत रहेको दशौं योजनाको पहिलो, दोस्रो, तेस्रो र चौथो वर्षका बार्षिक प्रतिवेदनहरू निकाल्ने कार्य समेत भएको छ।

७.१२ यस अवधिमा दुई प्रमुख सर्वेक्षणहरू - नेपाल जीवनस्तर मापन सर्वेक्षण (NLSS) र नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (NDHS) – समेत सम्पन्न भइसकेका छन्। यी सर्वेक्षणहरूका परिणामहरूले आयमूलक तथा मानवीय दुवै गरिबीको स्थितिमा केही सकारात्मक सुधारहरू आएको देखाएका छन्। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, सन् २००६ (NDHS) र नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, सन् २००१ (NDHS) का केही तथ्याङ्कहरूलाई तुलनात्मकरूपमा तल प्रस्तुत गरिएको छ :

तालिका ७ (ग) : नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (NDHS) का केही परिसूचकहरूको तुलनात्मक विवरण

| क.स. | जनसांख्यिक परिसूचकहरू | २००१ | २००६ |
|---|---|---|---|
| १. | कुल प्रजनन दर | ४.१ | ३.१ |
| २. | कोरा जन्म दर (प्रति हजारमा) | ३३.५ | २८.४ |
| ३. | परिवार नियोजनका साधनको प्रयोग दर (सबै तरिका, प्रतिशत) | ३९.३ | ४८.० |
| ४. | परिवार नियोजनका साधनको प्रयोग दर (आधुनिक तरिका, प्रतिशत) | ३५.४ | ४४.२ |
| ५. | शिशु मृत्यु दर (प्रति हजारमा) | ६४ | ५१ |
| ६. | वाल मृत्यु दर (प्रति हजारमा) | २९ | १५ |
| ७. | पाँच वर्ष मुनिका बाल-बालिकाको मृत्यु दर (प्रति हजारमा) | ९१ | ६५ |

स्रोत : राष्ट्रिय योजना आयोग

७.१३ जिल्लास्तरको विद्यमान अनुगमन तथा मूल्यांकन प्रणालीलाई सुधार गरी व्यवस्थित तथा सवल बनाउनका लागि जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (District Poverty Monitoring and Analysis System- DPMAS) को मस्यौदा गरी सो लागू गर्न सबै जिल्ला विकास समितिहरूमा पठाई संस्थागत गर्ने कार्य प्रारम्भ गरिएको छ । यस प्रणालीको सम्बन्धमा सबै जिविसहरूलाई जानकारी गराउने कार्य समेत भएको छ ।

७.१४ कार्यक्रम तथा आयोजनाहरूको चौमासिक तथा वार्षिक अनुगमन निश्चित कार्य सम्पादन परिसूचकहरूका आधारमा गर्ने क्रममा कार्यक्रम तथा प्रगति अनुगमन फारामहरूलाई परिमार्जन गरी कार्य सम्पादन परिसूचकहरूका आधारमा अनुगमन गर्ने व्यवस्था लागू गरिएको छ । यसैगरी, बजेट निकासालाई कार्यसम्पादनसँग आवद्ध गर्ने क्रममा कार्य सम्पादनमूलक बजेट निकासा प्रणालीलाई संस्थागत गर्ने प्रयास भएको छ ।

७.१५ विकास प्रतिफल एवं आयोजना तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा सर्वसाधारण जनताको अनुभूति एवं पृष्ठपोषण अत्यावश्यक हुने भएकाले यस प्रक्रियालाई व्यवस्थित गर्न समेतका लागि सहभागितामूलक गरिबी अनुगमन व्यवस्थाको रूपरेखा तयार गरी त्यसका आधारमा नागरिक प्रतिवेदन कार्डको नमूना परीक्षण समेत यसै अवधिमा गरिएको छ ।

७.१६ एसियाली विकास बैंकको सहयोगमा नतिजामूलक विकासका लागि व्यवस्थापन (Operationalization of Managing for Development Results-MFDR) नामक प्राविधिक सहायता आयोजनामार्फत केन्द्रमा राष्ट्रिय योजना आयोग, भौतिक योजना तथा निर्माण मन्त्रालय र स्थानीय विकास मन्त्रालयमा नतिजासम्बन्धी रूपरेखा तथा नतिजा व्यवस्थापनसम्बन्धी निर्देशिकाहरू तयार गर्ने कार्य अन्तर्गत नतिजासम्बन्धी रूपरेखाको प्रारम्भिक कार्यहरू भइरहेका छन् । यस आयोजनाबाट जिल्लास्तरमा जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणालीलाई लागू गर्न चार वटा जिल्लाहरू (जुम्ला, दाङ्ग, धनुषा र झापा) मा स्थिति अध्ययन गर्ने कार्य समेत भइसकेको छ । यस आयोजनामार्फत क्षमता विकासका लागि विभिन्न तालिमहरू सञ्चालन गर्ने प्रारम्भिक कार्यहरू अघि बढाइएको छ ।

## आर्थिक सुधार कार्यक्रम

७.१७ विभिन्न दातृसंस्था र राष्ट्रहरूबाट प्राप्त हुने प्राविधिक सहायतालाई सरकारी सुधार कार्यहरूमा सहयोग पुग्ने गरी हाम्रो आवश्यकता र प्राथमिकताअनुसार खर्च गर्ने र यस्तो

सहायतालाई एउटै छातामुनि ल्याई विद्यमान बजेट, निकासा प्रणाली र लेखापालन व्यवस्थाअनुसार परिचालन गर्ने उद्देश्यले गत आर्थिक वर्ष २०६२/६३ देखि यस आर्थिक सुधार कार्यक्रमको सुरुवात भएको थियो ।

७.१८ यस कार्यक्रमले नेपालको सार्वजनिक व्यवस्थापनमा नयाँ अभ्यासको थालनी गरेको छ । यस कार्यक्रम अन्तर्गत स्थापित अवसर कोषबाट सुधार कार्य सञ्चालन गर्न इच्छुक सरकारी निकायले सुधार कार्यको सम्बन्धमा आयोजना प्रस्ताव पेश गर्नुपर्ने हुन्छ । छनौट भएको आयोजनाका प्रमुखसंग तोकिएको बजेटबाट निश्चित नतिजाहरू हासिल गर्ने प्रतिवद्धता व्यक्त भएको समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गरेपछि मात्र आयोजनाको कार्यान्वयन गरिन्छ । कार्यक्रमको पूर्व-पहिचान भएका आयोजनाको कार्यान्वयनका लागि भने आयोजना प्रस्ताव पेश गरेपछि स्वीकृत भएमा समझदारी पत्रमा हस्ताक्षर गर्नुपर्दछ । हाल यस कार्यक्रम अन्तर्गत पूर्व-पहिचान गरेका १४ वटा र अवसर कोषका ३ वटा आयोजनाहरू सञ्चालन भइरहेका छन् ।

## गरिबी निवारण कोष

७.१९ नेपाल सरकारको गरिबी न्यूनीकरण रणनीति (PRSP) अनुरूप निरपेक्ष गरिबीको रेखामुनि रहदै आएको जनसंख्याको तल्लो समूहलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्न मद्दत पुऱ्याउने उद्देश्यले गरिबी निवारण कोष अध्यादेश, २०६० अन्तर्गत एक स्वायत संस्थाको रूपमा गरिबी निवारण कोष स्थापना भई गरिबी निवारण कोष ऐन, २०६३ अनुसार संचालित छ ।

७.२० गरिबी निवारण कोषले समाजका गरिव तथा पिछडिएका वर्गको सक्रिय सहभागितामा स्थानीय मागमा आधारित कार्यक्रम सचालन शुरु गरेको छ । गरीव समुदाय स्वयमलाई पूर्णरूपले सहभागी गराई समुदायको परियोजना उनीहरूवाटै कार्यान्वयन गराउन तिन गरिब समुदायको प्रतिनिधित्व रहने गरी सामुदायिक संस्था (Community Organization - CO) को गठन र संस्थागत विकास गरी कार्यक्रमहरू सञ्चालन गरिएको छ । यस कार्यमा समुदायलाई आवश्यक सहयोग प्रदान गर्नको लागि सहयोगी संस्था (Partner Organization - PO) को रूपमा गैर-सरकारी संस्था, सामुदायिक संस्था, निजी संस्था तथा स्थानीय निकायहरूसँग सहकार्य गरिएको छ ।

७.२१ विश्व वैकको अनुदान सहायता अमेरिकी डलर १ करोड ५० लाख र नेपाल सरकारको अनुदान सहायतामा अगुवा परीक्षणको रूपमा कोषले आफ्नो कार्यक्रम सञ्चालनका लागि दार्चुला, मुगु, प्युठान, कपिलवस्तु, रामेछाप र सिराहा गरी ६ वटा जिल्लाहरूमा आर्थिक वर्ष २०६१/६२ देखि कार्यक्रम सञ्चालन गरेकोमा, परीक्षण कार्यक्रमबाट प्राप्त सफलताको आधारमा आर्थिक वर्ष २०६२/६३ मा थप १९ जिल्लाहरूमा कार्यक्रम बिस्तार गरिएको छ । यी जिल्लाहरू बाहेक अन्य २० जिल्लाहरूबाट पनि सिर्जनशील (innovative) प्रस्तावहरूलाई छनौट गरी कार्यक्रम सञ्चालन गरिरहेको छ ।

७.२२ समुदायलाई सहजीकरणका लागि २ सय २५ वटा सहयोगी संस्थाहरू छनौट तथा सम्झौता गरी सामाजिक परिचालन, सामुदायको संस्थागत विकास, समुदायको परियोजना तयार पार्ने लगायत कार्यान्वनमा सहजीकरण गर्ने काम भइरहेको छ । यी सहयोगी सस्थाहरूले सामाजिक परिचालन, क्षमता विकास तथा सीप विकास तालिम, सामुदायिक संस्थाको संस्थागत विकास, सामुदायिक परियोजना तर्जुमा तथा कार्यान्वयन गर्न सामुदायिक संस्थालाई आवश्यक प्राविधिक सहयोग र सहजीकरण गरी मद्दत पुऱ्याउनुको साथै समुदाय र कोषबीचको सम्पर्क र सञ्चारमा सहयोग पुऱ्याउँदछन् ।

७.२३ कोषको कार्यक्रम बिस्तारसँगै विश्व वैकले अमेरिकी डलर २ करोड ५० लाख थप अनुदान सहायता प्रदान गर्ने भएको छ। नेपाल सरकार र बिश्व बैंकबीच उक्त थप अनुदान सहायता सम्झौता ९ मार्च २००७ मा सम्पन्न भइसकेको छ।

७.२४ आर्थिक वर्ष २०६२/६३ मा लक्षित समुदायबाट माग भएका १ हजार ६ सय ४८ वटा सामुदायिक परियोजनाहरूमा रु. ३३ करोड ४३ लाख ९९ हजार अनुदान उपलब्ध गराउने लक्ष्य रहेकोमा उक्त अवधिमा लक्षित समुदायका आयमूलक र सामुदायिक पूर्वाधार विकासका १ हजार ७ सय ६५ परियोजना कार्यान्वयनका लागि सामुदायिक संस्थाहरूसँग सम्झौता गरी कोषबाट रु. ३८ करोड ३८ लाख ८३ हजार अनुदान सहयोग प्रदान गरिएको छ। कार्यक्रम सञ्चालनका लागि सहयोगी संस्थालाई रु ६ करोड ५८ लाख ७७ हजार प्रदान गरिएको छ।

७.२५ आर्थिक वर्ष २०६३/६४ मा सामुदायिक संस्थाका कुल २ हजार ८ सय ९८ सामुदायिक परियोजनालाई रु. १ अर्व ६ करोड ४८ लाख ९ हजार अनुदान उपलब्ध गराउने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०६३/६४ को पहिलो आठ महिनामा लक्षित समुदायको आयमूलक र सामुदायिक पुर्वाधार विकासका कुल १ हजार ७ सय ६५ परियोजना कार्यान्वयनका लागि सामुदायिक संस्थाहरूसँग सम्झौता गरी कोषबाट रु ६४ करोड १ लाख १८ हजार सामुदायिक संस्थालाई सहयोग प्रदान गरिएको छ। कार्यक्रम सञ्चालनका लागि सहयोगी संस्थालाई रु ९ करोड २८ लाख ९ हजार प्रदान गरिएको छ र आर्थिक वर्षको अन्त्यसम्म वार्षिक लक्ष्य हाँसिल हुने अनुमान छ।

७.२६ कार्यक्रम सचांलन भएदेखि हालसम्म २५ जिल्लाका ५ सय ९१ वटा गाउँ विकास समितिहरूमा ४ हजार ६ सय १५ सामुदायिक संस्थाहरूको गठन भएका छन्। सामुदायिक संस्थामा आवद्ध सदस्यहरूमा ४४ प्रतिशत दलित, २७ प्रतिशत जनजाति र २९ प्रतिशत अन्य छन्। महिला सदस्यको सहभागिता ६५ प्रतिशत रहेको छ। हालसम्म ४०८२ सामुदायिक संस्थाले आयमूलक तथा सामुदायिक पूर्वाधार विकासका परियोजना तयार गरी कार्यान्वयनका लागि कोषसँग सम्झौता सम्पन्न भई कोषले सामुदायिक संस्थालाई रु. १ अर्व २२ करोड ३६ लाख ५४ हजार सहयोग प्रदान गरेको छ।

७.२७ आयमूलक परियोजनामा पशुपालन, तरकारी खेती, फलफूल खेती, जुस प्रशोधन, ऊनी गलैंचा बुनाई, कुखुरा पालन, बाँस चोयाका सामग्री, बंगुर, माछा, खुद्रा पसल, मोटरसाइकल मर्मत, रिक्सा सञ्चालन जस्ता ३ हजार ९ सय ४१ वटा परियोजना सञ्चालन भइरहेका छन्।

७.२८ सामुदायिक पूर्वाधार विकास अन्तर्गत खानेपानी, लघु सिँचाइ, लघु जलविद्युत, ग्रामीण सडक, पुल पुलेसा, स्कुल/हेल्थपोष्ट भवन जस्ता १ हजार १९ वटा परियोजना सञ्चालनमा रहेका छन्। उक्त परियोजनाहरूबाट १ लाख ३८ हजार ४ सय ४७ घरधुरी लाभान्वित भएका छन्। लाभान्वित घरधुरीमा ६६ प्रतिशत अति गरीव, २१ प्रतिशत मध्यम गरीव, १० प्रतिशत गरीव र ३ प्रतिशत सीमान्त गरीव छन्। कार्यक्रम सञ्चालनमा लक्षित समुदायलाई सहजीकरण गर्नका लागि सहयोगी संस्थालाई रु १८ करोड ५६ लाख ८१ हजार प्रदान गरिएको छ।

## रोजगारी

७.२९ नेपालमा भरपर्दो रोजगारी सर्वेक्षण र प्रक्षेपणको अभावले रोजगारीको अवस्थाको अनुमान गर्न जटिल भएको महशुस गरिएको छ। वि.सं. २०५८ सालको जनगणनाअनुसार कुल

जनसंख्यामध्ये आर्थिकरूपले श्रम बजारमा सक्रिय जनसंख्या करिव १ करोड ४ लाख ८२ हजार रहेको अनुमान थियो । दशौं योजना तर्जुमाको बखत योजना अवधिमा थप १० लाख ५३ हजार रोजगारी सिर्जना हुने अनुमान गरिएको थियो । अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा हुने उत्पादन वृद्धिको प्रभाव र अन्तर क्षेत्रगत सम्बन्ध (inter-sectoral linkages) को योगदानका कारणले उपर्युक्त रोजगारीका अवसर उपलब्ध हुने ठानिएको थियो । त्यसअनुसार दशौं योजनाको अन्त्यसम्ममा कुल रोजगारी १ करोड १० लाख १२ हजार पुग्ने अनुमान पनि गरिएको थियो । दशौं योजनामै उल्लेख भएअनुसार योजनाको अन्त्य (चालू आर्थिक वर्ष २०६३/६४) सम्म आर्थिक दृष्टिले सक्रिय जनसंख्या १ करोड १५ लाख ८० हजार पुग्ने र यसमध्ये पूर्ण वेरोजगार केवल ४.१ प्रतिशतमात्र रहने अनुमान गरिनुका साथै अर्द्ध-वेरोजगारीको स्थिति दशौं योजनाको अन्त्यसम्ममा २२.३ प्रतिशतमा झर्ने अनुमान गरिएको थियो । हालसम्म दशौं योजनाको पूर्ण समीक्षा नभई सकेकोले उक्त लक्ष्यहरूको प्रगति स्थिति यकिन हुन सकेको छैन ।

७.३० दशौं योजनाको प्रमुख उद्देश्य गरिबी घटाउनु भएकोले सो उद्देश्य प्राप्तिका लागि रोजगारी बढाई मात्र सम्भव हुने सोचाइअनुरूप विभिन्न नीतिहरू भने लागू भइरहेका छन् । योजना तर्जुमाको बखतमा कुल जनसंख्याको करिव ४२.० प्रतिशत गरिबीको रेखामुनि रहेको जनसंख्यालाई योजनाको अन्त्यसम्ममा ३२.० प्रतिशतमा झार्ने लक्ष्यअनुरूप योजनामा अपनाइने मूल रणनीतिहरू : उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि, समाजिक क्षेत्र र ग्रामीण पूर्वाधार विकास, लक्षित कार्यक्रम तथा सुशासनलाई केन्द्रविन्दुमा राखी तद्नुरूपका कार्यक्रमहरू सञ्चालन भएका छन् । आर्थिक तथा सामाजिक विकासका कार्यहरू विस्तार गरी रोजगारीका अवसरहरू वढाउने, रोजगारीका अवसरहरूमा गरिवको पहुँच बढाउन श्रममुखी व्यवसायको प्रवर्द्धन गर्ने, पिछडिएका वर्ग तथा क्षेत्र विशेषको लागि आयमूलक र रोजगारीका लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने, व्यावसायिक कार्यकुशलता अभिवृद्धि तथा श्रमिक वर्गको आधारभूत हकहितको संरक्षणका पक्षहरूलाई सन्तुलितरूपमा अघि वढाउने, सीपयुक्त जनशक्ति उत्पादन गरी वैदेशिक रोजगारीका अवसरहरूको समेत अधिकतम उपयोग गर्ने जस्ता नीतिहरू हाल कार्यान्वयनमा रहेका छन् । दशौं योजनाको समीक्षा नभई सकेको वर्तमान अवस्थामा उक्त सञ्चालित नीति तथा कार्यक्रमहरूको प्रभावले के कति रोजगारी सिर्जना गर्न सके भन्ने समग्र र अद्यावधिक सूचना उपलब्ध भएको छैन ।

७.३१ नेपालीहरू रोजगारीका लागि विदेश जाने क्रम बढ्दो भएता पनि वेरोजगारीको सख्यामा कमी आएको देखिदैन । २०५८ सालको जनगणनाअनुसार १० वर्ष उमेर वा सो भन्दा माथिका जनसख्यामध्ये ५.१ प्रतिशत वेरोजगार थिए । तर नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०६०/६१ अनुसार १५ वर्ष उमेर वा सो भन्दा माथिका जनसख्यामध्ये २.९ प्रतिशत वेरोजगार र ७४.३ प्रतिशत रोजगार थिए भने बाँकी २२.८ प्रतिशत जनसख्या निष्कृय भएको देखिन्छ । रोजगार जनसख्यामध्ये पुरुष ३.१ प्रतिशत र महिला २.७ प्रतिशत रहेको छ भने युवा वेरोजगार १५.० प्रतिशत रहेको देखिन्छ । देशमा विगत एक दशकसम्म चलेको द्वन्द्वका कारण उद्योग धन्दा एवं कलकारखानाहरूमा नकारात्मक असर पर्‍यो, जसको कारण केही



उद्योग एवं कलकारखानाहरू पूर्णरूपमा वन्द भए, केही आंशिकरूपमा बन्द भए र सञ्चालनमा भएका मध्ये पनि कतिपय पूर्ण क्षमतामा सञ्चालन हुन सकेनन् । फलस्वरूप, ती उद्योग एवं कलकारखानाहरूमा कार्यरत कतिपय श्रमिकहरू पनि रोजगारीबाट वञ्चित हुन वाध्य भए । अर्कोतर्फ, सरकारले सानो र चुस्त प्रशासन बनाउने अभियानमा नयाँ रोजगारीका अवसरहरूलाई खुला गर्न नसकेका कारणले पनि वेरोजगारीको संख्यामा वृद्धि भएको देखिन्छ ।

**तालिका ७ (घ) : नेपालमा रोजगारीको स्थिति, २०६०/६१**

(१५ वर्ष उमेर वा सो भन्दा माथिका जनसंख्या)

| क्षेत्र | रोजगार (%) | वेरोजगार (%) | निश्कृय (%) | जम्मा |
|---|---|---|---|---|
| **लिङ्गअनुसार** | | | | |
| **पुरुष** | ७३.३ | ३.१ | १९.६ | १०० |
| **महिला** | ७१.७ | २.७ | २५.६ | १०० |
| **विकास क्षेत्रअनुसार** | | | | |
| **पूर्वाञ्चल** | ७४.९ | २.९ | २२.२ | १०० |
| **मध्यमाञ्चल** | ७२.४ | ३.३ | २४.३ | १०० |
| **पश्चिमाञ्चल** | ७३.२ | २.७ | २४.१ | १०० |
| **मध्य पश्चिमाञ्चल** | ७७.० | २.८ | २०.२ | १०० |
| **सुदुर पश्चिमाञ्चल** | ८०.४ | १.४ | १८.२ | १०० |
| **भौगोलिक क्षेत्रअनुसार** | | | | |
| **हिमाल** | ८६.७ | १.३ | १२.० | १०० |
| **पहाड** | ७६.० | २.१ | २१.९ | १०० |
| **तराई** | ७१.१ | ३.८ | २५.१ | १०० |
| **नेपाल** | **७४.३** | **२.९** | **२२.८** | **१००** |

स्रोत : नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०६०/६१, केन्द्रीय तथ्याङ्क विभाग

७.३२ देशमा पर्याप्त रोजगारीको अवसर नपाएको कारण वैदेशिक रोजगारीको खोजीमा जाने नेपालीहरूको संख्या वर्षेनी बढ्दै गएको छ । खासगरी मलेसिया र कोरिया बाहेक अरव मुलुकहरूमा रोजगारीका लागि जाने संख्या बढी देखिन्छ । आर्थिक वर्ष २०६१/६२ को अन्त्यसम्म संस्थागत रूपबाट वैदेशिक रोजगारीमा जानको लागि स्वीकृति प्रदान गरिएको कुल संख्या ५ लाख ९१ हजार ४ सय रहेको छ । आर्थिक वर्ष २०६२/६३ मा थप १ लाख ८२ हजार १ सय ९२ र आर्थिक वर्ष २०६३/६४ को वैशाखसम्ममा १ लाख ६७ हजार २ सय ३२ थप भई हालसम्म वैदेशिक रोजगारीका लागि स्वीकृति प्रदान गरिएको संख्या कुल ९ लाख ७० हजार ८ सय २४ पुगेको छ ।

७.३३ आर्थिक वर्ष २०६२/६३ मा अन्य मुलुकमा रोजगारीका लागि जाने नेपालीहरूको संख्या १ हजार ३ सय ८९ मध्ये ५ सय ९२ जना इजरायमा मात्र गएका थिए भने सो संख्यामध्ये ५ सय ६८ महिला थिए । फलस्वरूप, परम्परागत गन्तव्य देशहरूको प्रवृत्तिको तुलनामा वैदेशिक रोजगारीको लागि इजरायल नयाँ गन्तव्य देशको रूपमा रहेको छ ।

तालिका ७ (ङ) : देशगत वैदेशिक रोजगारी

| क्र.सं | मुलुक | आर्थिक वर्ष २०६१/६२ सम्मको कुल संख्या | आर्थिक वर्ष २०६२/६३ को कुल संख्य | आर्थिक वर्ष २०६३/६४ वैशाख महिनासम्मको संख्या | कुल संख्या |
|---|---|---|---|---|---|
| १ | साउदी अरविया | १३१६८३ | १९५०७ | ३०६०८ | १८१७९८ |
| २ | कतार | १४८१५२ | ५८२३३ | ४८९३७ | २५५३२२ |
| ३ | यु. ए. ई. | ६३५८५ | १७१८४ | १९४४२ | १००२११ |
| ४ | बहराइन | ४८५३ | ५३० | ९५५ | ६३३८ |
| ५ | कुवेत | ८७६० | ७३८ | १९५६ | ११४५४ |
| ६ | ओमान | ७५८ | ७७ | ४६५ | १३०० |
| ७ | हङ्कङ्ग | ३१६७ | १७६ | ३०७ | ३६५० |
| ८ | मलेसिया | २२०५०५ | ८४१६२ | ६२९४८ | ३६७६१५ |
| ९ | कोरिया | ५४८० | १९६ | ६८३ | ६३५९ |
| १० | अन्य मुलुकहरू | ४४५७ | १३८९ | ९३१ | ६७७७ |
|  | जम्मा | ५९१४०० | १८२१९२ | १६७२३२ | ९४०८२४ |

स्रोत : श्रम तथा रोजगार प्रवर्द्धन विभाग

७.३४ वैदेशिक रोजगारीको खोजीमा जाने नेपालीहरूको प्रवृत्ति हेर्दा सबै भन्दा बढी नेपाली ३ लाख ६७ हजार ६ सय १५ (कुल संख्याको ३९.०७ प्रतिशत) मलेसिया गएका छन् भने दोस्रो ठूलो मुलुक कतारमा २ लाख ५५ हजार ३ सय २२ (२७.१४ प्रतिशत) र तेस्रो ठूलो मुलुक साउदी अरवियामा १ लाख ८१ हजार ७ सय ९८ (१९.३२ प्रतिशत) छन् । त्यसैगरी, संयुक्त अरव एमिरेट्स (यू. ए. ई.) मा १ लाख २ सय ११ (१०.६५ प्रतिशत), कुवेतमा ११ हजार ४ सय ५४ (१.२२ प्रतिशत), वहराइनमा ६ हजार ३ सय ३८ (०.६७ प्रतिशत), ओमनमा १ हजार ३ सय (०.१४ प्रतिशत), हङ्कङ्गमा ३ हजार ६ सय ५० (०.३९ प्रतिशत), दक्षिण कोरियामा ६ हजार ३ सय ५९ (०.६८ प्रतिशत) र अन्य मुलुकहरूमा ६ हजार ७ सय ७७ (०.७२ प्रतिशत) नेपालीहरू कामको लागि उक्त देशहरूमा पुगेका छन् ।




७.३५ चालू आर्थिक वर्ष २०६३/६४ को वैशाख महिनासम्ममा कुल १ लाख ६७ हजार २ सय ३२ जना वैदेशिक रोजगारीको लागि विदेश गएका मध्ये मलेसियामा ६२ हजार ९ सय ४८, कतारमा ४८ हजार ९ सय ३७, साउदी अरवियामा ३० हजार ६ सय ८ र यू. ए. ई मा १९ हजार ४ सय ४२ छन् । सोही अवधिमा वैदेशिक रोजगारीका लागि विदेशी गएका मध्ये वहराइनमा ९ सय ५५, ओमानमा ४ सय ६५, हङकङमा ३ सय ७, दक्षिण कोरियामा ६ सय ८३ जना र अन्य मुलुकहरूमा ९ सय ३१ जना रहेका छन् ।

७.३६ आर्थिक वर्ष २०६३/६४ को वैशाख मासान्तसम्म विदेशी नागरिकहरूलाई नेपालमा काम गर्न श्रम स्वीकृति दिइएको संख्या ९७ रहेको छ । सोही अवधिसम्म वैदेशिक रोजगारी सम्बन्धमा पर्न आएको उजुरी र फछ्र्यौट भएको संख्या निम्नानुसार छ :

**तालिका ७ (च) : श्रमसम्बन्धी उजुरी र फछ्र्यौट**
(आर्थिक वर्ष २०६३/६४ वैशाख महिनासम्म)

| क.स. | विवरण | व्यक्तिगत (इजाजत नलिएका व्यक्तिको विरुद्ध) | संस्थागत (इजाजत लिएका संस्थाको विरुद्ध) |
|---|---|---|---|
| १ | उजरी संख्या | ३२० | ३०६ |
| २ | दावी रकम | ३३,४९,२६,६१०.०० | ३,५८,३५,६१३.०० |
| ३ | फरफारक | १,२८,५४,५००.०० | १,४९,२४,७७५.०० |
| ४ | मद्दा दायर | ८३ | ० |

*स्रोत :श्रम तथा रोजगार प्रवर्द्धन विभाग*

७.३७ आर्थिक वर्ष २०६३/६४ को वैशाख महिनासम्ममा विभिन्न ६.२ कम्पनीहरूलाई वैदेशिक रोजगार व्यवसाय गर्न इजाजत प्रदान गरिएको छ भने वैदेशिक रोजगार अभिमुखीकरण तालिम सञ्चालन गर्ने प्रयोजनका लागि एउट अभिमुखीकरण संस्था दर्ता गरिएको छ ।

## चुनौतीहरू

७.३८ गरिबी निवारण वहुपक्षीय र वहुआयामिक विषय भएको कारण गरिबी निवारणको लागि फराकिलो तथा दिगो आर्थिक वृद्धिले सिर्जना हुने रोजगारीका अवसरहरूमा गरीव समुदायको पहुँच बढाउन तिनीहरूको क्षमता विकास र सशक्तिकरणमा जोड दिई प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु आवश्यक भएको छ ।

७.३९ आर्थिक विकासलाई गरिबी निवारणको अवसरको रूपमा रूपान्तरण गर्ने प्रमुख माध्यम रोजगारी हो । यसर्थ, आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणबाट विकासको मूलप्रवाहमा समाहित हुन नसकेका वा नगरिएका विभिन्न सामाजिक वर्ग, समुदाय तथा क्षेत्रहरू महिला, दलित, जनजाति, मधेशी एवं पिछडिएको वर्ग, विकट क्षेत्रमा वसोवास गरेका जनसमूह, अति गरिव तथा साना किसानमा लक्षित गरी तिनीहरूलाई गरिबी एवं पछौटेपनबाट मुक्त गर्न सामाजिक समावेशीकरण एवं लक्षित कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

७.४० कुल गार्हस्थ्य उत्पादनको ठूलो हिस्सा ओगटेको कृषि क्षेत्रलाई टेवा पुऱ्याउने कृषि पेशालाई भरपर्दोरूपमा विकास गर्न नसकिएकोले अर्द्ध रोजगारी र सुषुप्त रोजगारी अझै कायम देखिन्छ । फलतः कृषि व्यवसाय निर्वाहमूखी भई कम उत्पादन र कम आम्दानीमूलक पेशा हुन पुगेकोले गरिबी निवारणको रणनीतिको रुपमा कृषि क्षेत्र र यस अन्तर्गतका विभिन्न उप-क्षेत्रहरूको विकास गर्नु पर्ने चुनौती यथावत छ ।

७.४१ गैर-कृषि क्षेत्रगत क्रियाकलापहरू सुविधासम्पन्न सहरी क्षेत्रमा केन्द्रित रहनु र ती क्रियाकलापहरूका अवसरहरूको प्रवाह ग्रामीण क्षेत्रतर्फ विस्तारित हुन समस्या देखिएकोले गरिबीमा क्षेत्रगत विषमता स्पष्ट छ । यो विषमता कम गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

७.४२ गरिबी मापनका सूचकाङ्क, मानव विकास सूचकाङ्क र मानव सशक्तिकरण सूचकाङ्कहरूका आधारमा गरिबी निवारणसम्बन्धी कार्य लक्ष्यअनुसार हासिल हुन सकेको छैन । गरिबीको परिभाषामा आर्थिक, सामाजिक र राजनीतिक आयामहरू समावेश हुने हुनाले सवै पक्षलाई सन्तुलितढंगले अगाडि बढाउन समावेशी आर्थिक-सामाजिक क्रियाकलापहरूमा जोड दिनु पर्ने देखिन्छ ।

७.४३ गरिबी निवारण गर्ने सन्दर्भमा गरिव जनसंख्या, गरिबीको विषमता र गरिबीको गहनता सवैलाई सम्वोधन गर्ने नीति तथा कार्यक्रमहरू लक्षित समूहलाई सम्बोधन गरी कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता देखिन्छ ।

७.४४ केही वर्ष यतादेखि रोजगारी र आय आर्जनको प्रमुख स्रोतको रूपमा वैदेशिक रोजगारी देखापरेको छ । यस स्रोतको उच्च उपयोगको लागि वैदेशिक रोजगारीले खोजेको सीपमूलक तालिमसम्बन्धी व्यवस्थाको टड्कारो आवश्यकता रहेको छ ।

७.४५ वैदेशिक रोजगारीलाई व्यवस्थित र सुरक्षित तुल्याउन समयसापेक्ष नीतिगत व्यवस्था गरिनुका साथै विदेशमा काम गर्न जाने प्रक्रिया र विदेशमा रहँदा देखिएका समग्र समस्याहरूलाई सम्बोधन गर्नु पर्ने चुनौती रहेको छ ।

७.४६ विगतमा वैदेशिक रोजगारीको गन्तव्य मानिएका अरव मुलुकहरू वाहेक कोरिया जस्तै अन्य सम्भाव्य क्षेत्रहरूको पहिचान गरी त्यस्ता अवसरहरूको उपयोग गर्न सके राष्ट्रकै एक प्रमुख आय स्रोत मानिएको विप्रेषणमा थप वृद्धि गर्न सकिने देखिन्छ ।

७.४७ वैदेशिक रोजगारीको अवसरको माग बढ्दै गएको वर्तमान परिप्रेक्षमा देशगतरूपमा मागको आँकडा संकलन, विश्लेषण र भावी दिनका लागि आवश्यक प्रक्षेपण गर्ने संयन्त्रको विकास गरी देशगत माग पक्षको आपूर्तिलाई व्यवस्थित गर्न शिक्षा र तालिम प्रदान गरी अभिमुखीकरण सहितको आपूर्ति व्यवस्था मिलाउनु चुनौतीको रूपमा रहेको छ ।

# ८. कृषि, उद्योग र पर्यटन

## कृषि

८.१ नेपाल अझ्यापि कृषि प्रधान देश रहिआएको छ। यहाँका करिब ८०.० प्रतिशत जनता आय र रोजगारीका लागि कृषिमा आश्रित छन्। कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको करिब ३६.० प्रतिशत योगदान रहेको देखिन्छ। कृषि क्षेत्रको विकास विना दिगो आर्थिक विकास सम्भव छैन भन्ने तथ्यलाई आत्मसात गरेर नै विगतका योजनाहरूमा कृषिलाई उच्च प्राथमिकता दिइएको पाइन्छ। कृषि उत्पादन एवं रोजगारीका अवसरहरू वृद्धिका माध्यमबाट गरिबी न्यूनीकरण गर्ने उद्देश्यले दीर्घकालीन कृषि योजनासमेत सञ्चालनमा रहेको छ।

## उत्पादन स्थिति

८.२ चालू आर्थिक वर्ष २०६३/६४ मा नेपालको कुल खाद्यान्न उत्पादन (धान, गहुँ, मकै, कोदो, जौ) अघिल्लो वर्षको तुलनामा ३ लाख २७ हजार मेट्रिक टन (मे.टन) अर्थात २.४८ प्रतिशतले घट्न गई ७३ लाख २९ हजार मे. टन हुने प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्षमा खाद्यान्न उत्पादन ७६ लाख ५६ हजार मे. टन हुने अनुमान गरिएको थियो। आर्थिक वर्ष २०६३/६४ मा खाद्यान्न बालीले ढाकेको कुल क्षेत्रफल १.७ प्रतिशतले कम हुन गई ३३ लाख ५ हजार हेक्टर पुग्ने अनुमान छ। चालू आर्थिक वर्षमा प्रतिकूल मौसमको कारणले धान बालीको उत्पादन निकै घट्न गएको, मकैको उत्पादनमा सामान्य मात्र वृद्धि भएको तथा हिउँदे बाली मुख्यतः गहुँको उत्पादन राम्रो हुँदा हुँदै पनि कुल खाद्यान्नमा धानको अंश ५०.२२ प्रतिशत रहेकाले समस्त खाद्यान्न बालीको उत्पादनमा असर पर्न गएको छ।

**मन्जुषा : ८ (क)**

**कृषि क्षेत्रका मुख्य गतिविधिहरू**

१) निर्यातको सम्भावना भएका वस्तुहरूको उत्पादन वृद्धिका लागि सार्वजनिक निजी-साझेदारी अवधारणाअनुरूप एक गाउँ एक उत्पादन (one village one product) कार्यक्रम आर्थिक वर्ष २०६२/६३ मा नेपाल सरकारको नीति तथा कार्यक्रम रहेकोमा एक गाउँ एक उत्पादन कार्यक्रम कार्यविधि, २०६३ तयार गर्ने कार्य भएको छ। स्थानीय एवं निर्यात बजारको सम्भावनाअनुरूप वस्तु विकास (product development) तथा सोको मूल्य अभिवृद्धि (value addition) गरी निर्यात प्रवर्द्धनद्वारा स्थानीय उत्पादक एवं व्यवसायीलाई लाभान्वित गरी स्थानीय समुदायको गरिबी निवारण तथा आर्थिक विकासमा सहयोग पुऱ्याउने प्रमुख उद्देश्य रहेको यस कार्यक्रम अन्तर्गत जुनारका लागि रामेछाप र सिन्धुली जिल्ला, बेलका लागि सिराहा, बाँके र वर्दिया जिल्ला, लप्सीका लागि भक्तपुर जिल्ला र रेन्बो ट्राउट प्रजातिका माछाका लागि नुवाकोट र रसुवा जिल्ला छनौट गरिएको छ।

२) खाद्य एवं कृषिजन्य आनुवंशिक स्रोत, पदार्थ तथा स्थानीय ज्ञान, सीप आदिको संरक्षण, उपयोग र लाभको समन्यायिक (equitalite) एवं न्यायिक (fair) बाँडफाँड गरी वर्तमान र भावी पुस्ताको खाद्य सुरक्षा एवं गरिबी न्यूनीकरण गर्ने परिकल्पनाबाट ल्याइएको जैविक विविधता नीति, २०६३ का निम्न उद्देश्यहरू रहेका छन्:

- कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गरी कृषिको समुचित विकास एवं खाद्य तथा पोषण सुरक्षा सुदृढ गर्ने,
- कृषकको परम्परागत ज्ञान, सीप, खोज, प्रविधि उपयोग र अभ्यासहरूको हकहितको संरक्षण एवं सम्वर्द्धन गर्ने,

- कृषि आनुवंशिक स्रोत तथा पदार्थको पहुँच र उपयोगबाट सिर्जित अवसर र लाभहरूको समन्यायिक एवं न्यायिक वितरण प्रणालीको व्यवस्था मिलाउने र
- दीर्घकालीनरूपमा कृषि जैविक विविधताको संरक्षण एवं सम्वर्द्धन गरी पर्यावरणीय सन्तुलन अभिवृद्धि गर्नमा योगदान पुऱ्याउने ।

३) कृषकको भलाइको सुनिश्चितता गर्दै कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा कमी आउन नदिन प्रकोप व्यवस्थापनका विविध चरणहरूमा यथाशीघ्र तथा तत्परताका साथ कार्य गर्न, कृषि क्षेत्रमा प्रकोपका कारण पुगेको क्षति तथा मागको अनुमान गरी राहतका कार्यहरू गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आर्थिक तथा प्राविधिक स्रोतको पहिचान तथा खोजी गर्ने र प्रकोपपश्चात्को स्थितिको नियमितरूपमा अनुगमन गर्ने उद्देश्यले कृषि क्षेत्र प्रकोप व्यवस्थापनसम्बन्धी राहत कोषको सञ्चालन निर्देशिका तयार गरिएको छ ।

स्रोत : कृषि तथा सहकारी मन्त्रालय

८.३ आर्थिक वर्ष २०६३/६४ मा तेलहन बाली (तोरी, सर्स्यू, सूर्यमुखी आदि) को उत्पादन गत वर्ष भन्दा २.६३ प्रतिशतले कमी भई १ लाख ३५ हजार ६ सय ६० मे. टन हुने अनुमान गरिएको छ । तेलहन खेती गर्ने जमीनको क्षेत्रफलमा समेत २ प्रतिशतले कमी आई १ लाख ८४ हजार हेक्टर पुग्ने प्रारम्भिक अनुमान छ । यस वर्ष तेलहन बाली लाग्ने तराईका प्रमुख जिल्लाहरूमा तोरीमा फूल फुल्ने समयको एक महिनासम्म पानी नपर्नु तथा केही स्थानमा लाही कीराको प्रकोप आदिले तेलहन बालीको उत्पादन घट्न गएको अनुमान छ । चालू आर्थिक वर्षमा आलु बालीको क्षेत्रफल सामान्य वृद्धि हुने भएता पनि उत्पादन दर भने घट्ने अनुमान छ । सुर्तीबालीको क्षेत्रफल एवं उत्पादन घट्न जाने अनुमान छ । त्यस्तै, उखुबालीको क्षेत्रफल र उत्पादनमा वृद्धि हुने अनुमान छ भने जुटबालीको उत्पादन, क्षेत्रफल तथा उत्पादकत्व घट्ने अनुमान छ ।

८.४ यस आर्थिक वर्षमा कुल दलहन बाली (मुसुरो, मास, रहर, चना, भटमास, गहत, खेसरी र अन्य) को उत्पादन अघिल्लो वर्षको तुलनामा २.६ प्रतिशतले बढ्न गई २ लाख ६७ हजार मे. टनबाट २ लाख ७४ हजार मे. टन हुने अनुमान छ । त्यस्तै, फलफूलको उत्पादन ५.० प्रतिशतले बढ्न गई ५ लाख ३५ हजार मे. टनबाट ५ लाख ६२ हजार मे. टन हुने अनुमान गरिएको छ । यस आर्थिक वर्षमा तरकारी बालीको उत्पादन ६.३४ प्रतिशतले बढ्न जाने अनुमान गरिएको छ । अन्य बालीको साटो प्रमुख नगदेबालीको रूपमा हालका दिनहरूमा तरकारी खेती गर्ने गरिएका कारण यसको क्षेत्रफल तथा उत्पादनमा निरन्तर वृद्धि हुँदै गएको पाइएको छ ।

८.५ आर्थिक वर्ष २०६२/६३ मा मुख्य कृषि बालीहरूको उत्पादनमा खाद्यान्न बालीको अंश ४९.४४ प्रतिशत तथा नगदे बालीको अंश ५०.५६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा खाद्यान्न बालीको अंश ४७.७५ प्रतिशत तथा नगदे बालीको अंश ५२.२५ प्रतिशत रहने अनुमान छ। त्यस्तै, आर्थिक वर्ष २०६२/६३ मा जस्तै आर्थिक वर्ष २०६३/६४ मा पनि कुल बाली लगाइएको क्षेत्रफलमध्ये खाद्यान्न बालीले ढाकेको क्षेत्रफल तथा नगदे बालीले ढाकेको क्षेत्रफलको अंशमा खासै परिवर्तन नआई यिनीहरूको अंश क्रमशः करिब ७६ प्रतिशत तथा २४ प्रतिशत रहने अनुमान छ ।

८.६ कृषि उत्पादन सूचकाङ्कको आधारमा आर्थिक वर्ष २०६२/६३ को तुलनामा आर्थिक वर्ष २०६३/६४ मा खाद्यान्न बालीको उत्पादनमा २.७८ प्रतिशतले गिरावट आएको देखिन्छ । तरकारी, पशुपालन तथा नर्सरी उत्पादनतर्फ गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा ६.६७ प्रतिशतले, फलफूल तथा मसला बालीतर्फ ५.२५ प्रतिशतले र पशुपंक्षीको उत्पादन ३.१९ प्रतिशतले वृद्धि हुने अनुमान छ ।

## मुख्य खाद्यान्न बालीको उत्पादन स्थिति

८.७ **धान** : प्रमुख खाद्यान्न बालीमा आधा भन्दा बढी हिस्सा ओगटेको धानको उत्पादन, क्षेत्रफल र उत्पादकत्वमा चालू आर्थिक वर्षमा ह्रास आउने अनुमान छ । धानको उत्पादन गत आर्थिक वर्षको तुलनामा १२.५५ प्रतिशतले घट्न गई ४२ लाख ९ हजार मे. टनबाट ३६ लाख ८१ हजार मे. टन मात्र हुने अनुमान छ। धान बाली लगाइएको क्षेत्रफलमा गत वर्षको तुलनामा करिब ७.० प्रतिशतले कमी आई १४ लाख ४० हजार हेक्टर पुग्न जाने र उत्पादकत्वसमेत ६.० प्रतिशतले घट्न गई २ हजार ५ सय ५७ के.जी. प्रति हेक्टर पुग्ने अनुमान रहेको छ । यस वर्ष मनसुन छिट्टै सुरु भएता पनि श्रावणको पहिलो सातादेखि भाद्रको पहिलो सातासम्म निक्कै कम पानी परेको कारण सुख्खाले धान रोपाई ढिलो हुनु, धेरै जमिन बाँझो रहनुका साथै रोपेको धानसमेत बिग्रिएका कारण उत्पादकत्व घट्न गई समग्र धान बालीको उत्पादन घट्न गएको देखिन्छ ।




* संशोधित अनुमान, ** प्रारम्भिक संशोधित अनुमान

८.८ **मकै** : यस वर्षमा मकैको उत्पादन गत वर्ष १७ लाख ३४ हजार मे. टनको तुलनामा ५.० प्रतिशतले वृद्धि भई १८ लाख २० हजार मे. टन हुने अनुमान छ। यस वर्ष मकै लगाइएको क्षेत्रफल र उत्पादकत्व क्रमशः २.२९ प्रतिशत र २.५८ प्रतिशतले वृद्धि भई ८ लाख ७० हजार हेक्टर र २ हजार ९१ के.जी. प्रति हेक्टर हुने अनुमान छ । यस वर्ष खेतको मकै, वसन्ते मकै तथा पाखो मकैसमेत सप्रेको हुँदा उत्पादनमा सन्तोषजनक वृद्धि भएको हो ।

८.९ **गहुँ** : आर्थिक वर्ष २०६३/६४ मा गहुँको उत्पादन गत आर्थिक वर्षको तुलनामा ८.६८ प्रतिशतले वृद्धि भई १५ लाख १५ हजार मे. टन हुने अनुमान गरिएको छ। यस वर्ष राम्रो हिउँदे वर्षा भएको र खेती गरिएको क्षेत्रफलमा उल्लेख्य वृद्धि भएबाट गहुँको उत्पादन बढ्न गएको अनुमान छ । गहुँ खेती गरिएको क्षेत्रफल ४.५६ प्रतिशतले बढ्न गई ७ लाख ३ हजार हेक्टर रहेको अनुमान छ, जुन गत वर्ष ६ लाख ७२ हजार हेक्टर थियो ।

८.१० **जौ** : यस आर्थिक वर्षमा जौ बालीले ओगटेको क्षेत्रफल तथा जौको उत्पादन बढ्ने अनुमान छ । जौ बालीको क्षेत्रफल १.३५ प्रतिशतले वृद्धि भएकोले उत्पादनसमेत २.० प्रतिशतले बढ्ने अनुमान छ। यस वर्ष जौ खेती गरिएको कुल क्षेत्रफल २६ हजार ५ सय ८० हेक्टर तथा उत्पादन २८ हजार २ सय ९३ मे. टन रहने अनुमान छ। जौको उत्पादन वृद्धि न्यून रहनुमा कृषकको अन्य बालीतर्फको रुचि र भित्री मधेशका जिल्लाहरूमा क्षेत्रफलमा कमी हुन गई उत्पादनमा कमी आउनु प्रमुख कारणको रूपमा रहेको देखिन्छ ।

८.११ **कोदो** : यस आर्थिक वर्षमा कोदोको उत्पादनमा २.१ प्रतिशतले कमी आई गत वर्षको २ लाख ९१ हजार मे. टनबाट करिब २ लाख ८५ हजार मे. टन रहने अनुमान छ । यस वर्ष केही जिल्लाहरूमा धान लगाउन नसकेको र त्यस्ता केही क्षेत्रमा कोदो खेती गरिएकोले यसको खेती गरिएको क्षेत्रफल १.३३ प्रतिशतले वढ्न गएको अनुमान छ । अनपेक्षित मौसमकै कारण उत्पादकत्व ३.३९ प्रतिशतले घट्न गई गत वर्षको १ हजार १ सय १२ के.जी. प्रति हेक्टरबाट १ हजार ७४ के.जी. प्रति हेक्टर रहने अनुमान छ ।

## नगदे बालीको उत्पादन स्थिति

८.१२ **उखु** : प्रमुख औद्योगिक बालीको रूपमा रहेको उखु लगाइएको क्षेत्रफल यस वर्ष करिब ३.० प्रतिशतले बढ्न गई ६४ हजार हेक्टर रहन गएको छ भने उत्पादनमा ५.५७ प्रतिशतले वृद्धि भई २६ लाख मे. टन पुग्ने अनुमान छ ।

८.१३ **तेलहन** : चालू आर्थिक वर्षमा तेलहन बाली (तोरी, सर्स्यू, सूर्यमुखी आदि)को उत्पादन गतवर्ष भन्दा २.६३ प्रतिशतले कमी भई १ लाख ३५ हजार ६ सय ६० मे. टन हुने अनुमान गरिएको छ । तेलहन लगाइएको क्षेत्रफलमा २ प्रतिशतले कमी आई १ लाख ८४ हजार हेक्टर पुग्ने प्रारम्भिक अनुमान छ । यस वर्ष तेलहन बाली लाग्ने तराईका प्रमुख जिल्लाहरूमा हिउँदे वर्षा नभएको वा ढिलो भएको तथा लाही कीराको प्रकोप आदिका कारण तेलहन बालीको उत्पादन घट्न गएको अनुमान छ ।

८.१४ **आलु** : चालू आर्थिक वर्षमा आलुको उत्पादन करिब १.६ प्रतिशतले घट्न गई १९ लाख ४३ हजार मे. टन हुने र खेती गरिएको क्षेत्रफलमा सामान्य वृद्धि भई १ लाख ५३ हजार हेक्टर तथा उत्पादकत्व १२.६६ मे. टन प्रति हेक्टर हुने अनुमान गरिएको छ । यस वर्ष पकेट क्षेत्र भएका स्थानहरूमा डढुवा रोग लागेका कारण उत्पादनमा कमी आएको अनुमान छ ।

८.१५ **सुर्ती** : सुर्ती बालीको उत्पादन यस वर्ष २.५८ प्रतिशतले घट्न गई २ हजार ६ सय ४८ मे. टन हुने अनुमान छ । विगत वर्षहरूदेखि नै यसको खेती गरिएको क्षेत्रफल घट्ने क्रम जारी नै रहेको देखिन्छ । यस वर्ष यसको क्षेत्रफलसमेत केही घटन गई २ हजार ७ सय २९ हेक्टर रहने अनुमान छ । सुर्ती बालीतर्फ कृषकहरूको रुचि घट्दै गएका कारण यस्तो हुन गएको अनुमान छ ।

८.१६ **जुट** : पूर्वाञ्चलका ६ वटा जिल्लाहरू झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा तथा उदयपुरमा मात्र खेती गरिने जुटबालीको उत्पादन, क्षेत्रफल तथा उत्पादकत्व यस वर्ष क्रमशः १०.१ प्रतिशत, ६.१ प्रतिशत तथा ४.३ प्रतिशतले घट्न जाने अनुमान छ ।

८.१७ **दलहन** : यस आर्थिक वर्षमा नेपालमा कुल दलहन (मुसुरो, मास, रहर, चना, भटमास, गहत, खेसरी र अन्य) को उत्पादन अघिल्लो वर्षको तुलनामा २.६ प्रतिशतले बढ्न गई २ लाख ६७ हजार मे. टनबाट २ लाख ७४ हजार मे. टन हुने अनुमान छ । खेती गरिएको क्षेत्रफलतर्फ पनि १.९ प्रतिशतले वृद्धि भई ३ लाख १४ हजार हेक्टरबाट ३ लाख २० हजार पुग्ने अनुमान छ । चना रहर आदिको उत्पादन केही घटेको भए पनि केराउ, मास, भट्टमास, मुसुरो, सिमी आदिको उत्पादन बढ्न गएकाले समग्रमा दलहन वालीको उत्पादन बढ्न गएको अनुमान छ ।

तालिका ८ (क) : कृषि बालीको उत्पादकत्व
(के.जी. ⁄ हेक्टर)

| उत्पादनहरू | आर्थिक वर्ष | |
|---|---|---|
| | २०६२/६३ | २०६३/६४* |
| **खाद्यान्न बालीहरू** | २२७९ | २२१८ |
| **धान** | २७१७ | २५५७ |
| **मकै** | २०३८ | २०९१ |
| **गहुँ** | २०७४ | २१५६ |
| **कोदो** | १११२ | १०७४ |
| **जौ** | १०५९ | १०६४ |
| **दलहन बाली** | ८५३ | ८५९ |
| **बागबानी बाली** | | |
| **आलु** | १३०९० | १२६५७ |
| **तरकारी** | ११५०० | ११७४३ |
| **फलफूल** | ९४६९ | ९८७५ |

** अनुमान*

*स्रोत : कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्याङ्क महाशाखा, कृषि तथा सहकारी मन्त्रालय*

## अन्य बालीहरूको उत्पादन स्थिति

८.१८ **फलफूल** : फलफूलको उत्पादन गत वर्षको ५ लाख ३५ हजार मे. टनबाट यस वर्ष ५ प्रतिशतले बढ्न गई ५ लाख ६२ हजार मे. टन पुग्ने अनुमान गरिएको छ । फलफूल खेती गरिएको क्षेत्रफल भने ०.८३ प्रतिशतले वृद्धि भई ५६ हजार ५४८ बाट ५६ हजार ९१२ हेक्टर पुग्ने अनुमान छ। यस आर्थिक वर्ष आँपको बढी फल्ने (on year) वर्ष भएको तथा स्याउको उत्पादनमा समेत सामान्य वृद्धिका कारण फलफूलको कुल उत्पादन बढ्न जाने अनुमान छ ।

८.१९ **तरकारी** : यस आर्थिक वर्षमा तरकारी बालीको उत्पादन ६.६९ प्रतिशतले बढ्न गई गत वर्षको २१ लाख ९० हजारबाट २३ लाख २९ हजार मे. टन पुग्ने अनुमान गरिएको छ। तरकारी बालीले ढाकेको क्षेत्रफल १ लाख ९८ हजार हेक्टर रहने अनुमान छ। अन्य बालीहरूको साटो प्रमुख नगदे बालीको रूपमा तरकारीको खेती गर्न कृषकहरू आकर्षित भएका कारण यसले ढाकेको क्षेत्रफल तथा उत्पादन दुवैमा निरन्तर वृद्धि भएको पाइएको छ ।

८.२० **मसला बाली** : मसला बालीहरू जस्तै अदुवा, लसुन, बेसार, अलैंची आदिको खेती गरिएको क्षेत्रफल तथा उत्पादनमा सामान्य वृद्धि भएको पाइएको छ । लसुन, अदुवा आदिको खेती गरिएको क्षेत्रफल तथा उत्पादन बढे पनि उत्पादकत्व भने घट्न गएको छ। यसवर्ष खुर्सानी, बेसार तथा अलैची बाली लगाइएको क्षेत्रफल, उत्पादन र उत्पादकत्व बढेको पाइएको छ ।

८.२१ **चिया, कफी तथा कपास** : औद्योगिक नगदे बालीहरू मध्ये चिया, कफी तथा कपासको उत्पादनमा उल्लेख्य वृद्धि भएको छ । कफी खेतीको उत्पादन तथा क्षेत्रफलमा समेत उल्लेख्य वृद्धि भएको छ ।

८.२२ **मह** : यस वर्ष पनि मौरी घार गत वर्षको १ लाख २५ हजारकै हारहारीमा रहने अनुमान छ । कुल मह उत्पादन गत वर्षकै हाराहारीमा ६ सय ५० मे. टन रहने अनुमान छ । आधुनिक मौरीहरू सेरेना तथा मोलीफेरा आदिमा वृद्धि भएता पनि जङ्गली मौरीहरू मुढे, खोपे आदिको घारमा कमी आएकोले समग्र मह उत्पादनमा खासै फरक नपरेको हो ।

८.२३ **पुष्प खेती** : यस वर्ष करिब ५५० वटा नर्सरीहरू तथा काठमाडौ उपत्यकामा रहेका ५६ वटा पुष्प प्रदर्शनी कक्ष (शोरुम) बाट करिब रु. २२ करोड बराबरको पुष्पखेतीको कारोवार भएको अनुमान छ । यो अंक गत वर्षको भन्दा करिब रु. ३८ लाखले बढी छ ।

## पशुजन्य उत्पादन स्थिति

८.२४ **पशुपन्छी संख्या** : आर्थिक वर्ष २०६३/६४ मा नेपालमा गाई/गोरु (cattle) को संख्या गतवर्षको तुलनामा ०.५९ प्रतिशतले वृद्धि भई ७० लाख ४४ हजार रहेको अनुमान छ । कुल गाई/गोरुको संख्यामध्ये दूध दिने गाईको संख्या ९ लाख ८ हजार अर्थात कुल संख्याको १२.९ प्रतिशत रहेको छ । त्यस्तै, भैंसी/राँगा (Buffaloes) को संख्या गत वर्षको तुलनामा ३.८५ प्रतिशतले वृद्धि भई ४३ लाख ६७ हजार पुगेको अनुमान छ । कुल भैसी/राँगाको संख्यामध्ये दूध दिने भैसीको संख्या ११ लाख २४ हजार अर्थात २५.८ प्रतिशत रहेको छ । भेडा/भेडी (Sheep) को संख्या गत वर्षको तुलनामा ०.१९ प्रतिशतले बढ्न गई ८ लाख १४ हजार रहेको, बाखा/बोका (Goats) को संख्या ५.७४ प्रतिशतले वृद्धि भई ७८ लाख ४७ हजार रहेको र संगुर/बंगुर (Pigs) को संख्या गत वर्षको दांजोमा ३.० प्रतिशतले वृद्धि भई ९ लाख ८९ हजार पुग्न गएको अनुमान छ । पन्छीतर्फ आर्थिक वर्ष २०६३/६४ मा कुखुरा (Fowl) को संख्यामा अघिल्लो वर्षको तुलनामा ३.० प्रतिशतले वृद्धि भई २ करोड ३२ लाखबाट २ करोड ३९ लाख पुग्ने अनुमान गरिएको छ । वि. सं. २०६३ सालमा छिमेकी मुलुक बंगलादेशमा वर्ड फ्लू फैलिनु तथा भारतबाट माऊ कुखुरालगायतका कुखुरा आयातमा प्रतिबन्ध लगाइनुका कारण कुखुरा उत्पादन आशा गरिएअनुरूप वृद्धि हुन नसकेको हो । त्यस्तै, हाँस (Ducks) को संख्या ०.४८ प्रतिशतले बढ्न गई करिब ३ लाख ९४ हजार पुग्ने अनुमान छ ।

८.२५ **दूध** : चालू आर्थिक वर्षमा गाई र भैंसीबाट (नाक र चौंरी बाहेक) करिब १३ लाख ५१ हजार मे. टन दूध उत्पादन हुने अनुमान छ जुन गत वर्षको तुलनामा ३.० प्रतिशतले बढी छ । कुल दूध उत्पादनमध्ये गाईबाट ३ लाख ९३ हजार मे.टन र भैंसीबाट ९ लाख ५८ हजार मे.टन योगदान रहेको अनुमान छ ।

८.२६ **मासु** : कुल मासु उत्पादन गत वर्षको तुलनामा ३.६ प्रतिशतले वृद्धि भई यस वर्ष २ लाख २७ हजार मे. टन हुने अनुमान रहेको छ । कुल मासु उत्पादनमध्ये राँगाबाट १ लाख ४७ हजार मे. टन, भेडाबाट २ हजार ७४७ मे. टन, खसी/बोकाबाट ४४ हजार ९३३ मे. टन, बंगुरबाट १६ हजार मे. टन, कुखुराबाट १६ हजार मे. टन र हाँसबाट २३१ मे. टन उत्पादन हुने अनुमान छ । माथि उल्लेख भएअनुसार छिमेकी मुलुक बंगलादेशमा वर्ड फ्लू फैलिनु तथा भारतबाट माऊ कुखुरालगायतका कुखुरा आयातमा प्रतिबन्ध लगाईनुका कारणले समेत कुखुराको मासुको उत्पादनमा सामान्यरूपमा वृद्धि भएको हो ।

८.२७ **फुल** : फुल उत्पादन गत वर्षको ६० करोड ८ लाख गोटाबाट २.३४ प्रतिशतले वृद्धि भई ६१ करोड ४८ लाख गोटा हुने अनुमान छ, जसमध्ये कुखुराबाट ६० करोड ९ लाख र हाँसबाट १ करोड ३९ लाख उत्पादन हुने अनुमान छ ।

८.२८ **मत्स्य** : आर्थिक वर्ष २०६३/६४ मा कुल माछाको उत्पादन गत वर्षको तुलनामा ३ प्रतिशतले वृद्धि भई ४६ हजार ८ सय मे. टन हुने अनुमान छ । कुल माछा उत्पादनमध्ये करिब ५०.० प्रतिशत माछा पोखरीबाट र बाँकी अन्य प्राकृतिक स्रोतबाट उत्पादन हुने अनुमान गरिएको छ ।

८.२९ **ऊन** : भेंडा/भेंडी (Sheep) को ऊनको उत्पादन ५८७ मे.टनबाट बढेर यस वर्ष ५८८ मे. टन पुग्न जाने अनुमान गरिएको छ । धेरै समयपछि भेंडा तथा भेडाजन्य उत्पादनमा वृद्धि देखा परेको हो ।

## मौसमी प्रभाव

८.३० यस वर्ष मनसुन छिटै सुरुभएता पनि श्रावणको पहिलो सातादेखि भाद्रको पहिलो सातासम्म निकै नै कम पानी परेका कारण सुख्खाले धान रोपाई ढिलो हुन गएको, १ लाख भन्दा बढी हेक्टर जमिन बाँझो रहेको साथै रोपेको धानसमेत बिग्रिएका कारण उत्पादकत्व घट्न गई समग्र धानबालीको उत्पादन घटेको पाइएको छ । लामो खडेरीले विशेषतः पूर्वाञ्चल र मध्यमाञ्चल अन्तर्गतका तराईका जिल्लाहरूमा नराम्रो असर पारेको देखिन्छ । यस क्षेत्रमा सो समयमा औसत भन्दा आधा मात्र वर्षा भएको थियो । अर्कोतिर सोही अवधिमा सुदुरपश्चिम क्षेत्रका तराईका जिल्लाहरू कैलाली तथा कञ्चनपुरमा समानुपातिकरूपमा राम्रो वर्षा भएका कारण धान बालीमा राम्रो प्रभाव पर्न गएको थियो । जल तथा मौसम बिज्ञान बिभाग अन्तरगतका विभिन्न वर्षामापन केन्द्रको रेकर्डअनुसार जेष्ठ महिनामा ७८ प्रतिशत, आषाढ महिनामा ७७ प्रतिशत, श्रावण महिनामा ७९ प्रतिशत र भाद्र महिनामा औसतभन्दा पनि बढी अर्थात १ सय १ प्रतिशत वर्षा भएको थियो । यसरी भाद्र महिनामा मात्र औसत भन्दा बढी वर्षा र अरु महिनामा कम वर्षा भएकै कारण नेपालको कुल धान वालीको उत्पादनमा नकारात्मक प्रभाव परेको हो ।

८.३१ यस वर्ष हिउँदे वाली खासगरी गहुँ, जौं, दलहन तथा फलफूलहरूको लागि मौसम अनुकूल रहन गएको छ । विभिन्न वर्षामापन केन्द्रको रेकर्डअनुसार आश्विन, कार्तिक तथा पौष महिनामा औसतभन्दा निकै नै कम पानी पर्न गएको थियो भने माघमा औसत भन्दा ४ गुणा बढि पानी परेको पाइएको छ । यसैगरी, मंसिर तथा फाल्गुण महिनामा समेत औसत भन्दा बढि वर्षा हुन गई समग्र हिउँदे वालीको उत्पादनमा राम्रो प्रभाव पर्न गएको देखिन्छ ।

## दैवी प्रकोपको प्रभाव

८.३२ यस वर्ष बाढी, पहिरो, डुवान, कटान आदिको समस्याले गर्दा वर्षे वाली खास गरी धानको लागि बाँके, बर्दिया, अछाम, नवलपरासी आदि जिल्लामा असर परेता पनि सुख्खाको प्रभाव देशब्यापी रहन गएको छ । सुख्खाबाट सबैभन्दा बढी प्रभावित जिल्लाहरूमा सिराहा, सप्तरी, धनुषा, महोत्तरी लगायतका तराईका अधिकांश जिल्लाहरू रहेका छन् भने पछिल्लो समयको बाढीले खासगरी बाँके र बर्दिया जिल्लाहरू प्रभावित हुन गएका छन् । यसैगरी, गत माघ महिनाको अन्त्यमा भएको हिमपात तथा फाल्गुण र चैत्र महिनाको असिनाबाट समेत तरकारी, फलफूल आदिको उत्पादनमा ब्यापक मात्रामा तथा गहुमा समेत सामान्य असर पर्न गएको छ । असिनाबाट बढी क्षति पुगेका जिल्लाहरूमा सिन्धुपाल्चोक, दैलेख, काठमाडौ, भक्तपुर, तनहूँ, कास्की, गुल्मी, लमजुङ्ग, ओखलढुङ्गा, भोजपुर आदि रहेका छन् ।

## रासायनिक मल तथा उन्नत बीउ-वीजन

८.३३ **रासायनिक मल** : कृषि सामग्री कम्पनी लिमिटेडको स्थापना भएपछि मुलुकमा किसानहरूको मागअनुसार सो कम्पनीले रासायनिक मल सर्वसुलभरूपमा बिक्री वितरण गर्दै आएको छ । आपूर्ति व्यवस्थालाई निरन्तरता दिन कम्पनीले आवश्यकताअनुसार सिधै उत्पादक संस्था, निजको अधिकृत वितरक वा मलको कारोवारमा विशिष्ठता प्राप्त व्यापारिक संस्थाका साथै भारत सरकारसँग अनुदान प्राप्त मल खरिद गर्ने कार्यलाई निरन्तरता दिंदै आएको छ । कम्पनीले मलको अतिरिक्त अन्य रासायनिक मल, सूक्ष्मतत्व मल तथा जैविक मल एवं अन्य

कृषि उपजहरूको कारोवार गर्ने सम्वन्धमा अध्ययन प्रारम्भ गरिरहेको छ । आर्थिक वर्ष २०६२/६३ मा कृषि सामग्री कम्पनी लिमिटेडबाट रासायनिक मलको आपूर्ति न्यूट्रियन्टमा ८ हजार १ सय ३६ मे. टन भएको थियो । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा कृषि सामग्री कम्पनी लिमिटेडबाट न्युट्रियन्टमा ७ हजार २ सय ६९ मे. टन रासायनिक मल वितरण भएकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा न्यूट्रियन्टमा ९ हजार १ सय ८६ मे. टन रासायनिक मल वितरण भएको छ ।

८.३४ **उन्नत बीउ-वीजन** : बीउ-वीजनको कारोवारमा निजी क्षेत्रसँग प्रतिस्पर्धा गराउने नीतिअनुरूप राष्ट्रिय बीउ-वीजन कम्पनी लिमिटेडले गुणस्तरयुक्त बीउ-वीजन किसानहरूको घर दैलोसम्म पुऱ्याउन डिलरहरू मार्फत बिक्री वितरण गर्दै आएको छ । कम्पनीले आफ्नो लक्ष्यअनुसार बीउ-वीजन बिक्री वितरणको लागि आफ्नो फार्म तथा किसानहरूसँगको वीज वृद्धि कार्यक्रमबाट गुणस्तरयुक्त बीउ सङ्कलन गरी रोगनाशक विषादीले उपचार गरी स्थानीय स्तरमै बिक्री वितरण गर्दै आएको छ । आर्थिक वर्ष २०६२/६३ मा राष्ट्रिय बीउ-वीजन कम्पनीबाट ६ सय ४४ मे. टन धानको, २ हजार ८ सय ५९ मे. टन गहुँको र मकैको ११ मे. टन बीउ-वीजन वितरण भएको थियो । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा कम्पनीले धानको १३० मे.टन, गहुँको २ हजार ८ सय १० मे.टन र मकैको ६ मे.टन बीऊ बिजन वितरण गरेकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा कम्पनीले धानको ९२ मे. टन, गहुँको २ हजार ४ सय ५१ मे. टन र मकैको ५.६०१ मे. टन बीउ-वीजन वितरण गरेको छ । धान र मकैको बीउ-वीजन वितरण लक्ष्यभन्दा कम देखिएको छ । लक्ष्यअनुसार प्रगति नहुनुका कारणमा कृषकबाट सम्झौताअनुसार गुणस्तरीय बीउ सङ्कलन नहुनु, खाद्यान्न वाली बीउ बाहेक तरकारी एवं अन्य बीउको हकमा हाईब्रिड बीउतिर कृषकको बढी झुकाव बढ्नु एवं खुला सीमानाका कारण भारतबाट कम गुणस्तरका बीउ-वीजनहरू भित्रिनु र पहाडी जिल्लामा बीउ ढुवानी गर्न लागत बढी पर्नु आदि प्रमुख रहेका छन् ।

८.३५ **सिँचाइ** : विगत वर्षहरूमा जस्तै सिँचाइसम्बन्धी विकास आयोजनाहरू सरकारीस्तर र कृषि विकास बैंकबाट सञ्चालित हुँदै आएका छन् । आर्थिक वर्ष २०६२/६३ मा सरकारीस्तरबाट १७ हजार ९ सय ६० हेक्टरमा र कृषि विकास बैंकबाट सञ्चालित आयोजनाहरूबाट ४ सय ४२ हेक्टर कृषियोग्य जमिनमा व्यवस्थित सिँचाइ सुविधा पुग्न गएको छ । आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा सरकारी स्तरबाट सञ्चालित आयोजनाहरूबाट १२ हजार ५ सय ३० हेक्टर तथा कृषि विकास बैंकबाट सञ्चालित आयोजनाहरूबाट १ सय २८ हेक्टर क्षेत्रफल गरी जम्मा १२ हजार ६ सय ५८ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध भएको छ ।

८.३६ **कृषि ऋण** : कृषि उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने कृषि ऋणको प्रवाहले निरन्तरता पाएको छ । आर्थिक वर्ष २०६२/६३ मा कृषि विकास बैंकबाट १२ अर्व ८५ करोड ५६ लाख कृषि ऋण प्रवाह भएको छ भने असुलीतर्फ ११ अर्व ८४ करोड १६ लाख भई आर्थिक वर्षको अन्त्यमा २२ अर्व १८ करोड ७० लाख ऋण बक्यौता रहन गएको छ। आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा ८ अर्व ५० करोड ३२ लाख ऋण प्रवाह भएकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा ४.७ प्रतिशतले वृद्धि भई ८ अर्व ९० करोड २५ लाख ऋण प्रवाह भएको छ। प्रवाह भएको ऋण लगानीमध्ये सबैभन्दा बढी लगानी कृषि उद्योग, बेचबिखन तथा गोदाम निर्माण क्षेत्रमा करिब ५०.० प्रतिशत छ भने सबभन्दा कम लगानी चिया/कफी खेतीतर्फ भएको छ ।

८.३७ **साना किसान विकास बैंक** : ग्रामीण क्षेत्रमा बसोबास गर्ने साना किसान तथा विपन्नवर्गको आर्थिक एवं सामाजिक विकासका लागि उनीहरूलाई नै सशक्तिकरण गरी संस्थागत विकास गर्न लघुवित्त कार्यक्रम सञ्चालन गरी ग्रामीण स्तरमा सहकारी प्रवर्द्धन गर्ने कार्यमा साना किसान बैंक संलग्न छ । बैंकद्वारा सञ्चालित कार्यहरू मध्ये सामाजिक परिचालन, पशु वीमा कार्यक्रम, साना किसान संस्थागत विकास र वित्तीय संस्थाको लघुवित्त कार्यक्रम प्रमुख रहेका छन् । सामाजिक परिचालन अन्तर्गत विपन्न तथा साना किसानको पहिचान गरी प्रत्येक परिवारको ५ देखि १२ जना सदस्यको समूह सञ्चालन गरिन्छ भने एउटै वडामा भएका प्रतिनिधिहरू सहितको वडास्तरीय अन्तर समूह गठन गरी प्रत्येक वडाको अन्तर समूहबाट १/१ जना प्रतिनिधि छनौट भई गा. वि. स. स्तरीय सञ्चालन समिति गठन गरी साना किसान सहकारी संस्था सञ्चालन गरिन्छ । आर्थिक वर्ष २०६२/६३ मा बैंकसँग आवद्ध संस्थाको संख्या १ सय ४१ रहेकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनासम्म १ सय ५९ पुगेको छ । आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा कर्जा प्रवाहतर्फ रु. २० करोड ३४ लाख ३९ हजार रहेकोमा सावाँ असुलीतर्फ रु. १९ करोड ७४ लाख ९३ हजार र ब्याज असुलीतर्फ रु. २ करोड ८८ लाख ४ हजार पुगेको छ । यस संस्थाले कृषि विकास बैंकमार्फत १ सय ५९ गा. वि. स. मा पशु बीमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छ । आर्थिक वर्ष २०६२/६३ मा रु. ५ करोड ४२ लाख बराबरको ४ हजार ४ सय ६६ वटा पशुको बीमा गरिएकोमा चालू आर्थिक वर्षको प्रथम आठ महिनासम्म रु. ४ करोड ५७ हजार बराबरको थप ३ हजार ७ सय  वटा पशुको स्थानीय संस्थामार्फत बीमा गरिएको छ । यस वित्तीय संस्थाको सहयोगमा ४ वटा गाउँ विकास समितिमा साना किसान संस्थागत (अनुशरण) कार्यक्रम सञ्चालन गरिएकोमा हाल यो कार्यक्रम सम्बन्धित गाउँ विकास समितिका साना किसानहरूलाई नै सक्षम गराएर उनीहरूकै स्वामित्व र नियन्त्रणमा रहने गरी स्थानीय स्तरमा नै व्यवस्थापन हस्तान्तरण भइसकेका छन् । चालू आर्थिक वर्षको प्रथम आठ महिनासम्म १ सय ५९ वटा साना किसान सहकारी संस्थाहरूलाई कर्जा उपलब्ध गराइएको छ । यस कार्यक्रमबाट ४५ हजार ७ सय ८४ जना महिला र ४८ हजार ४ सय १० जना पुरुष गरी जम्मा ९४ हजार १ सय ९४ जनाले सेवा प्राप्त गरेका छन् । आर्थिक वर्ष २०६२/२०६३ मा यस्तो सेवा ४१ हजार २ सय ५६ महिला र ४४ हजार ४ सय ७४ पुरुष गरी जम्मा ८५ हजार ७ सय ३० जनाले प्राप्त गरेका थिए ।

८.३८ **नेपाल कृषि अनुसन्धान परिषद्** : राष्ट्रको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रको विकासलाई अनुसन्धानमार्फत बढी प्रभावकारी बनाउन स्थापना भएको नेपाल कृषि अनुसन्धान परिषद्ले जनप्रतिनिधिहरूद्वारा दिइएका सरसल्लाहहरू, विभिन्न गोष्ठीमा उठाइएका सवालहरू एवं कृषकहरूले स्थलगतरूपमा भोगेका समस्याहरूलाई ध्यानमा राखी कृषिको विभिन्न पक्षमा अध्ययन अनुसन्धान गर्दै आएको छ । नेपालको मुख्य खाद्यान्न बालीको रूपमा रहेको धान, गहुँ आदिको उत्पादन र उत्पादकत्वमा  वृद्धि गर्ने र यी बालीहरूका उन्नत, बढी पौष्टिकतत्वयुक्त तथा वर्णशंकर (हाइब्रिड), रोग तथा कीरा अवरोधक जातहरूको विकास तथा रोग, कीरा तथा झारबाट हुने क्षति न्यूनीकरण गर्ने प्रविधि आदिका सम्बन्धमा अनुसन्धान गर्ने कार्य भइरहेको छ । तरकारीमा खास गरेर गोलभेडा, काउली, बन्दा जस्ता वालीहरू एवं फलफूलहरूको वेमौसमी खेतीका लागि उपयुक्त जातहरूको पहिचान गर्ने, रोग कीरा नियन्त्रण, भण्डारण गर्ने उन्नत प्रविधिका लागि अनुसन्धान कार्यको थालनी गरिएको छ । दूध एवं मासुको उत्पादन बढाउन पोसिलो आहार विना सम्भव नहुने भएकोले विभिन्न पशुहरूको लागि उपयुक्त पशु आहारको पहिचान गर्न पशु आहारको विभिन्न पक्षमा अनुसन्धान गर्न र पशुको नश्लमा सुधार ल्याई दूध तथा मासु

उत्पादनमा वृद्धि ल्याउन पशु प्रजनन् सम्वन्धी अनुसन्धान कार्यहरू भइरहेका छन् । कर्णाली र मुस्ताङमा कार्पेट उन उत्पादनसम्वन्धी अनुसन्धानलाई विशेष प्राथमिकता दिइएको छ ।

८.३९ **कृषि उत्पादन आयात तथा निर्यात स्थिति** : अन्तर्राष्ट्रिय स्तरको वर्गीकरण (SITC) समूहअनुसार आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा रु. ५ अर्व ५३ करोड ७२ लाख मूल्य बराबरको खाद्य वस्तु तथा जीवजन्तु एवं सुर्ती तथा पेय पदार्थहरू निर्यात भएकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा रु. ४ अर्व ६५ करोड ६७ लाख मूल्यका उपर्युक्त वस्तुहरू निर्यात भएको अनुमान छ । त्यस्तै, आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा रु. ९ अर्व ८९ करोड ३८ लाख बराबरका उपर्युक्त वस्तुहरू आयात भएकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा रु. ८ अर्व ३३ करोड ७४ लाख बराबरका वस्तुहरू आयात भएको अनुमान छ ।

८.४० **सहकारी संस्थाहरू** : नेपालमा सहकारी प्रणालीलाई सम्वर्द्धन र विकास गर्दै सहकारीमार्फत आर्थिक तथा सामाजिक विकासका प्रयासलाई निरन्तरता दिने नीतिबमोजिम सहकारी संस्थाहरूलाई गुणात्मकरूपमा परिचालन गर्दै विपन्नहरूका माझमा पुँजी र उद्यमशीलता जागृत गराउने कार्य अगाडि बढाइएको छ । सहकारी ऐनमा समसामयिक सुधार गरी सहकारी कृयाकलापको समुचित नियमनको व्यवस्था गर्दै यसको प्रभावकारिता वृद्धि गर्न विभिन्न कृयाकलापहरू सञ्चालनमा ल्याइएका छन् । देशमा रहेका सहकारी संस्था, तिनको प्रकृति, कारोवार र रोजगारीको तथ्याङ्क आधार (database) तयार गरिएको छ । सहकारी चेतनासम्बन्धी श्रव्य-दृष्य सामग्री तयार गरिएको छ । गत आर्थिक वर्षमा ५०० कृषक समूहहरू सहकारीकरण भएकोमा यस आर्थिक वर्षको पहिलो आठ महिनामा ३०० समूहहरूलाई सहकारीकरण गरिएको छ । दक्ष सहकारीकर्मी तथा दक्ष प्रशिक्षक उत्पादन गरी व्यवस्थापनमा प्रभावकारिता ल्याउन चालू आर्थिक वर्षको प्रथम ८ महिनासम्ममा ५ हजार २ सय ८९ जना सहकारीकर्मी तथा कर्मचारीहरूलाई सहकारीसम्बन्धी तालिम प्रदान गरिएको छ । चालू आर्थिक वर्षमा सहकारीसम्बन्धी कार्यक्रमहरू न्यून रहेको कर्णाली अञ्चलका जुम्ला, मुगु र कालिकोट जिल्लाहरूमा कृषक समूह सहकारीकरण, आधारभूत सहकारी व्यवस्थापन तालिम र पूर्व सहकारी शिक्षा जस्ता कार्यक्रमहरू सम्पन्न भएका छन् ।

८.४१ **भूमिसुधार** : मुक्त कमैया पुर्नस्थापना तथा वृत्ति विकास कार्यकम अन्तर्गत  बाँके ,बर्दिया, कैलाली, कञ्चनपुर र दाङ जिल्लाका मुक्त कमैयाहरू मध्ये  २०५७ सालको लगतअनुसार १२ हजार १९ परिवारलाई जग्गा उपलब्ध गराई वृत्ति विकास कार्यक्रममा सहभागी गराइएको छ । पहिले छुट हुन गएका कमैयाहरुको अर्को छुट नामावली तयार पारिएकोमा उक्त छुट नामावलीमा समावेश भएका १३ हजार च४ सय ६९ मुक्त कमैया परिवारको पुर्नस्थापना तथा वृत्ति विकासका लागि केन्द्र तथा जिल्लास्तरमा समितिहरू गठनभई कार्य भइरहेको छ । भू-सूचना तथा अभिलेख विभागबाट एकीकृत भू-सूचना अभिलेख तयारपार्ने काम भइराखेको छ । जमिन माथिको द्वैध नियन्त्रण अन्त्य गर्ने नीतिअनुरूप जग्गा धनी र मोहीको हक, हिस्सा छुट्याउने कार्य चालू रहेको छ । भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रबाट अल्पकालीन र दीर्घकालीन तालिम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन भइरहेको छ । महिलालाई सम्पत्तिमा हक स्थापित गर्न प्रोत्साहित गर्ने लक्ष्य मुताविक भूमिसुधार तथा व्यवस्थापन विभाग अर्न्तगतको मालपोत कार्यालयबाट महिलाहरूको नाममा पारित गरिने लिखतमा लाग्ने दस्तुरमा २० प्रतिशत छुट दिइदै आएको छ ।

## उद्योग

८.४२ उद्योग क्षेत्रतर्फ, आर्थिक वर्ष २०६२/६३ को तुलनामा आर्थिक वर्ष २०६३/६४ मा गार्हस्थ्य उत्पादन २.१६ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ । यस आर्थिक वर्षमा खाद्यान्न प्रशोधन, दुग्ध पदार्थ, टेक्सटायल तथा कागजको उत्पादनमा सकारात्मक वृद्धि देखिए तापनि तयारी पोशाक तथा गलैंचाको उत्पादनमा गिरावट आएकाले यस क्षेत्रको समग्र वृद्धिदर सामान्य रहने पुर्वानुमान छ ।

८.४३ **विशेष आर्थिक क्षेत्रः** अन्तर्राष्ट्रिय बजारमा निर्यात हुने वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता विकास गर्न लागत मूल्यमा कटौती गर्न आवश्यक भएको पृष्ठभूमिमा निकासीमूलक वस्तुको उत्पादनका लागि आवश्यक कच्चा पदार्थको पैठारीमा लाग्ने विभिन्न करहरूलाई पृथक राखी सस्तो श्रम मूल्य भएको देशहरूमा उत्पादन कार्य गराउन करमुक्त निर्यात प्रशोधन क्षेत्र (export processing zone) सम्बन्धी अवधारणा विकास भएको हो । निर्यात प्रशोधन क्षेत्रको सिद्धान्तबाट विकसित भएको विशेष आर्थिक क्षेत्र (special economic zone) भन्नाले निर्यातसँग सम्बन्धित निर्यात प्रशोधन क्षेत्र, विशेष व्यापार क्षेत्र, पर्यटकीय/मनोरञ्जन क्षेत्र र बैकिङ्ग क्षेत्र आदिलाई समेट्छ । विश्वका बहुसंख्यक देशहरूमा प्रचलित सिद्धान्तअनुसार विशेष आर्थिक क्षेत्र एक कर मुक्त क्षेत्र हो जहाँ क्षेत्रको प्रकृतिअनुसार निर्यातजन्य सामान उत्पादन, आयात तथा निर्यातको लागि आवश्यक सम्पूर्ण भन्सार, कर, बैंकिङ, बीमा, प्रहरी जस्ता सेवा तथा सुविधाहरू एकद्वार प्रणालीबाट एकै स्थानमा उपलब्ध गराइन्छ । सम्पूर्ण कर प्रयोजनको लागि यो क्षेत्र एक विदेशी भूमि सरह मानिन्छ । विशेष आर्थिक क्षेत्रको प्रमुख उद्देश्य वैदेशिक लगानी भित्र्याउनु, वैदेशिक मुद्रा आर्जन गर्नु, निर्यात व्यापार बढाउनु र नयाँ तथा उच्च प्रविधि भित्र्याउनु हो । यस क्षेत्रभित्र स्थापित उद्योगहरूले सम्पूर्ण सेवा सुविधा उपभोग गरेबापत अन्तर्राष्ट्रियस्तरको वस्तुको उत्पादन गरी आफ्नो उत्पादनको कम्तिमा ७०.० प्रतिशतदेखि १००.० प्रतिशतसम्म निर्यात गर्नु पर्ने वाध्यता रहन्छ ।

८.४४ नेपालको विशेष आर्थिक क्षेत्र अन्तर्गत औद्योगिक क्षेत्र, निर्यात प्रशोधन क्षेत्र, विशेष व्यापार क्षेत्र तथा पर्यटकीय/मनोरञ्जन क्षेत्र रहने व्यवस्था गरिएको छ । देशमा वैदेशिक लगानी आकर्षित गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने उद्देश्यले आर्थिक वर्ष २०६०/६१ मा विशेष आर्थिक क्षेत्र आयोजना स्थापना गरी सो सम्बन्धी कानून तर्जुमा, सम्भाव्यता अध्ययन तथा निर्यात प्रशोधन क्षेत्रको पूर्वाधार निर्माण कार्य सुरु गरिएको छ । हाल भैरहवामा निर्यात प्रशोधन क्षेत्र र वीरगञ्ज, पाँचखाल तथा नुवाकोटको रातमाटे जिलिङ्ग क्षेत्रमा गरी जम्मा चार विशेष आर्थिक क्षेत्रहरू तोकिएका छन् । ती मध्ये भैरहवामा निर्यात प्रशोधन क्षेत्र स्थापनाका लागि आवश्यक पूर्वाधार निर्माण कार्य भइरहेको छ ।

८.४५ **लघुउद्यम विकास कार्यक्रम** : लघुउद्यमको विकासको लागि दोस्रोचरणको पछिल्लो समय (आर्थिक वर्ष २०६२/६३) मा केही संस्थागत र संरचनागत सुधार गरियो जसअनुसार १० जिल्लाका कार्यालयलाई स्थानीय गैर-सरकारी संस्था/निजी कम्पनीको रूपमा रूपान्तरण गराई ती संस्थाहरूलाई व्यवसाय विकास सेवा प्रदायक संस्था (business development service provider organization) को रूपमा स्थापित गर्ने कार्य सम्पन्न भएको छ । लघु उद्यमीहरूको हक हितको प्रवर्द्धन र संरक्षण गर्न एवं उनीहरूले उत्पादन गरेका वस्तुहरूको सामूहिकरूपमा बजारीकरण गर्न २१ वटै जिल्लाहरूका बजार केन्द्रहरूमा लघु उद्यमीहरूको अन्तर-समूह र जिल्लास्तरमा लघु उद्यमी संघ स्थापना गरी संस्थागत संरचना खडा गरिएको छ । ती जिल्लाहरूमा लघु उद्यमीहरूलाई त्यसै संस्थामार्फत सेवा प्रदान गर्दै आएको छ ।

८.४६ **विश्व व्यापार संगठन** (WTO) : नेपालले विश्व व्यापार सङ्गठनमा प्रवेश भएको तीन वर्ष पूरा भएको छ । वार्ताका प्रक्रिया पूरा गरी सदस्यता प्राप्त गर्ने अतिकम विकसित मुलुकमध्ये नेपाल पहिलो सदस्य राष्ट्र रहेको छ । नेपालले सदस्यता प्राप्त गर्ने क्रममा गरेका प्रतिवद्धताअनुसार केही ऐन, नियमहरू तर्जुमा, परिमार्जन तथा संशोधन गर्ने अठोटबमोजिम केही नियम तर्जुमा भई कार्यान्वयनमा आइसकेको छन् भने केही विधेयकको रूपमा संसदमा पेश गर्ने प्रक्रियामा रहेका र केहीको प्रारम्भिक मस्यौदा तयार गर्ने कार्य सम्पन्न भई आवश्यक छलफलको क्रममा रहेका छन् ।

**मन्जुषा : ८ (ख)**

**विस्व व्यापार सङ्गठन (WTO) को सदस्यता पश्चात् भइरहेका गतिविधिहरू**

१) विश्व व्यापार सङ्गठनका केही सम्झौतामा सदस्य राष्ट्रहरूलाई आवश्यक जानकारी दिनका लागि Enquiry Points स्थापना गर्नुपर्ने प्रावधान रहेको छ । सोही प्रयोजनको लागि Sanitary and Phyto-sanitary सम्बन्धी विषयमा कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभाग, Technical Barriers to Trade सम्बन्धी सम्झौतासँग सम्बन्धित विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत विश्व व्यापार सङ्गठन महाशाखालाई Enquiry Point तोकिएको छ ।

२) WTO सँग सम्बन्धित कार्यमा प्रभावकारी अन्तर सरकारी समन्वयको लागि तथा सङ्गठनमा नेपालले गरेको प्रतिवद्धता पूरा गर्ने कार्यमा समन्वय गर्न सम्बन्धित सरकारी निकायका उच्चस्तरीय Focal Points को गठन गरी नियमित बैठकद्वारा समन्वयको कार्य भइरहेको छ ।

३) WTO सँग सम्बन्धित विषयमा जानकारी तथा सूचना प्रवाह गर्नको लागि WTO reference centre को स्थापना गरिएको छ । सोही reference centre द्वारा मासिकरूपमा विश्व व्यापार सङ्गठनका वार्ताका विषयहरूमा सम्बन्धित क्षेत्रका विज्ञहरूद्वारा अन्तरक्रिया कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

४) प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, कम्पनी ऐन, वहुविधिक ढुवानीसम्बन्धी ऐन, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, विद्युतीय कारोवार ऐन, निकासी पैठारी तथा वौद्धिक सम्पत्तिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन जारी भएको छ ।

५) विश्व व्यापार सङ्गठनको सदस्यताका वेला वस्तु व्यापारका लागि वजार पहुँचको अवसर प्रदान गर्ने प्रतिवद्धताबमोजिम भन्सार दरमा समायोजन गर्दै गइएको छ ।

६) व्यापारसँग सम्बन्धित क्षमता अभिवृद्धि गर्ने उद्देश्यले UNDP को सहयोगमा सरकारी निजी क्षेत्रको व्यापार क्षमता अभिवृद्धि गर्ने, व्यापार र औद्योगिक नीति निर्माणमा सरोकारवालाहरूको संलग्नता अभिवृद्धि गर्ने व्यापार विश्लेषण तथा सीप विकास र लगानी मैत्री वातावरण सिर्जना गर्ने जस्ता कार्य Enhancing Nepal's Trade-related Capacity Project द्वारा हुँदै आएको छ ।

७) नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भएपश्चात् यसबाट नेपाललाई प्राप्त हुने अवसर तथा पर्न सक्ने चुनौतीका विषयमा केन्द्रीयस्तर, क्षेत्रीयस्तर र जिल्लास्तरमा निजी क्षेत्रसँगको समन्वयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन् ।

*स्रोत : उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।*

## समूहगत औद्योगिक उत्पादन तथा औद्योगिक सूचकाङ्क स्थिति

८.४७ आर्थिक वर्ष २०६२/६३ को तुलनामा आर्थिक वर्ष २०६३/६४ मा प्रमुख औद्योगिक उत्पादनको स्थितिलाई विश्लेषण गर्दा अधिकांश खाद्य पदार्थ, पेय पदार्थ, सुर्तीजन्य वस्तु, जुत्ता, काठ तथा काठजन्य वस्तु, कागज तथा स्टेशनरी बोर्ड, अन्य रासायनिक सामान, धातु

बाहेकका खनिजजन्य वस्तुको उत्पादनमा वृद्धि हुने देखिन्छ । यस अवधिमा खाद्य समूह अन्तर्गत चाउचाउ ३ हजार २ सय ३३ मे. टनले, सर्वत (जुससमेत) १५ लाख १७ हजार लिटरले, चिनी ४ हजार ९ सय २३ मे. टनले र चिया ५ सय ७९ मे. टनले उत्पादन वृद्धि हुने देखिन्छ । त्यसैगरी, वनस्पति घ्यू ८ हजार ९ सय ६१ मे. टनले, मदिराको उत्पादन ४ लाख ५१ हजार लिटर, कागज १ हजार ४ सय ९५ मे. टन, सावुन २ हजार २ सय ४१ मे. टन, धुलो सावुन १६६ मे. टन र सिमेन्ट ३० हजार ६ सय ८२ मे. टनले उत्पादनमा वृद्धि हुने अनुमान छ ।

८.४८ आर्थिक वर्ष २०६२/६३ मा गत वर्षको तुलनामा समूहगत औद्योगिक सूचकाङ्क २.१७ प्रतिशतले वृद्धि हुन गएको छ । यस अवधिमा अधिकांश खाद्य वस्तु एवं खाद्य समूह जस्तै वनस्पति तेल तथा घ्यू २४.७७ प्रतिशतले, दुग्ध पदार्थ २७.९८ प्रतिशतले, अन्न तथा पशुदाना १०.५७ प्रतिशतले, अन्य खाद्य पदार्थ १४.७४ प्रतिशतले ,काठ तथा काठका सामान २४.४८ प्रतिशतले, कागज र कागजका उत्पादन ६.६८ प्रतिशतले , अन्य रासायनिक पदार्थ २४.३४ प्रतिशतले, प्लाष्टिकका सामान २.५७ प्रतिशतले, गैर-धातु खनीजजन्य उत्पादन २४.०३ प्रतिशतले, फेव्रिकेटेड धातुका सामान २२.७८ प्रतिशतले र बिजुलीका उपकरण १४.४० प्रतिशतले वृद्धि भएको देखिन्छ भने पेय समूह १.४४ प्रतिशतले सुर्तीजन्य वस्तु १.८५ प्रतिशतले, लत्ता कपडा १९.५४ प्रतिशतले, अन्य लत्ता कपडा २०.५९ प्रतिशतले, बुनेको कपडा ३५.६४ प्रतिशतले र छाला तथा छालाका सामान ३.६९ प्रतिशतले ह्रास भएको देखिन्छ । आन्तरिक शान्ति सुरक्षाको प्रतिकूल स्थिति, बढ्दो वेरोजगारी, कमजोर आय स्थिति, कमजोर बचत एवं उपभोग क्षमता, निर्यात/आयात ढाँचामा प्रतिकूलता, उपभोग प्रवृत्तिमा देखिएको परिवर्तन जस्ता कारणहरूले औद्योगिक उत्पादन सूचकाङ्कमा अपेक्षित सुधार हुन सकेको छैन ।

८.४९ आर्थिक वर्ष २०६३/६४ को प्रारम्भिक अनुमानअनुसार गत वर्षको समूहगत औद्योगिक सूचकाङ्क १०२.१७ मा सामान्य वृद्धि भई १०४.३२ रहन गएको अनुमान छ । समीक्षा अवधिमा वनस्पति तेल तथा घ्यू, दुग्ध पदार्थ, अन्न तथा पशुदाना, अन्य खाद्य पदार्थ, प्लाष्टिकका सामान, प्रकाशन छापाखाना तथा रेकर्डिङ्ग, अन्य रासायनिक पदार्थ, गैर-धातु खनिजजन्य उत्पादन, फेव्रिकेटेड धातुका सामान र विजुलीका उपकरणको सूचकाङ्क वृद्धि हुने अनुमान छ भने लगाउने कपडा,लत्ता कपडा,अन्य लत्ता कपडा, पेय समूह, सुर्तीजन्य वस्तु, छाला र छालाका सामानको सूचकाङ्कमा ह्रास आउने अनुमान छ ।

## उद्योगमा विदेशी लगानी

८.५० विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी कार्यलाई प्रभावकारी एवं समयसापेक्ष बनाउन विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐनमा संशोधन गरी विदेशी लगानीका लागि नयां क्षेत्रहरू खुला गरिएको छ । ऐनअनुरूप मुलुकको द्रुततर आर्थिक विकासका लागि विदेशी लगानी आकर्षित गर्न र प्रक्रियागत सरलीकरण गर्दै लगानीलाई आवश्यक स्वीकृति, सेवा तथा सहुलियत प्रदान गर्ने कार्य एकै थलोबाट मिलाउने उद्देश्यबाट विदेशी लगानी प्रवर्द्धन समिति कार्यविधि, २०६२ तयार भई कार्यान्वयन भइरहेको छ ।

८.५१ नेपाल प्राकृतिक एवं मानवीय संसाधनमा सम्पन्न भएर पनि त्यसको उच्चतम उपयोग हुन सकेको छैन । त्यसैले धनी देशका गरिब जनता पनि भन्ने गरेको पाइन्छ । अतः प्राकृतिक एवं मानवीय संसाधनको उच्चतम उपयोग गरी अर्थव्यवस्थालाई सबल, सुदृढ, गतिशील एवं प्रतिस्पर्धात्मक बनाई आत्मनिर्भरतातर्फ उन्मुख गराउन विदेशी लगानी एवं प्रविधि हस्तान्तरण आवश्यक छ। विदेशी लगानीबाट पुँजी, आधुनिक प्रविधि, व्यवस्थापन र

प्राविधिक सीप, अन्तर्राष्ट्रिय बजारमा पहुँच, प्रतिस्पर्धात्मक व्यावसायिक संस्कारको विकासमा मद्दत पुग्दछ । साथै, व्यावसायिक गुणहरू राष्ट्रमा भित्रिन गई औद्योगिक विकास एवं आन्तरिक राजस्वका आधारहरूमा बढोत्तरीमार्फत् देशको आर्थिक विकासमा स्वावलम्वी एवं आत्मनिर्भरतातर्फ उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकासमा महत्वपूर्ण योगदान पुग्ने हुन्छ। आर्थिक वर्ष २०६१/६२ मा जम्मा आयोजना लागत रु. १ अर्व ८० करोड १० लाख भएका ६४ उद्योगहरू विदेशी लगानीमा स्थापना गर्न स्वीकृति दिइएको थियो भने आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा आयोजना लागत रु. २ अर्व ८७ करोड ५ लाख भएका ८१ उद्योगहरू विदेशी लगानीमा स्थापना गर्न स्वीकृति दिइएकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा रु. २ अर्व ५ करोड ७ लाख स्थिर पुँजी भएका र रु. २ अर्व ५९ करोड १५ लाख आयोजना लागत भएका १ सय ६ वटा उद्योगहरूलाई विदेशी लगानीमा स्थापना गर्न अनुमति प्रदान गरिएको छ।

**तालिका ८ (ख) : आर्थिक वर्ष २०६२/६३ मा विदेशी लगानीका लागि स्वीकृति दिइएका उद्योगहरू**

(रु. दश लाखमा)

| उद्योगका प्रकार | संख्या | कुल परियोजना लागत | कुल स्थिर पुँजी | विदेशी लगानी | रोजगारी प्राप्त संख्या |
|---|---|---|---|---|---|
| औद्योगिक उत्पादन | ३३ | १४७२.६२ | ९४४.७० | ९२४.४७ | २९७४ |
| सेवा उद्योग | ४० | २०८२.४९ | १८७६.५७ | १३३२.९३ | २७३९ |
| पर्यटन उद्योग | ३८ | २३३.६७ | १८९.६८ | १६४.६८ | १३९७ |
| निर्माण | २ | ८१.३० | ६३.०० | २८.२३ | ११२ |
| ऊर्जा | ३ | २५१.०० | २२३.०० | १५६.०० | १३६ |
| जम्मा | ११६ | ४१२१.०८ | ३२९६.९५ | २६०६.३१ | ७३५८ |

*स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर*

**तालिका ८ (ग) : आर्थिक वर्ष २०६३/६४* मा विदेशी लगानीका लागि स्वीकृति दिइएका उद्योगहरू**

(रु. दश लाखमा)

| उद्योगका प्रकार | संख्या | कुल परियोजना लागत | कुल स्थिर पुँजी | विदेशी लगानी | लक्ष्यित रोजगारी संख्या |
|---|---|---|---|---|---|
| औद्योगिक उत्पादन | २६ | १३४२.५५ | ९४८.९९ | १२९७.९९ | १८१७ |
| सेवा उद्योग | ४८ | ९३४.१४ | ८४२.१२ | ८७६.५५ | २१०० |
| पर्यटन उद्योग | २९ | १८२.४५ | १४०.२१ | १३४.४९ | ८०१ |
| निर्माण | १ | ११.३५ | ७.१३ | ७.०९ | ० |
| उर्जा | १ | १११.०० | १०७.३० | ३०.३० | ० |
| खनिज | १ | १०.०० | ५.०० | १०.०० | १२८ |
| जम्मा | १०६ | २५९१.५१ | २०५०.७५ | २३५६.४२ | ४८४६ |

** प्रथम आठ महिना*
*स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर*

८.५२ समयसापेक्ष, व्यावहारिक, उदार एवं खुल्ला नीतिको अवलम्वनद्वारा विदेशी लगानीलाई आकर्षित गर्ने प्रयासस्वरूप आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनासम्ममा विदेशी लगानीमा जम्मा १ हजार २ सय ७ वटा उद्योग स्थापना गर्न स्वीकृति दिइएको छ । ती उद्योगहरूमा कुल स्थिर पुँजी रु. ८० अर्व ४ करोड ३७ लाख रहेको छ भने कुल परियोजना लागत रु. ९६ अर्व ६५ करोड ३२ लाख रहेको छ। यी उद्योगहरूमा कुल रु. ३१ अर्व ९८ करोड ७१ लाख विदेशी लगानी भएको देखिन्छ । यी उद्योगहरू सञ्चालनमा आएपछि १ लाख १२ हजार ३ सय ९३ नेपाली नागरिकले थप रोजगारीको अवसर प्राप्त गर्ने छन्।

**तालिका ८ (घ) : आर्थिक वर्ष २०६३/६४ फाल्गुणमसान्तसम्मको विदेशी लगानीका लागि स्वीकृत दिइएका उद्योगहरू**

(रु. दशलाखमा)

| उद्योगका प्रकार | संख्या | कुल परियोजना लागत | कुल स्थिर पुँजी | विदेशी लगानी | लक्ष्यित रोजगारी संख्या |
|---|---|---|---|---|---|
| औद्योगिक उत्पादन | ५१८ | ३९४६१.९२ | २८५५४.०६ | १३७६३.६५ | ६५८२२ |
| सेवा उद्योग | ३२६ | १८३००.७३ | १५५४५.८५ | ९०८२.०८ | २०७३८ |
| पर्यटन उद्योग | ३०२ | १६२८६.१० | १५४२५.८१ | ४८६०.२६ | १७११० |
| निर्माण | २३ | ११८६.९३ | ९०९.७७ | ६९१.०१ | १५४४ |
| कृषि | १५ | ४४०.१५ | ३८५.२० | १०१.७६ | १०२३ |
| खनिज | ४ | ११६३.१४ | १०७३.३२ | ५५.९८ | १२५७ |
| उर्जा | १९ | १९८१४.३० | १८१४९.७७ | ३४३२.४५ | ४८९९ |
| जम्मा | १२०७ | ९६६५३.२७ | ८००४३.७८ | ३१९८७.१९ | ११२३९३ |

*स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर*

८.५३ आर्थिक वर्ष २०६२/६३ मा स्वीकृति दिइएका ११६ उद्योगहरू मध्ये ३३ वटा औद्योगिक उत्पादन, ४० वटा सेवा उद्योग, ३८ वटा पर्यटन उद्योग, २ वटा निर्माण र ३ वटा उर्जा क्षेत्रसँग सम्बन्धित रहेका छन् । मुलुकगत लगानीबाट हेर्दा ३१ वटा उद्योगमा भारत, २१ वटामा चीन, १० वटामा जापान, ९/९ वटामा दक्षिण कोरिया र संयुक्त राज्य अमेरिका, ८ वटामा बेलायत, ३/३ वटामा फ्रान्स, नेदरल्याण्ड र जर्मनी, २/२ वटामा वेल्जियम, क्यानडा, इरान, स्पेन तथा १/१ वटामा अष्ट्रेलिया, बंगलादेश, इजरायल, मलेशिया, पाकिस्तान, फिलिपिन्स, पोल्याण्ड, रसिया, स्विजरल्याण्ड, स्विडेन र टर्की संलग्न रहेका छन् ।

**तालिका ८ (ङ) : देशगतरूपमा विदेशी लगानी**

(उद्योगको संख्या)

| क.स. | देशहरू | आर्थिक वर्ष २०६२/६३ | प्रथम आठ महिना | |
|---|---|---|---|---|
| | | | २०६२/६३ | २०६३/६४ |
| १ | भारत | ३१ | ८ | २० |
| २ | चीन | २१ | ६ | २१ |
| ३ | जापान | १० | ४ | १२ |
| ४ | संयुक्त राज्य अमेरिका | ९ | १ | ११ |
| ५ | वेलायत | ८ | २ | ८ |
| ६ | दक्षिण कोरिया | ९ | २ | ८ |
| ७ | बेल्जियम | २ | १ | – |
| ८ | जर्मनी | ३ | ३ | ३ |
| ९ | इरान | २ | - | - |
| १० | नेदरल्याण्ड | ३ | १ | ४ |
| ११ | स्पेन | २ | – | – |
| १२ | क्यानडा | २ | – | २ |
| १३ | फ्रान्स | ३ | – | ३ |
| १४ | इजरायल | १ | – | – |
| १२ | अन्य | १० | ७ | १४ |
| | जम्मा : | ११६ | ३५ | १०६ |

*स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर*

८.५४ आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा स्वीकृति प्रदान गरिएका १०६ उद्योगहरूमा २६ वटा औद्योगिक उत्पादन, ४८ वटा सेवा उद्योग, २९ वटा पर्यटन उद्योग र १/१ वटा निर्माण,खनिज र उर्जा क्षेत्रसँग सम्बन्धित छन् । मुलुकगत लगानीबाट हेर्दा आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा ८१ वटा विदेशी लगानीका लागि स्वीकृति दिइएका उद्योगमध्ये भारत २५ वटा उद्योगमा, चीन १६ वटा उद्योगमा, जापान ८ वटा उद्योगमा, संयुक्त राज्य अमेरिका र वेलायत ५/५ वटा उद्योगमा, दक्षिण कोरिया ३ वटा उद्योगमा, बेल्जियम, जर्मनी, इरान, नेदरल्याण्ड र स्पेन २/२ वटा उद्योगमा र अन्य देशहरू ९ वटा उद्योगमा संलग्न रहेको देखिन्छ । आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा विदेशी लगानीका लागि स्वीकृति दिइएका १ सय ६ वटा उद्योगमध्ये भारत २० वटा उद्योगमा, चीन २१ वटा उद्योगमा, जापान १२ वटा उद्योगमा, संयुक्त राज्य अमेरिका ११ वटा उद्योगमा, बेलायत र दक्षिण कोरिया ८/८ वटा उद्योगमा, नेदरल्याण्डस् ४ वटा उद्योगमा, फ्रान्स र जर्मनी ३/३ वटा उद्योगमा, क्यानडा २ वटा उद्योगमा तथा अष्ट्रेलिया, अष्ट्रिया, बेल्जियम, फिनल्याण्ड, आयरल्याण्ड, इटली, लिबिया, मेक्सिको, हल्याण्ड, यु.ए.इ., युक्रेन, फिलिपिन्स, रुस र स्वीजरल्याण्ड १/१ वटा उद्योगमा संलग्न रहेको देखिन्छ ।

## केही उद्योगहरूको उत्पादन क्षमताको उपयोग

८.५५ केही छानिएका उद्योगहरूको उत्पादन क्षमताको उपयोगको विश्लेषण गर्दा चिनी र सिमेन्ट उत्पादन गर्ने उद्योगहरूको समग्र उत्पादनमा आर्थिक वर्ष २०६१/६२ को तुलनामा आर्थिक वर्ष २०६२/६३ मा कमी आएको देखिएको छ भने जुत्ता, वियर र जुटका सामान उत्पादन गर्ने उद्योगको उत्पादनमा वृद्धि भएको देखिन्छ । आर्थिक वर्ष २०६२/६३ मा कुल उत्पादन क्षमतामध्ये चुरोट र जुट उद्योगले क्रमशः ८७.० प्रतिशत र ७२.० प्रतिशत क्षमता उपयोग गरेका छन् भने चिनी, वियर, जुत्ता र सिमेन्ट उद्योगहरूले क्रमशः ३१.० प्रतिशत, ७२.० प्रतिशत, ६५.० प्रतिशत, ४०.० प्रतिशतले क्षमता उपयोग गरेको देखिएको छ ।

## औद्योगिक क्षेत्रको वर्तमान स्थिति

८.५६ औद्योगिक प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र प्रवर्द्धनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार एवं अन्य सुविधाहरू प्रदान गरी औद्योगिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले औद्योगिक क्षेत्रहरूको स्थापना गरिएको हो । वर्तमान समयसम्म आइपुग्दा बालाजु, हेटौंडा, पाटन, नेपालगंज, धरान, पोखरा, वुटवल, भक्तपुर, वीरेन्द्रनगर, धनकुटा र राजविराजसमेत गरी कुल ११ वटा औद्योगिक क्षेत्रहरू रहेका छन् । उक्त औद्योगिक क्षेत्रहरूमा कुल ३ सय ९७ उद्योगहरू रहेका भए तापनि ७१ उद्योगहरू बन्द अवस्थामा छन् भने ५१ उद्योगहरू निर्माणाधिन अवस्थामा रहेका छन् । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अन्तर्गतका औद्योगिक क्षेत्रहरूमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको तर्फबाट कुल रु. १६ करोड ९६ लाख स्थिर पुँजी लगानी भएको छ भने निजी उद्योगको तर्फबाट ८ अर्व ४८ करोड ८२ लाख लगानी भएको पाइन्छ । औद्योगिक क्षेत्रहरूको कुल क्षेत्रफल ५ हजार ६ सय ८० रोपनी जमिनमध्ये ५ हजार ५ रोपनी जमिन विकसित अवस्थामा रहेको छ जसमध्ये ३ हजार ३ सय ५५ रोपनी जमिन विभिन्न उद्योगहरूलाई भाँडामा दिइएको छ । औद्योगिक क्षेत्रहरूमा स्थापित उद्योगहरूले कुल १३ हजार ३ सय ११ जनालाई रोजगारी प्रदान गरेका छन् । बढी रोजगारी प्रदान गर्ने औद्योगिक क्षेत्रमा क्रमशः बालाजु, हेटौंडा, वुटवल, पोखरा र पाटन रहेका छन् ।

## रुग्ण उद्योगतर्फ

८.५७ आन्तरिक द्वन्द्व एवं राजनीतिक अस्थिरताका कारण आफ्नो औद्योगिक गतिविधि सञ्चालन गर्न उचित वातावरण नपाई रुग्ण हुन पुगेका उद्योगधन्दा र व्यवसायहरूमा पर्ने प्रतिकूल असर कम गराउन नेपाल सरकारले आर्थिक वर्ष २०५८/५९ देखि नै रुग्ण उद्योगसम्बन्धी नीति र कार्यक्रमहरू ल्याइएको हो । आर्थिक वर्ष २०६३/६४ को मौद्रिक नीतिमा रुग्ण उद्योग पुनरकर्जा कार्यक्रमलाई यथावत राखी यसको लागि रु. २ अर्बको व्यवस्थासमेत गरिएको छ । यस आर्थिक वर्षको चैत्र मसान्तसम्ममा ३ वटा होटल तथा रिसोर्टलाई रु. १२ करोड ४९ लाख र १ वटा ठूलो उद्योगलाई रु. ३ करोड गरी जम्मा रु. १५ करोड ४९ लाख पुनरकर्जा सुविधा प्रदान गरिएको छ । अघिल्लो आर्थिक वर्ष २०६२/६३ मा यस्तो पुनरकर्जा रु ४६ करोड ९ लाख प्रदान गरिएको थियो । यस आर्थिक वर्षमा द्वन्द्वका कारण रुग्ण भएका तर सम्भाव्यता बोकेका तथा प्रतिस्पर्धात्मक क्षमता भएका विभिन्न उद्योगहरूलाई पुनरुत्थान गर्नका लागि रुग्ण उद्योग पुनरुत्थान कोष निर्देशिका, २०६४ तयारगर्ने कार्य भइरहेको छ ।

**तालिका ८ (च) : २०६३ साल श्रावणदेखि चैत्र मसान्तसम्म वितरण भएको पुनरकर्जा रकम**

(रु. करोडमा)

| क्र.सं. | होटल/उद्योग | स्वीकृत भएको पुनरकर्जा रकम | प्रतिशत |
|---|---|---|---|
| १ | होटेल तथा पर्यटन व्यवसायतर्फ | १२.४९ | ८०.६ |
| २ | उद्योग व्यवसायतर्फ | ३.०० | १९.४ |
| | जम्मा | १५.४९ | १००.० |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## नेपाल औद्योगिक विकास निगम

८.५८ मुलुकको आर्थिक समृद्धिको निम्ति उद्योग, व्यापार, सेवा व्यवसाय आदिसँग सम्बन्धित कार्यको लागि गुणस्तरीय र भरपर्दो बैंकिङ्ग तथा वित्तीय मध्यस्थता सेवा तथा वित्तीय कारोवारसमेत गर्ने उद्देश्यले नेपाल औद्योगिक विकास निगमको स्थापना भएको हो । आर्थिक वर्ष २०६२/६३ मा नयां परियोजना विश्लेषण तथा ऋण लगानीको कार्य नभई केवल ऋण असुली रणनीतिलाई मात्र प्राथमिकता दिइएको देखिन्छ । सो अवधिमा पुराना परियोजनालाई सीमितरूपमा लगानी गर्न स्वीकृत भएअनुसार रु. २ करोड ५८ लाख मात्र ऋण लगानी भई रु. ९ करोड २५ लाख ब्याज असुली भएको छ । यस अवधिमा उद्योगको किसिमअनुसार होटल र पर्यटन उद्योगतर्फ १९.० प्रतिशत, टेक्सटाईलतर्फ २१.० प्रतिशत, विद्युतीय सामग्रीको उत्पादनतर्फ १५.० प्रतिशत, रवर उद्योगतर्फ १० प्रतिशत, मुद्रणतर्फ १० प्रतिशत, खाद्य उद्योगतर्फ ७ प्रतिशत र विविधतर्फ १८.० प्रतिशत ऋण बितरण भएको देखिन्छ । आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा रु. १३ करोड ६३ लाख साँवा र रु. ८ करोड ५३ लाख ब्याजसमेत गरी जम्मा रु. २२ करोड १६ लाख असुली भएको छ । लामो समयदेखि निगममा लगानी कोषको अभावले गर्दा परियोजना प्रवर्द्धन, ऋण लगानी हुन नसकेको तथा नेपाल राष्ट्र बैक बाट वित्तीय कारोवार गर्न इजाजत पाइसकेको भए पनि सो अनुसार कार्यान्वयन हुन नसकेका कारण लक्ष्यअनुसार प्रगति हासिल हुन सकेको देखिदैन ।

## घरेलु तथा साना उद्योग

८.५९ आर्थिक वर्ष २०६२/६३ मा दर्ता भएका घरेलु तथा साना उद्योगहरूको संख्यामा आर्थिक वर्ष २०६१/६२ को तुलनामा २.४९ प्रतिशतले वृद्धि हुन गएको देखिन्छ । उद्योगको

किसिमअनुसार आर्थिक वर्ष २०६२/६३ मा प्राइभेट फर्महरूमा ५.०२ प्रतिशतले वृद्धि भएको देखिन्छ भने प्राइभेट लिमिटेड फर्महरू ४.११ प्रतिशतले र साझेदारी फर्महरू २५.४५ प्रतिशतले ह्रास भएको पाइएको छ । यसरी नै दर्ता भएका घरेलु तथा साना उद्योगहरूमा भएको स्थिर पुँजी लगानीको अनुपातमा ३९.१५ प्रतिशतले ह्रास आई कुल रु. ६ अर्व ७० करोड मात्र लगानी भएको पाइएको छ । आर्थिक वर्ष २०६३/६४ को प्रथम ८ महिनाको अवधिमा कुल ४ हजार ८ सय १३ उद्योगहरू दर्ता भई कुल रु. ३ अर्व ५५ करोड ६५ लाख लगानी भएको अनुमान छ ।

## औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

८.६० औद्योगिक विकासका लागि आधुनिक प्रविधि, गुणस्तरयुक्त व्यवस्थापकीय कौशल, उद्यमशीलता र प्राविधिक जनशक्तिको विकास गर्ने लक्ष्य लिएको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले नयाँ व्यवसाय सिर्जना, व्यवसाय व्यवस्थापन, प्रशिक्षण कार्यक्रमहरू लगायत परामर्श सेवा तथा उद्योग व्यवसायसम्बन्धी अनुसन्धानात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । प्रतिष्ठानले चालू आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनासम्ममा लघु व्यवसाय सृजना कार्यक्रममा ३० जना, प्रशिक्षकको प्रशिक्षणमा ४८ जना तथा व्यवसाय अभिवृद्धि चेतना कार्यक्रममा ६३ जनालाई प्रशिक्षण प्रदान गरेको छ । साथै, दलितहरूकालागि आय आर्जन वृद्धि कार्यक्रममा ४१ जनालाई समावेश गरेको छ ।

## खानी तथा भूगर्भ

८.६१ भौगर्भिक सर्वेक्षण, भू-इन्जिनियरिङ तथा भू वातावरणिय अध्ययन, राष्ट्रिय भूकम्प मापन केन्द्र सञ्चालन, खनिज अन्वेषण तथा खनिज विकास कार्यलाई सुनियोजित तबरले सञ्चालन गर्न, नेपालको पहाडी भेगको करिब १ लाख ९ हजार वर्ग किलो मिटर क्षेत्रको भौगोलिक नक्सा तयार गरी प्रकाशन गर्ने कार्य भइरहेको छ । खनिज अन्वेषणको क्षेत्रमा चुनढुङ्गाका, फलामको धाउ, शिसा, कोइला, मार्वल प्राकृतिक ग्याँस र अर्द्ध किमती पत्थरहरू आदिको अन्वेषणको गर्ने कार्य भइरहेको छ । आर्थिक एवं प्राविधिक संभाव्यताका आधारमा देशले सम्भाव्य प्राकृतिक खनिजजन्य पदार्थबाट लाभ लिने कार्य चुनौतिको रूपमा देखा परेको छ ।

## पर्यटन

८.६२ नेपाल भ्रमणमा आएका पर्यटकहरूको संख्या, तिनको वृद्धिदर तथा बसाई अवधिको विश्लेषण गर्दा २०६१ पौषदेखि २०६२ पौषसम्मको अवधिमा पर्यटक संख्यामा गत वर्षको भन्दा २.६ प्रतिशतले घटी हुन आएको छ भने २०६२ पौषदेखि २०६३ पौषसम्मको अवधिमा पर्यटक संख्यामा ४.९ प्रतिशतले वृद्धि भएको देखिन्छ । २०६१ पौषदेखि २०६२ पौषसम्मको अवधिमा प्रति पर्यटक सरदर बसाई अवधि ९.१ दिन रहेकोमा २०६२ पौषदेखि २०६३ पौषसम्मको अवधिमा सरदर बसाई वृद्धि भई ९.५ दिन कायम हुन आएको देखिन्छ ।

८.६३ भ्रमणको उद्देश्यअनुसार पर्यटक आगमन संख्याको अध्ययन गर्दा अधिकांश पर्यटकहरू मनोरन्जन, पदयात्रा तथा पर्वतारोहणका लागि आउने गरेको पाइएको छ। २०६२ पौषदेखि २०६३ पौषसम्मको अवधिमा कुल पर्यटक आगमन संख्याको ४२.७ प्रतिशत मनोरन्जन, १६.४ प्रतिशत पदयात्रा र पर्वतारोहण, ५.९ प्रतिशत व्यापार, ४.५ प्रतिशत औपचारिक भ्रमण, १२.७ प्रतिशत तीर्थयात्रा र १७.८ प्रतिशत अन्य प्रयोजनका लागि नेपाल आएको पाइएको छ। गत वर्षको सोही अवधिमा औपचारिक भ्रमण, व्यापार, तीर्थयात्राको प्रयोजनका

लागि नेपाल आउने पर्यटकको अंश बढेको पाइएको छ भने मनोरञ्जनको उद्देश्यले आउने पर्यटकको अंश स्थिर रहेको देखिन्छ ।

**तालिका ८ (छ) : संस्कृति, पर्यटन तथा नागरिक उड्डयनसम्बन्धी परिमाणात्मक लक्ष्य एवं उपलब्धि**

| क.स. | विवरण | आर्थिक वर्ष २०५८/५९ को स्थिति | आर्थिक वर्ष २०६३/६४ को लक्ष्य | आर्थिक वर्ष २०६३/६४ को प्रगति |
|---|---|---|---|---|
| १. | पर्यटक आगमन (हजारमा) | ३६५ | ५१६ | ३९४ (२०६३ पौष) |
| २. | पर्यटक बसाइ अवधि (दिनमा) | ११.९३ | १३ | ९.५ (२०६३ पौष) |
| ३. | विदेशी मुद्रा आर्जन (अमेरिकी डलर दश लाखमा) | १४० | २०५ | रु. ९५५ करोड ६० लाख |
| ४. | प्रति पर्यटक प्रति दिन आम्दानी (अमेरिकी डलरमा) | ३९.६ | ६० | – |
| ५. | कुल ग्राहस्थ्य उत्पादनमा योगदान (प्रतिशतमा) | ३.० | ३.० | ०.९ |
| ६. | रोजगारी : प्रत्यक्ष (हजारमा) | ८० | १०० | – |
| | अप्रत्यक्ष (हजारमा) | - | १२५ | – |
| ७. | नियमित उडानमा नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा (संख्यामा) | १३ | १७ | – |
| ८ | अन्तर्राष्ट्रिय सेक्टरमा एकतर्फी हवाई सिट उत्पादन (हजारमा) | १००० | १२०० | – |

*स्रोत : दशौं योजना र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय*

८.६४ पर्यटकहरूको आगमनलाई क्षेत्रगतरूपमा विश्लेषण गर्दा २०६२ पौषदेखि २०६३ पौषसम्मको अवधिमा कुल पर्यटक संख्यामध्ये ६१.४ प्रतिशत एशिया महादेशबाट २६.१ प्रतिशत पश्चिम यूरोपबाट, ६.१ प्रतिशत उत्तर अमेरिकाबाट, २.२ प्रतिशत अष्ट्रेलिया एवं प्रशान्त क्षेत्रबाट, २.२ प्रतिशत पूर्वी यूरोपबाट, ०.९ प्रतिशत मध्ये तथा दक्षिण अमेरिकाबाट, ०.३ प्रतिशत अफ्रिकाबाट र अन्य मुलुकबाट ०.७ प्रतिशत आगमन भएको छ । ६१.४ प्रतिशत पर्यटकहरु एशिया महादेशबाट आएकोमा भारतबाट मात्र २५.७ प्रतिशत आएको देखिन्छ । पर्यटक आगमन क्षेत्रमा गतवर्षको सोही अवधिको तुलनामा भारत, पूर्वी यूरोप र एशियाली राष्ट्रबाट पर्यटक आगमन अंश केही बढेको देखिन्छ ।

८.६५ उपलब्ध होटल र होटल शैया संख्यालाई हेर्दा २०६२ पौषदेखि २०६३ पौषसम्मको अवधिमा तारे स्तरका होटल संख्यामा कुनै थप नभई ११० नै रहेको छ भने तारेस्तर बाहेकका होटल संख्यामा ९ थप भई ९ सय ५ पुगेको छ । यस अवधिमा तारे स्तरका होटल शैया संख्या १० हजार ९ सय ११ रहेको र तारेस्तर बाहेकका होटल शैया संख्या १.० प्रतिशतले वृद्धि भई २९ हजार १ सय ५९ पुगेको छ । समीक्षा अवधिमा कुल होटल संख्यामा १.० प्रतिशत र शैया संख्यामा १.७ प्रतिशतले वृद्धि भएको छ ।

८.६६ नेपाल आउने पर्वतारोहण दल र पर्वतारोहीहरूको स्थितिको विश्लेषण गर्दा २०६२ पौषको तुलनामा २०६३ पौषसम्म पर्वतारोहण दलको संख्या र पर्वतारोहीको संख्या बढेको देखिन्छ भने सरकारलाई प्राप्त रोयल्टी रकम घटेको देखिन्छ । २०६२ पौषदेखि २०६३ पौषसम्मको अवधिमा पर्वतारोहण दलको संख्या १२८ बाट बढेर १३३, पर्वतारोहीको संख्या ९ सय ४० बाट बढेर ९ सय ८६ र सामयिक रोजगारी संख्या ४ हजार ३ सय ४४ बाट घटेर ४ हजार ३ सय ४३ रहेको पाइन्छ । उक्त अवधिमा नेपाल सरकारलाई प्राप्त रोयल्टी रु. १५ करोड ६२ लाख ४० हजारबाट घटेर रु. १४ करोड ५६ लाख १२ हजार पुगेको देखिन्छ । पर्वतारोहीहरूले नेपालमा गरेको खर्च रु. ४२ करोड ३८ लाख ९५ हजार रहेको छ ।

८.६७ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानले पर्यटन प्रवर्द्धन एवं जनशक्ति उत्पादनको लागि तालिम सञ्चालन गर्दै आइरहेको छ । ग्रामीण क्षेत्रमा पर्यटन व्यवसाय प्रवर्द्धन गर्ने

उद्देश्यले पर्यटन व्यवसाय सञ्चालन गर्न आवश्यक तालिम सञ्चालन गर्नुका साथै शहरी क्षेत्रका साना-ठूला सबै पर्यटनमूलक व्यवसायको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न आर्थिक वर्ष २०६०/६१ देखि ३ वर्षे ब्याचलर इन ट्राभल एण्ड टुरिज्म म्यानेजमेन्ट कोर्ष सुरु गरेको छ। प्रतिष्ठानबाट पथ प्रदर्शक, गाइड, टूर-ट्राभल एजेन्सी एवं टिकेटिङ्ग, कुक, नाईके, जलयात्रा प्रदर्शक, हस्पिट्यालिटी कोर्ष र विभिन्न पर्यटकीय स्थानमा घुम्ति तालिम दिइरहेको छ। आर्थिक वर्ष २०६२/६३ मा प्रतिष्ठानले विभिन्न विषयहरूमा ९ सय ६० जनालाई प्रशिक्षण दिएकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा १ हजार २४ जनालाई विभिन्न विषयको तालिम दिइएको छ। हालसम्म प्रतिष्ठानबाट उत्पादित जनशक्ति २२ हजार नाघिसकेको छ।

**मन्जुषा : ८ (ग)**

**पर्यटन क्षेत्रका मुख्य गतिविधिहरू**

क) **पर्यटन गुरुयोजना** : पर्यटन क्षेत्रलाई दिशा निर्देश गर्न एकीकृत पर्यटन गुरुयोजना निर्माण एंव पर्यटन नीतिमा समसामयिक सुधार तथा परिमार्जन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

ख) **त्रिवर्षीय योजना** : पर्यटन क्षेत्रको त्रिवर्षीय योजना तर्जुमा गरी स्वीकृतिको लागि राष्ट्रिय योजना आयोगमा पठाइएको छ।

ग) **पर्यटन उद्योगमा विदेशी लगानी** : पर्यटन क्षेत्रमा विदेशी लगानी प्रबर्द्धन गर्ने नीतिअनुरूप ट्राभल,ट्रेकिङ,र्‍याफ्टिङ, पोनिट्रेकिङ जस्ता गतिविधि सञ्चालन गर्न पर्यटनमूलक उद्योग स्थापनामा वैदेशिक लगानी खुला गरिएको छ।

घ) **ट्राभल तथा ट्रेकिङ एजेन्सी नियमावली, २०६२**: ट्राभल तथा ट्रेकिङ एजेन्सी नियमावली, २०६२ मा संशोधन गरी चुक्ता पुँजी तथा मन्त्रालयको नाममा राख्नु पर्ने बैंक ग्यारेण्टीको अवधि एक वर्ष थप गरी सहुलियत प्रदान गरिएको छ।

ङ) **जलयात्रा नियमावली, २०६३** : जलयात्रा नियमावली, २०६३ स्वीकृत भई हाल लागू भइसकेको छ।

च) **विमानस्थल निर्माण तथा सुधार** : सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको धनगढी विमानस्थललाई क्षेत्रीय हव (Hub) विमानस्थलको रूपमा विकास गर्न स्थानीय जनसहभागितासमेत जुटाई प्रथम चरणमा १ हजार २ सय मिटर लामो धावनमार्ग, ट्याक्सी वे तथा एप्रोनको स्तरवृद्धि एवं कालोपत्र गर्ने कार्य सम्पन्न भइसकेको छ।

छ) **विश्व सम्पदा संरक्षण** : विश्व सम्पदा स्थलहरूको संरक्षण गर्न संरक्षित क्षेत्रभित्रका ७०० घरहरूको विवरण र सडक मोहडाको नक्सा तयार भएको छ।

ज) **विशेष तालिम** : गरिबी निवारणका लागि वैदेशिक एवं स्वदेशी रोजगारको अवसरलाई दृष्टिगत गरी द्वन्द्व पीडित, दलित, जनजाति तथा उत्पीडित महिलाहरूको उत्थानका लागि होटल पर्यटनसम्बन्धी विशेष तालिम सञ्चालन गरिएको छ।

झ) **पर्यटन प्रबर्द्धन कार्यक्रम** : पर्यटनको बजारको सम्भाव्य मुलुकहरू भारत तथा चीनलाई केन्द्रित गरी अन्य क्षेत्रिय मुलुकहरू जापान, सिंगापुर, मलेशिया, थाइलैण्ड, बंगलादेश आदिमा पर्यटन प्रबर्द्धनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएको छ।

ञ) नेपालको ऐतिहासिक शान्ति सम्झौतापछि विगतमा खस्किएको नेपालको पर्यटनको छविलाई प्रवर्द्धन गर्न यस वर्ष विशेषरूपमा पोखरा भ्रमण वर्ष, २००७ को कार्यक्रम सञ्चालन भइरहेको छ।

*स्रोत : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय*

## पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा

८.६८ आर्थिक वर्ष २०६१/६२ को तुलनामा आर्थिक वर्ष २०६२/६३ मा पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रामा ८.६८ प्रतिशतले ह्रास आई रु. ९ अर्ब ५५ करोड ६० लाख कायम भएको देखिन्छ । आर्थिक वर्ष २०६३/६४ को प्रथम ८ महिनामा रु. ६ अर्ब १७ करोड ६० लाख विदेशी मुद्रा आर्जन भएको अनुमान छ जुन गत वर्षको सोही अवधिको आर्जित विदेशी मुद्रा भन्दा कम देखिन्छ । आर्थिक वर्ष २०६३/६४ को प्रथम ८ महिनामा आर्जित विदेशी मुद्राको अंश कुल वस्तु निर्यातबाट प्राप्त विदेशी मुद्राको अनुपातमा १४.९ प्रतिशत, कुल वस्तु निर्यात एवं सेवाबाट प्राप्त विदेशी मुद्रा आर्जनको अनुपातमा ९.८ प्रतिशत र आर्जित कुल विदेशी मुद्राको अनुपातमा ४.४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६२/६३ मा सोही अवधिको तुलनामा माथिका तीन वटै अनुपातमा ह्रास आएको देखिन्छ ।

चार्ट ८ (ख) : पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा




८.६९ हङकङ, भारत, टर्की, फिलिपिन्स, संयुक्त राज्य अमेरिका, मलेसिया, थाइल्याण्ड र कोरिया आदिबाट परिचयात्मक भ्रमणका लागि नेपाल आमन्त्रण गरी सम्बन्धित प्रिण्ट तथा इलेक्ट्रोनिक्स मेडियाका माध्यमबाट पर्यटनसम्बन्धी नेपालको प्रवर्द्धनात्मक कार्यक्रम, लेख, डकुमेण्ट्री आदि प्रचार प्रसार गरिएको छ । त्यस्तै नेपालले बेलायत, जर्मन, जापान, चीन, मलेसिया तथा भारतमा भएका पर्यटन मेला तथा प्रदर्शनीमा भाग लिएको छ । बन्द, हडताल, चक्का जाम जस्ता गतिविधिहरू देखा परेको अवस्थामा पर्यटकहरूलाई समयमा नै गन्तव्य स्थानसम्म पुऱ्याउन पर्यटक प्रहरी तथा यातायात सेवा उपलब्ध गराउँदै आएको छ ।

## चुनौतीहरू

८.७० जलस्रोतमा सम्पन्न मुलुक भएर पनि सिँचाइ सुविधाको अभावमा खेतीका लागि मनसुनमा नै निर्भर रहनु परेको छ । लगाएको खेती कतै अतिवृष्टिका कारण बगाएर लैजाने र कतै पानी नपरी खेतहरू बाँझै रहेकाले खाद्यान्नको उत्पादन र उत्पादकत्व दुबै घट्न गएको छ । तसर्थ, भूमिगत स्यालो ट्यूबवेल तथा नहरका माध्यमबाट सिँचाइ सुविधा अपेक्षाकृतरूपमा वृद्धि गर्नु एक प्रमुख चुनौतिका रूपमा रहेको देखिन्छ ।

८.७१ उन्नत मल, बीउ तथा किटनाशक औषधिहरू समयमानै पर्याप्त मात्रामा सबै स्थानहरूमा उपलब्ध हुन नसक्नु, कृषिसम्बन्धी प्राविधिक सेवा, कृषि ऋण आदि सर्वसुलभरूपमा पुऱ्याउन नसक्नु, कृषि पूर्वाधारकारूपमा रहेको कृषि सडक, भण्डारणको व्यवस्था र कृषि बजारको समस्या हालसम्म पनि विद्यमान रहनु मुख्य चुनौतीहरु रहेको देखिन्छ । खुला सीमाना तथा आर्थिक उदारीकरणसँगै नेपाली कृषकहरूले चर्को प्रतिस्पर्धाको सामना गर्नु परिरहेको छ ।

उनीहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न, कृषि उत्पादनको लागत कम गरी यसलाई जीवन निर्वाहबाट व्यावसायिकतर्फ उन्मुख गराउनु प्रमुख चुनौती रहेको छ ।

८.७२ खाद्यान्न तथा नगदेवालीमा आत्मनिर्भर हुन किसानहरूलाई बढी लाभ हुने खालका नगदेवाली, पशुपंक्षीजन्य उत्पादन, फलफूल एवं तरकारीको व्यावसायिक उत्पादनतर्फ प्रोत्साहित गर्न तथा बेमौसमी तरकारी एवं फलफूलको उत्पादनमा उल्लेख्य वृद्धि गर्नसमेत कृषि प्रणालीलाई विविधीकरण तथा आधुनिकीकरण गर्न कृषि अनुसन्धानलाई केन्द्रीत गर्नुपर्ने चुनौती रहेको छ ।

८.७३ वैदेशिक लगानीका लागि मैत्रीपूर्ण वातावरण निर्माण हुन नसक्नु एक प्रमुख चुनौतीकारूपमा रहेको देखिन्छ । विश्व व्यापार संगठन (WTO) को सदस्यता, SAPTA, SAFTA / BIMSTEC जस्ता सम्झौताहरूसँगको सामन्जस्यताबाट नेपालले उठाउन सक्ने लाभ र आउने चुनौतीहरूको सामना गर्न उद्यमशीलताको विकास, उन्नत प्रविधिको उपयोग, प्राविधिक क्षमताको विकास एवं प्रवर्द्धन गरी मुलुकमा विदेशी एवं गैर आवाशीय नेपालीहरूको लगानी तथा रेमिटेन्सलाई औद्योगिक क्षेत्रको विकासमा आकर्षित गर्ने कार्य चुनौतीकारूपमा रहेको छ ।

८.७४ निजी क्षेत्रको सक्रियतामा औद्योगिक क्षेत्रको विकास गर्नु तथा आन्तरिक द्वन्दका कारण रुग्ण भएका उद्योगहरूलाई पुनरुत्थान गर्नु चुनौतीपूर्ण देखिन्छ ।

८.७५ राष्ट्रिय खनिज सम्पदाको अन्वेषण, विकास र व्यावसायिक सञ्चालनमा स्वदेशी एवं विदेशी लगानी आकर्षित गर्ने खालको मैत्रीपूर्ण वातावरण सिर्जना गर्नु अर्को चुनौती रहेको छ ।

८.७६ ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक स्थल तथा स्मारक र जीवन्त साँस्कृतिक सम्पदाहरूको संरक्षण एवं प्रवर्द्धनका माध्यमबाट नेपाललाई साँस्कृतिक पर्यटकीय गन्तव्य स्थलकारूपमा तथा प्राकृतिक सौन्दर्य र जैविक विविधता आदिको संरक्षण र प्रवर्द्धनबाट पर्यावरणीय पर्यटनको प्रवर्द्धनमार्फत बढी भन्दा बढी पर्यटकहरूलाई आकर्षण गर्नु अपरिहार्य भएको छ ।

८.७७ पर्यटकीय पूर्वाधारहरूको विकास र साँस्कृतिक सम्पदा स्थलहरूको पहिचान गरी एकीकृत तथ्याङ्कीय आधार (database) निर्माण गर्ने, साँस्कृतिक सम्पदा स्थलहरूको संरक्षणमा स्थानीय निकाय एवं सर्वसाधारणहरूको सहभागिता अभिवृद्धि गर्ने तथा साहसिक र जैविक पर्यटन तथा रचनात्मक एवं नवीनतम पर्यटनको विकास एवं विस्तार गर्ने कार्य आजको प्रमुख आवश्यकता बनेको छ ।

# ९. सार्वजनिक संस्थान तथा निजीकरण

९.१ नेपाल सरकारको पूर्ण/अधिकांश स्वामित्वमा रहेका ३६ वटा संस्थानहरूको आर्थिक स्थिति हेर्दा आर्थिक वर्ष २०६२/६३ मा १७ वटा संस्थानहरूले मुनाफा आर्जन गरेका छन् भने १९ वटा संस्थानहरू नोक्सानमा सञ्चालन भएका छन् । आर्थिक वर्ष २०६३/६४ को प्रगति अनुमान तुलनात्मकरुपमा सन्तोषजनक रहेको छ । यस आर्थिक वर्षमा २१ वटा संस्थानहरूले खुद मुनाफा आर्जन गर्ने र १५ वटा संस्थानहरूमात्र नोक्सानमा जाने अनुमान गरिएको छ । आर्थिक वर्ष २०६१/६२ मा सार्वजनिक संस्थानहरूको सञ्चालन मुनाफा रू. २ अर्व १३ करोड रहेकोमा नेपाल आयल निगम लिमिटेडको सञ्चालन नोक्सानीमा भएको अत्यधिक वृद्धिले गर्दा आर्थिक वर्ष २०६२/६३ मा संस्थानहरूको सञ्चालन मुनाफामा कमी आई रू. १ अर्व ६९ करोड मात्र हुन गएको छ । चालू आर्थिक वर्ष २०६३/६४ मा संस्थानहरूको सञ्चालन मुनाफा रू. ७ अर्व ८० करोड हुने अनुमान गरिएकोछ । केही संस्थानहरूको आर्थिक वर्ष २०६४/६५ को लक्ष्य विवरण प्राप्त हुन नसकेकोले समग्र संस्थानहरूको अनुमानित सञ्चालन मुनाफा आंकलन गर्न सकिएको छैन, तथापि प्राप्त भएसम्मको विवरणको आधारमा संस्थानहरूले आगामी आर्थिक वर्ष २०६४/६५ मा रू. ५ अर्व ९८ करोड सञ्चालन मुनाफा आर्जन गर्ने लक्ष्य लिएको देखिन्छ । आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा सबै संस्थानहरूको समग्र शेयरधनी कोष रू. ३९ अर्व ५७ करोड रहेको छ, जुन आर्थिक वर्ष २०६१/६२ मा रू. ३२ अर्व ४८ करोड रहेको थियो । कृषि विकास बैंकमा भएको थप लगानी करिब रू. ५ अर्व र नेपाल टेलिकमको खुद मुनाफा रू. ४ अर्व ९६ करोडले कुल शेयरधनी कोषको वृद्धिमा योगदान गरेकाछन् भने नेपाल आयल निगमको रू. ३ अर्व ६७ करोडको नोक्सानीले कोषको वृद्धिमा नकारात्मक असर पारेको छ । अधिकांश संस्थानहरू घाटामा सञ्चालन भएतापनि समग्रमा सरकारी संस्थानहरूको खुद मुनाफा आर्थिक वर्ष २०६२/६३ मा रू. २ अर्व ५४ करोड (आर्थिक वर्ष २०६१/६२ को खुद मुनाफा रू. १ अर्व ५० करोड) रहेकोछ । आर्थिक वर्ष २०६१/६२ को तुलनामा नेपाल टेलिकम, राष्ट्रिय वाणिज्य बैंक र नागरिक उड्डयन प्राधिकरणको मुनाफामा क्रमश रू. १ अर्व ४१ करोड, रू. ३० करोड र रू. २० करोडको हाराहारीमा वृद्धि भएकोछ भने नेपाल आयल निगम र उदयपुर सिमेण्ट उद्योग लिमिटेडको खुद नोक्सानीमा क्रमशः रू. ६६ करोड र रू. १२ करोडको वृद्धिले नकारात्मक असर गरेको छ । यसबाहेक, आर्थिक वर्ष २०६२/६३ मा कृषि विकास बैंक र नेपाल वायुसेवा निगम आर्थिक वर्ष २०६१/६२ को नोक्सानको स्थितिबाट खुद मुनाफाको स्थितिमा आएबाट पनि समग्र खुद मुनाफा वृद्धिमा योगदान पुगेकोछ । मुनाफा आर्जन गर्ने संस्थानहरू मध्ये पनि धेरैजसोको आर्थिक अवस्था, क्षमता उपयोग तथा कर्मचारी उत्पादकत्व सन्तोषजनक देखिदैन । विद्यमान ३६ वटा संस्थानहरूमा आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्म नेपाल सरकारको शेयर लगानी रू. ६५ अर्व ६८ करोड (आर्थिक वर्ष २०६१/६२ को अन्त्यमा रू. ५९ अर्व ६७ करोड) रहेको र ऋण लगानी रू. ६२ अर्व ७२ करोड (आर्थिक वर्ष २०६१/६२ को अन्त्यमा रू. ६४ अर्व ५५ करोड) रहेको छ । आर्थिक वर्ष २०६२/६३ मा नेपाल सरकारले शेयर लगानीमा लाभांश रू. २ अर्व ८ करोड प्राप्त गरेको छ । यो लाभांश शेयर लगानीको ३.२ प्रतिशत हुन आउँछ । चालू आर्थिक वर्ष २०६३/६४ मा  संस्थानहरूको खुद मुनाफा रू. ६ अर्व ९१ करोड हुने अनुमान गरिएको छ ।

## क्षेत्रगत विश्लेषण

### औद्योगिक क्षेत्र

९.२ औद्योगिक वा उत्पादनमूलक क्षेत्रका ७ वटा संस्थानहरूमध्ये आर्थिक वर्ष २०६२/६३ मा दुग्ध विकास संस्थानले सबैभन्दा बढी रू. १ अर्व ५९ करोडको बिक्री कारोवार गरेको छ भने रू. १ अर्व ८ करोडको बिक्री गरी जनकपुर चुरोट कारखाना लिमिटेड दोस्रो स्थानमा रहेको छ । त्यसैगरी, उक्त आर्थिक वर्ष २०६२/६३ मा हेटौंडा सिमेन्ट उद्योग लिमिटेडले रू. ६५ करोड, उदयपुर सिमेन्ट उद्योग लिमिटेडले रू. ५३ करोड तथा नेपाल औषधि र जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले रू. ५ करोडको हाराहारीमा आफ्नो उत्पादन बिक्री गरेका छन् । आर्थिक वर्ष २०६२/६३ मा यस क्षेत्रको कुल बिक्री रू. ३ अर्व ९७ करोड रहेको छ जुन आर्थिक वर्ष २०६१/६२ को रू. ४ अर्व ४ करोड भन्दा केही कम छ । आर्थिक वर्ष २०६१/६२ को तुलनामा दुग्ध विकास संस्थान र जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले आर्थिक वर्ष २०६२/६३ मा बिक्री कारोवार बढाएका छन् भने अन्य संस्थानहरूको बिक्री केही प्रतिशतले घटेको छ ।

### नाफा नोक्सानको स्थिति

९.३ आर्थिक वर्ष २०६२/६३ मा समग्र औद्योगिक क्षेत्रको खुद नोक्सान रू. २७ करोड ८८ लाख (आर्थिक वर्ष २०६१/६२ को नोक्सान रू. ९ करोड ८४ लाख) रहेको छ जसमध्ये उदयपुर सिमेन्ट उद्योग लिमिटेड रू. २० करोड ४६ लाख (आर्थिक वर्ष २०६१/६२ को नोक्सान रू. ८ करोड ३७ लाख) नोक्सानमा छ । औद्योगिक क्षेत्रतर्फका संस्थानमध्ये हेटौंडा सिमेन्ट उद्योग लिमिटेडले सबैभन्दा बढी रू. ४ करोड (आर्थिक वर्ष २०६१/६२ को रू. ६ करोड ५७ लाख) खुद मुनाफा कमाउन सफल भएको छ भने जनकपुर चुरोट कारखानाले रू. ९१ लाखको नगण्य खुद मुनाफा हासिल गरेको छ । अन्य सबै संस्थानहरू खुद नोक्सानमा गएका छन् । उदयपुर सिमेन्ट उद्योग लिमिटेड र हेटौंडा सिमेन्टको उत्पादन लगभग बराबर (२ लाख ६५ हजार मे.टन) भए तापनि तुलनात्मक रुपमा उदयपुर सिमेन्टको स्थिर सम्पत्तिमा निकै बढी लगानी भएको कारणले गर्दा यसले व्यहोर्नु परेको व्याज खर्च (रू. ९ करोड २५ लाख) र ह्रासकट्टी खर्च (रू. २० करोड ७० लाख) को कारणले ठूलो मात्रामा खुद नोक्सानी व्यर्होनु परेको देखिन्छ । यसबाहेक, यस उद्योगको निर्माणाधीन सम्पत्ति रू. ३ अर्व ५ करोड रहेकोले आगामी वर्षहरूमा यो ह्रास कट्टी खर्चसमेतको कारणले गर्दा उद्योगको स्थिर खर्चमा अझ वृद्धि हुने देखिन्छ । बिक्री मुनाफा अंश ४१ प्रतिशतको हाराहारीमा रहेको यस उद्योगमा स्थिर सम्पत्तिमा भएको लगानीलाई दृष्टिगत गर्दा ज्यादै कम उत्पादन भएको स्पष्ट देखिन्छ । यस उद्योगले क्षमता अनुरुप उत्पादन तथा बिक्री बढाउन सकेमा उद्योग मुनाफामा सञ्चालन हुने विश्वास गर्न सकिन्छ । दुग्ध विकास संस्थानको बिक्री सबैभन्दा बढी भए तापनि यसको मुनाफा अंश (gross profit margin) निकै कम (४.० प्रतिशत) रहेकोले यसले रू. २ करोड ५५ लाखको नोक्सानी व्यहोर्नु परेको छ । चालू आर्थिक वर्ष २०६३/६४ को अनुमानित विवरण अनुसार यस क्षेत्र सञ्चालन नोक्सानकै स्थितिमा रहेतापनि यसमा केही सुधार आउने देखिन्छ, जस अनुसार दुग्घ विकास संस्थान र उदयपुर सिमेण्ट उद्योग लिमिटेडको नोक्सान उल्लेखनीय रुपमा कम हुन जाने देखिएकोछ भने हेटौंडा सिमेण्ट उद्योग लिमिटेडले आफ्नो सञ्चालन मुनाफा बढाई रू. १० करोडको हाराहारीमा पुऱ्याउने अनुमान छ । औद्योगिक क्षेत्रका संस्थानहरूको सञ्चालन नोक्सानी आर्थिक वर्ष २०६२/६३ मा रू. ३४ करोड रहेकोमा चालू आर्थिक वर्ष २०६३/६४ मा रू. ४ करोड ३७ लाख सञ्चालन नोक्सानी हुन जाने अनुमान गरिएकोछ । तर आगामी आर्थिक वर्ष

२०६४/६५ मा समग्र औद्योगिक क्षेत्रका संस्थानहरूले रू. १५ करोड ७१ लाख सञ्चालन मुनाफा गर्ने लक्ष्य लिएकाछन् । नेपाल ओरियण्ड म्याग्नेसाइट आफ्नो मुख्य उत्पादन Dead Burnt Magnesite (DBM) हालसम्म पनि उत्पादन गर्न सकेको छैन, तथापि यस कम्पनीले आर्थिक वर्ष २०६२/६३ मा ठूलो मात्रामा ब्याज खर्च (रू. ६ करोड ८० लाख) व्यहोर्नुपरेको र ह्रास कट्टी तथा कर्मचारी खर्चसमेत जम्मा खर्च रू. १० करोड ७१ लाखबाट म्याग्नेसाइट र टल्क पाउडरको बिक्री रू. १ करोड ५० लाख घटाई बाँकी रू. ९ करोड १४ लाख अपलेखन गर्न बाँकी खर्च लेखिएको छ । कम्पनी सञ्चालनमा आउनुअघिका सम्पूर्ण खर्चहरूलाई पूर्व सञ्चालन खर्चअन्तर्गत देखाइने भएकोले यस्ता खर्चहरू नाफा नोक्सानमा गणना हुदैनन् तथापि प्रस्तुत विश्लेषणमा उक्त रकमलाई खुद नोक्सानकै रुपमा देखाइएको छ । कम्पनीको अपलेखन गर्नुपर्ने पूर्व-सञ्चालन खर्च रू. ३ अर्व ३७ करोड पुगेकोछ ।

## ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.४ आर्थिक वर्ष २०६१/६२ मा समग्र औद्योगिक क्षेत्रको कूल बक्यौता दीर्घकालिन ऋण रकम रू. ३ अर्व ८६ करोड रहेकोमा आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा यस्तो ऋण रकममा केही कमी आई रू. ३ अर्व ८१ करोड रहन पुगेको छ । त्यस्तै, खुद स्थिर सम्पत्ति आर्थिक वर्ष २०६१/६२ मा रू. २ अर्व २० करोड रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा १०.० प्रतिशतको हाराहारीमा कमी आएको देखिन्छ । निर्माणाधीन सम्पत्ति रू. ३ अर्व १४ करोड रहेको छ, जुन आर्थिक वर्ष २०६१/६२ को भन्दा खासै परिवर्तन देखिँदैन । शेयरधनी कोषले शेयरधनीसँग सम्बन्धित शेयर पुँजी, संचित नाफा नोक्सान तथा अन्य जगेडा कोषहरूको कुललाई जनाउँदछ । आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा यस क्षेत्रका ७ वटै संस्थानहरूको कुल शेयरधनी कोष रू. २७ करोड ११ लाख ऋणात्मक रहेकोछ । जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, नेपाल औषधि लिमिटेड र नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा. लिमिटेडको शेयरधनी कोष क्रमशः रू. ६ करोड, रू. १८ करोड ६५ लाख र रू. २ अर्व ९२ करोडले ऋणात्मक रहेको छ ।

## व्यापारिक क्षेत्र

९.५ व्यापारिक क्षेत्रअन्तर्गत रहेका ६ वटा संस्थानहरूको आर्थिक वर्ष २०६२/६३ को कुल बिक्री कारोवार रू. ३३ अर्व ९२ करोड रह्यो, जुन आर्थिक वर्ष २०६१/६२ को रू. २८ अर्व ८८ करोडको तुलनामा १७ प्रतिशतले बढी छ । व्यापारिक क्षेत्रका सरकारी संस्थानहरूको कुल बिक्रीमा करिब ९८ प्रतिशत योगदान नेपाल आयल निगमको रहेको छ । नेपाल आयल निगमको कुल बिक्री कारोवार २१ प्रतिशतले वृद्धि भएकोले समग्र व्यापारिक क्षेत्रको बिक्री कारोवार बढेको देखिए तापनि अन्य संस्थानहरूको बिक्री कारोवारमा खासै वृद्धि भएको छैन । कृषि सामग्री कम्पनी लिमिटेड र नेशनल ट्रेडिङ लिमिटेडको कुल बिक्री कारोवारमा क्रमशः ५२.० र ५०.० प्रतिशतले कमी आएको छ ।

## नाफा नोक्सानको स्थिति

९.६ आर्थिक वर्ष २०६२/६३ मा व्यापारिक क्षेत्रका संस्थानहरूले समग्रमा रू. ३ अर्व ८२ करोड खुद नोक्सानी बेहोर्नु परेको छ, जुन आर्थिक वर्ष २०६१/६२ को भन्दा रू. ८६ करोड बढी छ । नेपाल आयल निगम लिमिटेडले आफ्नो बिक्री मुल्यमा सरदर ९.० प्रतिशतका दरले प्रत्यक्ष क्षति व्यहोर्नु परेको हुँदा यसको बिक्री कारोवारमा भएको वृद्धिले झन् नोक्सान बढाएको छ । यस क्षेत्रका संस्थानहरूमध्ये राष्ट्रिय बिउबिजन कम्पनी र द टिम्बर कर्पोरेसन अफ नेपालले मात्र केही मुनाफा कमाउन सफल भएका छन् । यस क्षेत्रका अन्य सबै संस्थानहरूले नोक्सानी व्यहोर्नु परेको छ । व्यापारिक क्षेत्रका संस्थानहरूको संचित नोक्सानी

आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा रू. ५ अर्व ७० करोड (आर्थिक वर्ष २०६१/६२ को संचित नोक्सानी रू. १ अर्व ६६ करोड) पुगेको छ। नेपाल आयल निगम लिमिटेडको संचित नोक्सानी रू. ४५ करोड मात्र रहेकोमा आर्थिक वर्ष २०६२/६३ को नोक्सानी रू. ३ अर्व ६७ करोडले गर्दा समग्र व्यापारिक क्षेत्रको संचित खुद नोक्सानीमा ठूलो परिमाणमा वृद्धि भएको छ। आर्थिक वर्ष २०६२/६३ मा व्यापारिक क्षेत्रका संस्थानहरूले रू. ४ अर्व १८ करोड सञ्चालन नोक्सानी व्यहोरेकाछन्। नेपाल आयल निगमको कारोवारमा निरन्तर वृद्धि भइरहेको घाटाको कारणले चालू आर्थिक वर्ष २०६३/६४ मा पनि यस क्षेत्रको सञ्चालन नोक्सानीमा वृद्धि हुने देखिन्छ। आगामी आर्थिक वर्ष २०६४/६५ मा समेत व्यापारिक क्षेत्रका संस्थानहरूले रू. २ अर्व ५७ करोड सञ्चालन नोक्सानी हुने अनुमान गरेकाछन्, जसमा नेपाल आयल निगम लिमिटेडको अनुमानित नोक्सानी प्रमुख छ।

### ऋण सम्पत्ति तथा शेयरधनी कोष

९.७ व्यापारिक क्षेत्रका संस्थानहरूको दीर्घकालीन ऋण २०६३ आषाढ मसान्तमा रू. २७ करोड मात्र (आर्थिक वर्ष २०६१/६२ मा पनि दीर्घकालीन नाफा रू. २७ करोड) भए तापनि अल्पकालीन ऋण वृद्धि भई रू. ४ अर्व १९ करोड (आर्थिक वर्ष २०६१/६२ मा रू. ३ अर्व) पुगेकोछ, जसमध्ये नेपाल आयल निगमको रू. ३ अर्व ४४ करोड, नेशनल ट्रेडिङ लिमिटेडको ३८ करोड ५९ लाख र नेपाल खाद्य संस्थानको ३२ करोड ४१ लाख मुख्य छन्। आर्थिक वर्ष २०६१/६२ को तुलनामा रू. १ अर्व १२ करोडको अल्पकालिन ऋण रकममा वृद्धि भएकोमा नेपाल आयल निगमतर्फ रू. १ अर्व ३१ करोड वृद्धि भएको छ भने नेशनल ट्रेडिङ लिमिटेड र नेपाल खाद्य संस्थानले ऋण रकम क्रमशः रू. २० करोड र रू. ६ करोड कम गरेका छन्। व्यापारिक क्षेत्रका संस्थानहरूको आर्थिक वर्ष २०६१/६२ को खुद सम्पत्ति रू. १ अर्व ७४ करोड रहेकोमा यस वर्ष ६.० प्रतिशतले कमी आई रू. १ अर्व ६३ करोड रहन पुगेको छ। संस्थानहरूले आर्थिक वर्ष २०६२/६३ मा स्थिर सम्पत्तिको ठूलो मात्रामा खरिद वा बिक्री कार्य गरेको देखिँदैन। व्यापारिक संस्थानहरूमा शेयर पुँजीमा कुल लगानी रू. १ अर्व ८२ करोड रहेकोमा २०६३ आषाढ मसान्तसम्ममा शेयरधनी कोष रू. ३ अर्व ७८ करोडले ऋणात्मक रहेको छ। नेपाल आयल निगमको कुल रू. ३ अर्व ९८ करोडको ऋणात्मक शेयरधनीकोषको कारण यसो भएको हो भने कृषि सामग्री कम्पनी लिमिटेड, राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड र नेशनल ट्रेडिङ लिमिटेडका शेयरधनी कोष धनात्मक नै रहेका छन्।

### सेवा क्षेत्र

९.८ सेवा क्षेत्र अन्तर्गतका ७ वटा संस्थानहरूको कुल सञ्चालन आय आर्थिक वर्ष २०६१/६२ को तुलनामा ७.६ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०६२/६३ मा रू. ५ अर्व ९९ करोड पुगेको छ। आर्थिक वर्ष २०६१/६२ को तुलनामा आर्थिक वर्ष २०६२/६३ मा कुल सञ्चालन आयमा वृद्धि हासिल गर्ने संस्थानहरूमा नेपाल वायुसेवा निगम (रू. ३३ करोड वृद्धि) र नागरिक उड्डयन प्राधिकरण (रू. १५ करोड वृद्धि) मुख्य छन् भने राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको कुल सचालन आय गत वर्षको रू. ६६ लाखबाट रू. ५ लाखमा झरेको छ। यसबाहेक, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड तथा नेपाल इन्जिनियरिंग कन्सल्टेन्सी सेवा केन्द्र लिमिटेडको कुल आयमा समेत केही कमी आएको छ।

## नाफा नोक्सानको स्थिति

९.९ समग्र सेवा क्षेत्रको सञ्चालन नोक्सानी आर्थिक वर्ष २०६२/६३ मा पनि आर्थिक वर्ष २०६१/६२ कै हाराहारीमा रू. ५ करोड ७५ लाख रहेको छ । नेपाल वायुसेवाको सञ्चालन नोक्सानमा लगभग ९२.० प्रतिशतले वृद्धि भई रू. २७ करोड १४ लाख पुगेको छ भने नागरिक उड्डयन प्राधिकरणको सञ्चालन मुनाफा २६३.० प्रतिशतले वृद्धि भई रू. २२ करोड ४८ लाख पुगेको छ । खुद मुनाफाको स्थितिमा आर्थिक वर्ष २०६२/६३ मा सुधार देखिएको छ । आर्थिक वर्ष २०६१/६२ मा रू. २ करोड ९७ लाख खुद नोक्सानमा रहेको यस क्षेत्रका संस्थानहरूले आर्थिक वर्ष २०६२/६३ मा रू. ३१ करोड ४९ लाख खुद मुनाफा कमाउन सफल भएका छन् । नेपाल नागरिक उड्डयन प्राधिकरणले आर्थिक वर्ष २०६१/६२ को तुलनामा आर्थिक वर्ष २०६२/६३ मा खुद मुनाफामा रू. २० करोड १२ लाख वृद्धि गरी रू. ३४ करोड ८३ लाख पुऱ्याएको छ भने नेपाल वायुसेवा निगमले पनि आर्थिक वर्ष २०६१/६२ को रू. १४ करोड खुद नोक्सानीको अवस्थाबाट रू. १ करोड १७ लाख खुद मुनाफा गर्न सफल भएको छ । समग्रमा सेवा क्षेत्रका संस्थानहरू आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्म संचित नोक्सानीकै स्थितिमा छन् । नेपाल वायुसेवा निगमको रू. २ अर्ब ३२ करोड र नागरिक उड्डयन प्राधिकरणको रू. ९२ करोड संचित नोक्सानी रहेको छ भने अन्य ५ वटा संस्थानहरू संचित मुनाफाकै स्थितिमा छन्, तथापि संचित मुनाफा रू. ३३ करोड ७४ लाख मात्र रहेको हुँदा यस क्षेत्रको समग्र संचित नोक्सानी रू. २ अर्ब ९० करोड रहेको छ । सेवा क्षेत्रका संस्थानहरूको आर्थिक वर्ष २०६२/६३ को सञ्चालन नोक्सानी रू. ५ करोड ७५ लाख रहेकोमा चालू आर्थिक वर्ष २०६३/६४ मा केही सुधार भई उक्त नोक्सानी रू. ८१ लाख रहने अनुमान गरिएको छ । नेपाल वायुसेवा निगम रू. २७ करोड १४ लाखको सञ्चालन घाटाको स्थितिबाट रू. १२ करोड ११ लाख सञ्चालन मुनाफामा जाने अनुमानको आधारमा आर्थिक वर्ष २०६३/६४ मा सेवा क्षेत्रको संस्थानहरूको समग्रमा सञ्चालन नोक्सानी घट्न जाने देखिन्छ । त्यस्तै, यस क्षेत्रका ७ वटा संस्थानहरूमध्ये ३ वटा संस्थानहरू औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड तथा राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रबाट प्राप्त विवरण अनुसार आगामी आर्थिक वर्ष २०६४/६५ मा रू. १ करोड ६४ लाख सञ्चालन नोक्सानी हुने अनुमान गरिएको छ ।

## ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.१० सेवा क्षेत्रका संस्थानहरूमध्ये नेपाल वायुसेवा निगम र नागरिक उड्डयन प्राधिकरणले मात्र ऋण उपयोग गरिरहेकाछन् र दीर्घकालीन ऋण रकम रू. १ अर्ब ९७ करोड (आर्थिक वर्ष २०६१/६२ मा रू. २ अर्ब ३८ करोड) रहेको छ । नागरिक उड्डयन प्राधिकरणले आर्थिक वर्ष २०६२/६३ मा लगभग रू. ५२ करोडको कर्जा चुक्ता गरेको छ भने नेपाल वायुसेवा निगमको दीर्घकालीन तथा अल्पकालीन दुवै थरीका ऋणहरूको रकममा जम्मा रू. २९ करोड वृद्धि भएको छ । आर्थिक वर्ष २०६२/६३ मा यस क्षेत्रका संस्थानहरूको खुद सम्पत्ति रू. ६ अर्ब ६६ करोड (आर्थिक वर्ष २०६१/६२ मा खुद सम्पत्ति रू. ६ अर्ब ९५ करोड) रहेको छ, जसमध्ये नागरिक उड्डयन प्राधिकरणको मात्र रू. ६ अर्ब १३ करोड (९२.० प्रतिशत) रहेको छ । यसैगरी, आर्थिक वर्ष २०६२/६३ मा यस क्षेत्रका संस्थानहरूको शेयरधनी कोषमा रू. ८ अर्ब ४२ करोड (आर्थिक वर्ष २०६१/६२ मा शेयरधनी कोष रू. ८ अर्ब ४१ करोड) रहेको छ । अन्य सबै संस्थानहरूको शेयरधनी कोष धनात्मक रहे पनि नेपाल वायुसेवा निगमको शेयरधनी कोष रू. १ अर्ब ९४ करोडले ऋणात्मक रहेको छ ।

### सामाजिक क्षेत्र

९.११ सामाजिक क्षेत्रका पाँचवटा संस्थानहरूको आर्थिक वर्ष २०६२/६३ को कुल आय रू. १ अर्व ११ करोड रह्यो, जुन आर्थिक वर्ष २०६१/६२ को भन्दा रू. ४ करोडले बढी छ । यस क्षेत्रमा जनक शिक्षा सामग्री केन्द्रले सबैभन्दा बढी रू. ६२ करोडको बिक्री कारोवार गरेको छ भने नेपाल टेलिभिजनले रू. २४ करोड र गोरखापत्र संस्थानले रू. २१ करोडको कारोवार गरेका छन् । आर्थिक वर्ष २०६२/६३ मा आर्थिक वर्ष २०६१/६२ को तुलनामा गोरखापत्र संस्थानको कुल सञ्चालन आय ३०.० प्रतिशतको हाराहारीमा बढेको छ । त्यस्तै, ग्रामीण आवास कम्पनी लिमिटेडको कुल आय आर्थिक वर्ष २०६१/६२ मा रू. ५७ लाख मात्र रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा रू. २ करोड ६३ लाख पुग्न गई कारोवारमा उल्लेख्य वृद्धि भएको देखिन्छ । यी दुई संस्थानहरू बाहेक यस क्षेत्रका अन्य संस्थानहरूको कुल आयमा खासै परिवर्तन भएको छैन ।

### नाफा नोक्सानको स्थिति

९.१२ सामाजिक क्षेत्रका संस्थानहरूको समग्र सञ्चालन नाफा आर्थिक वर्ष २०६१/६२ मा रू. ४ करोड ३२ लाख रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा सामान्य वृद्धि भई रू. ४ करोड ७९ लाख पुगेको छ । गोरखापत्र संस्थान आर्थिक वर्ष २०६१/६२ मा रू. ४२ लाख सञ्चालन नोक्सानमा रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा रू. २ करोड ३२ लाखको सञ्चालन मुनाफा कमाउन सफल भएको छ, तथापि सम्पूर्ण नाफा बोनस र उपदान आयकर व्यवस्थामा खर्च लेखिएको हुँदा संचित मुनाफामा भने वृद्धि हुन सकेन । यस क्षेत्रका पाँच संस्थानहरूमध्ये तीनवटाले सञ्चालन मुनाफा गरेका छन् भने दुई संस्थानहरू सामान्य नोक्सानमा गएका छन् । त्यस्तै, चालू आर्थिक वर्ष २०६३/६४ मा सामाजिक संस्थानहरूको सञ्चालन मुनाफा रू. ५ करोड ८४ लाख हुने अनुमान गरिएको छ भने आगामी आर्थिक वर्ष २०६४/६५ मा रू. ७ करोड ८३ लाख सञ्चालन मुनाफा गर्ने लक्ष्य लिइएका छन् । खुद नोक्सानको स्थितिलाइ दृष्टिगत गर्दा यस क्षेत्रका सार्वजनिक संस्थानहरूको अवस्था आर्थिक वर्ष २०६२/६३ मा निराशाजनक देखिन्छ । आर्थिक वर्ष २०६१/६२ मा सामाजिक संस्थानहरूको खुद नोक्सान रू. ३ करोड १६ लाख रहेकोमा यस वर्ष १०७.६ प्रतिशत वृद्धि भई रू. ६ करोड ५६ लाख नोक्सान रहन गएको छ । नेपाल टेलिभिजनको खुद नोक्सानमा रू. ४ करोड ७७ लाखले वृद्धि भई रू. ७ करोड ७९ लाख पुगेकोले सामाजिक संस्थानहरूको समग्र नोक्सानी बढ्न गएको हो । आर्थिक वर्ष २०६२/६३ मा जनक शिक्षा सामग्री केन्द्रले भने खुद मुनाफा आर्थिक वर्ष २०६१/६२ को रू. ९० लाखबाट बढाएर रू. २ करोड पुऱ्याउन सफल भएको छ । चालू आर्थिक वर्ष २०६३/६४ मा समेत सामाजिक क्षेत्रका संस्थानहरू रू. ६ करोड ८४ लाख खुद नोक्सानमा जाने अनुमान गरिएको छ । आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा नेपाल टेलिभिजन र सांस्कृतिक संस्थानको संचित नोक्सानी क्रमशः रू. ४० करोड ५३ लाख र रू. २६ लाख रहेको छ भने अन्य तीन संस्थानहरू संचित मुनाफाकै स्थितिमा रहेका छन् ।

### ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.१३ सामाजिक क्षेत्रका संस्थानहरूमध्ये सांस्कृतिक संस्थान र गोरखापत्र संस्थानको मात्र दीर्घकालीन ऋण दायित्व देखिन्छ, जुन कुल रू. १५ करोड ३३ लाख रहेको छ । सांस्कृतिक संस्थानको ऋण दायित्व आर्थिक वर्ष २०६१/६२ को दाँजोमा आर्थिक वर्ष २०६२/६३ मा रू. २ करोड ५० लाखले वृद्धि भएको छ । यस क्षेत्रका संस्थानहरूको स्थिर सम्पत्ति आर्थिक वर्ष २०६१/६२ मा रू. १ अर्व १० करोड रहेकोमा आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा रू. ९९

करोड रहेको छ। निर्माणाधीन सम्पत्तितर्फ मुख्यरुपमा सांस्कृतिक संस्थानले रू. २ करोड ६१ लाख थप गरेको छ। सामाजिक क्षेत्रका संस्थानहरूको कुल शेयर पुँजी रू. १ अर्ब ८६ करोड रहेकोमा आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा करिब १०.० प्रतिशत पुँजी क्षय भई समग्र शेयरधनी कोष रू. १ अर्ब ६८ करोड रहेको छ।

**जनोपयोगी क्षेत्र**

९.१४ जनोपयोगी क्षेत्रका तीनवटा संस्थानहरूको आर्थिक वर्ष २०६२/६३ को कुल सञ्चालन आय रू. २४ अर्ब ४५ करोड रहेको छ। आर्थिक वर्ष २०६१/६२ को भन्दा आर्थिक वर्ष २०६२/६३ को सञ्चालन आयमा १२.० प्रतिशतले वृद्धि हुन गएकोमा नेपाल टेलिकमको सञ्चालन आयमा भएको रू. २ अर्बको वृद्धिको योगदान प्रमुख छ। तीनवटै संस्थानहरूको सञ्चालन आयमा आर्थिक वर्ष २०६१/६२ को तुलनामा वृद्धि भएको छ।

**नाफा नोक्सानको स्थिति**

९.१५ आर्थिक वर्ष २०६१/६२ मा यस क्षेत्रका संस्थानहरूको सञ्चालन मुनाफा रू. २ अर्ब ३४ करोड रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा ७०.० प्रतिशत वृद्धि भई रू. ३ अर्ब ९८ करोड पुगेको छ। यस क्षेत्रअन्तर्गत नेपाल टेलिकम मात्र सञ्चालन मुनाफामा रहेको छ र आर्थिक वर्ष २०६२/६३ मा आर्थिक वर्ष २०६१/६२ को भन्दा ३८.० प्रतिशतले बढी सञ्चालन मुनाफा आर्जन गरी रू. ५ अर्ब ९७ करोड पुऱ्याएकोले समग्र जनोपयोगी क्षेत्रको सञ्चालन मुनाफा वृद्धि भएको देखिन्छ। नेपाल खानेपानी संस्थानको नोक्सान आर्थिक वर्ष २०६१/६२ मा रू. २ करोड ८५ लाख रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा रू. ७ करोड ६६ लाख पुगेको छ। त्यस्तै, चालू आर्थिक वर्ष २०६३/६४ मा यस क्षेत्रका संस्थानहरूको सञ्चालन नाफा रू. ५ अर्ब २४ करोड हुने अनुमान गरिएको छ, भने आगामी आर्थिक वर्ष २०६४/६५ मा रू. ५ अर्ब ९३ करोड सञ्चालन मुनाफा गर्ने लक्ष्य रहेको छ। नेपाल दूरसंचार कम्पनी लिमिटेडको मुनाफामा निरन्तर भएको उत्साहजनक वृद्धिले आगामी वर्षमा पनि समग्र जनोपयोगी क्षेत्रको सञ्चालन मुनाफामा वृद्धि हुँदै जाने अपेक्षा गरिएको छ। सञ्चालन नाफाकै हाराहारीमा वृद्धि भई आर्थिक वर्ष २०६२/६३ मा यस क्षेत्रको समग्र खुद नाफा रू. ३ अर्ब ६८ करोड भएको छ। त्यस्तै, चालू आर्थिक वर्ष २०६३/६४ मा जनोपयोगी क्षेत्रले रू. ४ अर्ब ६० करोड खुद मुनाफा गर्ने अनुमान गरिएको छ। नेपाल विद्युत प्राधिकरणको रू. ६ अर्ब ८ करोड र नेपाल खानेपाली संस्थानको रू. २४ करोडसमेत दुई संस्थानहरूको संचित नोक्सानी आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा रू. ६ अर्ब ३२ करोड पुगेको छ। नेपाल दूरसंचार कम्पनी लिमिटेड संचित मुनाफाको स्थितिमा रहेको छ र यसको संचित मुनाफा आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा रू. ८ अर्ब ७५ करोड पुगको छ।

**ऋण, सम्पत्ति तथा शेयरधनी कोष**

९.१६ आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा नेपाल खानेपानी संस्थानको रू. २ अर्ब २० करोड र नेपाल विद्युत प्राधिकरणको रू. ५० अर्ब ६४ करोड गरी जम्मा ५२ अर्ब ८४ करोड दीर्घकालीन ऋण रहेको छ भने नेपाल टेलिकम ऋणमुक्त देखिन्छ। यस क्षेत्रका संस्थानहरूको ठूलो लगानी स्थिर सम्पत्तिमा भएको छ। निर्माणाधीन सम्पत्तिसमेत गरी आर्थिक वर्ष २०६१/६२ को अन्त्यमा रू. ९२ अर्ब १२ करोड खुद सम्पत्ति रहेकोमा आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा सो रू. ९९ अर्ब ४ करोड पुगेको छ। यस वृद्धिमा नेपाल विद्युत प्राधिकरणको निर्माणाधीन सम्पत्तिमा भएको रू. ५ अर्बको थप लगानी तथा नेपाल

टेलिकमको रू. २ अर्बको थप सम्पत्ति खरिदको योगदान मुख्य रहेको छ । यस क्षेत्रका संस्थानहरूको शेयर पुँजीमा रू. ३९ अर्व लगानी गरिएकोमा आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा शेयरधनी कोष रू. ५२ अर्व ३४ करोड पुगेकोले शेयरधनी कोषमा ३४.० प्रतिशतले वृद्धि भएको छ ।

## वित्तीय क्षेत्र

९.१७ वित्तीय क्षेत्रको ८ वटा संस्थानहरूको कुल सञ्चालन आय आर्थिक वर्ष २०६२/६३ मा पनि आर्थिक वर्ष २०६१/६२ कै हाराहारीमा अर्थात् रू. ८ अर्व ९५ करोड रहेको छ । आर्थिक वर्ष २०६१/६२ को तुलनामा कुनै पनि एकल संस्थानको सञ्चालन आयमा खासै फरक आएको देखिँदैन ।

## नाफा नोक्सानको स्थिति

९.१८ आर्थिक वर्ष २०६१/६२ को तुलनामा आर्थिक वर्ष २०६२/६३ मा सञ्चालन मुनाफाको स्थितिमा सुधार आएको छ । आर्थिक वर्ष २०६१/६२ मा यस क्षेत्रको समग्र सञ्चालन मुनाफा रू. १ अर्व ८० करोड रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा २५.० प्रतिशतले वृद्धि भई रू. २ अर्व २५ करोड पुगेको छ । यसैगरी, चालू आर्थिक वर्ष २०६३/६४ मा समग्र वित्तीय क्षेत्रको सञ्चालन मुनाफामा शत्प्रतिशत भन्दा बढिले वृद्धि भई रू. ४ अर्व ८९ करोड पुग्ने अनुमान गरिएको छ । कृषि विकास बैंक लिमिटेड र नेपाल औद्योगिक विकास निगम (वित्तीय संस्था) को आर्थिक वर्ष २०६४/६५ को लक्ष्य विवरण प्राप्त भएको छैन भने बाँकी ६ वटा संस्थानहरूले आगामी आर्थिक वर्ष २०६४/६५ मा समग्रमा रू. २ अर्व ४० करोड सञ्चालन मुनाफा गर्ने लक्ष्य लिएका छन् । त्यस्तै, खुद मुनाफामा समेत आर्थिक वर्ष २०६१/६२ को तुलनामा १४.४५ प्रतिशतले वृद्धि भई रू. २ अर्व ७२ करोड पुगेको छ । कृषि विकास बैंकले आर्थिक वर्ष २०६१/६२ मा रू. ७ करोड ८६ लाख खुद नोक्सानी व्यहोरेकोमा आर्थिक वर्ष २०६२/६३ मा रू. २२ करोड ७५ लाख खुद मुनाफा कमाउन सफल भएको छ भने नेपाल औद्योगिक विकास निगमले आर्थिक वर्ष २०६१/६२ मा रू. ५ करोड ३३ लाख मुनाफा गरेकोमा आर्थिक वर्ष २०६२/६३ मा रू. २७ करोड ३८ लाख खुद नोक्सानी व्यहोरेको छ । त्यस्तै, राष्ट्रिय वाणिज्य बैंकको खुद मुनाफा रू. ३० करोड (२३.० प्रतिशत) ले वृद्धि भई रू. १ अर्व ६२ करोड पुगेको छ । यस क्षेत्रमा नेपाल औद्योगिक विकास निगमबाहेक सम्पुर्ण संस्थानहरूले आर्थिक वर्ष २०६२/६३ मा खुद मुनाफा आर्जन गर्न सफल भएकाछन् । चालू आर्थिक वर्ष २०६३/६४ मा यस क्षेत्रका संस्थानहरूले रू. ४ अर्व ५८ करोड खुद मुनाफा गर्ने अनुमान गरिएकोछ । आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम र राष्ट्रिय वाणिज्य बैंकको संचित नोक्सानी क्रमशः रू. ७ अर्व ८५ करोड, रू. १ अर्व ८ करोड र रू. १९ अर्व ८५ करोड पुगेको छ । यी बाहेक अन्य संस्थानहरू संचित मुनाफाकै स्थितिमा संचालित छन् ।

## ऋण, निक्षेप, लगानी र शेयरधनी कोष

९.१९ वित्तीय क्षेत्रका संस्थानहरूले आफैं ऋण लिइरहनुपर्ने स्थिति नहुने भए तापनि यस क्षेत्रका संस्थानहरूको दीर्घकालिन ऋण आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा रू. ५ अर्व ९६ करोड पुगेकोछ, जसमध्ये नेपाल औद्योगिक विकास निगमको रू. १ अर्व ९ करोड, कृषि विकास बैंकको रू. ५१ करोड तथा राष्ट्रिय बाणिज्य बैंकको रू. ४ अर्व ३६ करोड रहेको छ । वित्तीय क्षेत्रका संस्थानहरूमध्ये ४ वटाले सर्वसाधारणबाट निक्षेप स्वीकार गरी कारोवार गर्दै आएका र यी संस्थानहरूको प्रमुख वित्तीय स्रोत पनि निक्षेप रहेको छ । आर्थिक वर्ष

२०६१/६२ मा यस्तो निक्षेप रू. ७० अर्व ९७ करोड रहेकोमा आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा ७.८ प्रतिशतले वृद्धि भई रू. ७६ अर्व ५६ करोड पुगेको छ । आर्थिक वर्ष २०६२/६३ मा कृषि विकास बैंकको निक्षेप रू. २ अर्व ४० करोडले र राष्ट्रिय वाणिज्य बैंकको निक्षेप रू. ३ अर्व १८ कारोडले वृद्धि भएको छ । निक्षेप संकलन गर्ने संस्थानहरूमा कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम, राष्ट्रिय वाणिज्य बैंक र नेपाल आवास विकास वित्त कम्पनी लिमिटेडले कर्जा कारोवार गरी आएका छन् । आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा यी संस्थानहरूले रू. ४९ अर्व ८४ करोड कर्जा प्रवाह गरेका छन्, जुन आर्थिक वर्ष २०६१/६२ को तुलनामा रू. १ अर्व ८० करोडले कम छ । मुख्य रुपमा राष्ट्रिय वाणिज्य बैंकको कुल कर्जा लगानीमा रू. ३ अर्व ९० करोडले कमी आएकोले समग्र वित्तीय क्षेत्रकै कर्जा लगानी घटेको देखिए तापनि नेपाल औद्योगिक विकास निगमबाहेक अन्य दुई संस्थानहरूको कर्जा रकममा वृद्धि भइरहेको छ । समग्रमा वित्तीय क्षेत्रका संस्थानहरूको शेयरधनी कोष रू. १८ अर्व ८० करोडले ऋणात्मक रहेको छ । राष्ट्रिय वाणिज्य बैंकको शेयरधनी कोष रू. १८ अर्व ६८ करोड ऋणात्मक भएको कारणले समग्र वित्तीय क्षेत्रको स्थिति ऋणात्मक देखिए तापनि सो बैंक तथा कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगमबाहेकका अन्य संस्थानहरूको शेयरधनी कोष धनात्मक नै रहेको छ ।

### लेखापरीक्षणको अवस्था

९.२० सबै सार्वजनिक संस्थानहरूले प्रत्येक वर्ष लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था भएतापनि केही संस्थानहरूको तोकिएको समयमा लेखापरीक्षण हुन सकेको छैन । उल्लेखित ३६ वटा सार्वजनिक संस्थानहरू मध्ये २० वटा संस्थानहरूको आर्थिक वर्ष २०६२/६३ सम्मको लेखापरीक्षण सम्पन्न भएकोछ भने १० वटा संस्थानहरूले आर्थिक वर्ष २०६१/६२ सम्मको लेखापरीक्षण सम्पन्न गरेकाछन् । २ वटा संस्थानहरूले आर्थिक वर्ष २०६०/६१ सम्मको लेखापरीक्षण कार्य सम्पन्न गरेकाछन् । यसवाहेक लेखापरीक्षण अद्यावधिक गर्ने कार्यमा पछि परेका केही संस्थानहरू र ती संस्थानहरूको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको विवरण निम्नानुसार छः

**तालिका ९(क) : सार्वजनिक संस्थान र तिनीहरुको लेखापरीक्षणको पछिल्लो स्थिति**

| क्र.सं. | सार्वजनिक संस्थानको नाम | लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्ष |
|---|---|---|
| १ | नेपाल आयल निगम लिमिटेड | ०५९/६० |
| २ | नेपाल वायु सेवा निगम | ०५८/५९ |
| ३ | नेपाल ओरिण्ड म्याग्नेसाइट | ०५८/५९ |
| ४ | राष्ट्रिय बीमा संस्थान | ०५७/५८ |

स्रोत : अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा

९.२१ लेखा र लेखापरीक्षण सम्बन्धमा कानूनले निर्दिष्ट गरे अनुसार लेखापरीक्षण गराउन ताकेता गरिएको फलस्वरुप यस क्षेत्रमा केही प्रगति देखिएता पनि माथि उल्लेख भएका केही संस्थानहरूको लेखापरीक्षण कार्यले अपेक्षित गति लिन सकेको देखिदैन । यसवारे निरन्तर अनुगमन गरी लेखापरीक्षण अद्यावधिक गराउन सम्वन्धित संस्थालाई निर्देशन दिने कार्यलाई निरन्तरता दिदै आइएको भएता पनि दण्डहीनता र जिम्मेवारी पन्छाउने प्रवृत्तिले गर्दा अपेक्षा गरे अनुसार सुधार आएको देखिदैन ।

## संस्थानको संचालक समितिमा सुधार

९.२२ संस्थानहरूको सञ्चालन तथा व्यवस्थापनमा दक्ष, व्यावसायिक एवं पेशाबिदहरूलाई मात्र सञ्चालक समितिमा प्रतिनिधित्व गराउने र सञ्चालक सदस्य संख्या पाँचमा सीमित गर्ने नीति अनुरुप अधिकाशं संस्थानमा यो व्यवस्था अबलम्बन गरि सकिएको छ । केही संस्थानहरूको सञ्चालक समितिको सदस्य संख्या ऐन/नियमद्वारा नै तोकिएकोले ऐन/नियममा संशोधन गरी सदस्य संख्या पाँचमा सीमित गर्ने कार्यले अझ पूर्णता पाउन बाकी रहेको छ ।

## नेपाल सरकारको शेयर तथा ऋण लगानी

९.२३ महालेखा नियन्त्रक कार्यालय (म.ले.नि.का.) बाट प्राप्त विवरणअनुसार उपरोक्त ३६ वटा सार्वजनिक संस्थानहरूमा आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा नेपाल सरकारको शेयर लगानी रू. ६५ अर्व ६८ करोड १० लाख र ऋण लगानी रू. ६२ अर्व ७२ करोड ३७ लाख पुगेको छ । साथै, शेयर लगानीको तथ्याङ्कसम्बन्धमा म.ले.नि.का.बाट प्राप्त विवरण र १६ वटा सार्वजनिक संस्थानहरूले प्रस्तुत गरेको तथ्याङ्क फरक पर्न गएको छ । उदाहरणको लागि, २०६३ आषाढ मसान्तमा म.ले.नि.का. तथा सार्वजनिक संस्थानहरुका विवरणहरूबीच शेयर लगानीको रकममा ठूलो अन्तर देखिएका ६ वटा संस्थानहरूमा नेपाल नागरिक उड्डयन प्राधिकरणले रू. १० अर्व ७१ करोड ८३ लाख र म.ले.नि.का.ले रू. १४ अर्व ५१ करोड ३७ लाख, कृषि सामग्री कम्पनी लिमिटेडले रू. ४१ करोड ५८ लाख र म.ले.नि.का.ले रू. २२ करोड १४ लाख, दुग्ध विकास संस्थानले रू. ५५ करोड ८ लाख र म.ले.नि.का.ले रू. ५ करोड ८० लाख, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले रू. १३ करोड ८ लाख र म.ले.नि.का.ले रू. ५ करोड, नेपाल दूरसंचार कम्पनी लिमिटेडले रू. १४ अर्व ९९ करोड ५० लाख र म.ले.नि.का.ले रू. १ अर्व ३६ करोड ७९ लाख तथा नेपाल वायुसेवा निगमले रू. १६ करोड २२ लाख र म.ले.नि.का.ले रू. ३७ करोड ९३ लाख देखाएका छन् । त्यस्तै, नेपाल सरकारको ऋण लगानीतर्फ पनि संस्थानहरूको विवरण र म.ले.नि.का.को विवरणमा धेरै फरक पर्न गएको देखिन्छ । उदाहरणको लागि, २०६३ आषाढ मसान्तको विवरण अनुसार कृषि विकास बैंक लिमिटेडले रू. १७ लाख र म.ले.नि.का. ले रू. ६० करोड ५४ लाख, नेपाल नागरिक उड्डयन प्राधिकरणले रू. १ अर्व ६८ करोड १५ लाख र म.ले.नि.का.ले रू. २ अर्व ७९ करोड ३० लाख, उदयपुर सिमेण्ट उद्योग लिमिटेडले रू. १ अर्व ८५ करोड ५० लाख र म.ले.नि.का.ले रू. २ अर्व ३२ करोड ५० लाख तथा नेपाल विद्युत प्राधिकरणले रू. ५० अर्व ६४ करोड ३२ लाख र म.ले.नि.का.ले रू. ५२ अर्व ५० करोड २२ लाख देखाएका छन् ।

## कर्मचारी/कामदारको अवस्था

९.२४ उल्लेखित ३६ वटा संस्थानहरूमा आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा ३६ हजार ९ सय ५७ जना कर्मचारी/कामदारहरू कार्यरत रहेकोमा चालू आर्थिक वर्ष २०६३/६४ मा ३६ हजार ९ सय ७४ जना रहेकाछन् भने आगामी आर्थिक वर्ष २०६४/६५मा सो सङ्ख्या ३८ हजार ५ सय ४५ पुग्ने अनुमान गरिएकोछ । संस्थानहरूमा अतिरिक्त बढी जनशक्तिको चाप अझै छ भने उस्तै प्रकृतिका निजी क्षेत्रका उद्योग कम्पनीहरूका कर्मचारी/कामदारको सङ्ख्या तथा उत्पादकत्वको तुलनामा सार्वजनिक संस्थानहरूमा कार्यरत कर्मचारीहरूको सङ्ख्या अनुरुप वस्तु वा सेवाको उत्पादन वा विक्री वितरण नभइरहेको स्पष्ट हुन्छ । यसले गर्दा संस्थानहरूको शिरोभार खर्चमा वृद्धि भई वित्तीय भार बढ्नुका साथै कार्यरत कर्मचारी/कामदारहरूको उत्पादकत्वका कारण समग्र क्षेत्रको उत्पादकत्व घटेर जान्छ ।

एकातर्फ सरकारी संरक्षणका कारणले संस्थानका कामदारहरूमा प्रतिस्पर्धि भावनाको अभाव भई आफ्नो कामप्रति उत्प्रेरित नरहेको अवस्था छ भने अर्कोतर्फ व्यवसायिक स्वतन्त्रतामा अपेक्षित सुधार नआएकोले निर्णय गर्न वाधा पुग्ने अवस्थाबाट सार्वजनिक संस्थानहरू गुज्री रहेकाछन् । यसका वावजुद अत्यावश्यक वस्तु वा सेवाको उत्पादन तथा विक्री वितरणमा केही संस्थानहरूको भूमिका सन्तोषजनक रहेको छ ।

**सार्वजनिक संस्थानहरूको निजीकरण र खारेजी**

९.२५ विगत डेढदशकदेखि सरकारले अपनाएको आर्थिक उदारीकरण तथा खुला वजार अर्थतन्त्रको नीतिगत सिद्धान्त अनुरुप सार्वजनिक संस्थानहरूबाट प्रदान भैरहेका सेवाहरूलाई निजी क्षेत्रमा विनिवेश (disinvest) गरी प्रदत्त सेवालाइ अझ बढी सुदृढ गर्ने उद्देश्यले २०५० सालदेखि निजीकरण प्रक्रिया शुरु भई २०६३ चैत्र मसान्तसम्म २९ वटा सार्वजनिक संस्थानहरूको शेयर विक्री, व्यवस्थापन हस्तान्तरण खारेजी, सम्पत्ति विक्री तथा अचल सम्पत्ति लिजमा प्रदान गरी निजीकरण कार्य सम्पन्न भएको छ ।

९.२६ सार्वजनिक संस्थानहरूमा कार्यरत कामदार/कर्मचारी एवं निजी क्षेत्रलाई क्रमशः सहभागी गराउँदै वस्तु एवं सेवाको उत्पादकत्वसमेतमा अभिवृद्धि गर्दै लैजाने अभिप्रायले आर्थिक वर्ष २०६४/६५ मा नेपाल दूरसंचार कम्पनी लिमिटेडको रू. १००।- दरको ७५ लाख कित्ता शेयर कम्पनीका कर्मचारीहरूलाई र १ करोड ५० लाख कित्ता शेयर सर्वसाधारणले खरीद गर्न पाउने गरी निष्कासन गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । यसै क्रममा, नेपाल वायुसेवा निगमलाई कम्पनीमा परिणत गर्ने प्रक्रियाको थालनी गरिएको छ । डेढ दशक अघि शुरु भएको निजीकरणको अनुभवबाट निजीकरण कार्यक्रम कार्यान्वयमा देखा परेको मूलभूत समस्या निम्न वमोजिम देखिएकाछन् ।

- **समायोजन** : निजीकरण भएका केही सार्वजनिक संस्थानहरूको निजीकरण अघिको Information Memorandum को विवरण तथा निजीकरण पश्चात Current Assets को मौज्दातमा फरक आएको कारणले लामो समयसम्म खरीदकर्ता र सरकार पक्षबीच विवाद रही निजीकरण समापनको कार्यमा व्यवधान आएको छ । बालाजु कपडा उद्योग, रघुपति जुट मिल, नेपाल चिया विकास निगम, भक्तपुर ईटा कारखानाहरूमा प्रस्तुत समस्या रहेको छ ।

- **लिक्विडेशन**: निजीकरण प्रक्रियाका शुरुवातका प्रतिष्ठानहरू बाँसवारी छाला जुत्ता कारखाना, हरिसिद्धि ईटा टायल कारखाना र भृकुटी कागज कारखानाको दायित्व फरफारक गरी लिक्विडेशनको कार्य पुरा गर्न तोकिएका लिक्विडेटरहरूबाट लामो समय लाग्न गएकोमा यी तीनै प्रतिष्ठानहरूको साधारणसभाबाट लिक्विडेटरको अन्तिम प्रतिवेदन प्राप्त भई दर्ता खारेजीको लागि लिक्विडेटरबाट कम्पनी रजिष्ट्रार कार्यालयमा पहल भइरहेको छ । घरेलु शिल्पकला विक्री भण्डारको लिक्विडेशन कार्य पुरा भइसकेको छ । नेपाल कोल लिमिटेडको अन्तिम साधारण सभा बसी लिनुदिनु पर्ने सम्पूर्ण हिसाब फरफारक हुन नसकेको देखिन्छ । भक्तपुर ईटा कारखानाको लिक्विडेटरबाट २०६४ आश्विन मसान्तसम्म प्रतिवेदन पेश गर्न म्याद तोकिएको छ भने कृषि चुन उद्योग लिमिटेडको लिक्विडेटरबाट म्याद थपको लागि अनुरोध भई आएको छ । हेटौंडा कपडा उद्योग लिमिटेडको लिक्विडेटरको म्याद २०६४ आषाढ मसान्तसम्म थप भएको छ ।

तालिका ९(ख) : निजीकरण तथा खारेजी भएका सार्वजनिक संस्थानहरू

| क्र सं | संस्थान/प्रतिष्ठानको नाम | निजीकरण /खारेज भएको वर्ष (इ.सं.) | निजीकरण प्रक्रिया | एकमुष्ट शेयर बिक्री (प्रतिशत) | निजीकरणवाट प्राप्त रकम (रू. '000) |
|---|---|---|---|---|---|
| १ | भृकुटी कागज कारखाना | १९९२ | व्यवसाय एवं सम्पत्ति बिक्री | – | २२,९८00 |
| २ | हरिसिद्धि ईटा टायल कारखाना | १९९२ | व्यवसाय एवं सम्पत्ति बिक्री | – | २१,४८,३0 |
| ३ | बाँसबारी छाला जुत्ता कारखाना | १९९२ | व्यवसाय एवं सम्पत्ति बिक्री | – | २९,८५४ |
| ४ | चलचित्र विकास कम्पनी | १९९३ | शेयर बिक्री | ५१.0 | ६४,६६२ |
| ५ | बालाजु कपडा उद्योग | १९९३ | शेयर बिक्री | ७0.0 | १७,७१६ |
| ६ | काँचो छाला संकलन तथा बिक्री केन्द्र | १९९३ | शेयर बिक्री | १00.0 | ३९,९0 |
| ७ | नेपाल विटुमिन तथा व्यारेल उद्योग | १९९४ | शेयर बिक्री | ६५.0 | १३,१२७ |
| ८ | नेपाल ल्यूब आयल | १९९४ | शेयर बिक्री | ४0.0 | ३१,0५७ |
| ९ | नेपाल जुट विकास तथा व्यापार कम्पनी | १९९३ | खारेजी | – | – |
| १0 | सूर्ति विकास कम्पनी | १९९४ | खारेजी | – | – |
| ११ | नेपाल ढलौट कारखाना | १९९६ | शेयर बिक्री | ५१.0 | १४,४७३ |
| १२ | श्री रघुपटि जुट मिल्स | १९९६ | शेयर बिक्री | ६५.0 | ८२,२0४ |
| १३ | नेपाल बैंक लिमिटेड | १९९७ | शेयर बिक्री | १0.0 | १२,५१,४0 |
| १४ | कृषि आयोजना सेवा केन्द्र | २00१ | खारेजी | – | – |
| १५ | नेपाल चिया विकास निगम | २000 | शेयर बिक्री | ६५.0 | २६,७१,0५ |
| १६ | विराटनगर जुट मिल्स | २00२ | व्यवस्थापन करार | – | – |
| १७ | हिमाल सिमेण्ट उद्योग लिमिटेड | २00२ | खारेज | – | - |
| १८ | घरेलु शिल्पकला बिक्री भण्डार | २00२ | खारेजी | – | - |
| १९ | नेपाल कोल लिमिटेड | २00२ | खारेजी | – | - |
| २0 | हेटौंडा कपडा उद्योग | २00२ | खारेजी | – | - |
| २१ | नेपाल यातयात संस्थान | २00२ | विघटन | – | - |
| २२ | बुटवल पावर कम्पनी | २00३ | शेयर बिक्री | ७५.0 | ८७,४२00 + US $ १0 लाख |
| २३ | वीरगञ्ज चिनी कारखाना लिमिटेड | २00३ | खारेजी | – | - |
| २४ | कृषि औजार कारखाना लिमिटेड | २00३ | खारेजी | – | - |
| २५ | भक्तपुर ईंटा कारखाना लिमिटेड | २00४ | सम्पत्ति बिक्री र भाडा | – | १४,५00 (सम्पत्ति बिक्री ३१,९00) १0 वर्षको भाडा |
| २६ | लुम्बिनी चिनी कारखाना | २00६ | सम्पत्ति बिक्री र भाडा | – | ७८,६00 (सम्पत्ति बिक्री ४२,१२) प्रति बर्ष भाडा |
| २७ | नेपाल रोजिन एण्ड टरपेण्टाइन लिं | २00६ | सम्पत्ति बिक्री र भाडा | – | ११,0१,00 (सम्पत्ति बिक्री ३0,१२) प्रति बर्ष भाडा |

स्रोत : अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा

- **अदालतमा गएका विषयः** निजीकरणको सिलसिलामा हरिसिद्धि ईटा टायल कारखाना, नेपाल चिया विकास निगम लिमिटेड, भक्तपुर ईटा कारखाना, भृकुटी कागज कारखाना र बुटवल पावर कम्पनीका खरीदकर्ताबाट सरकारलाई तिर्नुपर्ने रकमसँग असहमति जनाई अदालतमा मुद्दामा गएकाछन् । यसबाट सरकारले प्राप्त गर्नुपर्ने रकम सहज रुपमा असूल गर्न कठिनाइ उत्पन्न भएको छ ।

९.२७ पछिल्लो चरणमा निजीकरण, खारेजी भएका निम्न बमोजिमका केही संस्थानहरूको दायित्व फरफारक गर्दा सरकारले २०६३ चैत्र मसान्तसम्ममा देहाय वमोजिमको वित्तीय खर्च गरेको छ । विघटन वा निजीकरण सम्पन्न नभइ सकेका संस्थानहरूका लागि अझै थप खर्च गरिरहनुपर्ने अवस्था छ ।

तालिका ९ (ग) : निजीकरण वा खारेज भएका सार्वजनिक संस्थानहरूमा नेपाल सरकारबाट दायित्व भुक्तानी भएको विवरण

(रू. हजारमा)

| सि.नं | विवरण | दायित्व | वापत |
|---|---|---|---|
| १) | हिमाल सिमेण्ट कंपनी | ३७,००,०० | ऋण र कर्मचारीको सुविधा |
| २) | भक्तपुर ईटा कारखाना | २०,६१,७१ | ,, ,, ,, |
| ३) | वीरगञ्ज चिनी कारखाना (खारेजी) | ७०,४८,३६ | ,, ,, ,, |
| ४) | कृषि औजार कारखाना (खारेजी) | ५१,४१४ | ,, ,, ,, |
| ५) | नेपाल रोजिन एण्ड टर्पेन्टाइन (लिक्विडेशन) | १५,४४,४६ | ,, ,, ,, |
| ६) | लुम्बनी चिनी कारखाना | ५०,८९,६७ | ,, ,, ,, |
| ७) | कृषि चुन उद्योग लिमिटेड (इन लिक्विडेशन) | ८१,५९५ | ,, ,, ,, |
| ८) | नेपाल कोल लिमिटेड | ८३,९१ | ऋण लगानी |
| ९) | नेपाल यातायात संस्थान | २२,७३,०९ | ,, ,, |
| १०) | हेटौंडा कपडा | ५३,६०,३५ | ,, ,, |
| ११) | घरेलु शिल्पकला भण्डार | ८१,०३३ | ,, ,, |
| १२) | चिया विकास निगम | १०,२७,९० | ,, ,, |
| १३) | विराटनगर जुट मिल्स | १०,०३,०० | ,, ,, |

स्रोत : अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा

## चुनौतीहरू

९.२८ समष्टिगतरुपमा सार्वजनिक संस्थानहरूमा अधिकांश संस्थानहरू घाटामा रहेका र कतिपय संस्थानहरू ऋणात्मक स्व-पुंजी (negative networth) मा रहेका र संस्थानहरूले कर्मचारीहरूको लागि कोष खडा नगरी भैपरिआउने कोष-रहित दायित्व (unfunded contingent liabilities) को ठूलो भार सृजना गरी सरकारलाई अन्तत्वगत्वा भार बोकाउने अवस्था रहेको छ ।

९.२९ संस्थानहरूको कार्यप्रगति, कार्य विशिष्टता तथा कार्य वातावरण सबैमा एकरुपता रहेको देखिदैन । सुविधा प्रदान गर्ने सम्बन्धमा पनि निरन्तररुपमा मुनाफामा रहेका संस्थानहरूमा कुनै न कुनै रुपबाट बढी भत्ता सुविधा प्रदान हुँदै आएको देखिन्छ । सञ्चालन पारविन्दु (break-even point) भन्दा माथि रहेका संस्थानहरूले ऐन, नियम तथा विनियम अनुसार उपदान, पेन्सन, संचयकोष लगायतका सुविधाहरू उपलब्ध गराउने सन्दर्भमा जगेडा तथा दायित्व कोषको व्यवस्था नगरी नेपाल सरकार उपर अदृश्य र असीमित दायित्व बढाउँदै लगेको अवस्था चुनौतिको रुपमा रहेको छ ।

९.३० देशको आर्थिक विकासमा सरकारी संस्थानले निर्वाह गर्ने महत्वपूर्ण भूमिकालाई उदार, खुला तथा प्रतिस्पर्धात्मक अर्थव्यवस्था अनुकूल हुने गरी समायोजन गर्दै जानुपर्ने खाँचो महसूस गरिएको वर्तमान सन्दर्भमा संस्थानको लक्ष्यप्राप्तिमा देखिएको समष्टिगत प्रगतिमाथि सन्तोष लिन सकिने स्थिति देखिंदैन ।

९.३१ संस्थानहरूले लामो समयसम्म आफ्नो वार्षिक हिसाब तयार नगर्ने र लेखापरीक्षणमा ढिलाइ गर्ने गरेबाट संस्थान प्रतिको जनविश्वासमा ह्रास आउन सक्ने र संस्थान सुधारको कार्यलाई समेत प्रतिकूल प्रभाव पार्न सक्ने देखिन्छ ।

९.३२ घाटामा रहेका संस्थानहरूले सरकारमाथिको निर्भरता बढाउँदै गएको र मुनाफामा चलेका संस्थानमा आवश्यकता भन्दा बढी सुविधा लिने प्रवृत्ति बढ्दै गएका गुनासाहरू यथावतै छन् । संस्थान सञ्चालन घाटामा भए पनि दरबन्दीको यथार्थ विवरण सार्वजनिक नगर्ने र कर्मचारीको संख्यालाई उपयुक्त आकारमा ल्याउने (rightsizing) सम्बन्धी सरकारी नीतिको समेत उपेक्षा हुनेगरी थप कर्मचारी भर्ना गर्ने प्रवृत्तिले संस्थानको शिरोभार खर्च बढ्दै गएको पाइन्छ । यसमा सम्बन्धित संस्थान र मन्त्रालयबाट समेत समयानुकूल प्रतिबद्धता र कार्यान्वयनको उत्तरदायित्व लिने परिपाटी बसाल्नुपर्ने चुनौती टड्कारो रुपमा देखिएको छ ।

९.३३ संस्थानहरूमा नेपाल सरकारको शेयर तथा ऋण लगानीको रकम सम्बन्धमा सम्बन्धित संस्थानहरू र महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा सामञ्जस्यता देखिएको छैन् । लामो समयसम्म उपरोक्त रकमहरुबीच सामञ्जस्य नहुँदा भविष्यमा हिसाव मिलान गर्न अझ अप्ठ्यारो पर्ने तथा संस्थानहरुको वास्तविक वित्तीय अवस्था समेत चित्रण नहुने समस्या रहन्छ । त्यसैले, सम्बन्धित अभिलेखहरुलाई भिडाई शेयर तथा ऋण लगानीको रकम यकिन र दुरुस्त पार्नेतर्फ आवश्यक कार्यहरू सम्पन्न गर्नु पर्ने अपरिहार्यता रहेको छ ।

९.३४ वर्तमान खुला तथा उदार अर्थतन्त्रको परिप्रेक्षमा विद्यमान संस्थानहरूको उपादेयता, निरन्तरता वा खारेजी अथवा निजीकरण गर्नुपर्ने विषयमा आर्थिक वर्ष २०६३/६४ को बजेट वक्तव्यमा उल्लेख भए अनुसार एक उच्चस्तरीय सार्वजनिक संस्थान सुधार सुझाव समिति गठन भई उक्त समितिको अन्तिम प्रतिवेदन तयार हुने क्रममा छ । सो प्रतिवेदन प्राप्त भएपछि सेवाको निरन्तरता गर्नुपर्ने, खारेजी वा निजीकरण गर्नुपर्ने आदि विषयलाई समीक्षा गरी सम्बन्धित संस्थानहरूको विषयमा आवश्यक निर्णय लिनु पर्ने चुनौती विद्यमान छ ।

# १०. ऊर्जा तथा वन

## ऊर्जा

१०.१ आर्थिक वर्ष २०६१/६२ को तुलनामा आर्थिक वर्ष २०६२/६३ मा ऊर्जाको खपत १.६७ प्रतिशतले कमी आई ८ हजार ४ सय ७८ टन तेल शक्ति बराबर भएको छ । आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा यो खपत ५ हजार ६ सय ५२ टन तेल शक्ति बराबर रहेको छ ।

१०.२ ऊर्जाको स्रोतलाई परम्परागत, व्यापारिक एवं नवीकरणीय गरी तीन भागमा विभाजन गरी हेर्दा आर्थिक वर्ष २०६२/६३ मा परम्परागत, व्यापारिक एवं नवीकरणीय ऊर्जा खपत अनुपात क्रमशः ८५.८५ प्रतिशत, १३.५४ प्रतिशत र ०.६१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा सो अनुपात क्रमशः ८५.८५ प्रतिशत, १३.५५ प्रतिशत र ०.६ प्रतिशत रहेको छ । यसबाट परम्परागत ऊर्जा माथिको नेपाली अर्थतन्त्रको उच्च निर्भरता गत वर्ष झैं यस वर्ष पनि कायमै रहेको स्पष्ट हुन्छ ।

१०.३ आर्थिक वर्ष २०६२/६३ मा परम्परागत ऊर्जाको खपतमध्ये दाउराबाट ८८.६८ प्रतिशत, कृषिजन्य अवशेषबाट ४.८५ प्रतिशत र पशुजन्य अवशेषबाट ६.४७ प्रतिशत खपत रहेकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा समेत सो अनुपात यथावत् नै रहेको छ । आर्थिक वर्ष २०६२/६३ मा व्यापारिक ऊर्जाको खपतमध्ये पेट्रोलियम पदार्थको ५८.५४ प्रतिशत, कोइलाको २२.७४ प्रतिशत र विद्युत्को १८.८१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा ऊर्जा खपत अनुपात पेट्रोलियमको ५८.४८ प्रतिशत र कोइला तथा विद्युत्को खपत क्रमशः २२.७२ प्रतिशत र १८.८० प्रतिशत रहेको छ ।

१०.४ आर्थिक वर्ष २०६२/६३ मा कुल ऊर्जा आपूर्तिको खपत अनुपात घरेलु प्रयोगतर्फ ८९.२१ प्रतिशत, औद्योगिक क्षेत्रतर्फ ४.५१ प्रतिशत, व्यापारिक प्रयोगतर्फ १.५१ प्रतिशत, यातायाततर्फ ३.७१ प्रतिशत र कृषि र अन्य क्षेत्रतर्फ क्रमशः ०.८१ प्रतिशत र ०.२१ प्रतिशत रहेकोमा चालू आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा घरेलु प्रयोगतर्फ ८९.२१ प्रतिशत, औद्योगिक क्षेत्रतर्फ ४.५१ प्रतिशत, व्यापारिक क्षेत्रतर्फ १.५१ प्रतिशत, यातायाततर्फ ३.७१ प्रतिशत, कृषिमा ०.८१ प्रतिशत र अन्य क्षेत्रतर्फ ०.२१ प्रतिशत रहने अनुमान छ ।

## विद्युत्

१०.५ आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा देशभरमा विभिन्न आयोजनाहरूबाट जम्मा ५५६.४०० मेगावाट (देशको सम्भाव्य कुल क्षमताको ०.६७ प्रतिशत) विद्युत् उत्पादन गर्न सकिएको छ । उत्पादित जलविद्युत् मध्ये ५५०.२२५ मेगावाट विद्युत् राष्ट्रिय ग्रीडमा जोडिएको छ भने बाँकी राष्ट्रिय ग्रीडमा आवद्ध नभएका साना जलविद्युत् केन्द्रहरुबाट उत्पादित विद्युत्ले स्थानीयस्तरमा विद्युत् सेवा पुऱ्याएका छन् । त्यसैगरी, तापीय विद्युत् केन्द्रहरूबाट कुल ५५.०२८ मेगावाट र सौर्यशक्ति केन्द्रहरूबाट उत्पादन भएको १०० किलोवाटसमेत कुल विद्युत् उत्पादन ६११.५२९ मेगावाट पुगेको छ । हालसम्म नेपालका ७५ वटै जिल्लामा विद्युत् सेवा पुगिसकेको छ ।

१०.६ आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा जल विद्युत् थप गर्दै लाने क्रममा जर्मन सरकारको सहयोगमा लमजुङ्ग जिल्लामा मध्यमर्स्याङदी जलविद्युत् आयोजना (७०.० मेगावाट) को निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने सुदूरपश्चिमको दार्चुला जिल्लामा

चमेलिया जलविद्युत् आयोजना (३० मेगावाट) र मकवानपुर जिल्लामा कुलेखानी तेस्रो जलविद्युत् आयोजना (१४ मेघावाट) को निर्माण प्रक्रिया अगाडि बढेको छ । सौर्य शक्तिबाट मात्र विद्युत् उपलब्ध भइरहेको हुम्ला र मुगुमा भरपर्दो विद्युत् सेवा पुऱ्याउन क्रमश: ५०० र ४०० किलोवाट क्षमताको हेल्दुङ्ग र गमगाड साना जलविद्युत् आयोजनाहरूको निर्माण चालू छ ।

१०.७ विद्युत् उत्पादनमा गत वर्षहरूमा जस्तै आर्थिक वर्ष २०६३/६४ मा पनि निजीक्षेत्रको उत्साह सन्तोषजनक देखिएको छ । निजीक्षेत्रबाट निर्माण भइरहेका विद्युत् आयोजनाहरू क्रमिकरूपमा सम्पन्न भई सञ्चालनमा आउन थालेका छन् । यसै क्रममा खुदी (३.४५ मेगावाट) र बरम्ची (०.९९९ मेगावाट) जलविद्युत् आयोजना पूरा भई उत्पादन भइरहेको छ भने शाली नदी (०.२३२ मेगावाट) र फेमेखोला (०.९९५ मेगावाट) यसै आर्थिक वर्षको अन्त्यसम्ममा निर्माण कार्य पूरा भई उत्पादन सुरु हुनेछ । त्यस्तै, तल्लो चाकू (१.७६५ मेगावाट), सेती दोस्रो (०.९७९ मेगावाट), रिडी खोला (२.४ मेगावाट), नारायणी शंकर वायोमास (०.५ मेगावाट), माई खोला (२.४ मेगावाट) र फावा खोला (२.०७९ मेगावाट) बाट उत्पादन हुने विद्युत् खरिद गर्ने सम्बन्धमा विद्युत् खरिद सम्झौता भएको छ । विद्युत् खरिद सम्झौता भएकामध्ये सिस्ने खोला (०.७५ मेगावाट), थोपाल खोला (१.४ मेगावाट) र तल्लो न्यादि (४.५ मेगावाट) आयोजनाहरूको निर्माण चालू छ ।

१०.८ विद्युतीकरणको विस्तार गर्दै लाने क्रममा आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा उच्च भोल्टेज प्रसारण लाइन १३२ केभी २०७६ सर्किट किलो मिटर, ६६ केभी स्तरमा ५८६ सर्किट किलो मिटर, ६६ केभी अण्डरग्राउण्ड केवल ७ सर्किट किलो मिटर र ३३ केभी स्तरका २४८५ किलो मिटर लाइन चालू रहेका छन् । हाल १३२ केभी तर्फ परवानीपुर-पथलैया (२० किलो मिटर) तथा ३३ केभी तर्फ इलाम-फिदिम-ताप्लेजङ्ग (९० कि.मि.), सितलपाटी-मुसीकोट (५० कि.मि.), वुइपा-ओखलढुंगा (२९ कि.मि.), छिन्चु-राकम-जाजरकोट (७० कि.मि.), घोराही-होलेरी (४५ कि.मि.) र उदीपुर-वेशीसहर-मनाङ (९० कि.मि.), दिपायल-साँफेवगर-मान्म-जुम्ला (१०० किलो मिटर) र धनकुटा-हिले-लेगुवा-भोजपुर (५० किलो मिटर) प्रशासण लाइनहरू निर्माणाधीन रहेका छन् । भारतसँगको ५० मेगावाटसम्मको विद्युत् आदान-प्रदान भइरहेकोमा सो क्षमतालाई बढाउने सैद्धान्तिक सहमति भएबमोजिम थप विद्युत् आदान-प्रदान गर्न नेपाल-भारत सीमाका थप ४ विन्दुमा प्रशारण लाइन बनाउने लक्ष्य रहेको छ । सो अनुसार ४०० केभी क्षमताका दुहवी-जोगवनी, बुटवल-सुनौली, ढल्केवार-भित्तामोड र अनारमनी-काकडभित्ता प्रसारण लाइनहरू बनाउन आवश्यक अध्ययन एवं तयारीका कार्यहरू भइरहेको छन् । बढ्दो शहरीकरणले गर्दा काठमाडौ उपत्यकाको विद्युत् प्रसारण क्षमता सुदृढीकरण गर्न १३२ केभी क्षमताको "रिंगमेन" प्रसारण लाइन बनाउने सिलसिलामा एशियाली विकास बैंकको ऋण सहयोगमा थानकोट-चापागाउँ-भक्तपुर १३२ केभी प्रसारण लाइनको निर्माण अन्तिम चरणमा पुगेको छ । विद्यमान खिम्ती, भोटेकोशी जलविद्युत् केन्द्रहरू लगायत त्यस भेग (सिन्धुपाल्चोक, दोलखा) मा बन्ने नयाँ आयोजनाहरूको विद्युत् शक्ति नेपालको पूर्वी क्षेत्रमा प्रसारण गर्न खिम्ती-ढल्केवार २२० केभी प्रसारण लाइन (७५ कि.मि.) को निर्माण विश्व बैंकको सहयोगमा सुरु भएको छ ।

१०.९ विद्युत् वितरणतर्फ नेपाल सरकार एवं नेपाल विद्युत् प्राधिकरणको आफ्नो स्रोतबाट विद्युत् सेवा पुगेका सबै जिल्लामा विद्युतीकरण विस्तार गर्ने कार्य जारी राखिएको छ । डेनमार्क सरकारको सहयोगमा कैलाली र कञ्चनपुर जिल्लामा पहिलो चरणको विद्युतीकरणको कार्यसम्पन्न भई हाल दोस्रो चरणको कार्य चलिरहेको छ । २७ जिल्लाका थप स्थानहरूमा विद्युतीकरण गर्न एशियाली विकास बैंकको सहयोगमा कार्य चालू रहेको छ भने भक्तपुर,

ललितपुर, नुवाकोट, धादिङ र काभ्रेपलाञ्चोकलगायतका जिल्लाहरूका थप स्थानहरूमा विद्युतीकरण गर्न विश्व बैंकसँग ऋण सम्झौता भई प्रारम्भिक कार्य सुरु भएको छ।

१०.१० विद्युत् विस्तार गर्ने क्रममा जनसहभागितामा आधारित सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम अन्तर्गत समुदायमा आधारित १ सय ४९ संस्थाहरूको सहभागीतामा १ लाख ३५ हजार घर परिवारहरूमा विद्युत् सेवा पुग्ने गरी विद्युतीकरणको कार्य चालू रहेको छ।

१०.११ जल विद्युत्को सम्भाव्यता एवं विस्तृत अध्ययनतर्फ विभिन्न कार्यहरू जारी रहेका छन्। विद्युत् शक्तिको माग आपूर्ति गर्न आवश्यक हुने अन्य सम्भाव्य आयोजनाहरूको पहिचान गर्ने कार्य जारी राखिएको छ। राष्ट्रिय विद्युत् प्रणालीमा विद्यमान माग र आपूर्तिमा मौसमी असन्तुलन हटाउन जलासययुक्त आयोजनाको कार्यान्वयन आवश्यक भएकोले हालसम्मको अध्ययनबाट आकर्षक देखिएको १ सय २२ मेगावाट क्षमताको माथिल्लो सेती जलासययुक्त आयोजनाको विस्तृत अध्ययनका लागि श्रोत जुटाउने प्रयास भइरहेको छ। यसै गरी आकर्षक देखिएका थप जलासययुक्त आयोजनाहरू पहिचान गरी सम्भाव्य अध्ययन गर्ने क्रममा उत्तर गंगा (वाग्लुङ्ग), नलसियाउगढ (जाजरकोट) आयोजनाहरूको पूर्व सम्भाव्यता अध्ययन तथा सेती त्रिसुली (तनहुँ) आयोजनाको पहिलो चरणको सम्भाव्यता अध्ययन सम्पन्न भएको छ। माथिल्लो तामाकोशी जलविद्युत् आयोजनालाई अगाडि बढाउन लगानी जुटाउने कार्यको साथै आयोजना पूर्वाधारका कार्यहरू विस्तृत अध्ययन तथा प्रवेश मार्ग निर्माण कार्य चालू रहेको छ। माथिल्लो त्रिशुली III (ए) र माथिल्लो त्रिशुली III (वी) को सम्भाव्यता अध्ययन चालू रहेको छ।

१०.१२ आर्थिक वर्ष २०६२/६३ मा जलविद्युत् उत्पादन २४९५.०९ गेगावाट घण्टा, तापीय विद्युत् उत्पादन १७.१ गेगावाट घण्टा र भारतबाट पैठारी २६६.२२ गेगावाट घण्टा गरी कुल विद्युत् आपूर्ति २७७७.४१ गेगावाट घण्टा विद्युत् आपूर्ति भएको मध्ये १९६५.३ गेगावाट घण्टा आन्तरिक खपत भएको र १०१.०० गेगावाट घण्टा भारत निकासी भएकोमा आर्थिक वर्ष २०६३/६४ मा कुल जलविद्युत् उत्पादन २६८७.६० गेगावाट घण्टा, तापीय विद्युत् उत्पादन २७.० गेगावाट घण्टा र भारतबाट पैठारी ३८०.० गेगावाट घण्टा गरी जम्मा ३०९४.६ गेगावाट घण्टा विद्युत् उपलब्ध हुने अनुमान छ। उपलब्ध विद्युत्मध्ये आन्तरिक खपत २१९७.३४२ गेगावाट घण्टा र निकासी १६५.० गेगावाट घण्टा हुन सक्ने अनुमान गरिएको छ।




* माघ मसान्तसम्मको अनुमानित

१०.१३ आर्थिक वर्ष २०६२/६३ मा क्षेत्रगत हिसाबमा विद्युत् ऊर्जाको उपयोग उद्योग क्षेत्रले ३८.८८ प्रतिशत, गार्हस्थ्य क्षेत्रले ३९.२१ प्रतिशत, व्यापारिक क्षेत्रले ५.९७ प्रतिशत र निर्यात ४.८९ प्रतिशत, विविध क्षेत्रले ११.०५ प्रतिशत गरेकामा आर्थिक वर्ष २०६३/६४ मा औद्योगिक क्षेत्रले ३९.१८ प्रतिशत, गार्हस्थ्य (Household) क्षेत्रले ३७.४४ प्रतिशत, व्यापारिक क्षेत्रले ५.६५ प्रतिशत, निर्यात ६.९८ प्रतिशत र विविध क्षेत्रले १०.७५ प्रतिशत उपभोग गर्ने अनुमान गरिएको छ।

१०.१४ प्रत्येक वर्ष विद्युत् उपभोग गर्ने ग्राहकहरूको संख्या वृद्धि हुँदै गइरहेको छ। आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा १२ लाख ७९ हजार ९ सय २ रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा ९.५४ प्रतिशतले वृद्धि भई १४ लाख २ हजार ग्राहक संख्या पुग्ने अनुमान छ।

## पेट्रोलियम पदार्थ

१०.१५ आर्थिक वर्ष २०६२/६३ मा पेट्रोलियम पदार्थको खपतमा ४.२८ प्रतिशतले कमी आई ६ लाख ७० हजार २ सय ७५ किलो लिटर र एल.पी. ग्याँसको खपतमा ४.३९ प्रतिशतले वृद्धि भई ८१ हजार ५ मेट्रिक टन भएको छ। आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा पेट्रोलियम पदार्थ र एल.पी. ग्याँस खपत क्रमशः ४ लाख ५६ हजार २ सय १४ किलो लिटर र ५१ हजार २ सय १७ मेट्रिक टन रहेकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा पेट्रोलियम पदार्थको खपतमा ६.५८ प्रतिशतले कमी आई ४ लाख २६ हजार १ सय ७९ किलो लिटर र एल.पी. ग्याँसको खपतमा ९.३१ प्रतिशतले वृद्धि भई ५९ हजार ३२ मेट्रिक टन पुगेको छ।

१०.१६ पेट्रोलियम पदार्थहरूको खपतको अधिकांश हिस्सा डिजेल, मट्टितेल, पेट्रोल र हवाई इन्धनले ओगटेको छ। आर्थिक वर्ष २०६२/६३ मा एल.पि. ग्याँसबाहेक पेट्रोलियम पदार्थको खपतमा डिजेल, मट्टितेल, पेट्रोल र हवाई इन्धनको अंश क्रमशः ४३.९१ प्रतिशत, ३३.८१ प्रतिशत, १२.०८ प्रतिशत र ९.५९ प्रतिशत रहेको देखिन्छ। यस आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनाको खपतलाई हेर्दा सो अनुपात डिजेलको ४४.१० प्रतिशत, पेट्रोलको १४.८६ प्रतिशत, मट्टितेलको ३०.२६ प्रतिशत र हवाई इन्धन १०.१५ प्रतिशत रहेको छ।

१०.१७ पेट्रोलियम पदार्थको कारोवार गर्दै आएको एक मात्र संस्था नेपाल आयल निगमको पेट्रोलियम पदार्थको भण्डारण क्षमता ७०,८९८ किलो लिटर रहेको छ जुन औसत खपतको हिसाबले करिब २५ दिनको लागि पुग्ने देखिन्छ। बढ्दो खपतको आधारमा भण्डारण क्षमता वृद्धि गर्नुपर्ने र दशौं पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेको लक्ष्यअनुरूप निगमको भण्डारण क्षमता १,००,००० किलो लिटर पुऱ्याउनु पर्ने देखिन्छ। साथै, देशभरमा खपत हुने पेट्रोलियम पदार्थको करिब ६५.० प्रतिशत इण्डियन आयल कर्पोरेशनको रक्सौल डिपोबाट आयात हुने गरेको र मौजुदा रक्सौल डिपोको लोडिङ क्षमता एवं रक्सौलदेखि वीरगञ्ज भन्सार क्षेत्रसम्मको विभिन्न सवारी साधनहरूको चापलाई दृष्टिगत गर्दा पेट्रोलियम पदार्थको ढुवानीको वैकल्पिक व्यवस्था गर्नु अपरिहार्य भइसकेको छ।

१०.१८ पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय बजारमा भएको मूल्य अनुपातमा आर्थिक वर्ष २०६२/६३ र आर्थिक वर्ष २०६३/६४ मा सो मूल्य समायोजन हुन नसकेकाले निगम घाटामा रहेको र यसबाट निगमले पेट्रोलियम पदार्थको आयात सञ्चय र विक्री वितरणबाहेक अन्य भौतिक पूर्वाधारको विकास गर्न सकेको छैन।

## कोइला

१०.१९ आर्थिक वर्ष २०६२/६३ मा कोइलाको खपतमा अघिल्लो आर्थिक वर्षको तुलनामा ७१.७१ प्रतिशतले वृद्धि भई २६१ टन तेल शक्ति बराबर भएकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा कोइलाको खपत २६१ टन तेल शक्ति बराबर भएको छ ।

## वैकल्पिक ऊर्जा

१०.२० नेपालमा वैकल्पिक/नवीकरणीय ऊर्जा प्रविधिको दिगो विकास गरी ग्रामीण क्षेत्रमा ऊर्जाको आपूर्ति गर्ने, ऊर्जा प्रविधिबाट विभिन्न स-सना उद्योग तथा व्यवसायहरू सञ्चालन गरी खासगरी ग्रामीण जनताको आर्थिक-सामाजिक स्थितिमा सुधार ल्याउने, क्षेत्रीय सन्तुलन कायम गर्ने तथा वन विनाशबाट ग्रामीण क्षेत्रमा देखिएको वातावरणीय समस्यालाई न्यून गर्ने उद्देश्यअनुरूप नेपाल सरकारले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत वैकल्पिक ऊर्जा प्रविधिको नीति निर्माणमा नेपाल सरकारलाई आवश्यक सहयोग तथा परामर्श दिने, अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमहरू तर्जुमा गर्ने, ऊर्जासँग सम्बन्धित विभिन्न संघ-संस्थाहरूलाई समन्वय गरी कार्यक्रम कार्यान्वयन गराउने, कार्यक्रमको गुणस्तर नियन्त्रण, अनुगमन तथा मूल्यांकन गर्ने आदि कार्यहरू गर्दै आइरहेको छ ।

१०.२१ नवीकरणीय ऊर्जा जस्तै वायोग्याँस, लघु जलविद्युत्, सौर्य ऊर्जा, सुधारिएको चुलो, वायु ऊर्जा, सुधारिएको पानी घट्ट आदिको अधिकतम उपयोगबाट वातावरण संरक्षण तथा दिगो ग्रामीण विकासमा टेवा पुऱ्याउन नेपाल सरकारले विगतदेखि नै ग्रामीण क्षेत्रमा नवीकरणीय ऊर्जा विकासको लागि अनुदान उपलब्ध गराउँदै आइरहेकोमा विकासको प्रभावलाई अझ वृद्धि गर्न, सेवालाई छिटो तथा सरलरूपमा पुऱ्याउन र सामाजिकरूपमा पिछडिएका तथा ग्रामीण गरिब जनताको पहुँचमा वृद्धि गराउन विगतको नवीकरणीय ऊर्जा अनुदान व्यवस्थालाई परिमार्जन गरी नवीकरणीय (ग्रामीण) ऊर्जा अनुदान व्यवस्था, २०६३ तर्जुमा गरिएको छ । त्यसैगरी, उक्त अनुदान व्यवस्थाको समुचित तथा सरल किसिमबाट परिचालन गर्न नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०६३ स्वीकृत गरी लागू गरिएको छ ।

१०.२२ नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास तथा विस्तारको लागि नेपाल सरकार तथा विभिन्न अन्तर्राष्ट्रिय दातृ संस्थाहरूबाट अनुदानको लागि प्राप्त हुने आर्थिक स्रोतहरूलाई व्यवस्थित, सरल, छिटो छरितोरूपमा परिचालन गर्न तथा आवश्यक ऋणको लागि बैंकहरूसँग समन्वय गरी ऋणको व्यवस्था गर्न यस वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत ग्रामीण ऊर्जा कोषको स्थापना गरी सञ्चालन भइरहेको छ । हाल उक्त कोषको स्थापनाले विशेष गरी ग्रामीण जनताको नयाँ तथा दिगो ऊर्जा प्रणालीहरूमा पहुँच वृद्धि भई राष्ट्रिय विद्युत् प्रसारणबाट विद्युत् सेवा पुग्न नसकेका ठाउँहरूमा विद्युत् सेवा पुगी शिक्षा, स्वास्थ्यमा सुधार हुनुको साथै आय आर्जन तथा रोजगारीमा प्रत्यक्ष योगदान पुगी जीवनस्तरमा उल्लेखनीय सुधार भएको छ ।

१०.२३. ग्रामीण क्षेत्रमा स्वच्छ र किफायती ऊर्जाको पहुँच पुऱ्याई परम्परागत ऊर्जा माथिको निर्भरतामा कमी ल्याई वातावरणको संरक्षण गर्ने, ग्रामीण ऊर्जाको विकासबाट रोजगारी एवं उत्पादकत्वमा वृद्धि गर्ने, ग्रामीण ऊर्जालाई सामाजिक तथा आर्थिक क्रियाकलापहरूसँग आवद्ध गरी ग्रामीण जनताको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यअनुरूप ग्रामीण ऊर्जा नीति, २०६३ स्वीकृत गरी लागू गरिएको छ । यसबाट स्वच्छ, भरपर्दो तथा उपयुक्त ऊर्जाको पहुँच ग्रामीण क्षेत्रमा पुगी ग्रामीण गरिबी न्यूनीकरण र वातावरण संरक्षणमा योगदान पुग्ने देखिन्छ ।

१०.२४ हाल नवीकरणीय तथा वैकल्पिक ऊर्जा कार्यक्रमहरूको उल्लेखनीयरूपमा प्रवर्द्धन, विकास तथा विस्तार भइरहेको परिप्रेक्षमा वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समितिमा निजी तथा गैर सरकारी संस्थाको प्रतिनिधि संख्यामा वृद्धि गराई बढी संस्थागत स्वायत्व प्रदान गर्ने उद्देश्यअनुरूप यससम्बन्धी गठन आदेश संशोधन गरिएको छ । यसबाट नेपालको ऊर्जा क्षेत्रको द्रुतगत तथा दिगो विकासको लागि महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

१०.२५ नवीकरणीय तथा वैकल्पिक ऊर्जा क्षेत्रको संस्थागत सुदृढीकरण गरी प्रविधिको दिगो विकास गर्ने उद्देश्यअनुरूप डेनिस तथा नर्वे सरकारले आगामी ५ वर्षमा ऊर्जा क्षेत्र सहयोग कार्यक्रमको दोस्रो चरणमा यससम्बन्धी कार्यक्रम राखी यसको लागि सम्झौतासमेत भइसकेको छ । यसबाट नेपालको नवीकरणीय ऊर्जा क्षेत्रमा कार्यरत संस्थाहरूको संस्थागत तथा संरचनात्मक सुधारमा उल्लेखनीय प्रगति भई नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धन, विकास तथा विस्तारमा टेवा पुग्ने देखिन्छ ।

## गोबरग्याँस

१०.२६ आर्थिक वर्ष २०६२/६३ को प्रथम ८ महिनामा कुल २ हजार ३ सय ३० वटा गोबरग्याँस प्लाण्ट स्थापना भएकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा गोबरग्याँस प्लान्टको स्थापना कार्यमा ३.० प्रतिशतले कमी आई २ हजार २ सय ६२ वटा प्लान्ट स्थापना भएका छन् । गोबरग्याँस कार्यक्रमलाई खासगरी गरिब जनताको पहुँचमा पुऱ्याई खाना पकाउने स्वच्छ ग्याँसको साथै यसबाट निस्कने लेदोमल (स्लरी) बाट गुणस्तरीय कम्पोष्ट मल तयार गरी उपलब्ध गराउन गोवरग्याँस प्लाण्ट निर्माणको लागि सस्तो ब्याजदरमा छिटो, सरल तथा व्यवस्थितरूपमा ऋण उपलब्ध गराउने उद्देश्यअनुरूप वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा वायोग्याँस कर्जा इकाइ स्थापना गरिएको छ ।

**तालिका १० (क) : नेपालमा वैकल्पिक ऊर्जा/गोवरग्याँसको अवस्था**

| क.स. | क्रियाकलापको विवरण | २०६२/६३ को प्रगति | आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनाको प्रगति |
|---|---|---|---|
| १. | सोलार ड्रायर/कुकर वितरण (संख्यामा) | १५० | २७९ |
| २. | गोवरग्याँस प्लान्ट जडान (संख्यामा) | १८००० | २२६२ |
| ३. | सुधारिएको चुलो जडान (संख्यामा) | ४०००० | १३६७० |
| ४. | घरेलु सौर्य ऊर्जा विद्युत् प्रणाली जडान (संख्यामा) | २०००० | ९८५९ |
| ५. | सुधारिएको पानी घट्ट जडान (संख्यामा) | १२०० | ३०६ |
| ६. | लघु जलविद्युत् उत्पादन (किलोवाट) | २०७५ | १०४२.१५ |
| ७. | सौर्य खानेपानी तथा लघु सिँचाइ आयोजना स्थापना (संख्यामा) | १६२ | - |

स्रोत : वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

## वन

१०.२७ सामाजिक सशक्तिकरण, लैङ्गिक समानता, सामाजिक न्याय र समता एवं सुशासन कायम गरी गरिब, महिला र विपन्न वर्गका जनताको जीवनस्तरमा सुधार गर्न सामुदायिक र कवुलियती वन जस्ता कार्यक्रमहरू एकीकृतरूपमा सञ्चालन गर्ने गरिएको छ । सामुदायिक वन कार्यक्रमद्वारा वृहत् आर्थिक विकासका आधारहरू बढाउन, सामाजिक सशक्तिकरण, लैङ्गिक समानता, सामाजिक न्याय र समता एवं सुशासन कायम गरी सामुदायिक वनमा विपन्न महिला तथा दलित वर्गको सहभागिता बढाउन महिलावर्गको प्रतिनिधित्व बढाउने नीतिअनुरूप यसमा महिलाहरू सहभागी भएका छन् ।

१०.२८ राष्ट्रिय वनको वैज्ञानिक व्यवस्थापन गरी सार्वजनिक राजस्व बढाउन तथा राष्ट्रिय उत्पादन अभिवृद्धि गर्न वन स्रोतको अधिकतम उपयोग गर्ने उद्देश्यले वन व्यवस्थापन कार्ययोजना लागू भई कार्यान्वयन भइरहेको छ । वनको वैज्ञानिक व्यवस्थापन गरी वन पैदावारको यथोचित बिक्री वितरणद्वारा यस क्षेत्रको उत्पादकत्व बढाउन पाँचवर्षे वन कार्ययोजना स्वीकृत भई कार्यान्वयन भइरहेको छ ।

१०.२९ स्थानीयस्तरदेखि नै सरोकारवालाहरूको सक्रिय सहभागितामा सामुदायिक वन, कबुलियती वन र साझेदारी वनसम्बन्धी कार्यक्रमहरूको पहिचान गरी सोबमोजिम कार्यक्रमहरू तर्जुमा गर्ने परिपाटीको विकास गरिएको छ । वातावरण तथा प्रजातीय विकासका लागि विभिन्न वन विकास आयोजना कार्यान्वयनमा ल्याइएका छन् । यस्ता वन विकास आयोजनामा सिन्धु-काभ्रे वन विकास आयोजना, राष्ट्रिय तथा कबुलियती वन विकास कार्यक्रम (१२ जिल्ला), सामुदायिक वन विकास कार्यक्रम (३८ जिल्ला), जीविकोपार्जनका लागि वन कार्यक्रम (१५ जिल्ला), दोलखा-रामेछाप सामुदायिक वन विकास परियोजना र पहाडी कबुलियती वन तथा चरन विकास आयोजना रहेका छन् । त्यस्तै, वातावरणलाई सन्तुलन राख्न तथा जैविक विविधता संरक्षण एवं जलचर प्राणीको सुरक्षित वासका लागि विभिन्न भू-संरक्षण तथा जलाधार संरक्षण आयोजना कार्यान्वयनमा रहेका छन् ।

१०.३० वनस्पति स्रोत तथा जडीबुटीहरूको संरक्षण तथा विकासमा महत्वपूर्ण वनस्पतिहरूको अनुसन्धान गर्दै खेती प्रविधि विकास गर्ने साथै देशभित्र पाइने र लोप हुन लागेका वनस्पति/जडीबुटीहरूको संरक्षण, अनुसन्धान तथा दिगो व्यवस्थापनका कार्यक्रममार्फत जनतामा सेवा पुऱ्याउँदै जनसहभागितामा जोड दिने नीतिअनुरूप वनस्पति तथा जडीबुटी स्रोतको अनुसन्धान तथा विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन भएका छन् ।

**मञ्जुषा १० (क) : वन तथा वनस्पति संरक्षण, विकास सम्बन्धमा सञ्चालित केही कार्यक्रमहरूको झलक**

१. सामुदायिक वन विकास कार्यक्रम (३८ जिल्ला)
- उपभोक्ता समिति - २३१ वटा
- वन कार्ययोजना तयार गरी वन हस्तान्तरण - २५८ वटा

२. कबुलियती वन तथा पशु विकास कार्यक्रम
- कबुलियती वन क्षेत्र सीमाङ्कन - १०६ कि.मी.

३. राष्ट्रिय तथा कबुलियती वन कार्यक्रम (१२ जिल्ला)

४. जिवीकोपार्जनका लागि वन कार्यक्रम (१५ जिल्ला)

५. दोलखा रामेछाप सामुदायिक वन विकास
- उपभोक्ता समूह गठन - १४ वटा
- वन कार्ययोजना तयारी तथा वन हस्तान्तरण - ६ वटा

६. सिन्धु काभ्रे वन विकास आयोजना
- उपभोक्ता समूह गठन - २० वटा
- वन कार्ययोजना तयारी तथा वन हस्तान्तरण - ३ वटा

७. चुरिया वन विकास कार्यक्रम (३ जिल्ला)
- उपभोक्ता समूह गठन - २६ वटा
- वन कार्ययोजना तयारी तथा वन हस्तान्तरण - ४२ वटा

८. वन सम्बर्द्धन तथा वृक्ष सुधार

९. पहाडी कबुलियती वन तथा चरन विकास आयोजना
- कबुलियती वन क्षेत्र सीमाङ्कन - १५३ कि.मी.

१०. प्राकृतिक स्रोत व्यवस्थापन सुशासन कार्यक्रम
- उपभोक्ता समूह गठन - ५० वटा

१०.३१ अति महत्त्वपूर्ण तर लोप हुँदै जान लागेका जडीबुटीहरूको उपयुक्त प्रविधिसम्बन्धी अनुसन्धान र तथ्याङ्क सङ्कलन गरी त्यस्ता प्रजातिहरूको संरक्षण र दिगो व्यवस्थापनमा जोड दिई हिमाली एवं पहाडी क्षेत्रहरूमा रोजगारी अभिवृद्धि, निकासी प्रवर्द्धन एवं आय आर्जनको प्रमुख स्रोतको रूपमा जडीबुटी उत्पादन, प्रशोधन एवं बजार व्यवस्थापनमा सम्बन्धित निकायहरू र निजी क्षेत्रसमेतको सहभागितामा राष्ट्रिय कार्यक्रम अगाडि ल्याउने कार्यक्रमअनुरूप वनस्पति अनुसन्धान तथा विकासमा जोड दिएको छ ।

१०.३२ संरक्षित क्षेत्र अन्तर्गत (मध्यवर्ती क्षेत्र सामुदायिक वन विकास कार्यक्रम) पर्सा वन्य जन्तु आरक्षको २ सय ९८ वर्ग किलो मिटर क्षेत्रफल मध्यवर्ती क्षेत्र घोषणा गरिएको छ ।

## चुनौतीहरू

१०.३३ प्राकृतिक सम्पदामा चाप बढेर वन विनाशको क्रम बढ्न गई प्राकृतिक सन्तुलनमा प्रतिकूल असर पर्ने देखिएकोले यस प्रकारको जोखिमलाई प्रतिस्थापन गर्न निर्माणाधीन विद्युत् आयोजनाको निर्माण कार्य यथासम्भव छिटो सम्पन्न गरी जनतालाई सर्वसुलभ ढङ्गबाट उचित मूल्यमा विद्युत् सेवाको आपूर्ति गर्नु चुनौतीको रूपमा रहेको छ ।

१०.३४ देशमा विद्यमान वैकल्पिक ऊर्जा प्रवर्द्धनका प्रमुख क्षेत्रहरूमा वायोग्याँस, लघु जलविद्युत्, सौर्य शक्ति तथा वायुशक्ति रहेता पनि यस्ता स्रोतहरूको अपेक्षित परिमाणमा उपयोग गर्न सकिएको छैन । यसरी वैकल्पिक ऊर्जाका स्रोतहरूको समुचित विकास हुन नसक्नुमा आर्थिक स्रोतको पर्याप्त व्यवस्था हुन नसक्नु तथा शान्ति सुरक्षाको स्थितिमा अपेक्षित सुधार हुन नसक्नु जस्ता पक्षहरू चुनौतीकै रूपमा रहेका छन् ।

१०.३५ आर्थिक विकासका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिएको जल विद्युत् उत्पादन क्षेत्रको समूचित उपयोग हुन नसकी अधिकांश जनताहरू विद्युत् सेवाको पहुँचबाट बाहिरिएका छन् भने उत्पादित जलविद्युत्को उच्च लागतका कारण निर्यातको सम्भावनासमेत न्यून रहेको छ । यसर्थ, उपलब्ध सम्पदाको समुचित उपयोग गरी विद्युत्को घरेलु माग पूर्ति गर्नुका साथै विद्युत् उत्पादनमा लागत घटाउने प्रविधिको खोजी तथा उपयोग गरी भविष्यमा यसको निर्यात बढाई राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने कार्य चुनौतीको रूपमा रहेको छ ।

# ११. यातायात तथा सञ्चार

## सडक यातायात

११.१ सडक यातायाततर्फ दशौं पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा ७० वटा जिल्ला सदरमुकामसम्म मोटरबाटो पुऱ्याउने लक्ष्य रहेकोमा हालसम्म ६३ वटा जिल्ला सदरमुकाम सडक यातायातले जोडिएका छन् । आर्थिक वर्ष २०६३/६४ मा ७ वटा जिल्ला सदरमुकामसम्म मोटर बाटो पुऱ्याउने लक्ष्य रहेकोमा हालसम्म २ वटा जिल्ला सदरमुकाम (जुम्ला र कालिकोट) सम्म मात्र सडक यातायात पुऱ्याउन सकिएको छ भने आर्थिक वर्षको अन्त्यसम्ममा बझाङ र जाजरकोट जिल्ला सदरमुकाममा पनि सडक यातायात पुऱ्याउन सकिने देखिन्छ । आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा कालोपत्रे ५ हजार ४८ किलो मिटर, खण्डाश्मित ४ हजार ७ सय २७ किलो मिटर, कच्ची सडक ७ हजार ६ सय ५८ किलो मिटर गरी जम्मा १७ हजार ४ सय ३३ किलो मिटर सडक निर्माण भएकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा कालोपत्रे स्तरमा स्तरोन्नति १७४ किलो मिटर र खण्डाश्मितस्तरमा स्तरोन्नति ११ किलो मिटर भएको छ भने १६५ किलो मिटर नयाँ सडक निर्माण भई सडकको कुल लम्बाई १७ हजार ६ सय ९ किलो मिटर पुगेको छ ।

**तालिका ११ (क) : नेपालमा उपलब्ध सडक सुविधा**

(किलो मिटरमा)

| क्र.सं. | किसिम | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०६२/६३ | २०६३/६४* | आर्थिक वर्ष २०६३/६४सम्म** | |
| | | | | जम्मा | अंश प्रतिशत |
| १. | कालोपत्रे | ५०४८ | १७४ | ५२२२ | २९.७ |
| २. | खण्डाश्मित | ४७२७ | ११ | ४७३८ | २६.९ |
| ३. | कच्ची सडक | ७६५८ | १६५ | ७६४९ | ४३.४ |
| जम्मा : | | १७४३३ | ३५० | १७६०९ | १००.०० |

** आर्थिक वर्ष २०६३/६४ को फाल्गुण महिनासम्म सडक थप भएको*
*** २०६४ फाल्गुण मसान्तसम्मको जम्मा*
*द्रष्टव्य : सडक विभागबाट वनाइएका सडक मात्र समावेश गरिएको*
*स्रोत : सडक विभाग, बबरमहल, काठमाडौं*



## सवारी साधन

११.२ देशभरमा आर्थिक वर्ष २०४६/४७ देखि आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा ५ लाख २८ हजार ५ सय ७० वटा सवारी साधन रहेकोमा चालू आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा ५८ हजार ४ सय ८७ (११.०० प्रतिशत) ले वृद्धि भई सवारी साधनहरूको कुल संख्या ५ लाख ८७ हजार ५७ पुगेको छ । यसरी देशभर आर्थिक वर्ष २०६३/६४ को फाल्गुण मसान्तसम्ममा प्रति किलो मिटर ३३ वटा सवारी साधन पुगेको अनुमान छ । गत आर्थिक वर्षमा सरदर प्रति किलो मिटर ३० वटा सवारी साधन थिए ।

**तालिका ११ (ख) : सवारी साधनहरूको संख्या**

| किसिम | आर्थिक वर्ष | | कुल** | वृद्धि प्रतिशत (प्रथम आठ महिनाको) |
|---|---|---|---|---|
| | २०४६/४७ देखि २०६२/६३ सम्म | २०६३/६४* | | |
| बस | १४८५८ | ९८२ | १५८४१ | ६.६० |
| मिनीबस | ४९१९ | ४७७ | ५३९६ | ९.६९ |
| कार/जीप भ्यान | ८३३६९ | ३०१५ | ८६३८४ | ३.६१ |
| ट्र्याक्टर | ३३८६५ | १५५८ | ३५४२३ | ४.६० |
| मोटरसाइकल | ३४७४५२ | ४८७०४ | ३९०१५६ | १४.०१ |
| टेम्पो | ७३२३ | ५ | ७३२८ | ०.०६ |
| माइक्रो | १७६६ | १११ | १८७७ | ६.०० |
| ट्रक/टेंकर/डोजर/क्रेन/टिपर/ड्याम्फर | २९९२२ | १७३० | ३१६५२ | ५.०० |
| पिक अप | १०९५ | ३९० | १४८५ | ३५.०० |
| अन्य | ४००० | १५१५ | ५५१५ | ३७.०० |
| जम्मा | ५२८५७० | ५८४८७ | ५८७०५७ | |

* *आर्थिक वर्ष २०६३/६४ को फाल्गुण महिनासम्म थप भएको*
** *आर्थिक वर्ष २०४६/४७ देखि आर्थिक वर्ष २०६४ को फाल्गुण मसान्तसम्मको जम्मा*
*स्रोत : यातायात व्यवस्था विभाग, तीनकुने, काठमाडौं*

## अन्य यातायात

११.३ ट्रली बस तथा साझा यातायात सेवा नागरिक समाज र नगरपालिकाको अगुवाइमा सञ्चालनमा रहेका छन् । त्यस्तै, रेल्वे सेवा पनि सामान्यरूपमा सञ्चालित छ ।

## नीतिगत तथा संस्थागत प्रगति

११.४ योजनावद्धरूपमा यातायात विस्तारका लागि सडक सञ्जाल विकास योजना क्षमता विकास गर्न २० वर्षे सडक गुरु योजना तथा Business Plan तयार गरी लागू गरिनुका साथै पहिले तयार गरिएको १० वर्षे प्राथमिकता प्राप्त लगानी योजना (Priority Investment Plan) लाई समयानुकुल आवश्यकताअनुरूप परिमार्जन गरी लागू गर्ने प्रक्रियामा रहेको छ । यसको अतिरिक्त मध्यकालीन खर्च संरचना (MTEF) तयार गरी सोहीअनुरूप वार्षिक कार्यक्रम र बजेटबीच तालमेल ल्याई कार्यक्रममा निरन्तरता प्रदान गर्ने कार्य जारी राखिएको छ ।

११.५ योजनावद्ध मर्मत प्रक्रिया (Planned Maintenance) को विकासको लागि सुदृढ डिभिजन सडक कार्यक्रम (SMD Process), भू-वातावरण इकाई (Geo-environment Unit) पुल इकाई (Bridge Unit) खडा गरी यी इकाईमार्फत विविध कार्यहरू भइरहेका छन् ।

११.६ सडक तथा पुल निर्माण तथा मर्मत सम्भार कार्य व्यवस्थित ढङ्गबाट सञ्चालन गर्ने कार्यक्रम प्रभावकारीरूपमा अनुगमन तथा मूल्याङ्कन गर्नका लागि कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन

इकाई (Programm Monitoring and Evaluation Unit : PMEU) स्थापना गरी यसमार्फत मूल्यांकन तथा अनुगमन कार्य भइरहेको  छ ।

११.७ आयोजना सञ्चालनका क्रममा परामर्शदाता तथा ठेकेदारसँग पर्न जाने विवाद सम्पादन गर्नका लागि विवाद समाधान इकाई (Dispute Resolution Unit : DRU) खडा भई कार्य भइरहेको छ ।

११.८ गुणस्तरयुक्त निर्माण कार्य गर्न गराउनका लागि Geo-technical Manual, पुलको Standard Design Manual, निर्माण कार्यको स्पेसिफिकेशन तयार भएको छ भने सोहीअनुरूप मर्मत सुधार कार्य भइरहेको छ ।

११.९ गरिबी निवारण कार्यक्रमलाई टेवा पुऱ्याउन सडक निर्माण कार्यमा स्थानीय व्यक्तिहरूलाई प्रत्यक्ष संलग्न गराउने नीतिअनुरूप सडक निर्माण समूह (Road Build Group : RBG) र स्थानीय समुदायमा आधारित समूह (Community-based Organization : CBO) मार्फत सडक निर्माण कार्य अगाडि बढाइएको छ ।

११.१० वर्तमान अभिलेख प्रणालीलाई आधुनिकीकरण गरी कार्यान्वयन तथा अनुगमन कार्यलाई सुदृढीकरण गर्न कम्प्यूटर सूचना केन्द्रको स्थापना गरी विकास योजना तथा डिभिजनहरूबाट सहजरूपमा सूचना प्राप्त गर्न कम्प्यूटर नेटवर्क प्रणालीको स्थापना तथा आवश्यक Software विकास गर्ने कार्य भएको छ ।

११.११ सडक मर्मत सम्भारमा सडक प्रयोगकर्तालाई प्रत्यक्ष संलग्न गराउने उद्देश्यअनुरूप सडक प्रयोग गरेबापत उठेको रकमबाट नियमित मर्मत सम्भार गरी यातायात सेवाग्राहीलाई छिटो छरितो, भरपर्दो तथा सुरक्षित सेवा उपलब्ध गराउन सडक बोर्ड (Road Board) को स्थापना गरी कार्यान्वयनमा आएको छ ।

**मञ्जुषा ११ (क): यातायात क्षेत्रमा भएका विविध कार्य**

| क्र.सं. | सम्पादित प्रमुख कार्यहरू | प्रथम आठ महिनाको उपलब्धि |
|---|---|---|
| १ | ड्राइभिङ्ग प्रशिक्षण केन्द्र (संख्या) | |
| | दर्ता संख्या | ५२ |
| | नवीकरण संख्या | ४२ |
| २ | यातायात सेवा पञ्जिकरण | |
| ३ | विभिन्न मोडेलका सवारी साधन रुट इजाजतका लागि या.व्य.का. मा सिफारिश गरी पठाएको | १६६ |
| ४ | सवारी साधन दर्ता संख्या | ५४,६८७ |
| ५ | सवारी चालक अनुमतिपत्र (संख्या) | |
| | नयाँ वितरण संख्या | ५३,५३५ |
| | नवीकरण संख्या | ४०,०४६ |
| | प्रतिलिपि संख्या/समूह थप | ८,५०५/१५४ |
| | नेपालीकरण संख्या (अञ्चलीकरण) | ९६०/२३ |

## हवाई सेवा

११.१२ नेपालको भौगोलिक जटिलतालाई दृष्टिगत गरी हवाई यातायात सेवाको विस्तार तथा सुदृढीकरणको प्रयास आवधिक योजना तथा राष्ट्रिय हवाई नीतिअनुरूप जारी रहेको छ । नेपालमा नागरिक उड्डयनको विकास तथा विस्तार गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई

सम्पर्कको लागि हवाई उडान, हवाई सञ्चार, हवाई पथ प्रदर्शन (Air Navigation) र हवाई परिवहन (Air Transportation) सेवाहरूको सञ्चालनलाई सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरणले विभिन्न विकास तथा सुधार कार्य सुचारुरूपले सञ्चालन गरेको छ । साथै, व्यावसायिक सिद्धान्तअनुरूप प्राधिकरणले संस्थागत विकासका लागि संस्थागत सुदृढीकरणसम्बन्धी अध्ययन कार्य परामर्शदाताबाट सम्पन्न गराएको छ । त्यस्तै, राष्ट्रिय हवाई नीति, २०६३ नेपाल सरकारबाट स्वीकृति भई लागू भएको छ ।

११.१३ हाल मुलुकमा अन्तर्राष्ट्रिय विमानस्थल १, क्षेत्रीय हव विमानस्थल (नेपालगञ्ज, विराटनगर, भैरहवा) ३, अन्य आन्तरिक विमानस्थल ४३ र निर्माणाधीन विमानस्थल (कालीकोट, कमलबजार, मसिनेचौर र खानीडाँडा) ४ गरी देशमा जम्मा ५१ वटा विमानस्थल रहेका छन् । यसमध्ये ३३ वटा विमानस्थलमा हवाई सेवा सञ्चालन भइरहेको छ ।

११.१४ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार तथा विस्तार गर्ने सिलसिलामा ADB को सहयोग अन्तर्गत चालू गुरु योजना सन् २०१५ को समीक्षा तथा Civil Aviation Sector Development Strategy Plan तयार भई निर्णय प्रक्रियामा रहेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल नागरिक उड्डयन प्राधिकरणको आन्तरिक श्रोतबाट धावनमार्ग, ट्याक्सी वे ओभरले कार्य र अन्तर्राष्ट्रिय वायुयान विसौनीको विस्तारको लागि निर्माण व्यवसायीहरूको प्रिक्वालिफिकेशनको कार्य भैरहेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन तथा सम्पत्ति सुरक्षालाई मध्यनजर गर्दै विमानस्थलको चारैतिर चेनलिंक फेन्सिंग तथा सडक निर्माण कार्य पनि क्रमिकरूपमा चालू रहेको छ ।

११.१५ प्राधिकरणको आन्तरिक श्रोतमा Social Corporate Responsibility अन्तर्गत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आसपास क्षेत्र (सिनामंगल, कोटेश्वर, गोठाटार तथा पशुपति क्षेत्र) का बासिन्दाहरूको लागि खानेपानी, सडक तथा ढल निकासको निर्माण कार्य क्रमिकरूपमा भैरहेको छ ।

११.१६ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पर्यटक, यात्रु तथा सेवाग्राहीलाई प्रदान गरिने सेवा सुविधामा सुधार गर्नेतर्फ जोड दिइएको छ । विमानस्थलबाट प्रदान गरिने सेवा, सुविधाहरू छिटो/छरितो एवं प्रभावकारीरूपमा प्रदान गरिनुका साथै मुख्य प्रवेशद्वारमा यात्रु प्रतीक्षालय र हवाई उडान (अन्तर्राष्ट्रिय र आन्तरिक) आगमन/प्रस्थानसम्बन्धी सूचना प्रवाहको व्यवस्था मिलाइनुका साथै ट्रान्जिट र डिपोर्टीज रुमको व्यवस्था, Fibre Optical Network विस्तार, स्वास्थ्य सेवा केन्द्रको स्थापना र आन्तरिक टर्मिनल भवनमा हवाई यात्रुको सुविधाको लागि टर्मिनल भवन सुधार तथा केही कक्ष विस्तार गरिनुको साथै धुम्रपान कक्ष र सुरक्षा जाँच कक्षसमेतको स्थापना गरिएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सेवाको प्रभावकारिता यकिन गर्नका लागि पहिलो पटक Airport Full Emergency Exercise गरिएको छ ।

११.१७ वायुसेवाहरू र विभिन्न प्रकारका वायुयानहरूको सञ्चालनमा वृद्धि भएअनुसार आन्तरिक विमानस्थलहरूको स्तरोन्नति तथा विस्तार गरी हवाई सेवालाई सुरक्षित, नियमित तथा भरपर्दो बनाउने क्रममा विमानस्थलको स्तर वृद्धि तथा विस्तारलाई निरन्तरता दिइएको छ । यसअनुसार नेपालगञ्ज विमानस्थलमा चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रमअनुसार Exit Taxi Way, टावर भवनमा तला थप, कार्गो भवन निर्माण निमित्त ठेक्का सम्झौता भइसकेको तथा टर्मिनल भवनको यात्रु विश्राम कक्ष विस्तारका निमित्त बोलपत्र आह्वान भएको छ । त्यस्तै, भरतपुर विमानस्थलको धावनमार्गलाई थप ५५० मिटर कालोपत्र गरी १२०० मिटर

पुऱ्याउन आर्थिक वर्ष २०६१/६२ मा कार्य प्रारम्भ गरी आर्थिक वर्ष २०६२/६३ को प्रथम चौमासिक अवधिमा कार्य सम्पन्न भइसकेको छ। यसबाट धावनमार्ग १२००×३० मी., टेक्सी वे तथा एप्रोन कालोपत्र भई बाह्रै महिना सेवा सञ्चालन योग्य रहनुका साथै Beechcraft तथा SAAB जस्ता वायुयानहरू सञ्चालनमा आई सेवा विस्तार हुन गएको छ। पूर्वाञ्चल क्षेत्रको हवको रूपमा रहेको विराटनगर विमानस्थलमा पार्किङ्गको क्षेत्र विस्तारका लागि ८०×६० मिटरको रिजिड पार्किङ्ग एप्रोन निर्माण कार्यसम्पन्न भएको छ। गौतमवुद्ध विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विस्तार गर्ने क्रममा गत आर्थिक वर्षमा करिब ६० बिगाहा जग्गा अधिकरण गरिएकोमा चालू आर्थिक वर्षमा अन्य पूर्वाधार विकासको लागि आवश्यक पर्ने करिब २५ विगाहा जग्गा अधिकरण गर्ने कार्यक्रम रहेको छ। सुदूर पश्चिमाञ्चल क्षेत्रमा पक्की विमानस्थल नभएको तथा क्षेत्रीय सन्तुलनको दृष्टिले महत्वपूर्ण धनगढी विमानस्थलको स्तरवृद्धि तथा विस्तार गरी बाह्रै महिना सेवा सञ्चालन योग्य बनाउन विगतका वर्षहरूदेखि पटक पटक अनुरोध भई स्थानीयस्तरबाट समेत केही आर्थिक सहभागिता हुने प्रतिवद्धता भएअनुरूप आयोजना अगाडि बढाइएको छ। यसको लागि प्रथम चरणमा उक्त विमानस्थलको १२००×३० मिटर धावनमार्ग, ८५×२० मी. ट्याक्सी वे तथा ९०×६२ मी. एप्रोनको स्तर वृद्धि (कालोपत्र) गर्ने कार्य चालू आर्थिक वर्षको प्रथम चौमासिकमा सम्पन्न भएको छ। चालू आर्थिक वर्षमा धावनमार्गको थप ६०० मिटर क्षेत्रमा कालोपत्र गर्ने कार्यक्रम रहेअनुसार ठेकेदारहरूको पूर्व योग्यता छनोट भई बोलपत्रको प्रक्रियामा रहेको छ। यो कार्य सम्पन्न पश्चात् धावनमार्गको लम्बाई १८०० मी. पुग्ने भएको छ। मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम सुर्खेतस्थित सुर्खेत विमानस्थलको स्तर वृद्धि गर्ने सिलसिलामा गत आर्थिक वर्षमा १०४०×३० मिटर धावनमार्गमा कालोपत्र गर्ने गरी ठेक्का सम्झौता भई चालू आर्थिक वर्षमा कार्यसम्पन्न भई पार्किङ एप्रोनमा कालोपत्र गर्ने कार्य भइरहेको छ। जनकपुर विमानस्थलको धावनमार्गलाई ३ सय मिटर विस्तार गरी १ हजार २ सय मिटर पुऱ्याउनका लागि गत आर्थिक वर्षमा ठेक्का सम्झौता भई निर्माण कार्य प्रारम्भ गरिएकोमा सो कार्य अन्तिम चरणमा रहेको छ।

११.१८ दुर्गम क्षेत्रमा हवाई सेवा विस्तारको लागि विभिन्न स्थानमा विमानस्थलहरू निर्माणाधीन अवस्थामा छन्। यस प्रकारका विमानस्थलहरूमा मुगु विमानस्थल, कालिकोट विमानस्थल, काँगेलडाँडा विमानस्थल, कमलबजार विमानस्थल, थामखर्क विमानस्थल, मसिने चौर विमानस्थल, डोल्पा विमानस्थल र मनमाया राई, खानीडाँडा विमानस्थल प्रमुख रहेका छन्।

११.१९ विभिन्न विमानस्थलहरूमा ध्वस्त भएका संरचनाहरू पुनः निर्माण गर्ने सिलसिलामा बाजुरा विमानस्थलमा टर्मिनल टावर भवन पुनः निर्माणको निमित्त वोलपत्र आह्वान भएको छ। त्यस्तै, आन्तरिक द्वन्दबाट क्षति भएका विमानस्थलमध्ये रुकुम चौरजहारी, रुकुम सल्ले र लामिडाँडामा सञ्चार सुविधा (communication facilities) स्थापना गरिएको छ, महेन्द्रनगर विमानस्थलमा सञ्चार सेट जडान, धनगढी, सुर्खेत, चन्द्रगढी र जोमसोम विमानस्थलमा PABX System जडान, विराटनगर विमानस्थल टावरको console र त्यसमा जडान भएका उपकरणहरूको स्थानान्तर (Relocation) गरी सञ्चालनमा ल्याइएको, प्रमुख आन्तरिक विमानस्थलहरूमा विद्युत् आपूर्ति प्रणाली (power supply system) मा सुधार गरिएको र सुर्खेत, धनगढी, विराटनगर, पोखरा तथा गौतमबुद्ध विमानस्थलको विद्युतीकरणमा सुधार गरिएको छ।

११.२० निजी क्षेत्रलाई वायुसेवा सञ्चालन गर्न प्रोत्साहित गर्ने नीतिअनुरूप आन्तरिक एवं अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालनसमेतका लागि प्राधिकरणबाट हवाई सेवा सञ्चालन

प्रमाण-पत्र (Air Operation Certificate :AOC) प्राप्त वायुसेवा कम्पनीहरूको संख्या ४२ पुगेको छ । वायु सेवा सञ्चालन प्रमाण-पत्र (AOC) प्राप्त ४२ विमानसेवाहरू मध्ये २२ वटा कम्पनीहरूको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाण-पत्र वैध रहेको छ । वैध वायुसेवा सञ्चालन प्रमाण-पत्र भएका वायुसेवा कम्पनीहरू मध्ये १३ वटाले सेवा सञ्चालन गरिरहेका छन् । ९ वटा वायुसेवाले वैध वायुसेवा सञ्चालन प्रमाण-पत्र भएर पनि सेवा सञ्चालन गर्न सकेका छैनन् । वायुसेवा कम्पनीहरूले प्रदान गर्ने सेवाको विश्वसनीयता, नियमितता, उड्डयन सुरक्षा तथा प्रचलित ऐन, नियम तथा प्राविधिक आवश्यकताहरूको परिपूर्ति गर्नुपर्ने प्रावधानहरू अवलम्बन नगरेको जस्ता विषयहरूलाई दृष्टिगत गरी वायुसेवा कम्पनीहरू मध्ये सेवा सञ्चालन नगर्ने र प्रमाणपत्र मात्र जोगाई राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक कदम चालिएको छ । यसअनुसार १६ वटा वायुसेवा कम्पनीहरूको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाण-पत्र रद्द गरिएको र ४ वटा वायुसेवा कम्पनीहरूको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाण-पत्र नियमानुसार तोकिएको समयावधिभित्र नवीकरण नभएकोले Invalid गरिएको छ । तसर्थ, २० वायुसेवा कम्पनीहरूको AOC Invalid भएको छ ।

११.२१ वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र (AOC) वैध रहेका २२ वटा वायुसेवाहरू मध्ये ३ वटा वायुसेवाहरू मनोरञ्जनात्मक एवं साहसिक उड्डयन खेलकुद (Aviation Sports) सँग सम्बन्धित रहेका र यसमध्ये Ultralight Power Glider एक र दुईवटा Paraglider रहेका छन् । यसरी वायुसेवाहरूको संख्या र सेवामा भएको विस्तारबाट पर्यटक तथा सर्वसाधारणले थप सेवा प्राप्त गर्न सघाउ पुग्न गएको छ । यसका अतिरिक्त एउटा हवाई उडान प्रशिक्षण सञ्चालन संस्थाले अनुमति प्राप्त गरेको र भरतपुरमा सेवा सञ्चालन थालनी गरिरहेको छ । यसबाट स्वदेशमा दक्ष जनशक्ति उत्पादन हुने भई उड्डयन उद्योगलाई थप टेवा पुग्ने अपेक्षा गरिएको छ ।

११.२२ विभिन्न मुलुकका १६ वटा अन्तर्राष्ट्रिय वायुसेवाहरूले नेपालमा नियमित हवाई सेवा सञ्चालन गरेका छन् । यसमध्ये यस आर्थिक वर्षमा GMG Airlines (ढाका), एयर अरेविया (सारजाह), कोरियन एयरलाइन्स (सिउल) र चाइना साउदर्न (ग्वान्जाउ) ले नेपालमा नियमित हवाई सेवा सञ्चालन गरी पर्यटन विकासमा थप टेवा पुऱ्याएका छन् ।

११.२३ भारत, श्रीलंका, दक्षिण कोरिया, भूटान, जापान, म्यानमार, बंगलादेश, ब्रुनाई, चीन, मलेशिया, सिंगापुर, थाइल्याण्ड, मकाउ, माल्दिभ्स, हङ्कङ्ग, फिलिपिन्स, ओमान, ईजिप्ट, साउदी अरेविया, जोर्डन, कतार, बहराइन, पाकिस्तान, कुवेत, युनाइटेड अरब इमिरेटस, इजरायल, अष्ट्रिया, फ्रान्स, लक्जेम्वर्ग, रसियन फ्रेडरेसन, जर्मनी इटली, नेदरल्याण्ड, संयुक्त अधिराज्य र क्रोएशियासँग गरी नेपालले जम्मा ३५ वटा द्विपक्षीय हवाई सेवा सम्झौता तथा समझदारी पत्रमा हस्ताक्षर गरेको छ । यी सम्झौताअनुसार नेपाललाई उपलब्ध द्वितर्फी वार्षिक हवाई सीट ५,७००,६५६ मध्ये करिब ३६ प्रतिशत मात्र उपयोग हुन सकेको छ ।

११.२४ भू-उपग्रह-GPS मा आधारित नेभिगेसन प्रणाली क्रमिकरूपमा लागु गर्ने उद्देश्यले १० वटा विमानस्थल (त्रिभूवन, विराटनगर, नेपालगञ्ज, गौतमवुद्ध, सिमरा, चन्द्रगढी, धनगढी, सुर्खेत, जनकपुर र भरतपुर) को लागि GPS Approach / Departure Procedure तयार गरिएको छ । त्यस्तै, ६ वटा विमानस्थलहरू काठमाडौ, विराटनगर, चन्द्रगढी, गौतमबुद्ध, नेपालगञ्ज, धनगढीको Flight Validation भएको छ । यसबाट जमीनमा आधारित उड्डयन सहाय उपकरणहरूको निर्भरता कम हुने र उडानको नियमितता र सुरक्षामा अभिवृद्धि हुने छ ।

११.२५ नेपालको Aeronautical Chart लाई Digitized गरी सम्पूर्ण Procedure, Route, Approach र Departure Chart आदिको Data Base तयार गर्न नापी विभागसंग समन्वय भइरहेको छ भने नेपाली वायुक्षेत्रको सुधार गर्ने क्रममा विभिन्न रुट तथा कार्यविधिहरू परिमार्जन गरी AIP Nepal को नयाँ Edition प्रकाशनको तयारी भइरहेको छ । यसका अतिरिक्त काठमाडौंबाट महेन्द्रनगर हुँदै दिल्ली जाने रुट (L 626) स्थापनाको लागि प्राधिकरण तथा भारतको Airport Authority of India (AAI) बीच समन्वय भई मन्त्रालयको सहमतिको लागि अनुरोध भई गएको छ । नेपालगंजमा RCAG स्टेशन स्थापना गर्ने कार्यको लागि Technical Specification तथा टेण्डर डकुमेन्ट स्वीकृत भई टेण्डर गर्ने प्रक्रियामा रहेको छ । काठमाडौ उपत्यकाको उपयुक्त Hill Top मा Alternate Repeater Station स्थापना गर्ने कार्यको लागि अध्ययन गर्न परामर्शदात्रीसंग सम्झौता भई कार्यादेश दिइएको छ । GPS Receiver (Survey Type) खरिद र उपलब्धिको लागि Technical Specification स्वीकृत भई टेण्डर गर्ने प्रक्रियामा रहेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ILS मा आधारित Instrument Guidance System (IGS) लागू गर्न Detail (Engineering/ Financial) Feasibility Study गर्ने कार्यको लागि TOR स्वीकृत भएको छ । यसका लागि विस्तृत प्राविधिक छलफलपश्चात् अन्तराष्ट्रिय परामर्शदाताबाट कार्य गराउने सम्बन्धमा प्रक्रिया चालू रहेको छ भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा Automatic Dependent Surveillance Broadcast System (ADS-B) को सम्भाव्यता अध्ययनको लागि TOR स्वीकृत भई विस्तृत प्राविधिक छलफलपश्चात् अन्तराष्ट्रिय परामर्शदाताबाट कार्य गराउने सम्बन्धमा प्रक्रिया चालू रहेको छ ।

११.२६. हवाई सेवालाई सुरक्षित, मितव्ययी र सक्षम तुल्याउन आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई मार्ग पुर्नसंरचना कार्यको लागि हिमालय पार उडान तथा पूर्व-पश्चिम अन्तर्राष्ट्रिय उडानहरूले नेपालको आकाश अधिकतम उपयोग हुने गरी हवाई मार्ग प्रवर्द्धन गर्ने नीतिअनुरूप International Civil Aviation Organization (ICAO) को अगुवाईमा पूर्व पश्चिम लामो दूरीका अन्तर्राष्ट्रिय हवाई मार्गमा नेपालको वायुक्षेत्रसमेत समावेश हुने गरी Trans Himalayan Route र पूर्व पश्चिम (कुन्मीङ्ग–काठमाडौं–दिल्ली) रुट स्थापना गर्न ICAO लगायत सम्वद्ध राष्ट्रहरूसँग समन्वय गर्ने कार्यहरू भएका छन् । हिमालयपार रुटबारे चिनीयाँपक्ष र नेपाली पक्षबीच प्राविधिक छलफल गर्न आवश्यक पूर्व तयारी कार्य भएको छ । यसै गरी Himalaya – 1, (Kolkatta - Nepalgunj – Pakistan) रुट स्थापना गर्न नेपाल र पाकिस्तानबीच विभिन्न मञ्चहरुमा छलफल गरिएको छ । त्यस्तै, नेपाल र चीनवीच सिधा हवाई मार्ग काठमाडौ-बेइजिङ्ग/सांघाई स्थापना गर्ने सम्बन्धमा काठमाडौंदेखि ल्हासासम्म प्राधिकरण तथा चीनको नागरिक उड्डयन प्राधिकरण (CAAC) वीच रुट स्थापना गर्न सहमति भई सांघाई-बेइजिङ जान चीनको आन्तरिक हवाई मार्ग प्रयोग गर्न सकिने सैद्धान्तिक सहमति भएको छ ।

११.२७ आन्तरिक हवाई मार्ग तथा वायुक्षेत्रको समुचित सुधारको लागि विभिन्न विमानस्थलमा यान्त्रिक उडान विधि (Instrument Flight Procedures), वायुक्षेत्रको संशोधन (Revision of Air Space) लगायतका कार्यहरू हुनुका साथै नेपाल - भारत बीचका हवाई मार्ग तथा ATS Coordination Procedures सम्बन्धी सहमति पत्र (Letter of Agreement:LOA) गर्ने सम्बन्धमा आवश्यक पूर्व तयारी तथा समन्वय गर्ने कार्य भइरहेको छ ।

११.२८ हवाई यातायातको सुरक्षा विरुद्ध विश्वव्यापीरूपमा देखापरेको चुनौतीलाई दृष्टिगत गरी हवाई मार्गबाट यात्रा गर्ने यात्रु, विमानस्थलमा कार्यरत कर्मचारीहरू, विमानस्थल स्थित वा विमानस्थल आसपास जडान भएका हवाई उडानसँग सम्बद्ध विभिन्न भौतिक संरचनाहरू, भूमिस्थ वा उडानमा रहेका वायुयानहरू, विमानस्थलमा आउने सर्वसाधारणसमेतको

सुरक्षाको उद्देश्य रहेको हवाई सुरक्षाका सम्वन्धमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) द्वारा निर्दिष्ट मापदण्डको कार्यान्वयनमा प्रभावकारिता ल्याउन प्राधिकरणले जोड दिँदै आएको छ ।

११.२९ हवाई सुरक्षाका सम्वन्धमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को ३३ औं साधारण सभाद्वारा पारित एवं सो संगठनकै पहलमा सन् २००२ फरवरीमा बसेको उच्चस्तरीय मन्त्रिस्तरीय बैठकको प्रतिबद्धताअनुसार ICAO द्वारा निर्धारित हवाई सुरक्षा सम्वन्धी मापदण्डहरू लागू गर्न नेपाल क्रियाशील रहेको छ । ICAO को Universal Aviation Security Audit कार्यक्रम अन्तर्गत १ देखि ९ फरवरी २००६ मा नेपालको हवाई सुरक्षा अडिट सम्पन्न भएको छ । अडिटबाट गरिएका सिफारिशहरू बमोजिम सुधारका विभिन्न Corrective Action Plan तयार गरी ICAO को प्रधान कार्यालयमा प्रस्तुत गरिएको छ । उक्त Corrective Action Plan मा उल्लिखित कार्यहरूको कार्यान्वयन तथा अनुगमनका लागि टोली गठन भई कार्य प्रारम्भ भएको छ । त्यस्तै, National Civil Aviation Security Training Programme (NCASTP) को मस्यौदा तयार भई स्वीकृतिको प्रक्रियामा रहेको छ ।

११.३०. गैर-सैनिक हवाई उडान ऐन, २०१५ अन्तर्गत बनेको हवाई सुरक्षा व्यवस्था नियमावली २०४६ को सट्टा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन २०५३ अन्तर्गत हवाई सुरक्षा नियमावलीको मस्यौदा तयार गर्ने क्रम अन्तिम चरणमा पुगेको छ भने ICAO द्वारा अडिटको क्रममा गरिएका सिफारिशहरू समेतलाई समावेश गरी राष्ट्रिय हवाई सुरक्षा कार्यक्रम (National Civil Aviation Security Programme) को तेश्रो संशोधित संस्करणको मस्यौदा तयार भई स्वीकृतिको प्रक्रियामा रहेको छ । त्यस्तै, सबै आन्तरिक विमानस्थलहरूको लागि समेटिने गरी Domestic Airport Emergency Plan को मस्यौदा तयार भई स्वीकृतीको प्रक्रियामा रहेको छ ।

११.३१ नेपालको जटिल भौगोलिक स्वरूप र सोबमोजिम आवश्यक पर्ने सञ्चार तथा उड्डयन उपकरणहरू स्थापनाका कठिनाइहरूका कारण उडान सुरक्षाको स्तरलाई उच्चतम कायम राख्नु प्रमुख चुनौतिको रूपमा रहेको छ । ICAO द्वारा सञ्चालित विश्वव्यापी सुरक्षा निगरानी कार्यक्रममा नेपालको सक्रिय सहभागिता रहेको र अडिटको सिफारिसहरू कार्यान्वयनमा उल्लेखनीय प्रगतिमा रहेको छ । विभिन्न वायुसेवाहरूको अडिट, निरीक्षण, नियमन तथा अनुगमन कार्यलाई निरन्तरता दिइएको र दुर्घटना जाँच आयोगका सिफारिसहरू कार्यान्वयनमा जोड दिइएको छ । यस वर्ष अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवसका अवसरमा यस वर्षको नारा "Safety and Security - Always a First and Top Priority" लाई विभिन्न Stakeholders हरू बाट आत्मसात गरी सुरक्षालाई संस्कृति कै रूपमा विकास गर्न र हाम्रो भौगोलिक स्वरूपले गर्दा उडान सुरक्षामा देखिएका चुनौतीहरूका सामना तथा दुर्घटनालाई न्यूनीकरण गर्न controlled flight into terrain (CFIT) सम्वन्धी सेमिनारलगायत विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ । Nepalese Civil Airworthiness Requirements (NCAR) को सामयिक संशोधन, Flight Operation Requirements (FOR) को 3rd Edition र Flying School Requirements सम्बन्धी Manual प्रकाशन तयार गर्ने कार्य सम्पन्न भएको छ ।

११.३२ नेपालमा स्थिर पखेटा (फिक्सड् विङ्ग) भएको वायुयान २९, रोटर विङ्ग (हेलिकप्टर) १५, एभिएशन स्पोर्टस ४ गरी वायुयानको कुल संख्या ४८ रहेको छ । कमर्सियल पाइलट लाइसेन्स ३ सय ३६, (फिक्सड विंग २ सय ८२, रोटर विङ्ग ५४), एयरलाईन ट्रान्सपोर्ट पाइलट (ए.टि.पि.एल.) २ सय ५१, फिक्सड विंग १७, रोटर विङ्ग २ सय ३४, फ्लाईट

इन्जिनियर १९ (फिक्सड विंग १६, रोटर विङ्ग ३), अल्ट्रालाईट एअरक्राफ्ट लाइसेन्स १, फ्लाइट अपरेशन्स अफिसर ४५, अथोराइजेशन १ सय ५२ र एयरक्राफ्ट मेन्टेनेन्स टेक्निसियन (ATM) ३ सय ३९ जना प्राविधिक जनशक्तिले लाइसेन्स प्राप्त गरेका छन् ।

११.३३ अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) द्वारा निर्धारित स्तरको विमानस्थल उद्धार तथा अग्नि निवारण सेवा विस्तार, विकास एवं सुदृढीकरण गर्ने नीतिअनुरूप त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ८ क्याटगोरीको सेवा सञ्चालन गर्दै आएको छ । पोखरा, सिमरा, गौतमबुद्ध विमानस्थल, विराटनगर तथा नेपालगञ्ज विमानस्थलहरूमा ५ क्याटगरीको सेवा प्रदान गर्न सकिने गरी Fire Vehicles उपलब्ध भई सेवा सञ्चालनमा रहेको छ । देशको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवाका ठूला विमानहरू सञ्चालनका लागि ९ क्याटेगोरीको फायर सेवा प्रदान गर्नु जरुरी भएको तर हाल मौजुदा उपकरणहरू पुरानो हुनाको साथै स्पेयर पार्टस् पाउन कठिन भएकोले ८ क्याटेगोरी कायम गर्न नै समस्या भएको हुँदा न्यूनतम ८ क्याटेगोरी कायम तथा ९ क्याटेगोरीको सेवा प्रदान गर्ने गरी जीवनोद्धार तथा अग्नि निवारण सेवाको स्तरोन्नति गर्न प्राधिकरणको आर्थिक क्षमताले नभ्याउने हुँदा सम्भाव्य दातृ निकायबाट सहयोग व्यवस्थाका लागि आयोजना प्रस्ताव तयार गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाइएको छ ।

११.३४ नागरिक उड्डयनसम्बन्धी दक्ष जनशक्ति स्वदेशमा उत्पादन गर्ने कार्यलाई निरन्तरता दिने नीतिअनुरूप नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानबाट Radar/Basic/Refresher, VOR/DME, Basic ATS, Pre-Radar Approach Control Course, Approach Control (Radar), ATS Refresher, AFIS Refresher, AIP Orientation, Ramp Safety, विमानस्थल ओरिएन्टेसन तालिम, Trainers Training लगायतका विभिन्न क्षेत्रका तालिम सम्पन्न भएका छन् । चालू आर्थिक वर्ष २०६३/६४ मा प्रशिक्षण प्रतिष्ठानबाट विभिन्न क्षेत्रका १७ वटा समूहमा तालिम सञ्चालन गरी २ सय ४ जनालाई तालिम प्रदान गरिएको छ । अन्तर्राष्ट्रियतर्फ सेमिनार/सम्मेलन/वैठकमा २३ जना, तालिम/वर्कसपमा ५० जना र आन्तरिक तालिममा ११३ जनालाई सहभागी गराई जनशक्ति विकासमा टेवा पुऱ्याइएको छ ।

११.३५ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जडित ए. टि. एस्. सञ्चार तथा उड्डयन सहाय प्रणाली तथा राडार प्रणालीमा देखिएका समस्याहरू तत्काल समाधान गर्न जरुरी भएकोले आकस्मिक आयोजना प्रस्ताव तयार गरी जापान सरकारको सहयोगका लागि तयार गरिएको आयोजना प्रस्ताव र धनगढी र सिमरा विमानस्थलहरूलाई रात्री उडान योग्य तुल्याउन धनगढी विमानस्थलमा VOR/DME सहित एयर फिल्ड लाइटिंग सिष्टम र सिमरामा एयर फिल्ड लाइटिंग जडान गर्न आवश्यक भएकाले सोको लागि संभाव्य दातृ निकायबाट सहयोग व्यवस्थाका लागि गृह कार्य गरिंदैछ ।

## सूचना तथा सञ्चार

### हुलाक सेवा

११.३६ हुलाक सेवा सूचना तथा सञ्चारको क्षेत्रमा सबैभन्दा पुरानो, जनसाधारणले अध्याधिक प्रयोग गर्ने र गाउँ-गाउँसम्म आफ्नो संस्थागत सञ्जाल विस्तार भएको सेवा हो । देशमा क्षेत्रीयस्तर, जिल्लास्तर र इलाकास्तर तथा अतिरिक्त हुलाकसमेत गरी कुल ३ हजार ९ सय ९२ हुलाक कार्यालयद्वारा यो सेवा उपलब्ध भइरहेको छ । हुलाक कार्यालयहरूले चिठ्ठीपत्र पुलिन्दा ओसारपसारका अतिरिक्त हुलाक टिकट प्रकाशन, हुलाक बचत बैंकको व्यवस्था, धनादेश सेवा, E-DV को फाराम भर्ने सेवा, द्रूत डाँक सेवा जस्ता कार्यलाई निरन्तरता दिंदै हुलाक सेवामा सूचना प्रविधिको भरपूर उपयोग गर्ने e-post अवधारणातर्फ उन्मुख भएका

छन् । हुलाक सेवा अन्तर्गत सञ्चालन भइरहेको धनादेश सेवालाई प्रभावकारी बनाउन खडा गरिएको चक्रकोषमा रकम वृद्धि गर्दै हाल ३ करोड ३७ लाख ७५ हजार पुऱ्याइएको छ भने यो धनादेश सेवा भारत, जोर्डन, कतार, थाइल्याण्ड, हङकङ र संयुक्त अरव इमिरेट्ससम्म विस्तार भएको छ । देशका १ सय ७७ हुलाक कार्यालयबाट सञ्चालन भइरहेको हुलाक बचत बैंकमा करिब ५० करोड रूपैयाँ सङ्कलन भएकोमा ४२ करोड रूपैयाँ लगानी भइसकेको छ भने २२ करोड साँवा असुली भइसकेको छ । द्रुत वैदेशिक हुलाक सेवा ३८ विदेशी राष्ट्रमा र आन्तरिक द्रुत हुलाक सेवा ६० स्थानमा सञ्चालन हुँदै आएको छ । हुलाक सेवाको प्रभावकारिता, छिटो, छरितोपन तथा कार्य प्रणालीमा सरलता ल्याउन ७ स्थानमा Counter Automation गरिएको छ । पोष्टबक्स, हुलाक बचत बैंक, Counter Automation, अन्तर्राष्ट्रिय डाँक लेखा र हुलाक टिकट व्यवस्थापनसम्बन्धी विषयका Software निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।

११.३७ विदेशमा जाँने डाँक थैलाहरूमा व्यवस्थित रेकर्ड तथा गन्तव्य पहुँचको लागि Track and Trace System लागू गरिएको छ । गोश्वारा हुलाक कार्यालयबाट मात्र वैदेशिक द्रुत हुलाक वस्तुको दर्ता गरिँदै आएकोमा डिल्लीबजार इलाका हुलाक कार्यालय र भोटाहिटी काउण्टरबाट समेत दर्ता गर्न सुरु गरिएको छ ।

११.३८ डाँक ढुवानी व्यवस्थालाई सरल तथा अझ प्रभावकारी बनाउन निजी क्षेत्रका हवाई कम्पनीहरूसँग समेत आन्तरिक डाँक ढुवानी सम्झौता गरिएको छ । जनतालाई सूचनाको हकको प्रत्याभूतिमा सहयोग पुऱ्याउन र पत्रकारिता क्षेत्रको विकासका लागि यस आर्थिक वर्षको सुरुदेखि नै हुलाकबाट चलान गरिने हुलाक दर्ता समाचारपत्रहरूको हुलाक महसुल पूरै छुट गरिएको छ । त्यस्तै, यस वर्ष संयुक्त राज्य अमेरिकामा बसोबास गर्न जानेहरूले पाउने भिसा (Electronic Diversity Visa-EDV) फाराम भर्ने कार्य गोश्वारा हुलाक कार्यालयबाट सञ्चालन भई रु. २४ लाख १४ हजार ३ सय ५० राजस्व सङ्कलन भएको छ ।

## दूरसञ्चार सेवा

११.३९ दूरसञ्चार क्षेत्रमा हासिल भएका उपलब्धिहरूको अधिकतम सदुपयोग गरी भविष्यमा दूरसञ्चार क्षेत्रमा देखापर्ने थप सम्भावना र अवसरहरूलाई नेपाली जनताको समुन्नति र हितमा उपयोग गर्न प्रतिस्पर्धात्मकरूपमा विकास गर्ने अभिप्राय लिई जारी गरिएको दूरसञ्चार नीति, २०६० को पूर्ण कार्यान्वयनका लागि दूरसञ्चार ऐन संशोधन गर्न Public Consultation समेत गरी सो कार्य प्रायः पूरा भएको छ । नियामक निकायकारूपमा स्थापित नेपाल दूरसञ्चार प्राधिकरणबाट यस अवधिसम्म जम्मा १६५ इजाजत प्रदान गरिएको छ जसमध्ये आधारभूत टेलिफोन सेवा २, सेलुलर मोवाइल सेवा २, इण्टरनेट (इमेलसहित) ३३, भीस्याट नेटवर्क सेवा प्रदायक ७, भीस्याट सेवा प्रयोगकर्ता १११, भिडियो कन्फरेन्सिङ्ग १, GMPCS सेवा ३, ग्रामीण दूरसञ्चार सेवा १, स्थानीय डाटा नेटवर्क सेवा १ र लिमिटेड मोविलिटी ४ वटा संस्थाहरू इजाजतपत्र लिई सेवा प्रदान गरिरहेका छन् । फ्याक्स मेल सेवातर्फ ६ वटा अनुमतिपत्र जारी गरिएकोमा सबै खारेज गरिएको छ । आर्थिक वर्ष २०६३/६४ को फाल्गुणसम्ममा नेपालका २५४९ गाउँ विकास समितिहरूमा टेलिफोन सेवा उपलब्ध गएको छ ।

११.४० दूरसञ्चार सेवा प्रदायकहरूबाट २०६३ फाल्गुणसम्ममा कुल १७ लाख २१ हजार ९ सय ८५ लाइन टेलिफोन वितरण भएको छ जसमध्ये फिक्स्ड लाइनतर्फ ५ लाख २ हजार ६ सय १५ लाइन टेलिफोन वितरण भई सेवा सञ्चालनमा रहेको छ । WLL प्रविधितर्फ १ लाख ३४ हजार १ सय १७ लाइन, लिमिटेड मोविलिटीतर्फ ४० हजार ९ सय ७५ लाइन, पोष्टपेड मोवाइलतर्फ १ लाख ८ हजार ७ सय ६७ र प्रिपेडतर्फ ९ लाख ३३ हजार ५२, GMPCS

तर्फ ९ सय ९२ ग्राहक संख्या पुगेको छ । इण्टरनेट सेवा प्रयोगकर्ता करिब २ लाख ४९ हजार ३ सय ८५ पुगेका छन् । भौगोलिक विकटतायुक्त दुर्गम क्षेत्रहरूमा समेत सेवा पुऱ्याउने उद्देश्यले CDMA प्रविधिमा आधारित टेलिफोन सेवा तथा मोवाइल सेवालाई देशका अन्य भागहरूमा समेत पुऱ्याउने कार्य भइरहेको छ ।

११.४१ विश्व बैंकबाट प्राप्त सहयोग प्रयोग गरी पूर्वाञ्चल विकास क्षेत्रका ५ सय ३४ गाउँ विकास समितिहरूमा टेलिफोन सेवा पुऱ्याउनको लागि छानिएको निजी क्षेत्रको STM Telecom Sanchar Pvt. Ltd. ले १ हजार ४ सय ६७ लाइन टेलिफोन जडान गरेको छ ।




तालिका ११ (ग) : टेलिफोन सेवा (एक्सचेञ्ज) विस्तार

| शीर्षक | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०६१/६२ | २०६२/६३ | २०६३/६४* | २०६३/६४ फाल्गुणसम्मको कुल जम्मा |
| **कुल जम्मा** | | | | |
| **(क) नगर क्षेत्र संख्या** | ५८ | ५८ | ५८ | ५८ |
| **(ख) टेलिफोन लाइन वितरण संख्या** | ४३३६३१ | ६०२२५२ | ३४८१७ | ६३७०६९ |
| **(ग) टेलिफोन लाइन प्रतिहजार जनसंख्यामा**** | १८.७ | १८.७ | - | २७.५२ |

** प्रथम आठ महिना, ** राष्ट्रिय जनगणना २०५८ को जनसंख्या (२,३१,५१,४२३) मा आधारित*
*द्रष्टव्य : सबै एक्सचेञ्जहरू डिजिटल स्वचालितमा रहेको*
*स्रोत : नेपाल दूरसञ्चार कम्पनी, भद्रकाली प्लाजा, काठमाडौं*

**मञ्जुषा ११(ख): टेलिफोन वितरणको स्थिति**

**आ.ब. २०६२/६३ को अन्त्य सम्मको स्थिति:**

| | |
|---|---|
| **जम्मा टेलिफोन लाइन संख्या** | १२४८५६८ |
| क. PSTN टेलिफोन लाइन संख्या: | ६०२२५२ |
| ख. CDMA टेलिफोन लाइन संख्या: | २३५७९ |
| ग. Postpaid मोवाईल लाईन संख्या: | १०३१७२ |
| घ. Prepaid मोवाईल लाइन संख्या: | ५१९५६५ |

**आ.ब. २०६३/६४ को आठ महिनाको स्थिति:**

| | |
|---|---|
| **जम्मा टेलिफोन लाइन संख्या** | २३२८११ |
| क. PSTN टेलिफोन लाइन संख्या: | ३४८१७ |
| ख. CDMA टेलिफोन लाइन संख्या: | ८७५०१ |
| ग. Postpaid मोवाईल लाईन संख्या: | ५७१३ |
| ३. Prepaid मोवाईल लाइन संख्या: | १०४७८० |

स्रोत : नेपाल दूरसञ्चार कम्पनी

## सूचना सम्प्रेषण

११.४२ सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत सूचना विभाग, प्रेस काउन्सिल, राष्ट्रिय समाचार समिति र गोरखापत्र संस्थानले छापा सञ्चार माध्यमबाट सूचना सम्प्रेषणको काम गरिरहेका

छन् । गोरखापत्र संस्थानले आफ्ना नियमित प्रकाशनलाई थप विविधीकरण गर्ने तथा क्षेत्रीय संस्करणहरू सुरु गर्ने सम्बन्धमा तयारी भइरहेको छ ।

११.४३ प्रेस काउन्सिल नेपालले स्वस्थ र मर्यादित पत्रकारिताको विकासको लागि पत्रकार आचार संहिताको नियमित अनुगमन गर्ने कार्य गरिरहेको छ । पत्रपत्रिकाको वर्गीकरण गर्ने कार्य लक्ष्यअनुरूप सम्पन्न भएको छ । कम्प्याक्ट डिस्क रोम प्रविधिबाट पत्रपत्रिकाका पेज स्क्यानिङ्ग गरी कम्प्याक्ट डिस्क मा सुरक्षित गरिएको छ । मिडिया विकास कोषबाट मोफसलको पत्रकारिताको विकासका लागि बैंक कर्जामा सहुलियत उपलब्ध गराएको छ । तीन तीन महिनामा बुलेटिन प्रकाशन गर्ने तथा प्रेस क्लिपिङ्ग सेवा उपलब्ध गराउँदै आएको छ । त्यस्तै राष्ट्रिय समाचार समितिले समाचारलाई अनलाइनमा राख्ने प्रक्रिया सुरु गरेको छ भने २०१८ सालदेखिका समाचारलाई कम्प्याक्ट डिक्समा राख्ने काम भइरहेको छ ।

११.४४ सूचना सम्प्रेषणलाई प्रभावकारी, छिटो छरितो र व्यवस्थित बनाउन आवश्यक पर्ने सूचना सम्प्रेषण कक्ष सुदृढीकरण गर्न विविध सूचनामूलक सामग्रीहरू विभागको वेभ साइटमा राख्ने काम भएको छ । उच्चस्तरीय व्यक्तित्व सम्मिलित कार्यक्रमका फोटोहरू र विभिन्न सरकारी निकायका विज्ञप्तीहरू प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको छ । यसका अतिरिक्त प्रेस शाखा, फोटो शाखाको सुदृढीकरण र कर्मचारी प्रशिक्षण तथा तालिम एवं पत्रकार अन्तर्क्रिया, सूचना सामग्री प्रकाशनजस्ता कार्यक्रमहरू पनि सम्पन्न भएका छन् ।

११.४५ २०६३ फाल्गुण मसान्तसम्ममा विभिन्न जिल्लाहरूमा दर्ता भएका पत्रपत्रिकाहरूको संख्या ४६१४ पुगेको छ । तीमध्ये दैनिक ३४० वटा, अर्द्ध-साप्ताहिक १० वटा, साप्ताहिक १६६१ वटा, पाक्षिक ३१९ वटा, मासिक १३९७ वटा, द्वैमासिक २७६ वटा, त्रैमासिक ४४२ वटा, चौमासिक २६ वटा, अर्द्ध-वार्षिक ६४ वटा र वार्षिक ७९ वटा पत्रपत्रिकाहरू रहेका छन् ।

**तालिका ११ (घ) : भाषागतरूपमा पत्रिकाहरूको संख्या**

| भाषा | संख्या |
|---|---|
| नेपाली | ३१८६ |
| अङ्ग्रेजी | ३७६ |
| नेपाली-अङ्ग्रेजी | ७९४ |
| नेवारी | २७ |
| हिन्दी | १४ |
| मैथिली | १४ |
| थारू | ४ |
| तामाङ्ग | १ |
| भोजपुरी | ३ |
| संस्कृत | २ |
| उर्दू | २ |
| तिव्वती | १ |
| लिम्वू | २ |
| डोटेली | १ |
| अन्य | १८७ |
| जम्मा : | ४६१४ |

स्रोतः सूचना तथा सञ्चार मन्त्रालय

## टेलिभिजन प्रसारण सेवा

११.४६ विद्युतीय सञ्चारको सशक्त र प्रभावकारी माध्यमको रूपमा रहेको टेलिभिजन सेवा नेपालमा २०४२ सालदेखि नियमितरूपमा सञ्चालनमा रहेको छ । हाल नेपालमा सरकारी स्वामित्वमा रहेका २ वटा तथा निजीक्षेत्रबाट १३ वटा गरी १५ वटा टेलिभिजन च्यानलले अनुमति प्राप्त गरी ६ वटा टेलिभिजनले कार्यक्रम प्रसारण गरिरहेका छन् । सरकारी स्वामित्वमा रहेको नेपाल टेलिभिजनले स्याटेलाइटका माध्यमबाट स्वदेश तथा विदेशमा प्रसारण सिग्नल पुऱ्याइरहेको छ । यसको प्रसारण पहुँच ४५ प्रतिशत भू-भाग तथा ६५ प्रतिशत जनतामा पुगेको छ । केवल टेलिभिजन प्रशारणका लागि २०६३ फाल्गुणसम्म ४८७ वटा इजाजत जारी गरिएको छ ।

## रेडियो प्रसारण सेवा

११.४७ २००७ साल चैत्र २० गते स्थापना भएको रेडियो नेपाल व्यापक पहुँच भएको देशको जेठो विद्युतीय सञ्चार माध्यम हो । शर्टवेभ प्रसारण तथा मिडियमवेभ प्रसारण प्रणालीमार्फत रेडियो नेपालको प्रसारण सेवा देशको कुनाकुनाका जनतासम्म पुगेको छ। यसको मौजुदा प्रशासन पहूँच ७० प्रतिशतको हाराहारीमा रहेको छ । रेडियो नेपालले आफ्नो प्रसारण विस्तारका लागि देशका विभिन्न ४ स्थानमा फ्रिक्वेन्सी मोड्युलेशन रिले केन्द्रको स्थापना गरी सेवा विस्तार गरिएको छ । रेडियो प्रशासणलाई इण्टरनेटमार्फत Online गरिएको छ । मिडियम वेभ तथा सर्ट वेभ सेवाको आधुनिकीकरण गर्न जापान सरकारसँग सहयोग प्राप्त गर्ने सम्झौता भई कार्य अगाडि बढेको छ । मुलुकको पाँचवटै विकास क्षेत्रमा स्थापित मिडियमवेभ प्रसारण केन्द्रहरूबाट विभिन्न राष्ट्रिय भाषामा गीत संगीत तथा कार्यक्रम प्रसारण गर्नुका अतिरिक्त नेपाली, अंग्रेजी, संस्कृत, हिन्दी, मैथली, भोजपुरी, थारू, तामाङ्ग, नेवार, राई-वान्तवा, गुरुङ्ग, अवधि, लिम्बू, मगर, शेर्पा, खाम मगर, राना थारू र डोटेलीलगायतका भाषामा समाचार प्रसारण हुने गरेको छ । निजी क्षेत्रमा पनि मनोरञ्जनात्मक र सूचनामूलक कार्यक्रमहरू प्रसारण गर्ने उद्देश्यले फ्रिक्वेन्सी मोडुलेशन (FM) प्रणालीमा रेडियो प्रसारण केन्द्र सञ्चालन गर्न हालसम्म निजी क्षेत्रका २०२ वटा संस्थाहरूलाई इजाजतपत्र प्रदान गरिएको छ ।

## मुद्रण सेवा

११.४८ वि.स. २०४९ सालमा राष्ट्रिय सञ्चार नीति लागू गरिएपछि सुरक्षण मुद्रणको अवधारणाको सुरुवात भएको हो । मुद्रण विभागलाई स्वायत्त बनाई एक सक्षम व्यावसायिक र स्तरयुक्त सेवा प्रदान गर्न सुरक्षण मुद्रणालयको रूपमा विकास गर्नुपर्ने आवश्यकता महशुस गरी सोको लागि आवश्यक आयोजना र बजेट प्रस्ताव गर्ने कार्य भइरहेको छ । मुद्रण विभागबाट नेपाली नागरिकता प्रमाणपत्र, अन्तःशुल्क स्टिकर, भिसा स्टिकर, नेपाल राजपत्र, Foreign Employment Permit Sticker, उच्च माध्यमिक शिक्षा परिषद् तथा केही विश्वविद्यालयका प्रश्नपत्र तथा प्रमाणपत्रहरू, हुलाक सेवा विभागको पोष्टकार्ड, संवैधानिक अङ्गहरूका वार्षिक प्रतिवेदन, SLC को उत्तरपुस्तिका सुरक्षण मुद्रणका रूपमा मुद्रित भएका छन् । मुद्रण विभागबाट आर्थिक वर्ष २०६३/६४ फाल्गुण मसान्तसम्मको ८ महिनाको राजस्वबापत रु. ५२ लाख ७८ हजार ७८ आम्दानी सङ्कलन भएको छ ।

## चलचित्र

११.४९ चलचित्र क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन तथा नेपाली कला, संस्कृतिलाई संरक्षण गर्दै देश विदेशमा सोको प्रचारप्रसार गर्न चलचित्र विकास वोर्ड प्रयत्नशील छ । चलचित्र विकास

वोर्डले आफ्नै नवनिर्मित भवनबाट कार्यसञ्चालन प्रारम्भ गरेको छ । चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र नियमावली २०५७ को समसामयिक संशोधनको प्रक्रिया अगाडि बढाइएको छ । त्यस्तै, चलचित्र विकास बोर्डलाई स्वायत्तता प्रदान गर्न नेपाल चलचित्र विकास बोर्ड ऐनको मस्यौदा तयार गर्ने कार्य भइरहेको छ । चलचित्र संग्रहालय तथा चलचित्र पुस्तकालयको सञ्चालन तथा विकासको काम भएको छ । काठमाडौं टोखामा चलचित्र नगरी बनाउनका लागि प्रक्रिया सुरु गरिएको छ ।

चुनौतीहरू

११.५० भौगोलिक जटिलता, सडक निर्माणका क्रममा आवश्यक पर्ने भौतिक सामग्रीको अनुपलब्धता, समयमा कार्यक्रम स्वीकृत हुन नसक्नु, जनसहभागिताको परिचालन पर्याप्त मात्रामा हुन नसक्नु जस्ता चुनौतीहरू सडक यातायातको विकासमा विद्यमान छन् ।

११.५१ मुलुकको भौगोलिक विषमता, यातायातको पूर्वाधारको विकास पूर्णरूपमा नहुनु जस्ता अवस्थाले सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा भएको द्रुततर विकासको गतिलाई पक्रन नसकेको अवस्था, सूचना तथा सञ्चार क्षेत्रको लागि लगानीको स्रोतको कमी र कार्यान्वयनका क्रममा अपेक्षित समन्वयको कमी आदि प्रमुख चुनौतीका रूपमा रहेका छन् । वहु-आमसञ्चारका अन्य माध्यमहरूबाट प्राप्त हुने जनजागरणलाई एकीकृत र समन्वयात्मकरूपमा प्रयोग गर्न नसक्नु, पर्याप्त जनशक्ति उपलब्ध नहुनु र सञ्चारका प्रभावकारी साधनको विस्तार समानुपातिकरूपमा विस्तार नहुनु सूचना तथा सञ्चार क्षेत्रका चुनौती रहेका छन् ।

११.५२ बढ्दै गएको कार्यबोझको आधारमा जनशक्ति र कार्यप्रक्रिया सुदृढ हुन नसक्दा दैनिक कार्यसम्पादन गर्न कठिनाइ, अभिलेख दुरुस्त र अद्यावधिक नभएकोले कार्यसम्पादनमा कठिनाइ, सवारी साधनको बढ्दो संख्याअनुरूप अपर्याप्त स्रोत साधन र जनशक्तिबाटै कार्यसम्पादन गर्नुपर्ने अवस्था र भौतिक पूर्वाधारको कमी जस्ता पक्ष चुनौतीको रूपमा रहेका छन् ।

११.५३ सेवाग्राहीको बढ्दो अपेक्षाअनुसार छिटो-छरितो र गुणस्तरीय सेवा सुविधा प्रदान गर्न नसक्नु, पारदर्शीरूपले कार्यसम्पन्न हुन नसक्नु र सुसांख्यीकृत अभिलेखको माध्यमद्वारा कार्यसम्पन्न गर्न नसक्नु पनि चुनौतीका रूपमा रहेका छन् ।

११.५४ सञ्चारको क्षेत्रमा निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था सृजना भइसक्दासमेत सञ्चारको सम्भाव्य क्षमता उपयोग गर्न तथा जनताको आवश्यक माग पूर्ति गर्ने गरी टेलिफोन सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउनुपर्ने एवं उपलब्ध सेवामा गुणस्तरता कायम गर्नु पर्ने चुनौती पनि टड्कारो देखिन्छ ।

११.५५ खानेपानी तथा ढल निकास विभाग, नेपाल टेलिकम, नेपाल खानेपानी संस्थान र सडक विभाग जस्ता निर्माण कार्यमा संलग्न निकायहरूबीच आवश्यक समन्वय कायम गर्न नसक्दा विशेषतः शहरी क्षेत्रमा दिगो, भरपर्दो र कम खर्चिलो निर्माण कार्य अझै पनि सुनिश्चित बन्न सकेको छैन् ।

११.५६ आयोजनाहरूको लागि आवश्यक पर्ने वित्तीय स्रोतको कमी, समयानुकुल तथा मागअनुसार तत्काल सेवा (On the demand) उपलब्ध गराउन भौतिक पूर्वाधार तथा जनशक्तिको कमी, कार्यप्रक्रियामा समय बढी लाग्ने प्रणाली, समान प्रकृतिको कार्य गर्ने संस्थाहरू बीच एक अर्कोमा सामञ्जस्यता नहुनु, ट्रान्समिसन लिंक स्थापनाको लागि रिपिटर स्टेशनहरू निर्माण गर्नुपर्ने वाध्यता पर्दा वन क्षेत्रको जग्गा प्राप्त गर्न कठिनाइ र V-SAT प्रविधिबाट टेलिफोन

उपलब्ध गराउन सम्बन्धित संस्थाबाट आवश्यक प्रक्रियामा ढिलाई तथा आवश्यक भौतिक सामग्री ढुवानी सुविधाको उपलब्धतामा कठिनाइ जस्ता पक्ष चुनौतीको रूपमा रहेका छन् ।

११.५७ अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को सदस्य राष्ट्रको हैसियतले नेपालले अन्तर्राष्ट्रिय मापदण्डअनुसार उडान सुरक्षाको स्तर कायम राख्नु प्रमुख दायित्व भएको सन्दर्भमा विभिन्न वायुसेवा कम्पनीहरूले सञ्चालन गरेका विभिन्न प्रकारका वायुयानहरूको उडान सुरक्षासम्बन्धी जाँच, नियमन, अनुगमन तथा निगरानीका लागि आवश्यक योग्य जनशक्ति प्राधिकरणमा अपर्याप्त हुनाको साथै मौजुदा जनशक्ति पनि संस्था छाडी बाहिर पलायन हुने समस्या टड्कारोरूपमा देखिएको छ । यसर्थ दक्ष विशेषज्ञ जनशक्तिको विकास तथा मौजुदा दक्ष जनशिक्तको Retention गर्नु चुनौतीपूर्ण कार्य भएको छ ।

११.५८ नेपालको भौगोलिक स्वरूप तथा जटिलताले गर्दा एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलको अपरेशन समय विस्तार गरी बढी भन्दा बढी अन्तर्राष्ट्रिय वायुसेवाहरूलाई आकर्षित गर्न आधुनिक उड्डयन सहाय उपकरण सुविधा जडान गर्न भौतिक एवं आर्थिकरूपले चुनौतीपूर्ण कार्य भएर रहेको छ ।

११.५९ विभिन्न जिल्लाहरूबाट नयाँ विमानस्थल निर्माणका लागि प्रशस्त माग आउने गरेको अवस्थामा दुर्गम भेगका सामाजिक सेवामूलक विमानस्थल निर्माण गर्न लगानीको प्रतिफल (Return on Investment) को सिद्धान्त अनुकूल नहुने भएकोले प्राधिकरणको आर्थिक स्थितिलाई बिचार गरी प्राधिकरणलाई नेपाल सरकारबाट अनुदान प्रवाहको व्यवस्था हुन जरुरी भएको छ । यसअनुसार लगानी नीति, छनौटको आधार, आवश्यक जग्गा-जमीन नेपाल सरकारले अधिग्रहण तथा मुआब्जा वितरण गरी प्राधिकरणलाई स्वामित्वसहित हस्तान्तरण गर्ने व्यवस्था नभएकोले यस क्षेत्रको विकासमा ठूलो चुनौती खडा गरेको छ ।

११.६१ हवाई सुरक्षासम्बन्धी उपकरणहरू ज्यादै उच्च प्रविधिको हुने र सोको सञ्चालन गर्ने जनशक्ति पेशागतरूपमा अत्यन्त दक्ष हुनु पर्नेमा नेपालमा हवाई सुरक्षासम्बन्धी जनशक्ति छुट्टै नभई नेपाल प्रहरीको सामान्य जनशक्तिबाट सञ्चालन हुँदै आएकोले तत्सम्बन्धी जनशक्ति विकासका लागि आवश्यक व्यवस्था हुनु जरुरी भएको छ ।

११.६२ हवाई सुरक्षा तालिम प्राप्त जनशक्ति छोटो समयमानै विमानस्थल सुरक्षाबाट अन्यत्र सरुवा हुँदा पेशागत दक्षता अभिवृद्धि हुन नसकेको अवस्थामा हवाई सुरक्षासम्बन्धी जनशक्तिको दक्षता अभिवृद्धि गर्न नेपाल प्रहरी अर्न्तगत छुट्टै हवाई सुरक्षा विंग स्थापना गर्न राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिबाट पटक पटक निर्णय भएता पनि सोको कार्यान्वयन हुन नसकेकोले यस सम्बन्धमा उच्चस्तरबाट उचित व्यवस्थाका लागि पहल हुनु आवश्यक भएको छ ।

# १२. सामाजिक सेवा

१२.१ कुनै पनि राष्ट्रको समग्र विकासका लागि सामाजिक सेवाका प्रत्येक क्षेत्रको विकास र विस्तार हुनु जरुरी छ । देशमा सक्षम, सवल, उत्पादनशील, अनुशाशित, स्वस्थ र शिक्षित नागरिक उत्पादन गरेर नै सामाजिक विकासको समग्र उद्देश्य प्राप्त गर्न सकिन्छ । अतः सामाजिक विकासको अवधारणालाई मूर्तरूप दिन देशका सबै वर्ग, क्षेत्रका व्यक्तिहरूलाई सुलभ तवरले शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ पिउने पानीको पर्याप्त व्यवस्था एवं सुनिश्चितता गर्न सबै क्षेत्रको विकासमा संलग्न सरकारी र गैर-सरकारी संयन्त्रमा आर्थिक एवं मानवीय स्रोतको व्यवस्थापनमा सुधार, वातावरणीय, पारिवारिक तथा व्यक्तिगत सरसफाईतर्फ पर्याप्त जनचेतनाको विकास, पानीजन्य रोगको नियन्त्रण, स्वच्छ खानेपानीको वितरण, जनस्वास्थ्यसम्बन्धी चेतना तथा लैंगिक विभेदसम्बन्धी कानूनको संरचना तथा वाल अपाङ्ग, बालवालिका, जेष्ठ नागरिकहरूको सम्बन्धमा अन्तर्राष्ट्रिय क्षेत्रमा गरिएका प्रतिवद्धता, रोजगारीका अवसर सिर्जना गरी सीपयुक्त श्रम शक्तिको परिचालन एवं व्यवस्थापन जस्ता कार्यमा ठोस कदम चालिनु पर्ने देखिन्छ । दलित, पिछडिएका वर्ग, जनजाति, उत्पीडित समुदाय तथा आर्थिक एवं सामाजिकरूपले पछि परेका महिला वर्गको उत्थानका लागि विशेष कार्यक्रम सञ्चालन गरी तिनीहरूको जीवनस्तर उकास्न र समाजका प्रत्येक कियाकलापमा सहभागी गराउन प्रयत्नशील भएर लाग्नु पर्ने आवश्यकता  देखिन्छ ।

## शिक्षा

### सामुदायिक विद्यालय

१२.२ सामुदायिक व्यवस्थापनबाट विद्यालयको पठनपाठन र समग्रमा शैक्षिक वातावरणमा देखिएको सकारात्मक सुधारले गर्दा आर्थिक वर्ष २०६३/६४ मा आर्थिक स्रोतसहित विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिने कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिइएको छ । आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा २ हजार विद्यालयहरूको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने लक्ष्य लिइएकोमा २ सय विद्यालयहरूको व्यवस्थापन समुदायमा हस्तान्तरण गरिएको थियो । विद्यालय हस्तान्तरण तथा प्रोत्साहन कार्यक्रम (CSSP) बाट ७ सय ५२ विद्यालय तहको व्यवस्थापन र सबैका लागि शिक्षा (Education for All) कार्यक्रम बाट ८ सय ४८ गरी १ हजार ६ सय तहको व्यवस्थापन समुदायमा जिम्मा दिने लक्ष्यअनुसार आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा (फाल्गुण मसान्तसम्म) प्रा.वि. १ सय २३ तह, नि.मा.वि. १२ तह र मा.वि. ७ तह गरी १ सय ४२ तह विद्यालयको व्यवस्थापन हस्तान्तरण भएको छ भने हालसम्म प्रा.वि. २०४९ तह, नि.मा.वि. २ सय ८७ तह, मा.वि. १ सय १३ तह गरी कुल २ हजार ४ सय ४९ तह विद्यालयहरू सामुदायिक व्यवस्थापनमा हस्तान्तरण गरिएको छ । यसबाट समुदायले आफ्नो क्षेत्रको शैक्षिक संस्थालाई राम्रो बनाउनेतर्फ प्रयत्नशील रहेको देखिन्छ ।

### बाल शिक्षा

१२.३ विद्यालय बाहिरका बालवालिकाहरूको लागि बालशिक्षा कार्यक्रम, वैकल्पिक शिक्षा, प्राथमिक शिक्षा विस्तार कार्यक्रम तथा अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमहरू सञ्चालन भइरहेकोमा यस आर्थिक वर्षमा पनि यी कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ । आर्थिक वर्ष २०६२/६३ मा सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत बाल-विकास, सबैलाई शिक्षाको पहुँचको सुनिश्चितता, सबैलाई सिकाइको आवश्यकताको परिपूर्ति, निरक्षरता न्यूनीकरण,

लैङ्गिक असमानताको निर्मूलन र गुणस्तरीयताको सबै पक्षमा सुधार जस्ता कार्यहरूलाई पनि यस आर्थिक वर्षमा निरन्तरता दिइएको छ । प्रारम्भिक बाल-विकासको विषयवस्तुलाई एकीकृतरूपमा समेटी सिकाइ उपलब्धिमा एकरूपता कायम गर्न प्रारम्भिक वालविकास पाठ्यक्रम (दिग्दर्शन) विकास तथा वितरण गरिएको छ । बाल-विकास केन्द्र सञ्चालनको जिम्मा गाउँ, नगर विकास समितिलाई दिई त्यस्ता केन्द्र खोल्ने कानुनी दायित्व स्थानीय निकायलाई दिने व्यवस्था गरिएको छ । आर्थिक वर्ष २०६२/६३ मा ५ हजार ४ सय ९२ बाल-विकास केन्द्रसहित हालसम्म १२ हजार २ सय ६१ बाल-विकास केन्द्र स्थापना भएकोमा चालू आर्थिक वर्ष २०६३/६४ मा ६२ जिल्ला शिक्षा कार्यालयहरूबाट प्राप्त प्रथम आठ महिनाको प्रगति विवरणको आधारमा १ हजार १ सय ६८ वटा बाल-विकास केन्द्र स्थापना भएका छन् जसले दलित, पिछडिएका वर्ग लगायत विद्यालयमा विद्यार्थी भर्ना र पठन पाठनलाई नियमित गराउन छात्रवृत्तिसमेत प्रदान गर्ने गरिएको छ । आर्थिक वर्ष २०६२/६३ मा अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत विद्यालय जान सक्ने सबै बाल-बालिकाहरूलाई आधारभूत प्राथमिक शिक्षा कार्यक्रममा अवसर प्रदान गर्न वैकल्पिक विद्यालय कार्यक्रमको व्यवस्था मिलाई विस्तार शिक्षा कार्यक्रम र अनौपचारिक शिक्षा कार्यक्रमलाई ६६ जिल्लामा सञ्चालन गरिएकोमा आर्थिक वर्ष २०६३/६४ मा आधारभूत प्रौढ शिक्षा ४४ जिल्लामा सञ्चालन भई ५ हजार १ सय ५० कक्षा केन्द्रमार्फत १ लाख ३ हजार जना लाभान्वित भएका छन् भने अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम ५९ जिल्लामा सञ्चालन भई ७ सय कक्षा केन्द्रमार्फत १४ हजार जना लाभान्वित भएका छन् ।

### छात्रवृत्ति कार्यक्रम

१२.४ सुविधाविहीन वर्ग विशेषगरी महिलाहरूको उत्थानका लागि छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६२/६३ मा एस.एल.सी. उत्तीर्ण दलित, पिछडिएका वर्ग तथा विशेषगरी महिलाहरूका लागि १० महिने पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम र ७ सय जनालाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमअनुसार ताप्लेजुङ, सुनसरी, भोजपुर, महोत्तरी, सिन्धुपाल्चोक, म्याग्दी, तनहूँ, दाङ, सुर्खेत, हुम्ला र डोटी गरी १२ जिल्लामा लक्षित समूहले छात्रवृत्ति प्राप्त गरी तालिम लिइरहेका छन् । साक्षरता कार्यक्रम अन्तर्गत सञ्चालित कक्षा केन्द्रहरूमा गरिबीको रेखामुनि रहेका दलित, पिछडिएका जनजाति र महिला तथा अपाङ्गहरूको सक्रिय सहभागिताको लागि प्रोत्साहन पुरस्कारको व्यवस्था गरिएको थियो । आर्थिक वर्ष २०६३/६४ मा प्राथमिक तहमा अध्ययनरतः छात्राहरू मध्ये आर्थिक दृष्टिले कमजोर एवं विपन्न वर्गका ५० प्रतिशत छात्राहरू एवं दलित विद्यार्थीहरूलाई प्रति विद्यार्थी रु. ३ सय ५० का दरले छात्रवृत्ति रकम प्रदान गरिएको छ । त्यसैगरी, विद्यालय तहमा अध्ययन गर्ने कर्णाली अञ्चलका कक्षा १० सम्मका छात्राहरूलाई (प्राथमिक तहमा प्रति महिना रु. १००।- र माध्यमिक तहमा प्रति महिना रु. १ सय ५० का दरले १० महिनासम्म) छात्रवृत्ति प्रदान गरिएको छ । प्राथमिक तहमा राष्ट्रिय छात्रवृत्ति र सबैको लागि शिक्षा कार्यक्रम अन्तर्गत दलित छात्रवृत्ति, वालिका छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति, कर्णाली अञ्चलका छात्रछात्राका लागि छात्रवृत्ति तथा शहीदका छोराछोरीहरूलाई छात्रवृत्ति उपलब्ध गराइएको छ । माध्यमिक तहमा कक्षा ६-१० उत्पीडित तथा दलित छात्रवृत्ति (२०६२/६३ देखि कर्णाली अञ्चलका सबै विद्यार्थी तथा ७५ जिल्लाका दलितलाई समेटेको), स्थानीय छात्रवृत्ति, माध्यमिक विद्यालय छात्रवृत्ति र माध्यमिक शिक्षा सहयोग कार्यक्रम अन्तर्गत माध्यमिक शिक्षा सहयोग छात्रवृत्ति (कक्षा ६-१० सम्म), अपाङ्ग छात्रवृत्ति (कक्षा ६-१० सम्म), दलित आदिवासी छात्रवृत्ति, सीमान्त छात्रवृत्ति, माध्यमिक शिक्षा छात्रवृत्ति जस्ता छात्रवृत्ति कार्यक्रम सञ्चालन गरी विभिन्न वर्ग, क्षेत्रका बाल-बालिकालाई शिक्षामा सहभागी गराइएका कारण

बाल-बालिकाहरू लाभान्वित भई विद्यालय जाने वातावरण बन्न गएको छ । यसरी प्रदान गरिने छात्रवृत्ति वितरणमा प्रभावकारिता र पारदर्शिता ल्याउन प्रत्येक वर्ष उक्त छात्रवृत्ति प्रतिनिधि सभा घोषणा दिवस अर्थात जेष्ठ ४ गते र प्रजातन्त्र दिवस अर्थात फाल्गुण ७ गते गरी २ चरणमा वितरण गर्ने व्यवस्था मिलाएको छ ।

## प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रम

१२.५ आर्थिक वर्ष २०६२/६३ मा विभिन्न विषयमा १ सय २५ जनालाई विभिन्न समयावधिका तालिम दिइनुका साथै ३ सय ९ जनाको सीप परीक्षण गरिएको थियो । त्यस्तै, आर्थिक वर्ष २०६३/६४ मा Council for Technical Education and Vocational Training (CTEVT) ले आफै ७ स्थानमा टेक्निकल स्कूल सञ्चालन र ६४ वटा सम्बन्धन प्राप्त पोलिटेक्निक कलेज, स्कूलहरूमार्फत विभिन्न विषयका डिप्लोमा कोर्ष सञ्चालन गरेर सीपयुक्त जनशक्ति तयार गरेको छ । चालू आर्थिक वर्षमा लामो अवधिको तालिमका लागि १० हजार ३४ जना भर्ना र ९ हजार ६ सय १४ जना उत्पादन गर्ने भनिएकोमा ८ हजार १ सय ८९ जना र एक हप्ते अल्पकालीन तालिम ९ हजार १ सय ४५ जनालाई दिने लक्ष्य रहेकोमा ४ हजार जनालाई प्रदान गरिएको छ । यसरी १ सय २० वटा प्राविधिक एस.एल.सी. र ७१ वटा डिप्लोमा तहका संस्थामा मुख्यतया कृषि, इञ्जिनियरिङ्ग, स्वास्थ्य, पर्यटन, सेक्रेटरियल विषयहरूमा तालिम दिदँदै आएको छ । त्यस्तै, १ हजार ५ सय जना लाई सीप परीक्षण गर्ने भनिएकोमा ७ सय ९ जनाको सीप परीक्षण गरिएको छ, जसबाट स्वदेशमा रोजगारी गर्न र विदेशमा रोजगारीका लागि जाने सीपयुक्त जनशक्तिको परिचालन रोजगारदातामार्फत वैदेशिक रोजगारीमा जान मद्दत पुगेको छ । त्यसैगरी, एक विकास क्षेत्रबाट ३ वटा जिल्ला पर्ने गरी ५ विकास क्षेत्रबाट १५ वटा जिल्लाका विद्यालयमा एनेक्स (Annex) कार्यक्रमहरू पनि सञ्चालनमा छन् । इलाम केन्द्रको हकमा झापा, नुवाकोट, सुर्खेत, कञ्चनपुर र सुनसरीमा तालिम चालू भइरहेको छ भने बारामा पनि तालिम सुरु गर्ने प्रक्रिया सञ्चालित छ । सिराहा र नवलपरासी (कपिलवस्तुको सट्टा) मा पनि चाँडै नै सुरु गर्ने कार्यक्रम रहेको छ । त्यस्तै, तालिम परिषद्ले विभिन्न जिल्लाहरूका ३ हजार ५ सय जनालाई सामुदायिक सेवा कार्यक्रम अन्तर्गत स्वास्थ्य शिक्षा र पशु स्वास्थ्य सेवा तालिम प्रदान गरिरहेको छ ।

## प्राथमिक कक्षा कार्यक्रम

१२.६ आर्थिक वर्ष २०६२/६३ मा सञ्चालित प्राथमिक कक्षामा भर्ना हुन उमेर नपुगेका बाल-बालिकाहरूको लागि प्राथमिक कक्षा, वालविकास केन्द्र र उमेर बढी भएकाहरूका लागि वैकल्पिक विद्यालय व्यवस्था गरी निशुःल्क पाठ्यपुस्तक, छात्रवृत्ति र प्रशासनिक खर्च आदि अनुदान रकम वार्षिक कार्यक्रमअनुसार समयमै विद्यालयको खातामा निकासा गराउने व्यवस्था गरिएकोमा आर्थिक वर्ष २०६३/६४ मा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिई एकै समयमा कार्यक्रम सञ्चालनार्थ ७५ वटै जिल्ला शिक्षा कार्यालय तथा विद्यालयमा कार्यतालिकासमेतको व्यवस्था गरिएको छ । विकेन्द्रीकरणको अवधारणाअनुरूप स्रोत व्यक्तिको नियुक्ति गर्ने अधिकार स्थानीय स्रोत केन्द्र व्यवस्थापन समितिलाई प्रदान गरिनुका साथै स्रोत व्यक्ति र विद्यालय निरीक्षकको काम, कर्तव्य र अधिकार पनि स्पष्टरूपमा तोकिएको छ ।

## अपाङ्ग एवं दृष्टिविहीन बाल-बालिकासम्बन्धी व्यवस्था

१२.७ अपाङ्ग बाल-बालिकाहरूको शैक्षिक पहुँच सुनिश्चित गर्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैर-सरकारी संघ-संस्था र विज्ञहरूको सहभागितामा विशेष शिक्षा राष्ट्रिय नेटवर्कको गठन गरी

अपाङ्ग क्षेत्रमा काम गर्नका लागि ४ वटा प्राविधिक समिति गठन भएका छन् भने दृष्टिविहीनहरूले प्रयोग गर्ने नेपाली ब्रेल लिपी पनि नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयबाट स्वीकृत भएको छ ।

## पाठ्यक्रम/पाठ्यपुस्तक वितरण कार्यक्रम

१२.८ पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रमको प्रारूप तयार गरिसकेको छ भने कक्षा १० को पाठ्यक्रमबाट मात्र एस.एल.सी. सञ्चालन गर्ने भई यसै आर्थिक वर्षदेखि कार्यान्वयनसमेत भइसकेको छ । त्यस्तै, पाठ्यपुस्तक वितरणलाई सर्वसुलभ बनाउन प्राथमिक तहमा अध्ययनरत बाल-बालिकाहरूका लागि उपलब्ध गराउँदै आएको निःशुल्क पाठ्यपुस्तक र शैक्षिक सामग्रीवापतको अनुदान प्रत्येक वर्ष फाल्गुण महिनाको दोस्रो साता भित्र सम्बन्धित विद्यालयलाई जिल्ला शिक्षा कार्यालयमार्फत उपलब्ध गराउने व्यवस्था मिलाइएको र विद्यालयहरूले सो अनुदानबाट पुस्तक खरिद गरी बैशाख १५ गते अविभावकको भेला गराई अनिवार्यरूपमा पुस्तक वितरण गर्न आवश्यक व्यवस्थासमेत मिलाएका छन् ।

## शैक्षिक जनशक्ति विकास केन्द्र

१२.९. यस केन्द्रले आर्थिक वर्ष २०६२/६३ मो संस्थागत क्षमता अभिवृद्धि योजना अन्तर्गत दशौं पञ्चवर्षीय योजना, मध्यावधि खर्च संरचना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, शिक्षक शिक्षण आयोजना र सबैको लागि शिक्षा कार्यक्रमका अलावा दीर्घकालीन सोच, रणनीति र मानवीय संशाधन विकासका परिमाणात्मक लक्ष्य समेटिएकोमा आर्थिक वर्ष २०६३/६४ मा यस केन्द्रले शिक्षक शिक्षण आयोजना र माध्यमिक शिक्षा सहयोग कार्यक्रम निरन्तरताका साथ सञ्चालन गरेको छ । चालू आर्थिक वर्षमा शिक्षक शिक्षण आयोजनातर्फ १९ हजार ९ सय जना शिक्षक, १ हजार ५० जना प्रधानाध्यापक, १ हजार ८ सय ६० जना प्रशिक्षक प्रशिक्षण र १ सय ५५ जनालाई व्यवस्थापन तालिम दिइएको छ भने माध्यमिक शिक्षा सहयोग कार्यक्रम अन्तर्गत १६ हजार ५ सय जना शिक्षक, १ हजार ३ सय ७५ जना प्रधानाध्यापक र ९० जनालाई प्रशिक्षक प्रशिक्षण तालिम एवं ५ वटा खुला विद्यालय र १३ वटा शैक्षिक तालिम केन्द्रको स्तरोन्नति जस्ता कार्यक्रम सम्पन्न भएका छन् ।

## दुर्गम क्षेत्र विद्यार्थी सहयोग कार्यक्रम

१२.१० कर्णाली अञ्चलका सबै जिल्लाहरूका विद्यालयतहमा अध्ययन गर्ने कक्षा १० सम्मका छात्राहरू र सोही अञ्चलका उत्पीडित र दलितलगायतका सबै विद्यार्थीहरू र अन्य दुर्गम पहाडी जिल्लाका दलितहरूलाई विद्यालयमा अध्ययन अध्यापनको वातावरण बनाउन छात्रवृत्ति कार्यक्रममार्फत सहयोग पुऱ्याइएको छ । यसरी दुर्गम क्षेत्रका एस.एल.सी. दिने विद्यार्थीहरूलाई सहयोग सामग्री विकास, वितरण र प्रसारणसमेत गरिएको छ । यसैगरी, कर्णाली अञ्चलका छात्राहरू जो प्राथमिक तहमा अध्ययन गर्छन् तिनीहरूलाई प्रति महिना रु. १ सय र माध्यमिक तहका लागि रु. १ सय ५० का दरले १० महिनासम्मको छात्रवृत्तिमार्फत सहयोग कार्यक्रम सञ्चालन भइरहेको छ ।

## शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना

१२.११ आर्थिक वर्ष २०६२/६३ मा यस कार्यक्रम अन्तर्गत शिक्षाको पहुँच न्यून भएका र खाद्यान्न असुरक्षित २१ जिल्लाहरूमा खाद्य कार्यक्रम अन्तर्गत विभिन्न क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गरेकामा आर्थिक वर्ष २०६३/६४ मा विश्व खाद्य कार्यक्रमको सहयोगमा बाल-बालिकाहरूलाई आधारभूत शिक्षाको पहूँच अभिवृद्धि गर्ने तथा विद्यार्थीको पोषण र स्वास्थ्य

स्थितिमा सुधार ल्याउन २१ जिल्लामा दिवा खाजा कार्यक्रम (हलुवा वितरण) सञ्चालन गरी ४ लाख ५० हजार जनालाई लाभ पुर्‍याउने लक्ष्य रहेकोमा ३ लाख १३ हजार ५ जनालाई खाजा उपलब्ध गराइएको हुँदा यस क्षेत्रमा ७० प्रतिशत प्रगति भएको छ । कर्णाली अञ्चलका ५ जिल्लामा दिवा खाजा कार्यक्रम (हलुवा वितरण) बाट २४ हजार जनालाई लाभान्वित गर्ने लक्ष्य रहेकोमा ५ हजार ९ सय ५० कार्यक्रममा सहभागी भएकाले यस कार्यक्रममा २५ प्रतिशत मात्र प्रगति भएको छ । त्यस्तै, छात्र उत्प्रेरणा कार्यक्रम अन्तर्गत १४ जिल्लाका १ लाख ४१ हजार ८ सय ५० जनालाई २ लिटर खाने तेल उपलब्ध गराउने लक्ष्य रहेकोमा ९७ हजार ५ सय ९७ जनालाई यो सुविधा उपलब्ध गराइएको हुँदा यसमा ६९ प्रतिशत प्रगति भएको छ । मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम ११ जिल्लामा सञ्चालन गरी ७९ हजार गर्भवती र सुत्केरी महिलालाई सर्वोत्तम पीठो प्रति महिना ७ के.जी. का दरले उपलब्ध गराउने लक्ष्य रहेकोमा ४३ हजार ८ सय ९० जनालाई उपलब्ध गराई ५६ प्रतिशत प्रगति भएको छ । जुका निवारण कार्यक्रम लागु भएका २१ जिल्लामा ४ हजार ५० हजार विद्यार्थीहरूलाई वर्षको २ पटक (६/६ महिनामा) जुकाको औषधि खुवाउने लक्ष्य रहेकोमा शत्प्रतिशत प्रगति भएको छ । उपरोक्त कार्यक्रमहरूको सञ्चालनबाट छात्रा भर्ना र हाजिरी दर, छात्रछात्रा अनुपात बढ्नुका साथै बाल-बालिकालाई विद्यालय पठाउने वातावरणको सृजना र विद्यालयमा पुरा समय बस्न प्रोत्साहित गरेको छ ।

## अनौपचारिक शिक्षा कार्यक्रम

१२.१२ आर्थिक वर्ष २०६२/६३ मा अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत ३० जिल्लामा ६ सय गाउँ शिक्षा योजना निर्माण कार्यका साथै १ सय १९ वटा सामुदायिक अध्ययन केन्द्र स्थापना गर्नुका साथै कर्णाली अञ्चलमा सञ्चालित सार्वजनिक उच्च माध्यमिक विद्यालयलाई थप दुई शिक्षक अनुदान उपलब्ध गराइएको थियो । आर्थिक वर्ष २०६३/६४ मा तेस्रो पक्ष सम्मिलित अनुगमनकर्ताको Roaster निर्माण गरी PBM Tools का आधारमा अनुगमन कार्यको थालनी, औपचारिक र अनौपचारिक दुबै शिक्षा समेटिएको गाउँ शिक्षा योजना निर्माण, औपचारिक शिक्षा केन्द्र भित्र र बाहिर अन्य संघ-संस्थासँग सञ्जाल निर्माण र निम्न माध्यमिक विद्यालय तहको खुला सिकाइको लागि Condensed Curriculam निर्माण जस्ता कार्यक्रम सञ्चालन गरी विकेन्द्रीकरणको सिद्धान्तअनुसार स्थानीय निकाय, गैर-सरकारी संस्था र सामुदायिक अध्ययन केन्दमार्फत आधारभूत प्रौढ शिक्षा ४४ जिल्लामा सञ्चालन भएकोमा ५ हजार १ सय ५० कक्षा केन्द्रमार्फत १ लाख ३ हजार जना लाभान्वित हुने अनुमान गरिएको छ । त्यस्तै, साक्षरता अन्तर्गत गरिबीको रेखामुनि रहेका दलित, पिछडिएका, जनजाति र महिला एवं अपाङ्गहरूलाई सहभागी बनाउने कार्यक्रम ४३ जिल्लाको २ हजार २ सय ७५ कक्षा केन्द्रमा सञ्चालन भई ४५ हजार ५ सयलाई लाभान्वित गर्ने अनुमान छ । आयमूलक कार्यक्रम ७५ जिल्लामा सञ्चालन भई १ हजार ३ सय ५६ कक्षा केन्द्रबाट १२ हजार २ सय ४ जनालाई लाभान्वित बनाउने अनुमान रहेको छ । महिला साक्षरता प्रथम र द्वितीय कार्यक्रमतर्फ क्रमशः ७५ र ५१ जिल्लामा सञ्चालन गरी क्रमशः ३ हजार र १ हजार ६ सय कक्षा केन्द्रबाट क्रमशः ६० हजार र ३२ हजार लाभान्वित हुने अनुमान छ । बीचैमा कक्षा छाड्ने बाल-बालिकाहरूको लागि १७ जिल्लाका ३ सय ४० गाउँ विकास समितिमा कार्यक्रम सञ्चालन गरिएको र यसबाट करिब ६ हजार ८ सय बाल-बालिका लाभान्वित हुनेछन् । प्राथमिक शिक्षा विस्तार कार्यक्रमतर्फ ६६ जिल्लाको एक हजार कक्षा केन्द्रबाट करिब २० हजार बाल-बालिकाहरू लाभान्वित भएका छन् । अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम ५९ जिल्लाको ७० कक्षा केन्द्रबाट १४ हजार जना लाभान्वित भएका छन् । त्यस्तै, सामुदायिक अध्ययन केन्द्रमार्फत ७५ जिल्लाको १ सय

६६ कक्षा केन्द्रबाट सामुदायिक अध्ययन केन्द्रको क्षेत्रभित्रका समुदायहरू लाभान्वित भएका छन् । साथै, कर्णाली अञ्चलमा सञ्चालित सार्वजनिक उच्च मा.वि. लाई थप दुई शिक्षक अनुदान दिने कार्यलाई निरन्तरता दिइएको छ ।

## विद्यालय, विद्यार्थी र शिक्षक अनुपात तालिका

१२.१३ शैक्षिक सत्र २०६३ को तथ्याङ्कअनुसार सरकारी तथा निजीस्तरका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको विद्यालय, विद्यार्थी र शिक्षक अनुपात देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १२ (क) : विद्यालय, विद्यार्थी र शिक्षक अनुपात**

| अनुपात | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक |
|---|---|---|---|
| विद्यार्थी/विद्यालय | १६२ | १४७ | १२७ |
| शिक्षक/विद्यालय | ३ | ३ | ४ |
| विद्यार्थी/शिक्षक | ४७ | ४९ | ३५ |
| विद्यार्थी/तालिमप्राप्त शिक्षक | ७९ | १०५ | ५३ |

*स्रोत : शिक्षा तथा खेलकूद मन्त्रालय*

१२.१४ शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत शैक्षिक सत्र, २०६३ मा प्राथमिक विद्यालय २७ हजार ९ सय १ वटा, निम्न माध्यमिक विद्यालय ८ हजार ८ सय ८० वटा र माध्यमिक विद्यालय ५ हजार ३ सय २९ वटामार्फत पठनपाठन भइरहेको छ ।

**चार्ट १२ (क) : सार्वजनिक विद्यालयहरूको संख्या**




* अनुमानित

## सामुदायिक विद्यालयमा विद्यार्थी/शिक्षक अनुपात तालिका

१२.१५ शिक्षा ऐन, २०५८ (सातौं संशोधन) को वर्गीकरणमा परेका सामुदायिक विद्यालयहरू नेपाल सरकारबाट अनुदान प्राप्त गरी सञ्चालनमा रहेकाछन् भने संस्थागत विद्यालयहरू गुठी वा कम्पनी ऐन अन्तर्गत रही सञ्चालित छन् । सरकारी र सामुदायिक विद्यालयहरू वर्गीकरणको दृष्टिकोणले सामुदायिक विद्यालय अन्तर्गत पर्दछन् भने निजी विद्यालयहरू संस्थागत विद्यालय अन्तर्गत पर्दछन् । शैक्षिक सत्र २०६३ को अनुमानित प्राप्त तथ्याङ्कअनुसार देशका पाँच विकास क्षेत्र अन्तर्गत हिमाल, पहाड, तराई तथा उपत्यकासमेतका आधारमा

सरकारी/निजी र सामुदायिकस्तरमा सञ्चालित विद्यालयहरूमा विद्यार्थी/शिक्षक अनुपात निम्नबमोजिम रहेको छ :

**तालिका १२ (ख) : विद्यार्थी/शिक्षक अनुपात, शैक्षिक सत्र २०६३**

| क्षेत्र | प्रति शिक्षक विद्यार्थी अनुपात | | | | | |
|---|---|---|---|---|---|---|
| | निजी/सरकारी | | | सामुदायिक | | |
| | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक |
| **नेपाल राज्य** | ४५.२ | ४८.७ | ३५.० | ५४.७ | ६५.२ | ५६.४ |
| **पूर्वाञ्चल** | ५३.४ | ५९.३ | ५९.१ | ५८.७ | ६४.७ | ६९.२ |
| हिमाल | ४१.१ | ४६.५ | ५३.६ | ४२.४ | ४८.३ | ५७.२ |
| पहाड | ५३.६ | ५२.९ | ५८.१ | ५५.१ | ५४.५ | ७३.४ |
| तराई | ५३.२ | ६६.८ | ५५.९ | ६६.९ | ७९.६ | ६९.६ |
| **मध्यमाञ्चल** | ३९.५ | ३६.७ | २३.५ | ५४.८ | ६०.३ | ४५.८ |
| हिमाल | ४२.५ | ५९.६ | ५१.९ | ४४.० | ६१.७ | ५७.० |
| पहाड | ४६.६ | ५८.७ | ३६.७ | ५२.३ | ७३.५ | ५२.१ |
| उपत्यका | १६.२ | १८.५ | ११.४ | २३.५ | ३०.४ | २३.७ |
| तराई | ६४.६ | ५५.६ | ४१.९ | ७६.३ | ७४.१ | ५८.८ |
| **पश्चिमाञ्चल** | ३६.७ | ४८.८ | ३४.३ | ४३.२ | ६४.६ | ४९.४ |
| हिमाल | ७.५ | ९.२ | ५.५ | ७.३ | ८.९ | ५.३ |
| पहाड | ३३.४ | ४८.३ | ३३.५ | ३७.४ | ५०.५ | ४६.३ |
| तराई | ४६.८ | ५१.६ | ३७.७ | ६५.७ | ८४.६ | ६६.० |
| **मध्य पश्चिमाञ्चल** | ६०.३ | ७२.५ | ५५.० | ६५.९ | ८४.९ | ६५.३ |
| हिमाल | ४३.२ | ३८.७ | २५.९ | ४३.५ | ३९.५ | २५.९ |
| पहाड | ६१.३ | ७४.८ | ८४.४ | ६२.९ | ७८.५ | ८६.४ |
| तराई | ६२.७ | ७९.६ | ३८.४ | ८३.७ | ११३.२ | ५४.० |
| **सुदूर पश्चिमाञ्चल** | ५४.९ | ५४.४ | ३४.० | ६०.८ | ६१.० | ३८.८ |
| हिमाल | ४३.३ | ४१.१ | २१.३ | ४३.९ | ४२.३ | २१.३ |
| पहाड | ५८.१ | ४५.४ | २९.६ | ५९.२ | ४६.२ | ३०.८ |
| तराई | ५९.४ | ६७.९ | ४६.० | ७७.४ | ९१.२ | ६३.१ |

*द्रष्टव्य : सरकारी र सामुदायिक विद्यालय भन्नाले क्रमशः अनुदान पाउने र अनुदान पाउने आशामा रहेका विद्यालय भन्ने बुझिन्छ ।*

*स्रोत : शिक्षा तथा खेलकूद मन्त्रालय/शिक्षा विभाग* – Flash Report 1, 2063

१२.१६ शैक्षिक सत्र २०६३ मा पठन पाठनका लागि क्षेत्रगत आधारमा सरकारीस्तरमा पूर्वाञ्चलमा प्राथामिक ६ हजार १ सय ८१ वटा, निम्न माध्यमिक १ हजार ८ सय ९८ वटा र माध्यमिक १ हजार ९५ वटा, मध्यमाञ्चल क्षेत्रमा प्राथामिक ८ हजार १ सय ९३ वटा, निम्न माध्यमिक ३ हजार ९ वटा र माध्यमिक १ हजार ९ सय ४७ वटा, पश्चिमाञ्चल क्षेत्रमा प्राथामिक ६ हजार ५ सय २५ वटा, निम्न माध्यमिक २ हजार ८० वटा र माध्यमिक १ हजार ३ सय ४१ वटा, मध्य पश्चिमाञ्चल क्षेत्रमा प्राथामिक ४ हजार २ वटा, निम्न माध्यमिक १ हजार ८

वटा, माध्यमिक ४ हजार ८६ वटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा प्राथमिक २ हजार ९ सय ९८ वटा, निम्न माध्यमिक ८ सय ८५ वटा र माध्यमिक ४ सय ६० वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् ।

### चार्ट १२ (ख) : विद्यालयहरूको क्षेत्रगत विवरण

#### सरकारीस्तरमा सञ्चालित







#### सामुदायिकस्तरमा सञ्चालित







#### निजीस्तरमा सञ्चालित






## सम्बन्धन प्राप्त विद्यालय संख्या

१२.१७ शैक्षिक सत्र २०६३ सम्म सम्बन्धन प्राप्त सार्वजनिक, निजी, दस जोड दुई र क्याम्पसहरूको कुल संख्यामध्ये हिमाली, पहाडी र तराई क्षेत्रहरूमा रहेका विद्यालयहरूको संख्या देहायबमोजिम रहेको छ:

**तालिका १२ (ग) : भौगोलिक अवस्थितिका आधारमा शैक्षिक सत्र २०४९ देखि शैक्षिक सत्र २०६३ सम्म सम्बन्धनप्राप्त उच्च माध्यमिक विद्यालयहरू**

| विकासक्षेत्र | भौगोलिक अवस्थिति | | | जम्मा |
|---|---|---|---|---|
| | हिमाल | पहाड | तराई | |
| **पूर्वाञ्चल** | २० | ७७ | १२५ | २२२ |
| **मध्यमाञ्चल** | ३१ | ३४४ | १२१ | ४९६ |
| **पश्चिमाञ्चल** | ४ | २२६ | ७३ | ३०३ |
| **मध्य पश्चिमाञ्चल** | १० | ३१ | ४० | ८१ |
| **सुदूर पश्चिमाञ्चल** | २० | ३१ | ४४ | ९५ |
| **जम्मा** | ८५ | ७०९ | ४०३ | ११९७ |

*स्रोत : उच्च माध्यमिक शिक्षा परिषद*

## उच्च माध्यमिक शिक्षा परिषद्

१२.१८ चालू आर्थिक वर्ष २०६३/६४ मा पनि विगत वर्षहरूमा झै उच्च माध्यमिक शिक्षा परिषद्ले अंगिकार गर्दै आएको प्रायजसो कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ। गत आर्थिक वर्षको लागि National Grid र नमूना प्रश्नपत्र, विगत चार वर्षका प्रश्नपत्र एवं नमूना उत्तर कुञ्जिका निर्माण, केन्द्र व्यवस्थापनसम्बन्धी गोष्ठी, उच्च माध्यमिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि कोष स्थापना, अतिरिक्त क्रियाकलाप सञ्चालन, समकक्षता प्रमाणपत्र प्रमाणीकरण जस्ता कार्यक्रमहरू यस वर्ष पनि निरन्तरताका साथ सञ्चालित छन्। यसका साथै देशभर अनुगमन/सुपरीवेक्षण कार्य गर्न समूहगत, आकस्मिक अनुगमनको व्यवस्था गरिएको छ। गत वर्ष जस्तै चालू आर्थिक वर्षमा पनि कर्णाली अञ्चलमा सञ्चालित उच्च माध्यमिक विद्यालयहरूलाई थप २ जना शिक्षकको लागि तलव अनुदानको व्यवस्था गरिएको छ। साथै, छात्रा छात्रवृत्ति कोषबाट प्राप्त रकम वितरण प्रक्रिया पनि सुरु भएको छ। परिषद्ले आर्थिक वर्ष २०६२/६३ मा उपत्यका बाहिरका विद्यार्थीहरूलाई आवश्यक सूचना प्रवाह गर्न र सरसल्लाह एवं पाउनुपर्ने सुविधाहरू उपलब्ध गराउन विराटनगर र नेपालगञ्ज गरी २ वटा सम्पर्क कार्यालयहरू स्थापना गरेकोमा आर्थिक वर्ष २०६३/६४ मा हेटौंडा र पोखरामा २ वटा थप गरी ४ वटा सम्पर्क कार्यालयहरूबाट सेवा उपलब्ध गराउने काम भएको छ।

## उच्च माध्यमिक विद्यालयमा छात्रछात्राको स्थिति

१२.१९ उच्च माध्यमिक विद्यालय अन्तर्गत कक्षा ११ र १२ मा शैक्षिक सत्र २०५४ देखि २०६३ सम्मको परीक्षामा उपस्थित एवं उत्तीर्ण छात्रछात्राको संख्या निम्नअनुसार रहेको छ :

तालिका १२ (घ) : शैक्षिक सत्र २०५४ देखि २०६३ सम्मको परीक्षामा उपस्थित एवं उत्तीर्ण छात्रछात्राको संख्या

| शैक्षिक सत्र | एघार कक्षा | | | | | | बाह्र कक्षा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षा दिएको | | | उत्तीर्ण भएको | | | परीक्षा दिएको | | | उत्तीर्ण भएको | | |
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०५४ | ६०९३ | ३२४० | ९३३३ | ११९६ | ६७८ | १८७४ | २९३९ | १८४० | ४७७९ | ६५४ | ४११ | १०६५ |
| २०५५ | ८०८४ | ४६२६ | १२७१० | २६७५ | १५२६ | ४२०१ | ४४६० | २६१५ | ७०७५ | १७०८ | १०७० | २७७८ |
| २०५६ | ११८८३ | ६९५० | १८८३३ | ४२१७ | २५०३ | ६७२० | ६२८९ | ३८९८ | १०१८७ | २७७१ | १६२४ | ४३९५ |
| २०५७ | १७९७५ | १०९५८ | २८९३३ | ६६०० | ३७१३ | १०३१३ | ९८६१ | ६१२० | १५९८१ | ३९२६ | २३०९ | ६२३५ |
| २०५८ | ३०३४४ | १९६०७ | ४९९५१ | ९११९ | ५३६३ | १४४८२ | १४८०३ | ८५६० | २३३६३ | ५३०४ | ३०४२ | ८३४६ |
| २०५९ | २६४०१ | १७९८९ | ४४३९० | ९३८३ | ५५८३ | १४९६६ | २४४२० | १६८७२ | ४१२९२ | ७७३० | ४५२० | १२२५० |
| २०६० | ३८३४१ | २७४६३ | ६५८०४ | १४३१७ | ९३२३ | २३६४० | २१५२६ | १५५७३ | ३७०९९ | ७४८८ | ४४७० | ११९५८ |
| २०६१ | ३७०७७ | २४३७८ | ६१४५५ | १५९८४ | ९९१० | २५८९४ | ३२९१५ | २४६९८ | ५७६१३ | १३४३४ | ९२१२ | २२६४६ |
| २०६२ | ८६३५१ | ६९९७६ | १५६३२७ | ४०८४२ | ३०५०२ | ७१३४४ | ५७०८२ | ४३८५८ | १००९४० | ३०८९३ | २२१७० | ५३०६३ |
| २०६३ | १०८०९८ | ९६२२८ | २०४३२६ | अप्राप्त | अप्राप्त | अप्राप्त | ७७००७ | ६६९६७ | १४३९७४ | अप्राप्त | अप्राप्त | अप्राप्त |

स्रोत : उच्च माध्यमिक शिक्षा परिषद

१२.२० शैक्षिक सत्र, २०६३ मा प्राथमिक विद्यालयमा ४५ लाख १५ हजार, निम्न माध्यमिक विद्यालयमा १३ लाख १ हजार र माध्यमिक विद्यालयमा ६ लाख ८० हजार विद्यार्थीहरू भर्ना भई पठन पाठन गरिरहेका छन् ।

चार्ट १२ (ग) : विद्यार्थी भर्ना संख्या




## उच्चशिक्षा

### विश्वविद्यालयहरू

१२.२१ उच्च शिक्षा अन्तर्गत चालू आर्थिक वर्ष २०६३/६४ मा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालय गरी जम्मा ५ वटा विश्वविद्यालय सञ्चालनमा रहेका छन् भने लुम्बिनीमा बौद्ध विश्वविद्यालय स्थापनाको स्वीकृत भएता पनि हालसम्म सञ्चालन भएको छैन । गुणस्तरीय एवं दक्ष जनशक्ति उत्पादन गरी देशका समग्र विकासमा ती जनशक्तिहरूलाई परिचालन गर्ने हेतुले राष्ट्रिय एवं क्षेत्रीय अवधारणाको आधारमा सञ्चालित विश्वविद्यालयहरूको गतिविधि देहायबमोजिम रहेको छ ।

## त्रिभुवन विश्वविद्यालय

१२.२२ त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्जिनिरिङ्ग अध्ययन संस्थान, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, चिकित्साशास्त्र अध्ययन संस्थान, वन विज्ञान अध्ययन संस्थान र विज्ञान तथा प्रविधि अध्ययन संस्थान गरी ५ प्राविधिक अध्ययन संस्थानका साथै कानून संकाय, व्यवस्थापन संकाय, शिक्षा शास्त्र संकाय र मानविकी तथा सामाजिक शास्त्र संकाय गरी ४ संकाय अन्तर्गत ६० वटा आङ्गिक क्याम्पसहरूमा विभिन्न विषय र तहका शैक्षिक कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यी आङगिक क्याम्पसहरू पूर्वाञ्चलमा १३, मध्यमाञ्चलमा २८, पश्चिमाञ्चलमा ११, मध्यपश्चिमाञ्चलमा ५ र सुदूर पश्चिमाञ्चलमा ३ रहेका छन् भने त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी पूर्वाञ्चलमा ५७, मध्यमाञ्चलमा २२२, पश्चिमाञ्चलमा ८७, मध्यपश्चिमाञ्चलमा २३ र सुदूर पश्चिमाञ्चलमा २७ गरी जम्मा ४१६ वटा क्याम्पसहरू सञ्चालनमा रहेका छन् । गत आर्थिक वर्ष २०६२/६३ मा त्रिभुवन विश्वविद्यालयको प्राविधिक तथा साधारणतर्फ आङगिक क्याम्पसहरूमा कुल १ लाख ५२ हजार ६ सय ६८ र सम्वन्धन प्राप्त क्याम्पसहरूमा १ लाख ५ हजार ६ सय ३२ विद्यार्थीहरू अध्ययनरत रहेको प्राप्त अभिलेखबाट देखिन्छ ।

## त्रिभुवन विश्वविद्यालयतर्फको अप्राविधिक उत्पादन विवरण

१२.२३ त्रिभुवन विश्व विद्यालय अन्तर्गत अप्राविधिक अध्ययन संस्थानहरूको उत्पादन विवरण निम्नबमोजिम रहेको छः

**तालिका १२ (ङ) : अप्राविधिक अध्ययन संस्थानहरूको उत्पादन विवरण**

| अध्ययन संस्थान र कार्यक्रम | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ |
|---|---|---|---|---|---|---|
| १. कानुन संकाय | १४४० | १२४५ | ७९५ | ५०० | ८०० | अप्राप्त |
| (क) प्रमाणपत्र | ९७ | ६८ | २८ | १५ | ३३ | ,, |
| (ख) स्नातक | १३१५ | ११५० | ७३४ | ४६९ | ६९२ | ,, |
| (ग) स्नातकोत्तर | २८ | २७ | ३३ | १६ | ७५ | ,, |
| २. व्यवस्थापन संकाय | १०४९६ | १२९२३ | १३३८१ | ११५७३ | २२५०० | ,, |
| (क) प्रमाणपत्र | ७०९६ | ८०९३ | ८४३५ | ७०४३ | १२०९५ | ,, |
| (ख) स्नातक | २२५८ | ३६०७ | ३९९६ | ३८७७ | ८५४९ | ,, |
| (ग) स्नातकोत्तर | ११४२ | १२२३ | ९५० | ६५३ | १८५६ | ,, |
| ३. शिक्षाशास्त्र संकाय | ३७४६ | ४४६२ | ४९८७ | ५६३९ | ९९९९ | ,, |
| (क) प्रमाणपत्र | २००९ | १७०६ | १५५९ | ३६३२ | ३५२५ | ,, |
| (ख) स्नातक | १४२१ | २४६० | ३१९५ | ३६३२ | ५८४१ | ,, |
| (ग) स्नातकोत्तर | ३१६ | २९६ | २३३ | २२४ | ६३३ | ,, |
| ४. मानविकी र सामाजिकशास्त्र संकाय | १०७५८ | १५०४३ | १३४९८ | १२५४४ | २७५२७ | ,, |
| (क) प्रमाणपत्र | ६९२६ | १०५३० | ८४२४ | ७८७६ | १६००५ | ,, |
| (ख) स्नातक | २४६२ | २८३८ | ३६८९ | ३४२५ | ७६६६ | ,, |
| (ग) स्नातकोत्तर | १३७० | १६७५ | १३८५ | १२४३ | ३३८५ | ,, |
| (३) अन्य | - | - | - | - | ४७१ | ,, |
| जम्मा | २६४४० | ३३६७३ | ३२६६१ | ३०२५६ | ६०८२६ | ,, |

*स्रोत : त्रिभुवन विश्वविद्यालय*

## त्रिभुवन विश्वविद्यालयतर्फको प्राविधिक उत्पादन विवरण

१२.२४ त्रिभुवन विश्वविद्यालयअन्तर्गत प्राविधिक अध्ययन संस्थानहरूको उत्पादन विवरण निम्नबमोजिम रहेको छ :

**तालिका १२ (च) : प्राविधिक अध्ययन संस्थानहरूको उत्पादन बिवरण**

| अध्ययन संस्थान र कार्यक्रम | २०५४/५५ | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ |
|---|---|---|---|---|---|---|---|---|---|
| **१. इन्जिनियरिङ.** | **३३२** | **६४७** | **५५९** | **६४८** | **६६५** | **८७०** | **९८५** | **१०७१** | **१५२८** |
| क. प्रमाणपत्र | २३८ | ५१४ | ३७२ | ४३६ | ४४१ | ५५४ | ५५९ | ६२६ | २८२ |
| ख. स्नातक | ९४ | १३३ | १५० | १८४ | १८१ | २५७ | ३५७ | ३६८ | ११४० |
| ग. स्नातकोत्तर | - | - | ३७ | २८ | ४३ | ५९ | ६९ | ७७ | १०६ |
| **२. कृषि र पशुविज्ञान** | **११६** | **१०१** | **१४६** | - | **१७५** | **२४१** | **१६५** | **१३८** | **१३६** |
| क. प्रमाणपत्र | ३२ | २१ | ६९ | - | ४२ | ५३ | १५ | - | - |
| ख. स्नातक | ८४ | ८० | ७७ | - | १०८ | १४४ | १०७ | ११२ | १०२ |
| ग. स्नातकोत्तर | - | - | | - | २५ | ४४ | ४३ | २६ | ३३ |
| घ. पि.एच.डि. | - | - | - | - | - | - | - | - | १ |
| **३. चिकित्साशास्त्र** | **३९०** | **३७६** | **४५८** | **४५०** | **५०४** | **५१६** | **५९७** | **५७७** | **७१०** |
| क. प्रमाणपत्र | २२८ | २६८ | ३०९ | २९४ | ३१४ | ३०२ | ३३० | ३३० | ३१४ |
| ख. स्नातक | १३९ | ६७ | ९० | १०९ | १२४ | १४८ | १६९ | १५९ | ३०४ |
| ग. स्नातकोत्तर | २३ | ४१ | ५९ | ४७ | ६६ | ६६ | ९८ | ८८ | ९२ |
| **४. वन विज्ञान** | **९१** | **८७** | **१३४** | **१६९** | **१६४** | **६६** | - | १२९ | १७५ |
| क. प्रमाणपत्र | ८८ | ८७ | ९५ | १०३ | ११३ | ६६ | - | ७२ | ८१ |
| ख. स्नातक | ३ | - | ३९ | ६६ | ५१ | - | - | ५७ | ८३ |
| ग. स्नातकोत्तर | - | - | - | - | - | - | १४ | - | - |
| घ. पि.एच.डि. | - | - | - | - | - | - | - | - | ११ |
| **५. विज्ञान तथा प्रविधि** | **४५१** | **३४६** | **१६४** | **३४९१** | **४१९०** | **३७२७** | **३२२२** | **७३३५** | **७३३५** |
| क. प्रमाणपत्र | | | | २२३५ | २७८० | २२४९ | १९४६ | ४४०२ | अप्राप्त |
| ख. स्नातक | | | | ८३९ | ९६३ | ११७५ | ९६१ | २०७१ | अप्राप्त |
| ग. स्नातकोत्तर | ४५१ | ३४६ | १६४ | ४१५ | ४४७ | ३०३ | ३१५ | ८५४ | अप्राप्त |
| **कुल जम्मा** | | १३८० | १५५७ | १४६१ | ४७५६ | ५६९८ | ५४२० | ४९९२ | अप्राप्त |

*स्रोत : त्रिभुवन विश्वविद्यालय*

## त्रिभुवन विश्वविद्यालयतर्फ विद्यावारिधि दर्ता विवरण :

१२.२५ त्रिभुवन विश्वविद्यालयअन्तर्गत शैक्षिक सत्र २०६२/६३ मा पि.एच.डि. का लागि दर्ता गर्ने विद्यार्थीहरूको विवरण :

तालिका १२ (छ) : विद्यावारिधि दर्ता विवरण

| अध्ययन संस्थान/संकाय | कुल विद्यार्थी संख्या | | |
|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा |
| मानविकी तथा समाजशास्त्र | ३१५ | ८६ | ४०१ |
| व्यवस्थापन | १० | - | १० |
| शिक्षा शास्त्र | ८ | - | ८ |
| कानून | १० | - | १० |
| विज्ञान तथा प्रविधि | - | - | - |
| इन्जिनियरिङ्ग | २४ | - | २४ |
| कृषि तथा पशु विज्ञान | ७ | - | ७ |
| जम्मा | ३७४ | ८६ | ४६० |

*स्रोत : त्रिभुवन विश्वविद्यालय*

## त्रिभुवन विश्वविद्यालयतर्फ चिकित्सा सेवा

१२.२६ त्रिभुवन विश्वविद्यालयले स्वास्थ्य सेवा क्षेत्रमा चालू आर्थिक वर्षमा चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालबाट ३ लाख ४६ हजार ६ जना विभिन्न प्रकारका विरामीहरूलाई सेवा र ८ हजार ८४ जनालाई शल्यक्रिया सेवा प्रदान गरी उपचार गरिएको छ। वि.पि. कोइराला लायन्स नेत्र अध्ययन केन्द्रबाट ८१ हजार १७४ जना आँखाका रोगीहरूलाई सेवा प्रदान गर्नुको साथै आँखाको शल्यक्रिया (अपरेशन) तर्फ १ हजार ६ सय ५४ जनालाई सर्जिकल उपचार गरिएको छ। त्यस्तैगरी, त्रिभुवन विश्वविद्यालय हेल्थ सेण्टर कीर्तिपुरले ७ हजार ३ सय ७६ जना विभिन्न विरामीहरूलाई सेवा प्रदान गरेको छ। यसरी त्रिभुवन विश्वविद्यालयले कुल ४ लाख ३४ हजार ५ सय ४७ जना विरामीहरूलाई चिकित्सा सेवा प्रदान गरेको छ। विगत वर्षको तुलनामा यस वर्ष कुल विरामी सेवा संख्याको वृद्धि प्रतिशत ९.३० रहेको छ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जले आर्थिक वर्ष २०६१/६२ र २०६२/६३ मा जनस्वास्थ्यका क्षेत्रमा गरेको विरामी सेवाको विवरण देहायबमोजिम रहेको छ।

तालिका १२ (ज) : त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्ज

| क.स. | सेवाको विवरण | विरामी संख्या | |
|---|---|---|---|
| | | २०६१/६२ | २०६२/६३ |
| १. | (क) वहिरङ्ग सेवा (ओ.पि.डी.) | २७,०२६ | २,६२,०९९ |
| | (ख) आकस्मिक सेवा (इमर्जेन्सी) | ३०,४८२ | ३९,६०० |
| | (ग) विस्तारित सेवा | - | ४४,३०७ |
| २. | अन्तरङ्ग सेवा (इनडोर) विरामी संख्या | | |
| | (क) भर्ना | १७,१०१ | १७,७८५ |
| | (ख) डिस्चार्ज | १६,७७० | १६,६७१ |
| ३. | मृत्यु प्रतिशत कुल | ३.१२ | ३.४५ |

| क.स. | सेवाको विवरण | विरामी संख्या | |
|---|---|---|---|
| | | २०६१/६२ | २०६२/६३ |
| ४. | बेड अकुपेन्सी प्रतिशत | ८२.८३ | ९६.९६ |
| ५. | औसत बेडमा बस्ने दर (दिन) | ७.३४ | ८.६ |
| ६. | शल्यचिकित्सा | ७,६४५ | ८,०८४ |
| **(ख) वि.पी. कोइराला लायन्स नेत्र अध्ययन केन्द्र, महाराजगञ्ज** | | | |
| १. | ओ.पि.डी.को विरामी संख्या | ७१,९३७ | ६६,०१४ |
| २. | प्राइभेट क्लिनिकको विरामी संख्या | ४,६५१ | ५,४०८ |
| ३. | सेटेलाइट (सामुदायिक) क्लिनिकको विरामी संख्या | ४,२२६ | २,८०८ |
| ४. | स्क्रिनिङ्ग तथा आई (आँखा) क्याम्पको विरामी संख्या | ७,६१६ | ६,९४४ |
| | जम्मा : | ८८,४३० | ८१,१७४ |
| **शल्यक्रिया :** | | | |
| १ | नेत्र अध्ययन केन्द्रमा | १,०८६ | १,०४३ |
| २. | त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा | ३०५ | २३३ |
| | जम्मा : | १,३९१ | १,२७६ |
| **सामुदायिक शल्यक्रिया :** | | | |
| १. | नेत्र अध्ययन केन्द्रमा | १९१ | २३४ |
| २. | त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा | ३०५ | १४४ |
| | जम्मा : | ४९६ | ३७८ |
| **ग. त्रिभुवन विश्वविद्यालय हेल्थ सेण्टर, कीर्तिपुर** | | | |
| १. | विरामी परीक्षण संख्या | ५,९२५ | ५,८७२ |
| २. | माइनर अपरेशन/ड्रेसिङ्ग (निःशुल्क) | १,५११ | १,४९५ |
| ३. | औषधि वितरण (औषधि भएसम्म निःशुल्क वितरण गरेको) | | |
| | जम्मा : | ७,४३६ | ७,३६७ |
| १. | त्रिभुवन विश्वविद्यालयका अस्पताल/हेल्थ सेण्टरले चिकित्सा सेवा प्रदान गरेको कुल विद्यार्थी संख्या | ३,९७,५७० | ४,३४,५४७ |
| २. | विरामी सेवा संख्या वृद्धि (प्रतिशत) | १४.१९ | ९.३० |

स्रोत : त्रिभुवन विश्वविद्यालय

## त्रिभुवन विश्वविद्यालयतर्फको पशु स्वास्थ्य सेवा

१२.२७ त्रिभुवन विश्वविद्यालयअन्तर्गत कृषि तथा पशु विज्ञान अध्ययन संस्थान अन्तर्गत रामपुर, चितवनमा भेटनरी शिक्षण अस्पतालमा विद्यार्थीहरूलाई अध्ययन अध्यापन, अनुसन्धान एवं अन्वेषणका साथै नेपालको कृषि क्षेत्रको विकासको निमित्त पशुपंक्षीको सामान्य चिकित्सादेखि शल्यक्रिया सेवा प्रदान गरी आएकोमा सो कार्यलाई निरन्तरता दिने क्रममा यस वर्ष पनि पशुपंक्षीको सामान्य चिकित्सा उपचारदेखि शल्य चिकित्सा उपचारसम्मको सेवा प्रदान गरी पशुपंक्षीको विकासमा सेवा प्रदान गरियो ।

## काठमाडौं विश्वविद्यालयको कार्यक्रम

१२.२८ वि.सं. २०४८ मा स्थापित काठमाडौं विश्वविद्यालयले १५ वर्षदेखि मुलुकको उच्च शिक्षाको क्षेत्रमा गुणात्मक शिक्षा प्रदान गर्ने प्रतिवद्धता लिई बहुआयामिक शैक्षिक गतिविधिहरू सञ्चालन गर्दै आएको छ र कार्यक्षेत्र पनि क्रमिकरूपले विस्तार गर्दै लगेको छ । विश्व विद्यालयले अहिलेसम्म विज्ञान, प्रविधि, कला, व्यवस्थापन, शिक्षा, स्वास्थ्य संकायका ७६

विषयहरूमा शैक्षिक कार्यक्रम सञ्चालन गर्दै मुलुकभित्र इञ्जिनियर, डाक्टर, फर्मासिष्ट, वातावरणविद्, व्यवस्थापकलगायतका ३ हजार ८ सय ८८ उच्च प्राविधिक जनशक्ति उत्पादन गरिसकेको छ । हाल यी विषयहरूमा सम्बन्धन प्राप्त कलेजसमेत जोड्दा कुल ५ हजार ४ सय ४४ जना जनशक्ति तयार भएका छन् । काठमाडौं विश्वविद्यालय अन्तर्गत स्वास्थ्य विज्ञान कार्यक्रमको सिलसिलामा गत वर्ष OPD मा ४६ हजार ८ सय ४५ जना, शल्यक्रियामा ४ हजार ९ सय १८ जना र Indoor Patient ४ हजार २ सय ८१ जना गरी जम्मा ५६ हजार ४४ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको छ । साथै, ४ जिल्लाका ६ ठाउँमा अर्थात काभ्रेको दाप्चा, बालुवा र बोल्दे, ललितपुरको गोदान चौर, धादिङ्गको छत्रे देउराली र सिन्धुपाल्चोकको बाउने पाटीमा Out-reach Station हरू सञ्चालन गर्दै आएको छ । यसबाट करिब ११ हजार जनताले प्रत्यक्ष स्वास्थ्य सेवा प्राप्त गरेका छन् । स्वास्थ्य विज्ञानकै Post Graduate कार्यक्रम अन्तर्गत Clinical तथा Dental Science को ३९ विषयहरूमा MD/MS/MDS कार्यक्रम पनि सञ्चालित छन् । आर्थिक वर्ष २०६२/६३ मा I.Sc. को १२ समूहमा कुल ५ सय ४९ छात्रासहित २०९३ विद्यार्थीले उक्त तह अध्ययन पूरा गरे भने अन्य मध्यमस्तरीय जनशक्ति १ सय २४ जना छात्रासहित २ सय १४ जना उतीर्ण भई विश्वविद्यालयको आफ्नै शिक्षण अस्पताल तथा देशका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत रहेका छन । आर्थिक वर्ष २०६३/६४ मा सोही तहमा १ हजार ९ सय ९६ जना र मध्यमस्तरीय स्वास्थ्य जनशक्ति उत्पादन गर्ने उद्देश्यले सञ्चालित प्रमाणपत्र तहको नर्सिङ्ग, जनरल मेडिसिन, ल्याबोरेटोरी टेक्नोलोजी, अप्थाल्मिक असिष्टेण्ट, फिजियोथेरापी विषयहरूमा २ सय ६ जना गरी कुल २ हजार २ सय २ जना विद्यार्थी उतीर्ण भएका छन् । शैक्षिक सत्र २०६२/६३ मा विश्वविद्यालयले जेहन्दार तर आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई आर्थिक स्रोतले भ्याएसम्म बढी संख्यामा छात्रवृत्ति प्रदान गर्ने क्रममा ६४ जना छात्रासहित २२० जना विद्यार्थीले छात्रवृत्ति प्राप्त गरी अध्ययन गरिरहेकोमा शैक्षिक सत्र २०६३/६४ मा विश्वविद्यालयबाट आर्थिक अवस्था कमजोर भएका तर जेहन्दार र दलित समुदायका छात्रछात्राहरूको लागि छात्रवृत्ति, ऋण छात्रवृत्ति, संयुक्त छात्रवृत्ति आदि छात्रवृत्ति प्रदान गर्नका निमित्त आवश्यक करिब रु. ६१ लाख बजेट विनियोजनसमेत भएको छ । साथै, विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ५ वटा मेडिकल कलेजहरूमा सरकारबाट छात्रवृत्ति प्राप्त गरी विभिन्न छात्रछात्राहरूले अध्ययन गरिरहेका छन् । काठमाडौं विश्वविद्यालयले विश्वका विभिन्न १३ मुलुकहरूका ३८ विश्वविद्यालयसंग प्राज्ञिक सम्बन्ध कायम गरिसकेको छ भने विभिन्न स्वदेशी तथा विदेशी गैर शैक्षिक संघ-संस्था एवं विदेशी दातृ संस्था र नियोगहरूसँग शैक्षिक सहयोग सम्बन्ध स्थापित गरिसकेको छ । विश्वविद्यालयले Teaching cum Research विश्वविद्यालय भन्ने अवधारणालाई प्राथमिकता दिई लैजाने नीतिअनुरूप Research and Development को क्षेत्रमा पनि प्रशस्त कार्य गर्दै आएको छ ।

## नेपाल संस्कृत विश्वविद्यालय

१२.२९ संस्कृत शिक्षाको विशिष्ठतालाई जीवन्त राखी अन्य राष्ट्रका विद्वानहरू पनि आकर्षित होऊन् भन्ने उद्देश्यले नेपालमा प्राचीन कालदेखि नै संस्कृत विद्याको गौरवमय परम्परा रहँदै आएको र त्यसलाई निरन्तरता दिनका लागि नेपाल संस्कृत विश्वविद्यालय स्थापना भई आर्थिक वर्ष २०६२/६३ मा आयुर्वेद उत्तरमध्यमा, विज्ञानोत्तर मध्यमा, संस्कृत उत्तर मध्यमा, शास्त्री, शिक्षाशास्त्री, आचार्य एवं विद्यावारिधि तह र विविध प्रशिक्षणमा ४ हजार ३ सय ४ जना भर्ना गरी शिक्षण प्रशिक्षण सञ्चालन गर्ने लक्ष्य निर्धारण गरिएकोमा २ हजार ६ सय ६७ जना विद्यार्थी भर्ना भई अध्ययन गरेकोमा विभिन्न तहमा ८ सय ३२ जनशक्ति उत्पादनसमेत भएको छ । यस विश्व विद्यालय अन्तर्गत काठमाडौं र दाङमा गरी २ वटा

माध्यमिक विद्यालयहरूमा १ हजार २ सय ५६ विद्यार्थीहरू पठन-पाठनसहित सञ्चालनमा रहेका छन् भने विश्वविद्यालयमा आर्थिक वर्ष २०६२/६३ को विद्यार्थी भर्नासम्बन्धी विवरण देहायबमोजिम रहेको छ ।

**तालिका १२ (झ) : नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत विभिन्न क्याम्पस/विद्यालयमा विभिन्न तहमा आर्थिक वर्ष २०६२/६३ को छात्रछात्रा भर्ना विवरण :**

| सि नं | विद्यापीठको नाम | उत्तर मध्यमा प्रथम/द्वितियवर्ष | उत्तरमध्यमा विज्ञान+आयुर्वेद प्रथम/द्वितिय/तृतीय वर्ष | शास्त्री प्रथम/द्वितिय/तृतीय वर्ष | शिक्षा शास्त्री | आचार्य प्रथम/ द्वितिय वर्ष | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | वाल्मीकी विद्यापीठ | १६० | - | ११३ | ३७ | ५० | - | ३६० |
| २. | जनता विद्यापीठ | ६२ | १२८ | ८८ | ५६ | - | - | ३३४ |
| ३. | पिण्डेश्वर विद्यापीठ | ९९ | - | ५९ | - | ५ | - | १६३ |
| ४. | विश्वविद्यालय विद्यापीठ | - | - | - | - | ७५ | - | ७५ |
| ५. | विन्दुवासिनी सं. विद्यापीठ | ४२ | - | ५२ | - | - | - | ९४ |
| ६. | वी.पी. संस्कृत विद्यापीठ | ४० | - | - | - | - | - | ४० |
| ७. | भानु संस्कृत विद्यापीठ | ४ | - | - | - | - | - | ४ |
| ८. | या.व.ल.ना.सं. विद्यापीठ | ३८ | - | २३ | - | - | - | ६१ |
| ९. | रुरु संस्कृत विद्यापीठ | ७० | - | ४१ | - | - | - | १११ |
| १० | शारदा विद्यापीठ | १८ | - | १४ | ७२ | - | - | १०४ |
| ११ | हजारीजनक सं. विद्यापीठ | ३४ | - | २० | - | - | - | ५४ |
| १२ | हरिहर सं. विद्यापीठ | १७ | - | - | - | - | - | १७ |
| १३ | महेश सं. गुरुकुलम् विद्यापीठ | १७ | - | ११ | - | ८ | - | ३६ |
| १४ | राधा दामोदर सं. विद्यापीठ | १८ | - | - | - | - | - | १८ |
| १५ | कालिका संस्कृत विद्यापीठ | ५७ | - | - | - | - | - | ५७ |
| १६ | संस्कृत विद्यापीठ, धरान | ७ | - | - | - | - | - | ७ |
| १७ | सरस्वती सं. विद्यापीठ, मणीग्राम | २५ | - | - | - | - | - | २५ |
| | **सम्बन्धन प्राप्त एक वर्ष शिक्षाशास्त्री** | | | | | | | |
| १ | लुम्बिनी वृहस्पति कलेज, भैरहवा | - | - | - | - | - | - | - |
| २ | एक्टिभ एकेडेमी कलेज, काठमाडौं | - | - | - | १३ | - | - | १३ |
| ३ | पाँचथर क्याम्पस | - | - | - | २९ | - | - | २९ |
| ४ | बनेपा क्याम्पस | - | - | - | ११ | - | - | ११ |
| ५ | कपिलवस्तु क्याम्पस | - | ५० | - | | - | - | ५० |
| ६ | मल्टिपल कलेज अत्तरीया | - | - | - | ३९ | - | - | ३९ |
| | **सम्बन्धन प्राप्त आयुर्वेद उत्तरमध्यमा** | | | | | | | |
| १ | जनक आयुर्वेद विद्यापिठ, जनकपुर | - | ४९ | - | - | - | - | ४९ |
| २ | उत्तर धन्वन्तरी आयुर्वेद कलेज, गौर | - | ४२ | - | - | - | - | ४२ |
| ३ | जगदम्बा आयुर्वेद क्याम्पस, गौर | - | ३१ | - | - | - | - | ३१ |

| सि नं | विद्यापीठको नाम | उत्तर मध्यमा प्रथम/द्वितियवर्ष | उत्तरमध्यमा विज्ञान+आयुर्वेद प्रथम/द्वितिय/तृतीय वर्ष | शास्त्री प्रथम/द्वितिय/तृतीय वर्ष | शिक्षा शास्त्री | आचार्य प्रथम/ द्वितिय वर्ष | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ४ | इ.हे.रि.डेभलपमेण्ट, जनकपुर । | - | ३८ | - | - | - | - | ३८ |
| ५ | निखिल आयुर्वेद कलेज, पोखरा | - | ३३ | - | - | - | - | ३३ |
| | | | | **अन्य विविध** | | | | |
| १ | कर्मकाण्ड | - | - | - | - | - | ११४ | - |
| २ | योग | - | - | - | - | - | ९० | - |
| ३ | संस्कृत भोष | - | - | - | - | - | ४६६ | - |
| ४ | अनुसन्धान | - | - | - | - | - | १०२ | - |
| | जम्मा : | ७०८ | ३७१ | ४२१ | | १३८ | | - |
| | कुल जम्मा : | ७०८ | ३७१ | ४२१ | २५७ | १३८ | ७७२ | २६६७ |

स्रोत : नेपाल संस्कृत विश्वविद्यालय

## पूर्वाञ्चल विश्वविद्यालय

१२.३० पूर्वाञ्चल विश्व विद्यालयले अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको गुणस्तरीय शिक्षा प्रदान गरी राष्ट्रिय आवश्यकताअनुसारको जनशक्ति उत्पादन गर्नमा प्रयत्नशील रहेको छ । यस विश्वविद्यालयको छ वटा विभाग (Faculty) सहित ६० वटा कार्यक्रम विराटनगरका ३ वटा क्याम्पसमा सञ्चालन भइरहेका छन् भने ९७ वटा देश भित्रका विभिन्न क्याम्पसहरूले सम्बन्धन प्राप्त गरी सञ्चालनमा रहेका छन् । विश्वविद्यालय र अन्तर्गतका आङगिक क्याम्पसहरूमा आर्थिक वर्ष २०६१/६२ मा ३ सय ६ विद्यार्थी अध्ययनरत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा सो संख्या २७२ रहेको छ । सम्बन्धन प्राप्त क्याम्पसहरूमा अध्ययनरत विद्यार्थी संख्या आर्थिक वर्ष २०६१/६२ मा ५ हजार २ सय ४४ रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा सो संख्या ८ हजार ५ सय ४० पुगेको अनुमान छ । आर्थिक वर्ष २०६१/६२ र २०६२/६३ मा पूर्वाञ्चल विश्वविद्यालयबाट स्नातक र स्नातकोत्तर तहमा आङगिक र सम्बन्धन प्राप्त क्याम्पस गरी क्रमशः १ हजार ५७ र १ हजार ५ सय १२ जना जनशक्ति उत्पादन भएको छ । Faculty अनुसार विद्यार्थी भर्ना संख्या र उत्पादन (स्नातक र स्नातकोत्तर) निम्नबमोजिम रहेको छ :

**तालिका १२ (ञ) : विद्यार्थी भर्ना/उत्पादन स्थिति**

| सि.नं | संकाय | २०५९/६० | | २०६०/६१ | | २०६१/६२ | | २०६२/६३ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भर्ना | उत्पादन | भर्ना | उत्पादन | भर्ना | उत्पादन | भर्ना | उत्पादन |
| १. | विज्ञान र प्रविधि | १८६० | ८८ | २२८० | २७४ | २५८८ | ३२८ | ३०१२ | ४२९ |
| | स्नातक | १८३४ | ८८ | २२४५ | २७४ | २५४४ | ३२८ | २८७५ | ४१० |
| | स्नातकोत्तर | २६ | - | ३५ | - | ४४ | - | १३७ | १९ |
| २. | व्यवस्थापन | १०३४ | ११७ | १३९० | ९८ | १९७८ | १९९ | २४१२ | ४३७ |
| | स्नातक | ९२९ | ११७ | १२२९ | ८९ | १७१० | १७८ | १९८९ | ४०४ |
| | स्नातकोत्तर | १०५ | - | १६१ | ९ | २६८ | २१ | ४२३ | ३३ |
| ३. | शिक्षा | ९०३ | ४४ | ९८८ | १५७ | १२१८ | ३४४ | १४३६ | ३६३ |
| | स्नातक | ८३३ | ४४ | ८८९ | १५७ | १०६७ | ३४४ | १३२८ | ३६६ |
| | स्नातकोत्तर | ७० | - | ९९ | - | १५१ | - | १०८ | - |
| ४. | मानविकी | ५२२ | ४६ | ६७२ | ४२ | ७२० | ११३ | ९५७ | १४३ |
| | स्नातक | ४२९ | ४६ | ५६४ | ३० | ६०० | ८८ | ७०८ | १२४ |
| | स्नातकोत्तर | १०१ | - | १०८ | १२ | १२० | २५ | २४९ | १९ |

| सि.नं | संकाय | २०५९/६० | | २०६०/६१ | | २०६१/६२ | | २०६२/६३ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भर्ना | उत्पादन | भर्ना | उत्पादन | भर्ना | उत्पादन | भर्ना | उत्पादन |
| ५. | कानून | ८० | - | ९८ | - | २०० | २ | २८२ | २९ |
| | स्नातक | ६५ | - | ७७ | - | १२८ | - | १७८ | ८ |
| | स्नातकोत्तर | १५ | - | २९ | - | ७२ | २ | १०४ | २१ |
| ६. | मेडिकल | - | - | - | - | - | ७१ | ६५६ | १०८ |
| | स्नातक | - | - | - | - | - | ७१ | ६५६ | १०८ |
| | स्नातकोत्तर | - | - | - | - | - | - | - | - |
| **कुल स्नातक** | | ४०२८ | २९५ | ५००४ | ५५० | ६०४९ | १००९ | ७७३४ | १४२० |
| **कुल स्नातकोत्तर** | | ३१७ | - | ४२४ | २१ | ६५५ | ४८ | १०२१ | ९२ |
| **कुल जम्मा** | | ४३९९ | २९५ | ५४२८ | ५७१ | ६७०४ | १०५७ | ८७५५ | १५१२ |

*स्रोत : पूर्वाञ्चल विश्वविद्यालय*

## पोखरा विश्वविद्यालय

१२.३१ पोखरा विश्वविद्यालय र अन्तर्गतका आङ्गिक क्याम्पसहरूमा आर्थिक वर्ष २०६१/६२ मा २ सय ८५ जना विद्यार्थी अध्ययनरत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा सो संख्या ४ सय ८ पुगेको छ। यस विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसहरूमा अध्ययनरत विद्यार्थीहरूको संख्या आर्थिक वर्ष २०६१/६२ मा ४ हजार ६ सय ८२ रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा सो सख्या ५ हजार २ सय ७ पुगेको अनुमान छ। पोखरा विश्वविद्यालयबाट आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसमा स्नातक, स्नातकोत्तर र एम.फिल गरी सबै तहमा आर्थिक वर्ष २०६१/६२, २०६२/६३ र २०६३/६४ मा क्रमशः ४ सय ५६, ६ सय ४८ र ९ सय ३२ जना जनशक्ति उत्पादन भएका छन्।

## विभिन्न विश्वविद्यालयहरूका क्याम्पस तथा विद्यार्थीहरू विवरण

१२.३२ देशभित्र सञ्चालित विश्वविद्यालयहरू अन्तर्गतका क्याम्पस र विद्यार्थीहरूको विवरण देहायबमोजिम रहेको छ :

**तालिका १२ (ट) : विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू तथा विद्यार्थी संख्या**

| विश्वविद्यालय | क्याम्पसहरू | | विद्यार्थी विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आर्थिक वर्ष २०६१/६२ | | | आर्थिक वर्ष २०६२/६३ | | |
| | आङ्गिक | सम्बन्धन प्राप्त | आङ्गिक | सम्बन्धन प्राप्त | जम्मा | आङ्गिक | सम्बन्धन प्राप्त | जम्मा |
| **त्रिभुवन विश्वविद्यालय** | ६० | ३४८ | १२३५५६ | ६४६४७ | १८८२०३ | १५३१२६ | ७७४९१ | २३०६१७ |
| **नेपाल संस्कृत विश्वविद्यालय** | १३ | ११ | १४८० | ९९६ | २४७६ | १५८४ | १२५० | २८३४ |
| **पूर्वाञ्चल विश्वविद्यालय** | ३ | ८६ | ३०६ | ५२४४ | ५५५० | २७२ | ८५४० | ८८१२ |
| **पोखरा विश्वविद्यालय** | ३ | २३ | २८५ | ४६८२ | ४९६७ | ४०८ | ५२०७ | ५६१५ |
| **काठमाडौ विश्वविद्यालय** | ६ | ११ | २२३९ | ३७७६ | ६०१५ | २४७६ | २६८६ | ५१६२ |
| **जम्मा :** | ८५ | ४७९ | १२७८६६ | ७९३४५ | २०७२११ | १५७८६६ | ९५१७४ | २५३०४० |

श्रोत : विश्व विद्यालय अनुदान आयोग

# खानेपानी, सरसफाइ तथा ढल निकास

## खानेपानी तथा सरसफाई

१२.३३ खानेपानी तथा सरसफाइ सुविधाबाट बञ्चित जनतालाई सुगमरूपमा ती सेवाहरू पुर्‍याउने, विद्यमान सेवा सुविधाको स्तरवृद्धि गर्ने एवं खानेपानी तथा सरसफाइसम्बन्धी चेतना

अभिवृद्धि गर्ने विगतको नीतिलाई आर्थिक वर्ष २०६३/६४ मा पनि निरन्तरता दिइएको छ । चाँडो सम्पन्न हुने र तत्काल प्रतिफल दिने आयोजना सञ्चालनमा विशेष जोड दिइएको छ । क्रमागत आयोजनाहरूको निर्माण गरी सुविधा विस्तार, सम्पन्न भइसकेका आयोजनाको दिगो सञ्चालन सम्भारको व्यवस्था, पानीको गुणस्तर अभिवृद्धि तथा समग्र खानेपानी तथा सरसफाइ आयोजनाको सञ्चालनमा स्तरीय निकाय एवं उपभोक्ता वर्गको साझेदारी अभिवृद्धि गर्न विशेष जोड दिइएको छ । खानेपानी विभाग अन्तर्गत सञ्चालित खानेपानी तथा सरसफाई आयोजनामध्ये आर्थिक वर्ष २०६३/६४ मा १७१ आयोजनाहरू सम्पन्न गरी थप ६ लाख जनता लाभान्वित हुने लक्ष्य रहेकोमा हालसम्म ६४ आयोजनाहरू सम्पन्न भई १ लाख १५ हजार जनता लाभान्वित भई आयोजनाहरूको समग्र कार्यप्रगति ८६ प्रतिशत पुगेको छ ।

**खानेपानी आयोजनाहरू**

१२.३४ खानेपानी विस्तारको लागि सरकारी प्रयासमात्र पर्याप्त नहुने हुँदा सम्भाव्यताको आधारमा स्थानीय निकायहरू, गैरसरकारी संघ-संस्था र निजी क्षेत्रको संलग्नताबाट समेत सुविधा विस्तारको नीति अवलम्वन गरिएको छ । आयोजनाहरूको दिगोपन र सेवाको लागि सुनिश्चितताको लागि ग्रामीण र अर्द्धशहरी क्षेत्रमा सञ्चालन हुने आयोजनाहरूमा जनसहभागिताको सट्टा सामुदायिक व्यवस्थापनको अवधारणालाई अगाडि सारिएको छ । सामुदायिक व्यवस्थापनको अवधारणालाई सुनिश्चित गर्न आयोजना कार्यान्वयनमा लाग्ने खर्चको कम्तिमा २० प्रतिशत रकम समुदायले व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ भने पिछडिएको वर्ग र लक्षित समुदायको हकमा सो रकम १० प्रतिशत मात्र हुने नीति अख्तियार गरिएको छ । खानेपानी तथा सरसफाइ सुविधाको उपलब्धता र मानव विकास सूचकाङ्कको आधारमा पछि परेका जिल्लाहरूमा समुदायमा आधारित खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गरिएको छ । त्यस्तै, खानेपानी सुविधाबाट अपेक्षित लाभ, जनस्वास्थ्यमा पर्ने सकारात्मक प्रभाव सुनिश्चित गर्न सरसफाइ तथा स्वास्थ्य शिक्षा कार्यक्रमलाई खानेपानी सुविधाको अभिन्न अंगको रूपमा विकास गर्न निश्चित रकम छुट्याउने व्यवस्था गरिएको छ । थप जनसंख्यालाई खानेपानी सुविधा प्रदान गर्ने कार्यसँगै पानीको गुणस्तर सुधार, सेवाको सुनिश्चितता तथा सेवा स्तरमा अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने नीति पनि लिइएको छ । शहरी/अर्धशहरी क्षेत्रमा सेवास्तर वृद्धि, पानीको गुणस्तरमा सुधारजस्ता कार्यक्रमहरू लगानी उठती (Cost Recovery) सिद्धान्तमा सञ्चालन भएका छन् । ग्रामीण क्षेत्रमा आयोजनाहरू सञ्चालन गर्दा सरकारी तथा अन्य वाह्य सहयोगको अंशमा क्रमिकरूपमा कमी आएको छ । सरसफाई क्षेत्रमा जनचेतना अभिवृद्धि गर्ने लगायतका सुविधा विस्तार कार्यक्रम खानेपानी आयोजना कार्यान्वयनको अभिन्न अंगका रूपमा सञ्चालन भएका छन् । खानेपानी विभाग अन्तर्गत साना शहरी खानेपानी आयोजनातर्फ आर्थिक वर्ष २०६३/६४ मा १३ आयोजनाहरू सम्पन्न गरी १ लाख २३ हजार जनता लाभान्वित हुने लक्ष्य रहेकोमा हालसम्मको कार्यप्रगति हेर्दा १० वटा आयोजनाहरू मात्र सम्पन्न हुने र कार्य प्रगति ७८ प्रतिशत पुग्न गएको छ ।

**शहरी खानेपानी प्रणाली :**

१२.३५ देशभरीका शहरी खानेपानी प्रणालीलाई अझ बढी चुस्त र प्रभावकारी बनाउन शहरी खानेपानी प्रणालीहरूमा भइरहेको चुहावट नियन्त्रण गर्नुका साथै खानेपानी प्रणालीहरूलाई सुदृढ बनाउने कार्यक्रम रहेको र काठमाडौं उपत्यकाको खानेपानीको हकमा दीर्घकालीन समाधानको रूपमा मेलम्ची खानेपानी आयोजनाबाट खानेपानी आपूर्ति नभएसम्मको

अवधिमा बढ्दो खानेपानीको मागलाई केही हदसम्म पूरा गर्न उपत्यका भित्र पहिचान भएका मनोहरा तथा सैंबु स्रोतहरूबाट थप पानी ल्याउनको लागि काठमाडौं उपत्यका खानेपानी सुदृढिकरण आयोजना विगत वर्षहरूदेखि नै सम्पन्न गरिएका थिए । त्यस्तै, उपत्यका वरिपरीका स-साना मूलहरू परिचालन गरी थप पानी उपलब्ध गराउनुका साथै सतह तथा भूमिगत स्रोतहरू Conjunctive Use को आधारमा अझ बढी परिचालन गरेर थप पानी उपलब्ध गराइएको छ । चालू आर्थिक वर्ष २०६३/६४ मा काठमाडौं उपत्यकामा दैनिक उत्पादन क्षमता १७ करोड लिटर, दैनिक माग २४ करोड लिटर र सुख्खा मौसममा ९ करोड लिटर पानी उत्पादन हुने गरेको छ । यसका लागि संरचनात्मक सुधार गरी ट्यूववेल आयोजनाहरू स्वायत्तरूपमा सञ्चालन गरी उत्पादन कार्यलाई तीव्रता दिइएको छ ।

## ग्रामीण खानेपानी तथा सरसफाई आयोजना

१२.३६ स्थानीय विकास मन्त्रालय अन्तर्गत पूर्वाधार विकास कार्यक्रममा परेका ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमतर्फ आर्थिक वर्ष २०६३/६४ मा ७०५ क्रमागत तथा नगरपालिका ग्राभीटी खानेपानी योजना, ७५ जिल्लामा सरसफाई तथा तालिम कार्यक्रम, २१ जिल्लामा स्यालो डिपसेट, १० जिल्लामा आकासेपानी संकलन र १८ जिल्लामा आर्सेनिक न्यूनीकरणसम्बन्धी कार्य जिल्लास्तरमा सञ्चालन गर्ने लक्ष्यअनुरूप जिल्ला विकास समितिहरूबाट कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ । फिनल्याण्डको सहयोगमा सुदूरपश्चिम र मध्यपश्चिम क्षेत्रका १० जिल्लामा ग्रामीण जलस्रोत व्यवस्थापन कार्यक्रम कार्यान्वयन भइसकेको छ । फिनिडाकै सहयोगमा पश्चिमाञ्चलका ८ र प्यूठान गरी ९ जिल्लामा नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम सञ्चालनका लागि प्रयास भई सकारात्मकरूपमा अगाडि बढेको छ । त्यस्तै, जापान/डि.आर.एफ., आई.डि.ए./ इ.आर.एस.सी. को सहयोगमा विभिन्न क्रमागत तथा नयाँ खानेपानी आयोजना, आकाशे पानी संकलन जस्ता कार्य पनि भएको छ । ४५ जिल्लाहरूबाट केन्द्रीयस्तरमा कार्यक्रम प्राप्त भई काठमाडौं, ललितपुर र भक्तपुरमा विनियोजित रकमको केही अंश खर्च भएको छ ।

## शहरी क्षेत्र खानेपानी तथा सरसफाई पुनस्थापना आयोजना

१२.३७ शहरी क्षेत्र खानेपानी तथा सरसफाइ पुनर्स्थापना आयोजना अन्तर्गत आर्थिक वर्ष २०६२/६३ मा सैंबु भैसेपाटीमा पानी ट्याङ्की निर्माण, सैंबुदेखि पुल्चोकसम्म ट्रंकमेन निर्माण, ब्लीचिङ्ग पाउडर डोजिङ्ग प्रणाली निर्माण, आयोजना प्रभावित क्षेत्रमा वितरण प्रणालीमा सुधार कार्यक्रम रहेकोमा उक्त कार्यक्रममा शत्प्रतिशत प्रगति भएको छ । खानेपानी उत्पादन वृद्धि कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६३/६४ अन्तर्गत उपत्यका भित्र ६ वटा ट्यूववेल निर्माण गर्ने कार्यमा ७० प्रतिशत र सिप्रदी पानी प्रशोधन केन्द्रमा पानी पोखरी निर्माणमा ४० प्रतिशत प्रगति भएको छ । महांकाल खानेपानी आयोजना अन्तर्गत रिजभ्वार्ययर निर्माणको काम सम्पन्न भई पाइपलाइन विस्तारको लागि काम अगाडि बढिसकेको छ । यस्तै, खड्काभद्रकालीमा ट्यूववेल निर्माणको काम सुरु गरिएको, ग्वालिन्दह खानेपानी आयोजना अन्तर्गत स्थानीय बासिन्दाहरूको लागि खानेपानी सुविधा पुऱ्याउने काम प्रारम्भ भएको छ । उपत्यका बाहिरका शहरहरूमा ६ वटा ट्यूववेल निर्माणको काममा ५५ प्रतिशत प्रगति भएको छ । चालू आर्थिक वर्षको कार्यक्रम अन्तर्गत बुटवलमा पानी प्रशोधन केन्द्र निर्माणतर्फ २० प्रतिशत, पोखराको मर्दी तथा अन्य इन्टेक मर्मत सुधारमा १० प्रतिशत, उपत्यका बाहिरका ७ शाखा कार्यालयहरूको लागि पम्प खरीदतर्फ ७० प्रतिशत तथा उपत्यका बाहिर ५ शाखाहरूमा पानी परीक्षणको व्यवस्थातर्फ भने ३० प्रतिशत मात्र प्रगति भएको छ । खानेपानी तथा ढल निकास कार्यक्रम अन्तर्गत उपत्यकाभित्र शत्प्रतिशत नै

प्रगति भएको छ भने उपत्यका बाहिर पाइप डेलिभरी गर्ने काम भइराखेकोले ७० प्रतिशत मात्र हुन सकेको छ । चुहावट नियन्त्रणतर्फ ७० प्रतिशत भौतिक प्रगति भएको छ । यस्तै, उपत्यकाभित्र ढल निकास सुधार विस्तार कार्यमा पाइप प्राप्त हुने काम भइरहेको छ ।

## आवास तथा शहरी विकास

### शहरी विकास कार्यक्रम

१२.३८ राष्ट्रिय उत्पादनमा शहरी क्षेत्रको भूमिकालाई सक्षम, दिगो तथा रोजगारीमूलक तुल्याई ग्रामीण विकासको परिपूरकको रूपमा शहरी विकास कार्यहरू सञ्चालन गर्ने नीति रहेको छ । हाल भइरहेको अनियन्त्रित शहरीकरणको प्रक्रियालाई सुनियोजित, विकेन्द्रीत र तहगतरूपमा विकसित गर्दै शहरी जीवनलाई बढी उत्पादनशील, स्वस्थ्यकर, रोजगारीमूलक र सुविधायुक्त तुल्याउन भौतिक विकास योजनाहरूलाई क्रमिकरूपमा कार्यान्वयन गरिनेछ । साथै, देशका शहरी क्षेत्रहरूमा स्थानीय निकायको सहभागिता र साझेदारीमा जग्गा विकास, भौतिक पूर्वाधार विकास, सेवा र सुविधाको विकास, राष्ट्रिय आवास नीतिले प्रतिपादन गरेको लक्ष्य र उद्देश्य परिपूर्ति गर्न र नेपाल सरकारले कार्यान्वयन गर्नको लागि जग्गा विकास तथा पूर्वाधार सेवा सुविधा जस्ता पक्षमा समुचित व्यवस्था गरिने नीति अगाडि बढाइएको छ । नगर विकास समिति र स्थानीय निकायमार्फत आवासीय जग्गा विकास आयोजना कार्यान्वयनलाई निरन्तरता दिंदै व्यवस्थित आवास योजनाहरू सञ्चालन गरी कृषियोग्य जमिनको अतिक्रमणलाई न्यून गर्ने नीतिलाई अझ प्रभावकारी बनाउन जग्गा विकासको लागि आवश्यक स्रोत परिचालन गर्न चक्रकोषमा पुँजी वृद्धि गरी जग्गा विकास कार्यक्रम सञ्चालन गर्न ऋण प्रवाह गर्ने, निर्माण सामग्री तथा प्रविधि विकास गरी किफायती तथा सुरक्षित आवास तथा भवन निर्माण गर्दै जाने, राष्ट्रिय जनजीवनमा महत्व राख्ने विशेष क्षेत्रको दिगो विकासको अवधारणाअनुरूप भौतिक पूर्वाधार विकास गर्ने, बाढीपहिरो तथा दैवी प्रकोपबाट सुरक्षित भवन निर्माण गर्न तयार भएको राष्ट्रिय भवन संहिता क्रमशः लागू गर्ने, सोही क्रममा प्रथम चरणमा सरकारी भवनहरू र निजीस्तरमा निर्माण हुने ठूलाठूला महत्वपूर्ण भवनमा समेत भवन संहिता लागू गरी भुकम्पबाट धनजनको क्षति न्यून गर्ने, भवन निर्माण कार्यमा प्रत्यक्ष संलग्न रहने इञ्जिनियर, सब-इञ्जिनिय तथा कालिगढहरूलाई राष्ट्रिय भवन संहितामा आधारित भुकम्प प्रतिरोधात्मक भवन निर्माण प्रविधिसम्बन्धी तालिम प्रदान गर्ने, नगर योजनासम्बन्धी अध्ययन र कार्यक्रमहरू जिल्ला तथा क्षेत्रीयस्तरमा सञ्चालन गर्दै जाने, काठमाडौ उपत्यकालाई राजधानी क्षेत्र, साँस्कृतिक तथा पर्यटन क्षेत्रका रूपमा विकास गर्ने, स्वीकृत दीर्घकालीन विकास अवधारणाअनुरूप कार्यक्रम सञ्चालन गर्ने, जग्गा विकासको माध्यमबाट काठमाडौ उपत्यकाको चक्रपथबाट नगर उन्मुख गाउँ जोड्ने १४ वटा आर्टिएल रोडको सुधार गरी गाउँ-शहरको अन्तरसम्बन्ध विकसित गर्ने, काठमाडौ उपत्यकाको वरिपरिको नगरहरूको वातावरणीय सुधार गरी काठमाडौ उपत्यकाको जनसंख्याको चापलाई कम गर्ने र यसका लागि नेपाल सरकार, स्थानीय निकाय तथा गैर-सरकारी संस्थासंग सहकार्य गर्ने जस्ता नीतिहरू रहेका छन् ।

१२.३९ उल्लेखित नीतिहरू कार्यान्वयन गर्नको लागि आर्थिक वर्ष २०६३/६४ मा तपसिल बमोजिमका कार्यक्रमहरू सञ्चालन गरिएका छन् :

### शहरी क्षेत्र विकास तथा बजार अध्ययन कार्यक्रम

१२.३९.१ शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन कार्यक्रम अन्तर्गत साना शहर बजार तथा नगरउन्मुख गाउँहरूको अध्ययन गरी आवश्यकताअनुसार भौतिक विकास योजना तर्जुमा

गर्ने कार्य भइरहेको छ । भौतिक योजना तर्जुमा भएका स्थानहरूमा साना शहर विकासबाट ग्रामीण विकास कार्यक्रम अन्तर्गत अत्यावश्यक शहरी पूर्वाधार विकास गर्ने कार्यसमेत भएको छ । देशका विभिन्न शहरी क्षेत्रमा भौतिक पूर्वाधार विकास गर्ने, स्थानीय निकाय एवं निजी क्षेत्र र नेपाल सरकारको समेत सहभागितामा जग्गा विकासको कार्यक्रम सञ्चालन गरी सुविधायुक्त घडेरी उपलब्ध गराइनुका साथै उत्पादनयोग्य जमिन उपरको अतिक्रमण घटाउने तथा सो सम्बन्धी अध्ययन गर्ने कार्यक्रम सञ्चालन गरिएका छन् । जग्गा विकास कार्यक्रम सञ्चालन गर्न विज पुँजी (Seed Money) उपलब्ध गर्न आवास ऋण प्रवाह गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ । आर्थिक वर्ष २०६२/६३ मा विनियोजित बजेट रु. १ करोड २५ लाखबाट शहरी पूर्वाधार विकास कार्यान्वयन गर्न सडक निर्माण सुधार तथा विस्तार, इलाम नगरपालिका, सप्तरीको राजविराज नगरपालिका, मोरङको वैद्यनाथपुर गाउँ विकास समिति, बाँकेको नेपालगञ्ज नगरपालिका र दिपायल सिलगढी नगरपालिकामा निर्देशित जग्गा विकास कार्यक्रम, ४ नगरउन्मुख र जिल्ला सदरमुकाम रहेका गाउँ विकास समितिहरूको भौतिक विकास तर्जुमा, एकीकृतरूपमा शहरी विकास र आर्टियल रोड निर्माणको सम्भाव्यता (३ स्थानको) अध्ययन गर्न र जग्गा विकास कार्यक्रम सञ्चालन गर्न जग्गा विकास चक्रकोष परिचालन गर्ने कार्यक्रम सञ्चालन भएका थिए, जसअनुसार भौतिक प्रगति ९४.१८ प्रतिशत र वित्तीय प्रगति ९६.३३ प्रतिशत भएको थियो । आर्थिक वर्ष २०६३/६४ मा विनियोजित बजेट रु. १ करोड २५ लाखबाट जग्गा विकास कार्यक्रम सञ्चालन गर्न जग्गा विकास चक्रकोष परिचालन गर्ने कार्यलाई निरन्तरता दिईनुका साथै इलामको इलाम नगरपालिका, मोरङको वैद्यनाथपुर, सप्तरीको राजविराज नगरपालिका, तनहूँको दुलेगौंडा, बाँकेको नेपालगञ्ज नगरपालिका र डोटीको दिपायल सिलगढी नगरपालिका गरी जम्मा ६ स्थानमा स्थानीय जग्गा धनीहरूको सहभागितामा जग्गा विकास कार्यक्रम सञ्चालन गरिने कार्यक्रम रहेको छ । देशका नगरउन्मुख २० गाउँ विकास समितिहरूको स्थानीय निकायको सहकार्यमा भू-उपयोग नक्सा‌अनुसार सवारी आवागमनलाई सुविधायुक्त बनाउन सडक र ढल सञ्जालको योजना तर्जुमा गरिने कार्यक्रम रहेको छ । चार साना शहर र दुई बजार केन्द्रको भौतिक विकास योजना तर्जुमा गर्ने कार्य सञ्चालन गरिएको छ । संयुक्त आवास ऐन र नियमावलीको सुधारको लागि अध्ययन गर्ने लगायत हाई राइज विल्डिङ्गको मापदण्ड तयार गर्ने र चक्रपथ सुधार प्रतिवेदन परिमार्जन गर्ने कार्यक्रम रहेको छ । चालू आर्थिक वर्ष २०६३/६४ को दोस्रो चौमासिक प्रगति ८५.५७ प्रतिशत भएको छ । आर्थिक वर्षको अन्त्यसम्ममा लक्ष्यअनुसार प्रगति हासिल हुने अनुमान गरिएको छ ।

## साना शहर विकास कार्यक्रम

१२.३९.२ गाउँ तथा शहरको अन्तरसम्वन्धको अभिवृद्धि गर्न साना शहरमा शहरी पूर्वाधारको विकासद्वारा शहरी सुविधामा वृद्धिगरी भविष्यमा नगरपालिकाको लागि आवश्यक भौतिक पूर्वाधारको विकास गर्ने, शहरी क्षेत्रमा वसाइसराइको क्रम घटाउने, ग्रामीण पूर्वाधारको विकास गरी गाउँ बस्तीमा उत्पादित वस्तुहरूको बजार विकासद्वारा गरिबी घटाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन भएको छ । आर्थिक वर्ष २०६२/६३ मा २ साना शहरको भौतिक विकास योजना तर्जुमा प्रतिवेदनले औंल्याइएको योजनाहरू मध्ये एक एक कार्यक्रम नमूना कार्यक्रमको रूपमा योजना कार्यान्वयन गरिएको थियो । १४ जिल्लाको ३० स्थानमा ग्रामीण तथा शहरी अन्तरसम्बन्ध सुदृढ गरी ग्रामीण जनजीवनको आर्थिकस्तर वृद्धि गर्न भौतिक पूर्वाधार सुधार कार्यक्रम सञ्चालन गरिएको थियो । दुई साना शहरहरूको बसपार्कमा भौतिक पूर्वाधार सुधार कार्यक्रम अन्तर्गत बसपार्क क्षेत्रमा ग्राभेलिङ्ग गर्ने, टेवा पर्खाल निर्माण

गर्ने, सतह ढल निर्माण गर्ने आदि कार्य सञ्चालन गरिएको थियो । जसअनुसार वार्षिक भौतिक प्रगति ८१.०१ प्रतिशत र वित्तीय प्रगति ८५.२७ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६३/६४ मा काठमाडौ उपत्यकाभित्रका पुराना २ वस्तीहरू UN Habitat सँग सहकार्य गरी भौतिक पूर्वाधार विकास निर्माण कार्यक्रमलाई निरन्तरता दिइएको छ । साना शहरको भौतिक विकास योजना प्रतिवेदनले प्रस्ताव गरेका योजनाहरू कार्यान्वयन गर्न २ साना शहरहरूमा १/१ नमूना कार्यक्रम सञ्चालन गरिएको छ । गुरुयोजना कार्यान्वयन गर्ने क्रममा इलामको माइपोखरीमा वाटर गार्डेन निर्माण कार्य थालनी गरिएको छ । चालू आर्थिक वर्ष २०६३/६४ को दोस्रो चौमासिक प्रगति ८७.६१ प्रतिशत भएको छ । आर्थिक वर्षको अन्त्यसम्ममा लक्ष्यअनुसार प्रगति हासिल हुने अनुमान गरिएको छ ।

## एकीकृत कार्यमूलक योजना

१२.३९.३ नगरपालिकाहरूमा व्यवस्थित शहरी विकासको लागि नगरपालिकाहरूको प्रत्यक्ष संलग्नता तथा जनसहभागिताको आधारमा बढी भन्दा बढी जनतालाई शहरी विकास योजना तर्जुमा कार्यमा संलग्न गराई योजना तर्जुमा गर्ने र नगरपालिकाहरूको डिजिटल आधार नक्सा तयार गर्ने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । आर्थिक वर्ष २०६२/६३ मा काठमाडौ उपत्यका भित्रका २ सुकुम्बासी बस्तीहरू रामहिटी र पाथिभराको अध्ययन गरी एक बस्तीको योजनाबद्ध बसोबासको व्यवस्थाको लागि भौतिक पूर्वाधार सुधारको कार्यक्रम थालनी गरिएको थियो । ४ वटा नगरपालिकाहरूको आवधिक योजना तर्जुमा गरिएको थियो । ६ वटा नगरपालिकाहरूको डिजिटल आधार नक्सा तयार गर्ने कार्य सम्पन्न भएको थियो । शहरी वातावरण निर्देशिका तयार गरिएको थियो । भौतिक विकास नियमावली तर्जुमा भएको साथै भौतिक विकास ऐन छलफल गरी परिमार्जन गरिनुका साथै नगरपालिकाका प्रमुखहरूको सहभागितामा शहरी विकासको अवधारणासम्बन्धी राष्ट्रिय गोष्ठी सञ्चालन भएको थियो । जसअनुसार उक्त आर्थिक वर्षको भौतिक प्रगति ८४.४० प्रतिशत र वित्तीय प्रगति ७९.९७ प्रतिशत भएको थियो । आर्थिक वर्ष २०६३/६४ मा यस कार्यक्रम अन्तर्गत सुकुम्बासी बस्तीको योजनाबद्ध बसोबासको व्यवस्थाको लागि भौतिक पूर्वाधार सुधारको कार्यक्रमलाई निरन्तरता दिइएको छ । स्थानीय निकायहरूसँगको सहकार्यमा ४ नगरपालिकाहरूको आवधिक योजना तर्जुमा गरिनुको साथै UDLE/RUPP र स्थानीय निकायहरूको सहकार्यमा ६ नगरपालिकाहरूको डिजिटल आधार नक्सा तयार गर्ने कार्यक्रम रहेको छ । शहरी विकासको अवधारणासम्बन्धी नगरपालिकाका प्रमुख/पदाधिकारीहरूको सहभागितामा राष्ट्रिय गोष्ठी सञ्चालन गरिने छ । शहरी विकास निर्देशिका (Urban Planning Manuals) तयार गरिनुको साथै राष्ट्रिय शहरी नीति परिमार्जन गरिने कार्यक्रम रहेको छ । चालू आर्थिक वर्ष २०६३/६४ को दोस्रो चौमासिक प्रगति ८०.१६ प्रतिशत र आर्थिक वर्षको अन्त्यसम्ममा लक्ष्यअनुसार प्रगति हासिल हुने अनुमान गरिएको छ ।

## विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना

१२.३९.४ दिगो विकासको अवधारणाअनुरूप राष्ट्रिय र स्थानीय महत्व रहेका विभिन्न साँस्कृतिक तथा धार्मिक क्षेत्रहरूको निर्माण तथा मर्मत सुधार एवं गुरुयोजना तर्जुमा गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । आर्थिक वर्ष २०६२/६३ मा बज्रबाराही, गढीमाई, सूर्य विनायक, गोकर्णेश्वर महादेव र पलाञ्चोक भगवतीलगायतका क्षेत्रहरूमा भौतिक पूर्वाधार विकास कार्यक्रम सञ्चालन भएको थियो । साथै, अन्य ३८ साँस्कृतिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थानहरूमा पूर्वाधार विकास तथा मर्मत सुधार एवं संरक्षणको कार्य सञ्चालन भई आयोजनाको औसत वार्षिक भौतिक प्रगति ९४.४२ प्रतिशत र वित्तीय प्रगति

९३.७७ प्रतिशत रहेको थियो । चालू आर्थिक वर्ष २०६३/६४ मा विभिन्न ८ स्थानमा दिगो विकासको अवधारणाअनुरूप गुरुयोजनाले निर्देशित गरेअनुसारको भौतिक तथा पूर्वाधार विकास गर्ने, ११ विभिन्न स्थानहरूको भौतिक संरचनाहरूको निर्माण तथा मर्मत सुधार कार्य सञ्चालन गर्ने एवं १२ विभिन्न विशेष महत्व रहेका स्थानहरूमा स्थानीय जनसहभागिता परिचालन गरी विभिन्न भौतिक संरचनाहरूको विकास निर्माण तथा मर्मत सम्भार गर्ने रहेको छ । चालू आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म यस आयोजनाको भौतिक प्रगति ८९.२८ प्रतिशत र आर्थिक वर्षको अन्त्यसम्म शत्प्रतिशत प्रगति हुने अनुमान छ ।

**शहरी तथा वातावरण सुधार आयोजना**

१२.३९.५ नगरपालिकाहरूको संस्थागत विकास तथा सशक्तिकरण गर्ने, स्थानीय सामुदायिक तथा सामाजिक संघ-संस्था तथा निजी क्षेत्रहरूलाई शहरी पूर्वाधार तथा सार्वजनिक सेवा पुऱ्याउने काममा सक्रिय तुल्याउने, नगरपालिकाहरूको वातावरणीय तथा भौतिक पूर्वाधार सुधार गर्ने, आर्थिकरूपले विपन्न वर्गको हितलाई विशेष ग्राह्यता दिंदै ती वर्गलाई विकासको मूल प्रवाहमा ल्याउँदै नगरको आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यअनुरूप आर्थिक वर्ष २०६०/६१ देखि एशियाली विकास बैंकको ऋण सम्झौतामा आयोजना सञ्चालन हुँदै आएको छ । पहिलो समूहमा काम सुरु भएको धुलिखेल, भरतपुर र हेटौडा नगरपालिकाहरूमा डिजाइन तथा सुपरभिजन परामर्शदाता नियुक्ति गरी विभिन्न सहायक परियोजनाहरूको विस्तृत डिजाइनको काम करिब ८० प्रतिशत सम्पन्न भएको थियो । दोस्रो समूहका नगरपालिकाहरू मध्ये बनेपा र रत्ननगरमा डिजाइन परामर्शदाता नियुक्ति गरी सहायक परियोजनाहरूको विस्तृत डिजाइनको काम भएको तथा पनौती नगरपालिका र तेस्रो समूहका नगरपालिकाहरू विदुर, कमलामाईमा कार्यालय स्थापना भई परामर्शदाता नियुक्तिको क्रम सुरु गरिएको थियो । २ सय ५० व्यक्तिहरूलाई तालिम तथा अभिमुखीकरण गोष्ठीमा सहभागी गराइएको थियो । उक्त आर्थिक वर्षमा यस आयोजनाको औसत वार्षिक भौतिक प्रगति ९०.०० प्रतिशत र वित्तीय प्रगति २३.०९ प्रतिशत हासिल भएको थियो । चालू आर्थिक वर्ष २०६३/६४ मा ८ नगरपालिकाहरूमा विभिन्न सहायक परियोजनाहरू सञ्चालन गरिने छ । भरतपुर, हेटौंडा, धुलिखेल नगरपालिकाहरूमा बसपार्क निर्माण, नदी नियन्त्रण कार्य, ढल तथा ढल प्रशोधन केन्द्र निर्माण तथा जग्गा विकास कार्यक्रमहरूको ठेक्कापट्टा गरी निर्माण कार्य सुरु गरिएको छ । खानेपानी आयोजनाको डिजाइन यसै वर्ष सम्पन्न हुने कार्यक्रम छ । दोस्रो समूहका नगरपालिकाहरू बनेपा र रत्ननगरका सहायक परियोजनाहरूको डिजाइन सम्पन्न गरी ठेक्कापट्टा गर्ने र तेस्रो समूहका नगरपालिकाहरू विदुर र कमलामाई साथै दोस्रो समूहका पनौती नगरपालिकामा परामर्शदाता नियुक्ति गरी सहायक परियोजना डिजाइन कार्य सम्पन्न हुनेछ । आयोजना अन्तरगतका नगरपालिकाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न करिब ३ सय जनालाई विभिन्न तालिम प्रदान गरिने छ । परामर्शदाता नियुक्ति गरी ८ वटै नगरपालिकाहरूको विस्तृत शहरी नक्सा तयार गर्ने कार्य सुरु भएको छ । साथै, गैर-सरकारी संस्थाहरूको छनौट गरी विभिन्न सामुदायिक विकासका कार्यक्रमहरू सुरु भएको छ । चालू आर्थिक वर्ष २०६३/६४ को दोस्रो चौमासिक अवधिसम्मको भौतिक प्रगति ८८.४५ प्रतिशत रहेको छ ।

**शहरी विकास आयोजना**

१२.३९.६ नेपालका प्रमुख शहरहरूमा भौतिक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरी व्यवस्थित शहरीकरण तथा वातावरणीय सुधारको कार्यक्रम सञ्चालन गर्ने, टुडिखेल फेन्सीङ्ग कार्य चालू राख्ने आदि जस्ता शहरी पूर्वाधार सुधारको कार्यक्रम सञ्चालन गर्ने यस आयोजनाको

मुख्य उद्देश्य रहेको छ । आर्थिक वर्ष २०६२/६३ मा यस आयोजनाले टुडिखेल फेन्सिङ्ग कार्य अन्तर्गत ४ सय ९० मिटर फेन्सिङ्ग कार्य सम्पन्न भएको थियो । १७ जिल्लाको ५३ शहरी क्षेत्रमा भौतिक पूर्वाधार निर्माण तथा वातावरणीय सुधार कार्यक्रम सञ्चालन भएको थियो । ललितपुर जिल्ला भित्र सातदोबाटोदेखि मनोहरा खोलासम्म रिङ्गरोडको दायाँबाँया साइकल ट्र्याक तथा फुटपाथ निर्माण कार्य सम्पन्न भएको थियो । अन्तर्राष्ट्रिय बसोबास दिवस, वातावरण र पानी दिवस मनाउने कार्य सम्पन्न भएको थियो । उक्त आर्थिक वर्षमा यस आयोजनाको औसत वार्षिक भौतिक प्रगति ८८.९५ प्रतिशत र वित्तीय प्रगति ७९.५७ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६३/६४ मा यस कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्षमा टुडिखेल फेसिङ्ग कार्य सम्पन्न गरिने छ । नगरपालिका रहेको १० जिल्ला सदरमुकामहरूमा स्थानीय निकायसंग सहकार्य गरी सडक तथा ढल सञ्जाल योजना तर्जुमा गरिने छ । पूर्वाञ्चलको इटहरी नगरपालिका र सुदूर पश्चिमाञ्चलको अत्तरिया क्षेत्रमा व्यवस्थित शहरीकरण गरी भौतिक पूर्वाधार विकास तथा वातावरणीय सुधार कार्यक्रम सञ्चालन गरिने छ । आर्टियल रोड प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा कोडकुखोलादेखि हरिसिद्धि जाने बाटोमा जग्गा विकास कार्यक्रम तथा सडक अधिकार क्षेत्रभित्रको बाटो फराकिलो गरिनेछ । वीरगञ्ज-सिमरा कोरिडोर विकासको सम्भाव्यता अध्ययन गरिनुका साथै कालिकोट र हुम्ला जिल्लामा घनावस्तीको सम्भाव्यता अध्ययन गरिने कार्य अगाडि बढाइएको छ । सप्तरी जिल्ला खुरहुरिया मलेकपुरस्थित श्री गणेशमानसिंह स्मारक प्रकृति संरक्षण उद्यान परियोजना निर्माण कार्यक्रम अन्तर्गत कार्यालय भवन निर्माण र अन्य पूर्वाधार सुधारको कार्यक्रम सञ्चालन हुनेछन् । अन्तर्राष्ट्रिय बसोबास दिवस, पानी दिवस, वातावरण दिवस र जनसंख्या दिवस मनाउन कार्यक्रम सञ्चालन गरिने छ । चालू आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म भौतिक प्रगति ८६.३९ प्रतिशत र आर्थिक वर्षको अन्त्यसम्ममा लक्ष्यअनुसारको प्रगति हासिल हुने आशा गरिएको छ ।

**बाहिरी चक्रपथ विकास आयोजना**

१२.३९.७ आर्थिक वर्ष २०६१/६२ देखि सुरु भएको यस आयोजनाको आर्थिक वर्ष २०६२/६३ मा बाहिरी चक्रपथको ५ कि.मि. लम्बाई क्षेत्रको जग्गा विकास कार्यक्रमको विस्तृत आयोजना प्रतिवेदनको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको थियो । बाहिरी चक्रपथको एलाइनमेण्टको प्राविधिक मूल्याङ्कन गर्ने र इन्टरसेक्सन डेभलपमेण्ट प्लान (Intersection Development Plan) तयार गर्ने कार्यको अन्तिम प्रतिवेदन तयार भएको थियो । बाहिरी चक्रपथको वातावरणीय प्रभाव मूल्याङ्कन कार्य सम्पन्न भएको छ । साथै, भक्तपुर र ललितपुर जिल्लामा स्थानीय जग्गा धनी र बुद्धिजीवीहरूसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । उक्त अवधिमा आयोजनाको औसत वार्षिक भौतिक प्रगति शत्प्रतिशत र वित्तीय प्रगति ९६.३१ प्रतिशत रहेको थियो । चालू आर्थिक वर्ष २०६३/६४ मा बाहिरी चक्रपथ विकास कार्यक्रम सञ्चालन हुने क्षेत्रमध्ये २७ किलो मिटर करिडोर क्षेत्रमा जग्गा विकास कार्यक्रमको विस्तृत योजना प्रतिवेदन तयार गरिने तथा बाहिरी चक्रपथको वातावरणीय प्रभाव मूल्याङ्कन गरिने कार्यक्रम छ । साथै, ५ किलो मिटर लम्बाईमा बाटोको ट्रयाक खोल्ने कार्य सम्पन्न हुनेछ । चालू आर्थिक वर्ष २०६३/६४ को दोस्रो चौमासिक अवधिसम्मको ५.७८ प्रतिशत भौतिक र चालू आर्थिक वर्षको अन्त्यसम्ममा लक्ष्यअनुसारको भौतिक प्रगति हुने अनुमान छ ।

**भवन निर्माण संहिता, सरकारी भवन निर्माण**

१२.३९.८ भवन निर्माण संहिता तयार गरी यसको कार्यान्वयन गर्ने सरकारी भवन निर्माण गर्ने एवं मौजुदा सरकारी भवनहरूको अवस्थासमेत देखिने गरी सरकारी भवनको अभिलेख संकलन

गर्ने, वैकल्पिक निर्माण सामग्रीको पहिचान तथा दैवी प्रकोप एवं भूकम्पीय प्रभावबाट सुरक्षित र किफायती भवनहरूको निर्माण गर्ने कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । चालू आर्थिक वर्ष २०६२/६३ मा यस कार्यक्रमबाट महेन्द्रनारायण निधि मिथिला साँस्कृतिक केन्द्र अन्तर्गत पुस्तकालय, म्यूजियम र प्रदर्शनी कक्षको निर्माण कार्य चालू राखिएको थियो । देशका विभिन्न स्थानका ६ सरकारी भवन निर्माण र सुदृढीकरण कार्य भएको थियो । भवन संहिता कार्यान्वयन गर्ने क्रममा विभाग र स्थानीय निकायका ६० इञ्जिनियर/सब-इञ्जिनियरहरू, २५ जिल्लाका ७ सय ५० कालिगढहरू एवं २० जना साना निर्माण व्यवसायीहरूलाई सुरक्षित एवं किफायती भवन निर्माणसम्बन्धी तालिम प्रदान गरिएको थियो भने भवन मूल्याङ्कनको आधार तयार गर्ने कार्यसमेत सम्पन्न भएको थियो । यस कार्यक्रमको औसत ८४.७५ प्रतिशत भौतिक र ८१.६३ प्रतिशत वित्तीय प्रगति भएको थियो । चालू आर्थिक वर्षमा महेन्द्रनारायण निधि मिथिला साँस्कृतिक केन्द्रको पुस्तकालय, म्यूजियमको निर्माण कार्य सम्पन्न गरिने कार्यक्रम छ । स्थानीय नियकासँग सहकार्य गरी स्याङ्जाको पुतली बजारमा सभागृह तथा म्याग्दीमा कभर्ड हल निर्माण कार्य अगाडि बढाइएको छ । दैलेख जिल्लामा सभागृह निर्माणको लागि Drawing Design तयार हुनेछ । राष्ट्रिय भवन निर्माण संहिता कार्यान्वयन गर्ने क्रममा विभाग र स्थानीय निकायका इञ्जिनियर, सब-इञ्जिनियर तथा साना निर्माण व्यवसायीहरूलाई तालिम दिने, भुकम्प प्रविधि राष्ट्रिय समाज, Lutheran World Service र स्थानीय निकायको सहभागितामा ७ सय ५० जना कालिगढहरूलाई सुरक्षित र किफायती भवन निर्माणसम्बन्धी तालिम उपलब्ध गराइने कार्यक्रमका साथै विभाग अन्तर्गतका भवनहरूको भूकम्प प्रतिरोधात्मक क्षमताको मूल्याङ्कन गरिने कार्य अघि बढाइएको छ । त्यस्तै, प्राकृतिक प्रकोपबाट भएको क्षतिको मूल्याङ्कनसम्बन्धी प्राविधिकहरूलाई तालिम उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिने छ । पूर्व प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईज्यूको सम्मानमा भविष्यमा ट्रष्टको रूपमा विकास गर्ने गरी आश्रम निर्माण कार्य अघि बढाइने कार्यक्रम छ ।

## सरकार निजी क्षेत्र साझेदारी कार्यक्रम

१२.४० आर्थिक वर्ष २०६२/६३ मा शहरी वातावरण सुधारको लागि "सरकार निजीक्षेत्र साझा कार्यक्रम" स्थानीय विकास मन्त्रालय र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को सहयोगमा १० नगरपालिकामा सञ्चालन भएकोमा आर्थिक वर्ष २०६३/६४ मा स्थानीय निकाय सुदृढीकरण कार्यक्रम अन्तर्गत स्थानीय विकास मन्त्रालय र UNDP को संयुक्त प्रयासमा सञ्चालित सार्वजनिक, निजी साझेदारी कार्यक्रमले यस आर्थिक वर्ष २०६३/६४ मा नेपालका ३० नगरपालिका र ५९ गाउँ विकास समितिहरूमा सामाजिक परिचालन, ऋण पुँजी, बीउ पुँजी लगानी, उद्यम विकास तालिमलगायतका कार्यक्रमहरू सञ्चालन गरी गाउँ र नगरपालिकाको सम्बन्ध विस्तार गरी रोजगारीका अवसरहरू वृद्धि गर्ने लक्ष्य लिएको छ । भरतपुर नगरपालिकामा सार्वजनिक निजी साझेदारी कार्यक्रमको समीक्षा तथा परियोजना गोष्ठी सम्पन्न भई १४ वटा अल्पकालीन तथा २ वटा दीर्घकालीन परियोजना पहिचान, National Public-Private Partnership (PPP) Coordination कार्यनिर्देशिका तयार गर्ने कार्य भएको छ । यस कार्यक्रमबाट हालसम्म ३५ वटा नगरपालिकालाई सहयोग प्रदान गर्नुका साथै ३ सय ६५ नयाँ टोल विकास संस्था गठन ४१८ वटा संस्थामा रु. ८ करोड ६५ लाख ५४ हजार ऋणपुँजी तथा १ सय ८६ वटा संस्थामा रु. ४३ लाख ९८ हजार बीउ पुँजी लगानी गरेको छ । त्यस्तै विभिन्न गाउँ विकास समिति र १५ नगरपालिकाहरूमा ३ दिने Training of Trainer, ५ दिने Urban Poverty Reduction तालिम, गोष्ठी, सूचना प्रवाह, जनचेतना सिर्जना गर्ने जस्ता कार्यक्रमहरू पनि सञ्चालन भइरहेका छन् ।

## द्वन्द्वबाट क्षति भएका सदरमुकामस्थित भवनहरू पुनःनिर्माण एवं मर्मत सम्भार

१२.४१ द्वन्दबाट क्षति भएका सदरमुकाम स्थित सरकारी भवनहरूको मर्मत सम्भार एवं पुनःनिर्माण गरी कार्य सञ्चालन योग्य बनाउने यस कार्यक्रमको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०६०/६१ देखि यो कार्यक्रम गृह मन्त्रालय अन्तर्गत सञ्चालन भएता पनि आर्थिक वर्ष २०६२/६३ मा पाल्पा र धनकुटा जिल्लामा द्वन्दबाट क्षति भएका सम्पूर्ण सरकारी भवनहरूको मर्मत सम्भार तथा पुनः निर्माण गर्ने कार्य आवास तथा शहरी विकास विभागलाई सुम्पिएको थियो । आर्थिक वर्ष २०६३/६४ मा १९ डिभिजन कार्यालयहरूबाट ३७ जिल्लामा १ सय ३७ कार्यक्रम सञ्चालन गरी यस अन्तर्गत ५६ नयाँ भवन निर्माण, २१ भवन स्तररोन्नति र २१ भवनको मर्मत सम्भार गर्ने कार्यक्रम रहेको छ । गत वर्षदेखि गृह मन्त्रालय अन्तर्गतका निकायहरूबाट सञ्चालित ३८ भवनहरूको निर्माण कार्य पनि चालू राखिएको छ । आर्थिक वर्षको प्रथम आठ महिनामा ५१.५८ प्रतिशत भौतिक प्रगति र आर्थिक वर्षको अन्त्यसम्म लक्ष्यअनुसार प्रगति हासिल हुने अनुमान छ ।

## आदिवासी तथा जनजाति विकास कार्यक्रम

१२.४२ आर्थिकरूपले पिछडिएको क्षेत्र र वर्गको उत्थान तथा विकास कार्यक्रम अन्तर्गत आदिवासी/जनजाति उत्थान तथा प्रजा विकास कार्यक्रम पनि एक हो । यस आर्थिक वर्षमा कार्यक्रम अन्तर्गत संस्थागत विकास, मातृभाषा संरक्षण, साक्षरता कार्यक्रम (संख्या १०), राष्ट्रिय भाषा चलचित्र महोत्सव, मातृभाषा शव्दकोश निर्माण तथा प्रकाशन, आदिवासी जनजातिको उत्थान र विकाससँग सम्बन्धित परियोजना प्रस्तावको तयारी जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य लिइएकोमा हालसम्म ९ वटा (गुरुङ्ग, थकाली, थामी, बराम, भ्हाँगड, मगर, थारू, तामाङ्ग र लिम्बू) जातीय संस्थाको संस्थागत सुदृढिकरणमा सहयोग, ९ वटा जातिय संस्थालाई आ-आफ्नो मातृभाषाको संरक्षण र विकासको निम्ति सहयोग गरिएको छ । छात्रबृत्ति अन्तर्गत क्याम्पस स्तरीय छात्रवृत्ति १ सय ५० जना, विद्यालयस्तरीय छात्रवृत्ति ८ सय जना, लोपोन्मुख जनजाति विद्यार्थीहरूको पि.एच.डि. छात्रवृत्ति ४ जना र शोधपत्रका लागि २० जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएको छ । २७ वटा जातीय संघ-संस्थामा समसामयिक विषयमा सचेतना कार्यक्रम, ११ वटा जातिय संघ-संस्थामा परम्परागत संस्कृतिको संरक्षण र विकाससम्बन्धी कार्य, २० घर परिवारका पहरी महिलाको आयस्तरमा सुधार ल्याउन तरकारी खेती, बाख्रा वितरण, बेतबाँस जस्ता आयमूलक कार्यक्रम सम्पन्न गरिएको छ । बाग्लुङ्गे समुदायमा गलैंचा बुनाई र धिमाल समुदायमा पेटानी बुनाई तालिम, दनुवार समुदायमा बाखा वितरण, रुकुमको ५० घर मगर समुदायमा चर्खा वितरण कार्यक्रम सम्पन्न भएको छ । त्यस्तै लोपोन्मुख सुरेल जातिका ३२ घर परिवारमा बाखापालन कार्यक्रम सम्पन्न भएको छ ।

## उपेक्षित उत्पीडित तथा दलित वर्ग उत्थान विकास कार्यक्रम

१२.४३ आर्थिक एवं सामाजिक रूपले पछाडि परेका दलित समुदायका व्यक्तिको उत्थान र विकास गरी उनीहरूलाई विकासको मूलप्रवाहमा ल्याउने उद्देश्यअनुरूप यस कार्यक्रमले आर्थिक वर्ष २०६३/६४ को वार्षिक लक्ष्यअन्तरगत हालसम्म रेडियो कार्यक्रम ३४ पटक, उच्चशिक्षा छात्रबृत्ति ८५ जना र जेहेन्दार छात्रबृत्ति १२ जना, अनुगमन मूल्याङ्कन ६० पटक र शिक्षक उत्पादन तालिम १० जनालाई प्रदान गरिएको छ ।

## काठमाडौ उपत्यका फोहोरमैला व्यवस्थापन कार्यक्रम

१२.४४ काठमाडौ उपत्यकाको फोहोरमैलाको दिगो व्यवस्थापन गर्नका लागि जनचेतना अभिवृद्धि गरी वातावरणीय प्रदुषण नियन्त्रण गर्ने, फोहोरलाई श्रोतको रूपमा परिचालन र नियन्त्रण गर्ने, फोहोरमैला व्यवस्थापनमा निजीक्षेत्रको समेत सहभागिता गराउने उद्देश्यले आर्थिक वर्ष २०५६/५७ देखि सुरु भएको यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६३/६४ मा ओखरपौवा आपतकालीन ल्याण्डफिल साइट (सिसडोल) को पूर्वाधार विकास गर्ने, ओखरपौवा प्रवेशमार्ग आलिटार-बंचरेडाँडा खण्ड सडक निर्माण गर्ने, बंचरेडाँडा दीर्घकालीन ल्याण्डफिल्ड साइटको EIA गर्ने, ओखरपौवा ल्याण्डफिल साईट प्रभावित क्षेत्रमा स्थानीय विकास निर्माण कार्य गर्ने र ६७ हेक्टर जग्गा अधिग्रहण गर्ने लक्ष्य रहेकोमा हालसम्म ल्याण्डफिल्ड Area को निर्माण तथा Leachate प्रशोधन प्रणालीको विकास, प्रवेशमार्गमा १.०५ कि. मी. बाटो निर्माण, प्रभावित क्षेत्रमा विकास निर्माणका कार्यहरू सञ्चालन तथा जग्गा अधिग्रहण गर्ने कार्य अगाडि बढिरहेको छ ।

## ग्रामीण सडक, झोलुङ्गे पुल, गुम्बा निर्माण/मर्मत सम्भार

१२.४५ आर्थिक वर्ष २०६२/६३ मा यस कार्यक्रम अन्तर्गत ग्रामीण सडक ४७६ किलो मिटर, ७८ वटा झोलुङ्गे पुलको डिजाइन इष्टिमेट गरी सम्झौता भएको, कृषि सडक मर्मत सुधार २ सय ९० किलो मिटर, सडक पुनस्थापना कार्य १८ किलो मिटर, ३ वटा सडकको विस्तृत सर्वेक्षण डिजाइन एवं दश वटा एक सय वर्ष पुराना गुम्बा र दुई वटा पाँच सय वर्ष पुराना गुम्बाको मर्मत सम्भार गरेकोमा आर्थिक वर्ष २०६३/६४ मा स्थानीय विकास मन्त्रालयअन्तर्गत देशका विभिन्न स्थानहरूमा ५६ वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएको छ भने १ सय ४३ वटाको निर्माण कार्य चालू रहेको छ । त्यस्तै, ग्रामीण सडक १ सय ५१ किलो मिटर, सडक मर्मत १ सय ८० किलो मिटर, सडक पुनर्स्थापना कार्य ८ किलो मिटर, ६२ गुम्बाहरूको मर्मत सम्भार, ६ वटा सामुदायिक सडक पुलको सम्भाव्यता अध्ययन एवं ३ वटा पुलको विस्तृत सर्वे डिजाइन र ८ वटा पुल निर्माणका चरणमा रहेका छन् । साथै, ७५ जिल्लाका कृषि तथा स्थानीयस्तरका सडकहरू मध्ये १५ वटा क्रमागत सडकहरूको योजनागतरूपमा कार्ययोजना तयार गर्नुका साथै विभिन्न जिल्लामा ४ हजार ३ सय ४३ मेट्रिक टन खाद्यान्नसमेत वितरण गरिएको छ ।

## कर्णाली विकास विशेष प्याकेज

१२.४६ यस प्याकेज अन्तर्गत कर्णाली अञ्चलभित्रका जनतालाई आत्मनिर्भर बनाउन आर्थिक वर्ष २०६३/६४ मा "एक परिवार एक रोजगार" कार्यक्रम सञ्चालन गर्न कार्यविधि स्वीकृत भई जिल्लास्तरमा कार्य प्रारम्भ गरिएको छ ।

# महिला, श्रम तथा सीप विकास तथा बाल-बालिका एवं समाजकल्याण

## महिला, बाल-बालिका, जेष्ठ नागरिक एवं अपाङ्गसम्बन्धी कार्यक्रम

१२.४७ नेपालले अन्तर्राष्ट्रियस्तरमा महिला बाल-बालिका, जेष्ठ नागरिक, तथा अपाङ्गहरूका सम्बन्धमा गरेका प्रतिवद्धताहरूको सफल कार्यान्वयन र महिलाहरूको हालको स्थिति तथा अवस्थामा सुधारको लागि नीतिगत, संस्थागत र कानूनी व्यवस्था गरी विविध कार्यक्रमको माध्यमबाट वि.सं. २०५५ देखि सुधारका प्रयासहरू भएका छन् र यी कार्यक्रमले हालसम्म निरन्तरता पाइरहेका छन् । महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थामा तुलनात्मकरूपमा पछाडि परेका हालको अवस्था र स्थितिबाट पार पाउन सामाजिक तथा

आर्थिक सशक्तिकरण गरिनुपर्ने आवश्यकता टड्कारोरूपमा देखिएकोले लैङ्गिक समानताको लक्ष हासिल गर्न विभिन्न नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइएका छन्।

- लैंगिक मूलप्रवाहीकरणलाई रणनीतिको रूपमा अंगिकार गरी महिला सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिएका छन् । यस वर्ष महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धिको भावनाअनुरूप लैंगिक समानता कायम गर्न देशको अन्तरिम संविधानको प्रस्तावना लगायत लैंगिक दृष्टिकोणबाट मौलिक हकको व्यबस्था कायम भएको छ । यसका साथै नीतिगत तहमा केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०६३ मार्फत मुलुकी ऐनका १६ वटा महल र १३ वटा अन्य ऐनहरूमा रहेका लैंगिक विभेदयुक्त ६५ वटा प्राबधानहरूमा संशोधन भएका छन् । नागरिकता ऐन २०६३ र सैनिक ऐन २०६३ र सरकारी मुद्दासम्बन्धी ऐन २०४९ मा भएको थप व्यबस्थाले महिलाहरूलाई समानताको स्थितिमा ल्याउन कोशे ढुङ्गाको काम गरेको छ ।
- महिला अधिकार महासन्धिको इच्छाधीन आलेखको अनुमोदन, वेश्यावृत्तिको लागि हुने महिला, बाल-बालिकाको बेचबिखन नियन्त्रणसम्बन्धी सार्क महासन्धि-२००२ को अनुमोदन, छाउपडी प्रथालाई कुरीति घोषणा गर्ने सरकारको निर्णय आदि महिला अधिकारको प्रत्याभूति गराउने महिला हिंसा नियन्त्रणमा सकारात्मक कदम रहेका छन् ।
- मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण विधेयक व्यवस्थापिका संसदमा प्रस्तुत गरी सकिएको छ । घरेलु हिंसा नियन्त्रण, कार्यस्थलमा हुने यौनजन्य हिंसा नियन्त्रण बिधेयक र शून्य सहिष्णुताको नीति मस्यौदा भई राय परामर्शको कममा रहेका छन् ।
- विभिन्न क्षेत्रगत निकायहरूमा रहेका लैंगिक सम्पर्क विन्दुमार्फत क्षेत्रगत निकायहरूमा तथा लैंगिक संवेदनशील बजेट प्रणालीको थालनी गरी लैंगिक मूलप्रवाहीकरणको कार्यक्रमलाई अगाडि बढाइएको छ । महिला हिंसा बिरुद्ध काम गर्ने ४० गैर-सरकारी संस्थाहरूको सहकार्य सञ्जाल निर्माण गरी समन्वयात्मकरूपमा साझेदारी भावना गर्ने कामको थालनी भएको छ ।
- महिला हिंसा विरुद्धको सेतो रिबन अभियान, भैरहवा र झापामा चेलीबेटी बेचबिखन विरुद्धको जिल्ला कार्यदल, सञ्चारकर्मी, सीमा क्षेत्रमा कार्यरत संस्थाहरू, कानून कार्यान्वयन गर्ने निकायहरू, विभिन्न आस्था विश्वासका व्यक्तिहरू तथा गैर-परम्परागत पक्षका व्यक्तिहरूलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी मानब बेचबिखन विरुद्धमा सेवा क्षेत्रमा जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

जेष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रम जिल्लामा सञ्चालन भएको र यसबाट करिब ४ हजार जेष्ठ नागरिक लाभान्वित भएका छन् । राज्यभरका विभिन्न वृद्धाश्रम, दिवा सेवा केन्द्रहरूलाई संस्थागत सहयोग, अनुदान उपलब्ध गराउँदै आइएको छ । परित्यक्त, असहाय वृद्धाहरूका लागि वृद्धाश्रममा आश्रयको व्यवस्था गरिँदै आएको छ । पाँचै विकास क्षेत्रमा नमूना वृद्धाश्रमको विकास कार्य भइरहेको छ । जेष्ठ नागरिकहरूमा स्वास्थ्य, सुरक्षा, पुनर्स्थापना, सुविधा, सम्मान आदि विषय समेटिएको ५-वर्षे राष्ट्रिय कार्यक्रमको थालनी गरिएको छ । नेपालमा पहिलो पटक जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ पास भई कार्यान्वयनको क्रममा छ ।

**लैंगिक समानताको मूलप्रवाहीकरण कार्यक्रम**

१२.४८ महिलाहरूलाई प्रशासनिक पदमा सहभागिता बढाउने अभिप्रायले लोक सेवा आयोगबाट लिइने अधिकृतस्तरको मूल परीक्षाका लागि तयारी कक्षा जम्मा ३ सय ३७ जना

महिलाहरूलाई प्रदान गरिएको छ । साथै, विभिन्न ४ जिल्लामा राजपत्र अनंकित द्वितीय श्रेणी खरीदार वा सो सरहको तयारी कक्षा सञ्चालन गरिनुका साथै १ जिल्लामा सञ्चालनको चरणमा रहेको छ । लैंगिक समानता र महिला सशक्तिकरणका पक्षमा विशेष योगदान पुऱ्याउने २ जना महिला पत्रकारहरूलाई पुरस्कृत गरिनुका साथै Women Studies मा अध्ययन गर्ने दुर्गम जिल्लाका १० जना गरिब र पिछडिएका छात्राहरूलाई छात्रवृत्ति प्रदान गरिएको छ ।

**अपाङ्गसम्बन्धी कार्यक्रम**

१२.४९ अपाङ्ग भएका व्यक्तिहरूलाई सेवा, सुविधा एवं पुनर्स्थापनाका निमित्त सम्बद्ध मन्त्रालय, निकायहरूलाई परिचालन गरी यस्ता समुदायको सामाजिक समावेशीकरणका विभिन्न क्रियाकलापहरू सञ्चालन गरिएको छ । यस कार्यक्रम अन्तर्गत ५ विकास क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूलाई व्यवसायिक तालिम प्रदान गरिँदै आएको छ । अपाङ्गसम्बन्धी संस्थाहरूको सुदृढीकरणका लागि निरन्तर सहयोग उपलब्ध गराइएको छ । अपाङ्गता भएका व्यक्तिका लागि अपाङ्ग सहायता कोषमार्फत विभिन्न सहायक सामग्री उपलब्ध गराइनुका साथै ७५ वटै जिल्लाहरूबाट अपाङ्ग परिचयपत्र निरन्तररूपमा वितरण भएको छ । अपाङ्गहरूको सेवा, सुविधा अवसरलगायतका पुनर्स्थापना सेवा उपलब्ध गराउन कार्यक्रमको प्रभावकारी कार्यान्वयन गराउन अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिको बैठक, गोष्ठी जस्ता क्रियाकलाप सञ्चालन भएका छन् । अपाङ्गता भएका व्यक्तिको हक, अधिकारको लागि नीतिगत तहमा अधिवाचन गर्न र देशभरिका करिब ६८ जिल्लामा १ सय ७० वटा सदस्य संस्थाहरू भएको छाता संस्था रहेको अवस्था छ । अपाङ्गता नागरिकहरूको सेवा, सुविधाको लागि काम गर्न प्रमुख सरकारी संयन्त्रको रूपमा महिला, बाल-बालिका तथा समाजकल्याण मन्त्रालय र स्थानीयस्तरमा सो कार्यको लागि महिला विकास कार्यालयलाई तोकिएको छ । अपाङ्गताको परिभाषा र वर्गीकरणलाई अन्तर्राष्ट्रिय मान्यताअनुरूप समयसापेक्ष र अधिकारमुखी अवधारणाका आधारमा सरकारले संशोधनसहित पास गरेको छ । विभिन्न १२ जिल्लाहरूमा विभिन्न गाउँ विकास समितिहरूमा अपाङ्गहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम लागू गरिएको छ र यसबाट ती जिल्लाका अपाङ्ग भएका व्यक्ति लाभान्वित भएका छन् । अपाङ्गसम्बन्धी १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ कार्यान्वयनमा रहेको छ ।

**वाल अधिकारसम्बन्धी कार्यक्रम**

१२.५० वाल न्याय सुदृढीकरण प्रणाली १२ जिल्लामा सञ्चालन भइरहेको र ती १२ वटै जिल्लामा वाल ईजलास गठन गरिएको छ । न्यायाधीश, वकील, प्रहरी, सामाजिक कार्यकर्ता र वाल मनोवेत्ताहरूलाई तालिम प्रदान गरिएको र निरन्तर तालिम चलिरहेको छ । बाल-बालिका हराउने, अपहरण हुने, हत्या हिंसा जस्ता अपराधबाट संरक्षण र सुरक्षा प्रदान गरी त्यस्तो आपराधिक कार्यलाई नियन्त्रण गर्न मिति २०६३ मङ्सिर २२ गते भृकुटीमण्डपमा सरोकारवाला पक्षहरू समेतको सहयोगमा बाल-बालिका खोजतलास समन्वय केन्द्र स्थापना गरिएको छ । साथै, उक्त केन्द्रमा १०४ नम्बरको टोल फ्रि नम्बरसमेत जडान गरिएको छ । २०६३ मङ्सिर २२ देखि २०६३ फलगुण मसान्तसम्ममा हराएको बाल-बालिकाको संख्या ६ सय ९६ र बेवारीसे फेला परेको बाल-बालिकाको संख्या १ सय ३५ रहेको तथ्याङ्क प्राप्त भएको छ ।

## महिला सशक्तिकरण कार्यक्रम

१२.५१ आर्थिक वर्ष २०६२/६३ मा यो कार्यक्रम देशका ७५ जिल्लाका १ हजार ५ सय ९३ गाउँ विकास समितिहरूमा सञ्चालन भएकामा आर्थिक वर्ष २०६३/६४ महिला सशक्तिकरण कार्यक्रमको विस्तार अन्तर्गत विभिन्न आयमूलक कार्यक्रमहरू महिला समूहमार्फत सञ्चालनमा रहेका छन् । यो कार्यक्रम देशका ७५ जिल्लाको १ हजार ६ सय ४७ गाउँ विकास समिति र ३१ नगरपालिकाहरूमा सञ्चालन गरिएको छ । मुलुकभरि ४८ हजार ९ सय २७ महिला समूह गठन भई ३ लाख १६ हजार ३ सय ४९ महिलाहरू यस समूहमा आबद्ध भएका छन् । महिला समूह अन्तर्गत ४ हजार ६ सय ७८ महिला समिति र १ हजार १ सय ५० (दर्ता नभएका समेत) संस्था गठन भएका छन् । महिलाहरूको कुल सामुहिक बचत रकम रु ४२ करोड १९ लाख ७४ हजार ४ सय ८९ पुगेको छ, सो मध्ये रु ३९ करोड १९ लाख ६१ हजार २ सय ९४ लगानीमा परिचालन भएको छ ।

## युनिसेफले सञ्चालन गरेको महिला तथा बाल-बालिकासम्बन्धी कार्यक्रम

१२.५२ आर्थिक वर्ष २०६२/६३ मा युनिसेफको अनुदान सहयोगमा देशका १५ जिल्लाहरूमा बाल-बालिका तथा महिलाहरूको लागि विकेन्द्रीत कार्ययोजना कार्यक्रम सञ्चालन भई एकद्वार प्रणाली अन्तर्गत जिल्ला विकास कोषमा रकम पठाइएको र जिल्ला परिषद्को निर्णयले रकम प्रवाह भई गुणस्तरीय आधारभूत शिक्षा, प्रारम्भिक वाल-कोष, मातृ स्वास्थ्य, सरसफाइ एवं एच.आई.भि. एड्स रोकथाम, महिला र बाल-बालिकाको अधिकार संरक्षण जस्ता कार्यक्रमहरू सञ्चालन भएकोमा आर्थिक वर्ष २०६३/६४ मा पनि युनिसेफको अनुदान सहयोगमा नै यी कार्यक्रमहरूले निरन्तरता पाएका छन् । उक्त कार्यक्रमको अलावा स्वशासन, बाल-बालिकाको लागि पोषण कार्यक्रम, वाल-विकास कार्यक्रम र खानेपानीसम्बन्धी कार्यसमेत सञ्चालित छन् । यी कार्यक्रम सञ्चालनका लागि विनियोजित रकममध्ये प्रथम आठ महिनामा ४९.७७ प्रतिशत वित्तीय प्रगति भएको छ ।

## वालश्रम निवारण कार्यक्रम

१२.५३ आर्थिक वर्ष २०६३/६४ मा श्रम तथा यातायात मन्त्रालयबाट सञ्चालित वालश्रम निवारण कार्यक्रम अन्तर्गत बाल-बालिका विकास तथा पुनर्स्थापना, वाल श्रम निवारण जस्ता कोषमा एक/एक पटक अनुदान उपलब्ध गराइनुका साथै कार्यस्थलमा HIV/AIDS सम्बन्धी सूचना शिक्षा तथा सञ्चार सामग्री तयार र प्रचारप्रसार कार्य एक/एक पटक सम्पन्न भए । साथै, एक पटक नमूना रोजगारदातालाई पुरस्कृत गर्ने, वाल श्रमिक उद्दार तथा पुनस्थापनाका लागि २ वटा केन्द्र स्थापना, श्रमिक शिक्षा कार्यक्रम ३ वटा, रणनीतिक सञ्चार गोष्ठी २ वटा, वाल श्रम विरुद्ध चेतनामूलक सूचना विद्युतीय माध्यमबाट ५० पटक प्रचारप्रसार गर्नुका साथै वाल श्रमिक र तिनका परिवारलाई रोजगारी तालिम २ सय १५ जनालाई दिने लक्ष्य राखिएकोमा नमूना रोजगारदाता पुरस्कृत गर्ने र वाल श्रमिक उद्दार तथा पुनर्स्थापना केन्द्र स्थापना गर्ने कार्यबाहेक प्रायश: सबै कार्यक्रम सम्पन्न भएका र बाँकी कार्यक्रम पनि आर्थिक वर्षको अन्तिममा सम्पन्न भइसक्ने स्थिति रहेको छ ।

## वैदेशिक रोजगारीको स्थिति

१२.५४ वैदेशिक रोजगार बजार नेपाली कामदारका लागि रोजगारको विकल्पको रूपमा विकसित हुँदै गएको छ । श्रम विभागको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०६२/६३ मा १ लाख ७७ हजार ५ सय ६ जना वैदेशिक रोजगारमा गएका थिए भने आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा विभिन्न मुलुकमा वैदेशिक रोजगारमा जानेहरूको संख्या १ लाख २१ हजार ५ सय

४६ जना पुगेको देखिन्छ । आर्थिक वर्ष २०६२/६३ मा ८ सय २८ जना महिला कामदार वैदेशिक रोजगारीमा गएका थिए भने आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा सो संख्या २ सय ७७ रहेको छ । नेपाल सरकारले १ सय ७ वटा मुलुकहरू वैदेशिक रोजगारीका लागि खुला गरेता पनि नेपाली कामदारहरू मलेशिया, साउदी अरब, कतार, इजरायल, यु.ए.ई., बहराइन, रुस, न्यूजिल्याण्ड, मकाउ, संयुक्त राज्य अमेरिका, क्यानडा, सेसेल्स, दक्षिण कोरिया, माल्दिभ्स, सिंगापुर, साइप्रस, कुवेत, ओमान, जापान, हङकङ आदिमा मुलुकहरूमा जाने गरेको पाइएको छ । श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट प्राप्त तथ्याङ्कअनुसार विभिन्न मुलुकहरूमा वैदेशिक रोजगारीमा जाने कामदारहरू निम्न आर्थिक वर्षहरूमा देहायबमोजिम रहेको छ ।

तालिका १२ (ठ) : वैदेशिक रोजगारको स्थिति

| क्र.स. | आर्थिक वर्ष | वैदेशिक रोजगारमा गएका कामदारको संख्या |
|---|---|---|
| १. | २०५६/५७ | ३५,५४३ |
| २. | २०५७/५८ | ५५,०२५ |
| ३. | २०५८/५९ | १,०४,७३९ |
| ४. | २०५९/६० | १,०५,०५५ |
| ५. | २०६०/६१ | १,०६,६६० |
| ६. | २०६१/६२ | १,३५,९९२ |
| ७. | २०६२/६३ | १,७७,५०६ |
| ८. | २०६३/६४* | १,०८,९८५ |

* २०६३ फाल्गुण मसान्तसम्म
स्रोत : श्रम तथा यातायात मन्त्रालय

## व्यवसायिक तथा सीप विकास तालिम

१२.५५ श्रम तथा यातायात व्यवस्था मन्त्रालयले १४ वटा सीप विकास तालिम केन्द्र र १ वटा प्रशिक्षण केन्द्रमार्फत विभिन्न कार्यक्रमहरूमा व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन गरी सीप मूलक जनशक्ति तयार गरेको छ । यसरी तयार भएको सीपमूलक जनशक्तिको विवरण देहायबमोजिम रहेको छ :

तालिका १२ (ड) : व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रम

| क्र.स | कार्यक्रमको नाम | आर्थिक वर्ष २०६२/६३ | | आर्थिक वर्ष २०६३/६४ | |
|---|---|---|---|---|---|
| | | *लक्ष्य* | *प्रगति* | *लक्ष्य* | *प्रगति* |
| १. | जनरल मेकानिक्स | २३० | १९२ | १९५ | १९८ |
| २. | विद्युत् जडान | ६५० | ६७२ | ६५४ | ७४१ |
| ३. | विद्युत् जडान अपग्रेडिङ्ग | ८५ | ५७ | ११० | ३० |
| ४. | प्लम्विङ्ग | ४३५ | ४२२ | ४१२ | ४२९ |
| ५. | प्लम्विङ्ग अपग्रेडिङ्ग | ३० | १४ | ४० | - |
| ६. | केश श्रृङ्गार | ४२० | ४८६ | ४३६ | ५५८ |
| ७. | केश श्रृङ्गार अपग्रेडिङ्ग | २० | २२ | ४० | २० |
| ८. | सिलाई कटाइ | ६९० | ८२० | ७१४ | ९०० |
| ९. | इलेक्ट्रोनिक्स मर्मत | ३४५ | ३२६ | ३२१ | ३३७ |
| १०. | मोटरसाइकल मर्मत | २३५ | २२० | २४२ | २४३ |

| क्र.स | कार्यक्रमको नाम | आर्थिक वर्ष २०६२/६३ | | आर्थिक वर्ष २०६३/६४ | |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति |
| ११. | अटोमेकानिक्स् | ११० | १०१ | ११५ | ११० |
| १२. | कम्प्यूटर | ३२० | ३५७ | ३३० | ३६६ |
| १३. | वेल्डिङ्ग | १६० | १६६ | १६० | १५१ |
| १४. | वेतबाँस | ३० | १९ | ७० | ७२ |
| १५. | पम्पसेट मेकानिक्स | ३० | ३० | ३० | १२ |
| १६. | आवासीय महिला | ६० | ६० | ६० | ६० |
| १७. | अल्पकालीन (लक्षित वर्गको लागि) | १२०० | १५०४ | - | - |
| १८. | वैदेशिक रोजगारसम्बन्धी विशेष सीप विकास तालिम कार्यक्रम | १५०० | १५६१ | १२०० | १९० |
| १९. | पाठ्यक्रम/मेनुयल निर्माण तालिम | - | - | - | - |
| २०. | अल्पकालीन | | | | |
| | (क) सीप मूलक (१ हप्ता - ३ महिना) | - | - | ७५७५ | ४८५४ |
| | (ख) वैदेशिक रोजगारमूलक तालिम (४ हप्ता - ६ हप्ता) | - | - | ३५० | - |
| २१. | अनुगमन मूल्याङ्कन र प्रशिक्षण परिवहन खर्चसम्बन्धी तालिम | - | - | - | - |
| २२. | वेभ साइट सञ्चालन | - | - | - | - |
| २३. | १ हप्ते उद्यमशीलता तालिम | - | - | १५० | ६८ |

टिप्पणी: उपरोक्त विभिन्न कार्यक्रममा (समय तोकिएका र क्र.स. १९, २१ र २२ बाहेक) ३ महिना र ६ महिनाको तालिम प्रदान गरिएको छ।
स्रोत : श्रम तथा यातायात मन्त्रालय

## स्वास्थ्य

### केन्द्रीय एवं जिल्लास्तरको स्वास्थ्य कार्यक्रम

१२.५६ आर्थिक वर्ष २०६२/६३ मा सञ्चालित क्षयरोगसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिँदै आर्थिक वर्ष २०६३/६४ मा स्वास्थ्य क्षेत्रमा केन्द्रीय स्तर तथा जिल्ला स्तरका विभिन्न कार्यक्रमहरू सञ्चालन भएका छन् । यी मध्ये राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम अन्तर्गत केन्द्रीय स्तरमा ४९ हजार ५ सय स्लाइड फलोअप तथा नयाँ खकार परीक्षण, १६ हजार ३९ जना विभिन्न स्वास्थ्यकर्मी तथा चिकित्सकहरूलाई तालिम, ३० हजार स्लाइड पुनः परीक्षण लगायतका त्रियाकलाप सञ्चालन भएका छन् । क्षयरोग नियन्त्रण कार्यक्रम अन्तर्गत नै २०६३/६४ को आठ महिनामा ९० हजार ३ सय ४४ जना शंकास्पद विरामीको परीक्षण गरी १९ हजार ७ सय ३० जना क्षयरोगीलाई निःशुल्क उपचारसमेत गरिएको छ भने यसै अवधिमा २ सय ५० स्वास्थ्य संस्था डट्स केन्द्र, उपकेन्द्र विस्तार गरी ३ हजार ६ सय ५ संस्थामार्फत निःशुल्क सेवा उपलब्ध गराइएको छ । ५ हजार जनालाई क्षयरोगसम्बन्धी Orientation र स्वास्थ्यकर्मीको स्तरअनुसार ९ सय १४ जनालाई विशेषज्ञता अभिवृद्धि तालिम प्रदान गरिएको छ । साथै, नेपालले पनि क्षयरोग नियन्त्रणका लागि अझ प्रभावकारीरूपमा कार्यक्रम सञ्चालन गर्न विश्व स्वास्थ्य संगठनले आव्हान गरेअनुसार २४ मार्च २००६ देखि Now Stop TB Strategy अनुमोदन गरी सोहीअनुसार कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यस्तै आर्थिक वर्ष २०६२/६३ को कुष्ठरोग नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम र पोष्टर छपाई एवं प्रचार प्रसार गर्ने कार्यलाई पनि निरन्तरता दिइएको छ ।

## परिवार नियोजन, सुरक्षित मातृत्व एवं महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम

१२.५७ यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६३/६४ मा हिमाली जिल्लाका गर्भवती महिलालाई रु. १ हजार ५ सय, पहाडी जिल्लाकालाई रु. १ हजार र अन्य जिल्लाहरूकालाई रु. ५ सय सुत्केरी प्रोत्साहन भत्ता दिइँदै आएको छ । साथै, परिवार नियोजन स्वायी बन्ध्याकरण ६५ हजार ८ सय ७९ जना, गर्भवती पहिलो जाँच (ANC 1st Visit) ३ लाख २ हजार ८ सय २१ जनालाई र सुत्केरीपछिको सेवा (Post Natal Care-PNC) १ लाख ८० हजार ३ सय ४४ जनालाई उपलब्ध गराइएको छ । परिवार नियोजनका साधन प्रयोगकर्ता संख्या २१ लाख १३ हजार ८ सय १३ जना पुगी परिवार नियोजन साधन प्रयोग दर ४२.१ प्रतिशत भएको छ ।

## राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला कार्यक्रम

१२.५८ आर्थिक वर्ष २०६३/६४ मा यस कार्यक्रमअन्तर्गत ३ स्थानमा व्याक्टेरियोलजी सेवाको स्थापना र ८ ठाउँमा सुदृढिकरण गरिएको छ । ५ जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्रमा प्रयोगशाला सेवाको स्थापना भएको र ७ वटामा विस्तार गरिएको, ६० जना ग्रामीण स्वास्थ्य कार्यकर्ता र मातृशिशु कार्यकर्तालाई आधारभूत प्रयोगशालासम्बन्धी तालिम दिइएको छ । मुगु, डोल्पा, रोल्पा र कालीकोटमा प्रयोगशाला सेवाको विस्तार, प्रयोगशाला परीक्षणसम्बन्धी Standard Operating Procedure को निर्माण तथा छपाई सम्पन्न गरिएको छ ।

## विस्तारित खोप एवं राष्ट्रिय पोलियो खोप कार्यक्रम

१२.५९ आर्थिक वर्ष २०६२/६३ मा खोपसम्बन्धी तालिम पुस्तक तयार तथा छपाई र १५ जिल्लामा क्रम बोर्डर पोलियो उन्मुलन खोप दिने कार्य भएकोमा आर्थिक वर्ष २०६३/६४ मा वालस्वास्थ्यमा सुधार ल्याउन विशेष खोप अभियान र नियमित खोप कार्यक्रम सञ्चालन गरिएका छन् । ४ वटा जिल्लामा पोलियो रोग देखा परेकोले विशेष पोलियो खोप अभियान ३ चरणमा सञ्चालन गरी ५ वर्ष मुनिका बाल-बालिकाहरूलाई पोलियो रोगबाट सुरक्षित राख्न विशेष खोप कार्यक्रम अन्तर्गत ३ पटक पोलियो खोप लगाएर ४२ लाख ७५ हजार जनालाई सुरक्षित तुल्याइएको छ । त्यसैगरी, नियमित कार्यक्रमतर्फ वि.सि.जी. विरुद्ध २ लाख ३ हजार २ सय १९ जना, डि.पी.टी. विरुद्ध १ हजार ८२ हजार १ सय ४१ जना, दादुरा विरुद्ध १ लाख ८२ हजार ९ सय २५ जनालाई र हेपाटाइटीस 'वि' विरुद्ध १ लाख ८० हजार ४ सय ९३ जनालाई खोप लगाइएको र १ वर्ष मुनिका ८३ प्रतिशत बाल-बालिकाहरूलाई सबै प्रकारका खोप दिइएको छ ।

## पोषण कार्यक्रम

१२.६० पोषण कार्यक्रम अन्तर्गत ६ महिनादेखि ५ वर्षसम्मका करिब ३७ लाख बाल-बालिकाहरूलाई भिटाभिन 'ए' क्याप्सुल र जुकाको औषधिसमेत खुवाइएको छ ।

## इपिडेमियोलोजी, औलो तथा कालाजार नियन्त्रण, प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रम

१२.६१ आर्थिक वर्ष २०६२/६३ मा रेविज रोकथाम टिस्युकल्चर, भुस्याहा कुकुर नियन्त्रण र औलो नियन्त्रण कार्यक्रम सञ्चालन भएकोमा आर्थिक वर्ष २०६३/६४ मा विभिन्न जिल्लाहरूमा बहुलाहा कुकुरलगायत जनावरको टोकाइबाट हुने रेविज रोगको रोकथामको लागि २० हजार जनाको उपचार गर्न चाहिने ७७ हजार डोज Anti-Rabies Vaccine निःशुल्क वितरण गरिएको छ । हात्तीपाइले रोग निवारण कार्यक्रम अन्तर्गत पर्सा, रूपन्देही र नवलपरासी जिल्लाहरूमा सो रोग लाग्नबाट बच्नको लागि Mass Drugs Administration (MDA) कार्यक्रम सञ्चालन गरी करिब १९ लाख जनालाई सो रोग लाग्नबाट सुरक्षित पारिएको छ ।

औलो र कालाजार नियन्त्रण गर्न २ पटक Rapid Response Team परिचालन गरिएको र पहिलो नमूना जिल्लाको रूपमा सप्तरी जिल्लामा कालाजार उन्मुलन कार्यक्रम लागू गरी ३ सय जना कालाजार रोगीहरूलाई Oral Drug Miltefosive को प्रयोगको सुरुवात गरिएको छ । साथै, कालाजार रोगको प्रकोप देखिने ११ जिल्लामा विषादी छर्किएको तथा औलो स्प्रेइङ्ग अन्तर्गत १४ जिल्लामा किटनाशक विषादी छर्किएको छ । उक्त व्यवस्थापनका अलावा Polyvalent Anit-snake Venom Serum (६ हजार ५ सय ७९ भायल) विषालु सर्पको टोकाइबाट पीडित करिब ५ सय जनालाई उपलब्ध गराइएको छ ।

## घुम्ति शिविर, अत्यावश्यक स्वास्थ्य सेवा, निःशुल्क तथा सामुदायिक स्वास्थ्य बीमा कार्यक्रम

१२.६२ आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा विशेषज्ञसहितको स्वास्थ्य शिविर ८ वटा, आङ खस्ने रोग ५ वटा र नाक, कान, घाँटी तथा हाडजोर्नी ३ वटा गरी कुल १६ वटा स्वास्थ्य शिविर सम्पन्न भएका छन् । २५ शैयासम्मका जिल्ला अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्रहरूमा गरिबी र असहाय विरामीहरूलाई आकस्मिक र अन्तरंग सेवा निःशुल्क प्रदान गरिएको छ । थप ४ वटा टीकापुर, लमही, चन्द्रनिगाहापुर र कटारी स्वास्थ्य केन्द्रहरूमा सामुदायिक स्वास्थ्य बीमा कार्यक्रम विस्तार गरिएको छ ।

## शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र

१२.६३ यस केन्द्रको एक सय शैया अस्पताल भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने २१ हजार ५ सय ४४ जना मुटु रोगीलाई परीक्षण सेवा उपलब्ध गराइएको र १५ वर्ष भन्दा मुनिका २ सय ४७ जना मुटु रोगीहरूलाई निःशुल्क मुटु रोग उपचार सेवा उपलब्ध गराइएको छ ।

## राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम

१२.६४ आर्थिक वर्ष २०६२/६३ मा केन्द्रीय स्तरमा उपकरण खरिद, भौतिक निर्माण, शैक्षिक सामग्री विकास, प्रचारप्रसार कार्यक्रम सञ्चालन भएका थिए भने जिल्लास्तरमा विद्यालय स्वास्थ्य शिक्षा, स्वास्थ्य शिक्षा सामग्री उत्पादन, सिनेमा विज्ञापन, स्वास्थ्यसम्बन्धी अन्तरक्रिया र स्वास्थ्य शिक्षा प्रवर्द्धन अभियान सञ्चालन भएकोमा आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनामा स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम अन्तर्गत जनमानसमा स्वास्थ्यको व्यवहारमा सकारात्मक परिवर्तन गर्न जनचेतना जगाउने उद्देश्यले विभिन्न किसिमका छपाई, स्वास्थ्य शिक्षा सामग्रीहरू विकास तथा उत्पादन गरी वितरण गरियो । विभिन्न पत्रपत्रिकामा ३ सय ६६ पटक स्वास्थ्य सन्देश प्रकाशन, रेडियो, एम.एम. बाट स्वास्थ्य सन्देश तथा कार्यक्रम ७ सय ६१ पटक प्रशारण गरियो । गैर-सरकारी संघ-संस्थाहरूमार्फत ७ पटक स्वास्थ्य सन्देश प्रचार-प्रसार, स्वास्थ्य प्रदर्शनी ४२ पटक र विद्यालय स्वास्थ्य शिक्षा २ हजार १ सय ११ पटक प्रदान गरियो भने नियमित स्वास्थ्य शिक्षा स्रोत केन्द्र/कर्नर १ सय ९४ पटक सञ्चालन गरियो । स्वास्थ्य प्रवर्धनसम्बन्धी १ सय १४ पटक अन्तर्क्रिया कार्यक्रम सञ्चालन, सिनेमा सेलुलाइट ४ हजार ५२ पटक प्रसार गरियो भने स्वास्थ्य सन्देश प्रचार प्रसार गर्न १ सय ६६ पटक स्वास्थ्य शिक्षा प्रवर्द्धन अभियान सञ्चालन गर्नुका साथै एकीकृत स्वास्थ्य सञ्चार रणनीति विकास र स्वास्थ्य शिक्षा स्रोत केन्द्र इकाइको भवन निर्माणसमेत भएको छ ।

## राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम

१२.६५ आर्थिक वर्ष २०६२/६३ मा राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण गर्न ART, STI औषधि र Test Kit खरिद र वितरण र HIV/AIDS भएकाहरूले स्वरोजगारमूलक तालिम, STI तालिम,

ओरिन्टेसन र Care and Support सेवा प्रदान गरिएकोमा आर्थिक वर्ष २०६३/६४ मा राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम अन्तर्गत HIV संक्रमित २ सय १६ जनालाई Care and Support सम्बन्धी सेवा प्रदान गरिएको र २ वटा संस्था थप गरी १० वटा Anti Retro Virol (ARV) Center हरू (टेकु स्पर्स प्रसुति, TUTH, धरान, वीरगञ्ज, पोखरा, नेपालगञ्ज, धनगढी र डोटी) बाट ६ सय १९ जना HIV संक्रमितहरूलाई नियमितरूपमा ARV औषधि वितरण गरिएको छ । साथै, ७ वटा Center for Prevention of Mother to Child Transmission (PMTCT) सेवा उपलब्ध गराइनुका अलावा ३८ जनालाई ARV Prophylaxis औषधि उपलब्ध गराइएको छ र विभिन्न जनचेतनामूलक कार्यक्रमहरू समेत सञ्चालन भएका छन् ।

## राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रम

१२.६६ आर्थिक वर्ष २०६२/६३ मा राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रम अन्तर्गत मातृ स्वास्थ्य स्वयम्सेविका, महिला स्वास्थ्यसम्बन्धी स्वास्थ्यकर्मी अभिमुखीकरण र सुडेनी तालिम भएकोमा आर्थिक वर्ष २०६३/६४ मा ६ जनालाई ओ.टी. म्यानेजमेण्टसम्बन्धी तालिम, ४ सय ३२ जनालाई मातृशिशु कार्यकर्ता अ.न.मी. तालिम, ४० जना नर्शहरूलाई आधारभूत, आपूर्ति व्यवस्थापन तालिम, ९ जिल्लाका १ हजार ४ सय जना स्वास्थ्यकर्मीहरूलाई प्रजनन् स्वास्थ्यसम्बन्धी तालिम र विभिन्न किसिमका तालिम सामग्री विकास गरिएको छ ।

१२.६७ स्वास्थ तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्वास्थ सेवा क्षेत्रमा आर्थिक वर्षको २०६३/६४ को प्रथम आठ महिनासम्म अस्पताल ८७ वटा, स्वास्थ केन्द्र ६ वटा, स्वास्थ चौकी ६ सय ७६ वटा आयुर्वेदिक औषधालयहरू २ सय ९३ वटा, उप-स्वास्थ चौकी ३ हजार १ सय २९ वटा र प्राथामिक स्वास्थ केन्द्र २ सय ५ गरी जम्मा ४ हजार ३ सय ९६ वटा स्वास्थ संस्थाहरू र ९१ हजार ७ सय ४४ जना दक्ष जनशक्तिसहित सञ्चालनमा रहेका छन् ।

**चार्ट १२ (घ) : स्थास्थ्य सेवाको विस्तार**




## आयुर्वेदिक स्वास्थ्य सेवा

१२.६८ स्वास्थ्य क्षेत्रमा आयुर्वेदिक औषधिको पारम्परिकरूपमा भएको प्रयोग एवं बढ्दो महत्वको कारण सोको व्यवस्थापन गर्न छुट्टै आयुर्वेद विभाग गठन भइ कार्य सञ्चालन हुँदैआएको छ । सोहीअनुसार देश भित्रका सबै आयूर्वेद औषधालयको व्यवस्थापन एवं सोका लागि आवश्यक पर्ने चिकित्सक (कविराज) हरू व्यवस्था गरिंदैआएको छ । आर्थिक वर्ष २०६२/६३ देखि देश

भित्र २ वटा आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन, ८ वटा आयुर्वेद भवन निर्माण, कर्णाली अञ्चलका ५ वटै जिल्लामा जडीबुटी खेती तथा कच्चा पदार्थ प्रशोधनसम्बन्धी सम्भाव्यता अध्ययन आदि क्रियाकलाप सञ्चालन गरिएको छ । त्यस्तै, आर्थिक वर्ष २०६३/६४ मा आयुर्वेद स्वास्थ्य सेवाको व्यवस्थित र वैज्ञानिक ढंगले विकास गर्ने उद्देश्यले राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र सञ्चालन गर्न जनवादी गणतन्त्र चीन सरकारसँग सम्झौता गरी कार्य थालनी गरिएको छ ।

१२.६९ स्वास्थ सुविधातर्फ आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनासम्म ८७ वटा अस्पतालमा ६ हजार ९ सय ४४ वटा शैयामार्फत स्वास्थ सुविधा विस्तार गरिएको छ ।

**चार्ट १२ (ङ) : स्वास्थ्य सुविधाको विस्तार**




## <u>मेडिकल काउन्सिलको कार्य प्रगति</u>

१२.७० नेपाल मेडिकल ऐन, २०२० बमोजिम गठित मेडिकल काउन्सिलले ऐन विरुद्ध कार्य गर्ने चिकित्सक उपर कारवाही गर्ने र गैर-कानूनी तरिकाले चिकित्सा व्यवसाय सञ्चालन गर्नलाई निरुत्साहित वा रोक्ने कार्य गर्ने गरेको छ । काउन्सिलले नेपाललगायत विभिन्न मित्र राष्ट्रहरूबाट चिकित्साशास्त्रमा डिग्री/डिप्लोमा प्राप्त गरी आउने चिकित्सकहरूलाई नियमबमोजिम दर्ता गर्ने, नेपालभित्र नयाँ खोलिने मेडिकल कलेजहरूलाई स्तर हेरी मान्यता प्रदान गर्ने र पठनपाठन तथा विद्यार्थी भर्नाको स्वीकृति प्रदान गर्ने, चिकित्सा डिग्री/डिप्लोमाको न्यूनतम योग्यता निर्धारण गर्ने जस्ता कार्य गर्ने गरेको छ । साथै, काउन्सिलले चिकित्सक दर्ता कार्य, एक वर्षे इन्टर्नशीप वा house job नगरेका अण्डर सुपरभिजनमा काम गर्ने गरी परीक्षण दर्ता, एक वर्षे इन्टर्नशीप पूरा गरेकालाई Licensing Exam लिई परीक्षा उतीर्ण गरेकालाई अस्थायी दर्ता, अस्थायी दर्ता भई मान्यताप्राप्त अस्पताल, संघसंस्थाबाट दुई वर्ष काम गरेको प्रमाण बुझाएमा स्वतः स्थायी दर्ता, देशभित्र मेडिकल कलेज, संघसंस्थामा काम गर्न इच्छुक विदेशी चिकित्सकहरूलाई योग्यता हेरी गरिने दर्ता र चिकित्साशास्त्र अन्तर्गतको मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तहमा विभिन्न विषयहरूमा उपाधि हासिल गरी आउने चिकित्सकहरूलाई विशेषज्ञ दर्ता गरी ५ किसिमको दर्ता गर्ने गरेको छ । आर्थिक वर्ष २०६२/६३ मा मान्यताप्राप्त विश्वविद्यालयबाट उतीर्ण गरेर आएका ७ सय ८२ जनालाई परीक्षण दर्ता र ७ सय १९ जनाले Licensing Exam उतीर्ण घोषित र स्थायी तथा अस्थायी गरी ५ हजार ८ सय २४ जनालाई चिकित्सकमा दर्ता गरेको थियो । आर्थिक वर्ष २०६३/६४ को फाल्गुण मसान्तसम्म स्थायी र अस्थायी गरी क्रमशः ५ सय ९ र २ सय २५ थप हुन गई कुल ६ हजार ५ सय ५८ जना चिकित्सकमा दर्ता भएका छन् भने आर्थिक वर्ष २०६२/६३ सम्म ७ सय ५३ जना विशेषज्ञ चिकित्सक दर्ता भएकोमा आर्थिक वर्ष २०६३/६४ को फाल्गुण मसान्तसम्म १ सय २९ जना

थप दर्ता भई कुल ८ सय ८२ जना चिकित्सकमा दर्ता भएका छन् । साथै, आर्थिक वर्ष २०६३/६४ मा परीक्षण दर्तातर्फ ७ सय ५० जना र विदेशी चिकित्सकतर्फ २ सय ८३ जनालाई नेपाल मेडिकल काउन्सिलले दर्ता गरेको छ । यसबाहेक ६ सय ९१ जनाको Licensing Exam पनि लिईएको छ । देशभर सञ्चालनमा रहेका मेडिकल कलेजहरू मध्ये आर्थिक वर्ष २०६३/६४ सम्म १४ वटा मेडिकल कलेजहरूले मान्यता पाई एम.वि.वि.एस., पि.जी., डेण्टल गरी १६ वटा कार्यक्रमहरू सञ्चालन गरेका छन् । यसरी मान्यता पाउने कलेजहरूमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत इष्टिच्यूट अफ मेडिसिन, महाराजगञ्जमा एम.वि.वि.एस. र पि.जी. कार्यक्रम, युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस भैरहवा, वि.डि.एस. तर्फ डेण्टल कलेज अफ डेण्टल सर्जरी भैरहवा, नेशनल मेडिकल कलेज वीरगञ्ज, डेण्टल केडिया कलेज, वीरगञ्ज, पिपुल्स डेण्टल कलेज, नयाँबजार, काठमाडौ र नेशनल एकेडेमी अफ मेडिकल साइन्सेज (पि.जी कार्यक्रम); बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत एम.वि.वि.एस. तर्फ स्कूल अफ मेडिसिन र वि.डि.एस. तर्फ स्कूल अफ डेण्टल सर्जरी तथा काठमाडौ विश्वविद्यालय अन्तर्गत एम.वि.वि.एस. तर्फ काठमाडौ युनिभर्सिटी मेडिकल स्कूल काभ्रे; मनीपाल कलेज अफ मेडिकल साइन्सेस, पोखरा; कलेज अफ मेडिकल साइन्सेस भरतपुर; नेपालगञ्ज मेडिकल कलेज नेपालगञ्ज; काडमाडौं मेडिकल कलेज सिनामंगल; नेपाल मेडिकल कलेज, जोरपाटी र नोवेल मेडिकल कलेज, विराटनगर रहेका छन् ।

## मेडिकल काउन्सिलको विशेषज्ञ दर्ता विवरण तालिका

१२.७१ नेपाल मेडिकल काउन्सिलले ८ सय ५८ जनालाई विशेषज्ञ दर्ता गरेको देखिन्छ जसको विवरण निम्न तालिकामा दिइएको छ :

**तालिका १२ (ढ) : आर्थिक वर्ष २०६३/६४ सम्म मेडिकल काउन्सिलमा दर्ता भएका विशेषज्ञ विवरण**

| क्र.स. | विषय | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | General Practice | ४२ | ८ | ५० |
| २. | ENT | २३ | ५ | २८ |
| ३. | Psychiatry | १८ | ( | १८ |
| ४. | Anesthesiology | ३४ | १५ | ४९ |
| ५. | Radiology and Imaging | ३९ | ४ | ४३ |
| ६. | Pediatrics | ७१ | २४ | ९५ |
| ७. | Nephrology | ३ | १ | ४ |
| ८. | Master in Dental Surgery | १६ | १० | २६ |
| ९. | T.B. and Respiratory | ३ | १ | ४ |
| १०. | Community Medicine Public Health | १२ | २ | १४ |
| ११. | Pharmacology | ५ | ० | ५ |
| १२. | Obs/Gyanae | ४४ | ८० | १२४ |
| १३. | M.S. (General Surgery) | ९४ | ३ | ९७ |
| १४. | Orthopedic | ५९ | १ | ६० |
| १५. | Cardiology | ५० | १ | ५१ |

| क्र.स. | विषय | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १६. | Ophthalmology | ३१ | १६ | ४७ |
| १७. | Internal Medicine | ५७ | ५ | ६२ |
| १८. | Clinical Pathology | १६ | ६ | २२ |
| १९. | Dermatology/Venereology | १५ | ५ | २० |
| २०. | Neurology | ६ | २ | ८ |
| २१. | Gastroenterology | ११ | १ | १२ |
| २२. | Urology | ९ | ० | ९ |
| २३. | Surgical Oncology | ३ | ० | ३ |
| २४. | Forensic Medicine | ३ | ० | ३ |
| २५. | Micro Biology | १ | १ | २ |
| २६. | Nuclear Medicine | २ | ० | २ |
| *जम्मा :* | | ६६७ | १९० | ८५८ |

स्रोत : नेपाल मेडिकल काउन्सिल

**स्वास्थ्य मन्त्रालय अन्तर्गत विकास आयोजनाहरू**

१२.७२ नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत गत आर्थिक वर्ष २०६२/६३ मा सञ्चालन भएका विकास आयोजनाहरू मध्ये पहिलो प्राथमिकता (P1) मा परेको स्वास्थ्य सामाजिक सुरक्षा कार्यक्रमतर्फ सामुदायिक स्वास्थ्य बीमा कार्यक्रम, घुम्ती शिविर सञ्चालन गर्ने लगायतका क्रियाकलापहरू सञ्चालन गर्ने लक्ष्य राखिएकोमा आर्थिक वर्ष २०६३/६४ मा ४ वटा प्राथमिक स्वास्थ्य केन्द्रमा सामुदायिक स्वास्थ्य बीमा कार्यक्रम विस्तार गरी ६ स्थानमा पुऱ्याइएको र १ हजार १ सय २५ जना नयाँ विमीत परिवारलाई सदस्यता वितरण गरिएको छ । यसैगरी, १९ वटा विशेषज्ञसहितको स्वास्थ्य शिविर सञ्चालन गरी आर्थिक वर्ष २०६३/६४ मा १ लाख ७६ हजार ८ सय जनालाई सेवा प्रदान गरिएको छ । शुक्रराज ट्रपिकल अस्पताल, टेकुमा गत आर्थिक वर्षमा भौतिक सुधारको कार्यक्रम अन्तर्गत औषधि, फर्निचर खरिद र भवन निर्माण गर्ने कार्यहरू सञ्चालन भएका छन् र औषधि खरिद लक्ष्यअनुसार भएको छ । यस कार्यक्रमको समष्टिगत भौतिक प्रगति शत्प्रतिशत र वित्तीय प्रगति ८७ प्रतिशत छ । राष्ट्रिय क्षयरोग कार्यक्रम (केन्द्र) अन्तर्गत ४९ हजार ५ सय स्लाइड फलोअप तथा नयाँ खकार परीक्षण, १ हजार ६ सय ३९ जना विभिन्न स्वास्थ्यकर्मी तथा चिकित्सकलाई तालिम, ३० हजार स्लाइड पुनः परीक्षणलगायतका क्रियाकलापहरू सञ्चालन भएका छन् । परिवार नियोजन तथा सुरक्षित मातृत्व र महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको समष्टिगत भौतिक ८१ प्रतिशत र वित्तीय प्रगति ७५ प्रतिशत हासिल भएको छ । विस्तारित खोप कार्यक्रम एवं राष्ट्रिय पोलियो खोप कार्यक्रम अन्तर्गत गत वर्ष २०६२/६३ मा ५ वर्ष मुनिका बाल-बालिकाहरूलाई रोगसँग लड्ने क्षमता वृद्धि गर्ने उद्देश्यअनुरूप पोलियो, डि.पी.टी., हेपाटाइटीस 'वि' लगायतका खोप कार्यक्रम सञ्चालन गरी करिब ४२ लाख र आर्थिक वर्ष २०६३/६४ मा सोही कार्यक्रम सञ्चालन गरी ४२ लाख ७५ हजार बाल-बालिकाहरू सुरक्षित भएका छन् । गत वर्ष र चालू आर्थिक वर्षमा प्राथमिकता एक (P1) मा परेका अन्य कार्यक्रमहरूमा वालरोग एकीकृत व्यवस्थापन र पोषण कार्यक्रम, इपिडेमियोलोजी, औलो तथा कालजार एवं प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रम, कुष्ठरोग नियन्त्रण कार्यक्रम, औषधि उपकरण तथा आपूर्ति कार्यक्रम, किटजन्य रोग

अनुसन्धान तथा तालिमसम्बन्धी कार्यक्रममा क्रमशः भौतिक ८७, ९६, ५१ र ८३ प्रतिशत र वित्तीय प्रगतिमा ७०, ८२, ४३ र ४२ प्रतिशत भएको छ भने राष्ट्रिय जनसंख्या कार्यक्रमको भौतिक ६९ प्रतिशत र वित्तीय ४२ प्रतिशत प्रगति भएको छ । साथै, आर्थिक वर्ष २०६३/६४ को प्रथम आठ महिनासम्म आयुर्वेद हेल्थ सेण्टर ६ वटा र अस्पताल ४ वटा निर्माण, अस्पताल मर्मत सम्भार १६ वटा, स्वास्थ्य चौकी ८ वटा र प्राथमिक स्वास्थ्य केन्द्र ९ वटा निर्माण तथा २ वटा मर्मत सम्भार, जिल्ला स्वास्थ्य कार्यालय ६ वटा निर्माण र १ वटा मर्मत गरी कुल ६० वटा स्वास्थ्य संस्थाहरू निर्माण भएका छन् र १ सय ५९ वटा भवनहरू निर्माणका क्रममा रहेका छन् ।

**चुनौतीहरू**

१२.७३ राजनीतिक अस्थिरता तथा संक्रमण अवस्थाले गर्दा शिक्षा क्षेत्रतर्फ कार्यक्रमको उपलब्धि अपेक्षितरूपमा नहनु, समुदायमा विद्यालयको व्यवस्थापन गर्ने कार्यमा शिक्षकहरूको छाता संगठनबाट पूर्ण सहयोग प्राप्त नहुनु, विद्यालय शिक्षाको एकीकृत ऐन नभएकाले कक्षा ११-१२ को एकीकृत पाठ्यक्रम बनाउन कठिनाई हुनु, जिल्लास्तरमा अनौपचारिक शिक्षाको छुट्टै संरचना नहुनु, आर्थिक प्रशासन नियमावलीका आधारमा टेण्डरबाट पौष्टिक आहार वितरण गर्ने गरेकोमा न्यून दररेटमा टेण्डर हालेर पनि समयमै ढुवानी नगरी वितरण कार्य प्रभावित हुनु, शिक्षक सेवा आयोगको प्रशासन केन्द्रीयस्तरमा मात्र रहेकोले जिल्लास्तरको कामको अनुगमन, निरीक्षणमा कठिनाई उत्पन्न हुनु, शिक्षक तलव अनुदान कार्यक्रममा न्यून बजेट हुनु, समग्र शैक्षिक कार्यक्रममा स्रोत र साधन एवं समन्वयको अभाव आदि जस्ता प्रमुख कारणहरूले गर्दा वाञ्छित उद्देश्य पूरा गर्न कठिनाइ भएको छ ।

१२.७४ दक्ष जनशक्ति (चिकित्सक) को अभाव, स्वास्थ्य संस्था थप गर्न, स्तरोन्नति र पूर्वाधारका लागि पर्याप्त बजेट नहुनु, स्थानीय निकायमा स्वास्थ्य संस्थाको व्यवस्थापन हस्तान्तरण गरिँदै आएकोमा स्थानीय निकाय नभएकाले हस्तान्तरण प्रक्रिया अवरुद्ध हुनु, औषधिको गुणस्तर कायम गर्ने संयन्त्र प्रभावकारी नहुनु, विद्यमान भौतिक संरचना प्रभावकारी नहुनु जस्ता कारणले स्वास्थ्य क्षेत्रमा लक्षित भौतिक प्रगति प्राप्त गर्न नसकिएकोले यसतर्फ विशेष पहल गर्नु पर्ने देखिन्छ ।

१२.७५ वैदेशिक रोजगारीसम्बन्धी माग प्रक्षेपण गर्न सूचना प्रणाली राम्रो नहुनु, वैदेशकि रोजगारसम्बन्धी व्यवस्थापन पारदर्शी, स्वच्छ, व्यवस्थित, सहज र सरल नहुनु, अन्तर्राष्ट्रिय श्रम प्रशासनको प्रभावकारी कार्यान्वयनको संस्थागत सुदृढीकरण नहुनु तथा साधन र श्रोतको अभाव हुनु आदि प्रमुख कारणले गर्दा वैदेशिक रोजगारीको व्यवस्थित प्रवर्द्धनको लागि उपयुक्त व्यवस्थाहरू कार्यन्वयन गर्नु पर्ने देखिन्छ ।

१२.७६ महिला, बाल-बालिका, जेष्ठ नागरिक तथा अपाङ्गहरूका पक्षमा बढिरहेको चासोमा प्रतिवद्धता अनुकूल प्रभावकारी कार्यान्वयन गर्न समन्वय र कार्यगत एकताको अभाव, गरिबी एवं पिछडिएका समुदायसँग सम्बन्धित कार्यक्रमहरूको समन्वय र प्रभावकारी अनुगमन एवं सुपरीवेक्षण नहुनु, साधन र स्रोतको अभाव रहनु, सञ्चालित विभिन्न कार्यक्रमको फाइदा लक्षित वर्गले अपेक्षितरूपमा प्राप्त गर्न नसक्नु आदि यस क्षेत्रका चुनौतीहरू रहेका छन् ।

१२.७७ स्थानीय निकायको अभावमा एकीकृत कार्यक्रम र आन्तरिक स्रोत परिचालन गर्न अप्ठ्यारो, स्थानीय योजना सञ्चालन प्राथमिकतामा पर्ने नगरेको, काठमाडौमा फोहोरमैलाको समस्या, कार्यक्रम सञ्चालन गर्न स्थानीय एवं वैदेशिक स्रोत र साधनको अभाव, सञ्चालित कार्यक्रमको समन्वय, अनुगमन र निरीक्षणको अपर्याप्तताले गुणस्तरयुक्त एवं तोकिएको समयमा कार्यक्रम सम्पन्न नहुनु जस्ता कठिनाइहरू रहेका छन् ।

१२.७८ खानेपानी योजना निर्माणपछि सञ्चालन र मर्मत सम्भार गर्ने संस्थागत संरचनाको गठन र कार्यविधि यकिन गर्न ढिलाइ, व्यवस्थापनमा नेतृत्व तहका कर्मचारी छिटोछिटो परिवर्तन, स्रोत र साधनको अभाव, जनशक्ति परिचालनमा कमी, योजना सञ्चालन गर्ने क्रममा स्थानीय बासिन्दाहरूको विरोध, बढ्दो जनसंख्याका आधारमा मागबमोजिम खानेपानीको पाइप उपलब्ध गराउन स्रोतको अभाव, खानेपानी संस्थानमा लामो समयसम्म व्यवस्थापन र कर्मचारी बीच विवाद, संगठनात्मक सुधारको विषयका कारण निर्णयमा ढिलाइले गर्दा जिल्लास्तरीय योजनाको कार्यान्वयनमा अन्योलता, व्यवस्थित शहरीकरणका लागि पर्याप्त मात्रामा योजना नबनाइनु र सरकारी एवं अन्य संघ-संस्थाहरूबीच आपसी समन्वय नहुनु जस्ता कारणले लक्ष्यबमोजिम कार्यसम्पादन गर्न कठिनाइ रहेको छ ।

## तालिका १.१ : कुल मूल्य अभिवृद्धि (औद्योगिक वर्गीकरणअनुसार)

(प्रचलित मूल्यमा)

रू . करोडमा

| औद्योगिक वर्गीकरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ सं. | २०६३/६४प्रा. |
| कृषि तथा वन | १५३७८.०५ | १६३९२.५३ | १७०६३.४४ | १८३६२.१३ | १९६६८.५९ | २०७८९.७० | २२५२४.६० |
| मत्स्यपालन | १८४.४० | २१६.४९ | २१६.८२ | २५०.३६ | २६८.२२ | ३११.३४ | ३४३.१२ |
| खानी तथा उत्खनन् | १८१.७१ | २१४.८९ | २३१.०४ | २५०.६६ | २७४.८२ | ३०६.०४ | ३३०.६१ |
| उद्योग | ३८४०.९० | ३७७३.६० | ३८८२.५६ | ४१६७.३३ | ४४८८.४७ | ४७८४.०३ | ५१८८.७२ |
| विद्युत, ग्याँस तथा पानी | ७७४.९६ | ९१३.७९ | ११४४.६७ | ११९७.४४ | १२७८.१६ | १३१२.९९ | १३५३.०२ |
| निर्माण | २५५८.५४ | २८८३.७६ | ३०९५.५४ | ३३२५.४३ | ३६६४.४२ | ४०८१.१० | ४४१८.६० |
| थोक तथा खुद्रा व्यापार | ६९९२.८४ | ६४७७.८२ | ६८६९.५० | ७९२१.८६ | ७९८३.८५ | ९०२१.४५ | ९६२८.४० |
| होटल तथा रेष्टुराँ | ८४५.९० | ७१४.२८ | ७५३.९७ | ८९४.२५ | ८८९.४७ | ९२५.७२ | ९८०.२० |
| यातायात, संचार तथा गोदाम | ३१४२.४६ | ३४९५.९२ | ३९३६.१९ | ४६२८.३० | ५१३३.६४ | ६४७१.१० | ८१३४.१० |
| वित्तीय मध्यस्थता | ११४५.५० | १२२०.२० | १२८६.१० | १३७२.८० | १७३४.२० | २०६३.३० | २२६८.६० |
| रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू | ३५२६.७४ | ३६५२.५३ | ३८२५.१४ | ३९९९.०८ | ४९२४.२० | ५१३८.७० | ५८५४.६० |
| सार्वजनिक प्रशासन र रक्षा | ५२८.८१ | ७२३.६५ | ८०७.०३ | ८०१.८७ | ९५४.८२ | १०९६.७० | १२५०.०० |
| शिक्षा | १७३७.२४ | २०८२.३३ | २४५८.१७ | २६३१.३३ | ३१६७.०६ | ३४६२.३० | ३९६६.१० |
| स्वास्थ्य र सामाजिक कार्य | ४१७.८४ | ४६२.६३ | ५४०.७९ | ५८२.४५ | ७०१.७३ | ७९२.५० | ८८९.०० |
| अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू | १२८९.५६ | ११८०.७८ | १२४३.६४ | १४१४.०४ | १५२६.२१ | १७५१.५० | २०२६.३० |
| कुल मूल्य अभिवृद्धि (अप्रत्यक्ष वित्तीय मध्यस्थता बाहेक) | ४२५४५.४५ | ४४४०५.२१ | ४७३५४.५९ | ५१७९९.३३ | ५६६५७.८७ | ६२३०८.४६ | ६९१५५.९७ |
| अप्रत्यक्ष वित्तीय मध्यस्थता | १२०२.५८ | १३६५.५४ | १३२२.०६ | १७२९.४३ | १८०९.४० | १९४१.२० | २०९७.१० |
| कुल मूल्य अभिवृद्धि (Gross Value Added), (आधारभूत मूल्यमा) | ४१३४२.८७ | ४३०३९.६६ | ४६०३२.५३ | ५००६९.९१ | ५४८४८.४७ | ६०३६७.२६ | ६७०५८.८७ |
| उत्पादित वस्तुहरुमा खुद कर | २८०९.०३ | २९०४.६२ | ३१९०.६० | ३६०४.९८ | ४०९२.६९ | ४२७९.८० | ४८८८.८० |
| कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | ४४१५१.९० | ४५९४४.२८ | ४९२२३.१३ | ५३६७४.८९ | ५८९४१.१६ | ६४६४७.०६ | ७१९४७.६७ |

टिप्पणी : Nepal Standards Industrial Classification (NSIC) प्रमुख खण्ड १६ र १७ को अंश नगण्य भएकोले प्रमुख खण्ड १५ मै गाभिएको छ।

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## तालिका १.२ : कुल मूल्य अभिवृद्धि (औद्योगिक वर्गीकरणअनुसार)

(स्थिर मूल्यमा)

रू. करोडमा

| औद्योगिक वर्गीकरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ सं. | २०६३/६४प्रा. |
| कृषि तथा वन | १५३७८.०५ | १५८४१.६९ | १६३६७.६५ | १७१३९.४४ | १७७३०.३६ | १७९०५.६० | १८०१६.३० |
| मत्स्यपालन | १८४.४० | २००.४६ | २०८.४८ | २३३.९८ | २५०.६७ | २७५.५२ | २८३.७९ |
| खानी तथा उत्खनन् | १८१.७१ | १९७.६७ | २०३.९९ | २०३.११ | २१६.९२ | २३३.३७ | २४७.३७ |
| उद्योग | ३८४०.९० | ३६३६.४० | ३६३७.९९ | ३७१६.३२ | ३८१३.५९ | ३८८९.८३ | ३९७३.६६ |
| विद्युत, ग्याँस तथा पानी | ७७४.९६ | ८६३.०८ | १०२७.४३ | १०६९.२५ | ११११.६७ | ११५२.१९ | ११८९.२८ |
| निर्माण | २५५८.५४ | २७२२.५१ | २७७९.८० | २७७०.११ | २८५०.३४ | ३०५८.३० | ३१०४.२० |
| थोक तथा खुद्रा व्यापार | ६९९२.८४ | ६१८३.६८ | ६३२३.३३ | ७००६.६३ | ६५६९.३६ | ६८०९.९० | ६६३२.६० |
| होटल तथा रेष्टुराँ | ८४५.९० | ६९१.७० | ७०५.५८ | ७९५.४९ | ७५२.४७ | ७९७.६२ | ८२०.०० |
| यातायात, संचार तथा गोदाम | ३१४२.४६ | ३४०५.५० | ३५८२.५० | ३८५०.८५ | ३९२७.२० | ४०९८.२० | ४४३०.५० |
| वित्तीय मध्यस्थता | ११४५.५० | ११८९.२१ | १२०८.९६ | १२८३.७७ | १५९५.७० | १८५९.४० | २०१८.६० |
| रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू | ३५२६.७४ | ३३५४.३३ | ३२२१.१८ | ३१५३.७९ | ३४७०.०२ | ३५०७.१० | ३८१०.४० |
| सार्वजनिक प्रशासन र रक्षा | ५२८.८१ | ७२३.६५ | ८०७.०३ | ८०१.८७ | ८५५.१० | ९१४.०० | ९४६.९० |
| शिक्षा | १७३७.२४ | २१०२.९७ | २३९१.३४ | २५१३.७७ | २७६०.६० | २८३४.५० | २९९२.९० |
| स्वास्थ्य र सामाजिक कार्य | ४१७.८४ | ४४८.६८ | ५१७.१४ | ५४८.७३ | ६१०.९० | ६५३.९० | ६८७.६० |
| अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू | १२८९.५६ | ११७८.४६ | १२३०.३३ | १३९५.५२ | १३४८.३० | १४४९.०० | १५२१.३० |
| कुल मूल्य अभिवृद्धि (अप्रत्यक्ष वित्तीय मध्यस्थतासमेत) | ४२५४५.४५ | ४२७४०.०० | ४४२१२.७३ | ४६४८२.६३ | ४७८६३.२० | ४९४३८.४४ | ५०६७५.४० |
| अप्रत्यक्ष वित्तीय मध्यस्थता | १२०२.५८ | १३३०.८७ | १२४२.८० | १६१७.२६ | १७१८.०० | १८४३.१० | १९९१.२० |
| कुल मूल्य अभिवृद्धि (आधारभूत मूल्यमा) | ४१३४२.८७ | ४१४०९.१३ | ४२९६९.९३ | ४४८६५.३७ | ४६१४५.२० | ४७५९५.३४ | ४८६८४.२० |
| उत्पादित वस्तुहरुमा खुद कर | २८०९.०३ | २७९५.६९ | २९७८.९१ | ३२३४.९६ | ३४५७.४० | ३३९५.७९ | ३५८२.३६ |
| कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | ४४१५१.९० | ४४२०४.८३ | ४५९४८.८४ | ४८१००.३३ | ४९६०२.६० | ५०९९१.१३ | ५२२६६.५७ |

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## तालिका १.३ :  कुल उत्पादन (औद्योगिक वर्गीकरणअनुसार)

(प्रचलित मूल्यमा)

रू . करोडमा

| औद्योगिक क्षेत्रहरू | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ सं. | २०६३/६४प्रा. |
| कृषि तथा वन | २०९०४.८८ | २२०६१.४४ | २३०२९.०९ | २४५९४.४३ | २६२२७.६६ | २७७२०.२० | ३००३३.४० |
| मत्स्यपालन | २३२.०८ | २६४.२५ | २६४.८४ | २९९.२३ | ३१८.११ | ३६१.४३ | ३९८.३३ |
| खानी तथा उत्खनन् | २२८.२८ | २७०.२८ | २९०.६४ | ३१५.५९ | ३४५.६० | ३८४.६१ | ४१५.४६ |
| उद्योग | १३९३७.१८ | १३५१७.०३ | १३८८८.९० | १४८९४.०४ | १६०१८.५६ | १७०८७.५० | १८५३३.०५ |
| विद्युत, ग्याँस तथा पानी | १२७१.२९ | १५४८.१२ | १७४५.५३ | १९५६.१२ | २१११.९२ | २२६२.१९ | २४३०.६१ |
| निर्माण | ५११२.३८ | ५८१८.०२ | ६२४१.६४ | ६६९३.११ | ७४१६.५६ | ८२९९.०० | ८९७६.७० |
| थोक तथा खुद्रा व्यापार | ८३२०.७२ | ७७१२.०४ | ८१७८.८२ | ९४१५.४६ | ९५०६.१० | १०७३६.५० | ११४५९.१० |
| होटल तथा रेष्टुराँ | २५४८.६३ | २२७१.६४ | २३८६.१२ | २७६२.११ | २८०५.०६ | २८९५.१३ | ३०६१.०० |
| यातायात, सञ्चार तथा गोदाम | ५७१३.२७ | ६२८२.८५ | ७००७.९७ | ८१२६.९२ | ९०३२.८९ | ११२८६.६० | १४१७६.१० |
| वित्तीय मध्यस्थता | १५१६.१५ | १६७८.४२ | १७९९.५५ | १९३६.७२ | २३०३.९० | २६८७.३० | २८००.३० |
| रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू | ४७५२.३४ | ४९४४.२८ | ५२२२.६७ | ५४९९.१३ | ६७६९.०० | ७२३९.५० | ८१२५.३० |
| सार्वजनिक प्रशासन र रक्षा | ६७६.४४ | ९३०.८९ | १०५३.१२ | १०६८.१६ | १२८४.४४ | १४२८.८० | १५६२.९० |
| शिक्षा | २१९१.१२ | २६३५.२२ | ३१६०.४३ | ३३९७.५१ | ४११४.२० | ४४४४.३० | ५०३४.३० |
| स्वास्थ र सामाजिक कार्य | ५७६.६६ | ६४०.०५ | ७४९.२४ | ८१६.२८ | ९८२.५७ | १०९४.५० | १२२३.०० |
| अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू | १७८१.१७ | १६१७.९१ | १७३९.६१ | १९९३.४३ | २१७२.२४ | २४६३.६० | २८४९.६० |
| **मौद्रिक कुल उत्पादन (आधारभूत मूल्यमा)** | **६९७६२.५९** | **७२१९२.४२** | **७६७५८.१७** | **८३७६८.२३** | **९१४०८.८०** | **१००३९१.१६** | **१११०७९.१५** |

टिप्पणी : NSIC प्रमुख खण्ड १६ र १७ को अंश नगण्य भएकोले प्रमुख खण्ड १५ मै गाभिएको छ।

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## तालिका १.४ : कुल गार्हस्थ्य उत्पादनको बार्षिक वृद्धिदर (औद्योगिक वर्गीकरणअनुसार)

(स्थिर मल्यमा)

(प्रतिशतमा)

| औद्योगिक वर्गीकरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ सं. | २०६३/६४प्रा. |
| कृषि तथा वन | | ३.०१ | ३.३२ | ४.७२ | ३.४५ | ०.९९ | ०.६२ |
| मत्स्यपालन | | ८.७१ | ४.०० | १२.२३ | ७.१३ | ९.९१ | ३.०० |
| खानी तथा उत्खनन् | | ८.७९ | ३.२० | -०.४३ | ६.८० | ७.५८ | ६.०० |
| उद्योग | | -५.३२ | ०.०४ | २.१५ | २.६२ | २.०० | २.१६ |
| विद्युत, ग्याँस तथा पानी | | ११.३७ | १९.०४ | ४.०७ | ३.९७ | ३.६४ | ३.२२ |
| निर्माण | | ६.४१ | २.१० | -०.३५ | २.९० | ७.३० | १.५० |
| थोक तथा खुद्रा व्यापार | | -११.५७ | २.२६ | १०.८१ | -६.२४ | ३.६६ | -२.६० |
| होटल तथा रेष्टुराँ | | -१८.२३ | २.०१ | १२.७४ | -५.४१ | ६.०० | २.८१ |
| यातायात, सञ्चार तथा गोदाम | | ८.३७ | ५.२० | ७.४९ | १.९८ | ४.३५ | ८.११ |
| वित्तीय मध्यस्थता | | ३.८२ | १.६६ | ६.१९ | २४.३० | १६.५३ | ८.५६ |
| रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू | | -४.८९ | -३.९७ | -२.०९ | १०.०३ | १.०७ | ८.६५ |
| सार्वजनिक प्रशासन र रक्षा | | ३६.८५ | ११.५२ | -०.६४ | ६.६४ | ६.८९ | ३.६० |
| शिक्षा | | २१.०५ | १३.७१ | ५.१२ | ९.८२ | २.६८ | ५.५९ |
| स्वास्थ्य र सामाजिक कार्य | | ७.३८ | १५.२६ | ६.११ | ११.३३ | ७.०४ | ५.१५ |
| अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू | | -८.६२ | ४.४० | १३.४३ | -३.३८ | ७.४७ | ४.९९ |
| कुल मूल्य अभिवृद्धि (अप्रत्यक्ष रुपमा मापन गरिने वित्तीय मध्यस्थता सेवा सहित) | | ०.४६ | ३.४५ | ५.१३ | २.९७ | ३.२९ | २.५० |
| अप्रत्यक्ष रुपमा मापन गरिने वित्तीय मध्यस्थता सेवा | | १०.६७ | -६.६२ | ३०.१३ | ६.२३ | ७.२८ | ८.०४ |
| कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | | ०.१६ | ३.७७ | ४.४१ | २.८५ | ३.१४ | २.२९ |
| वस्तु तथा सेवामा खुद कर | | -०.४७ | ६.५५ | ८.६० | ६.८८ | -१.७८ | ५.४९ |
| कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | | ०.१२ | ३.९५ | ४.६८ | ३.१२ | २.८० | २.५० |

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

तालिका १.५ : कुल गार्हस्थ्य उत्पादनको संरचना (औद्योगिक वर्गीकरणअनुसार)

(प्रतिशतमा)

| औद्योगिक वर्गीकरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ सं. | २०६३/६४प्रा. |
| कृषि तथा वन | ३६.१५ | ३६.९२ | ३६.०३ | ३५.४५ | ३४.७१ | ३३.३७ | ३२.५७ |
| मत्स्यपालन | ०.४३ | ०.४९ | ०.४६ | ०.४८ | ०.४७ | ०.५० | ०.५० |
| खानी तथा उत्खनन् | ०.४३ | ०.४८ | ०.४९ | ०.४८ | ०.४९ | ०.४९ | ०.४८ |
| उद्योग | ९.०३ | ८.५० | ८.२० | ८.०५ | ७.९२ | ७.६८ | ७.५० |
| विद्युत, ग्याँस तथा पानी | १.८२ | २.०६ | २.४२ | २.३१ | २.२६ | २.११ | १.९६ |
| निर्माण | ६.०१ | ६.४९ | ६.५४ | ६.४२ | ६.४७ | ६.५५ | ६.३९ |
| थोक तथा खुद्रा व्यापार | १६.४४ | १४.५९ | १४.५१ | १५.२९ | १४.०९ | १४.४८ | १३.९२ |
| होटल तथा रेष्टुराँ | १.९९ | १.६१ | १.५९ | १.७३ | १.५७ | १.४९ | १.४२ |
| यातायात, सञ्चार तथा गोदाम | ७.३९ | ७.८७ | ८.३१ | ८.९४ | ९.०६ | १०.३९ | ११.७६ |
| वित्तीय मध्यस्थता | २.६९ | २.७५ | २.७२ | २.६५ | ३.०६ | ३.३१ | ३.२८ |
| रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू | ८.२९ | ८.२३ | ८.०८ | ७.७२ | ८.६९ | ८.२५ | ८.४७ |
| सार्वजनिक प्रशासन र रक्षा | १.२४ | १.६३ | १.७० | १.५५ | १.६९ | १.७६ | १.८१ |
| शिक्षा | ४.०८ | ४.६९ | ५.१९ | ५.०८ | ५.५९ | ५.५६ | ५.७४ |
| स्वास्थ्य र सामाजिक कार्य | ०.९८ | १.०४ | १.१४ | १.१२ | १.२४ | १.२७ | १.२९ |
| अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू | ३.०३ | २.६६ | २.६३ | २.७३ | २.६९ | २.८१ | २.९३ |

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## तालिका १.६ : कुल गार्हस्थ्य उत्पादन, कुल गार्हस्थ्य उत्पादन वृद्धिदर तथा मूल्य सूचकाङ्क (बृहत् औद्योगिक वर्गीकरणअनुसार)

(प्रचलित मूल्यमा)

रु. करोडमा

| वर्गीकरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ सं. | २०६३/६४प्रा. |
| **कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)** | **४१३४२.८७** | **४३०३९.६६** | **४६०३२.५३** | **५००६९.९१** | **५४८४८.४७** | **६०३६७.२६** | **६७०५८.८७** |
| प्राथमिक क्षेत्र | १५७४४.१६ | १६८२३.९१ | १७५११.३० | १८८६३.१६ | २०२११.६३ | २१४०७.०८ | २३१९८.३३ |
| द्वितीय क्षेत्र | ७१७४.४० | ७५७१.१५ | ८१२२.७७ | ८६९०.२० | ९४३१.०५ | १०१७८.१२ | १०९६०.३४ |
| तृतीय क्षेत्र | १९६२६.८९ | २००१०.१४ | २१७२०.५२ | २४२४५.९८ | २७०१५.१९ | ३०७२३.२६ | ३४९९७.३० |
| अप्रत्यक्ष रुपमा मापन गरिने वित्तीय मध्यस्थता सेवा | १२०२.५८ | १३६५.५४ | १३२२.०६ | १७२९.४३ | १८०९.४० | १९४१.२० | २०९७.१० |
| **कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा)** | ४१३४२.८७ | **४१४०९.१३** | **४२९६९.९३** | **४४८६५.३७** | **४६१४५.२०** | **४७५९५.३४** | **४८६८४.२०** |
| प्राथमिक क्षेत्र | १५७४४.१६ | १६२३९.८२ | १६७८०.१२ | १७५७६.५३ | १८१९७.९५ | १८४१४.४९ | १८५४७.४६ |
| द्वितीय क्षेत्र | ७१७४.४० | ७२२१.९९ | ७४४५.२२ | ७५५५.६८ | ७७७५.६० | ८१००.३२ | ८२६७.१४ |
| तृतीय क्षेत्र | १९६२६.८९ | १९२७८.१९ | १९९८७.३९ | २१३५०.४२ | २१८८९.६५ | २२९२३.६२ | २३८६०.८० |
| अप्रत्यक्ष रुपमा मापन गरिने वित्तीय मध्यस्थता सेवा | १२०२.५८ | १३३०.८७ | १२४२.८० | १६१७.२६ | १७१८.०० | १८४३.१० | १९९१.२० |
| **कुल गार्हस्थ्य उत्पादनको बार्षिक वृद्धि दर (प्रतिशतमा)** | | **०.१६** | **३.७७** | **४.४१** | **२.८५** | **३.१४** | **२.२९** |
| प्राथमिक क्षेत्र | | ३.१५ | ३.३३ | ४.७५ | ३.५४ | १.१९ | ०.७२ |
| द्वितीय क्षेत्र | | ०.६६ | ३.०९ | १.४८ | २.९१ | ४.१८ | २.०६ |
| तृतीय क्षेत्र | | -१.७८ | ३.६८ | ६.८२ | २.५३ | ४.७२ | ४.०९ |
| **कुल गार्हस्थ्य उत्पादनको इम्प्लिसिट मूल्य सूचकाङ्क** | **१००.००** | **१०३.९४** | **१०७.१३** | **१११.६०** | **११८.८६** | **१२६.८३** | **१३७.७४** |
| प्राथमिक क्षेत्र | १००.०० | १०३.६० | १०४.३६ | १०७.३२ | १११.०७ | ११६.२५ | १२५.०८ |
| द्वितीय क्षेत्र | १००.०० | १०४.८३ | १०९.१० | ११५.०२ | १२१.२९ | १२५.६५ | १३२.५८ |
| तृतीय क्षेत्र | १००.०० | १०३.८० | १०८.६७ | ११३.५६ | १२३.४२ | १३४.०२ | १४६.६७ |
| कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा) | | | | | | | |
| प्राथमिक क्षेत्र | ३७.०१ | ३७.८९ | ३६.९८ | ३६.४२ | ३५.६७ | ३४.३५ | ३२.१९ |
| द्वितीय क्षेत्र | १६.८६ | १७.०५ | १७.१५ | १६.७८ | १६.६५ | १६.३५ | १६.०९ |
| तृतीय क्षेत्र | ४६.१३ | ४५.०६ | ४५.८७ | ४६.८१ | ४७.६८ | ४९.३० | ५१.७१ |
| Financial Intermediation Services Indirectly Measured (FISIM) | -२.९१ | -३.१७ | -२.८७ | -३.४५ | -३.३० | -३.२२ | -३.१३ |

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## तालिका १.७ : कुल उत्पादन, मध्यवर्ती उपभोग तथा कुल मूल्य अभिवृद्धि (व्यय विधिअनुसार)
(प्रचलित मूल्यमा)

रु. करोडमा

| खर्चको वर्गीकरण | आर्थिक वष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ सं. | २०६३/६४प्रा. |
| उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादन | ४४१५१.९० | ४५९४४.२८ | ४९२२३.१३ | ५३६७४.८९ | ५८९४१.१६ | ६४६४७.०६ | ७१९४७.६७ |
| **कुल उपभोग** | **३९००१.७१** | **४१५८४.३२** | **४५००९.०२** | **४७३६८.५२** | **५२१३०.१२** | **५९५३५.५३** | **६५२१७.०३** |
| **सरकारी उपभोग** | **३५७८.५०** | **३८५८.५८** | **४२६५.२०** | **४६३९.७२** | **५२४५.२७** | **५६८२.२०** | **६२७९.३०** |
| सरकारी उपभोग | २५३७.६२ | २७८५.६८ | ३१३७.५० | ३३९६.०० | ३४६२.५१ | ३७१२.३० | ४१०२.४० |
| व्यक्तिगत उपभोग | १०४०.८८ | १०७२.९० | ११२७.७० | १२४३.७२ | १७८२.७५ | १९६९.९० | २१७६.९० |
| **निजी उपभोग** | **३४८९८.९०** | **३७१४०.२०** | **४००४६.८०** | **४१९२९.००** | **४५९५३.००** | **५२७८१.४३** | **५७६९१.४३** |
| खाद्य | २०५९०.३५ | २१९१२.७२ | २३६२७.६१ | २४७३८.११ | २७११२.२७ | ३११४१.०५ | ३४०३७.९५ |
| गैर-खाद्य | १००१५.९८ | १०६५९.२४ | ११४९३.४३ | १२०३३.६२ | १३१८८.५१ | १५१४८.२७ | १६५५७.४४ |
| सेवा | ४२९२.५६ | ४५६८.२४ | ४९२५.७६ | ५१५७.२७ | ५६५२.२२ | ६४९२.१२ | ७०९६.०५ |
| **नाफा नकमाउने संस्थाहरु** | ५२४.३० | ५८५.५४ | ६९७.०२ | ७९९.८१ | ९३१.८६ | १०७१.९० | १२४६.३० |
| **घरपरिवारको वास्तविक उपभोग** | **३६४६४.०९** | **३८७९८.६३** | **४१८७१.५२** | **४३९७२.५३** | **४८६६७.६१** | **५५८२३.२३** | **६१११४.६३** |
| **कुल पुँजी निर्माण** | **९८६४.९२** | **९३०१.९७** | **१०५३८.३७** | **१३१६७.०३** | **१५५९०.६६** | **१६७९९.१२** | **१८२३८.४२** |
| **कुल स्थिर पुँजी निर्माण** | ८४७५.०६ | ८९८८.९३ | ९८०७.२८ | १०९१८.१३ | ११७५३.८९ | १३५३७.५३ | १४६१९.७८ |
| सरकारी | १८०६.३४ | १७४३.९४ | १४७१.९० | १४९५.५१ | १७२१.२८ | १७९०.४३ | १९०३.९० |
| निजी | ६६६८.७१ | ७२४४.९९ | ८३३५.३८ | ९४२२.६२ | १००३२.६१ | ११७४७.०९ | १२७१५.८८ |
| **स्टकमा परिर्वतन*** | **१३८९.८६** | **३१३.०५** | **७३१.०९** | **२२४८.९०** | **३८३६.७७** | **३२६१.५९** | **३६१८.६४** |
| **वस्तु तथा सेवाहरुको खुद निर्यात** | **-४७१४.७२** | **-४९४२.०१** | **-६३२४.२६** | **-६८६०.६७** | **-८७७९.६३** | **-११६८७.५९** | **-११५०७.७८** |
| **आयात** | **१४६७५.७४** | **१३०९१.१८** | **१४०५२.२२** | **१५८१५.०९** | **१७३७५.४३** | **२०४८२.८०** | **२०४९०.२९** |
| वस्तु | १२६२३.८० | १११३४.२० | १२१०५.३० | १३२९०.९९ | १४५७१.८२ | १७१५४.०० | १६८०७.१५ |
| सेवा | २०५१.९४ | १९५६.९८ | १९४६.९२ | २५२४.१० | २८०३.६१ | ३३२८.८० | ३६८३.१४ |
| **निर्यात** | **९९६१.०२** | **८१४९.१७** | **७७२७.९६** | **८९५४.४२** | **८५९५.८०** | **८७९५.२१** | **८९८२.५१** |
| वस्तु | ६९७८.८५ | ५७९८.३५ | ५०७६.०७ | ५५२२.८३ | ५९९५.६१ | ६१४८.२४ | ५८५३.१३ |
| सेवा | २९८२.१७ | २३५०.८२ | २६५१.८९ | ३४३१.५९ | २६००.१९ | २६४६.९७ | ३१२९.३७ |

* लेखाको शेष (residual) को रुपमा प्रस्तुत गरिएको । यसमा statistical discrepancy /error समेत समावेश गरिएको छ ।

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## तालिका १.८ :  कुल उत्पादन, मध्यवर्ती उपभोग तथा कुल मूल्य अभिवृद्धि (व्यय विधिअनुसार)
(स्थिर मूल्यमा)

रु. करोडमा

| खर्चको वर्गीकरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ सं. | २०६३/६४प्रा. |
| उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादन | ४४१५१.९० | ४४२०४.८३ | ४५९४८.८४ | ४८१००.३३ | ४९६०२.६० | ५०९९१.१३ | ५२२६६.५७ |
| **कुल उपभोग** | **३९००१.७१** | **४०५३८.८५** | **४२१०४.३५** | **४२८४५.१८** | **४४६९५.७४** | **४७२९७.३३** | **४८२३४.८६** |
| **सरकारी उपभोग** | **३५७८.५०** | **३८५८.५८** | **४२६५.२०** | **४६३९.७२** | **४६९७.२५** | **४७३५.२०** | **४७५७.००** |
| सरकारी उपभोग | २५३७.६२ | २७८५.६८ | ३१३७.५० | ३३९६.०० | ३१००.७६ | ३१२५.८१ | ३१४०.२० |
| व्यक्तिगत उपभोग | १०४०.८८ | १०७२.९० | ११२७.७० | १२४३.७२ | १५९६.५० | १६०९.३९ | १६१६.८० |
| **निजी उपभोग** | **३४८९८.९०** | **३६०९४.७३** | **३७१४२.१३** | **३७४०५.६५** | **३९२२१.९४** | **४१७२४.४५** | **४२५४२.१७** |
| खाद्य | २०५९०.३५ | २११३४.०९ | २१८२२.७२ | २२१११.३५ | २३३०९.१९ | २४८३०.६९ | २५२४७.०४ |
| गैर-खाद्य | १००१५.९८ | १०५३९.२५ | १०८६४.७८ | १०८१५.२७ | ११०००.२३ | ११३५८.९९ | ११४७०.१५ |
| सेवा | ४२९२.५६ | ४४२१.३९ | ४४५४.६२ | ४४७९.०३ | ४९१२.५२ | ५५३४.७७ | ५८२४.९८ |
| **नाफा नकमाउने संस्थाहरु** | ५२४.३० | ५८५.५४ | ६९७.०२ | ७९९.८१ | ७७६.५५ | ८३७.६८ | ९३५.६९ |
| **घरपरिवारको वास्तविक उपभोग** | **३६४६४.०९** | **३७७५३.१७** | **३८९६६.८५** | **३९४४९.१८** | **४१५९४.९८** | **४४१७१.५३** | **४५०९४.६७** |
| **कुल पुँजी निर्माण** | **९८६४.९२** | **८४८०.७८** | **९०२९.८०** | **१०६०४.६६** | **११४३७.०९** | **११३४८.९२** | **१०६५२.११** |
| **कुल स्थिर पुँजी निर्माण** | ८४७५.०६ | ८४८६.२७ | ८८०६.९५ | ९०९४.८८ | ९१४२.६७ | १०१४४.७७ | १०२७०.८४ |
| सरकारी | १८०६.३४ | १६४६.४२ | १३२१.७७ | १२४५.७७ | १३३८.८९ | १३४१.७२ | १३३७.५५ |
| निजी | ६६६८.७१ | ६८३९.८५ | ७४८५.१८ | ७८४९.११ | ७८०३.७८ | ८८०३.०५ | ८९३३.२९ |
| **स्टकमा परिवर्तन*** | **१३८९.८६** | **-५.४९** | **२२२.८५** | **१५०९.७८** | **२२९४.४२** | **१२०४.१५** | **३८१.२७** |
| **वस्तु तथा सेवाहरुको खुद निर्यात** | **-४७१४.७२** | **-४८१४.८०** | **-५१८५.३१** | **-५३४९.५१** | **-६५३०.२२** | **-७६५५.१२** | **-६६२०.४०** |
| **आयात** | **१४६७५.७४** | **१२४६५.९९** | **१२४७३.३७** | **१३५३२.२६** | **१४४६४.६७** | **१५३९८.७२** | **१४०६७.९०** |
| वस्तु | १२६२३.८० | १०६०२.४७ | १०७४५.२० | ११३७२.५० | १२१३०.७३ | १२८९६.१७ | ११५३९.१९ |
| सेवा | २०५१.९४ | १८६३.५२ | १७२८.१७ | २१५९.७६ | २३३३.९५ | २५०२.५५ | २५२८.७१ |
| **निर्यात** | **९९६१.०२** | **७६५१.१८** | **७२८८.०६** | **८१८२.७५** | **७९३४.४५** | **७७४३.६०** | **७४४७.५०** |
| वस्तु | ६९७८.८५ | ५४४४.०२ | ४७८७.१३ | ५०४६.८९ | ५५३४.३२ | ५४१३.१२ | ४८५२.९० |
| सेवा | २९८२.१७ | २२०७.१६ | २५००.९४ | ३१३५.८६ | २४००.१३ | २३३०.४८ | २५९४.६० |

* लेखाको शेष (residual) को रुपमा प्रस्तुत गरिएको । यसमा statistical discrepancy /error  समेत समावेश गरिएको छ ।

सं. = संशोधित,  प्रा.=  प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## तालिका १.९ :  मध्यवर्ती उपभोग (औद्योगिक वर्गीकरणअनुसार)

(प्रचलित मूल्यमा)

रु. करोडमा

| औद्योगिक क्षेत्रहरु | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ सं. | २०६३/६४प्रा. |
| कृषि तथा वन | ५५२६.८२ | ५६६८.९१ | ५९६५.६५ | ६२३२.३० | ६५५९.०७ | ६९३०.५० | ७५०८.८० |
| मत्स्यपालन | ४७.६८ | ४७.७५ | ४८.०२ | ४८.८७ | ४९.८९ | ५०.०९ | ५५.२१ |
| खानी तथा उत्खनन् | ४६.५७ | ५५.३९ | ५९.६० | ६४.९२ | ७०.७८ | ७८.५७ | ८४.८५ |
| उद्योग | १००९६.२९ | ९७४३.४३ | १०००६.३५ | १०७२६.७१ | ११५३०.०९ | १२३०३.४७ | १३३४४.३३ |
| विद्युत, ग्याँस तथा पानी | ४९६.३३ | ६३४.३३ | ६००.८६ | ७५८.६८ | ८३३.७६ | ९४९.२० | १०७७.५८ |
| निर्माण | २५५३.८४ | २९३४.२५ | ३१४६.१० | ३३६७.६८ | ३७५२.१४ | ४२१७.९० | ४५५८.१० |
| थोक तथा खुद्रा व्यापार | १३२७.८८ | १२३४.२२ | १३०९.३२ | १४९३.६० | १५२२.२४ | १७१५.०६ | १८३०.७० |
| होटल तथा रेष्टुराँ | १७०२.७२ | १५५७.३५ | १६३२.१५ | १८६७.८६ | १९१५.५९ | १९६९.४१ | २०८०.८० |
| यातायात, सञ्चार तथा गोदाम | २५७०.८१ | २७८६.९२ | ३०७१.७८ | ३४९८.६२ | ३८९९.२५ | ४८१५.५० | ६०४२.०० |
| वित्तीय मध्यस्थता | ३७३.६३ | ४५८.२४ | ५०३.५० | ५६३.९१ | ६५०.५० | ७०६.८० | ७४१.६० |
| रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू | १२२५.६० | १२९१.७४ | १३९७.५३ | १५००.०५ | १८४४.८० | २१००.८० | २२७०.७० |
| सार्वजनिक प्रशासन र रक्षा | १४७.६३ | २०७.२३ | २४६.०९ | २६६.२९ | ३२९.६२ | ३३२.१० | ३१२.९० |
| शिक्षा | ४५३.८८ | ५५२.८९ | ७०२.२६ | ७६६.१७ | ९४७.१५ | ९८२.०० | १०६८.२० |
| स्वास्थ्य र सामाजिक कार्य | १५८.८३ | १७७.४२ | २०८.४५ | २३३.८३ | २८०.८४ | ३०२.०० | ३३४.०० |
| अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू | ४९१.६१ | ४३७.१३ | ४९५.९७ | ५७९.३८ | ६४६.०३ | ७१२.१० | ८२३.३० |
| **मौद्रिक मध्यवर्ती उपभोग (उपभोक्ताको मूल्यमा)** | **२७२२०.१२** | **२७७८७.२४** | **२९३९३.६३** | **३१९६८.८८** | **३४८३१.७३** | **३८१६५.५०** | **४२१३३.०८** |

टिप्पणी : NSIC  प्रमुख खण्ड १६ र १७  को अंश नगण्य भएकोले  प्रमुख खण्ड  १५ मै गाभिएको छ।

सं. = संशोधित,  प्रा.=  प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## तालिका १.१० : कुल राष्ट्रिय खर्चयोग्य आम्दानी र  बचत

(प्रचलित मूल्यमा)

रू .करोडमा

| विवरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ सं. | २०६३/६४प्रा. |
| कामदारको तलब भत्ता | १५९०९.९१ | १६१५५.०२ | १६७२३.०९ | १७७७८.०७ | १८६३९.११ | १९९२१.५० | २०८३७.८९ |
| खुद उत्पादन कर | ६.०० | ७.२० | ७.९० | ८.५० | ११.६० | ३२.०० | ३२.०० |
| उत्पादित वस्तुमा लाग्ने खुद कर | २८०९.०३ | २९०४.६२ | ३१९०.६० | ३६०४.९८ | ४०९२.६९ | ४२७९.८० | ४८८८.८० |
| कुल नाफा/मिश्रित आय | २८२४१.९९ | २९७८९.२६ | ३२५००.०४ | ३५८९६.८२ | ४०३०२.०५ | ४४७२५.५६ | ५११०९.७८ |
| खुद फयाक्टर आय | १७०.१० | -६०.४९ | -६७.५७ | -१६८.३९ | १६३.६५ | ४९५.५५ | ४४४.४५ |
| कुल राष्ट्रिय आय (GNI) | ४४३२२.०० | ४५८८३.७९ | ४९१५५.५६ | ५३५०६.५० | ५९१०४.८१ | ६५१४२.६१ | ७२३९२.१२ |
| सामाजिक योगदान तथा अन्य चालु ट्रान्सफर | ६५५९.५० | ६८१८.६१ | ७५५३.३० | ८४८८.८६ | ९७७०.४४ | १२६१४.५७ | १३३६९.८२ |
| कुल खर्चयोग्य आम्दानी | ५०८८१.५० | ५२७०२.४० | ५६७०८.८६ | ६१९९५.३६ | ६८८७५.२५ | ७७७५७.१८ | ८५७६१.९४ |
| अन्तिम उपभोग खर्च | ३९००१.७१ | ४१५८४.३२ | ४५००९.०२ | ४७३६८.५२ | ५२१३०.१२ | ५९५३५.५३ | ६५२१७.०३ |
| कुल गार्हस्थ्य बचत | ५१५०.२० | ४३५९.९६ | ४२१४.११ | ६३०६.३६ | ६८११.०३ | ५१११.५३ | ६७३०.६४ |
| कुल राष्ट्रिय बचत | ११८७९.८० | १११९८.०८ | ११६९९.८४ | १४६२६.८३ | १६७४५.१२ | १८२२१.६५ | २०५४४.९० |
| कुल पुँजी निर्माण | ९८६४.९२ | ९३०१.९७ | १०५३८.३७ | १३१६७.०३ | १५५९०.६६ | १६७९९.१२ | १८२३८.४२ |
| साधन र श्रोतको बचत (+)/ घाटा (-) | २०१४.८८ | १८१६.११ | ११६१.४७ | १४५९.८० | ११५४.४६ | १४२२.५३ | २३०६.४९ |

सं. = संशोधित,  प्रा.=  प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## तालिका १.११ : कुल गार्हस्थ्य उत्पादनको मूल्य सूचकाङ्क (इम्प्लिसिट्)

| औद्योगिक क्षेत्रहरु | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ सं. | २०६३/६४प्रा. |
| कृषि तथा वन | १.००० | १.०३५ | १.०४३ | १.०७१ | १.१०९ | १.१६१ | १.२५० |
| मत्स्यपालन | १.००० | १.०८० | १.०४० | १.०७० | १.०७० | १.१३० | १.२०९ |
| खानी तथा उत्खनन् | १.००० | १.०८७ | १.१३३ | १.२३४ | १.२६७ | १.३११ | १.३३६ |
| उद्योग | १.००० | १.०३८ | १.०६७ | १.१२१ | १.१७७ | १.२३० | १.३०६ |
| विद्युत, ग्याँस तथा पानी | १.००० | १.०५९ | १.११४ | १.१२० | १.१५० | १.१४० | १.१३८ |
| निर्माण | १.००० | १.०५९ | १.११४ | १.२०० | १.२८६ | १.३३४ | १.४२३ |
| थोक तथा खुद्रा व्यापार | १.००० | १.०४८ | १.०८६ | १.१३१ | १.२१५ | १.३२५ | १.४५२ |
| होटल तथा रेष्टुराँ | १.००० | १.०३३ | १.०६९ | १.१२४ | १.१८२ | १.१६१ | १.१९५ |
| यातायात, सञ्चार तथा गोदाम | १.००० | १.०२७ | १.०९९ | १.२०२ | १.३०७ | १.५७९ | १.८३६ |
| वित्तीय मध्यस्थता | १.००० | १.०२६ | १.०६४ | १.०६९ | १.०८७ | १.११० | १.१२४ |
| रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू | १.००० | १.०८९ | १.१८७ | १.२६८ | १.४१९ | १.४६५ | १.५३६ |
| सार्वजनिक प्रशासन र रक्षा | १.००० | १.००० | १.००० | १.००० | १.११७ | १.२०० | १.३२० |
| शिक्षा | १.००० | ०.९९० | १.०२८ | १.०४७ | १.१४७ | १.२२१ | १.३२५ |
| स्वास्थ्य र सामाजिक कार्य | १.००० | १.०३१ | १.०४६ | १.०६१ | १.१४९ | १.२१२ | १.२९३ |
| अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू | १.००० | १.००२ | १.०११ | १.०१३ | १.१३२ | १.२०९ | १.३३२ |
| **समग्र मूल्य सूचकाङ्क** | **१.०००** | **१.०३९** | **१.०७१** | **१.११४** | **१.१८४** | **१.२६०** | **१.३६५** |

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## तालिका १.१२ : समष्टिगत आर्थिक परिसूचकहरु

| विवरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ सं. | २०६३/६४प्रा. |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (रू.) | १९०७१ | १९४१० | २०३४० | २१६९४ | २३३०० | २४९९६ | २७२०९ |
| प्रति व्यक्ति कुल खर्चयोग्य राष्ट्रिय आय (रू.) | २१९७८ | २२२६५ | २३४३३ | २५०५६ | २७२२७ | ३००६५ | ३२४३३ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा) | १९०७१ | १८६८२ | १८९९० | १९४६७ | १९६८३ | १९८३३ | १९९३८ |
| प्रति व्यक्ति कुल खर्चयोग्य राष्ट्रिय आय (स्थिर मूल्यमा) | २१९७८ | २१४३१ | २१८७८ | २२४८५ | २३००१ | २३८५५ | २३७६६ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रचलित मूल्यमा) | | १.७८ | ४.७९ | ६.६५ | ७.४१ | ७.२८ | ८.८५ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (स्थिर मूल्यमा) | | -२.०४ | १.६५ | २.५१ | १.११ | ०.७६ | ०.५३ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलर) | २५९ | २५५ | २६१ | २९३ | ३२८ | ३५० | ३८३ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय (अमेरिकी डलर) | २९८ | २९२ | ३०१ | ३३९ | ३८३ | ४२० | ४५६ |
| कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य वचत (प्रतिशतमा) | ११.६६ | ९.४९ | ८.५६ | ११.७५ | ११.५६ | ७.९१ | ९.३५ |
| कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय वचत (प्रतिशतमा) | २६.९१ | २४.२० | २३.७७ | २७.२५ | २८.४१ | २८.१९ | २८.५६ |
| कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवाको निर्यात (प्रतिशतमा) | २२.५६ | १७.७४ | १५.७० | १६.६८ | १४.५८ | १३.६० | १२.४८ |
| कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवाको आयात (प्रतिशतमा) | ३३.२४ | २७.१३ | २५.३४ | २५.२१ | २४.५४ | २३.८२ | १९.५५ |
| कुल गार्हस्थ्य उत्पादनमा श्रोत अन्तर (प्रतिशतमा) | ४.५६ | ३.९५ | २.३६ | २.७२ | १.९६ | २.२० | ३.२१ |
| कुल गार्हस्थ्य उत्पादनमा कुल स्थिर पुँजी निर्माण (प्रतिशतमा) | १९.२० | १९.५६ | १९.९२ | २०.३४ | १९.९४ | २०.९४ | २०.३२ |

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

# तालिका २.१ : सरकारी खर्च र साधनको स्रोत

रू. करोडमा

| विवरण | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ |
|---|---|---|---|---|---|---|---|---|
| **खर्च** | **५९५७.९०** | **६६२७.२५** | **७९८३.५१** | **८००७.२२** | **८४००.६१** | **८९४४.२६** | **१०२५६.०४** | **११०८८.९२** |
| चालू खर्च | ३१९४.४२ | ३५५७.९१ | ४५८३.७३ | ४८८६.३९ | ५२०९.०५ | ५५५५.२१ | ६१६८.६४ | ६७०१.७८ |
| पुँजीगत खर्च | २२९९.२१ | २५४८.०७ | २८३०.७२ | २४७७.३४ | २२३५.६१ | २३०९.५६ | २७३४.०७ | २९६०.६६ |
| साँवा भुक्तानी खर्च | ४६४.२७ | ५२१.२७ | ५६९.०६ | ६४३.४९ | ९५५.९५ | १०७९.४९ | १३५३.३३ | १४२६.४८ |
| **आय** | **४१५८.७६** | **४८६०.५५** | **५५६४.७०** | **५७१३.१६** | **६७५६.८९** | **७३६१.४४** | **८४५१.३९** | **८६१०.९६** |
| राजस्व | ३७२५.१० | ४२८९.३८ | ४८८९.३६ | ५०४४.५५ | ५६२२.९८ | ६२३३.१० | ७०१२.२७ | ७२२८.२१ |
| बैदेशिक अनुदान | ४३३.६६ | ५७१.१७ | ६७५.३४ | ६६८.६१ | ११३३.९१ | ११२८.३४ | १४३९.१२ | १३८२.७५ |
| **बचत (+)/न्यून (-)** | **-१७९९.१४** | **-१७६६.७०** | **-२४१८.८१** | **-२२९४.०६** | **-१६४३.७२** | **-१५८२.८२** | **-१८०४.६५** | **-२४७७.९६** |
| **न्यून ब्यहोरिने स्रोतहरु** | | | | | | | | |
| बैदेशिक ऋण | ११८५.२४ | ११८१.२२ | १२०४.४० | ७६९.८७ | ४५४.६४ | ७६२.९० | ९२६.६१ | ८२१.४३ |
| आन्तरिक ऋण | **४७१.००** | **५५०.००** | **७००.००** | **८००.००** | **८८८.००** | **५६०.७८** | **८९३.८१** | **११८३.४२** |
| **मौज्दात परिवर्तन (-) बचत** | **१४२.९०** | **३५.४८** | **५१४.४१** | **७२४.१९** | **३०१.०८** | **२५९.१४** | **-१५.७७** | **४७३.११** |

टिप्पणी : आर्थिक वर्ष २०६०/६१ सम्म वजेटको खर्च शीर्षक साधारण तथा विकास खर्च गरी वाँडफाँड भएकोमा आर्थिक वर्ष २०६१/६२ देखि चालू, पुँजीगत र साँवा भुक्तानी शीर्षकमा वाँडफाँड गरिएको छ। आर्थिक वर्ष २०५५/५६ देखि आर्थिक वर्ष २०६०/६१ सम्मको खर्च रकमलाई पनि चालू, पुँजीगत र साँवा भुक्तानीअनुसार वाँडफाँड गरी प्रस्तुत गरिएको छ। यसरी वाँडफाँड गरी प्रस्तुत गरिएको शीर्षक र उपशीर्षकको रकम विगतकोसँग सामान्य फरक परेको हुन सक्दछ ।

स्रोत : महालेखा नियन्त्रक कार्यालय

# तालिका २.२ : कर राजस्व

रू. करोडमा

| क.सं. | शीर्षक | आर्थिक वर्ष | | | | | | | | प्रथम आठ महिना* | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६२/६३ | २०६३/६४ |
| १. | **भन्सार महसुल** | **९५१.७७** | **१०८१.३३** | **१२५५.२१** | **१२६५.८७** | **१४२३.६४** | **१५५५.४८** | **१५७०.१६** | **१५३४.४०** | **८९९.३३** | **१०२०.४८** |
| | पैठारीबाट | ७६९.८३ | ८९५.९९ | १०३९.१९ | ९६७.८४ | १०५६.७७ | १०६६.६९ | १२२९.९१ | ११७४.४६ | ८११.२९ | ८१०.७२ |
| | निकासीवाट | ३७.८० | ४३.२५ | ४९.२६ | ९१.७४ | ८५.५६ | ५२.७१ | ६९.७९ | ६२.५६ | ४६.०२ | ५०.२६ |
| | भारतीय अन्त:शुल्क फिर्ता | १२०.६० | १३३.१७ | १४५.६२ | १७०.०९ | २३७.०६ | ३८८.२७ | २१८.८३ | २३१.४४ | ०.०० | १३१.२७ |
| | अन्य | २३.५४ | ८.९२ | २१.१४ | ३६.२१ | ४४.२५ | ४७.८१ | ५१.६३ | ६५.९४ | ४२.०२ | २८.२३ |
| २. | **वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर** | **११७१.९१** | **१३३८.७४** | **१६१५.३६** | **१६०७.४३** | **१८२४.४८** | **२०७०.५६** | **२५३३.१३** | **२८११.८३** | **१७८६.९६** | **२०९४.२२** |
| | औद्योगिक उत्पादनमा अन्त:शुल्क | २९५.३२ | ३१२.७७ | ३७७.१२ | ३८०.७० | ४७८.५१ | ६२२.६७ | ६४४.५९ | ६५०.७६ | ४१५.६५ | ५२१.३६ |
| | मूल्य अभिवृद्धि कर | ८७६.५९ | १०२५.९७ | १२३८.२४ | १२२६.७३ | १३४५.९७ | १४४७.८९ | १८८८.५४ | २१६१.०७ | १३७१.३१ | १५७२.८६ |
